७६८०

३४९

शा. वेदान्त [redacted]

[illegible]. ६६८०

शिखरनाथभाष्य

सर्वसुलभ

Acc·No·७६८०

लेखक—

पं० शिखरनाथ सुवेदी

प्राप्तिस्थान —
बाबू माधवप्रसाद शर्मा
के. २३/११६, वाराणसी-१

बाबू माधव प्रसाद शर्मा
संशोधित
मूल्य १६)
वाराणसी

मूल्य १५/-

प्रकाशक :
बाबू माधवप्रसाद शर्मा
दूधविनायक,
वाराणसी-१

Acc. ६५०/7680

मुद्रक :
ना० ग० शास्त्री, ललित
ललित प्रेस, पत्थरगली, वाराणसी-१
फोन : ३७९७

विषय-सूची

परदेश (यात्रा) काण्ड (पृ० १–४१८)

विषय	पृष्ठ
मङ्गलाचरण	१
प्रस्तावना	२
यात्राका सामान	२
यात्रामा साइत	५
पाइतो सार्ने विधि	७
यात्रामा निषेध	८
राहादानी गर्ने विधि	९
राहादानीको नकल	१०
राहादानीमा विचार गर्नुपर्ने कुरा	१२
पास लेख्ने रीति	१३
चौकीको र पासको कहानी	१४
वीरगञ्जमा गर्ने राहादानी	१५
साहितमा पढ्ने मन्त्र	१७
ढोकापूजा	१९
कान्तिपुरबाट रक्सौल आउँदा बासका नाउँ	२०
भिछाखोरीमा पानीको बयान	२३
घटिया शकुन	२६
शुभ अशुभ शकुनका विचार	२८
कागको शब्द	३८
छिंक विचार	३९
दश दिशा छिंक्का विचार	४१
जीउमा फरफराएको विचार	४३
तार-खबर	४४
नोट	४६
नामैनाम	४७
रेलगाडीका नाउँ र गति	४८
रक्सौलबाट छपरा भई वाराणसी जाने लाइन	५३
भटनीबाट गोण्डा भई नेपालगञ्ज जाने लाइन	५४
रक्सौलबाट नरकटियागञ्ज भई गोरखपुर जाने लाइन	५५
गोरखपुरबाट नौतनवा जाने लाइन	५६
गोरखपुरबाट गोंडा जाने लाइन	५६
नरकटियागञ्जबाट दरभङ्गा जाने लाइन	५७
गोंडाबाट मनकापुर भई अयोध्याघाट जाने लाइन	५७
नानपाराबाट कर्नियाघाट जाने लाइन	५८

विषय पृष्ठ

सुगौलीबाट भिकनाटौर जाने लाइन ५८
दरभङ्गाबाट मुजफ्फरपुर जाने लाइन ५८
दरभङ्गाबाट जयनगर जाने लाइन ५९
सोनपुरबाट कटिहार जाने लाइन ५९
कटिहारबाट जोगबनी जाने लाइन ६०
कानपुरबाट गोंडा जाने लाइन ६१
कलकत्ताबाट पटना भई दिल्ली जाने लाइन ६१
पटनाबाट पुनपुन भई गया जाने लाइन ६६
कलकत्ताबाट मनिहारीघाट भई दार्जीलिंग आसाम जाने लाइन ६७
कलकत्ताबाट बरौनी भई गौहाटी जाने लाइन ७०
द्वारकाबाट ऋषिकेश जाने लाइन ७३
मथुराबाट वृन्दावन जाने लाइन ७४
रेलको भाडा (छोटी लाइनको) ७५
नेपालका केही प्रमुख ठाउँहरूको परिचय ७७
विराटनगर र यसका आसपासका बस्तीहरू ८१-९२
सप्तरी ९३
महोत्तरी ९५
सरलाही ९८

विषय पृष्ठ

रौतहट ९९
बारा र पर्सा १०१
पाल्ही माझखण्ड १०३
खजहनी स्यूराज १०८
तौलिहवा १०९
सिवराज वा स्यूराज १११
बाँके बर्दिया ११३
कैलाली कञ्चनपुर ११९
दाङ्ग देउखुरी १२२
सल्यान १२३
दाङ सल्यान १२४
नवलपुर १२५
चितवन १२६
मकवानपुर १२८
सिंधुली १३२
उदयपुर गढी १३३
काठमाण्डू १३४
कहाँकाले कहाँको रेलमा चढ्ने १४१
नेपालभित्रका बाटाघाटा १४२
रक्सौलदेखि बनारससम्मका स्टेशन श्लोकमा १४६
हुलाक एक्सचेञ्ज आफिस १४८
गङ्गासागर १५१
भुवनेश्वर १५३
जगन्नाथ पुरी १५५
रामेश्वर यात्रा १६७

विषय	पृष्ठ
मूलद्वारिका	१७८
द्वारिका धाम	१७८
द्वारिकापुरी वा बेटद्वारिका	१८८
बदरी-यात्रा	१९४
चार धामको स्तुति	२६४
मथुरा-यात्रा	२६५
प्रयाग	२८२
विन्ध्याचल	२८६
गयाजी	२९०
गयाको श्राद्ध-विधि	२९७
गयाश्लोक	३१९
काशी	३३०—३९३
अष्ट महाभैरव यात्रा	३३८
नवदुर्गा यात्रा	३३९
वार्षिक यात्रा	३४०
काशी-सप्तपुरी यात्रा	३५५
पञ्चक्रोशी यात्रा	३५६
काशीका घाट	३६७
भरतमिलाप	३८५
बुढ्वा मङ्गल	३८७
काशीका उत्तम माल	३९१
काशीका मुख्य देवता	३९३
संक्षिप्त तीर्थयात्रा वर्णन	३९४-४१५
दिल्ली	३९५
मथुरा	३९६
आगरा कानपुर	३९६
लखनौ अयोध्या	३९७
प्रयागराज	३९७
काशी (वाराणसी)	३९८
गया	३९८
वैद्यनाथ	३९९
कलकत्ता	३९९
जगन्नाथपुरी	४००
मदरास	४०१
चिदम्बरम्	४०२
त्रिचनापल्ली	४०३
काञ्ची	४०४
त्रिपली बालाजी	४०५
हौसपेट	४०६
नासिक	४०६
बम्बई	४०६
अहमदाबाद	४१०
डाकोरजी	४१०
उज्जैन	४१०
ओंकारनाथ	४११
अजमेर पुष्करजी	४११
जयपुर	४१२
कुरुक्षेत्र	४१३
हरिद्वार	४१३
अमरनाथ	४१४
ज्वालाजी	४१४
पशुपतिनाथ	४१५

स्वप्नाकाण्ड (पृ० ४१६–४२७)

विषय पृष्ठ

स्वप्नाको सारांश ४१६
शुभ सपना ४१८
अशुभ सपना ४२३

औषधिकाण्ड (पृ० ४२७–४६२)

नेपाली पक्की बोलीमा औषधीका नाम ४२७
पिप्पलादि चूर्ण ४२९
त्रिफला चूर्ण ४२९
खितोपलादिचूर्ण ४३०
अश्वगन्धादि चूर्ण ४३१
आमलक्यादि चूर्ण ४३२
दुर्गन्धनाशक चूर्ण ४३३
ज्येष्ठलवङ्गादि चूर्ण ४३३
महाखाण्ड चूर्ण ४३४
त्रिफला पिप्पली चूर्ण ४३६
पित्तघ्न ४३६
सर्वशूलको औषधि ४३७
अलकै पाण्डुको ओखती ४३७
हिङ्गाष्टक चूर्ण ४३८
लोलिम्बराज चूर्ण ४३
साना बालकलाई दिने चौथी ४३९
जीरकादि ४४०
अमलपित्तको ओखती ४४०
अर्स अतिसारको औषधि ४४१
आउँको ओखती ४४१
रगत परेमा खाने ४४२
पखालाको ओखती ४४३
हैजाको ओखती ४४३
हैजाको डाक्टरी औषधि ४४४
पेटको अग्नि बढ्ने ओखती ४४४
क्षयरोगको ओखती ४४४
बालक पैदा हुने औषधि र यन्त्र ४४५
गर्भिणीको बान्ता रोक्ने औषधि ४४६
सर्वप्रमेह निको हुने स्वरस ४४६
अष्टमण्ड ४४७
पञ्चकोल चूर्ण ४४७
केश लामा हुने ओखती ४४८
पिसाब खुल्ने ओखती ४४८
पिसाब खुल्ने हकीमी दवा ४४८
कीरा झार्ने र झींगा नबस्ने लेप ४४९
दण्डीफोर निको हुने ओखती ४४९
भरुङ्गीको ओखती ४४९

विषय पृष्ठ
खटिराको कालो मलहम ४५०
खटिराको सेतो मलहम ४५१
खटिरा फोर्ने लेपहरू ४५१
आँखाको लेप ४५२
अग्निदग्धको लेप ४५३
काटिएमा लगाउने औषधि ४५३
कान पाकेमा ४५४
सर्पको विष जाने औषधि ४५४
बिच्छीले टोकेको ठाउँमा लगाउने औषधि ४५५
बिच्छीको विष झार्ने मन्त्र ४५६
बौलाहाकुकुरले टोकोको औषधि ४५६

विषय पृष्ठ
बौलाहाकुकुरको विष झार्ने मन्त्र ४५७
हात गोडाहरूका हाड भाँचिएको जोर्ने ४५७
चुरना र जूका परेमा झार्ने ४५८
एलादि चूर्ण ४५९
सरस्वती चूर्ण ४५९
एकुन्द्रो जरोको औषधि ४५९
तृतीय ज्वरको औषधि ४६०
चातुर्थिक ज्वरको औषधि ४६०
दाँत माझ्ने चूर्ण ४६०
जहरवातको औषधि ४६१
अन्त्रवृद्धिको औषधि ४६२

कर्मकाण्ड (पृ० ४६४–)

काम्य वृषोत्सर्ग पद्धति ४६४
महासंकल्प ५००
नेपाल आदिको संकल्प ५०७
काशी पञ्चगंगामा नुहाउने संकल्प ५०९
कार्तिक नुहाउने संकल्प ५११
अर्घ्य दिने मन्त्र ५११
आकाशबत्ती बाल्ने मन्त्र ५११
लुतो फाल्ने संकल्प र मन्त्र ५१२
सर्वपूजाको संकल्प ५१२
गाईं दानको पद्धति ५१३
गाईदान गर्ने संकल्प ५१५
पुण्याहवाचनको संकल्प ५१६
जन्मोत्सवको संकल्प ५१७
ब्राह्मणवरणको संकल्प ५१७
मण्डप वास्तुचक्र ५२०
सर्वतोभद्रचक्र ५२३
व्रतबन्धको लगन लेख्ने शुद्ध रीति ५२५
लग्नकुण्डली ५२६
जूटिका निमन्त्रणको सरजाम ५२७
चूडाको सरजाम ५२७

विषय	पृष्ठ
उपनयनको सरजाम	५२८
वेदारम्भको सरजाम	५२८
समावर्तनको सरजाम	५२८
धनीका व्रतबन्धको सरजाम	५२९
व्रतबन्धको सरजाम	५३१
लगन लेख्ने सरजाम	५३४
यज्ञ बनाउने सरजाम	५३५
मातृकाको सरजाम	५३६
आभ्युदयिक श्राद्धको सरजाम	५३६
पूर्वांगको सरजाम	५३७
होमको सरजाम	५३८
दुलहातिर विवाहको सरजाम	५४०
दुलहीको पहिला जोर लुगा	५४२
दुलहीको दोस्रो जोर लुगा	५४२
दुलहीको तेस्रो जोर लुगा	५४२
दुलहीको चौथो जोर लुगा	५४३
कन्यातिर विवाहको सरजाम	५४४
वरणिको सरजाम	५४५
दानादि गर्दा छुने	५४६
दानका देवता	५४६
जन्मोत्सवको सरजाम	५४९
ढिकुराको र कोराको सरजाम	५५०
एकादशाहको सरजाम	५५१
द्वादशाह सपिण्डीको सरजाम	५५२
एकोद्दिष्ट श्राद्धको सामग्री	५५३

विषय	पृष्ठ
पार्वण श्राद्धको सामग्री	५५४
मातृनवमी र एकापार्वणको सरजाम	५५५
मासिकको सरजाम	५५६
दशदान	५५६
कर्मपात्र-विधि	५५६
गोदानादि दशदानको प्रतिज्ञा सङ्कल्प	५५८
गोदानविधि	५६०
दशदानको संकल्प	५६३–५७४
गोदानको ,,	५६३
भूमिदानको ,,	५६५
तिलदानको ,,	५६६
हिरण्यदानको ,,	५६७
आज्यदानको ,,	५६८
वस्त्रदानको ,,	५६९
धान्यदानको ,,	५७०
गुडदानको ,,	५७१
रजतदानको ,,	५७२
लवणदानको ,,	५७३
दशदानको संकल्प	५७४
पञ्चधेनुदान-संकल्प	५७५
ऋणापनोदधेनु-दान-विधि	५७६
प्रायश्चित्त धेनुदानको विधि	५७७
मोक्ष धेनुदान विधि, तिलपात्र दान विधि	५७९

विषय	पृष्ठ
उत्क्रान्ति-धेनु दान-विधि	५८०
वैतरणी-दानविधि	५८१
अष्टदानको संकल्प	५८३-५८७
तिलपात्र दानको सङ्कल्प	५८३
कठपाउदानको संकल्प	५८४
जुत्तादानको संकल्प	५८५
लट्ठीदानको संकल्प	५८५
छातादानको संकल्प	५८५
सिरक डरना दान गर्ने संकल्प	५८६
दाउरा दानको संकल्प	५८७
बोर्सीदानको संकल्प	५८७
मलमासमा मालपूवा दान गर्ने संकल्प	५८७
शय्यादानको संकल्प	५८९
भूमिदानको संकल्प	५९१
गोदानको प्रयोग र संकल्प	५९२
नियम लोप भएमा प्रायश्चित्त गोदान गर्ने संकल्प	५९६
व्रत गर्न नसकेमा प्रायश्चित्त गो-मूल्य दान गर्ने संकल्प	५९७
बिरामी भई नियम गर्न नसकेमा प्रायश्चित्त गो-मूल्य दान गर्ने संकल्प	५९७
उत्सवादि व्रतको साङ्गताका निमित्त गोमूल्य दान गर्ने संकल्प	५९८

विषय	पृष्ठ
कार्तिक व्रत साद्गुण्यका लागि गोमूल्य दान गर्ने संकल्प	५९९
दुःस्वप्न देखेमा गोमूल्य दान गर्ने संकल्प	५९९
प्रतिनिधिद्वारा गरेका व्रतादिको दान गर्ने संकल्प	५९९
व्रत गर्न नसकेमा सिधा दान गर्ने संकल्प	६००
विषुवत् शान्तिका निमित्त तण्डुल दान गर्ने संकल्प	६०१
पुराणादि पुस्तक दानको प्रयोग र संकल्प	६०१
वेद-पुस्तक दानको प्रयोग र सङ्कल्प	६०३
अष्टादश पुराण, रामायण-महाभारत पुस्तक दानोपयोगी चक्र	६०५
ग्रहहरूका वैदिक तान्त्रिक मन्त्र, न्यास, ध्यान, जप, दान संकल्प	६०६ — ६४२
सूर्यको वैदिक तान्त्रिक मन्त्र	६०६
चन्द्रमाको वैदिक तान्त्रिक मन्त्र	६०७
मङ्गलको वैदिक तान्त्रिक मन्त्र	६०९
बुधको वैदिक तान्त्रिक मन्त्र	६१०
बृहस्पतिको वैदिक तान्त्रिक मन्त्र	६११
शुक्रको वैदिक तान्त्रिक मन्त्र	६१३

विषय पृष्ठ

शनैश्चरको वैदिक तान्त्रिक मन्त्र ६१४
राहुको वैदिक तान्त्रिक मन्त्र ६१५
केतुको वैदिक तान्त्रिक मन्त्र ६१६
योगिनीहरूको तान्त्रिक मन्त्र र न्यास ध्यान ६१८
पिङ्गलाको ,, ६१८
मङ्गलाको ,, ६१८
भ्रामरीको ,, ६१८
भद्रिकाको ,, ६१९
धान्याको ,, ६१९
सिद्धाको ,, ६१९
उल्काको ,, ६१९
संकटाको ,, ६२०
विकटाको ,, ६२०
योगिनीका दानको संकल्प ६२०
चण्डीपाटको संकल्प ६२१
रुद्राभिषेकको संकल्प ६२२
ग्रहहरूको स्तोत्रको पाठ गर्ने संकल्प ६२४
ग्रह जप गर्ने संकल्प ६२४

विषय पृष्ठ

भाकलको पूजाको संकल्प ६२५
निराहार व्रतमा गर्ने पारणा र अछिद्र प्रार्थनाको विधि ६२५
छयान्नब्बे श्राद्धक्रम ६२७
पितृहरूले पिण्डजल कसरी पाउँछन् ६२८
मुक्त भएका पितृको श्राद्ध गर्नु कि नगर्नु ६२९
सुवर्ण श्राद्ध ६३०
छोरा नहुने विधवाले मातृनवमीमा सिधा दान गर्ने संकल्प ६३२
श्राद्धमा वस्त्रादिको दान ६३४
मलमास परेमा श्राद्ध गर्दा ६३५
मलमासमा मर्नेको मासिक गर्ने निर्णय ४६७
तन्त्रोक्त पाञ्चायन-पूजन-विधि ६४१
यज्ञोपवीत निर्णय ६६५
जनै फेर्ने मन्त्र ६६८
अभिषेक गर्ने मन्त्रहरू ६६९

—:०:—

* श्रीगणेशाय नमः *

शिखरनाथभाष्य

श्री [1]पाञ्चायन देवता, [2]दश महा विद्या परब्रह्मको ।
चारै वेद[3] दशावतार[4] गुरुजी, माता, पिता, [5]दत्तको ॥
सप्तै [6]गण्डकि फेरि सप्त [7]मतिको, सातैवटी कोशिको[8] ।
गङ्गाजी, मणिकर्णिका अतिठूली, श्रीचक्र पुष्कर्णिको ॥

---

(१) पाञ्चायन भनेका गणेश, सूर्य्य, देवी, शिव, विष्णु । (२) दश महाविद्या भनेका काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, बगलामुखी, कमलात्मिका । (३) चार वेद भनेका ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद । (४) दशावतार भनेका मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, परशुराम, राम, बलराम, बौद्ध, कल्की (५) दत्त भनेका दत्तात्रय । ६. सेती, मादी, काली, मर्स्याङ्दी, बूढी, दरौंदी, त्रिशूली । (७) वाग्मती, विष्णुमती, भद्रमती (भाचाखुशी), रुद्रमती (धोबीखोला), मणिमती (मनहरा), हनुमती (हनुमन्ते), इक्षुमती (टुकुचा) । (८) तामा, लिखु, दूध, सुन, इन्द्रावती, अरुण, तमोर ।

भाषा आफनु गोरखालिहरुको, सूधारनामा म छु ।
नाऊँ शीखरनाथ भाष्य भयको, ग्रन्थै बनाऊँदछु ॥
नारी पण्डित वैद्य जैसि र पुरेत्, सब्ले खुशी भै लिने ।
यौटाले घरमा लि लौ भनि दिये,गाऊँ भरी काम् दिने ॥२॥
यस्तो भाष्य किनी पढेर मनमा, वीचार जो गर्दछन् ।
बुद्धीमान् चतुरा भई सुख गरी, आखीरमा तर्दछन् ॥
गोग्राहा सरलाहि मोरङ चितौन्, सिह्ला हनूमान् नगर् ।
झाँपा तौलिहवा परासि सिउराज्, बाके जलेश्वर् शहर्॥३॥
ॐकारेश्वरजी वराह र कुरू-क्षेत्रादि मातृ गया ।
श्री रामेश्वर द्वारिका र बिचका, बद्री जगन्नाथ् भया ॥
विन्ध्याचल् मथुरा प्रयाग र गया, काशी अयोध्या गये ।
यात्रा गर्न निमित्त यै शिखरनाथ्, भाष्यै अगूवा भये ॥४॥
देव्ता छुट्तइनन् त शास्त्र रितिका, यावत् कुरा छन् यहाँ ।
हावा खान गयेर माष्टर नभै, काम् दिन्छ जाहाँ तहाँ ॥
यै बिन्ती कर जोरि गर्दछु म ता, पर्देश जाने बही ।
केही दृष्टि दिई यथार्थ रितिले, बाँचोदिनूहोस् यही ॥५॥
पात्रो पुस्तक थैलि धोति र रुमाल्, कागज् मस्यानो कलम् ।

लोह्रोटा सुतिडोरि ओखति सियो, धागो खटीरा मलम् ॥
थाल् ताप्के दिउरी कसौंडि तसला, बाटा तपेस् आचमनी ।
चिम्टा डाडु पनीउँ थुर्पि करुवा, घल्चा कटौरा पनि ॥६॥
ओधान् गाग्रि कुँडे गिलास बटुकी, सुहै फलाम्को मकल् ।
आंखोरा पिकदानि ताउ र कुचो लाल्टीन बाल्टीन खल् ॥
थालो आचमनि पञ्चपात्र तिल जौ, कुश् सानुमाला सिंदूर् ।
लोहोटा सँग कोपरा र दतिवन् , प्याङ् पञ्चपाला टिमुर् ॥७॥
कोदालो छुरि बन्चरो र खुकुरी, मस्ला र कुञ्जा छिना ।
सीलेबर् कठपाउ बाकस किला, डोरी र जिम्बू पिना ॥
बेल्ना भो चकला र गूँद पिरुका, गेडा [1]चिलाऊनिको ।
टोकट् खाम असर्फि राइटिन केश् , पेडा पुरी माफिको ॥८॥
दाल् चावल् नुनतेल् अचार हिंग सेल् , बेसार् मस्यौरा पिठो ।
मस्लाको बुकुनी चिया र छुकुनो, गुन्द्रूक् अनार् घ्यू मिठो ॥
छाता ब्याग् लहुरो र चक्कु कञिचो, मिश्री चिऊरा चिनी ।
भाङ्गो बर्फि बिघूत आसनि लुगा, रग् कामलो छोप् फिनो९
ऐना चन्दन काइियो मिसि बुरुस् , जीभ्रो र जाबी झिर ।

---

[1] चिलाउनीको गेड़ा किन ! बिच्छीले टोकेमा लेप दिन ।

पेची-खाट् झुल चाँदनी नलि चिलिम्, हुक्का तमाखू झिर ।।
तन्ना पाल् परदा सलाइ अमिलो, बालिष्ट धूस्सा लिनू।
सत्रञ्जी डसना सिरक् र तकिया, लम्पट् गलैंचा दिनू।।१०।।
लूगा लाउनु आफुले पनि सबै, तर्कीप भन्छू यहाँ ।
सीयेको लङउट् कसेर सुरुपाल्, मोजा लगाई तहाँ ।।
भोटो भो सुरुवाल टोपि तिन थोक्, गंजी फरास्को लिनू ।
सुत्तामा यहि पैरनू दिनमहाँ, भीत्री गराईदिनू ।।११।।
यस्माथी कि कमीज की मयलपोस्[1], फेर् वाष्टकोट् लाउनू ।
कम्बर्मा पटुका कसेर मजबूत्, कोट्लाइ टांटु हुनू ।।
ऐना लीकन काङियो शिरतरफ्, केश्को तलासी गरी ।
धर्कें चन्दन माथि टोपि छडके, पारेर शिर्मा धरी ।।१२।।
दोपट्टा मलमल् असल् चुनियको, काँध्मा घुमाई दिनू ।
कोट्मा नोट् पनि हाल्नु पर्छ रुपिञा, पैसा सरोबर् लिनू ।।
फेटा गुत्नु र काखिमा लिनु चदर्, पञ्जा लगाई अनी ।
कोट्का जेबमहाँ रुमाल्घडि भिरी, हाल्नू सुपारी पनि।।१३।।
जुत्ता लाइ दुरुस्त हूनु भरिया - हेरू हिंडाईदिनू ।

---

[1] दौरा लबेदा फतुवा पनि भन्छन् ।

कार्पेट् डोलि चढ़ेर जानु नभये, घोडा सवारी लिनू ।।
मुस्तिग्रे[1] भरिया लिनू र भननू, बास्मा अघो जो पुगे ।
तेस्लाई म इनाम दिन्छु सुन सब् ,मिल्दैन हातभर् चुके।।१४।।
यो माहाजन अंमिरी लखपती, यिन्का निमित्तै भयो ।
रूप्याँ कम्ति हुने गरीब दुनिञा, छानेर पर्देश् गयो ।।
साहीत् हेर्न भनेर जैसिहरुकाँ, तकलीफ् नगर्नू हवोस् ।
पैसा चामल खर्च गर्नु किन ञै, साहीत सब् हेर्नुहोस् ।।१५।।
हस्ता अश्विनि पुष्य रेवति अनू-राधा धनिष्ठा त यो ।
मृगूशीरा र पुनर्वसू श्रवणमा, साहीत अस्सल् छ यो ।।
सुन्नू भो मुल रोहिणी र पुरवा-षाढा र तीन् उत्तरा ।
इन्मा साहित गर्नु मध्यम छ है, जान्नू हवोस् ई कुरा।।१६।।
अश्लेषा भरणी र तीन पुरवा, चित्रा विशाखा अनि ।
ज्येष्ठा स्वाति मघा र जन्मदिनको, नक्षत्र आद्र्रा पनि ।।
कृत्तीका यतिमा गमन्[2] नगरनू, कैल्यै पनी बुझनुहोस् ।
आखीरी त पऱ्यो भने विधि सबै, टीकामहाँ हेर्नुहोस् ।।१७।।

---

(१) दुब्ला भरिया लग्यो भने काला बादलले नपायाको दुःख पाउँछ ।

(२) परदेश जान हुँदैन ।

आइत्वार नगर्नु साहित गरे, धन् नाश क्लेश् होस् तहाँ ।
सौंवार्मा चिजबीज मित्रहरुको, मिल्ला त दर्शन् यहाँ ।।
मङ्गल् वार नगर्नु साहित गरे, आगो र चोर्को भये ।
द्रव्यादी सुख प्राप्ति हुन्छ बुधवार्, पर्देशमाहाँ गये ।।१८।।
आरामी बिहिवारका गमनले, सूखी सधैंको भयो ।
लाभादी शुभ शुक्रवार मिलने, साहीत भारी छ यो ।।
शन्शर् वार नगर्नु साहित गरे, बन्धन्महाँ पर्छ कि ।
रोगी हुन्छ कि मर्छ की बुझ्नुहोस्, यस्मा ठुलो डर् छ कि ।।
जो सौंवार र बूधवार शनिमा, ज्येष्ठा श्रवण् मूल्महाँ ।
सब्ले पूर्व दिशा नजानु नवमी, तीथी परेवामहाँ ।।
पूर्वाभाद्र र अश्विनी र बिहिवार् फेरी धनिष्ठा अनि ।
तीथी पञ्चमि वा त्रयोदशिमहाँ, दक्षिण् नजानू पनि ।।२०।।
आइत्वार् बिहिवार् चतुर्दशिमहाँ षष्ठी तिथीमा तहाँ ।
रोहीणी अनि पुष्यमा नहिंडनू, पश्चीम दीशामहाँ ।।
हस्ता उत्तरफाल्गुनी दशमिमा, फेरी दुतीया यति ।
मङ्गल्वार् बुधवार उत्तर दिशा, साहीत् नगर्नू रती ।।२१।।
शन्शर्वार् बुधवार् इशान् नहिडनू, सौंवार् बिहीवार्महाँ ।

आग्नेय् पट्टि नजानु मङ्गलमहाँ, वायव्य रोक्नू तहाँ ॥
आइत् वार र शुक्र वार नहिंडे, नैर्ऋत्य दोशा पनि ।
चार् दोशा विदिशा नजानु यतिमा, ठीक्ठीक् कहेको भनी ॥
आइत् वार निलो लुगा त पहिरी, जानू त साहीतमा ।
सौं वार् चित्रविचित्रको पहिरनू, रातो मङ्गल् वारमा ॥
बिहीवार सफेद वस्त्र, बुधमा, लूगा पहेंलो जमा ।
कालो शन्शरवारमा पहिरनू, सेतो शुकै वारमा ॥२३॥
घ्यू खाईकन जानु साहितमहाँ, आईत वार्मा सगुन् ।
सौं वार्मा दुद पीइ, मङ्गलमहाँ, शख्खर् चपाई हिंडुन् ॥
तिल् खाई बुध वारमा, दहि पिई, जानू बिही वार्महाँ ।
जौ खाईकन शुक्रवार हिंडनू, मास् खाइ शन्शर्महाँ ॥२४॥
साहीत्मा यति चीज खाइ हिंडनू, लाग्दैन दिक्शूल दोष् ।
प्रस्थान् साहितको विधी सब कहें, वीचार गर्नूहवोस् ॥
साहीत्मा हिंडनू भयेन थुनियो, रोका परेकामहाँ ।
पाईता विधि भन्दछू म बुझनू प्रस्थान सार्नें यहाँ ॥२५॥
बाहुनूलाइ जनै र क्षत्रिहरुको, प्रस्थान् हतीयार् भयो ।

तारा जुराउनु परदछ, मुहूर्तचिंतामणिमा हेरनू।

पाईतो मह सार्नुपर्छं बनिञा–लाई अवश्यै छ यो ।।
शुद्रादीहरुलाइ फल् अति असल्, यै मुख्य जान्नू हवस् ।
सुन् धान् वस्त्र समेत राखि सबले,प्रस्थान् यही मान्नुहोस्२६।।
आफू साहितमा गये अति असल्, फल् मिल्छ पूरा अति ।
प्रस्थान् सारिदिये पनी असल हो, फल् मिल्छ आधा जति ।।
पाईतो दश दिन् रहन्छ बुझनू , राजाहरूका महाँ ।
दूनीञाहरुलाइ पाँच दिन हो, ज्योतीषका मत्महाँ ।।२७।।
प्रस्थान्का दिन येति थोक् नगरनू, जूवा नखेल्नू रती ।
मासू मद्य पिरो शखर् नुनहरू, खाँदै नखानू यति ।।
दूद् तीन् दिन् अघि खान हुन्न करनी,सात्दीन येता खराब् ।
मुण्डन् गर्नु हुँदैन पाँच् दिन यता, हेर्दै नहेर्नू सराब् ।।२८।।
घस्नू तेल् बुकुवा र रीस गरनू, रूनू परिश्रम् लिनू ।
सेतै सब् कपड़ा पहीरनु पनी, साहीतमा छोड्दिनू ।।
प्रस्थान्का दिनको अगाडि दिनको, वीधी कहीयो जति ।
तेही वीधि गरेर काम गरनू, ज्यादा बताऊँ कति।।२९।।

सोमवारका दिन दिक्शूल परेमात्र दूध पिउन हुन्छ नत्र हुँदैन

राहादानी गर्नें विधि

नेपाल्बाट मदेश जान भनि राहादानि[१] लेखें नकल् ।
नाऊँ वर्ष र वर्ण मीति बद्ले, यै हुन्छ भारी सकल् ॥
जङ्गीमा कपतान् निजामतिमहाँ, सुब्बा तलक्को लिई ।
जिम्बा वारिसकोपछाडि सहिछाप् गर्नू निशाना दिई ॥३०॥
राहादानि[२] लियेर जानु यति भै, झट् जैसि कोठामहाँ ।
कम्याण्डर् इनचीफको अति ठुलो, छाप् लाग्छ स्वस्ती जहाँ ॥
मीती हालि सकल् दिईकन नकल्, राख्छन् ति हाकिंहरू ।
राहादानि भयो बुझून पहिला, दोस्रो म भन्छू अरू ॥३१॥
नेपाल् जान मदेशबाट पहिले, बीर्गंज्ञ जानू अनि ।
पास् लेखीकन अस्पताल सबले, जानू अबेर् भो भनी ॥
दिन्को सात बजे खुली दश बजे, तक् बाबु ऊँ बस्तछन् ।
फेरी तीन बजे खुलेर अनि पाँच्, बज्दा सबै सक्तछन् ॥३२॥

---

(१) महाराज ! फलाना ठाउँमा जाने राहा माग्दछौं भनी बिन्ती गर्दा हुन्छ भनी महाराजबाट राहा दान दियाको हुँदा राहादानी भन्ने नाम रह्याको हो कि भन्ठान्दछु ।

(२) आरकाका छोरी बेटी कमारा कमारी चोरी जारी गर्नेंहरूलाई राहादानीमा नाम राखी भगाई लै जानेले ठुलो सजा भोग्नूपर्दछ ।

प्लेग् जाँचीकन नाडि हेरि सबको, पास् बाबु दिन्छन् तहाँ ।
राहादानि नकल् सकल् र अनि पास् ,हाल्नूइ चार् जेब् महाँ
गोश्वारा गइ छाप लाइ भरिया, हीडाइ भन्नू अनि ।
राहादानि तयार भो अब हिंडौं, पर्मानिपुर्मा भनी ।।३३।।
दौहाडा गयका भये इ अफिसर्, जानू अमीनीमहाँ ।
खोजीनीति गरेर एक् छिनपछी, छाप् लाइदिन्छन् तहाँ ।।
दूई कौडि बचोस जात्रुहरुको, भन्ने मनैमा लिञा ।
राहादानि र पास लेखनु पनी, झंझट् मिटाई दिञा ।।३४।।

राहादानी लेख्ने रकम

स्वस्तिश्री श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्याण्डरइनचीफ जनरल १······संसेर जङ्गबहादुर राणाकस्य पत्रम्··············· आगे चीसा पानी गढीका कप्तान············के यथोचित उप्रान्त नेपालबाट काशीसम्म तीर्थ गर्न जान भनी उठुटोल बस्न्या पंडित उमाकान्त उपाध्याय धिताल समेत तपसीलमा लेखियाका जना ८ तेस तरफको बाटो गरी आयाका छन् ,निजहरुको वर्ष वर्ण जाँची भारी तारी चिठ्ठी पत्र खोली रोक टोक नगरी सरासर जान दिने काम गर···

---

[1] यस बखतमा लेख्दा (जनरल सर भीमसम्सेर जङ्गबहादुर राणा) कें० सी० भी० ओ० कस्य पत्रम् भनी लेख्नू पर्दछ जुन बखतमा जसको नाम लेख्नू छ उनै मालिकको नाम हाली लेख्नू ठाउँ खाली राखेको पनि छ हालका कप्तान गणेश बहादुर थापा क्षत्री छन् बुझ्नू ।

तपसील

आसामी	जवान	वर्ष	वर्ण
निज पं० उमाकान्त उपाध्याय	१	४०	गोरो
ऐजनकी शाली इन्द्रचोक बस्न्या इन्द्रकुमारी अधिकार्नी ब्राह्मणी	१	३५	गहुँगोरी
कमलाछि टोल बस्न्या कमला—कान्त उपाध्याय भण्डारी	१	२७	श्यामलो
ऐजनकी जेठी शासू गोकर्ण बस्न्या गोमादेवी बराल्नी ब्राह्मणी	१	३०	गोरी
कटुजे बस्ने कटकबहादुरखड्गा क्षेत्री	१	४५	गोरो
ऐजनकी भान्जी चापागाउँ बस्न्या चम्पादेवी थपेनी	१	२५	गहुँगोरी
नैकाप बस्न्या नर्मदा देवी वीडारिनी ब्राह्मणी	१	४५	ऐ०
मातातीर्थ बस्न्या मार्गु लामा	१	३८	श्यामलो
ऐजनहरूका डोले भरिया जना $\frac{११}{११}$ ÷ — +			

इति सम्वत् १९७१ वैशाख गते रोज शुभम्

४५ वर्ष नपुगेका जनाना (आइमाई) हरूको तपसीलका लोग्नेमानिसको साहिनू सम्बन्ध पार्नुपर्दछ। नपारी लेखेका राहादानीमा जिम्बावारेसले जिम्बा ली सहीछाप गर्दैनन्।४५वर्षदेखि माथिका उमेरवाला जनानाको साहिनू संबन्ध पर्दैन। तपसीलमा नर्मदा देवी ४५वर्षकी हुँदा सम्बन्ध लेखिएन बुझ्नुहोस्। यौटैको राहादानी लेख्दा पेटैमा लेखे हुन्छ, तपसील लेख्नुपर्दैन। राहादानी ३ लेख्नुपर्छ, तीनैमा जङ्गीमा कप्तान, निजामतीमा सुब्बासम्मका जिम्बा - वारेसको सहीछाप पछाडि गर्नुपर्दछ, अनि जैसी कोठामा लगी २ नकली राहादानी राखी सकलीमा स्वस्तिनेर छाप लाई मिति हाली दिन्छन्, वाहाँपछि राहादानी तयार हुन्छ। मितिका आठौं दिनसम्ममा चीसापानी गढी पुग्नुपर्दछ। जुन बखत जुन गढीका कप्तान छन्, उनै कप्तानको नाउँ लेख्नू, आफ-आफ्ना नाउँ पनि काइदा-बमोजिम लेख्नू। राहादानीमा मिति हाल्ने ठाउँ खाली राख्नू, मिति जैसी कोठामा हाल्दछन्। माथि झैं गर्नू, वर्णमा श्यामलो भनेको कालो

जान्नू (श्यामलमेचकाः इत्यमरः) । काइतेहरू श्यामलो पनि सामलो पनि लेख्दछन् तापनि श्यामल शुद्ध हो 'कस्य पत्रम्' मा 'कस्य' का स्यलाई एकलख दिन्छन्, अशुद्ध हो, कस्य पत्रम् लेख्नुपर्दछ। 'रोकटोक नगरी'मा टोक भनेको अघि-अघि गढीमा फी आझी १ पैसा टोक लिंदा रहेछन्, पछि नलिनू भनी लेखेको काइदा हो। राहादानी लेख्दा माथिबाट श्री १ लेखी ६।८ अङ्गुल खालो राखी तलदेखि लेख्नू ।

पास लेख्ने रीति

वीरगंज पी० वीर अस्पतालबाट

उप्रान्त नेपालसम्म जान भनी डिठ्ठा हरिलाल उपाध्याय खँदालसमेत तपसीलका जवान ५ लाई जाँच्दा हाल प्लेग रोगको र संखा समेत देखिएन—

तपसील

आसामी	जवान	वर्ष
निज डिट्ठा हरिलाल उपाध्याय	१	२८
कहरसिं खड्का क्षत्री	१	२६
हीरालाल श्रेष्ठ	१	१८
धनमायादेवी खतिवाड्नी	१	३३
छायादेवी थपेनी	१	२७

इति सम्वत् १९७१ वैशाख⋯गते रोज⋯शुभम्—

चौकीको र पासका कहानी

आफ्ना घर जाने मुसाफिर जात्रूहरूले रक्सौल स्टेशनबाट नदी पार बीरगंजका चौकीमा जानू, त्यहाँ बाबाको नाउँ समेत र आफू जाने गाउँ शहरका टोलको नाउँ समेत लेखी आजकाल छोडिदिन्छन्, कहिले ता ३ दिन वा १ दिन बसाली भेडिया नदीमा स्नान गराई जान दिन्छन्, बखत-अनुसारको काम हुन्छ, तेताबाट बीरंगज

गै अस्पतालको पास सकली र नकली २ लेख्नू जो भयाका सबै मुसे ताँतो लागी अस्पताल गै बाबूलाई पासको कागज दी सबैले नाडी देखाउनू । बाबूले जाँची पासमा छाप लाइदिनुहुन्छ, सो पासको कागज ली डेरामा आई राहादानी ३ लेख्नू, नकली र सकली राहादानी ३ र अस्पतालको पास १ जम्मा ४ कागज ली गोश्वारामा जानू ।

वीरगंजमा गर्नें राहादानी

स्वस्तिश्री वीरगंज गोश्वारा कचहरीकस्य चीसापानी गढीका हाकिम कारिन्दाके पुर्जी उप्रान्त काशीबाट आफ्ना घर नेपाल इन्द्रचोकसम्म जान भनी डिट्ठा हरिलाल उपाध्याय खदाल समेत तपसीलका जना ५ तेसतर्फको बाटो गरी आयाका छन्, आफ्ना नाउँमा भयाका सवाल सनदबमोजिम गर्नें काम गर——

—:❀:—

तपसील

आसामी	जवान	वर्ष	वर्ण
निज डिट्ठा हरिलाल उपाध्याय	१	२८	गोरो
कहरसिं खड्का क्षत्री	१	२६	गहुँगोरो
हीरालाल श्रेष्ठ	१	१८	श्यामलो
धनमायादेवी खतिवाड्नी	१	३३	ऐ०
छायादेवी थपेनी	१	२७	गोरी
ऐजनहरूका भरिया जना	$\frac{४}{१}$	+	×

इति सम्वत् १९७१ वैशाख ···· गते रोज शुभम्

यस छापा राहादानीबमोजिम इमाथिका नाउँका सट्टामा आफ्आफ्ना नाउँ वर्ष·वर्ण हाली मिति सुधारी ३राहादानी लेख्नू यी ३ र अस्पतालको पास १ जमा ४ गोश्वारा कचहरीमा लानू। सुब्बा साहेबले यौटा राहादानी नेपाल ठानातिर चलान गरी यौटा राहादानी,अस्पतालको पास जमा २ राखी सकलीमा छाप लाई दिन्छन्। त्यो थैलीमा

हाली कोटका माथिल्ला जेबमा घुसारनू सिमराका झाडीका बीचका चौकीमा १, भीछाखोरीमा १, चुरेमा १, सुपारीटारमा १, भैसेमा १, चिसापानी गढीमा १ जम्मा ६ ठाउँ देखाई नेपाल जानुपर्दछ, बीचमा राहादानी हरायो भने फेरि बीरगंज गै थौटाले राहादानी गरी ल्याउनुपर्दछ । वारेस नभयाका मदिशेलाई राहादानी दिदैनन्, शिवरात्रिमा मात्र जान पाउँदछन् । नेपालीलाई ता साबिकबमोजिम राहादानी गर्नुपर्दछ ।

साहितमा पढ्ने मन्त्र ।

श्रीमन्महागणाधिपतये नमः ॥ इष्टदेवताभ्यो नमः ॥ कुलदेवताभ्यो नमः ॥ ग्रामदेवताभ्यो नमः ॥ स्थानदेवताभ्यो नमः ॥ वास्तुदेवताभ्यो नमः ॥ सर्वेभ्यो देवताभ्यो नमः । सर्वेभ्यो ब्राह्मणेभ्यो नमः ॥ एतत्कर्मप्रधानदेवताभ्यो नमः । आदित्यादिनवग्रहदेवताभ्यो नमः ॥

सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ॥
लम्बोदरश्च विकटो विघ्ननाशो गणाधिपः ॥ ३४ ॥

धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ॥
द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ॥ ३५ ॥
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ॥
संग्रामे संकटे चैव विघ्नस्तस्य न जायते ॥ ३६ ॥
शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ॥
प्रसन्नवदनं ध्यायेत् सर्वविघ्नोपशान्तये ॥ ३७ ॥
सवमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ॥
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥ ३८ ॥
सर्वदा सर्वकार्येषु नास्ति तेषाममङ्गलम् ॥
येषां हृदिस्थो भगवान् मङ्गलायतनो हरिः ॥ ३९ ॥
मङ्गलं भगवान् विष्णुर्मङ्गलं गरुडध्वजः ॥
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनो हरिः ॥ ४० ॥
तदेव लग्नं सुदिनं तदेव ताराबलं चन्द्रबलं तदेव ।
विद्याबलं दैवबलं तदेव लक्ष्मीपते तेंघ्रियुगं स्मरामि ॥४१॥
लाभस्तेषां जयस्तेषां कुतस्तेषां पराजयः ॥
येषामिन्दीवरश्यामो हृदयस्थो जनार्दनः ॥ ४२ ॥
विनायकं गुरुं भानुं ब्रह्मविष्णुमहेश्वरान् ॥

सरस्वतीं प्रणम्यादौ सर्वकार्यार्थसिद्धये[1] ॥ ४३ ॥
[2]गच्छ गौतम शीघ्र त्वं ग्रामेषु नगरेषु च ॥
आसनं भोजनं शय्यां स्थानं मे परिकल्पय ॥ ४४ ॥

ढोका पूजा ।

जाने दीन दुवारका दुइतरफ्, पानी भरी दो घडा ।
तेस्माथी दहिका दुई कहतरा, राखीदिनू खुब् बडा ॥
पूजा गर्नु दियो गणेश् कलशको, चन्दन् अछेता लिई ।
दूवो पल्लव फूल् सींदूर र अबीर्, माला कलश्मा दिई॥४५॥
नैवेद्यादि फलादि धूप दिये भो, गर्नू र कर्त्ता पनि ।
मङ्गल् वस्तु सुनेर निस्कनु दुवार्, बाहीर ढोका-मनि ॥
भेटीघाटि गणेश दीप् कलशमा, राखी नमस्कार् गरी ।
प्रोहित्ले पढ़ि मन्त्र फल्फुल दिनू, माला गलामा धरी ॥४६॥
दक्षीणा र इनामपात दिइ कुछ्, गर्नू र बाटामहाँ ।

---

[1] आदिचौरकफल्लस्य ब्रह्मलब्धवरस्य च । तयोः स्मरणमात्रेण निष्फला यान्ति तस्कराः ॥ कफल्लकस्य द्वे भार्ये स्तम्भिनी मोहिनी तथा ॥ तयोः स्मरणमात्रेण निष्फला यान्ति तस्कराः ॥ यो मन्त्र पढ़ेर राती सुत्नू, चोर लाग्दैन-। [2] बिहान वासबाट हिडदाखेरि "गच्छ गौतम" भन्नू ।

प्रस्थान् आदि अनेक भूल भयको, मागेर राख्नू तहाँ ॥
घर्कों हेरविचार राखनु भनी, बीदादि बाँकी जति ।
कालीमाटिमहाँ खतम् गरिवरी, सर्केर जानू अति ॥४७॥

बासका नाउँ ।

पाँचै कोश छ [1]चीतलाङ हनुमान्-ढोका त देखी तहाँ ।
ताहाँबाट घुमेर मार्खु[2] पउवा, आऊँछ डेढ् कोश्महाँ ॥
डेढै कोश छ कूलिखानि[3] र बजार्, पौवा नदी पुल् भई ।
चीसापानि[4] गढी पुगिन्छ भिरको, एक् कोश् उकालो गई ॥
राहादानि छ सूबिदाराजि भनी, दीनू लिई देख्दछन् ।
सो ली वर्ष र वर्ण जाँचि छलले, नाऊँ लिई गन्दछन् ॥

---

[1] चितलाङमा जाडो तुसारो चिसो पानी चोपट्टै हुन्छ, मूला रायो सिन्की तामा, गुन्द्रुक, दही, तेल, घ्यू, मटीतेल, आलु, मासको दाल, चामल बखतमा किन्न पाइन्छ, भाँडाहरू र सुकुल माँगे पाइन्छ यो बास उत्तम हो, यहाँ खेतीबाट उब्जाउ बहुत हुन्छ ।

[2] मारखूमा भाँडा सुकुल आदि दिदैनन् खाजा खाने ठाउँ मात्र हो ।

[3] कुलिखानीमा महगो भए तापनि किन्न पाइन्छ, सुकुल भाँडाहरू पनि किनेका ठाउँमा दिन्छन् । जाडो ता खूब हुन्छ । भाँडाहरू छन् भने पुलवार ठूला पौचामा बस्नु स्वर्गवासी चक्रसम्सेर जनरलका नाउँमा पुल पौवा बनायाको हो ।

[4] चिसापानी गढीमा बस्न ता वेसै हो, तर चिसा पानीले जरो काडिदिन्छ जाडो हुन्छ ।

जाँचीये जब लेखिदिन्छन ति रा–हादानि आकौं तहाँ ।
धेरै कम्पनि भो चिठी छ कि भनी, छामेर हेर्छन् जहाँ ॥४९॥
भारीतारि फुकाइ जाँचिकन लौ, जाऊ भनी भन्दछन् ।
भन्सार्मन्तिर भारिको यक सुका, पूर्जी दिई धड्दछन् ॥
ओह्लालो पनि कोशभर् छ कलको,पानी छ भिम्फेदि[१]मा ।
ढोका फेदि र कोशभर् छ निबुवा-टार्[२] दूइ कोश् एतिमा५०
कोश्भर्मा भञ्सिसे[३] छ जानु पुलवार्–ह्लादानि हेर्छन् जहाँ ।
पक्का श्रीतिन चन्द्र पूल छ यहाँ, सारा फलाम्का तहाँ ॥
भैंसेबाट गयो र कोशभरिमा, चिप्ल्याटि विश्राम् गरी ।
त्याहाँबाट घुमेर कोश जतिमा, सूपारिटार्[४] सामरी ॥५१॥

---

[१] भीमफेदीमा डोका मिठाई देखि ली साँझ बिहानको सामल किन्न भाँडा सुकुल आदि माग्नु पाइन्छ, अस्पताल आदि पनि हुँदा सदर हुन गयाको छ पानी मीठो छ ।

[२] निबुवाटार दरिद्र छ भनेको कुरो किन्न पाजिदैन यहाँ बसे दुःख पाइन्छ ।

[३] भैंसे—याहाँ बाहुनको पनि बस्ती छ । मकुवानपुरे राजाले दियाको गोतामेहरूको बिर्ता छ, बजारमा केरा दही दूद तामा सिङसाङ चौंठा, ठेकी, जावी, नामलाका पाता बरियाहरू पनि पाइन्छन्, गजँडीहरूका किन्ने कुरा पनि यहाँ किन्न पाइन्छन् यहाँ उस्तो औलो लाग्दैन । यहाँको बाल बढिया छ ।

[४] सुपारीटारमा बढ्ता नाङ्ला गुन्द्री—मकुवानपुरका रामविलासका बास्ना आउने मसिना चामल, गोला धानका चिउरा, मास, कुन्चा, माछा आदि किन्न पाइन्छ ।

राहादानि र भारि जाँचि भरिया, पुर्जी लि राख्छन् यहाँ ।
कीर्ती श्री तिन चन्द्रको पुल छ घोर्, पक्का फलाम्को तहाँ ॥
एकै कोश छ हेटुडा[1] नदि बजार्, रातमा छ डर् बाघको ।
कर्रा कोशभरी उजार्छ पुल एक्, कीर्ती छ तीन् चन्द्रको ॥
रातो माटि छ एक कोश वनमा, केवल् छ पानी तहाँ ।
चूरेलाइ[2] बगर् छ कोशभरिको, जान्छन् त जुत्ता जहाँ ॥
चूरे माइजिको त दर्शन गरी, गाडा बचाई गयो ।
राहादानि जँचाइ जानु ढुकुवा, बासै छ एक् कोश यो ॥५३॥

---

[1] हेटुडामा हिउँदे चार महीने दुकानमा सुपारीटारमा पाइने यहाँ सब पाइन्छ चिउरेहरूका ढिकी गन्न सकिदैन । मुसलमानहरू पनि कपड़ा बरका आदि ली दुकानमा बस्तछन् । यहाँ सबेरै उठी एकलै नदीमा गो भने बाघले बिताइहाल्दछ, यहाँबाट मकुवानपुर जाने बाटो छ, चितउनतिर जाने बाटो पनि छ यहाँ औलो उपद्रो लाग्दछ, यहाँ जैलेसुकै पनि सवारीको बास पर्दछ, हनुमान् ढोकाबाट १७ कोश पर्दछ ।

[2] चुरेमा महगो चौपट्ट हुन्छ, पुजारीको १ दुकान मात्र छ, कहिले चामल, मट्टीतेल आदि पनि पाइँदैन, यहाँ गोरखा सरकारबाट दुनियाँहरूलाई सुख होस् भन्नाका निति बडो भारी पौवा बनाइबक्स्याको छ, तल दलानमा बस्न दुनियाँ पाउँदछन् माथि नबक्साई हुँदैन, जात्रूहरूका निम्ति पारितिर मुसाफेरखाना कस्ता बनेका छन्, यहाँ औलो लाग्दैन, पानी साना इनारबाट डोरीले झिक्नुपर्दा महगो छ, यहाँ बाघ लाग्दछ ।

यौटा छैन दुकान् यहाँ रुखमनी, गाडाहरू बस्तछन् ।
एकै कोश गईसकेपछि परे-बा भोर् छ सब् भन्दछन् ।।
भीछाखोरि र कोशभर् छ कलको, पानी र पौवा बजार् ।
तीनै थोक तयार छन् दहि चिनी, पाइन्छ फेरी अचार् ।।५४।।

भिछाखोरीमा पानीको बयान

कम्याण्डर् इनचीफ मन्त्रि सरकार्, श्रीदेव सम्सेरकी ।
रानी कर्मकुमारि साहब बडा, साध्वी इ सीताजिको ।।
बैह्नी जस्ति थिइन् इनो रुपमहाँ, ज्यूनारका काम्महाँ ।
रानी जो दमयन्ति झैं तिनि थिइन्, ई मुक्ति हूँदा अहाँ।।५५।।
कम्याण्डर् इनचीफबाट निजको, कीर्त्ती रहोस् यै भनी ।
लाखन् खर्च लगाइ पानि कलको, आयो तयारी बनी ।।
दूई तीर तलाउ छन् अति ठुला, दूवै फुहोरा जमा ।
बिघ्नै सुन्दरता छ पूल सरिको, इ दूईका माझमा ।।५६।।
बीच्मा कर्मकुमारिको छ मुरती, बाहू पसारीयको ।
बाहू दूइमहाँ विचित्र कलको, जल् हातमा लीयको ।।
जीबात् जन्तु मनुष्य पक्षि सबले, पीऊन पानी भनी ।

पीऊछन् जल ठानि अमृत सरी, मीठो छ पानी पनि ।।५७।।
कोशौं कोशमहाँ यही किसिमका, छन् पाँच ठाऊँमहाँ ।
भीछाखोरि[१] लि सीमरातक असल्, कल्को छ पानी तहाँ ।।
भीछाखोरि भएर जानु सिमरा, चार् कोश झाडीमहाँ ।
डाँका पर्दछ होश भारि गरनू, औलो छ धेरै यहाँ ।।५८।।
सिम्रादेखि[२] दोसाँधतक् पिपल आँप्, जामूनु डुंरी कुलो ।
नानावृक्ष अनेक छन् दुइ तरफ्, बीच्मा छ बाटो ठुलो ।।
एकै कोश छ जीतपूर सिमरा, देखी छ चौकी जहाँ ।
याहाँ पक्कि छ चन्द्रपूल बढिया, लाग्दैन औलो तहाँ ।।५९।।
बायाँतोर दुकान पानि छन मू-साफेर खाना अनि ।
बाटो सानु सवारि राम वनको, देखिन्छ जाने पनि ।।
जागा हूनु यहाँ त चोरहरुले, चोरेर लान्छन् यता ।
दुई कोश् परमानि पूर छ भनी, जानू सकेसम्म ता ।।६०।।
पर्मानीपुरमा पनी पुल ठुलो, कीर्त्ती छ तीन् चन्द्रका ।

---

[१] भीछाखोरीमा नयाँ नाङला, गुन्द्रीको भन्सार लाग्दछ, किन्ने कुरा पाइन्छ, यहाँ औलो लाग्दछ ।

[२] सिमरामा २० जना सुत्न हुने चटाई आदि सब चीज मिल्दछ । औलो बाघ, चोर लाग्दछ ।

यो जो उत्तम वास हो बुझ यहाँ, हावा छ बीर्‌गञ्जको ।।
ढाई कोश छ बीरगंज बुझनू, गौंडाहरूको शिरा ।
सारा जो छ मदेश खण्डहरुको, मूकूटको हो हिरा ।।६१।।
खानू पीनु बचाइ झट्ट सबले, बित्यास् नपर्ने गरी ।
भाँडा माल गनेर हालनु सबै, इल्लाइ धोक्रा भरी ।।
सोई छाप लगाउनू र पसलेको चुक्ति पारीदिनू ।
सूकीला कपड़ा पहीरि भरिया, सम्पूर्ण साथै लिनू ।।६२।।
रक्सौल् स्टेसन कोशभर् छ हिडनू, लौ रेल आयो भनी ।
गिन्ती मानिसको र रेलमहसूल्, जोडेर जम्बा गनी ।।
रेल्मा बालखको लिंदैन महसूल्, तीन् वर्ष कंती भए ।
तीन्देखी बढता बहार समको, आधा टिकट्‌मा तये ।।६३।।

वि. सं. १९८२ भन्दा पहिले काठमाण्डूबाट रक्सौलसम्म पैदल आउनुपर्थ्यों। १९८२ सालमा दासप्रथा (मानिसको खरीदबिक्री) छुट्यो । रक्सौलदेखि अमलेखगंजसम्म रेल र अमलेखगंजदेखि भीमफेदीसम्म मोटर र धुरसिंगबाट काठमाण्डूसम्म रोप्वे रह्यो । २००७ सालदेखियता त काठमाण्डूबाट रक्सौलसम्म र पीकिङ्गसम्म मोटर चल्दछ । हेटुडा, चितवन कान्तिमार्गले युक्त शहर बन्यो । बिजुली, हवाईस्टेशन जताततै छन्। पूर्व पश्चिम राजमार्गसहित अनेक बाटा`बनिरहेका छन्। औलो कहीं छैन । शिखरनाथले यो पुस्तक लेख्ता यी सब केही थिएनन्।

—माधव

घटिया शकुन

साहित्का बखतैमहाँ शकुनको, बीचार गर्नूहओस् ।
जुन् देख्दा फलको शुभाशुभ सबै, जानिन्छ लौ हेर्नुंहोस् ॥
ठूलो शास्त्र बसन्तराज् शकुनको, सारांश झीकी यहाँ ।
भन्छू दुष्ट शकून उत्तम पनी, भन्छू पछाडीमहाँ ॥६४॥
कालातिल् मुगि मासभुस् चिनिखुँदो घ्यू चाकु मिश्रीशखर् ।
आँघाधान् गुइँठा पिना र बहुला, चाण्डाल मुर्दा खपर् ॥
कैदी[१] वैद्य रुवो खरानि र हिलो, पापी [२]नपुंसक् अनि ।
दाऊरा तृण शाल्मि तेलि बरतन्, रित्ता फुटेका पनि ॥६५॥
गेरूवाल् कपडा लगाइ रहने, संन्यासि देखीयको ।
धागो लौ शिरका त केश बटुली, बाँधीन लागीयको ॥
खूला केश रिसाह, सार नहुने, वस्तू र रोगायको ।
छूवाली र पराल धुस्नु र भुसा, जो घाँस सूकायको ॥६६॥
बोक्रो, डोरि महो, नुनै, मल[३] रगत्, काठ् सर्प बोसो अनि ।
सप्को लागियको र शूद्र नचने, [४]गर्भैवती स्त्री पनि ॥

---

१. कयदमा परेका ।
२. न स्त्री न पुरुष ।
३. सुची झाडा आदि ।
४. पेट बोकेकी स्त्री ।

भसी ऊँट् गदहामहाँ चढियको, झण्डी त गोरी गए ।
कालो वर्ण हुने पुरूष नछुने, हूने स्त्रिजाती भए ।।६७।।
वर्षा वायु र ओखती खर फलाम्, ढुङ्गो खुनी, रोयको ।
ढोकामा शिर आफ्नु ठोकिन गयो, मुण्डन् गराईयको ।।
बीरालाहरुको र भाइहरुको, आपूसमा दूइको ।
डाङ्राङ् डुंरुङ देखियो नजर भो, धूवाँ रहित् अग्निको ।।
कौवा बस्न गयो त आफ्नु घरका, धोजा पताकामहाँ ।
आफ्ना बाहनलाइ ठक्कर हुनू, ठेस् लागिएको तहाँ ।।
लूगा बेरियको जहाँ नजर भो, पत्नी मरेको त यो ।
देखीयो त अगाडि साहितमहाँ, साह्रै घटीया भयो ।।६९।।
छाला हाड र कोइला र चिथडा, नाङ्गा र रित्ता घड़ा ।
ई जो साहितमा त देखिन गए, आपत्ति पर्ला कडा ।।
माला चन्दन वस्त्र नीखुर सबै, कालै लुगा लायको ।
यस्ता मानिस देखिए अशुभ हो, बिग्रन्छ सब् बातको।।७०।।
जाँदा साहितमा पनी तिमि कहाँ, जान्छौ भनेको अनि ।
एक् छिन् पर्ख न आउ तीमि अहिले, के काम जान्छौ भनी।।
सोध्यो मात्र भने बहूत घटिया, बीपत्ति भो जाननू ।

आगो दीनु पनी खराब छ यती, ठीक् छैन यो बूझनू ।।७१।।
यस्तो दुष्ट शकून देखिन गए, शास्त्रोक्त शान्ती लिनू ।
विष्णूको त सहस्र नाम र पुजा, गर्नूं गराईदिनू ।।
दोस्रा दीन पनी शकून अशुभै, देखे घरै फर्कंनू ।
जानू हुन्न अवश्य शास्त्ररितिले, भारीहरू रोकनू ।।७२।।

शुभ शकुनको विचार

शूभै जो फल मीलने शकुन सब्, भन्छू लिनू है खबर् ।
अङ्कूशे हरियो दुबो फल दही, राम्रा पताका चमर् ।।
बाजाको नगड़ा मिठा वचनको, आवाज सुन्नू अनि ।
बल्दो अग्नि र चीजबीज बढिया, देख्यो कलश् भार् पनि ।।
राम्रा बाहुन खुब् प्रसन्न मनका, राम्रा स्त्रि वा दम्पती ।
घ्यू आसागुरजा बुढाबुढि असल्, छाता हतीयार् जति ।।
बेन् सीतार सरौत् गितार गहना, कन्या कुमारी लुगा ।
पानीले भरिपूर्ण गाग्रि अथवा, गाग्रो र गोल्मू मुगा ।।७४।।
माछा मासु र खड्गपात्र र कमल्, बाख्रो र बाहन् अनि ।
घोड़ा हात्ति र गाइ आसन र रूख्, वेश्या नयाँ साक् पनि ।।

सिंहासन् महु पान सज्जन पुरुष्, ऐना र तामो अरू ।
गोलोचन् फुल रत्न गोबर कलश् , सेतो त सर्स्यूँहरू ।।७५।।
म्याना शंख मिठो बतास अथवा, तातो बतास् आयको ।
गान्धारैतक सूर लीइ बढिया, गाना अती गायको ।।
सुन् चाँदी प्रतिमा ध्वजा र जलका, पक्षी र गाजल् अनि ।
घोड़ा गोरुमहाँ सवार भयको, [1]मद्यादि पञ्चा पनि ।।७६।।
पूरी भात मिठाइ चन्दनहरू, पक्वान्न साँढे भयो ।
कोही ओरिपरी रुने नभयको, मुर्दा र माटो त यो ।।
माला चन्दन वस्त्र सेतइ सबै, लाएर स्त्री वा पुरुष् ।
आए साह्नितमा भने अति असल्, आहा गरी हूनु खुश् ।।
आशीर्वाद जये जये अति मिठो, बोली सुनेको पनि ।
ई जो जो कहियो शकून बढिया, जानून खासा भनी ।।
सामूबाट पछाडिबाट तिमि ता, जाऊ भने कामको ।
भारी अस्सल सर्वसिद्धि बुझ्नू, चन्दन् लगाईयको ।।७८।।
न्वाही ब्राह्मण भस्म धारण गरी, छाता लिई हातमा ।
निंता मानन स्तोत्रपाठि गयको, देखीयको बाटमा ।।

---

[1] मद्य भनेको मदिरा जाँड रक्सी सराप आदि खराब लाग्ने चीज ।

भातै खायर आयको भय पनी, उत्तम् छ जानीलिनू ।
ठूलो साहित भो भनेर परमेश्वर्‌लाइ संझोदिनू ॥७९॥
कुकूर् स्याल मुजूर फेरि गदहा, लाटोक्कस्यारो भयो ।
देब्रेतर्फ इ पाँच साहितमहाँ, देखे बढीया छ यो ॥
दाहीनेतिर देखिए गृहप्रवेश्, गर्दा त खेरीमहाँ ।
विघ्नादीहरु नाश हुन्छन सबै, ई पाँच देख्यो जहाँ ॥८०॥
माकूरो कि पछाडि सामु भइ जो, जाल् थाप्न लागीयको ।
देखीए परदेशमा नहिडनू, बायाँ शुभै कामको ॥
तिग्रामा र घुँडामहाँ यदि चढे, मिल्छा त घोडा अरू ।
घाँटीमा गयको त मिल्छ बहना, की भोजनादीहरू ॥८१॥
माकूरो यदि शीरमा चढिगए, पाऊँछ छाता पनि ।
जाहाँ चढ्दछ माकुरो शुभ छ यो, जान्नू बढीया भनी ॥
सुन्नू वानरको त शब्द बढिया, जो दाहिने देखिए ।
भारी शूभ छ यो खराब दुइले, मैथून चेष्टा लिए ॥८२॥
दाहीनेतिर गोरु देखनु शुभो, बायाँ खराबी छ यो ।
दूई भैंसि मुखा-मुखै गरियको, देखे त नाशै भयो ॥
देब्रेतीर भुभूँ गरेर भुमरो, बस्यो फुलैमा पनि ।

आहा शब्द गरेर खूश रहनू, साहीत राम्रो भनी ॥८३॥
देखीयो कनसूतलो र खजुरो, बायाँ बढीया अति ।
बाटो काटि गयो अगाडि घटिया, साहित् नगर्नू रती ॥
होले खालि बँदेल् शू ङ्गूर सहितै, देखे बढीया छ यो ।
हीलो सूकियको बहूत घटिया, देखे त नाशै भयो ॥८४॥
छू चुन्द्रो उँट भो मुसो यति इ तीन्, बायाँ तरफ् देखिए ।
बोली जो इनको मधूर सुनिए, शूभो भनी लेखिए ॥
छेपारो यउटा त देखिन गए, नाश् गर्छ सब् कार्यको ।
दूई तीन इ देखिए धन जिऊ, नाश् गर्छ सब् आर्यको॥८५॥
अग्ला ठाउँमहाँ चढेर निजले, चेष्टा गरेकामहाँ ।
न्याहूनू शिरमा खसे त घटिया, शान्ती गराऊ तहाँ ॥
देख्यौ साहितमा बहूत बढिया, न्याहूरिमूसो जहाँ ।
दाहिनेतिर देखने अति ठुलो, प्रालब्धि जान्नू तहाँ ॥८६॥
बायाँको गदहा अवाज सुनिए, चेष्टा गरेको अवल् ।
काँध्मा दाँत धसी ति दूई गदहा, खेल्बाड् गरेको असल् ॥
यस्को मैथुन देखियो यदि भने, स्त्री मिल्दछे कर्मको ।
साहीत्मा गदहा लडाइ भएको, थूनिन्छ की मर्छ की ॥८७॥

बीरा[1]लो जति बोल्छ खालि मुखले, साह्रै घटीया अनि ।
ङार्ङावाँ गरि जो कराउनु खराब्, ङ्याऊँ गरेको पनि ॥
बीरालाहरुको लडाइँ भयको, सुन्दै नसुन्नू रती ।
सारा बैगुनदेखि छैन अरको, बिल्लो खराब् हो अति ॥
रातीमा यदि आङमा चढिगए, मर्ला छ मैह्नामहाँ ।
पाऊ सूङिदियो भने न बढिया, त्यो हुन्छ रोगी तहाँ ॥
राजामा भय हुन्छ जान्नु शिरमा, चाटीदियाकोमहाँ ।
बिह्लीले यदि फट्कि नाघि दियको, मर्ला अवश्यै तहा ॥
इस्त्रीको शिर चाटि बिह्लि गयको, आफ्ना पतीमा भये ।
पुत्रादीहरु मर्दछन् हृदयमा, चाटी बिरालो गए ॥
चाट्यो पाउ बुहारिको पनि भने, शाशू रहन्नन् घर ।
टोकेको त मनुष्यलाइ बुलिले, बाँच्दैन कस्तै गर ॥९०॥
बीरालो घरबाट कूदिगयको, रोगादि हर्ला अति ।
शत्रूको पनि नाश गर्छ बुझनू, लक्षण् छ यौटा यति ॥
मूसा मारिदिनेछ तापनि छ चोर्, तातामहाँ बस्तछ ।

---

[1] कोठामा थुनी बिरालो कुट्न लाग्यो भने उफ्रे र घाँटीमा समाती मान्छे मारिदिन्छ होश्च गर्नु ।

अन्नैमा हगिदिन्छ पापि छउँडा, चूह्लामहाँ पस्तछ ॥९१॥
जाँदामा र प्रवेशमा कुकुरको, सामू लडाईं भए ।
धोकामा परि मर्छ मार-पिटले, हूँदैन आफ्नू जये ॥
साहोत्मा त बिजोर कूकुरहरू, खेली लडेको तहाँ ।
सातै दीनमहाँ लडाइँ गरनू, पर्ला त टर्ला कहाँ ॥९२॥
जुत्ता मूखमहाँ लिई कुकुरले, घूमी अगाडी गयो ।
द्रव्यादी धन नाश हुन्छ यसले, की ता उपद्रो भयो ॥
आलो हाड कुकूरले लि मुखमा, आयो बढीया भयो ।
सूकेको यदि हाड चर्म भय ता, मर्ला अवश्यै छ यो ॥९३॥
काठ् बोक्रा रउँ हाड् खरानि चिथडा ढुङ्गो फिलिङ्गा खपर्
मुखमा कूकुरले लियो गमनमा, जान्नू भयङ्कर् सफर् ॥
ठूलो डर् बुझ्न सूर्यतर्फ फरकी, कूकूर रोयो जहाँ ।
सन्ध्याकालमहाँ बहूत घटिया, मानीस मर्ला तहाँ॥९४॥
ठाडो मूख गरेर कूकुरहरू, रोए भने रातमा ।
गावैं शून्य गराइदिन्छ यसले, पक्का यकै बातमा ॥
गाऊँका बिचमा कुकुर्हरु मिली, क्रूर् शब्द गर्छन् जहाँ ।
गाऊँको रइथानिलाइ पिरला, की पिर्छ द्वारैमहाँ ॥९५॥

पूछर् कान शरीर साहित हुँदा, हल्लाइ फ्याट् फ्याट् गरी ।
काँप्यो मात्र कुकूरले धन जती, चोरिन्छ डाँका परी ॥
देब्रेतीर कुकूर सङ् सङ भई, आयो त साहीतमा ।
द्रव्यै मिल्दछ दाहिनेतिर भए, धन् चोरला रातमा ॥१६॥
भैंमा खोसरि खोसरी कुकुरले, हेरी अगाडी गयो ।
द्रव्यादी परदेशमा त मिलने, सूचन् दियाको भयो ॥
कूकुर् साहितमा अगाडि खुशि भै, सूँ-सूँ सुँघेको पनि ।
फूलै लो मुखमा कुदेर गयको, जान्नू बढीया भनी॥१७॥
घोडा हात्ति पलङ् ध्वजा चमर भो, फल्फूल माटामहाँ ।
छाता आसन ईंट वृक्ष हरिया, तृण्मा घडामा जहाँ ॥
खुट्टा एक उचालि साहितमहाँ, तुतुंर् कुतोले मुती ।
सामुन्नेतिर गो भने असल हो, मिल्ला मनोरथ् उति॥१८॥
गाईसीत कुकूर सङ्–सङ भई, जाँदै रह्याको जमा ।
इच्छा सिद्धि अवश्य हुन्छ बुझनू, देख्यो त साहीतमा ॥
विष्ठा रोटि मिठाइ मासु फलफूल् , मुख्मा कुकुर्ले लिई ।
आयो सन्मुखमा बहूत बढिया, मिल्ला त द्रव्यादिई ॥१९॥
बायाँतीरइ स्याल देखनु असल्, बायाँ अवाज् रातमा ।

उत्तर् दक्षिणको अबाज बढिया, यै जान्नु साहीतमा ॥
भीत्रींदा घर दाहिनेतिर असल्, जो स्याल देखे गति ।
शब्दादीहरु स्यालका नबुझिने, लेखीन मैले कति ॥१००॥
काक्माथो कउवा चढेर रिसले, ढूँग्गी लडेकामहाँ ।
रोगी भैकन मर्छ जान सबले, चिन्ता नगर्नू तहाँ ॥
आयो काक घरै रगत् मुछियको, ढोका अगाडी बसी ।
बोले बालकलाइ कालगतिले, लैजान्छ भित्रै पसी ॥१॥
कौवाका यदि फौज देखिन गए, नाशिन्छ आफैं तहाँ ।
बिग्रन्छन् सब रातमा वरिपरी, कौवा कराए जहाँ ॥
कौवाले तृण पात लीकन चुचा, आईयको देखिए ।
आगाको डर हुन्छ तीन दिनतक्, पर्देंशि बाटो लिए॥२॥
हीलो लागियको शुङ्गूर पिठमा, कौवा बसी काँ गरे ।
गोरूका पिठमा बसे पनि जरो, आऊँछ देखे भरे ॥
गौका पूछरमा बसेर कउवा, काँ काँ गरेको जहाँ ।
देख्यो साहितमा भने सरप जो, देखिन्छ बाटामहाँ ॥३॥
चीता हाडमहाँ बसेर कउवा, रौं खिच्न लागीयको ।
जस्ले देख्दछ ऊ अवश्य मरला, दान् गर्नु आखीरको ॥

कौवा सामु कराय रोग पसला, की हानि भो रातमा ।
कौवाले पिठमा रुखो स्वर गरे, जाला परंधाममा ।।४।।
पृथ्वीमा बसि काकले स्वर गरे, पृथीवि मिल्ला तहाँ ।
जो की निन्दित वस्तुमा पथरमा, टूटा र पानीमहाँ ।।
तृणादी थुपरा र काठहरुका, रासादिमा भस्ममा ।
बोल्यो काक यतीमहाँ बसि जहाँ, बिग्रन्छ सब् बातमा ।।५।।
सूक्याका लघु काठ खप्पर लुगा, झींजो बलेको छ ता ।
छाला हाड अङ्गार रौं रगत भो, डोरी र बोक्रो लता ।।
कौवाका मुखमा त देखिन गए, पापादि रोगादिले ।
बाधा गर्दछ पुण्य भाइ धनको, नाश् गर्छ चार् पापिले ।।६।।
कौवाले शिरमा त गोबर गुहू, मल् काकविष्ठा पतन् ।
पारेको अति रोगि हुन्छन कडा, हड्डी भए मर्दछन् ।।
धोका पर्दछ भारि साहितमहाँ, कौवा लडाईं गरे ।
काटेका रुखमा बसेर कउवा, बोले मरीगो हरे ।।७।।
सारा जो अशकूनमा त घटिया, सन्सारमा छन् दुई ।
सेतो काक र काकमैथुन भयो, देखे गरीने सुई ।।
नाशै हुन्छ धनादि बन्धु जनको, सन्ताप होला ठुलो ।

चोरी रोगि भएर हुन्छ झगड़ा, पारेर देला धुलो ॥८॥
शय्यामाथि बसेर काक मधुरो, बोल्यो भने सूननू ।
आफ्ना सज्जन मित्र भाइ सितको, भेटै भयो बूझनू ॥
गाईका पिठमा बसेर कउवा बोल्यो मधूरो जहाँ ।
खासा सुन्दरि पट्ठि पाउँछ कि ता, द्रव्यादि मिल्ला तहाँ९॥
घ्यू मासू गुहु अन्नहेरु कउवा--का मूखमा देखिए ।
इच्छाको फल पूर्ण हुन्छ बुझनू पर्देशि बाटो लिए ॥
बोलेको बढिया छ ऊँट गदहा-का पीठमा काक् बसी ।
पक्का मर्दछ मूरदा-पिठ बसी, कौवा कराए पछि ॥१०॥
बाटामा यदि बाउँबाट कउवा, घूम्यो त साहीतमा ।
इच्छा पूर्ण भएर झट्ट घरमा, फर्कन्छ आखीरमा ॥
लाटा काकहरू घेरै वरिपरी, काबा गरेको अनि ।
धूलामा लडि काक पानितिर जो हेरो कराए पनि ॥११॥
पानी पर्दछ पानिमा बुडियको, कौवा त देखें जहाँ ।
कौवाले मुखमा कपास लि उडे, वस्त्रादि मिल्ला तहाँ ॥
चाँदी पाउँछ काकका मुखमहाँ, जो चीज सेतो भए ।
मिल्ला सून अवश्य काक मुखमा, वस्तू पहेंलो गए ॥१२॥

कागको शब्द

क्वाँ क्वाँ गरी जो [१]कउवा कराए,
कल्याणदायक् बुझनू गराए ॥
कीं कीं गरी काक घरै करायो,
इच्छा त भोजन् निजले गरायो ॥ १३ ॥
कूँ कूँ गरी बोल्दछ काक जाहाँ,
द्रव्यादि मिल्ला सुन तीमि तहाँ ॥
सन्तान होला कुकु शब्दकोले,
साहीत् शुभो केकव मात्र बोले ॥ १४ ॥
स्त्री लाभ केंकें गरि काक् कराए,
सुन् मिल्छ क्वं क्वं गरि काक आए ॥
क्रों क्रों त बोले सुख लाभकारी,
कूँ कुँ गरेको प्रिय मिल्छ भारी ॥ १५ ॥
केयं केयं गरेको कुलु कुलु गरि काक्, बोलनू मर्छे पक्का ।
कूँ कूँ कूँ काक बोली करलु करलु बो-लीयको मिल्छ टक्का ॥

---

(१) कौवाले बखत-बखतमा स्वर बदलेर विचित्रसित बोल्दछ विचार गर्नू ।

क्लेतं क्लेतं कराए बिजुलि चमकि जो वृष्टि होला अघोर ।
कोरंकोरं गरे धान्न धन जन मिलला, काक बोली ब्यहोर ॥
क्रूँ क्रूँ क्रूँ गरि काक बोलि भयको क्रां क्रां गरेको पनि ।
संग्रामादि अवश्य हुन्छ बुझनू, यो काक-बोली भनी ॥
क्रीं क्रीं बोलि उडेर काक गयको द्रव्यादि नाशै भयो ।
कौ कौ कीकि कराइ शब्द भयको त्यो यम् पुरीमा गयो ॥
ज्वल् ज्वल् शब्द गरेर काक फरके, भो आगलागी अनि ।
के के टाकु टिकी इ तीन बुझनू, दोषादि दीने भनी ॥
टाकू टाकु गरे लडाइँ बुझनू, का का गरेको भये ।
काक्ले क्व क्व करायको मितहरू आएर गर्छन् जये ॥१८॥
क्रां क्रां क्रो कुकुहू गरे र कउवा क्रुं क्रुं गरी रोयको ।
पक्का मर्दछ यो खराब बुझनू, फल् छैन क्वा मात्रको ॥
क्वा क्वा क्वा अघिबाट बोलि पछि ता, के के गरेको भरे ।
अद्भुत्को फल मिल्छ काक् गरियको घोडादि वाहन्न मरे ॥

छिंक विचार

चौपट्टै डरलागदो शकुन जो, छिक्का गरेको जहाँ ।

छिक्का साहितमा खराब छ बडो, फल् दिन्छ हालैमहाँ ।।
देखी बाघ जिवात जन्तु बनमा, जुन् रीतिले काँप्तछन् ।
तेस्तै छिक्क हुँदा त दिक्क भयका, के हुन्छ है भन्दछन् ।।२०।।
सारा देश विदेश सर्वजनको, कूनै बखतमा पनि ।
केही काम नगर्नु छींक भयमा, यो वेदवाक्यै भनी ।।
छींक् हूँदा घरमा शुभाशुभ सबै, केही म भन्छू यहाँ ।
केही मिल्दछ पूर्व फर्कि घरमा, छीक्का गरेकोमहाँ ।।२१।।
छींक्यो आग्नयतीर फर्कि घरमा, हानी अवश्यै भयो ।
छिक्का दक्षिणपट्टि फर्कि भयको त्यो ता यमैलोक् गयो ।।
जो छिक्ता दिकदारि हुन्छ मुहुडा नैर्ऋत्य सामूमहाँ ।
छिक्का पश्चिम मूख भैकन गरे संपत्ति होला तहाँ ।।२२।।
शूभै बात सुनिन्छ छींक गरदा, वायव्य फर्की गरे ।
छींक्यो उत्तरतीर सन्मुख भई द्रव्यादि मिल्ला भरे ।।
लक्ष्मी आउँदछीन छींक गरदा, ईशान फर्की छिके ।
देब्रे कान पछाडि छींक भयको भोगादि आफ्नू झिके ।।
सुत्तामा छिंक आयको अशुभ यो, सूती उठेमा पनि ।
छिक्का भोजनका अगाडि भयको, जान्नू घटीया भनी ।।

छिक्का भोजनका पछाडि भयमा, मिल्ला अरू भोजन ।
छिंक् भो सामु र दाहिने नयनमा, क्यै काम् नगर्नू भन ॥
आँखा कान र दाहिने पिठ छिंके, द्रव्यादि नाश् गर्दछ ।
दाहीनेतिर कान् पछाडि छिंक भो, शत्रू बढी पिर्दछ ॥
देब्रे कान र खोपरे बुडिमहाँ, छींके त रक्षा भयो ।
बायाँ नेत्र अगाडि छींक गरनू, मिल्ला रुपैयाँ त यो ॥२५॥

दश छिक्का विचार

जस्ले साहितमा त पूर्व फरकी, छींके मरी गैगयो ।
छिक्का साहितमा त आग्नय भए, शोकादि पैदा भयो ॥
छिक्का दक्षिण फर्कि साहितमहाँ, जो गर्छ हानी छ ए ।
प्यारीका सँग मिल्छ साहितमहाँ, नैर्ऋत्य छिक्का भए ॥२६॥
छींके पश्चिम फर्कि साहतमहाँ, मिष्टान्न मिल्ला भरे ।
छिक् वा[1]यव्य दिशा भयो गमनमा, श्री संपती मिल्छ रे ॥
छींक्यो साहितमा इ[2]शान फरकी, मिल्ला रुपीयाँ यहाँ ।

---

[1] पश्चिमको र उत्तरको अन्तर वायव्य । [2] उत्तरको र पूर्वको अन्तर ईशान ।

ठाडो मूख गरेर छींकिदियको, संहार गर्ला तहाँ ।।२७।।
छींके उत्तर फर्कि हुन्छ झगडा, पाताल फर्की छिके ।
संपत्ती मिलि जान्छ छींक, दशको वीधान यै हो सिके ।।
छींक्या आफइले त साहितमहाँ बिघ्नादि, चौपट् भयो ।
गाईले छिंकि दीयको त मरला, पर्देश जाँदा त यो।।२८।।
देख्यो साहितमा शकून बढिया, के काम छिक्का भए ।
छिक्का भैकन देखिए शुभ शकुन्, के गर्नु भुस् भै गए ।।
छिक्का साहितमा र काम गरदा, पैले भयाकोमहाँ ।
एकै छीन् ठहरेर काम गरनू, विघ्नादि जाला तहाँ ।।२९।।
छिंक् आयो गहना लुगा पहिरदा, चोखा नयाँ हुन् भने ।
फेरी मिल्दछ जो लुगा र गहना भारी नयाँ टल्कने ।।
रोगीसीत बिसेख भो कि अब ता कस्तो छ भन्दैमहाँ ।
छींक् भो वैद्य नडाकनू भनि यही सूचन् दियाको तहाँ ।।
जो की मानिस वैद्य डाकन गयो ऊ मूल ढोकामहाँ ।
छींकेको त बिरामि जान्छ यमलोक्, छिक्का घटोया तहाँ ।।
रोगी हेर्न भनेर वैद्य घरमा, आएर पैल्हे छिके ।
नोको हुन्छ बिरामि चार दिनमा, जो औषधी तो झिके ।।

जीउमा फरफरायाको

दाहीनेतिर फर्फराय बढिया लोग्ने त मानीसको ।
बायाँ भागइ फर्फराय घटिया नाश् गर्छ सब् कार्यको ॥
देब्रे स्त्रीहरुको बहूत बढिया फर्फर् गरे मिल्छ दाम् ।
दाहीनेतिर फर्फराय न असल्, स्त्रीको त नाश् गर्छ काम्३२
आँखी भूइँ र नाकको बिचमहाँ, फर्फर् गरेको भरे ।
पीयारी सङ मिल्छ ठाउँ बढला, नीधार फर्फर् गरे ॥
आँखामन्तिर फर्फराय जय भो, सङ्ग्राम गर्दामहाँ ।
थाप्लामा पनि फर्फराय पृथिवी, पाऊँ छ पक्का तहाँ ॥३३॥
आँखाका बिचमा र छेउतिरमा, फर्फर् गरे मिल्छ धन् ।
गालामा फरफर् गरे त घरमा, स्त्रीहेरु जो बढ्दछन् ॥
फर्फर् नाक गरे सुगन्ध मिलला, कस्तूरि आदी जहाँ ।
मील्यो भोजन मित्रदर्शन पनी, ओठ् फर्फरायो जहाँ।३४।
फर्फर् काँध गरे त भोग बढला, काँपे गलो[१] धन् भयो ।
हस्तादीहरु फर्फराय[२] बढिया, मित्रादि प्राप्ती छ यो ॥

---

(१) यो फरफरायाका ता प्रत्यक्ष (२) फरफरायाको ।

हत्क्यालो फरफर् गरे त रुपियाँ, मिल्ला अरू द्रव्य भो ।
छातीमा फरफर् गरे जय भयो, कोखामहाँ हर्ष भो ।।३५।।
आर्काको जय हुन्छ पीठतिरमा, फर्फर् गरेकोमहाँ ।
फर्फर् भो तनमा भने विषयको, लाभादि होला तहाँ ।।
जो जो हुन्न् शुभका र ती अशुभका साईतका लक्षण ।
लेखेको छु, विचार हिड्नुपरदा राम्रो सपारी मन ।।

तार-खबर

तारको खबर छापिएको फार्ममा लेख्नुपर्छ । यो फार्म तार-घरमा सित्तैं पाइन्छ । यदि यो कुनै कारणले समयमा प्राप्त हुन नसके सादा कागजमा नै खबर लेखेर तार-घरमा दिए पनि हुन्छ । छापिएको तार-फार्ममा मुख्य दुइ खण्ड हुन्छन् । माथिल्लो खण्डमा पाउनेवालाको नाम, ठेगाना, तारघर लेख्नुपर्छ । दोस्रो खण्डमा खबर र पठाउनेको नाम लेखिन्छ । यत्तिको पैसा लाग्छ । पछाडिपट्टि तल पठाउनेको नाम ठेगाना सही लेखिन्छ, जसको पैसा लाग्दैन । तार जतिसक्तो संक्षेपमा लेख्नुपर्छ ।

तार दुइ प्रकारका हुन्छन्—आर्डिनरी र एक्सप्रेस। आर्डिनरी तारमा पहिलो दश शब्दसम्म १) रु० लाग्छ। बादका प्रत्येक शब्दमा १० न० पै० लाग्छ। एक्सप्रेस तारमा आर्डिनरीको दोबर चार्ज लाग्छ।

विशेष संकेतका लागि लेखिएका शब्दको चार्ज लाग्दैन, जस्तो—जब जवाफका लागि पेश्की जम्मा गरिन्छ तब फर्ममा रिप्लाइ प्रिपेड रु०....(Reply Prepaid Rs....) लेखिन्छ, यसको पैसा लाग्दैन। तार पाउनेवालालाई Reply Prepaid लेखिएको Form (फर्म) मिल्दछ। उसमा जम्मा रहेको रु० मा चार्जको हिसाब मिल्ने गरी खबर लेखेर तार-घरमा फर्म दिनाले तार जान्छ। यो फर्म तीन महीनासम्म काममा आउँछ।

तार खबरमा डैश (—), कमा (,) आदि प्रत्येक चिह्न या प्रत्येक 'पार्टस् आफ स्पीच' एक शब्द गनिन्छ।

एक शब्दमा अंग्रेजीका १५ अक्षरभन्दा बेसी भए त्यो दुइ शब्दमा लेखा लाइन्छ।

पाँच अंकहरूले बनेको संख्या एक शब्द गनिन्छ, त्यसभन्दा बेसी भए दुइ शब्द मानिन्छ।

दुइ शब्द मिलेर यौटा नाउँ बुझाउने शब्द पनि १५ अक्षरभन्दा कम भए एकै शब्दमा गनिन्छ।

अचेल (१९५७ ई० देखि यता) देवनागरी लिपिमा पनि तार दिने चलन चल्दै छ यसमा विभक्ति (प्रिपोजिशन) अलग गनिन्न।

नोट[1]

एक् दुइ पाँच् दश औ सये रुपियाँका, नोट् चाहिं चल्ती छ।
हज्जार्का पनि छन् ति दस्खत गरी, कोठीमहाँ भज्छन॥

टि०—पाठक हो ! शिखरनाथले यो पुस्तक लेख्ता तार-सम्बन्धी नियम सबै भिन्नै थिए। अब त्यो कुनै पनि मिल्दैन। तार खबरमा पनि पहिले सांकेतिक आवाज जान्थ्यो, अब अक्षर नै जान्छ। यसैले यो नयाँ नियम लेखिएको हो।

यो पुस्तकको १७ औं पृष्ठमा राहादानी-सम्बन्धी धेरै नियम पढनुभो, त्यो पनि वि० २००७ साल यता छैन। केवल पायापार चेक हुन्छ।

[1] शिखरनाथले यो पुस्तक लेख्ता १, २ का नोट थिएनन्। एक रु० ६४ पैसाको थियो। दोकड़ा, अद्धी, पैसा, अधन्नी, एकन्नी, दुअन्नी, चवन्नी, अठन्नी, एक रु० का सिक्का थिए। १६५७ को अप्रिल १ ता० देखि १०० पैसाको रु० चल्यो। अनि १,२,३,५,१०,२५,५०,१०० पैसाका सिक्का बने। —माधव

मद्रास् बम्बइ कल्कता शहरमा, नोट् बन्छ बूझीलिनू ।
जुन् अव्वल् तिरको छ नोट् उहि लिए, पर्दैन बट्टा दिनू ॥

नामैनाम ।

भारीलाइ [1]अदत् भनिन्छ भरिया–लाई कुली भन्दछन् ।
ब्रिक्मा माल दिंदा रसीद दियको, ब्रिल्टी भनी राख्दछन् ॥
रेल् चढ्दा महसूल दोइ लियको, टीकट् भनी राखनू ।
माल् किन्दा रुपियाँ हिसाब दियको, त्यो बील हो जाननू ॥
कोठाको कमरा र रेल चढने-लाई मुसाफेर नाम् ।
इष्टेशन् बुझ रेल गाडि अडिने, जाहाँ टिकट्को छ काम् ॥
एक् कंरा जतिलाइ बस्न छ हुकूम्, उस्को सबै दां दिए ।
रीजब् हुन्छ घरै समेत् तहिं सबै, पस्तैन आर्को लिए ॥४३॥
स्टेशन् माष्टरसीत दूइ बिश आठ्, घण्टा अगाडी थहा ।
दीनूपर्छ रिजर्ब हुन्छ तहकित्, रीजब् गराए अहा ॥
आती जाति समेतको उहि बखत्, रेल्का सबै दाम् दिए ।
रीटूरन् हुन्छ मिती ननाघि फरके, नाघे ति दां भूसिए ॥

---

[1] अदत्मा टाँसेका कागजलाई लेबिल भन्दछन् । [2] रिजटर्ड, रिजप, रिजर्व, पनि भन्दछन्, एकै हो ।

पैल्हा फस्ट सिकीन इन्टर इ तीन् क्लास्को त टीकट् लिए ।
रिट्रन् हुन्छ रिटर्न जो छ महिना, तक हुन्छ रुप्याँ दिए ।।
रेल् घिस्याइ अबाज् गरेर कुदने, [1]इञ्जिन् यही जाननू ।
मूसाफोरहरू लियेर छुटने, रेल् गाडि यै ठाननू ।।४५।।
सम्वत्को पनि नाम सन् बुझनुभो दिन्लाई तारिख् भयो ।
अंग्रेजी सुन दूइ माइल[2] भये, हाम्रो त कोश् भै गयो ।।
बुझ्नू साठि सिकिण्डको यक मिनट्[3], साठो मिनट्को पनि।
घण्टा हुन्छ बुझ्नून रात दिनको, चौबीस घण्टा भनी ।।४६।।

रेल गाडिका नाउँ ।

डाँक् पैसिञ्जर गाडि लोकल भयो, माल्गाडि चार् मुख्य हुन्।
ड्योढा दाम त लिन्छ वायु सरि झैं, सर्कन्छ डाँक्गाडि जुन्।।

---

[1] भाफले, तेलले वा बिजुलीले चल्ने यन्त्र ।

[2] १९५७ को अप्रिल १ ता० देखि ३६ इञ्चको १ गज, १७६० गजको एक माइलको बदला किलोमीटर चल्यो। एक मीटरमा ३९।। इञ्च हुन्छ । हजार मीटरको एक किलोमीटर हुन्छ ।

[3] सम्पूर्ण रेलका घड़ी कलकत्ताका भन्दा ३३ मिनट अलाहाबादका भन्दा ७ मिनट, कति छ, दिल्लीका भन्दा १२ मिनट, बम्बईका भन्दा ३० मिनट तेज छ अर्थात् ज्यादा छ बुझ्नू ।

ठूला ष्टेशनमा अडिन्छ सबमा, थामिन्न डाँक्गाडि ता ।
पैसावाल्हरु चढ्दछन् यसमहाँ, चढ्छन् जरूरी कि ता ॥४७॥

हाब्डाबाट छुटेर डाँक गयको, बम्बै महाँ पौंचने ।
बम्बैमेल कहिन्छ नाम नरमा, आँधी झर्झो सर्कने ॥
हाब्डाबाट छुटेर डाँक गयको, पंजाबमा पूगने ।
पंजाब् मेल यही बुझून सबई, वायूसरी कूदने ॥४८॥

पंजाब् बम्बइ मेलमा दुइ भये, माईल ऊता गये ।
खैराँती महशूलका टिकटमा, छाडा छ जाने भये ॥
पंजाब् बम्बइ मेल मुख्य दुइटा, डाक्गाडि जान्नू अवल् ।
एक् घण्टाँ विश कोश जान्छ सहजै, रेल् रेलमाको डबल् ॥

पैसिञ्जरहरु बाह्र कोश हिंडछन् , माल्गाडि सात् आठ कोश्
घण्टा एक महाँ इ हिंड्छन सधैं, रेलमा नगर्नू बिहोस् ॥
बेव्यांमा हिंडने जती छुटियका, मानीस लाने अनि ।
दस् बिस् ष्टेशनसंम गै फरकने, जान्नोस लोकल् भनी ॥५०॥

रेल् पश्चिमतिरबाट पूर्व हिंडने डाउन् भनी चढ्दछन् ।
रेल् पूर्वै तिरबाट पश्चिम गये, अप् येहि हो भन्दछन् ॥

जुन् रेल्मा असबाबमात्र छ भने, माल्गाडि तेस्को त नाम् ।
जो पैसिञ्जर गाड़ि मामुलि छ यो, यस्को त हल्को छ दाम् ॥

सोझो रेल सटक् भए बुझनुभो, सो कार्डलाइन् भयो ।
बाङ्गो रेल सटक् घुमेर गयको, त्यो लूपलाइन् त यो ॥
जुन् इष्टेसनमा दुई तरफ रेल्, फाटेर बाटो गयो ।
तेस्को नाउँ पनी त जङ्कशन हो, जानी सकोने छ यो ॥५२॥

जुन् इष्टेसनमा टिकट् लिइ सबै, तैयारि जाहाँ थियो ॥
रोक्का पर्न गयो भने टिकट दी, सो सब् रुपीआ लियो ।
ष्टेशन्माष्टर सीत गैकन भनोस् आप्का टिकट् लीजिये ॥
घर्में गड्बड हो गया जरुरि है, जल्दी हि दां दीजिये॥५३॥

भन्नू दीन्छ तुरन्त कानुनमहाँ, यस्तै छ लेखीयको ।
चश्मा कोट लगाइ जानु नजिकै, डर् छैन क्यै बातको ॥
माथिल्ला दरजा टिकट् सङ थियो, भीर्भाड हूँदा मह्राँ ।
कम् दर्जा रहनू पऱ्यो यदि भने, वर्लहैर जानू तहाँ ॥५४॥

ष्टेशन् माष्टर सीत गैकन भनी, लेखाइ टीकट् लिनू ।
जाहाँको छ टिकट् वहाँ बढति दाम्, दीयेर टीकट् दिनू ॥

पूरा कोश पचासको टिकट ली, एक् दीन बीच्मा बसी ।
जानेलाइ हुकुं छ कंति भय ता, हूँदैन कम्बर् कसी ।।५५।।

हाब्डादेखिन दिल्लिको टिकट ली, तारीख नौमा गये ।
जाने पुग्छ यघार तारिखमहाँ, जानोस जानू भये ।।
नौ दीन् बीच महाँ बसी गय पनी, उन्नैस जाँदा महाँ ।
दिल्ली पुग्नु अवश्य पर्दछ उता, बिग्रन्छ टीकट् तहाँ ।।५६।।

ठूला ष्टेशनमा अगाडि पहिली, घण्टी बजाये जहाँ ।
टीकट् पाञिदईन बेर नगरी, जानू अगाडि तहाँ ।।
साना ष्टेशनमा त रेल पहुँचे, मिल्दैन टीकट् पनि ।
बोस्मीनेट अगाडि पुग्नु असबाब्, बेर् हुन्छ जोख्दा भनी ।।

पैल्हा जो दरजा टिकट् लिनुभये, तिन्टा सुसारे पनी ।
ड्योढाचाहिं किलासमा बसि सहज्, जानेछ ऑमिर् बनी ।।
जो दोस्रा दरजा टिकट् छ जसको, दोटा सुसारे लिई ।
त्यो डाँक्गाडिमहाँ त लान्छ बुझनू, ठड्को रुपीञा दिई ।।

---

(१) गठरी २० किलो बढता भयाका को ३५ किलोको २ रुपिञाका दरले लिन्छ न तौलाये दुख हुन्छ ।

जो का टीकट फर्स्टक्लास पहिला, दर्जा लियाको भये ।
आफ्ना साथ गठेरि डेढ मन तक्, लैजान्छ रेल्मा गये ।।
दोश्रो सोखिनक्लासको टिकट ली, जो जान्छ रेल्मा यदि ।
आफ्ना सङ्सँग तीश सेर गठरी, लैजान्छ पैसा नदी ।।५९।।

ड्यौढा इण्टर क्लासको टिकट ली, रेल्को सवारी गरे ।
लैजाला विश सेरको गठरि दां पर्दैन दीनू भरे ।।
ठड्क्लास्को अनि थर्टक्लास तिसरा, दर्जा टिकट् लीयमा ।
वोना ओजन पन्द्रसेर गठरी, लैजान्छ रेल् गाडिमा ।।६०।।

स्वास्नीमानिसलाइ बस्न जनना, गाडी छ भिन्नै तहाँ ।
आधा टीकटका त बालख समेत् , बस्छन् खुशीले जहाँ ।।
दीशा जाँन भनेर चर्पि छ जहाँ कल्को छ पानी पनि ।
स्वास्नीमानिसलाइ राखनु यहीं, धक्का नलागोस् भनी ।।

तेस्तै काम पऱ्यो भने जति छ माल्, इस्टेशनैमा दिनू ।
स्टेशन्मास्टर बूझि लिन्छ गठरो तेस्को, रसीद् साथ् लिनू ।।
दोआना दिनु पर्छ एक् गठरिको, चौबीश घण्टा यता ।
एकाना दिनु पर्छ एक् गठरिको, चौबीश घण्टा उता ।।६२।।

रक्सौलबाट छपरा भई वाराणसी कैन्ट जाने लाइन

स्टेशनका नाम	कि० मि०	स्टेशनका नाम	कि. मि.
रक्सौल		नयागाँव	२००
मसनाड	७	सिलपुर	२०७
रामगढवा	१४	दिघवाड़ा	२१२
सुगौली (जं०) बदल्छ	२९	अवतार नगर	२१६
सेमरा	३९	बड़ा गोपाल	२२२
मोतिहारी	५०	गोल्डेनगंज	२३१
जीवधारा	५९	छपरा कचहरी	२४१
पिपरा	७२	छपरा (जं०)	२४३
चकिया	८२	रिविलगंज	२५२
मेहसी	९०	रिबिलगंजघाट	२५४
महवल	९७	माँझी	२६०
मोतीपुर	१०३	बकुलहा	२६५
काँटी	११७	सुरेमनपुर	२७२
मुजफ्फरपुर (जं०) बदल्छ	१३०	रेवती	२८३
रामदयालु नगर	१३६	सहतवार	२९१
तूर्की	१४४	बाँसडीहरोड	२९९
कुढ़नी	१४९	बलिया (जं०)	३०९
गरौल	१५५	सागरपाली	३१४
भगवानपुर	१६३	फफना	३१९
सराय	१७२	चितबडा गाँव	३२५
हाजीपुर	१८३	ताजपुरडेहमा	३३३
सोनपुर (जं०)	१८८	करीमुद्दीनपुर	३४०
परमानन्दपुर	१९५		

स्टेशनका नाम	कि० मि०	स्टेशनका नाम	कि० मि०
ढोंढाडीह	३४७	सैदपुर भितरी	४०९
युसुफपुर	३५४	औंडिहार (जं०)	४१४
शाहबाजकुली	३६१	रजवाड़ी	४२३
गाजीपुरघाट	३७१	कादिपुर	४२९
गाजीपुर शहर	३७५	उमरहा	४३४
आँकुसपुर	३८२	सारनाथ	४४१
नन्दगंज	३९२	वाराणसी शहर	४४६
तराँव	४०१	वाराणसी कैन्ट	४४९

भटनोबाट गोंडा भई नेपालगंज जाने लाइन

भटनी (जं०)		डोमिनगढ	७६
ननखार	७	जगत बेला	८२
अहल्यापुर	१५	सहजनवा	८८
देवरिया सदर	२१	मघर	९७
बैतालपुर	२८	खलिलाबाद	१०५
गौरी बाजार	३६	चुरेब	११५
चौरी चौरा	४६	मुन्देखा	१२०
सरदार नगर	५१	बस्ती	१३१
कुसुमही	५७	गोबिन्दर नगर	१४१
गोरखपुर कैन्ट	६७	तिनिज	१४९
गोरखपुर (जं०)	७०	गौर	१५८

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
बभनान	१६५	पयागपुर	२५९
स्वामी नारायन छपिया	१७७	झिलवरिया	२७३
मसकनवा	१८१	शुशिल नगर	२७९
मनकापुर (जं०)	१९६	बहराइच	२८५
झिलाही	२०२	रिशिया	२९८
मोती गंज	२०९	मटेरा	३१०
बरुवाचक	२१७	नानपारा (जं.)	३१९
गोंडा (जं०) बदल्छ	२२४	बाबागंज	३३२
बनगैन	२४१	नेपालगंजरोड	३३९
विश्वेश्वर गंज	२५०		

रक्सौलबाट नरकटियागंज भई गोरखपुर जाने लाइन

रक्सौल		चितौनी घाट	९२
भेलवा	७	चितौनी	१००
सिकटा	१७	रवाड़ा	१०९
मरजदवा	२४	सिसुवा बजार	१२३
गोखुला	३२	घुगुली	१३५
नरकटिया गंज (जं.) बदल्छ	४१	खुशाल नगर	१४३
चमुवा हाल्ट	४९	कप्तान गंज (जं.)	१४९
हरिनगर	५७	बोडर वार	१५८
भैरवगंज	६५	पिपराइच	१६९
रबर पोखरा	७४	उनौला	१७८
बगहा	८४	गोरखपुर कैन्ट	१८५
(नदी तर्नुपर्दछ)		गोरखपुर (जं.)	१८९

गोरखपुरबाट नौतनवा जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
गोरखपुर (जं.)		आनन्दनगर (जं.)	४१
नकहाजंगल	६	लोकविद्यापीठ नगर हाल्ट	४९
मनिराम	११	पुरन्दपुर	५३
पिप्पी गंज	२२	लछमीपुर	६२
रावत गंज	२५	अईकोट	७१
कम्पैर गंज	३३	नौतनवाँ	८२

गोरखपुरबाट गोंडा जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
गोरखपुर (जं.)		परसा	१०१
नकहा जंगल	६	बढ़नी	११३
मनीरामपुर	११	पचपेरवा	१२६
पिप्पी गंज	२३	गैनसरी (जं.)	१३८
रावत गंज	२५	तुलसीपुर	१५२
कंपीर गंज	३३	कावापुर	१६३
आनन्दनगर (जं.)	४२	गैनजहवा	१७८
लेहरा	५०	बलरामपुर	१८२
ब्रिजमन गंज	५५	भवानीपुर कलाँ	१९१
उसका बजार	६३	इतियाडोकी	२००
नवगढ़	७३	सुभागपुर	२१३
चिल्हीया	८५	गोंडा (जं.)	२२०
शोहरत गढ़	९१		

नरकटियागंजबाट दरभङ्गा जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
नरकटिया गंज (जं.)		घुरहनवा हाल्ट	८९
गोखुला	९	बैरगनियाँ	९५
मरजदना	१७	ढेङ्ग	१०३
सिकटा	२४	रिगा	११४
भेलवा	३४	सितामढी	१२४
रक्सौल (जं.)	४१	परसौनी	१३१
नकरदेई	४७	बाज पट्टी	१३७
आदापुर	५३	जनकपुर रोड	१४९
पचपोखरिया हाल्ट	५९	जोगियारा	१५७
छौंडादाना	६५	काम तौल	१६८
जयमुर्तिनगर हाल्ट	७१	टेक्टर हाल्ट	१७५
घोडासहान	७७	मोहम्मदपुर	१८०
कुन्दवा चैनपुर	८५	दरभङ्गा (जं.)	१९२

गोंडाबाट मनकापुर भई अयोध्याघाट जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
गोंडा (जं.)		नवाब गंज	४९
विद्यानगर	१६	कतरा	५७
मनकापुर (जं.)	६७	अयोध्याघाट	६०
टिकरी	४०		

नानपाराबाट कतर्नियाघाट जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
नानपारा (जं.)		मुर्तिहा	४५
रायबोझा	१३	निशान गाड़ा	५४
मिहिनपुरवा	२४	बिछिया	६४
ककहा रेस्ट हाउस	३४	कतर्नियाँ घाट	६८

सुगौलीबाट भिकनाटौर जाने लाइन

स्टेशनका गाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
सुगौली		साथी	४६
मझबलिया	१३	नरकटिया गंज (जं.)	६०
बेतिया	२३	अमोलवा	७३
कुमार बाग	३०	गौनहा	८३
चनपटिया	४१	भिकनाटौर	९६

दरभङ्गाबाट मुजफ्फरपुर जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि
दरभङ्गा (जं.)		किशनपुर	२७
लहरिया सराय	४	मुक्तापुर	३४
थालवारा	११	समस्तिपुर	३८
हैयाघाट	१५	पिटाउन जिया	४५
रामभद्रपुर	२१	पुशारोड़	५२

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
दुबहा	५८	सिलौट	७८
धोली	६५	नारायनपुर अनन्त	८५
शिहो	७२	मुजफ्फरपुर (जं.)	९०

दरभङ्गाबाट जयनगर जाने लाइन

दरभङ्गा (जं.)		मधुबनी	३६
कक्करघट्टी	६	राजनगर	४६
तारसराय	१२	खजौली	५५
सकरी (जं.)	१९	ज़यनगर	६८
पंडौल	२७		

सोनपुरबाट कटिहार जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका माम	कि. मि.
सोनपुर (जं०)		मुजफ्फरपुर (जं०)	५९
हाजीपुर	६	नारायणपुर अनन्त	६४
सराय	१६	सिलौट	७१
विंथौली हाल्ट	२१	शिहो	७७
भगवानपुर	२५	थोली	८४
गरौल	३४	दुवहा	९१
कुढ़नी	३९	पुशारोड	९७
तूर्की	४५	पिटाउनजिया	१०३
रामदयालुनगर	५३	समस्तिपुर (जं०)	१११

स्टेशनका नाम	कि मि.	स्टेशनका नाम	कि. मि.
वज़ीरपुर	१२०	उमेशनगर	२१०
नजिरगंज	१२६	खगरिया (ज०)	२१७
दुळसिंग सराय	१३४	मानसी	२२५
साथ जागत	१३८	महेश खुन्ट	२३६
बछवारा (जं०)	१४७	पसरहा	२४९
टेगरा	१५४	नारायणपुर	२६०
बरौनी	१५९	थाना बिहपुर (जं०)	२६८
बरौनी (जं०)	१६१	खारिक	२७६
तिळरथ	१६९	नौगछिया	२८४
बेगूसराय	१७७	कटहरिया	२९५
ळखो	१८४	कुरसेळा	३०२
वनौळी फुळवरिया	१९०	बखरी	३११
ळखमिनिया	१९४	काटगोळारोड	३१८
सनहा	१९९	सिमापुर	३२९
साहेबपुर कमाल (जं०)	२०४	कटिहार (जं०)	३४०

कटिहारबाट जोगवनी जाने लाइन

कटिहार (जं०)		कुशैर गाँव	५८
दळान	७	अररिया कोर्ट	६६
रौतारा	१४	अररिया	७१
रानीपतरा	२१	सिमराहा	८२
पुर्निया (जं०)	२८	फारवेसगंज	९५
कसवा	३६	बथनहा	१०१
गढबनैळी	४१	जोगबनी	१०८
जळाळगढ	४६		

कानपुरबाट गोंडा जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
कानपुर सेन्ट्रल		बाराबंकी (जं०)	११३
भगर बाड़ा	११	जाहाँगिराबाद	१२१
उन्नाव	१७	रफि नगर	१२७
सोनिक	२५	बिन्दौरा	१३१
अजगैन	३३	बुढवाल (जं०)	१४०
जैतिपुर	४१	चौका घाट	१४६
हरौनी	४९	गोग्रा घाट	१५२
अत्रौसी	६१	जखाल रोड	१५६
ऐसबाग	७४	सरजू	१६५
लखनौ (जं०)	७७	कोलोनिलगंज	१७३
डालीगंज	८५	कस्तुरी	१७९
बादशाह नगर	८९	मैजापुर	१८४
मलहौर	९७	कथोला	१९०
जुगौर	१०३	गोंडा कचहरी	१९७
शफिदाबाद	१०७	गोंडा (जं०)	२०२

कलकत्ताबाट पटना भई दिल्ली जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
हावडा (जं०)		उत्तर पाड़ा	१०
लिलुवा	५	हिन्दमोटर	१२
बेलूर	७	कोन नगर	१४
बल्ली	९	रिसरा	१७

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
सिरामपुर	२०	बर्दवान (जं०)	१०७
सिवोराफुली (जं०)	२३	टालिट	११४
बैद्यबटी	२५	रबाना (जं.)	१२०
भद्रेश्वर	२९	गालसी	१३०
मानकुन्दु	३१	पराज	१३७
चन्दन नगर	३३	मान्कर	१४५
चुचुरा	३६	पानागढ़	१५५
छुगली	३८	राजबन्ध	१६३
बन्देल (जं.)	४०	दुर्गापुर	१७१
आदिसप्तग्राम	४३	वरिया	१७९
मागरा	४७	अण्डल (जं)	१८७
टलण्डू	५१	रानीगंज	१९४
खनयान	५६	कालो पहाडी	२०७
पुण्डोह	६१	आसनसोल (जं.)	२१३
खिमलागढ	६६	बराचक	२१८
बैनचाई ग्राम	६८	सितारामपुर (जं.)	२२२
बैनचाई	७०	सालनपुर	२२६
डिवीपुर	७५	डिंडुवा हाल्ट	२२९
बगिला	७९	जमिहरी हाल्ट	२३१
मिमारी	८२	रुपनारायण पुर	२३३
रसूलपुर	८८	चित्त रंजन	२३८
पालसिंढ	९२	जाम तारा	२५२
शक्ती गढ़	९६	करभातर	२७०
गंगपुर	१००	मदनकटा हाल्ट	२८०

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
मधूपुर (जं.)	२९४	करौता	५०९
मथुरापुर हाल्ट	३०६	खुसरू पुर	५१५
शंकरपुर हाल्ट	३१४	हरदास बिगहा	५१८
रोहिनी हाल्ट	३१९	फुतवाह (जं.)	५२३
जैशिडिह (जं.) बैजनाथधाम	३२३	बाँका घाट	५२९
लोह्वान हाल्ट	३३९	पटना सिटी	५३५
सिमुलतला	३४८	गुल्जार बाग	५३८
झाँझा	३६७	पटना (जं.)	५४५
गिधौर	३७८	फुलवारी सरीफ	५५२
जामुई	३९३	दानापुर	५५५
माननपुर	४०७	निवोरा	५६१
बन्सीपुर हाल्ट	४१३	सादिसो पुर	५६८
किउल (जं०)	४२१	बिहटा	५७२
लखी सराय	४२२	कोइलवार	५८१
मानकथा	४२८	कुलहरिया	५८४
बढहिया	४३७	आरा (जं.)	५९४
रामपुर डुमरा	४४३	करीसत	६०४
हातिदह	४४६	कौरिया हाल्ट	६०८
मुकामा (जं०)	४५६	बिहिया	६१६
मोर	४६३	बनाही	६२२
पुनारख	४७१	रघुनाथ पुर	६३०
बढ	४८२	टिवनिङ्ग गंज	६३९
अथमलगोला	४९१	डुमराँव	६४३
बखतियारपुर (जं०)	५००	बरुना	६५३

स्टेशनका नाम	कि० मि०	स्टेशनका नाम	कि. मि.
बक्सर	६६३	गैपुरा	८४०
चौसा	६७४	जिगना	८४७
बेड़ा कलान हाल्ट	६७९	मन्दारोड	८५६
गमहर	६८३	ऊँचडिह	८६४
भदौरा	६९१	मेजारोड	८७२
दिलदार नगर (जं.)	६९९	भीरपुर	८८३
दरौली हाल्ट	७०६	करछना	८९२
जमनिया	७१२	नैनी	९०३
बहोरा चन्दिल हाल्ट	७१५	इलाहाबाद (जं.)	९१०
घीना	७२५	सुबेदारगंज	९१४
महेशुवा नोरार	७३२	भामरौला	९१९
सकलडीहा	७३९	मनौरी	९२८
कुचमन	७४५	सैयान श्रवण	९३२
मुगलसराय (जं.)	७५७	मनोहरगंज	९३८
जीवनाथ पुर	७६५	भरवारी	९४७
अहरौरा रोड	७७१	सुजातपुर	९५८
किलहटा	७८०	सिराथु	९६७
चुनार	७८९	अथ सरल	९७४
दगमगपुर	७९७	कुनवार	९७९
पहाड़ा	८०५	कटोघन	९८५
झिंगुर	८१२	खागा	९९२
मिर्जापुर	८२१	साथनरैनी	१०००
बिन्ध्याचल	८२८	रसूलावाद	१००७
बिरोही	८२३	फैजउल्ला पुर	१०१६

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि
फटेह पुर	१०२७	पाटा	११९४
कुरस्तीकलाँ	१०३४	अचालडा	१२०२
मलवाँ	१०४३	समहोन	१२११
कंशपुर गुगौली	१०५१	भरथना	१२२२
बिन्दकी रोड	१०५८	एकदिल	१२३२
औङ्ग	१०६४	इटावा	१२४२
कखीगाँव	१०७१	सरईभोपाट	१२५०
प्रेमपुर	१०७६	जसवन्त नगर	१२५७
सिरसौल	१०८२	बलरई	१२६६
चाकेरी	१०९३	भाडन	१२७७
चन्दरी	११०१	कौरारा	१२८६
कानपुर सेन्ट्रल	११०३	शिकोहाबाद	१२९७
जुही	११०७	मखनपुर	१३०७
पानकी	१११३	फिरोजाबाद	१३१७
भाउपुर	११२५	हरन गाँव	११२५
मैथा	११३५	टूंडला (जं.)	१३३३
रुरा	११४६	मतवाली	१३४०
अम्बयापुर	११५५	बरहन (जं.)	१३४८
झिंझाक	११६५	चमरोला	१३५१
कन्चौसी	११७६	जालेसर रोड	१३६१
फफुन्द	११८५	परा	१३७१

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि० मि०
हाथरस (जं.)	१३८१	चोला	१४६६
सासनी	१३९०	वायर	१४७४
मन्द्रक	१३९८	दान कौर	१४८३
दौद्खाँ	१४०४	अजिब पुर	१४९१
अलिगढ (जं.)	१४११	दाद्री	१५०१
महर वाल	१४१८	मरीपत	१५०७
कुलवा	१४२३	गाजियाबाद्	१५१७
सोमना	१४३३	शाहेबा बाद्	१५२४
दनवार	१४४४	दिल्ली शहदरा	१५३१
खुरजा (जं०)	१४५५	दिल्ली (जं०)	१५३७
सिकन्दर पुर	१४६०		

पटनाबाट पुनपुन भई गया जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
पटना (जं०)		जाहाना बाद्	४५
परसा बजार	७	जाहाना बाद् कोर्ट	४८
पुन पुज	१३	टिहटा	५७
पोथाही	१९	मखदुम पुर	६१
नादवान हाल्ट	२४	वेला	७२
तरिङ्गा	३०	चाकन्द	८२
नांडौल	३६	गया (जं०)	

कलकत्ताबाट मनिहारीघाट भई दार्जिलिंग (आसाम) जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
हावड़ा (जं०)		आदीसप्त ग्राम	४३
लिलुवा	५	मागरा	४७
बेलूर	७	टलण्डू	५१
बल्ली	९	खनयान	५६
उत्तर पाड़ा	१०	पुण्डोह	६१
हिन्द मोटर	१२	सिमलागढ़	६६
कोन नगर	१४	बैनचाई ग्राम	६८
रिसरा	१७	बैनचाई	७०
श्रीरामपुर	२०	डिबिपुर	७५
सिवोरा फुली	२३	बगीला	७९
बैद्यबटी (जं०)	२५	मिमारी	८२
भद्रेश्वर	२९	रसूल पुर	८८
मानकुन्दु	३१	पाल सिट	९२
चन्दन नगर	३३	शक्ती गढ़	९६
चुचुरा	३६	गंग पुर	१००
हुगली	३८	बर्दवान (जं०)	१०७
बन्डेल (जं०)	४०	दालिट	११४

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
खाना (जं०)	१२०	पकौर	२७१
बनपस	१३०	तिलभिटा	२७७
गुसकरा	१४०	कोटाल पुकुर	२८३
भाडिया	१५१	गुमानी	२९०
बोलपुर	१५९	बड़हरवा (जं०)	२९७
(शान्ति निकेतन)		बकुडी	३०५
कोपल	१६९	तिनपथार	३१४
अहमद् पुर (जं०)	१७८	टलिहरी	३२४
बतास पुर	१८४	करन पुराटा	३३०
सैन्तीहा (जं०)	१९१	महराज पुर	३२८
गदाधर पुर	१९९	सकरी गली (जं०)	३४४
मोल्लर पुर	२०७	साहेब गंज (जं०)	३५२
तारा पिठरोड हाल्ट	२१३	(यहाँ स्टीमरमा चढ्नुपर्दछ)	
राम पुर हाट	२१९	मनिहारी घाट	३६०
स्वदीन पुर	२२६	मनिहारी	३६८
नलहट्टी (जं०)	२३३	मैहार पुर	३७६
चतरा	२४२	मनशाही	३८३
मुराराई	२४९	कटिहार (जं०)	३९२
बंशलाइ ब्रिज	२५४	डण्डखोरा	४०१
राज ग्राम	२६१	सोनैली	४०९
नगर नबी	२६६	झौवा	४१५

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
स्यालमारी	४२१	बतासी	५६२
मुकुरिया	४२६	नक्सल बारी	५७१
बारसोई	४३१	हाति घिसा	५७५
सुधनी	४४२	बाग डोगरा	५८३
टिल्टा	४५१	माटिगाडा	५९०
दल कोल्हा	४५९	सिलिगुड़ी (जं०)	५९४
सुरजा कम	४६६	शुकना	६०४
कानकी	४७४	रङ्गटङ्ग	६१२
हाटवार	४७९	चुनभट्टी	६१८
किशन गंज	४८७	तिनघरिया	६२४
पंजिपारा	४९५	गयावारी	६३०
एकरचला	५००	पगला झोरा (साइटिङ्ग)	६३२
गैसल	५०४	महानदी	६३६
गनजरिया	५१०	कुरस्याङ्ग	६४३
अलुवा बारी रोड	५१८	चर्चगेट हाल्ट	६४५
पोथिया	५२३	गोयठल्स हाल्ट	६४७
तैयाब पुर	५३१	सिपायधुरा हाल्ट	६४९
ठाकुर गंज	५३७	टुङ्ग	६५१
पिप्रीथान	५४४	दिलाराम हाल्ट	६५३
गलगलिया	५४९	शैलिसियन कालेज	६५५
अधिकारी	५५८	सोनाडा	६५९

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
जोरिखोला (साइडिङ्ग)	६६१	बतासिया (साइडिङ्ग)	६६९
रङ्गभुल (साइडिङ्ग)	६६३	रिटरिएट हाल्ट	६७१
जोरि बेङ्गलो हाल्ट	६६५	वेस्ट प्वाइन्ट हाल्ट	६७२
घुम	६६८	दार्जलिङ्ग	६७४

कलकत्ताबाट बरौनी भई गौहाटी (आसाम) जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
*हात्तिदह (जं.)		लखमिनियाँ	४६
राजेन्द्रपुलहाल्ट	३	सनहा	५०
सिमरिया	६	साहेबपुर कमाल	५५
बरौनी (जं०)	१३	उमेश नगर	६२
तिलरथ	२१	खगरिया	६९
बेगूसराय	३१	मानसी	७७
लाखो	३६	महेशखूँट	८८
बनौलीफुलवरिया	४०	पसराहा	१०१

---

* स्टेशनको नाम र किलोमिटर हात्तीदह (जं०) सम्म दिल्ली जाने लाइनमा हेर्नूं । त्यसपछि यसमा मिलाउनू । गाडी कहाँ बदल्नुपर्दछ गार्ड बाबूसित सोध्नू ।

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
नरायनपुर	११२	इटवर	२८०
थाना बीहपुर	१२०	किशनगंज	२८७
खरिक	१२८	पांजीवारा	२९६
नौगछिया	१३६	इकरचला	३००
कटरिया	१४७	गैसल	३०५
कुरसेला	१५४	गुंजरिया	३१०
बरबरी	१६३	अलुवा बाड़ी रोड	३१८
काढ़ागोला रोड	१७०	पोठिया	३२३
सेमापुर	१८१	तैय्यबपुर	३३१
कटिहार (जं०)	१९२	ठाकुरगंज	३३८
डण्डखोरा	२०२	पिपरीथान	३४४
सोनैली	२०९	गलगलिया	३५०
झौआ	२१५	अधिकारी	३५९
स्यालमारी	२२२	बतासी	३६३
मुकुरिया	२२७	नक्सालबाड़ी	३७१
बारसोई (जं०)	२३२	हात्तिघिसा	३७६
सुधानी	२४३	बाग डोगरा	३८४
तेलता	२५१	माटीगारा	३९०
बलकोल्हा	२६०	न्यू जलपाई गुरी	३९५
सूर्यकमल	२६७	सिलीगुड़ी टाउन	३९७
काँकी	२७४	सिलीगुडी (जं०)	३९४

स्टेशनका नाम	कि. मि.	स्टेशनका गाम	कि. मि.
पाश्वाश्रय	३९८	गारोपारा	५४०
गुलमा	४०३	राजाभातखावा	५४६
गुल्माखोला	४०७	दमनपुर	५५४
सिवोक	४१५	अलिपुरद्वार (जं०)	५५७
पिलान्सहाट	४२१	सालसलाबारी	५६१
बागरा कोट	४२७	सामुकतलारोड	५७०
उदलाबाड़ी	४३१	कामाख्यागुड़ी	५८०
डासडीम	४३६	जोराई	५८८
न्यूयाल	४४२	श्रीरामपुर आसाम	५९९
चालसा	४५०	गोसाईंगाँव हाल्ट	६०६
अपरामारी	४५९	गुआवाड़ी	६०९
नागरा काटा	४६४	चौतारा	६१७
कैरोन	४७०	फकीरा ग्राम	६२९
चेंगमारी	४७२	कोकड़ा झार	६२९
बानरहाट	४७९	सालाकाठी	६४८
बिन्नागुड़ी	४८८	बासु गाँव	६५५
दलगाँव	४९७	डाङ्गतल	६६३
युजनाई	५०३	न्यू बनागाई गाँव	६६९
मदारीहाट	५१२	बोनगाई गाँव	६७१
हासीमारा	५२२	चपरा काटा	६७५
हैमिल्टनगंज	५३२	बिजनी	६८४
कालचीनी	५३५		

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि.
पातिलदाह	६९४	घोघरापार	७६८
सोर भोग	७०३	रंगिया	७७६
वरपेटा रोड	७११	केन्द्रकना	७८५
गुवागाछा	७१६	बैहाटा	७९१
सोरुपेटा	७२२	चाँगसारी	८०२
पाठशाला	७३२	अगथोरी	८०८
ठीहू	७४२	प्रागज्योतिषपुर	८१९
कैथल कूची	७४९	जालुकबारी	८३१
नलबाड़ी	७६०	गौहाटी (जं.)	८४०

द्वारकाबाट मथुरा, दिल्ली, हरिद्वार भई ॠषिकेश-सम्म जाने लाइनको मुख्य-मुख्य स्टेशनका नाम र किलोमिटर बीरमगाँमसम्म द्वारका जाने लाइनमा हेर्नू। त्यसपछि यसमा मिलाउनू।

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि
बीरम गाँम		बारे जडी	८२
विरोचन नगर	१९	महमदाबाद (कैरारोड)	९४
सावरमती	६०	नडियाद	१११
अहमदाबाद (जं.)	६५	आनन्द (जं०)	१३०

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि. मि
बड़ोदा	१६५	नई दिल्ली	११५७
चाँपानेर रोड	२०३	दिल्ली (जं०)	११६१
गोधरा	२३८	दिल्ली शाहदरा	११६८
पीपलोद	२७१	गाजियाबाद (जं.)	११८१
दोहद	३१२	मेरठ सिटी (जं.)	१२२९
बजरङ्गगढ़	३६०	मेरठ कैन्ट	१२३३
रतलाम	४२६	मुजफ्फर नगर	१२८४
नागदा	४६७	देवबन्द	१३०८
चौमहला	५२९	सहारनपुर (जं.)	१३४२
कुरलासी	५७९	इकवालपुर	१३७१
दारा	६४४	लक्सर (जं.)	१३९६
कोटा (जं.)	६९२	ज्वालापुर	१४२०
कापरेन	७२५	हरिद्वार (जं.)	१४२४
सवाईमाधोपुर (जं.)	८००	रायवाला	१४३६
गंगापुर सिटी	८६३	ऋषिकेश	१४४८
डुमरिया	९३१		
भरतपुर (जं.)	९८२		
मथुरा (जं.)	१०१६		

(यहाँबाट बद्रीनारायण जाने बाटो शुरू हुन्छ)

मथुराबाट वृन्दावन जाने लाइन

स्टेशनका नाम	कि. मि.	स्टेशनका नाम	कि०म०
मथुरा (जं.)		वृन्दावन	१३
मसानी	५	(दर्शनीय स्थल हो)	

जुन रेलगा, जुन क्लासमा, जहाँसम्म, जहाँबाट जानु छ; त्यस रेलको, त्यस क्लासको, त्यहाँसम्मको भाडा त्यहीं सोधी पत्ता लाउनू। अचेल ड्यौढा क्लास छैन।

तल १ किलोमीटरदेखि १५०० किलोमीटरसम्मको साधारण N. E. रेलको थर्ड क्लासको भाडाको तालिका सन् १९६६ को नियम-अनुसार दिइएको छ—(भाडा स्थिर रहन्न)

कि.	भा.	कि.	भा.	कि.	भा.	कि	भाडा
१	० १०	२०	० ५०	३९	१ ९५	५८	१ ४०
२	० १०	२१	० ५५	४०	१ ००	५९	१ ४५
३	० १०	२२	० ५५	४१	१ ००	६०	१ ४५
४	० १०	२३	० ९५	४२	१ ०५	६१	१ ५०
५	० १५	२४	० ६०	४३	१ ०५	६२	१ ५०
६	० १५	२५	० ६०	४४	१ १०	६३	१ ५५
७	० २०	२६	० ६५	४५	१ १०	६४	१ ५५
८	० २०	२७	० ६५	४६	१ १०	६५	१ ५५
९	० २०	२८	० ७०	४७	१ १५	६६	१ ६०
१०	० ३०	२९	० ७०	४८	१ १५	६७	१ ६०
११	० ३०	३०	० ७०	४९	१ २०	६८	१ ६५
१२	० ३५	३१	० ७५	५०	१ २०	६९	१ ६५
१३	० ३५	३२	० ७५	५१	१ २०	७०	१ ७०
१४	० ४०	३३	० ८५	५२	१ २५	७१	१ ७०
१५	० ४०	३४	० ८५	५३	१ २५	७२	१ ७०
१६	० ४०	३५	० ९०	५४	१ ३०	७३	१ ७५
१७	० ४५	३६	० ९०	५५	१ ३०	७४	१ ७५
१८	० ४५	३७	० ९०	५६	१ ४०	७५	१ ८०
१९	० ५०	३८	० ९५	५७	१ ४०	७६	१ ८०

कि.	भा.	कि.	भा.	कि.	भा.	कि.	भा.
७७	१ ८५	११०	२ ६५	२७०	६ ४०	५५०	१२ ५५
७८	१ ८५	११५	२ ७५	२८०	६ ६०	५७५	१३ ०५
७९	१ ८५	१२०	२ ८५	२९०	६ ८०	६००	१३ ५५
८०	१ ९५	१२५	२ ९५	३००	७ ०५	६२५	१४ ०५
८१	१ ९५	१३०	३ १०	३१०	७ ३०	६५०	१४ ५०
८२	२ ००	१३५	३ २५	३२०	७ ५५	६७५	१५ ००
८३	२ ००	१४०	३ ३५	३३०	७ ७५	७००	१५ ५०
८४	२ ०५	१४५	३ ४५	३४०	८ ००	७२५	१६ ००
८५	२ ०५	१५०	३ ६०	३५०	८ २०	७५०	१६ ५०
८६	२ ०५	१५५	३ ७०	३६०	८ ४०	७७५	१७ ००
८७	२ १०	१६०	३ ८०	३७०	८ ६५	८००	१७ ५०
८८	२ १०	१६५	३ ९०	३८०	८ ८५	८२५	१७ ९०
८९	२ १५	१७०	४ ०५	३९०	९ १०	८५०	१८ ३५
९०	२ १५	१७५	४ २०	४००	९ ३०	८७५	१८ ७५
९१	२ २०	१८०	४ ३०	४१०	९ ५०	९००	१९ २०
९२	२ २०	१८५	४ ४०	४२०	९ ७५	९२५	१९ ६०
९३	२ २०	१९०	४ ५०	४३०	९ ९५	९५०	२० ०५
९४	२ २५	१९५	४ ६०	४४०	१० २०	९७५	२० ४५
९५	२ २५	२००	४ ७५	४५०	१० ४०	१०००	२० ९०
९६	२ ३०	२१०	५ ००	४६०	१० ६०	११००	२२ ६०
९७	२ ३०	२२०	५ २५	४७०	१० ८५	१२००	२४ ३०
९८	२ ३५	२३०	५ ४५	४८०	११ ०५	१३००	२६ ००
९९	२ ३५	२४०	५ ७०	४९०	११ ३५	१४००	२७ ७०
१००	२ ३५	२५०	५ ९५	५००	११ ५५	१५००	२९ ४०
१०५	२ ५५	२६०	६ १५	५२५	१२ ०५		

नेपालका केही प्रमुख ठाउँहरूको परिचय

मोरङ

नेपालको तराईमा रहेका जिल्लाहरूमध्ये यो एक प्रमुख जिल्ला हो । उद्योग व्यवसायको दृष्टिले हेर्नें हो भने यो नेपालभरमा ठूलो छ । अघि यो जिल्ला औलोको घर थियो । संवत् १९७१ सालमा प्रधानमन्त्री चन्द्रसमशेरले साहेबगंजको काठमहल र रंगेलीबाट मोरङ गोश्वारा, रंगेली माल, अमिनी, वनजाच, हुलाकअड्डा, मोरङ-अडिटर आफिस, रंगेली अस्पताल, झ्यालखाना आदि अड्डाहरू गोग्राहा (विराटनगर) मा सारेपछि विराट नगरको क्रमशः विकास हुँदै आयो ।

रंगेली जानलाई गोग्राहाबाट ५ कोश जानुपर्दछ । गोग्राहाबाट १ पाउमा सिग्याही खोलो आउँछ, यहाँबाट डेढ कोशमा चेकाहा खोलो पर्दछ यहाँबाट आधा कोशमा भलुवा खोलो पर्दछ । यहाँ-

बाट सवा कोशमा चिंसी खोलो पर्दछ। यहाँबाट तीन पाउमा बक्राहा नदी आउँछ। रंगेलीबाट अड्डाखाना उठेपछि यो ठाउँमा चोर डाकाको बल बढ्यो। त्यसैले त्यहाँका त्यस वेलाका साहू महाजनहरू कोही गोग्राहा र कोही भारत (मुगलान) को फारबेस गंजतिर गई बसे। त्यस वेला मोरङमा ज्यादै औलो लाग्दथ्यो। बाहिरबाट आई बस्नेहरूमा औलो पच्नेचाहिं खेती गरेर मालामाल हुन्थे, औलो नपच्नेचाहिं क्यै दिनमै परमधाम जान्थे। कहावत छ कि "मोरङमा एक रु० को चामल किन्यो र त्यहीं बसी खायो भने बाचुन्जेल खाएर त्यसैले किरिया गर्न समेत पुग्छ" भन्ने। तर अचेल (वि० २०२४ वि०) बस्ती धेरै भएको र जंगल फाँडिई साफ भएकोले र मलेरिया–निवारण अमेरिको कार्य चालू हुनाले औलोको डर छैन। यहाँको जनसंख्यामध्ये सयकडा ४० थारू, ३० राजवंशी, बाँकी ३० मा बाहुन, क्षत्री, नेवार, मारवाडी, बिहारी, बंगाली,

मुसलमान छन् । यसको क्षेत्रफल ८१८ वर्गमील र जनसंख्या ३ लाख ९ हजार छ । गोग्राहा (विराटनगर) जान भारतको जोगबनी स्टेशनमा उत्रनुपर्छ ।

उब्जनी—धरानपट्टि ढुंगा बालुवा मिसिएको ठाउँमा पाखा-बाली मकै, कोदोको खेती हुन्छ । चारकोशे झाडीमा साल, सिसौ र अरू जात-जातका रूखहरू छन् । यस जिल्लामा धेरै धान, सन (पाट), तोरी, उखु, खेसारो, मुसूर र बलौटे ठाउँमा केही गहुँ उब्जन्छ । यस जिल्लाको चारकोशे झाडीमा चाँदमरुवा भन्ने ओखती पाइन्छ। यो मगज बिग्रेकालाई खुवाउँछन् । भारततिर वनौषधिको निकासी हुन्छ ।

उद्योगधन्धा—जोगबनी स्टेशनको नजीक ठूला-ठूला जूट-मिल, कटनमिल, म्याच (दियासलाई) फ्याक्टरी, केमिकल, प्लाइवूड, चीनी बनाउने काम हुन्छ । त्यसमा हजारौं मानिस काम गर्छन् । लेटाङ

तर्फबाट विद्युत्-शक्ति निकाली शहर र मिल-एरियालाई उज्यालो पारेको छ। डिजेल तेलद्वारा चार हजार घोडाको पावर (शक्ति) निकाली कारखाना चलाएको छ। कोशी योजनाबाट बिजुली पाएपछि यो जिल्लामा झन् बढी उद्योग धन्धाको विकास हुनेछ।

धार्मिक स्थान—सप्तकोसी र कोङ्काहा नदीको संगममा वाराह क्षेत्र छ। त्यहाँ श्रीवराह भगवान्को प्रसिद्ध मन्दिर छ। कार्तिक शुक्ल पूर्णिमाभरि मेला लाग्छ। यहाँको जंगलमा रुद्राक्षका रूख धेरै छन्। वाराह क्षेत्रको नगीचै चतरा मठ छ। चतरामा अघि सेनवंशी मकवानपुरे राजा बसेका थिए भन्छन् रामधुनीमा मूढो आफै सरी सरी बल्दछ, कहिल्यै निभ्दैन भन्ने जन-विश्वास छ। धरानको विजयपुर डाँडामा दन्तकाली र पिण्डेश्वर महादेवको स्थान छ। नजीकै बूढा सुब्बा भन्ने ठाउँमा लिम्बूहरू र अरू मतवालीहरू पूजा गर्दछन्। यहाँको बाँसको टुप्पा हुँदैन।

मुख्य बस्ती विराटनगर—

यो एक प्रमुख औद्योगिक शहर हो। भारतको जोगबनी रेल्वे स्टेशनबाट करोब तीन माइल उत्तरमा छ। उहिले यसलाई गोग्राहा भन्थे। वि० १९७३ सालमा श्रीकेशरसंशेर दौडाहा जाँदा यसको नाम "विराटनगर" भन्ने राखेको हो। यहाँ गोश्वारा, माल, जिल्ला अदालत, पूर्वाञ्चल उच्च अदालत, अपील, बैंक, अस्पताल, हाईस्कूल, कलेज, हुलाक, विमान-बिसौना आदि छन्। यो बजार करीब दुई मील लामो छ। यसको नजीकै कैयौं कारखानाहरू छन्। मुख्य सनपाटको बोरा, धोक्रा, कपडा, धागो, चीनी, सलाई, प्लाइवूड आदि तयार हुन्छन्। यहाँबाट यिनै चीज र आलु, सुन्तला, रुद्राक्ष, चिराइतो निकासी हुन्छ।

धरान—विराटनगरबाट १४ कोश उत्तरमा विजयपुर डाँडाको फेदीमा रहेको बजार हो। यसको दुइ भाग छ। पुरानो बजारलाई चन्द्रनगर र नयाँ

बजारलाई जुद्धनगर भन्दछन्। सडक अति फराकिलो छ। ब्रिटिश सरकारको खर्चले विराटनगरदेखि यहाँसम्म पिच सडक बनेको छ। घरहरू सबैजसो काठैकाठले बनेका बरण्डावाला छन्। झ्याल ढोका रंगीचंगी पारेको हुन्छ। नेपालको पूर्वी पहाडबाट मधेश झर्ने मुख्य ढोका यही हो। यहाँ पहाडका मानिसहरू आलु, सुन्तला, जड़ीबूटी, लाहा, अलैंची, तेजपात, कागज बेच्न ल्याउँछन्। शुक्रवार र शनिवार ठूलो हाट लाग्छ। यहाँ हाईस्कूल, गर्ल्स्कूल, कलेज, त्रिभुवन महाविद्यालय, टेलीफोन, हुलाक, अस्पताल, बैंक, बिजुली आदि छन्। यसको पूर्वपट्टि डाँडामा विजयपुर गाउ छ। त्यहीं पिण्डेश्वर महादेव र दन्तकालीको मन्दिर छ। धरानको नजीकै घोपा ब्रिटिश रिक्रूटिंग क्याम्प छ।

रंगेली—बक्राहा नदीको किनारमा रहेको वि० १९७१ सं० भन्दा पहिलेको मोरङको पुरानो बजार हो। यहाँबाट धान, पाट भारतको फार्बेशगंज भै

निकासी हुन्छ। अचेल यहाँ हुलाक, ठाना, छोटी बजार अड्डा छ।

हरैंचा—विराटनगरबाट पूर्व उत्तरमा छ। बिहीबार हाट लाग्छ। यहाँ हात्तीसार, रेञ्जर आफिस, चौकी छ।

चतरा—यो धरानबाट पश्चिममा छ। यहाँ एक मठ छ। हाल यहाँ कोसी ड्याम प्रोजेक्टको आफिस बसेको छ। यहाँबाट २ कोश उत्तरमा बराह क्षेत्र छ।

बाराहक्षेत्र

बाराहक्षेत्र जानलाई सोझो बाटो उही जोगबनी स्टेशनमा उत्री १ कोश पूरा हिंडेपछि गोग्राहा (विराटनगर) बाजार आउँछ। गोग्राहा बजारबाट १२कोशमा चतरागद्दी, चतराबाट २ कोशमा बाराहक्षेत्र पुगिन्छ। सुबिस्तार गोग्राहा बजारबाट २॥ कोशमा बूढी नदी आउँछिन्, त्यहाँबाट ३॥ कोशमा मौजे नरभास आउँछ, मौजे नरभासैबाट ६ कोशमा हिमालयको पादमूल सप्तकोशी नदीका किनाराका चतरागद्दीमा पुगिन्छ।

यहाँ सप्तकोशी नजीकै हुँदा प्रायः कोशीकै पानी खान्छन् । कोशीमा नुहाउँदा नाभिपर्यन्त पानीमा पस्नु हुँदैन, बालुवामा गाडिंदै गएको आफूलाई थाहा हुँदैन, तसर्थ धेरै बेर पानीमा बस्न ठीक छैन । यहाँ मान्साको सामग्री आदि चीजबीजहरू सबै किन्न पाइन्छ । यहाँ बरहीहरू टहलुवा भएका औलिया बाबाको दर्शन हुन्छ, यहाँ जो जात्रू बसे पनि बरही नै टहलुवा हुन्छन् । औलियाजीबाट ८ कोशमा अर्चले आउँछ । अर्चलेबाट पाउभरमा जुगपाखरी आउँछ, त्यहाँबाट तीन पाउमा सिधुरपुच्छा आउँछ, त्यहाँबाट तीन पाउमा वाराहक्षेत्र आउँछ । यहाँबाट ३ कोश उत्तर बनसखण्डी नाथको धुनी छ । यहाँ अनेक साधु रहन्छन् । यो सत्ययुगको धुनो हो भने पनि हुन्छ । वर्षातिर साधुहरूले काँचा शालका मूढा ७।७ दिनमा काटी सत्ययुगी धुनीमा झोंक्दछन्, कहिल्यै पनि निभ्दैन । धुनीमा हालेका मूढा आफै सल्कंदै जान्छन् कसैले सार्नुपर्दैन । भन्न ता यहाँ सेता हात्तीले रातमा मूढा बोकी ल्याई राखी जान्छ

भन्छन् । वरिपरि बाघ लाग्दछ। घोरका जङ्गलभित्र छ, एक्लै-दोकलै जान सकिन्न । वाराहक्षेत्रका यात्रीहरू त्यस धुनीमा केही दाउरा ठुटाठुटी फ्याँकी दर्शन गरी जान्छन् । यो दर्शनीय धुनी हो । चतरागद्दीमा अमला, सुन्तला बेठेगान हुन्छ। कागती, निबुवाहरू पनि बिग्न हुन्छन् । यहाँबाट वाराहक्षेत्र जान धवलागिरिको पूरा आधा कोशको उकालो चढिसकेपछि चूहीमै सूर्यकुण्डमा स्नान गरो आधा कोश उत्री वाराहक्षेत्र पुगिन्छ । चतरागद्दीबाट सप्तकोशीमा नाउ चढी गए वाराहक्षेत्रै पुगिन्छ। यी कोशी नदी हिमालयबाट बग्दै २२५ माइल दक्षिण उपरान्त भागलपुर तल गङ्गाजीमा मिल्दछिन् । वाराहक्षेत्रलाई कोकामुख पनि भन्दछन् । एक साधारण कदको मन्दिरमा मानू चतुर्भुज वाराहजीको मूर्ति छ। वरिपरि परखाल लागेको छ । एक बिघा भूमि जति चारैतरफ समथर छ, उत्तरमा कोवरा नदी बहन्छिन् । यात्रीहरू यहीं स्नान गरी यहींको जल वाराहजीलाई चढाउँछन् । यहाँ कार्तिक पूर्णिमाको दिन भारी मेला हुन्छ ।

पूर्णिमाको ४ दिन यता ४ दिन उता ८ दिनसम्म मेला रहन्छ। यात्रीहरूलाई दुःख नहोस् भन्नाखातिर धनकुटाबाट पल्टनका सिपाहीहरू र मोरङतर्फबाट माल अमिनो आदिका हाकिमहरू पुलिसहरू लिई कमिले ताँती लागी आउँछन्। बजार भारी लाग्दछ। कोशीको र वाराहक्षेत्रको माहात्म्य वाराहपुराणका उत्तरार्द्धको पहिला अध्यायमा; महाभारत (वनपर्वका ८७ अध्याय) मा; वाल्मिकीय रामायणका (बालकाण्ड ३४ सर्ग) मा; मत्स्यपुराणका (१९२ अध्याय) मा; पद्मपुराण (सृष्टिखण्ड ११ अध्याय) मा; आदिब्रह्मपुराण (१०५ अध्याय) मा; कूर्मपुराण (उपरिभाग ३४ अध्याय) मा; नरसिंहपुराणका (३९ अध्याय) मा हेर्नु तुरुन्त पाइन्छ, यहाँ लेख्नो साध्य छैन। हनुमान नगरतिरबाट हिडेर गए पनि हुन ता हुन्छ, तर तकलीफ धेरै हुन्छ।

इनर्वा—यो धरानको पश्चिमपट्टि छ। यहाँ धान, पाट, तोरी धेरै उब्जने हुनाले आबादी र बजार बढ्दो छ। यहाँ थाना, अस्पताल, स्कूल छन्।

झापा—विराट नगरबाट सोझै पूर्व १५ कोशमा छ। पहिले बाटोको अभावले र घोर जंगलले गर्दा त्यहाँ जान बडो कठिन थियो। बाटबाटैमा डाका लाग्थ्यो, खोला धेरै तर्नुपर्थ्यो। तर अब त्यस्तो छैन, बाटा पुल बने, जंगल फाडिई अबादी बढेकोले चोर डाकाको पनि डर छैन। विराट नगरबाट झापा जाँदा रंगेली, रंगेलीबाट झपरतली गाउँ भई ४ कोश हिंडेपछि रतुवानदी आउँदछिन्, रतुवाबाट कृष्णानदी ३ कोशमा आउँछिन्, कृष्णा नदीबाट झापा ३ कोश पर्दछ। आर्को बाटो कटिहार जं० बाट बरसोईको लाईन गई बरसोईबाट ४ स्टेशन पर किसनगंज ष्टेसनमा उत्री १४ कोश झाँपा पर्दछ। यो बाटो जाँदा रेल महशूल धेरै लाग्दछ तापनि खोला धेरै तर्नुपरोइन। पैले यहाँ कचहरीहरू थिए, अब ती भद्रपुर सारिए। यहाँ धान कुट्ने, तेल पेल्ने कलहरू छन्।

यो झापा नेपाल राज्यको एकदम पूर्वपट्टि रहेको जिल्ला हो। अघि यो मोरङ्गभित्रै पर्दथियो।

हाल यसलाई छुट्ट्याइएको छ। यो जिल्लामा धेरै राजवंशीहरू छन्। यसको जनसंख्या ८०२५२ र क्षेत्रफल ७१८ वर्गमील छ।

यसको उत्तर भागमा चारकोशे झाड़ी र दक्षिण पूर्वपट्टि राजगढ हल्दीबारी पर्दछ। भद्रपुरको दक्षिण कलिया गंज आँखोसम्म सालको घना जंगल छ। यहाँ रतुवा, गेउरिया, कृस्नी, खुसखुसे, कनकाई, घाग्रा, देउनी, तिमाई आदि नदीहरू झोरतर्फबाट निस्की दक्षिणतिर बग्दछन्। यहाँको हावापानी अझै पनि खराबै छ। यहाँ बर्खा ८० इञ्चभन्दा बढ़ता पानी पर्छ। मलिलो माटो भएकोले तेलहन, बर्खे, हिउँदे अन्न, सन प्रशस्त उब्जन्छ। यहाँको सनपाटको लुगा प्रसिद्ध छ।

भद्रपुर—यस जिल्लाको यो सदर मुकाम हो। यो निकै उन्नति पथतिर बढ्दै छ। यहाँ धानका मिल, तेल पेल्ने कलहरू, गोश्वारा, माल, अदालत, फरेष्ट डिभिजन, बजार अड्डा, हाई स्कूल आदि छन्। यहाँ अन्तर-

राष्ट्रिय विमान बिसौना बन्दै छ। यहाँबाट चामल, धान, पिना, तोरी, सन आदि निकासी हुन्छ।

झापा जिल्लाका अरू मुख्य बस्तीहरूमा—कीचकबध, शिलमिलिया, शनिश्चरे, धुलाबाड़ी, अनारमनी, आठमौजाहरू उल्लेखनीय र दर्शनीय छन् ॥

धुलाबाडी—धुलाबाडीमा जानलाई कटिहार जङ्क्शन, बरसोई जङ्क्शन, सिलीगुरी जङ्क्शन भै जानुपर्दछ। सिलीगुरी जङ्क्शनबाट नक्सालबाडी बजार ९ कोश, त्यहाँबाट धुलाबाडी ३ कोश पर्दछ। धुलाबाडीमा बजारअड्डा, पुलिसका चौकी ठानासमेत २ अड्डा छन्। बजार बढ्दै गएको छ। मोरङका ४ बजारमध्येमाको १ बजार हो। यहाँको पानी जस्तो खराब पानी काहीं छैन। नालको पानी जस्तो रङ्ग छ। १ गिलास पानीमा १ मासा तेल पका छ भनेजस्तो देखिन्छ। एक किसिमको कालापानी भने हुन्छ। जसलाई चाडै नै यमराजको शहर हेर्नको मन छ उसले धुलाबाडीमा उनाउ

गई ११२ वर्ष बस्नु। झाँपाबाट गएका पत्तमा झाँपाबाट चकचको २ कोश, चकचकीबाट कञ्चनपुर २ कोश, कञ्चनपुरबाट धुलाबाडो ५ कोश, धुलाबाडीबाट इलाम गौंडा १२ कोश, धुलाबाडीबाट मेची सिमाना २ कोश पर्दछ।

इलाम—भारतको घना नेपालीहरूको बस्ती भएको दार्जीलिंगको नजीक रहेको करीब चारकुने परेको यो नेपालको सुदूर पूर्वको एक इलाका हो। यसको क्षेत्रफल ५३० वर्गमील र जनसंख्या १ लाख १५ हजार छ।

४२०० फीटमाथि डाँडाको थली परेको ठाउँमा रहेको छ। यो जिल्लाको सदर मुकाम हो। यहाँ गौंडा, माल, अदालत, अस्पताल, हाईस्कूल आदि छन्। नजीकै चिया बगान र फ्याक्टरी छन्। यो चियाबगानको बीचमा चियाको कारखाना, हाइस्कूलको छात्रावास र एक ठूलो पब्लिक हल बनेको छ। इलामको खुकुरी

अति प्रसिद्ध छ । माईखोलामा माघे संक्रान्तिको दिन मेला लाग्छ र पाखी, चट्टी, गलचा, झंडी बिक्री हुन्छ। दार्जिलिंगदेखि यहाँसम्म मोटर चल्छ । गोर्खे, फिक्कल, नामसालिंग, पशुपतिनगर, कफोंक, माइपार, पुवापार, फाकफाक, दशमझिया, सञ्चरे आदि इलामका अरू बस्ती हुन् ।

इलाम जानलाई दार्जिलिंगभन्दा वल्ला घूम भन्ने स्टेशनमा उत्री २कोश हिंडेपछि सुखिया बजार आउँछ। त्यहाँबाट २ कोश हिंडेपछि गोरखा सदरको माने-भन्ज्याङ चौकी आउछ, त्यस चौकीबाट ७ कोश गए-पछि इलाम आउँछ, यहाँ ज्यादा जाडो (ठण्डा) धेरै पनि छैन गर्मी पनि छैन, औलो लागदैन, कुइरो ज्यादा लाग्षी पानी परिरहन्छ, हिउँ पर्दैन । यहाँदेखि उत्तर तुंलीङ भन्ने ठाउँदेखि हिउँ पर्दछ । यस इलामलाई पूर्व-तिर (पट्टि) बाट माइखोलाले फेरि पश्चिमतिरबाट पुवारखोलाले बेह्रेको हुँदा टापू जस्तो पर्न गएको छ, परेको पानी रहन पाउँदैन । खोलामा पुगिजान्छ,

यहाँ माईको थान र नारायणको मंदिर, सानू बाजार पनि छ। यहाँ बाट १ कोश दक्खिन (कर्णेल हर्कजङ् साहेब) को बघैंचा छ। यहाँ औलो लाग्दछ, इलामबाट ३ कोश उत्तर सोक्तिमा चीयाकमान भन्ने चीयाबारी छ, चीया बनाउने कल समेत छ। यहाँ म्यानेजर रहन्छन्। ईलामका खुकुरीको बडो बयान छ। अझ खुकुरीभन्दा खुकुरीका बिंडको अनर्थ बयान छ। ईलामदेखि केही पर पूर्व र उत्तरका कुनानेर माईखोलामा माघेसंक्रान्तिमा ठूलो मेला लाग्छ। काम्ला, पाखी, राडी, चट्टी, गलैचा, अंडो (मुलायम) खासा खादी भोटे घोडा, बडवान आदि बिक्र आउँछन्। यतातिर मकैका चामलको भात खान्छन्। ईलामबाट धुलाबाडी १२ कोश पर्दछ। पूर्व मेची २ कोश पर्दछ। यताबाट दार्जलिङ ११ कोश छ तापनि पाहाडको बाटो हुँदा २ दिनमा पुगिन्छ।

* * *

सप्तरी

यो नेपालको ज्यादै उब्जनी हुने जिल्ला हो। यसको क्षेत्र-फल ९१२ वर्गमील र जनसंख्या ४ लाख ३२ हजार छ।

हनुमाननगर—अघि यो सप्तरीको सदर मुकाम थियो। हाल कोशीको बाढीले गर्दा सदर मुकाम राजबिराजमा सारिएको छ। राजविराज—हनुमान नगरबाट—चार कोश उत्तर-पश्चिममा छ। यहाँ गोश्वारा, सप्तरी जिल्ला अदालत, अपील, बजार-अड्डा, हुलाक, अस्पताल, फरेष्ट आफिस, स्कूल, कलेज आदि छन्। धान, सुन्तला, आलु, घिउ, तेजपात आदि भारततर्फ निकासी हुन्छ। राजबिराजको मातहतमा कोईलाडी, सखुवनी, बरसभ्भिया, तिलासी, फत्तेपुर, बैरवा आदि पर्छन्।

छपकी—हनुमाननगरबाट ३ कोश पर छ। यहाँ पौष पूर्णिमाको दिन कोसीधाम मेला लाग्छ। सो मेला २० दिन-सम्म रहन्छ। यहाँको बजार-अड्डामा निकै आम्दानी हुन्छ। यो अघि पोखरेलहरूको बिर्ता छँदा बडो उच्चकोटिको रहन-सहनवाला थियो। यहाँका बगैचामा हरेक किसिमका फल-फूल पाइन्थे।

सिरहा–हनुमाननगरबाट १८ कोश पश्चिममा पर्छ। भारतको जयनगर स्टेशनबाट अढाई कोश उत्तर पर्छ। यहाँ माल, जिल्ला अदालत, हाईस्कूल, टेलीफोन, एक्सचेञ्ज हुलाक आफिस छन्। चन्द्रगञ्ज, लाहानबजार सिरहा-मातहतका मुख्य बस्ती हुन्।

सिराहाबाट जलेश्वर १० कोश, जलेश्वरबाट कटहरवन १८ कोश, कटहरवनबाट वीरगञ्ज १४ कोश, वीरगञ्जबाट हनुमानढोका ३१ कोश, हनुमान ढोकाबाट हनुमाननगर ९२ कोश अघिको (वि० २,००० सालभन्दा पहिलेको) बाटोको हिसाबले पर्दछ ।

सिरहा मालका पश्चिमतिरका कुवाको पानी मीठो छ, सिराहाबाट उत्तर उदयपुर गढी १८ कोश, सिधुली गढी २० कोश पर्दछ । सिराहाबाट भलवाई १॥ कोश छ । भलवाईबाट सारसोर पाउभर पर्दछ । यहाँ सारस्वरनाथ छन् । यो मौजा गूठी हो । अघि यहाँका महन्त रामगिरि स्वामीका पालामा जफत भै सरकारबाट तहसील हुन्छ । ६०० अन्दाजी रुपियाँ पाई पूजा चलाउँछन् । अहिले पनि पूजाहारी गिरिहरूनै छन् । यस सारसोरमा मोटा कपड़ा किनुपर्‍यो भने आइतवार बुधवार (हाट) बजार लाग्दा किन्न पाइन्छ । यहाँका बघैचाका तलाउदेखि उत्तरका कुवाको पानी मीठो छ । पदमपुर अघि बाहुनको बीरता हो । अहिले सरकारी रैकर छ । गुदीगाल, मिर्चैया, ओरी, बरियारपट्टी, झारपट्टी सिरहाका आसपासमा पर्दछन् । सिराहाबाट १ कोश पश्चिममा कमला नदी छन् । कमलाका हावा पानीले यो ठाउँ स्वास्थ्यकर छ । सिराहामा शनिश्चरवार र मंगलवार हाट (बजार) लाग्दछ, सिराहाबाट ईशानतिर गोविन्दपुर, भगवानपुर भन्ने गाउँ छ । सिधुलीगढी, उदयपुर, सारसोर, भलवाही र सिराहातिरका मानिसहरू काशी जाँदा जयनगर

स्टेशनबाट बनारस सिटीको टिकट ली मधुवनी, सकरी जङ्कशन, दरभङ्गा जङ्कशन, समस्तीपुर जङ्कशन, मुजफ्फरपुर जङ्कशन, सोनपुर जङ्कशन, छपरा जङ्कशनमा भै बलिया हुंदै काशी जान्छन् ।

महोत्तरी

मदेश–तराईका जिल्लाहरूमध्ये यो एक प्रमुख जिल्ला हो। यसको क्षेत्रफल ८१९ वर्गमील र जनसंख्या ४ लाख ३३ हजार छ।

सिमाना—उत्तर–सिंधुली; पूर्व–उदयपुर गढी, कमला नदी र सप्तरी; दक्षिण–भारतको दरभङ्गा र मुजफ्फरपुर जिल्ला; पश्चिम–मघानदी, सर्लाही छ।

प्राकृतिक स्वरूप—उत्तर सिमानामा कमलानदी; पूर्व दक्षिण हानिई उदयपुर गढीबाट बगी आएको तावा खोलासँग त्रिवेणी घाटमा कमला खोंचनेर चिसापानी भन्ने ठाउँमा मिसिई दक्षिणतर्फ जिल्लाको पूर्व साँध भई बगेको छ। उत्तर चूरेको भोरतर्फबाट बेलाउनी, अमरी, कोह, हर्दोनाथ, जलाधर, घागर, बिगही, रातू, जङ्गी, जमुनी र मघा आदि नदीहरू दक्षिण हानिई बगेका छन्। उत्तर भेकमा चारकोशे झाडी नामको प्रसिद्ध निपाने घना जङ्गल थियो, अब अबाद हुंदै गएको छ। आवादी बढ्दै गएकोले निपानेपन पनि कमी हुंदै गएको छ।

यस जिल्लामा साउन, भदौमा ४०" देखि ६०" सम्म पानी

पर्छ। यहाँ मलिलो माटो, खेतीलाई पुग्ने प्रशस्त पानी र तापक्रम ठिकको भएकोले यस जिल्लाका खेतमा प्रशस्त अन्न उब्जन्छ। गहुँ, जौ, उखु, मकै, सुर्ती, चना, केराउ, आलु, तेलहन यहाँका मुख्य उब्जनी हुन्। यस जिल्लामा प्रशस्त सुर्ती उब्जने भएकोले नै जनकपुर धाममा चुरोट कारखाना स्थापित भएको हो।

जनकपुर धाम—यो महोत्तरी जिल्लामा रहेको एक प्रमुख स्थान हो। यहीं श्रीरामचन्द्रजीले शिवजीको धनुष भाँची सीताजीसँग बिहे गरेका थिए। यहाँ श्रीराम र जानकीका दुइ अति राम्रा मन्दिर छन्। यहाँ धनुसागर र गङ्गासागर नाउँका दुइ तीर्थ तलाऊ छन्। अरू पनि धेरै कुण्डहरू छन्। यो धनुषा विकास जिल्लामा परेकोले यहाँ माल, अमिनी, बैङ्क, कालेज, अस्पताल, टेलीफोन, विमान-त्रिसौना र अरू पनि लघु उद्योगका कारखानाहरू छन्। धनुसागरको दक्षिणपट्टि विशाल बि. डी. धर्मशाला छ।

यहाँ सालाना २ अरब खिल्ली चुरोट बनाउने कारखाना पनि छ। धान कुट्ने, तेल पेल्ने, पीठो पीध्ने कारखानाहरू पनि छन्। भारतको जयनगरदेखि जनकपुरसम्म 'जनकपुर जयनगर रेल्वे' पनि छ। रेल्वेको हेड आफिस खजुरी महुवामा छ।

यहाँको जानकीजीको मन्दिर टीकमगढ़की रानीले लाखौं रु० खर्च गरी बनाएकी हुन्। जनकपुरमा चैत्र शुक्ल रामनवमीमा र मार्ग शुक्ल पञ्चमीमा ठूला ठूला मेला लाग्छन्। यसै पञ्चमीमा

रामले सीतालाई विहे गरेकोले यो मेला विवाह-पञ्चमीको मेलाको नामले प्रसिद्ध छ। जनकपुरको बिहार-कुण्डमा र यहाँबाट चार कोश दक्षिणपट्टि मटिहानी भन्ने ठाउँमा अचार्यसम्म पढाइ हुने संस्कृत महाविद्यालयहरू छन्। यी दुवै विद्यालयहरू त्यस त्यस ठाउँका मठद्वारा संचालित छन्। जनकपुरमा ५४ विद्यार्थीलाई र मटिहानीमा १०८ विद्यार्थीलाई खवाउने छात्रवृत्ति र आवासको प्रबन्ध छ।

यसै जिल्लामा पर्ने धनुषामा रामचन्द्रले जनकपुरमा भाँचेर फ्याँकेको धनुषको मन्दिर छ। यहाँ माघ महीनाभरि मेला लाग्दछ। झपौलमा हात्तीसार र भमरपुरामा फरेष्ट (काठमहल) अफिस छ। हाईस्कूल र ससाना स्कूल धेरै ठाउँ छन्। सबेला, रघुनाथपुर, खजुरी, चिसापानी, गोशाला, ठेरा, महेन्द्रनगर यहाँका मुख्य बस्ती हुन्।

जलेश्वर—जनकपुरबाट चार कोश दक्षिण, मटीहानीबाट एक कोश पश्चिम छ। यहाँ जलेश्वर महादेवको मन्दिर छ। यहाँ गोश्वारा, माल, जिल्ला, अदालत, टेलीफोन, ब्यारेक, तेजारथ, अस्पताल, बजार अड्डा आदि अफिस छन्। यहाँ लुगा धुने सोडा पनि बनाइन्छ। यसको नजीकै परकौलीमा मेलेटरी ब्यारेक छ। यहाँ पाठशाला, स्कूल, वाचनालय आदि पनि छन्। यहाँको बजार र बस्ती राम्रो छ। यहाँका अदालतका मातहतमा पर्ने मुख्य बस्ती—रतवाडा, मनराकट्टी, बलुवा, सरपलुवा आदि हुन्।

जलेश्वरबाट उत्तर ३ कोश भमरपुरा छ, भमरपुरदेखि पश्चिम विरजा नदी छन्, यिनलाई कृष्णजीकी रानी हुन् भनी भन्दछन्। जनकपुरको

पंचकोशीको साँध हो। यहाँबाट पूर्व २ कोश जनकपुर पर्दछ। जनकपुररोड (पुपुरी) बाट ठेरा १० कोश ठेराबाट रतवाडा १ कोश रतवाडाबाट अन्दाजी २॥ कोश मनहरा, मनहराबाट सरपल्लो १ कोश, साँढा-जाख भन्ने गाउँ पनि छ। मनहराबाट शुडशहर ४ कोश, शुडशहरबाट जनकपुर रोड ६ कोश पर्दछ। यस तरफका गाउँका मानिसहरू काशी जाँदा सुरसण्डबाट मुजफ्फरपुरसम्म मोटरमा आई अनि मुजफ्फरपुरबाट रेलमा चढी सोनपुर जङ्क्शन, छपरा जङ्क्शनबाट बलिया हुँदै बनारस सिटी जान्छन्। जलेश्वरको ठेकाना :—नेपाल तराई जलेश्वर पो० आ० सुरसन्ड, जिला मुजफ्फरपुर भनी लेख्नू।

सरलाही

उत्तर—सिंधुली गढ़ी; पूर्व—महोत्तरी; दक्षिण भारतको मुजफ्फरपुर जिल्ला र पश्चिम वागमती नदी सिमाना भएको; क्षेत्रफल ५७५ वर्गमील र जनसंख्या १ लाख ६६ हजार रहेको यस सरलाही जिल्लाको उत्तरी भाग पहाडी र दक्षिणी भाग मैदान परेको छ। यसमा मधा, बाकी, ठकुरी, नीम, लखन्दा, मनुसमारा र वागमती नदी उत्तरबाट दक्षिणतर्फ बगेका छन्। यहाँको हावापानी ठीकैको छ। यहाँ पनि महोत्तरीमा जस्तै उब्जा बाली हुन्छ।

यस जिल्लाको मुख्य बस्ती मलंगवा हो। यहाँ माल, अदालत, टेलीफोन, तेजारथ, अस्पताल, स्कूल, पाठशाला, बजार आदि छन्।

यस जेल्लाको बीच भागमा झीम नदीको किनारमा हरपुर गाउँ छ। यहाँ हात्तीसार छ।

संग्रामपुर र वसन्तपुरको बीचमा हरिपुर्वा बजार छ। यहाँ त्रिचन्द्र आयुर्वेदिक औषधालय छ। यहाँको वीर्ताबजार नामी छ।

रौतहट

यो बारा जिल्लादेखि पूर्वपट्टि छ। भारतपट्टिको रेल र बाटोघाटोको सुबिस्ताले गर्दा हाल यो वीरगंज गोश्वाराको मातहतमा रहेको छ। यो आकारमा चतुष्कोण जस्तो छ। यसमा ८ प्रगन्ना र ३६० मौजाहरू छन्। यसको क्षेत्रफल ४१६ वर्गमील र जनसंख्या २ लाख १५ हजार छ। यसको सिमाना उत्तर—मकवानपुर गढ़ी; पूर्व—बागमती र सरलाही; दक्षिण—भारतका बिहार, मोतिहारी र मुजफ्फरपुर जिल्ला; पश्चिम—बारा जिल्ला हो।

यसको उत्तर भागमा चूरे पहाड र चारकोशे झाडी छ, बाँकी जग्गा सबै मैदान परेको छ। उत्तर भोरबाट धनसार खोला, दक्षिणतर्फ बगी सिम्री गाउँनेर बके खोलासँग मिसिई बारा र रौतहटको बीचबाट बगेको छ। तल्लो भागमा टिकुलियाकटीदेखि लामखोला बगी आएको छ। बर्गदवादेखि दक्षिण यसलाई झै नदी भन्दछन्। यो बागमतीसँग मिलेको छ। चाँदी खोला पनि उत्तरतर्फबाट बगी बरियारपुरको दक्षिणतिर बागमतीसँग मिलेको छ। यस जिल्लाको माटो मलिलो र मुलायम छ। वर्षा असार, साउन

भदौमा ५४" पर्छ। यस जिल्लाको ज़मीनमा जुद्ध नहरद्वारा पानी पटनी गरी धान, गहुँ, मकै, तोरी, सखरखण्ड, खेसारी, मसूर, बदाम, फापर, सस्यूं, आलस, रहर, धनियाँ, जौ आदि उब्जाइन्छ। जंगलमा साल, सिसौ, सिमलका रूख र बाबियो निकै हुन्छ। यहाँको लिची प्रख्यात छ। केरा र परवर पनि निकै हुन्छ।

गौर—सरलाही जिल्लाको मुख्य बस्ती हो। यहाँ माल, अदालत, अपील, बजारअड्डा, टेलीफोन, अस्पताल, हाईस्कूल छन्।

हजमनिया—यहाँ श्री ३ चन्द्रसमसेरले बनाएको दर्शनीय हवेली छ।

कटरबन—अघि अड्डाहरू यहीं थिए। यहाँको हावापानी बहुतै बढिया छ। काबूलका अनार सेवहरूले कटहरवनका दारीम नासपातीलाई जित्न शक्तैनन्। आँपहरू बढियाँ हुन्छन्। कटहरको ता वनै छ। लिचीको १ दाना मात्र मुखमा पर्‍यो भने शिर हल्लाई हल्लाई तारीफ गर्नु पर्दछ। यहाँको पानी पहिला छ। यहाँ मुख्य वाग्मती गंगा हुँदा धर्म कर्म गर्न मर्न पनि बढिया छ। मुगलानपट्टि बरगनिया बजार ठूलो छ। यतापट्टि मालभन्दा १ कोश पर गौरबजार ठूलो छ। यस गौंडाको मालिक भै आउनु पनि अहोभाग्य छ। यहाँदेखि १ कोश उत्तरतिर काठमाहाल छ। यहाँका इनार (कूवा) को पानी अत्यन्त मिठो अमृत बराबर छ।

यहाँका अन्य बस्ती—बैरिया, छतौनी, पर्सा, समनपुर मोल्सेरी

आदि हुन् । यताका मान्छे काशी, कलकत्ता जाँदा ढँग स्टेशनमा गै रेल चढ्छन् ।

बारा र पर्सा

नेपाल सदरको दक्षिण पश्चिममा रहेको तराईको यो प्रमुख जिल्ला हो । यसको आकृति चारपाटे परी प० उ० र द० पू० पट्टि केही तानिएको जस्तो छ । सदर नेपाल (कान्तिपुर) बाट भारततर्फ आवत-जावत गर्ने मुख्य चल्ती-फिर्तीको बाटो यही जिल्लामा पर्दछ । यसको जनसंख्या लगभग सात लाख, सन्ताउन्न हजार, सात सय र क्षेत्रफल ९०८ वर्गमील छ । यस जिल्लाको उत्तर—कान्द्राङ गढी, मकवानपुर जिल्ला; पूर्व—रौतहट; दक्षिण—चम्पारण (भारतको); पश्चिम चम्पारन र चितवन जिल्ला पर्दछ । बारा र पर्सालाई सिर्सिया नदीले छुट्ट्याएको छ ।

पर्सापट्टि दोहराम, बखरिया, सिक्ता, तिलाउ; पर्सा र बाराको बीचमा सिर्सिया; बारापट्टि—बंगरी, परसा, शक्ति तियार, जमुनी, अनरुवा, बचेक आदि नदीहरू चूरेका झोरबाट निस्की उत्तर दक्षिण बगेका छन् । चूरे यो जिल्लाको उत्तरपट्टि चारकोशे झाडीको बाद पर्छ । यस जिल्लामा असार, साउन, भदौमा निकै पानी पर्छ ।

झोरिलो जग्गामा गर्मी र पानी धेरै पर्ने हुनाले उत्तरको भागमा किसिम-किसिमका रूखका जंगल छन् । दक्षिणी भागमा मलिलो माटो र वर्षामा पानी पनि प्रशस्त पर्ने हुनाले धान, गहुँ, चना, तिल, उखु अधिक र अरू बाली समान्य उब्जाइन्छ ।

वि० सं० १९८३ साल फागुन ५ गते चन्द्र संसेरले खोलेको अमलेख गंजदेखि रक्सौलसम्मको ३० मील लामो रेल्वे यसै जिल्लामा पर्दछ ।

बीरगंज—बारा जिल्लामा पर्दछ । यो बारा पर्सा दुवै जिल्लाको सदर मुकाम हो । यहाँ बडाहाकिम रहन्छन् । यहाँ गोश्वारा, माल, बीरगंज जिल्ला अदालत, बजार अड्डा, काठमहाल, टेलीफोन, अस्पताल, हाईस्कूल, गर्ल-स्कूल, कलेज रहेका छन् । नेपाल गभर्नमेन्ट रेल्वेको हेड क्वाटर यहीं पर्छ । नेपालबाट वीरगंज, वीरगंजबाट हजमनिया हुँदै टेलीफोन लाइन पूर्वतिर गएको छ । वीरगंजबाट एक कोश दक्षिण भारतमा N. E. रेलवेको जङ्क्शन छ । यहीबाट बीरगंज, अमलेखगंज, हेटौंडा, भैंसे, थानकोट हुँदै ८० मील लामो त्रिभुवन राजपथ कान्तिपुर (काठमाण्डू) पुगेको छ । वीरगंजमा बनेको फलामे ताप्के देशभर प्रसिद्ध छ । यहाँ हाल सलाई, चुरोट, धागो कात्ने कारखानाहरू खुलेका छन् । नेपालको भारत र समुद्र पारसँग हुने व्यापार यही बाटोद्वारा हुन्छ । नेपालको सबैभन्दा ठूलो चीनी कारखाना यहीं छ । वीरगंजलाई नेपालको ढोका भने हुन्छ ।

अमलेखगंज—यो बारा जिल्लामा पर्दछ । श्री ३ चन्द्रसमशेरबाट १९८२ वि. सं. मा करियाहरू अमलेख भएका उपलक्ष्यमा रहेको हो । अघि यसलाई भिछाखोरी भन्दथे । यसको नजीकै सिमरामा 'विमान-बिसौना' छ ।

कलैया—पूर्वपट्टिको एक बस्ती हो। यहाँ एक बजार पनि छ। यहाँ अदालत, माल, हुलाक, गोपाल बाल ब्रह्मचारीले १९९६ वि. सं. मा स्थापना गरेको सिद्धेश्वर संस्कृत विद्यालय र सिद्धेश्वर महादेवको मन्दिर छ। यहाँको बजार र बस्ती बड़ो राम्रो छ। आधार स्कूल गाभिएको एक हाइस्कूल छ। धान कुट्ने र तेल पेल्ने मिलहरू छन्। वि. सं. १९९७ सालमा पं० नीलहरि ढकालले अत्यन्त लोकप्रिय 'छोरीलाई अर्ती' १५६ श्लोकमा यहीं बसेर लेखेका हुन्।

पर्सा जिल्लाको उत्तर बीच भागमा रामभेरी छ, यहाँ हात्तीसार छ।

हनुमानगंज, परसौनी, बरेवा, अलौ, महादेवपटी यहाँका मुख्य बस्ती हुन्।

पाल्ही माझखण्ड

(बुटौल र पाल्ही)

उत्तर—पाल्पा जिल्ला; पूर्व—नारायणी नदी; दक्षिण—उत्तर प्रदेशको गौंडा र बस्ती जिल्ला; पश्चिम खजहनी।

पाल्ही जिल्लाको उत्तर भाग पहाड़ी र झोर परेको छ। माझखण्डपट्टि चाहिं सबै समथर जग्गा छ। करीब सबै जग्गा मलिलो माटोवाला उब्जाउ छ। तिनाउ नदी र यसको भँगालो फाटी

गएकोले धेरैजसो माझखण्डको जग्गा सिंचिएको छ। परासीपट्टि पनि उत्तर चुरे पहाड़तर्फबाट र पहाड़का स्रोतहरूबाट झरुवा, रोहिनी आदि निकै नदी नाला बगी जमीन सिंचेका छन्। यसैले यहाँ प्रशस्त धान, गहुँ, मकै, तोरी आदि सबै किसिमका अन्न, तेलहरू उब्जन्छन्।

यस जिल्लाको मुख्य बस्ती भैरहवा हो। यसलाई पहिले बेथरी भन्दथे। यो यस जिल्लाको सदर मुकाम हो। यहाँ गोश्वारा, माल, अमिनी, ठाना, अस्पताल, हुलाक आदि छन्। पाल्पा यही बाटो भई जानुपर्छ। यसको स्थिति वीरगंजको जस्तै छ।

बुटौल—यो यस जिल्लाको मुख्य बजार हो। यो पहाड़को फेदीमा तिनाउ खोलाको किनारामा बसेको छ। पाल्पातर्फबाट घीउ आदि लिएर आउने सबै पहाडियाहरू यहीं झर्छन्। यहाँबाट आफूलाई चाहिने जिनिस लिएर जान्छन्। बुटौलको घीउ भारतमा ख्यातिप्राप्त छ। यसको स्थिति पूर्वको धरानको जस्तै छ।

परासी—यो पाल्ही जिल्लाको सदरमुकाम र बजार हो। यहाँ माल, अमिनी, बजारअड्डा, अस्पताल, ठाना, हुलाक छन्।

शिखरनाथ आफ्नू समयको कुरो लेख्छन्—पाल्ही परासी जानलाई रक्सौल ष्टेसनबाट बघाहाघाट स्टेसनको टिकट ली नरकटियागंजमा रेल बदली बगाहा घाटमा उतार्दछ, तहाँबाट नाउ चढी पारी छितौनी घाटमा उतार्दछ, तहाँबाट टिकट ली शिशुवा बजारमा उत्री असल ठाउँमा बसी दिशा स्नान भोजनादि गरी जाने बन्दो-

बस्त गर्नुपर्दछ। यहाँ सवारीको दुःख छ, मौकाले मात्र टट्टू बयल गाडाको सवारी मिल्दछ। शिशुवा बजारबाट ६ कोशमा निचलौर ठाना आउँछ। तहाँबाट ३ कोशमा पोष्ट आफिस ठुटीवारी (ठाना) समेत आउँछ, तहाँबाट आधा पाउ खोला पारि अमानीगंज नेपाली चौकी आउँछ। तहाँबाट ३ कोशमा पाल्ही परासी माल आउँछ। मालमा सुब्बा १, मुखिया १, नायव मुखिया १, नौसिन्दा २, सुबेदार १, तहबिलदार १, हवलदार १, जमदार १, सिपाही ३७, बन्दूक २० नाल रहन्छ। तौल्ने सेर मन आदि ढकहरू र जग्गा नाप्ने जंजीर ९ हातेसमेत तयार रहन्छन्। धर्म-भकारीमा धान अन्दाजी २६ हजार मन रहन्छ। चरा, मुसाका निंति मिनाहा सय मनको ५ मन मिल्दछ अरू नोक्सानी परेको हाकीम (सुब्बा) साहेवले बुझाउनुपर्दछ। सुब्बालाई भय हुने भकारी नै छ, हाकीमलाई भनी ल्याएका सरसलामी, दै-दस्तूर दियाकोमा लालचा गर्‍यो भन्या ५ मिनेट सिबाय सुब्बाङ्गी चलाउन पाउँदैनन्। अड्डामा आई बहाली गरेका ७ दिन भित्रमा ३ पुस्ते खानगी समेत खोली मदेश बन्दोबस्त मार्फत जाहेर गरी कीताबखानामा दर्ता भई आया पछि खानकी खान पाउँछन्। हाकीमदेखि सुबेदार कारिन्दासंमको हुलिया (चिह्न) र दरजा नाम पुस्ता समेतको किताब बनाई गोश्वारा मार्फत जाहेर गरनू परदछ। बकौता रहे हाकीमले बुझाउनू परदछ, हाकीमले मानीस भर्ती गरदा तहरीरलाई नातेदार भरना गरनू र अरूमा आफना कमारा आदि समेत भरना गरन पाउँदैनन्।

आमदानी खर्चको १५ दिनको १५ रोज १८ गतेका दिन हुलाकमा बुझाई भरपाई लिनू परदछ। २ हजार देखी बढी महजुदात राखे हजारका १ रू० का दरले १५ रोजा मियादमा दाखील नगरे कंरू १५ र महीना दिनको आमदानी खर्चको मास्केबाट गोश्वारा आमदानी खर्च आर्का महिनाका ३ गतेमा हुलाकमा नबुझाया कंरू ५ ले जरिबाना हुन्छ १० दिनको १० रोजा ११ गतेका दिन हुलाकमा दाखील गरनू परदछ, आयाका रकम-रकमका आमदानीको तहवीलदारले लम्बरैसित लम्बर उठाई चलानी र रकमका रुपिआको लम्बरैसित आम्दानी चढाई श्रेस्तामा दिनु परदछ। मालका सीपाहीहरूले कालै फेटा कालै दौरा सुरुवाल लाउनू परदछ नोट साटी नेपाल चलान गरनू परने कायदा ५ हजारको १ तोडा हुन्छ, १ तोडामा १ मन २३ सेर हुन्छ, पाल्हीबाट परासी २ कोश पर्दछ। माल हुलाकअड्डा अमिनी वनजाँच आदि कचहरी छन्, परासीबाट ८ कोश पूर्व त्रिबेनीद्वार काठमहाल छ सो त्रिवेणीमा माघे औंसीका दिन भारी मेला लाग्दछ; त्यहाँदेखि पारि सुनानदी पचनानदी त्रिबेनीमा मिलेकी छन्। पचनानदी पूर्व मुगलानमा बाहमासे जुवा खेल्छन्। तहाँदेखि केही पश्चिम सुनानदी पारि वीरगंज अमिनीको चौकी छ त्यहाँबाट १ कोश पूर्व उत्तरका कुनामा जटाशङ्करको मंदिर छ पचनानदीदेखि पर २१ खंपाटको ठुलो नारायणीको नहर रामनगरतिर गएको छ त्रिवेनी वारि काठमहालद्वारदेखि केही माथि पहाडमा वालपुरीको अखण्ड धुनी छ। तहाँ वरिपरिको जङ्गल निज बालपुरीलाई सोही धुनी बापत

माफी छ । तेस जङ्गलको लकडी कसैले काट्यो भन्या सोही धुनीका महन्तले रुखैपिच्छे १० रु० का दरले सजाय गरी ५ रू० अमिनीमा बुझाई ५ रु० धुनीमा जान्छ, परासीबाट ८ कोश पश्चिम बेथरीमा बडा हाकिम रहन्छन् बेथरीलाई पाल्ही माझखण्ड गोश्वारा भदन्छन् । पाल्ही परासीका कचहरीहरू बेथरीमा जाने भयाको छ, परासीबाट १२ कोश परको भगवानपुर ठाना परासीमा आउने भयाको छ भदन्छन् पाल्ही मालका ११ दप्फा भित्रको मध्ये पहाड पारि नारायणी-वारि ७ कोशको नवलपुर भन्ने दप्फा छ तहाँ गैंडाहरूको घरै हुँदा गैंडाको मुख्य सिकार यहीं हुन्छ, नारयणी घोसराघाट पारि चितउँन ईलाका परदछ, घोसरघाट दाहिने तिर ढाङरीगाउँ आउँदछ, यहाँ ढाङरीहरू मात्र छन् यताबाट नारायणीका किनारै–किनारा १ कोशमा (देवघाट) आउँदछ यहाँ माघेसंक्रान्तिमा भारी मेला लाग्दछ, चारैखूटका रुद्रपुर गढीदेखिका मानिस जमा ५०।६० हजार हुन्छन् कालीको र त्रिशूलीको दोभानमा स्नान हुन्छ, स्नानको माहात्म्य ठुलो छ यहाँ सुन्तला कमला, काम्ला, कागज, फलामे भाँडा, भाङ्रा धोक्रा आदि बिक्री हुन्छन् । भट्टी धेरै हुन्छन् । नाच पनि हुन्छ माघका ४।५ दिन अघिदेखि माघभर दोकान रहन्छन् । कालीका र त्रिशूलीका संगमनेर सूर्यकुण्ड छ यहाँ स्नानको पुण्य छ, कालीका र त्रिशूलीका माझमा मकुवानी राजा (मुकुन्दसेन) को घोपटो परेको मूर्ति छ । यो पाल्ही परासीको ठेकाना नेपाल तराई पाल्ही परासी पो० आ० ठुटिबारी, जिला गोरखपुर भनी लेखनू । इति ॥

त्रिवेणी—यो पाल्ही जिल्लाको एक सानो बजार हो। यहाँ बजार अड्डा र फरेष्ट आफिस छ।

रूपन्देही—यो माझखण्डको एक प्रसिद्ध स्थान हो। यहीं भगवान गौतम बुद्धको जन्म भएको थियो। अशोकले यहाँ ढुंगाको ठूलो लाट गाडेको छ। त्यसमा पाली अक्षरको लेख खोदिएको छ। अर्को लाट निग्लीहवामा छ।

—:०:—

खजहनी स्यूराज

उत्तरपट्टि खाँची पाल्पा जिल्ला; पूर्व—माझखण्ड; दक्षिण–उत्तर प्रदेशको बस्ती जिल्ला; पश्चिम—भारतको बहराइच जिल्ला पर्दछ।

यी दुवै जिल्लालाई जरुवा नदीले छुट्याएको छ। स्यूराज जिल्लाको उत्तरपट्टि पहाडी जग्गा जङ्गलमय छ। बाँकी सबै जग्गा मलिलो माटोवाला उब्जाउ छ। खजनीको पश्चिम उत्तर पहाड र कुंबरे खोलाको आसपासमा जंगल परेको छ। बाँकी भाग उब्जाउ छ। यहाँ सुरही, चिरोही, जरवा, वाणगङ्गा, बेतेखोला आदि नदीहरू बग्दछन्। हावा पानी असलै छ। पानी काफी पर्ने हुनाले सबै थोक उब्जन्छ। यहाँको जनसंख्या माझखण्ड समेत २ लाख ५० हजार छ।

यहाँको मुख्यबस्ती तौलीहवा हो र जिल्लाको सदर मुकाम पनि हो। यहाँ बडाहाकिम बस्तछन्। यहाँ गोश्वारा, माल, अमिनी, फरेष्ट आफिस, स्कूल, आदि छन।

तौलिहवा

शिखरनाथ आफ्नू समयको कुरा लेख्छन्—

रकसौलबाट नरकटियागञ्ज भै गोरखपुर जङ्क्शनबाट ११ स्टेसन परसादेखि वल्लो शोहरतगञ्जको टिकट ली तौलिहवा जानुपर्दछ। सोहरतगञ्ज स्टेसनमा उत्री ६ कोश हिंडेपछि तौलिहवा बजार आउँछ काहार टट्टू आदिको सवारी पाइन्छ धान छउञ्जेलसंम गाडी जाँदैन। कार्त्तिकदेखि ज्येष्ठ मसान्त संक्रान्तितक चल्दछ। तौलिहवा गोश्वारा १, माल १, अमिनी १, बनजाँचअड्डा १, काठमाहाल १, हुलाकघर अड्डा १, अडीटरआफिस १, जमा ७ अड्डा छन्। पट्टवारी जिमीदारी आदि ६ अड्डालाई यस आफीसले जाँच गरदछ। तौलिहवा बजारदेखि बाहिर उत्तरतरफ झेलखाना छ यहीं १ पोखरी पनि छ। बडा हाकिम रहने अंग्रेजी बङ्गला पनि छ तेसका अगाडि जङ्गी पुलिसको गारत रहने ठुलो ढोका भै सानु २ पक्की मुण्डा घर पनि छ, तेस ढोकादेखि दक्षिण तरफ भैंतलामा गोश्वारा कचहरी रहने र पूर्वपट्टि अमिनी कचहरी रहने अंग्रेजी बङ्गला बनेको छ, तेसका दक्षिणतर्फ अस्पताल छ, बडाहाकीम बस्ने घरदेखि कचहरीतक दोहोरा शिसौका रूख छन् गोश्वाराका बडाहाकीमका घरदेखि १५।१६ गजका फासलामा मालका हाकीम रहने २ नाले २ तले झिंङटीको पक्की घर छ, अलिकति पर १ नाले घरमा खझहनी माल कचहरी रहन्छ। यहाँदेखि पश्चिम १॥ कोशमा बांणगङ्गा नदी छन् बजारैमा गजराजपुरिले

स्थापना गरेको ठुलो १ शिवालय पनि छ, तेसै शिवालय वरिपरि झिङ्टीको छानू हालेको छ तेहीं हुलाक घर बजार अड्डा रहन्छ अड्डामा मुखिया रहन्छन् । यहाँको हावा पानी मध्यम छ ।

तौलिहवाको तारीफ

गोश्वारा वनजाँच माल अमिनी, हुलाक अड्डा अनि।
काठ्माहाल र अस्पताल अडिटर् आफीस झेल्खान् पनि ।।
अड्डाहेरु सबै भईकन बडाहाकीम बस्ता महाँ ।
शोभा भारि छ खूब यै बुझनुहोस् तौलीहवाको यहाँ ।।

तौलिहवातिरका मानिस काशी जाँदा सोहरतगञ्ज स्टेसनको टिकट काटी वाराणसी जान्छन् । यहाँको ठेकाना—नेपाल तराई तौलिहवा गोश्वारा कचहरी पो० ओ० सोहरतगञ्ज, जिला बस्ती भनी लेखनू । इति ।

महराज गञ्ज—तौलिहवा र बहादुरगञ्जको बीचमा पर्दछ । यहाँ एक ठाना छ । झगम, मोहरपुर, बैदउली, सिरसीहवा, कप्तान गञ्ज, शिवगढी आदि अरू नामूद बस्ती छन् ।

बहादुर गञ्ज—यो स्यूराज जिल्लाको सदर मुकाम हो । यहाँ माल, हुलाक र अमिनी अड्डा छन् । बजार आजकल निकै गुलजार छ । शिखरनाथ पनि उहाँ गएका थिए । उनी आफू जाँदाखेरिको बयान लेख्छन्—

सिवराज वा स्यूराज ।

रक्सौलबाट गोरखपुर जङ्क्शन, उसकाबजार, शोहरतगञ्ज परसा उताका बढनी स्टेसनमा उत्री २ कोश हिंडेपलि शिवराज वा स्यूराज मालकचहरी आइपुगदछ । बन्दोबस्त पुगे हात्ती सवारी समेत पाइन्छ यो स्यूराजमा बहादुरगञ्ज मौजाका सीमाना भित्र मालका हाकीम (सुब्बा) बसने घर र मालकचहरी घर समेत पक्का ईंटको गाहो झिङटीको छानू भयाको अति मजबूत बनेको छ । यस हाकीम बस्न्या घरदेखि सामुन्ने पूर्व चोक एकै भयाको मालकचहरीघर पनि अपूर्वको छ यस मालकचहरीबाट दक्षिण अन्दाजी २०।२२ गजका फासेलामा कप्तानगञ्ज मंडीबजार अड्डा भन्न्या बजारका बीचमा सानु चिट्ट परेको झिङटीको छानूदार बंगाला छ यस बजार अड्डाले खालि बजारका निकासी पैठारी मालको महसूल असूल गर्छ । उत्तर दक्षिण बीचमा भयाको बजार पनि छ, २२ कोठी पक्की घर सरकारी छन् । यहाँ डिट्ठा रहन्छन् १।२ महाजनका पक्की घर पनि छन् बजार अड्डा देखि अन्दाजि २० गज दक्षिण बजारबाहिर छेउमा वहादुरगञ्ज अमिनी ठाना छ सो ठानामा सुवेदार हुँदा सिपाही पुलीस रहन्छन् बजारका बीचमा १ पक्की कूवा छ यसै कूवाका दक्षिण किनारामा भारी वरको रूख पनि भयाको हुँदा पानी चिसो र मिठो भै शोभा बहुतै देखियाको छ, बुटवलका ४ जिल्ला मध्यमा हावा पानी

यही स्यूराज बहादुरगंजको बढीया छ। यस विषयमा स्रग्धरा छन्दको १ श्लोक बाँचिबक्सनुहोस् ।

स्यूराज मालको बयान

यो स्यूराज् माल् अगाडो रमणिय रसिला,
हेरदा विघ्न मोटा ।
छायादारी अमीली वर पिपल कदम्,
वृक्ष छन् चार गोटा ।।
हावाको बास येहीं हरबखत हुँदा,
गर्मिको पार्छ तोभा ।
इन्का बीचमा छ कूवा जल बहुत मिठो,
मालको यै छ शोभा ।।१।।

बढनी स्टेसनबाट दुवै कोश हुँदा आवत जावत गर्नलाई बहुतई आराम छ पश्चिम नजामुलूक तरफबाट पनि आउने हिंडुवा मूलबाटो हुँदा बहुतै बढिया छ यताबाट पश्चिम पाउभरमा सुरही नदी छन् । स्यूराजबाट ४।। कोशमा बाणगङ्गा आउँछिन् यसै स्यूराजबाट बडाहाकिम वसने तौलिहवा ६ कोश परदछ । यहाँको ठेगाना—स्यूराज मालकचहरी, पो० आ० बढनी, जिला बस्ती वा गोंडा भनी लेख्नू । इति ।

बाँके बर्दिया

उत्तरपट्टि—दैलेख र सल्यान जिल्ला; पूर्वपट्टि-दाङ देउखुरी; दक्षिण—उत्तर प्रदेशको नानपारा, बहराइँच; पश्चिमपट्टि—कर्णाली नदी यसको सिमाना हो। बाँके र बर्दियालाई मान भन्ने नदीले छुट्ट्याएको छ।

यसको उत्तरपट्टिको भाग ज्यादा झोर परेको छ। दक्षिणतिरको भाग उब्जाउ छ। खास गरी रापती नदीदेखि पश्चिम बबै नदीदेखि पूर्वपट्टिका जग्गाहरूमा बस्ती धेरै बसेको छ। यहाँको जग्गा मलिलो पाँगो माटोले बनेको छ। बर्दियापट्टि भने धेरै जंगलहरू छन्। रापती नदी पूर्व-पश्चिम बगी नेपालगंजको ढुंवा नदीको पूर्वपट्टि दक्षिण हानिएर बगेको छ। किरिन नदी र मान नदी बाँकेको पश्चिमपट्टि बगेको छ। बर्दियामा पश्चिमपट्टि कर्नाली र त्यसैको भँगालो दक्षिणतर्फ बीचमा बबै नदी बगेको छ। यहाँ धान, मकै, गहुँ, तोरी, सस्यूँ, आलु, जुनेलो आदि उब्जनी हुन्छ। राजापुरको आसपास मलवार तप्पामा, नेपालगञ्ज, मानपुर आदि ठाउँमा धान र तोरीको खेती बहुतै हुन्छ। यस जिल्लाको जनसंख्या एक लाख एकचालीस हजार र क्षेत्रफल ११६९ वर्गमील छ। हावापानी विषम छ। जाडोमा निकै जाडो, गर्मीमा निकै गर्मी हुन्छ।

यहाँको मुख्य बस्ती—बाँके वा नेपालगञ्ज हो। यो जिल्लाको सदर मुकाम हो। यहाँ बडा हाकिम बस्तछन्। यहाँ बजार-अड्डा, गोश्वारा, माल, अमिनी, अस्पताल र फरेष्ट डिविजन छ। यो बजार आजकल निकै गुलजार छ। यहाँ रुवो, तेल र चामलका कारखाना छन्। यो दाङ देउखुरीको मदेश झर्ने मुहुटी हो।

शिखरनाथले नेपालगञ्जको बयान यसरी लेखेका छन्—

नेपालगंजलाई बाँके बजार वा बाँके, कोही नञा मुलूक पनी भन्दछन्, ञहाँ जानलाई रकसौलबाट टिकट ली सुगौली (जं०) मुजफ्फरपुर (जं०) सोनपूर (जं०) छपरा (जं०) भटनी (जं०) गोरखपुर (जं०) गोंडा (जं०) भई नेपालगंज गये ४१३ मील (२०६॥ कोश) परदछ, रकसौलबाट भेलवा नरकटियागंज भई गोरखपुरबाट नेपालगंज नेपालगंजबाट एक्का बग्गी, बयलगाडाको सवारी गरी ४ मैल (२ कोश) हिंडी बजार अड्डा वा नञामुलूक गोश्वारा कचहरीमा पुगीन्छ) गोश्वारामा बडा हाकीम कर्णेल साहेब १ असिटेन्ट नायब सुब्बा १ तहरीर खरिदार २ सुबेदार १ आदि रहन्छन, निकासा दिने तोक लेखी तरताकिता गरी काम गराउने र सदरबाट भई आयाका फर्मायसी उर्दी पुर्जी तामेल गरी डांका चोरका समन गराईटाकी मियात जिलाको बन्दोबस्त इत्यादि काम गोश्वाराबाट हुन्छ। बांके माल गोश्वाराबाट ४०० गजमा बांके माल कचहारी छ, ञहाँ नायब सुब्बा १ तहरीर मुखिया १ सुबेदार २

रहन्छन्, जग्गाको पोत लिने र गैह अड्डाखानालाई तलब दिने र अरू अरू अड्डाको रुपञा दाखील बुझी ली नोट साटीवरी नेपाल मुलुकी खानाका नाममा २ पटक गरी पठाउनू परदछ।

(अमिनी) गोश्वाराबाट बाँकेबर्दिया अमिनी ४०० गजका फासलामा परदछ. जहाँ लेफटेन १ खरिदार १ सुबेदार २ रहन्छन् जहाँ देवानी फौजदारी मुद्दाको झैझगडाहरू फैसला हुन्छ, यस बाँकेबर्दिया अमिनीबाट डण्ड, जरीवाना गरेको कंरू अन्दाजी ६०। ७० हजार असुल हुन्छ।

(अडीटर आफीस) गोश्वाराबाट उत्तर ३१५ गजका फासेलामा अडीटर आफीस परदछ जहाँ अडीटर हाकीम आदि रहन्छन्, अड्डा अड्डाको तहबील जाँच र म्याद म्याद मा गरनू परने काम गरेको नगरेको र नदी लागी घटेको नदीले छाडी बढेको जग्गा जाँची मिन्हा दिनू परने लगत बढाउने काम समेत र अड्डा अड्डाको रीपोट ली नेपाल पठाउने काम अडीटर आफीसबाट हुन्छ।

(बजार अड्डा) गोश्वारा बाट नेपालगंजबजार (चौतराअड्डा) उत्तर अन्दाजी २०० गज परदछ जहाँ हाकीम खरिदार १ तहरीर खरिदार १ सुबेदार ३ रहन्छन्, देशबाट आयाका र पहाडबाट आयाका माल देशमा निकासी हुँदाको महसुल लिन्छन् महाजन सट्टापट्टा गरी ल्याई बजार गुलजार गरी दोगान बसाउने इत्यादि काम हुन्छ, यो चौतरा बाँके बजारबाट महसुल अन्दाजी सवा लाख असुल हुन्छ।

बाँकेतरफ बनजाँच कचहरी सरकारी न हुँदा हाकीम जाहाँ बस्यो उँहीं अड्डा लागदछ हालका हाकीम वस्याको गोश्वारा बाट ३ सय गज उत्तर परदछ जहाँ लेफटेन १ खरिदार १ सुबेदार ४ छन् , जंगल जाँच गरी लकडी चोर पक्रने, महाजनलाई बिक्री भयाको लठ्ठा जाँचने समेत बनजाँचले गरद्छ बनजाँच बाट लकडी चोरी गरनेहरू बाट अन्दाजी १२ । १५ हजार सम्म अशूल हुन्छ ।

रापतीद्वार काठमहाल १० नम्बर बमोजीम हुँनाले हाल वस्याका अड्डा वसने सरकारी अड्डा गोश्वारा बाट कोश पूर्व छ तर हाल गोश्वारा बाट ढाई सय गज फासला पूर्व तरफ छ, जहाँ नायब सुब्बा १ मुखिया १ सुबेदार २ छन् । महाजन, साहेब हरू ली जङ्गलका लकडी कटाई र कटानी भई रहेका लकडी हरू बिक्री गरदछन् यस काठमहाल बाट लकडी बिक्री र खयर बिक्री गरी कं० रू० अन्दाजी लाख सवालाख आमदानी हुन्छ ।

(बाँके हुलाकघर) गोश्वारा बाट आधापाउ उत्तर छ, हुलाकले दुनिआदारीको टिकट लागेको चिठो रजष्टरी सरकारी कागज पत्र ठाउँ ठाउँ बाट आयाका र पठाउँने हरू बाँके हुलाकले चलान गरदछ ।

(हस्पताल) गोश्वारा बाट अन्दाजी ८ गजका फासलामा छ जहाँ डाक्टर बाबू हरू रहन्छन् जनाना मर्दाना एकै छ जहाँ आया का बिरामी निका भै जान्छन् ।

ठेकेदार लकडीको सिलेवरको, छायाको भट्टीको, भजिसीका

सिङको, वनकसको, महुवाको, मदको, मईनको, शतावरीको, पिप्लाको, पीलजरीको, कामरानको, रोहिनीको हड्डी (हाड) को समेत ठेका छ, नामलेखी निरवाहा छैन ।

ग्रहण आदि पर्व पर्वमा बजार बाट ३॥ कोश पूर्व रापती नदी छन् सो नदीमा नुहाउँन जान्छन्, बाँकेमा कर्णेल लोकबहादुरले स्थापना गरेका शिवमन्दिर धर्मशाला (सतल) तलाउ समेत छन् मुगलानदेखी पनी पूजा गरन आउँछन् यहाँको पानी बहुतै असल छ ।

मशान्‌घाट मुकदर छैन मद्दत पुगने ले ३॥ कोश पर रापती नदीमा लान्छन् कोहो सिधनित्रा भन्ने सानू गंगामा लगी दाह गरदछन्, बजारको मद्दत न पुगनेले बगियामा लगी कसैले जलाउने र कसैले गडाई दिन्छन् ।

पक्की तौल ८० कम्पनी रुपञा भरको सेर, ५ सेरको पसेरी, ८ पसेरी (४० सेर) को १ मन हुन्छ; दोस्रो बत्तिसी तौल १२२ तोलाको पसेरी हुन्छ, ८ पसेरिको मन; तेस्रा आट्ठाइसी तौल १६८ तोलाको १ पसेरीको मन ली ३ थरी का तौलको चलन छ । यस नेपालगंजको हावा पानी वेसै छ, बिच्छीको भय विघ्न छ, सापको भय पनी छ, यो आमदनी हुँने गौंडो हो, जहाँ पहाड़देखी हर्रो बर्रो अमला तेजपात दालचीनी पीपला वैतरासुठो टिमूर खुरसानी अलैची हलेदो, चिउलीको घीउ, काठको झ्याउ, जटामसी निगालाका बुटे कलम, दियालो खोटो च्याखुरा मैना आदि पक्षीहरू ली धारो लागी

बेपारी हरू आउँदछन्, खयर पैदा हुँने ठाउँ यही हो। जहाँ भन्सार तेज छ, अनेकानेक माल जयाँ खुली देश देशावरमा जान्छन्, जहाँ कुन ठेका बाट कुन काम गरी रुपिञा कमाउँ भन्ने मानिसहरू जुघा मुसारी मुसारी बनतर्फ घुमदछन् लप्पा लप्पि पनी बहुतै गर्दछन् उपद्रव गरनेहरू पनी यहीं छिपी बसेका हुन्छन्, यस नेपालगंजको ठेगाना–बाँके बजार पो० आ० रुपैडिहा, जिला बहराइँच नेपालगंज भनी लेखनू। इति ॥

बर्दिया—यसलाई गुलरिया पनि भन्दछन्। यहाँ माल, अमिनी, फरेष्ट डिभिजन, छोटी बजार, ठाना, अस्पताल, हुलाक आदि छन्।

राजापुर—यो दैलेख, प्यूठान पहाडतर्फबाट मालताल ल्याई मदेश झर्ने बाटोमा छ। यसैले यहाँ बजार-अड्डा बसेको छ। ठाना, औषधालय पनि रहेको छ। यहाँ हिउँदभरि चार-महीने हाट लाग्छ। त्यसतर्फका पहाडीहरू आफ्नू माल बेची आफूलाई चाहिने माल किनेर लान्छन्।

शिखरनाथले त्यहाँको बयान यसरी लेखेका छन् :—

राजापुर गोलामण्डी जानलाइ गोंडा जङ्कशनबाट एकदम नानपारा भै जान्छ, नानपारा बाट गये कतर्नियाघाटबाट राजापुर ४ कोश परदछ टट्टू घोडा बयलगाडीको सवारी पाइन्छ वर्षामा नदीमा नाउ बाट पार जानू परदछ, हिंउँदमा नावैनाव जोरी धुलेपूल बनायाको हुन्छ १ आद्मीको २ पैसा ली पार जान दिन्छ राजापुरमा राजापुर वोर्त्तामाल

१ मोहनद्वार काठमाहाल १ पथरैयाद्वार काठमाहाल १ पथरैयाद्वार जाँचअड्डा १ जिम्बावारीअडा १ कैलालीकंचनपुरमाल १ कैलालीकंचचपुरअमिनी १ वर्दियामाल १ महा कालीद्वार काठमाहाल १ कंचनपुरहुलाक १ वर्दियाहुलाक १ कैलालीहुलाक १ कैलालीकंचनपुरवनजाँच १ राजापुरवाजारअडा १ कोईलावासवजारअड्डा १ करनालीद्वारअड्डा आदिहरु यता उता परेका छन् पूरा हाल जहाँको थाहा छैन राजापुर गोलामण्डी तिर चोरी हुन्छ डाँका असाध्य परदछ भन्छन्, कि रातका विचमा धनिका घरमा डाँकूहरू पसी लोग्ने मानीस हरूलाई पाता कसी स्वास्नीमानीसलाई पिटी कुटी ढुकुटीको साँचो लि गाडेको धन देखाई दिन्छेस् कि देखाई दिन्नस् देखाइ दिन्नस् भने तेरा तिग्रा नेर तातो कटकटायाको तेल हाली दिन्छौं भनी तातो तेल ली काबू पारी जो भयाको धन ली अघी जान्थे अरे, राजापुर भन्दा ठुलो देखिन्छ, औलाको राजा हो । इति ॥

कैलाली र कञ्चनपुर

पूर्व—कर्नाली नदी र बर्दिया जिल्ला; दक्षिण—उत्तर प्रदेशको पुरगापुर, लक्ष्मीपुर, सिघाई, पीलीभित; पश्चिम-महाकाली नदी; उत्तर—डडेलधुरा र डोटी सिमाना पर्दछ ।

यो दुवै जिल्लाको उत्तर भागपट्टि चूरे पहाड र भ्फोर परेका जग्गा छन् । दक्षिणपट्टि सबै सम्म परेको जग्गा छ । समस्त जिल्लामा आबादी जग्गाभन्दा जंगल धेरै छ । जंगलको बीच-

बीचमा जग्गा अबाद गरी बस्ती बसेका छन् । पहाडतर्फबाट पथरैया, धुराहा, शिवगंगा, करहा, काढा, खुटिया, कटनी, मोहना आदि कैलालीतर्फ र दोंदा, बतहरा, सिहाली, ब्राह्मनी आदि कञ्चनपुरतर्फ प्रशस्त नदीहरू दक्षिणतर्फ बगेका छन् । पश्चिम भागमा महाकाली नदीको भँगालो फाटी बगेको छ ।

कञ्चनपुरतर्फ दक्षिण भागमा दोंदा नदीको बायाँपट्टि र मोहना नदीको दायाँपट्टि पिपरिया, बिछुवा आदि गाउँको आसपासमा बस्ती बाक्लो बसेको छ । अन्तचाहिं प्रायः जंगलप्राय नै छ ।

कैलालीतर्फ करहा नदीको पूर्वपट्टि धुर्जना पथरिया गाउँसम्म आबाद गर्न लायकको जग्गा धेरै भएकोले बस्ती बाक्लो छ । कटनी नदीको दुवै तीरतिर र धनगढीको उत्तर बञ्बा, हरिया गाउँसम्म पनि बस्ती निकै छ ।

यी दुवै जिल्लाको हावापानी खराब छ । औलो लाग्छ । पानी कम पर्दछ ।

यी दुवै जिल्लामा धान, मकै, गहुँ, तोरी आदि उब्जन्छ । प्राय यहाँ थारूहरूको बस्ती छ । यी दुवै जिल्लाको जनसंख्या ९४ हजार मात्र छ । क्षेत्रफल १४९७ वर्गमील छ ।

कञ्चनपुर—यसलाई बेलौरी पनि भन्दछन् । यो यस जिल्लाको सदरमुकाम हो । यहाँ गोश्वारा, माल, अमिनी, हुलाक, छोटी बजार र फरेष्ट आफिस छन् ।

ब्रह्मदेउ मण्डी—यो कञ्चनपुरको उत्तर कुनामा भारतको नजीकै छ। यहाँबाट विदेशी माल पैठारी हुन्छ।

टनकपुर जिम्रुवा, देखतभूली र कलुवापुर आदि कञ्चनपुरका केही बस्ती हुन्।

धनगढी वा त्रिनगर—यो कैलालीको सदर मुकाम हो। यहाँ दुवै जिल्लाका बडाहाकिम बस्तछन्। यहाँ गोश्वारा, माल, अमिनी, वन-अड्डा, बजार-अड्डा, हुलाक, अस्पताल आदि छन्। यहाँबाट गौरीफाँट स्टेशन नजीक पर्दछ।

कैलाली—यो कटनी नदीको किनारमा रहेको मुख्य बस्ती हो। यहाँबाट चन्दन-चौकी रेल स्टेशन नजीक पर्दछ। यहाँ पुलिस थाना र हुलाक छ।

भजनी—यो काढा नदीको बायाँ किनारमा रहेको जिल्लाभरको गुल्जार ठाउँ हो। सती, मालाखेरी र चौमहला आदि कैयौं अरू बस्ती छन्।

ए मेरा प्यारा देशवासी र देश-बाहिरका प्रवासी दाजु भाइ, दिदी बहिनी हो! तपाईंहरूले अहिलेसम्म पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जिल्लाहरूको मोटामोटी परिचय पाउनुभयो। अघि यी जिल्लाहरूमा आवत-जावत गर्दा आफ्ना नजीकको भारतको रेल स्टेशनमा आई भारतको बाटो भएर आती-जाती गर्नुपर्थ्यो। तर अब श्री ५ महेन्द्र वीर विक्रम शाह देवको पालामा समस्त तराईको

उत्तरपट्टि पर्ने चारकोशे झाडीको बीचोबीच पारेर 'पूर्व-पश्चिम राज-मार्ग' बनेकोले आवत-जावत गर्ने पहिलेको दिक्कत मेटिएको छ। अचेल यही राज-मार्ग र यसका शाखा मार्गहरूबाट आफ्नू इष्ट ठाउँमा आवत-जावत गरिन्छ। त्यसैले भारतपट्टिका बाटाहरू यहाँ लेखिएनन्।

भित्री मदेश (खोंच) का जिल्लाहरूको केही परिचय

दाङ्ग, देउखुरी र सुनार

यो खाँची प्यूठानदेखि पश्चिममा रहेको भित्री मदेशको जिल्ला हो। दाङको करीब तीन खण्डको एक खण्ड फलावाङ राज्यमा मिलेको छ। बाँकी दाङ र देउखुरी जिल्ला खजहनी गोश्वारा मातहतमा छन्। सुनार जिल्ला भन्ने बाँके बर्दिया गोश्वाराको मातहतमा छ। यसको क्षेत्रफल ८६४ वर्गमील छ र जनसंख्या ९० हजार छ। यस जिल्लाको डुडुवा पहाड र महाभारतको बीचमा मैदान परेको ठूलो बेंसी छ। यो बेंसीको पूर्वदेखि पश्चिम बगेको बबै खोला र यसका सहायक ग्वार खोला, हापुर, सेवार, बालीम आदि १३ खोलाले सिंचिएकोले यहाँ धान, मकै, तोरी, फापर, सुर्ती, आलु प्रशस्त उब्जन्छ। यहाँ झिनुवा, स्यामजीरा, लटेरा आदि २८

जातका धान उब्जाइन्छ। पहाडको खोंचमा परेकाले आवत-जावत गन निकै असुविधा छ। भारत जान कोइलावास भै जानुपर्छ।

यहाँको मुख्य बस्ती घोराही हो। यो सेवार खोलाको तीरमा रहेको सदर मुकाम हो। यहाँ माल, अदालत, कलेज, हाइ स्कूल, डी. एफ. ओ. र सानू बजार छ। यसैको पूर्वपट्टि चौघरा मौजामा श्रीरत्ननाथको मन्दिर छ।

बिजौरी—जिल्लाको मुख्य बस्ती हो। यहाँ संस्कृत महाविद्यालय छ। छिल्ली बिजौरीदेखि पश्चिम काला खोलामा बर्षेनी पुस महीनामा जुम्लीहरूले घोडा बेच्न ल्याउँछन्।

कोइलावास—यो देउखुरी जिल्लाको भारत नजीकको सानू बजार हो। यहाँ पुलिस चौकी, बजारअड्डा छ। अचेल यहाँबाट दाङसम्म मोटर चल्दछ।

रेहार—यहाँ हरेक माघे संक्रान्तिमा ठूलो मेला लाग्छ।

सल्यान

यसको उत्तर—जुम्ला; पूर्व—प्यूठान, बागलुङ; दक्षिण—दाङ देउखुरी, बाँके बर्दिया र पश्चिम— दैलेख, सुर्खेत सिमाना पर्दछ। यसको क्षेत्रफल ३२३१ वर्गमील र जनसंख्या ३ लाख ८२ हजार ३९९ छ।

यहाँको मुख्य बस्ती सल्यान हो। यो शारदा नदीको दाहिनेपट्टि रहेको छ र जिल्लाको सदर मुकाम हो। यहाँ गौंडा, माल,

जिल्ला अदालत, हुलाक, अस्पताल, त्रिभुवन स्कूल आदि छन्। यहाँको बजार एकोहोरो लाइन मात्र छ। यहाँ बनेका खुकुरी, चक्कू नामी छन्। यो ठाउँमा पिउने पानीको अभाव छ। यहाँका स्वास्नीमानिस धेरै अँध्यारोमा (बिहानै) मादल बजाउँदै पानी लिन पनेरामा जान्छन्।

मालनेटा—यहाँ अति उम्दा अदुवा हुन्छ। त्यसैबाट असल सुठो बन्दछ। देशभरमा यस्तो सुठो कहीं हुँदैन।

लुकुम खोलाको बायाँपट्टि 'रुकुमकोट' बस्ती छ। यहाँ रुकुम दह नामको ताल छ। यसको अलावा मुसीकोट, जाजरकोट, फलावाङ, रोल्पा, गुर्वाकोट, तुलसीपुर, बालापुर आदि प्रसिद्ध बस्तीहरू यस जिल्लामा पर्दछन्। यस जिल्लाका सुन्तला, आँप, भुइँकटहर, केरा पनि नामी छन्। दाङ सल्यानको साबरको जुत्ता अति असल हुन्छ। अचेल दाङबाट कोइलावाससम्म मोटर चल्दछ।

शिखरनाथले दाङ सल्यानको बारेमा यसरी लेखेका छन्—

दाङशल्यान

रकसौलबाट कावापुरको टिकट काटी सुगौली जङ्क्शन मुजफ्फरपुर जङ्क्शन सोनपुर जङ्क्शनबाट १५ स्टेशन पर गोंडाभन्दा ३ स्टेसन वर कावापुरमा उत्रनू परदछ, जाहाँबाट वर्षे बाटो १८ कोश हिंडे पछी दाङशल्यान पुगदछन्। दाङशल्यान तिरका आदमी हिऊँदमा जमपट्टी स्टेसनबाट रकसौल उत्रन्छन्, दाङ-

शल्यानमा जनना–पशुहरूमा सुङुरनीतक काटदैनन्, काटे जरिवाना हुन्छ, यो अघीदेखिको थिती हो। दैलेखी जुत्ता ४ × ४ जमा १६ फुलि लागेका लालचनका जुत्ता लाइ जुत्ता दिने बढिया ३ मोहरमा जहाँ पनी पाइन्छन् । इति ॥

नवलपुर

पूर्व र दक्षिण चितवन, पाल्ही, नारायणी; उत्तर पश्चिममा पाल्पा यसको सिमाना हो। यसको क्षेत्रफल २०५ वर्गमील र जनसंख्या १७ हजार छ। नवलपुर चितवन आवत-जावत गर्न धेरै ठाउँ डुङ्गा लाग्दछ।

यसको पूर्वपट्टि नारायणी नदी र पश्चिमतर्फ अरुङ बिनाई नदी छन्। महाभारतको झोरबाट अनेकन नदी दक्षिणतिर बगेका छन्। नदीको डोलतर्फ मलिलो माटो छ। यसैले यहाँ धान, तोरी, मकै, तिल, सर्स्यूं, खेसरी, सुर्ती प्रशस्त उब्जाइन्छ। यहाँका जंगलमा साल, सिसौ, असना, टून, सिमल आदिको घना जंगल छ। यस जंगलमा बाघ, हात्ती, गैंडा, चितुवा, मृग, बनेल, आदि प्रशस्त पाइन्छन्।

यहाँको मुख्य बस्ती कोलुवा (शेरगज) जो नन्दपुरको उत्तर हर्दियाका पूर्वमा छ, यहाँ ठाना, हात्तीसार, गोदाम, शेरगंज हुलाक, अस्पताल, स्कूल र ५सलहरू छन्।

तमसपुर, बेलानी, महुवा डाँडा, नाग्जीकोट, पोखरी, धावरी आदि यहाँका मुख्य बस्ती हुन् ।

चितवन (चितौन)

अघि चितौनमा असाद्धे औलो लाग्दथ्यो । औलोको दृष्टिबाट उहिले मोरङलाई दिदी र चितौनलाई बहिनी भन्दथे । तर अब मोरङमा आबादीले मिचेको र चितौनमा औलो उन्मूलन संस्थाले डि० डि० टी० छरी औलो घटाएको छ । राणाशासनभरि पनि चितौन औलोको घर थियो । त्यहाँ त्यहींका आदिवासीबाहेक अरू कोई टिक्न सक्तैनथ्यो । भनिन्छ कि अघि-अघि जसलाई फाँसी दिनुपर्‍यो उसलाई चितौनमा लगी भरपेट दही चिउरा ख्वाई सालका रूखमनि सालैका पात पालुवा ओछ्याई त्यसैमा सुताई सालैका पालुवाले ढाकिदियो भने उज्यालो हुँदा नहुँदैमा मरिसक्थ्यो अरे ! "मोरङ्गमा एक रुपियाँको चामल किन्यो भने जिन्दगीभर खाएर मरेपछि क्रिया गर्न समेत पुग्छ" भन्ने उखानै छ । तर अब त्यस्तो छैन ।

जो होस्, परिवर्तनशील संसारमा चितौनले त्यस्तो उपाधि प्राप्त गर्नुपरे तापनि कुनै समयमा चितौन अत्यन्तै समृद्धिशाली थियो भन्ने त्यहाँ पाइएका प्राचीन वस्तुहरू वा भग्नावशेषहरूबाट पत्ता पाइन्छ ।

यहाँका आदिवासी थारू, दनुवार, चेपाङ, मगर, तामाङ-

हरू हुन्। हाल यहाँ श्री ५ महेन्द्रले जग्गा–वितरण र औलो उन्मूलन कार्य चालू गरेपछि प्रवासी र उनाउ नेपाली बाहुन, क्षत्री आदि पनि धेरै आएर बस्तै छन्। यहाँको पानी लाग्ने जमीनमा धान र पाखा-बालीमा तिल, तोरी, मकै, कोदो, घैया, फापर, जौ, गहुँ, बदाम आदि हुन्छ। हाल हेटौंडादेखि नारायण गढसम्म ५० मील लामो पक्की कान्तिमार्ग जोडिएकोले रोजै मोटर चली बन्द-व्यापार, आवत-जावत गर्न धेरै सुविधा भएको छ।

यहाँको मुख्य बस्ती झबानी हो। यहाँ पुलिस चौकी छ।

ठोरी—यहाँ वीरगंज-मातहतको बजार-अड्डा र फरेष्ट डिविजन छ। ठोरीको जङ्गल शिकारको लागि प्रख्यात छ। अघि भारतमा शासन गर्ने अंग्रेजहरू नेपालमा शिकार खेल्न जाँदा यसै जंगलमा शिकार खेलाइन्थ्यो। नजीकै भारतको भिक्नाठोरी रेल्वे स्टेशन छ। यहाँका माल यहींबाट निकासी हुन्छ।

भरतपुर—यहाँ ठूलो शहर बन्ने भएको छ। यहाँ अहिले कृषि प्रदर्शन फर्म, ग्राम विकास, स्कूल इन्सपेक्टर अड्डा, अस्पताल, विमान-बिसौना, माल, उपत्यका-विकास अड्डा आदि छन्।

नारायण गढ—यो नारायणी नदीको किनारामा रहेको, दिनहुँ उन्नति हुँदै गैरहेको बजार हो। कान्तिमार्गले यसलाई धेरै विकसित बनाउँदै छ। नजीकै देवघाटमा माघे संक्रान्तिमा ठूलो मेला लाग्छ। देवघाटदेखि भारतको बगाहा घाटसम्म नाउद्वारा निकासी पैठारी हुन्छ।

उपरदाङ गढी—झुवानीदेखि उत्तरतर्फ डाँडामा रहेको छ । यहाँ श्री ५ बडामहाराज पृथ्वीनारायण शाहका नाति शत्रुभञ्जनले एक प्रसिद्ध किल्ला बनाई बसेका थिए । अंग्रेजसँगको लडाइँमा यो किल्लाले नेपाललाई निकै काम दिएको थियो । यहाँ अदालत बसेको छ । यहाँको बेलौंद प्रगन्नामा पर्ने पटिहानी गैंडा-गस्तीको मुख्य केन्द्र हो ।

मकवानपुर

उत्तर—बूढी गण्डकी, चन्द्रागिरि; पूर्व—धूलिखेल, सिंधुली; दक्षिण—रौतहट, बारा, पर्सा, चितवन; पश्चिम—बूढी गण्डकी सिमाना भएको, काठमाण्डूबाट भारततिर आउने बाटोमा रहेको, १९८४ वर्गमील क्षेत्रफल र १ लाख ८२ हजार, २३० जनसंख्या भएको मकवानपुरको सम्पूर्ण भाग पहाडै-पहाड छ । ठाउँ-ठाउँमा नदीले डोल बेंसी बनाएको छ। चारैतिरबाट आएका नदी-नाला रापतीमा मिसिई पश्चिम बगी चितौनको खोरिया मोहान र नारायणीसँग मिसिएको छ। मकवानपुर जिल्लाको धेरै भाग बागमतीले पटाएको छ ।

नदीले बनाएको डोल बेंसी परेको ठाउँमा धान, गहुँ प्रशस्त हुन्छ । पाखा-बालीमा मकै, कोदो, मास, भटमास, तोरी र आलु उब्जाइन्छ ।

मकवानपुर (हटियामारी) :—यो चिसापानी गढीको तालुकमा रहेको मुख्य बस्ती हो। यहाँ माल अड्डा र गढी छ। यसको हटियामाडी दुनमा बहुत राम्रो धानको खेती हुन्छ। यहाँको चामल मकवानपुरी चामलको नामले प्रसिद्ध छ। यहाँको वासमती चामलको भात गम-गम गम्कन्छ। यहाँ पुराना चीजहरूको अवशेष धेरै छ। हटियामाड़ीमा एउटा थुम्कोमाथि राजदेवीको मन्दिर छ। भनिन्छ कि त्यो थुम्को रहस्यमय छ। त्यो थुम्कोबाट करीब १ किलोमीटर मास्तिर पाखामा खोल्साको भित्तामा यौटा गुफा छ। त्यो गुफाको मुख सानो छ। सकी—नसकी त्यसभित्र पसेपछि भित्र अलिक फराकिलो छ। त्यो फराकिलोबाट मास्तिर चढ्ने चिनेका सिंढी छन्। किंवदन्ती छ कि त्यो सुरुङ्ग मकवानी राजाको तिलस्मी ढुकुटीसम्म पुगेको छ रे! यो सुरुङ्गभन्दा निकै माथि हटियामाड़ीको गाउँ बेंसी गर्ने बाटामा धरमपानीको सिरानमा महादेवको यौटा थान छ, त्यो सुरुङ्गको बाटो त्यही थानमुनि हुँदै गएको छ रे! त्यो थानबाट तेर्सै अलि माथि गएपछि बाटैमा बोके ढुङ्गो नामको यौटा ठूलो ढुङ्गो छ, त्यसै ढुङ्गामाथिको थुम्को नै ढुकुटी भएको ठाउँ हो भन्छन्। त्यस थुम्कामा अघि एकले साल थियो रे! यस बोके ढुङ्गाबाट एक पाउ जति उकालो चढेपछि माथि आक्रमणकारीहरूसँग लड्दा बनाएको सेनवंशी मकवानी राजाको किल्ला छ। यो किला अजबको छ। यस्ता किल्ला त्यहाँ दोटा छन्। यौटा ठूलो गढीको नाउँले विख्यात छ त अर्को सानू गढीको नामले। ठूलो गढीमा

पाले बस्छ। अझै पनि सबैले भित्र जान पाउँदैनन्। पक्की ढुंगे किल्लाको चारैतिर बाहिरपट्टि खाई छ। भित्रचाहिं दोटा चहबच्चा छन्। तोप, गोला, बारूद, बन्दक राखिएका दोटा पक्की घर छन्। बीचमा अत्यन्त सुन्दर गोपालजीको मन्दिर छ। मन्दिरको बगलमा यौटा ठूलो, अग्लो, चेप्टो ढुङ्गो ठड्याएर गाडेको छ, त्यसैमा तिलस्ममा जाने बाटो, जाने काइदा, जाँदा तिलस्मी खतडाबाट बच्ने साधन आदि लेखिएको थियो रे, तर धेरै वर्ष लडेपछि आक्रमणकारीहरू एक दिन सेन-सेनालाई थकाएर किल्लामा पुगेछन्, त्यसै बखत किल्लाभित्र बसेको सेनानीले यौटा छिनोले त्यस ढुङ्गोमा लेखेका अक्षर खुर्किदिएछ र आफू पनि त्यहीं सकिएछ। बाँकी किल्लाका सेना जय गङ्गे! भन्दै भीरबाट फालहालेर मरेछन्, त्यहीं-देखि त्यस गढीका छेउको भीरको नाम गङ्गा-भीर रहेको हो। परम्परामा कहावत चलिआएको छ कि त्यस छिनाले खुर्किएको ढुङ्गामा—बोके ढुङ्गो एक्ले साल, किल्लादेखि हजार हात–लेखेको थियो रे! हुन सक्छ त्यहीं ढुकुटी होला।

ठूलो गढीबाट अलि वर उसै डाँडामा सानू गढी छ। ठूलो गढी ठूलो र गोल छ। सानू गढी अलि सानू र शंखे कीराका आकारको छ।

यहाँबाट एक कोश जति पर यौटा अग्लो डाँडाको टाकुरोमा बूढी गढी भन्ने अर्को किल्ला छ। ठूलो गढी र सानू गढी नामको

किल्ला आक्रमणकारीले कब्जा गरेपछि बूढी गढीमा बसेको सेनाले लड्न शुरू गर्‍यो र तुरुन्तै शत्रुहरूलाई हराएर डाँडाबाट फेरि बेंसीमै खँदार्‍यो र आफ्नू गढी फौरन वापस गर्‍यो। त्यसका बाद शत्रुहरूले फेरि माथि चढ्ने साहस गरेनन्। बेंसीमै किल्ला जमाएर बसेका थिए रे, क्यै दिनपछि मद्दतका लागि आएका बाह्र जना गोर्खे वीरका जालका फेला परेर सेनापतिसहित शत्रुहरूको फौज त्यहीं साफ भए रे! अनि ती आक्रमणकारीले त्यता जाने नामै लिएनन् रे। यसै बूढी गढीको मनि मकवानीको दरवारको अवशेष भ्रझै छ, जहाँ पृथ्वीनारायणशाहको पहिलो विवाह भएको थियो।

हेटौंडा—यो पनि मकवानपुरमै पर्छ। हाल यो ठाउँ अति महत्त्वको हुँदै आएको छ। रक्सौलबाट काठमाण्डू जाने त्रिभुवन राजपथ यहींबाट हुँदै जान्छ। भरतपुर विमान-बिसौनामा जाने कान्ति राजपथ त्रिभुवन राजपथसँग यहीं मिसिन्छ। हेटौंडामा पानीको प्रबन्ध गरी निकै उब्जनी गराउने योजना तयार हुँदै छ। यहाँ ऐले काठ चिर्ने मिल, तेल चामल मिल, डि० एफ० ओ० आफिस आदि छन्। यहींबाट रोप्वे काठमाण्डूसम्म जान्छ। यहाँ बजार पनि बढ्दै गएको छ। यहाँ ३००० कि० वा० बिजुली निकालिंदै छ। यसले यहाँ अरू उद्योग धन्धा बढ्नेछ।

मेरो (शिखरनाथको) ससुराली मकवानपुर हो। म ससुराली जाँदा मेरो सालो नीरनाथ खतिवडाले मलाई त्यहाँ जति ऐतिहासिक

चीज देखायो, आफूले केटाकेटीदेखि अनुभव गरेका, देखेका र सुनेका जति कुरा बतायो त्यो सबै लेख्ने हो भने अर्को यौटा ठूलो पुस्तक बन्दछ, त्यसकारण अरू नै विषयको यस भाष्यमा ती सब कुरा नलेखे पनि म यति अवश्य लेख्छु कि खोजी गर्नें हो भने मकवानपुरमा पुराना ऐतिहासिक चीज धेरै नै पाइन्छन् । गडल सम्पत्ति पनि ज्यादै छ ।

चिसापानी, भीमफेदी, कान्द्राङ, उपरदाङ यहाँका अरू प्रमुख बस्ती हुन् ।

सिंधुलो

उत्तर—धूलीखेल इलाका, सुनकोशी नदी; पूर्व—उदयपुर गढी; दक्षिण—कमला नदी र सरलाही; पश्चिम—बागमती नदी, मकवानपुर भएको; यसका उत्तरपट्टिका मौजाहरू दोलखा मालले, पश्चिमका मौजा मकवानपुर मालले, दक्षिणका मौजा मलङ्गवा मालले चर्चेको; ४०७ वर्गमील शेत्रफल र जनसंख्या १ लाख २ हजार २६१ रहेको; पूर्व १, २, ३ नं० इलाकाको दक्षिणपट्टि महाभारत लेक र चूरेको बीचमा रहन गएको; पूर्व-पश्चिम लम्बिएको, पश्चिम भाग हरिहरपुर गढी र पूर्व भाग सिंधुली गढीको नामले बोलाइने, पहाडी भाग ठण्डा र बेंसी खोंचतर्फ गर्मी हुने; ७० इञ्चभन्दा बढी पानी पर्ने; धान, मकै, भटमास, मस्याङ प्रशस्त उब्जने; ठूला ठूला दमार र जंगलवाला यो एक जिल्ला हो ।

यस जिल्लाको मुख्य बस्ती सिंधुली हो। यहाँ अदालत, भन्सार र गढी छ। यहाँ मरिन खोलापट्टिको भाग अति रमणीय र उब्जाउ छ। मरिन खोलो बागमतीमा मिसिन्छ। ग्वाँङ खोलो कमलामा मिसिन्छ। माघे संक्रान्तिमा माइकाथानमा ठूलो मेला लाग्छ।

उदयपुर गढी

यो—उत्तरमा—सुनकोशी; पूर्वमा सप्तकोशी; दक्षिणमा—चूरे पहाड, सप्तरी; पश्चिममा—कमला नदी, सिंधुली गढी सिमाना भएको; ९२७ वर्गमील क्षेत्रफल र ८९ हजार ३०९ जनसंख्या रहेको, भित्री मधेसमा रहन गएको, पूर्व-पश्चिम फैलिएको जिल्ला हो। यसमा प्रायः पहाडै-पहाडै छन्। उदयपुर गढीको पूर्वपट्टि त्रिजुगा नदी र पश्चिमतर्फ वैजनाथ खोला बगेका छन्। उत्तरपट्टि तावा खोला, यार खोला आदि छन्। यहाँ मकै, तोरी, कोदो आदि प्रशस्त उब्जन्छ। पहाडको माथिल्लो भागमा केही ठण्डा र बेंसीतर्फ गर्मी हुन्छ।

उदयपुर यहाँको मुख्य बस्ती हो। यहाँ गौंडा, अदालत, गढी, माल, छोटी जंगी परेठ, स्कूल आदि छन्।

चिसापानी, नेपालटार, चौदण्डी आदि उदयपुर इलाकाभित्रका अरू बस्ती हुन्।

काठमाण्डू (कान्तिपुर)

प्रकृतिले चारैतिर ठूला पर्खाल जस्तो ५ हजारदेखि ९ हजार फीट अग्ला पहाडले घेरी बीचमा झन्डै चारपाटे आकार परी बनाएको खाल्टो वा दून छ। यसमा भित्र पस्ने मुख्य चारओटा भञ्ज्याङ छन्। यसैले यसको अर्को नाम 'चारभञ्ज्याङ-भित्र' भन्ने छ। यहाँ बागमती, विष्णुमती, धोबीखोला, मनोहरा, हनुमन्ते, नक्खु, गोदावरी र अरू पनि ससाना नदीहरू एक अर्कोमा मिसिंदै आखिरमा सबै वाग्मतीमा मिसिई दक्षिणपट्टिको चोभारको गल्छेडोबाट वाग्मती नामले बगेर भारतमा गंगानदीमा आई मिलेको छ। यहाँको मलिलो माटोमा सबै किसिमका अन्न, तर्कारी, फलफूल उब्जन्छन्। पालतू जानवर पनि सबै प्रकारका पालिन्छन्।

अधिराज्य नेपालको मुख्य राजधानी भएकोले यहाँ धेरै मानिसहरू सर्कारी नोकरी, बन्दबेपार, खेती, उद्योग-धन्धा गर्ने गर्छन्। यहाँ हरेक किसिमका हतकरघाका कपडा, काठ, हस्तीहाड, बिल्लोर, तामा, पित्तलका मूर्तिहरू, भाँडा बर्तन, कपडाको जुत्ता, फर्निचर, कार्चोपी टोपी आदि बनाउँछन्। हाल पाटन, बालाज्यूमा चलाइएका औद्योगिक क्षेत्रहरूमा अनेक किसिमका वस्तुहरू तयार गरिन्छन्।

यो उपत्यका तीन इलाकामा बाँडिएको छ। काठमाण्डू, ललितपुर र भक्तपुर। काठमाण्डू ६९ मौजा या गाउँमा; पाटन या

ललितपुर ९० गाउँ; भक्तपुर २७ मौजा वा गाउँमा बाँडिएको छ।

काठमाण्डू—यहाँको जनसंख्या १,१९,५०० शहरमा मात्र र ९८९३३ गाउँमा छ। सारा नेपाल राज्यको राजधानी शहर यही हो। यो शहर वाग्मती नदीको उत्तर-पश्चिममा छ। यहाँ श्री ५ महाराजाधिराजको नारायणहिटी दरबार, सिंह दरबार (सचिवालय), शहरको बीचमा प्राचीन हनुमान ढोका र अरू पनि धेरै रमणीय महलहरू छन्। यहीं सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला-अदालत र अरू धेरै अड्डाहरू, संस्कृत-महाविद्यालय, अमृत साइन्स कॉलेज, कमर्स-लॅ-गर्ल कॉलेज, त्रिभुवन विश्वविद्यालय, दरबार स्कूल, त्रिचन्द्र कॉलेज, राजकीय संस्कृत पाठशाला, विश्वभाषा विद्यालय, सभा-गृह, ब्याङ्क, धरहरा, घण्टाघर, सुनधारा, अनेक उद्यानहरू, पार्कहरू, मोटर सर्विसका पक्की बाटाहरू, विमान-विसौना, धर्मशालाहरू, गोशालाहरू, रानीपोखरी, बडे-बडे होटलहरू, चित्र-विचित्र सिनेमा टकीजहरू, प्राचीन हस्तलिखित पुस्तकहरू भएको वीर पुस्तकालय (लाइब्रेरी), घण्टाघर, धरहरा, रत्नपार्क, अनेकानेक राजदूतावासहरू, चिडियाखाना इत्यादि छन्। स्वयम्भू, काठेसिम्भू बौद्ध धर्मीहरूको धार्मिक स्थान भएकोले भोटेहरू प्रतिसाल दर्शनार्थ यहाँ आउँछन्।

द्यौपाटन—यो धोबीखोला र वागमतीको बीचमा पर्छ। यहीं श्रीपशुपतिनाथको मन्दिर छ। यो नेपालको प्राचीन मन्दिर हो।

नेपालका ठूलठूला तीर्थहरूमध्ये यो ठूलो मानिएको छ। यहाँ शिवरात्रिमा ठूलो मेला लाग्छ। बालाचतुर्दशीमा भारत, पहाड र चारभञ्ज्याङभित्रका मानिस जम्मा हुन्छन्। यो दिन शतबीज छर्छन्। पशुपतिको मन्दिरको पूर्वपटि ठूलो गौचर विमान-बिसौना पनि छ। पशुपतिनाथका तर्फबाट गाई चर्न छोडिएको चउर हुनाले त्यसलाई गौचर भनिएको हो।

टोखा—यो उत्तरपट्टिको यौटा सानू शहर हो। यहींनेर चण्डेश्वरीको मन्दिर छ। यसैको उत्तरपट्टिको पहाडको काखमा रमणीय स्वास्थ्य निवास बनेको छ, जहाँ क्षय-रोगीहरूको उपचार हुन्छ। यहाँ असल चाकु तयार हुन्छ।

बालाज्यू—काठमाण्डूको नजीकै रहेको यो यौटा रमणीय स्थान हो। यहाँ ठूल्ठूला तलाउको पानी बाईसओटा ठूल्ठूला धाराबाट निकासी हुन्छ। वैशाख-पूर्णिमाको दिन त्यहाँ मेला लाग्दछ। हाल यहाँ औद्योगिक केन्द्र बनेको छ। यहाँको बाईस-धारा उद्यान हेर्न-लायकको छ। यसैको माथि नागार्जुन पहाड पर्दछ। यहाँ गर्मीको समयमा श्री ५ को सवारी हुन्छ। यहाँ बूढा नीलकण्ठको जस्तो मूर्ति बनाई एक पोखरीमा राखेको छ। यहीं नेपालको ठूलो ट्यानरी (छालाको कारखाना), काठ-गोदाम, रक्सीको कारखाना, ऊन कारखाना इत्यादिका उद्योग छन्। कृषि-नर्सरी पनि यहीं छ।

साँखु—यो पूर्वपट्टिको सानू शहर हो। यसको नजीकै वज्र-

योगिनीको मन्दिर र शाली नदी छ। यहाँ गहुँको खेती खूब हुन्छ। काठमाडौंबाट यहाँ जाँदा पहिले बाटोमा बौद्ध पर्दछ। यहाँ धेरै भोटेहरूको बस्ती छ। त्यसपछि गोकर्णको जङ्गल आउँछ, जहाँ श्री ५ को संभ्फना-सदन छ। यो जङ्गल काठमाण्डू निवासीका निम्ति जल्सा-स्थान बनेको छ।

पाटन—यहाँ ४७,६७० मानिस छन्। यहाँ श्रीकृष्णको सार्है राम्रो मन्दिर छ। देवलमा काटिएका मूर्तिहरूको अध्ययनबाट सारा चरित्र बुझ्न सकिन्छ। यस शहरको चार दिशामा ठूल्ठूला ढिस्का छन्। यहाँ महाबौद्ध, क्वाबहाल आदि धेरै बौद्ध मन्दिर र बाहालहरू छन्। यहाँ श्री मत्स्येन्द्र [मच्छेन्द्र] नाथको प्रसिद्ध मन्दिर र अरू पनि धेरै प्रसिद्ध मन्दिरहरू छन्। अंग्रेजी डिग्री कालेज, मजिस्ट्रेट आफिस, हाईस्कूल, पाठशाला, अस्पताल, पाटन जिल्ला अदालत, नगरपालिका आदि यहीं छन्। चिडिया-खाना यही शहरको पश्चिम-पट्टि जाउलाखेल दर्बार-अडाडि छ। यो वाणिज्य र शिल्पकलाको मुख्य केन्द्र हो। यहाँ घरबुना, मलेदाहरू बुन्ने घरेलु इलम छ। यहाँका तामा, पित्तल, धातुहरूका माल र काठ, हस्तीहाड, बेलौरका मालहरू तथा ढुङ्गा, पित्तलका मूर्तिहरू प्रख्यात छन्।

कीर्तिपुर—यो शहर सदाशिवदेवले स्थापना गरेको हो। यहाँको बागभैरव मन्दिरको ढोकामा राम्रो कालीगढी देखाएको छ। धेरै वर्ष-अघि यहाँकी एक गाईले श्रीपशुपतिनाथमा आफै गई दूध चढा-

उँथिन् भन्ने लेखिएको छ। तिनै गाईको कीर्ति रहोस् भनी कीर्तिपुर नाम रहेको रे! नेपालको इतिहासमा यो एक प्रख्यात ठाउँ मानिएको छ। अहिले यहीं त्रिभुवन विश्वविद्यालय बनाइएको छ। यहाँका मानिसहरू सालको दश महीना सिकर्मी डकर्मी वज्रकर्मी बोसो ज्यामी भै देशभर काम गरी हिड्छन्। यो ५ हजार फीटमाथि रहेकोले यहाँबाट चारभञ्ज्याङभित्रको र हिमालको अति राम्रो दृश्य देखिन्छ।

चोभार—काठमाडौं र ललितपुर शहर-नजीकै करीब ५२ सय फीट अग्लोमा रहेको यो एक रमणीय ठाउँ हो। चारभञ्ज्याङभित्रका सबै नदीहरूको पानी यहींको गल्छीबाट बाहिर जान्छ। दक्षिणपूर्व फेदीमा वागमती निस्केको गल्छीकै मुखमा जलविनायकको मन्दिर छ। टुप्पामा श्रीआदिनाथ वा आनन्दलोकेश्वरको मन्दिर छ। चारैतिरको दृश्य हेर्न यहाँ धेरै मानिस घुम्न जान्छन्।

फर्पिङ—कान्तिपुरबाट यहाँसम्म मोटर जान्छ। यहाँ दक्षिणकालीको मन्दिर छ। बिजुलीको पावर हावस, बोर्डिङ्ग स्कूल, शिखर नारायण स्थान छ। आरु, नास्पाती र चूनका लागि यो स्थान प्रख्यात छ।

खोकना—यो पाटनदेखि दक्षिणपट्टिको एक सानो शहर हो। यहाँ तेल पेल्ने काम खूब हुन्छ। यहींनेर कोढको ओखती गर्ने

अस्पताल र कोढीहरू बस्ने घर छ। नजीकै बुगमती शहर छ। यहाँ मत्स्येन्द्रनाथ ६ महीना राखिन्छन्।

हरिसिद्धि—यो गोदावरीको बाटोमा पर्दछ। यहाँ हरिसिद्धि देवीको मन्दिर छ। यहाँका पुजारीलाई गठे भन्छन्। तिनीहरू सेतो जामा लाएका र कपाल पालेका हुन्छन्। यहाँ धान र गहुँको खूब उब्जनी हुन्छ।

ठेचो—यो एक सानो शहर हो। यहाँ दही र खुवा असल बन्दछ।

गोदावरी—यो पाटनबाट दक्षिण-पूर्व पर्दछ। यो इलाकाको स्वास्थ्यकर ठाउँ हो। यहाँ सिंह बृहस्पतिमा जाँदा प्रति बाह्र वर्षमा भारी मेला लाग्छ। अनेकौं जात्रूहरू यहाँका कुण्डमा स्नान गर्न आउँछन्। यहाँ सन् १९५१ देखि अमेरिकाका पादरीहरूले एक अंग्रेजी बोर्डिङ्ग स्कूल खोलेका छन्। सिङ्गमरमर कुँद्ने काम पनि यहाँ हुन्छ। उत्तम फलाम र जस्ता-खानि यसैमाथि फूलचोकीमा पाइएको छ। चून पोल्ने काम पनि यहाँ हुन्छ।

चापागाउँ—यो इलाकाको पाटनभन्दा सानो शहर हो। यो शहर-नेर श्रीवज्रवाराहीको मन्दिर छ। यहाँको जंगलमा जडी-बूटीहरू निकै पाइन्छन्। यहाँ हाल अमेरिकन मिसनको अस्पताल छ।

यस इलाकाका अरू साना साना शहर बस्तीहरू ठैब, लुँभुँ, साना गाउँ, सुनागुठी, पाँगा, नगाउँ, सतङ गोल, बलम्बू, किसीपिडी, थानकोट आदि हुन्।

भक्तपुर (भादगाउँ)—शहरमा ३३,६२१ र गाउँमा ५६,२२३ जनसंख्या छ। भक्तपुर यस इलाकाको मुख्य शहर हो। यहाँ भक्तपुर जिल्ला अदालत, स्कूल, कालेजहरू छन्। यो शहर शंखको आकरमा राजा आनन्द मल्लले बसाएको हो। यहाँ उहिलेका राजाहरूको महल आजसम्म छँदै छ। यहाँ दत्तात्रेयको मन्दिर छ। ५५ झ्याल भएको दरबारको काष्ठकला प्रसिद्ध र दर्शनीय छ। यहाँका धेरै घरहरू तेलिया ईंटले बनेका छन्। घरैपिच्छे कपडा बुन्ने काम हुन्छ। यहाँका खेतीवाल अतिमिहिनेती छन्। यहाँ माटाका भाँडा पनि किसिम-किसिमका बन्दछन्। नेपालको कालीगडीको चमत्कार हेर्नुं छ भने भक्तपुर अवश्य जानुपर्छ। काठ, तामा, पित्तल र ढुंगा आदिमा कुँदिएका बुट्टा र मूर्तिहरू हेर्नलायकका छन्। यस्तो शिल्पकला यहाँका पुराना हरेक घर र मन्दिरमा तथा विशेष गरेर ५५ झ्याले दरबारमा देखिन्छ। भक्तपुरको न्यातपोल, सुनढोका, दत्तात्रेय, नवदुर्गा र भैरव-मन्दिर दर्शनीय छन्।

ठिमी—यो गाउँ नेपालभरमा प्रसिद्ध छ। यहाँ बनेका माटाका भाँडा, गमलाहरू नेपालखाल्टोभर बिक्री हुन्छन्। खास गरी यसलाई नेपालको तरकारी बगैचा भने हुन्छ। किनभने भक्तपुर, कान्तिपुरभर यहींको तर्कारी बिक्छ।

बोडे—यो ठिमीदेखि केही उत्तर-पश्चिममा छ। यहाँको टिनक बजी (चिउरा) अति प्रसिद्ध छ।

भक्तपुरको उत्तर भागमा गुप्ताक्षरमा कुँदिएको मानदेवको स्तम्भ र अत्यन्त राम्रो कालीगडीले भरिपूर्ण भएको श्रीचाँगुनारायणको पवित्र मन्दिर छ। दक्षिणतर्फ सूर्यविनायक (गणेश)को प्रसिद्ध मन्दिर छ। यहीं अमेरिकन मिसनको अस्पताल छ। यहीं इलाकामा गर्मीमा हावा खाने नगरकोटको महल छ।

प्राकृतिक हिसाबले नेपाललाई तीन भाग लाएको छ—

नेपाल भारतको सीमादेखि चूरे पहाडसम्म मदेश; चूरेपहाडदेखि महाभारतसम्म भित्री मदेश र महाभारतदेखि चीनको सीमासम्म पहाडी प्रदेश भनिन्छ। जस्तो मदेशमा र भित्री मदेशमा जिल्लाको परिचय दिइयो त्यस्तै पहाडमा ती जिल्ला इलाकाको नाउँले विख्यात छन्। त्यस्ता इलाका कान्तिपुरभन्दा पूर्व—पूर्व १ नं०, २ नं०, ३ नं०, ४ नं० र पल्लो किरात, इलामको नाउँले प्रसिद्ध छन् र कान्तिपरभन्दा पश्चिम—पश्चिम १ नं०; २ नं०; ३ नं०: ४ नं० ले विख्यात छन्।

इलाम जिल्ला र त्यस भेककाले—घूम स्टेशनमा;
झापा जिल्ला र त्यस भेककाले—गलगलिमा स्टेशनमा;
विराटनगर, मोरङ्ग र त्यस भेककाले—जोगबनी स्टेशना;
सप्तरी जिल्ला र त्यस भेककाले—भपटियाही, जयनगर स्टेशनमा;
महोत्तरी जिल्ला र त्यस भेककाले—जयनगर, पुपुरी, सीतामढी स्टेशनमा;
सरलाही जिल्ला वा त्यस भेकलाले—सीतामढी स्टेशनमा;
रौतहट जिल्ला वा त्यस भेककाले—ढेंग स्टेशनमा;

बारा पर्सा वा त्यस भेककाले—आदापुर, रक्सौल स्टेशनमा;
पाल्ही माझ खण्ड र त्यस भेककाले—नौतनवा, सुरतगढ स्टेशनमा;
बाँके बर्दिया र त्यस भेककाले—नेपाल गंज रोड स्टेशनमा;
कैलाली, कञ्चनपुर र त्यस भेककाले—कतर्नीया घाट स्टेशनमा;

रेलचढी भारतमा आफ्नू इष्ट स्थानमा जाने र भारतबाट यिनै स्टेशनमा उत्री ती जिल्लाहरूमा जाने काम हुन्छ।

नेपालभित्रका बाटाघाटा

(१) काठमाण्डू—कोदारी राजमार्गः—यो बाटो काठमाण्डू—भक्तपुर—धूलिखेल, पाँचखाल हुँदै हिमालयको भञ्ज्याङसम्म पुग्दछ, जहाँ रहेको मितेरी पुलले तिब्बतको भूमिलाई जोड्दछ। यो बाटो चीन-सरकारको सहयोगबाट बनेर तैयार भएको हो। यसको लमाइ ११० कि०मी० (८० माइल करीब) छ।

(२) पोखरा-काठमाण्डू-राजमार्ग—चीन सर्कारको सौजन्यताबाट बन्न लागेको यो पोखरा-काठमाण्डू राजमार्ग हाल सबै भन्दा लामो र महत्त्वपूर्ण मान्नुपर्दछ।

(३) उपत्यका चक्रमार्ग—चीन सरकारको मदतले काठमाण्डू उपत्यकाको वरिपरि पहाडको कटिप्रदेशबाट एक वाटुलो बाटो बन्ने भएको छ।

(४) पोखरा-सुनौली-राजमार्ग—करीब १२० मील लामो यो

बाटो भारतीय सहायताबाट बन्दै छ। यस बाटामा १०० पुल बन्ने भएको छ।

(५) धरानदेखि जोगबनीसम्म बृटिश सरकारले अति राम्रो पिच बाटो बनाएको छ।

(६) दार्जीलिंग पहाडबाट इलामसम्म मोटर चल्ने सडक छ।

(७) काठमाडौंबाट रक्सौलसम्म त्रिभुवन राजपथ चालू छ।

(८) पूर्वपश्चिम राज-मार्गसहित अरू पनि अनेक बाटा बन्दै छन्।

(९) नेपालमा रक्सौलदेखि अमलेखगंजसम्म ३० मील लामो र जयनगरदेखि जनकपुरधामसम्म १८ मील लामो दुइ रेल छन्।

(१०) हेटौंडादेखि टेकुदोभानसम्म रोपवे (तार-मार्ग) चलेको छ।

(११) हवाई-मार्ग—

(१) काठमाडौंबाट—गोर्खा-पोखरा-भैरहवा।
(२) काठमाडौं —सिमरा।
(३) काठमाडौं —दिल्ली।
(४) काठमाडौं —पटना-कलकत्ता-बागडोगरा।
(५) काठमाण्डू —विराटनगर-कलकत्ता।
(६) काठमाण्डू — भरतपुर-दाङ-नेपालगञ्ज-धनगढी।
(७) काठमाण्डू —जनकपुर-राजविराज।
(८) काठमाण्डू —भद्रपुर (झापा)
(९) काठमाण्डू —ढाका।

(१२) कोइलाबासबाट दाङसम्म मोटर चल्ने बाटो छ।

बाबू हो ! मेरो जन्म वि० १९२१ सालमा काठमाण्डूमा भएको हो। म सत्र वर्षको हुँदा ३८ सालमा नेपालमा राज-काज पर्व चल्यो। त्यसमा कति बाहुनहरू मुडिएर देश-निकाला गरिए। अरू जातिहरू कति मारिए काटिए। राज-काज पर्व भनेको वीर र साहसिला व्यक्तिहरूबाट हुने कुरा हो। देश-निकाला भएर काशी आई बस्नेहरूको साहस निर्वासनले कम भएको थिएन। उनीहरूले यहाँ आएर आफ्नू रहन-सहनको व्यवस्था मिलाएर काशीमा पढ्न आउने विद्यार्थीहरूको, तीर्थवास गर्न आएका बूढा–बूढीहरूको पनि हरतरहले बस्ने पढ्ने खाने पिने प्रबन्ध मिलाइदिन्थे। उनीहरूको यो उदार कृति तीर्थ गर्न आउनेहरूका मुखबाट हामीहरूले पनि सुन्यौं र १९५० वि० सालमा पाँच जना बाहुन ठिटाहरू जम्मा भयौं र काशी पढ्न जाने भनेर कसिएर हिड्यौं। त्यस बेला नेपालमा कहीं पनि स्कूल पाठशाला थिएनन्। परम्परागत घरघरमै कहीं बाहुन केटाहरूले पढ्न पायो भने सक्दो पढ्थ्यो नत्र मूर्ख जिन्दगी बिताएरै मर्थ्यौं। कसैलाई धेरै पढ्नै मन लागे काशीमै आउनुपर्थ्यो।

नानी हो ! म काशी आउनुभन्दा पछि मैले शिखरनाथ भाष्य लेख्ता १९७१ वि० सालमा काठमाण्डूबाट रक्सौलसम्म आउने बाटामा धेरै विकास भैसकेको थियो, जसको उल्लेख यसै पुस्तकमा

भैसकेको छ। अचेल २०२४ सालमा त झन् सुधार भएको छ।

म काशी आउँदा त विकट समस्या थियो। हामी राहदानी लिएर काठमाण्डूबाट हिंडेपछि चार दिनमा बगाहा (वीरगञ्ज) आइपुग्यौं। हिउँदको दिन औलो लाग्दैनथ्यो, बाटामा साथी पनि फाट्टफुट्ट भेटिन्थे नै। भीमफेदीसम्म त हामी एकै दिनमा आरामैसँग आयौं, त्यहाँबाट गोरेटे पाखे बाटो हिड्दै हेटौंडामा बास बस्यौं। त्यहाँ राती जंगली जनावरको ज्यादै डर थियो, पालो पालो गरी रात बितायौं। अब यहाँबाट मदेश छिचल्नु मामूली कुरा थिएन, हामी पाँच जना साथीको आँट पनि पुगेन। संयोग रक्सौल आउने सात जना ढाक्रे त्यै बाटो आए; तिनैका साथ लागी घनघोर जङ्गलको बाटोमा हामी हिड्यौं, चूरेको डाँडो पार गरेपछि मुटुले ढ्याङ्ग्रो ठोक्न थाल्यो, हाहा र होहो कराउँदै भिछाखोरीमा बास बस्ने इन्तिजाम गऱ्यौं, दिन धेरै बाँकी भए पनि त्यहाँबाट अगाडि बढ्ने साहस भएन, त्यो ठाउँ त्यस वेला बनजन्तुहरूले भरिएको थियो। रातभरि सुतेनौं, धुनी जगाएर काँचा बाँस धुनीमा पड्काएर कोकोहोलो मच्चाएर रात बितायौं। सबै यात्री यसै गर्थे। चौथो दिन कुदमकूद गरेर भयङ्कर चारकोशे झाडी छिचलेर छातापिपरा (मदेशमा) निक्लेपछि बल्ल लामो सास फेरेर आरामै-साथ बगाहा आएर बस्यौं र भोलिपल्ट ट्रेनको टाइम मिल्ने गरो रक्सौलमा आई जनही दुइ रुपियाँ र एकाना (अचेलको २·०६पैसा) को टिकट

लिएर रेलमा चढ्यौं, अठार घण्टामा काशी आइपुग्यौं। रेलमा आउँदा सबै स्टेशन, जंकसन, बदल्ने ठाउँका नाम यौटा कागजमा लेख्तै आएको थिएँ। बनारस सिटीमा उत्रेपछि पैदलै सोध्दै खोज्दै रामघाटमा आएर यौटी आफ्नै तीर्थ बसेकी बज्यैकहाँ गएर आ-आफ्ना पोकापन्तरा राखेर गंगामा न्वाहुन गयौं, उतैबाट विश्वनाथ बाबा अन्नपूर्णा माताको दर्शन गर्दै डेरामा आएर पकायौं खायौं, अरू साथी त अनिंदा हुनाले सुते र निदाइ पनि हाले। मैले चाहिं बसेर आउँदा बाटामा गनेका सबै स्टेशनको र आउँदाको बयान हाली अरूलाई पनि काम लाग्ने गरी केही टुटे-फुटेका सिलोक बनाएँ। जो पाठकहरूको मनोरञ्जनका लागि तल लेखिदिएको छु। ती इ हुन्—

रक्सौलदेखि छपरा भै बनारस—

बेलूका रकसौल पाँच बजदा, रेल्मा त सामेल् भए।
डाँक्गाडी छपरा सबेर मिलला, सीटी बनारस् गए॥
एकाना दुइ रूपियाँ दि पुगछन् अट्ठार घण्टामहाँ।
चार्ठाऊँ बदली ति एक सय चौंतीस् कोश जान्छन् तहाँ॥

---

(१) बनारसबाट रकसौल, रकसौलबाट बनारस सुगौलीमा १, मुजफ्फरपुरमा २, सोनपुरमा ३, छपरा ४ यति ठाउँमा बदल्दछ।

रक्सौल् राम्गढवा सुगौलि बदली झट् सेमरामा गयो ।
मोतीहारि जिऊधरा र पिपरा फेरी चकीया भयो ॥
मैसी भो महमल् र मोतिपुर भो काँटी छ राम्रो अवोल् ।
मूजफ्फर्पुरमा* बदल्छ तुरकी भो कूरहा नीगरौल् ॥

भग्वान्पूर र सराय हाजिपुर भो सोन्पूर* उत्री चढी ।
वन्वारीचक भै गएर डिघवा-रा सानता गो बढी ॥
गोल्डेन्गञ्ज र कच्हरी र छपरा* गाडी बदल्छन् हजूर् ।
रेविल्गञ्ज र घाट माझि बकुला फेरी सुरेमानपुर् ॥

रेवती साहतवार बाँसडिहरोड् अर्को बलीया* भयो ।
सागर्पालि र फेफना चितवरागाऊँ यही भै गयो ॥
फेरी ताज्पुरडेहमा करिमुद्दिन् पुर् जान्नु ढोढाडिह ।
यूसुफपुर् साहवाज्कूलि गाजीपुर घाटै इहा ॥
फेर् गाजीपुरसीटि आँकुशपुरे त्यो नन्दगञ्जे अनि ।
सुन्नूभो अब यो तराव र सयद् पुर् भीतरी यो पनि ॥
औरीहार्*रजवारि कादिपुर भो सार्नाथ् बनारस्*सिटी ।
याहाँ वर्लनु पर्छ क्याण्ट अथवा नीकाल झीटीमिटी ॥

एक्का बग्गि चढी हिंडोकन पनी जानू र रामघाटमा ।
साहीनू लिइ मोधि खोजि बमनू कूटुम्बका घर्महाँ ॥
रूप्याँको थइलो दिमा गय पनी घाट्मा गए तापनि ।
भैंमा राखनु हुन्न राख कटिमा भीजे भिजीयोस् भनी ॥

काशीमा बदमास डाँट ठग छन् चोट्टाहरू छन् कई ।
होसीयार भएर हाजिर जवाफ् दीनू चतूरो भई ॥
स्नानादी मणिकणिका गइ गरी काशीपुरी ढूँडनू ।
काशी नायर चारधाम गयझैं फल् छैन है बूझनू ॥

हुलाक एक्सचेन्ज आफिस

भारतबाट नेपाल अधिराज्यभर चिठी पठाउँदा नाउँ, गाउँ आदिका बाद आफ्नू स्थानीय हुलाक, त्यस हुलाकको एक्सचेञ्ज

---

(१) जून स्टेशनमा ❀ यस्तो चिन्ह छ ताहाँ डाँक गाड़ी अडिन्छ ।

(२) व्हाँ बग्गी पाइन्न, यौटासम्म मिलिजावोस् बनारस छाउनीमा उत्र बग्गी पाइन्छन् । [अलेचझैं २०२४ सालमा उस बेला र रिक्शा पक्की बाटो थिएन ।]

काशी शहर १ कोश हुँदा बग्गीको ।॥) १); इक्काको ।) ।=) भाडा लिन्छन् ।

अाफिस र त्यस एक्सचेञ्ज अाफिसको भारतपट्टिको पोष्ट अाफिस, जिल्ला लेख्नुपर्छ; जस्तै :—

नेपालका हुलाक—

"काठमाण्डू, भक्तपुर, त्रिशूली, धादिङ, गोर्खा, बन्दीपुर, रसुवा, चौतारा, तातापानी, धूलिखेल, परेवाडाँडा" यति हुलाकमा भारतबाट चिठो पठाउँदा एक्सचेञ्ज काठमाण्डू (नेपाल) लेखेदेखि पुग्दछ ।

हुलाक—

"वीरगञ्ज, अमलेखगञ्ज, हेटौंडा, चितौन, भीमफेदी, कलैया, कटरवन"मा भारतबाट चिठी पठाउँदा एक्सचेञ्ज वीरगञ्ज, पो० अा० रक्सौल; जि० चम्पारन (बिहार) भनी लेख्नुपर्छ ।

हुलाक—"जलेश्वर, मलंगवा, गोशाला, सिंधुली, दोलखा, ल्याङल्याङ"मा एक्सचेञ्ज जलेश्वर, पो० अा०–सुरसण्ड, जिल्ला–मुजफ्फरपुर (बिहार) भनी लेख्नू ।

हुलाक—"जनकपुर र रघुनाथपुर"का लागि एक्स०—जनकपुर धाम, पो० अा०–जयनगर, जि०–दरभङ्गा (बिहार) भनी लेख्नू ।

हुलाक—"सिरहा, राजविराज, हनुमाननगर, उदयपुर"का लागि एक्स०–सिरहा, पो० अा०–जयनगर, जि० दरभङ्गा (बिहार) भनी लेख्नू ।

हुलाक—"विराटनगर, रंगेली, झाँपा, भद्रपुर, विजयपुर,

धनकुटा, तेऱ्हथुम, ताप्लेजुङ, भोजपुर, चैनपुर"मा पठाउँदा एक्स० विराटनगर, पो० आ०–जोगबनी, जि०–पूर्णिया (बिहार) लेख्नू।

हुलाक—"पशुपतिनगर र इलाम"का लागि एक्स०–पशुपतिनगर, पो० आ०–सुकिया पोखरी, जिल्ला–दार्जीलिंग (प. बं.) भनी लेख्नू।

हुलाक—नेपालगञ्ज, बर्दिया, कैलाली, कञ्चनपुर, दङ्गवन, प्यूठान, ढुड्वा पहाड, सल्यान, दैलेख"का लागि एक्सचेञ्ज–नेपालगञ्ज, पो०आ०–रुपैडिहा, जिल्ला–बहराइच (उ. प्र.)भनी लेख्नू।

हुलाक—"भैरहवा, बेथरी, तौलीहवा, स्यूराज, परासी, शेरगंज, बुटौल, पाल्पा, रिडी, स्याङ्जा, पोखरा, बागलुङ, थाक"मा चिठी भारतबाट पठाउँदा एक्स०–भैरहवा, पो० आ०–नौतनवा, जि०–गोरखपुर (उ. प्र.) भनी लेख्नू।

हुलाक—"बैतडी, दार्चुला, डडेलधुरा, डोटी, रिडीकोट,कर्नाली, माजुम्ला" हुलाक-मार्फत चिठी पठाउनु छ भने एक्स०–बैतडी, पो०आ०–झुलाघाट, जि०–पिथोरागढ भनी लेख्नू।

नानी हो ! याद राख :—

को धर्मः ? कति देवताः ? कति कलाः ? शिल्पं कथं शासनं ?
का नीतिः ? कतिधा लिपिः ? कति शिलाः ? का राष्ट्रभाषा कथम् ?
राजानः कति ? दूतकाः कति ? पुरा राज्य-व्यवस्था कथं ?
का मुद्रा कतिधा ? किमन्यदखिलं ? जानन्तु सर्वे जनाः ॥

*

अब म जाँदाखेरिका तीर्थहरूका स्थितिका विषयमा पनि केही जानिराख :—

गङ्गासागर ।

गङ्गासागर कलकत्ताबाट जलमार्गका रीतिले ९० माइल पर्दछ। गङ्गासागरमा १ खाडी उत्तरबाट बहेर समुद्रमा मिलेको छ, मकर संक्राति अर्थात् माघे संक्रातिका समयमा उस संगमदेखि उत्तर, खाडीदेखि पश्चिम किनारामा अन्दाजी १ माइल जङ्गल काटेर बाटो बनाई मेला जमाउंदछन् , कलकत्ताबाट धेरै दुकानदारहरू माल ली बेपार गर्न जान्छन्, बंगालतिरबाट पनि शीतलपाटी (गुनरी), चटाई आदि बिक्न आउंदछन्। भारी मेला परेमा हजारन नाउ ५।७ अग्निबोट वरिपरि हुन्छन्। बाघ-बँदेल घुमिरहन्छन्, कैयौं यात्रीहरूलाई बाघले भोग लगाएका छन्। यहाँका मानिसहरू यसो भन्दछन् अघि गङ्गा सागरमा कपिलजीको स्थान गुप्त भएको थियो। उनका वैष्णव प्रधान रामानन्दजीले प्रगट गरेको हुनाले गङ्गासमुद्रको मिलाप दोभानमा पुरानू कपिलजीको मूर्ति छ। दाहिने राजा भगीरथजीको मूर्ति छ। बायाँ रामानन्दजीको मूर्ति पनि छ। यात्रीहरू संगममा स्नान गरेर समुद्रलाई जटादार नारियल फल फूल पंचरत्न हीरा मोती मुंगा पुष्पराज आदि पनि सक्नेले चढाउंदछन्। कपिलजीको पूजा दर्शन गर्दछन्। त्यहाँको भेटी अयोध्याका मठवाला साधु लिन्छन्। कपिलजीको

स्थानबाट अलिकति उत्तरमा मीठो पानीको १ कच्चा पोखरी छ। त्यहींको पानी खान्छन् । मकर संक्रांतिका ३ दिनसम्म स्नान गर्दछन्, किन्तु मेला ५ दिन रहन्छ यहाँ पण्डा छैनन् । कार्त्तिकशुक्ल १५ का दिन पनि कोही कोही यात्री जान्छन् ,समुद्रको जल खाने पिने काममा आउँदैन, यसको माहात्म्य महाभारत (वनपर्व ८४ अध्याय) मा गङ्गा समुद्रका संगममा स्नान गर्नाले १० अश्वमेघ गरेको फल मिल्दछ भनी लेखेको छ, वाल्मीकि रामायणमा बालकाण्डका ३८ सर्गदेखि ४३ सर्गतक, पद्मपुराणमा स्वर्ग खण्डका ७८ अध्यायमा, बृहन्नारदपुराणका ८ अध्यायमा, शिवपुराणमा ११ खण्डका २१ अध्यायमा, श्रीमद्भागवतका २ स्कन्धका ८९ अध्यायमा, बाराहपुराणका १७० अध्यायमा गङ्गासागर-संगममा स्नान गर्नाले मनुष्यको ब्रह्महत्या पनि नाश हुन्छ भनी लेखेको छ । कूर्म्मपुराणमा ब्राह्मीसंहिता उत्तरार्द्ध ३६ अध्यायमा, श्रीमद्भागवतका तृतीयस्कन्धका ३३ अ० मा भगवान् कपिलदेवजी आफ्ना पिताका आश्रम (सिद्धपुर) देखि माताको आज्ञा लिएर ईशान कुनाका गङ्गासागरमा जाँदा समुद्रले उनै कपिलदेवको पूजा गरी यहाँ रहनुहोस् भनी ठाउँ दिएको हुँदा अझतक कपिलदेव त्रिलोकका शान्तिका निमित्त योगधारण गरी उसै स्थानमा बसेका छन् भन्ने कुरा लेखिएको छ ।

* * *

भुवनेश्वर

कटकदेखि १९ माइल दक्षिण उडीसामा प्रसिद्ध भुवनेश्वरको मन्दिर छ । जन्नाथजीका मन्दिरभन्दा पनि पहिले बनाएको प्राचीन मन्दिर छ । यसमा जगन्नाथजीको मन्दिरमा भन्दा पनि कारीगरी ज्यादा छ । प्रधान मन्दिर १९० फीट ऊँचा (अग्लो) छ । मन्दिरमा तलदेखि माथिसम्म नकाशीको काम पूर्ण छ । मन्दिरका गजूरमा त्रिशूल छ । यसका भित्र ८ फीट व्यासको अर्धमा १/२ हात ऊँचो भुवनेश्वर शिवलिंग छ । उहाँका पंडाहरू हरिहरात्मक पनि भन्दछन् मन्दिरमा अँध्यारो हुनाले दिनमा बत्ती बालेको हुन्छ । भुवनेश्वरका मन्दिरको पूर्वमुख छ । मन्दिरका अगाडि भोग-मन्दिर छ । मन्दिरका चारैतरफ बडा बडा पत्थरहरूले बनेका ७ फीट मोटो (चाक्लो) भारी अग्लो परखाल छ । जुन परखालभित्र देवताहरूका बहुत छोटा छोटा मन्दिर छन् । भोगमन्दिरका पूर्व सिंहका २ मूर्ति छन् । परखालका भित्र हिन्दूहरूदेखि अरू पस्न पाउँदैनन् । भुवनेश्वर शिवको रोज रोज पूजाको बन्दोबस्त यस्तो छ । १ सबेरै घंटी बजाएर जगाउँदछन् , २ आरती गरदछन् , ३ मुख धोई स्नान गराउँदछन्, ४ कपडा पहिराइदिन्छन्, ५ दाना मिठाई दही नरिवलको जलपान गराइदिन्छन्, ६ पूरी आदिको प्रधान भोग लाउँछन् , ७ सानू जलपान गराउँछन्, ८ मामूली जलपान गराउँदछन्, ९ कच्ची र पक्की भोग लगाउँदछन् , १० दोपहर भएपछि बाजा बजाएर शिवजीलाई

जगाउँछन्, ११ अनि निठाईको भोग लाउँदछन्, १२ प्रहर ढल्केपछि स्नान गराउँदछन्, १३ वस्त्र पहिराइदिन्छन्, १४ दोस्रो भोग लाउँदछन्, १५ दोस्रो स्नान गराउँदछन्, १६ बहुमूल्य वस्त्र पहिराई फूल, माला, सुगन्धी पदार्थ लगाइदिन्छन्, १७ भोग लगाउँछन्, १ घंटीबाद रातको भोग लाउँदछन्, १८ डमरु (डिबडिबे) बजाएर नाची-नाची पंचमुखो महादेवको मूर्त्ति राख्दछन्, १९ सुकला गर्ने बखतमा आरती गर्दछन्, २० सुकलाका निंति शय्या बिछ्याउँदछन्, रोज रोज यस्ता थितीसितकाम गर्दछन्, बहुत यात्री नृत्यमंडपभित्र जगन्नाथपुरीका झैं सर्ववर्ण एकै पंक्ति बसरे भोग लागेको काँचो भात खान्छन्, मंडपदेखि बाहिर कोही खाँदैनन्। बहुत यात्रीहरू पक्का प्रसाद लिन्छन्, पंडाहरू जमीनका आमदनीले भोग रातमा नित्य २५ रुपियाँ खर्च हुन्छ भनी भन्दछन्, जगन्नाथ जाने यात्रीहरू कि अगाडि कि पछाडि भुवनेश्वरजीको दर्शन गर्न अवश्य जान्छन्, ५ मिल परबाट भुवनेश्वरको मन्दिर देखिन्छ। बडामन्दिरका उत्तर विन्दुसरोवर नामक १ तलाउ बडो भारी छ। तलाउका जलका माझमा १ मन्दिर र स्थान बनेको छ, यहाँ उत्सवका समयमा देवताहरूको चलमूर्त्तिहरू राख्दछन्, तलाउका किनारामा वासुदेव अर्थात् कृष्णजी र अनन्त अर्थात् बलदेवजीको मन्दिर छ। यहाँबाट १ मील २ मील वरिपरि कोटितीर्थेश्वर ब्रह्मेश्वर छन्। ब्रह्मेश्वर मन्दिरका भित्र बाहिर बहुत नकाशीको काम छ। मन्दिरका पश्चिम ब्रह्मकुंड तलाउ छ। तास्करेश्वर, मुक्तेश्वर, केदारेश्वर, सिद्धेश्वर,

परशुरामेश्वर प्रसिद्ध छन् । मुक्तेश्वरको मन्दिर ३५ फीट ऊँचो बहुत खूबसूरत छ। यसमा बहुत कारोगरी भएका मूर्त्तिहरू पनि बनेका छन्, यसका पछाडि १ तलाउ भारी छ। माछैमाछा भएको १ गौरीकुंड तलाउ छ। यहाँ ४१ फीट ऊँचो केदारेश्वरको मन्दिरका १ कोठरीमा ८ फीट ऊँचा हनुमानको र सिंहासनमा खडा भएकी दुर्गाजीको मूर्त्ति पनि छ। यो मन्दिर बहुत पुरानू हो। अरू पनि धेरै छन् लेखी साध्ये छैन।

जगन्नाथपुरी

जगन्नाथजी जाँदा मुजफ्फरपुरसम्मका स्टेसनहरू हेरी पुरीतकका स्टेसन बिचार गर्दै उत्रने ठाउँमा उत्रँदै गरी गए पुरीमा पुगिन्छ, सो पुरी नेपाल हनुमानढोकाबाट ३८३ कोश, रक्सौलबाट ३५१, वैतरणीरोडबाट ५३ कोश, कटकबाट २६ कोश, भुवनेश्वरबाट ९ कोश, साक्षीगोपालबाट ६ कोश पर जगन्नाथपुरी पर्दछ। रक्सौलबाट कलकत्ता-कलकत्ताबाट जगन्नाथ पुरी अर्थात् काशीको टिकट ली आसनसोलमा दोस्रा रेलगाडीमा चढी एकदम पूर्व समुद्रका किनाराका उडिसा देशका ४ धाममाका मुख्य १ धाम जगन्नाथपुरीमा पुग्दछन्। यात्री वा यात्रू वा जात्रूहरू बस्नलाई पुरीको सीमा समुद्रदेखि मधुपुर नदीतक १॥ मील चाक्को फेरि बलिखंडादेखि लोकनाथका मन्दिरतक ३॥ मील लामू शहर बनेको छ। पंडाहरू

जात्रूहरूको नाम कागजमा वा ताड़पत्रमा लेख्दछन् कहिले कहिले बड़ा मेलामा १ लाख जात्रू बढ्दछन्। १ सालमा ५० हजारदेखि ३ लाखसम्म जात्रू जम्मा हुन्छन्। आफ्ना यजमानहरूलाई पंडाहरू आफ्-आफ्ना घर लगी राख्दछन्। उडीसाको जलवायु रोगवर्द्धक हुनाले धेरै जात्रू पहिला धामबाट परमधाम पुग्छन्। जगन्नाथजीको मन्दिर पुरीका माझमा प्रधान सटक टुंगिएको ठाउँनेर पश्चिम समुद्रदेखि आधा कोश उत्तर आसपासका जमीनभन्दा २० फीट अग्ला भूमिमा जसलाई नीलगिरि भन्दछन् उसै ठाउँमा जगन्नाथजीको मन्दिर छ। यहाँ अन्यधर्मी छोटा जातिहरूलाई र चर्मपात्रादि अर्थात् छालाका चीजबीजलाई भित्र हुल्दैनन्। जगन्नाथको मन्दिरका बाहिरको परखाल ६६५ फीट लामू छ। ६४५ फीट चाक्लो छ। यस परखालको गाहो २२ फीट अग्लो छ। प्रत्येक फाटकहरूभन्दा माझको फाटक बडो भारी छ। यसभन्दा पनि पूर्वको फाटक बहुतै उत्तम छ। काला पत्थरको नकाशीको काम बहुतै छ। अग्राखका दरबाजा (द्वार) छन्। फाटकका माथि ४ पाटे मन्दिरमा नकाशीको काम बिछट्टै राम्रो छ। कैयौं मूर्तिहरू मानिसका बराबरैका छन्। यस दरबाजामा दुइतिर भारी-भारी सिंह भएको हुनाले सिंहदरबाजा भन्दछन्। उत्तरका फाटकमा २ तरफ हात्ती र काठका ३ सारथि छन्। दक्षिण फाटक १५ फीट अग्लो छ। जसका माथि अनेकन् मूर्त्ति बनेका छन्। मन्दिरका परखालबाहिर वरिपरि चारै तरफ ५४ फीट चाक्लो बाटो छ। सिंहदर-

बाजाका अगाडि काला रङ्गको यौटै ढुङ्गा (पत्थर) को ३५ फीट अग्लो बडो भारी मोटो सुन्दर अरुणस्तंभ खडा छ जसका शिरमा सूर्यका सारथि अरुणजीको मूर्त्ति छ। सिंहदरबाजाका पूर्व मैदानमा सुकेको भात महाप्रसाद, जगन्नाथजीका पटहरू बेच्न राखेको बजार छ। कोई-कोई जात्रुहरू बेत, तालपत्रका छाता, चन्दन आदि पनि प्रसादि भनी लान्छन्। बाहिरको परखाल (किल्ला) भित्र ४५० फीट लामू ३०० फीट चाक्लो दोस्रो परखाल छ। यसमा पनि ४ फाटक छन्। बाहिरका परखालभन्दा धेरैन होचो छ। यसभित्र जगन्नाथजीको अरू देवताहरूका मन्दिर धेरै छन्। सन् ११९८ ई० मा राजा अनंगभीलदेवले १४ वर्षका बीचमा यो मन्दिर बनाएको हो। जगन्नाथजीका मन्दिर-अगाडि पूर्व जगमोहनका भगोडी नृत्यमन्दिर छ। यसका अगाडि भोगमन्दिर छ। जगन्नाथजीको मन्दिर १९२ फीट अग्लो,८० फीट लामू यत्तिकै चाक्लो छ। चारैतरफ जगमोहनमा स्त्रीहरूको र पुरुषहरूका धेरै तस्वीर छन्। मन्दिरका माथि अर्थात् यसका कटिस्थानका कोठामा वलिराजा, पश्चिम कोठामा नृसिंहजी, उत्तरका कोठामा कलियुग छन् , गजूरनेर शिखरमाथि नीलचक्र र पताका छन्। मन्दिरका भित्र पश्चिमपट्टि ४ फीट अग्लो, १६ फीट लामू पत्थरको वेदी छ। यसै वेदीलाई रत्नवेदी भन्दछन्। रत्नवेदीका दाहिने बायें ४ फीट त्यसका पछि अर्थात् पश्चिम ३ फीट चाक्लो गल्ली जस्तो बाटो छ—सब जात्रूहरू यतैबाट जगन्नाथजोका मन्दिर आदिको परिक्रमा गर्दछन्। रत्नवेदीका माथि उत्तरतर्फ ६ फीट लामू

सुदर्शन चक्र छ, यसका दक्षिण जगन्नाथजी, सुभद्रा, बलभद्रजी क्रमसित खड़ा रहेका छन् । जगन्नाथजीका १ तर्फ लक्ष्मीजी र सत्यभामा अगाडि राजा इन्द्रद्यम्नको धातुको मूर्ति छ, बलभद्रजी गौर (सेतो) वर्ण भएका ६ फीट अग्ला छन् । बलभद्रभन्दा १ अंगुल छोटा श्याम वर्ण भएका जगन्नाथजीको मूर्ति छ । सुभद्राजी ४ फीट अग्ली पीत (पहेंली) वर्ण भएकी छन् । यी तीनै मूर्ति काठका हुन् । यी तीनैवटाका हात पाउ ठुटा छन् । नाक ठूला छन् । देख्दाखेरि सुभद्राका हात छैनन् कि भनेजस्तो हुन्छ, तर कपडाभित्र दबिएका छन् । जगन्नाथजीका र बलभद्रजीका निधारमा हीरा लगाएको छ, यी तीन मूर्तिहरूको नित्य समय-समयमा र उत्सवहरूका दिनमा रङ्गविरङ्गका पोशाक पगरीहरू र सुनौला हात बहुमूल्यका अरू दोस्रा पोशाकहरू पहिराइदिन्छन् । अनेक प्रकारका शृङ्गारहरू बहुत हुन्छन् । सुकला जाग्रनका समयमा मंगल आरतीका बखतमा सादा शृङ्गार हुन्छ, अनि अवकाशवेश, पछि प्रहरवेश, यसका पछि चन्दन लगाउने भेष बनाउँछन् । सबभन्दा ठूलो प्रसिद्ध शृङ्गार यही हुन्छ । जो गोधूलीका पछि संख्या धूपका पछि बनाउँछन् । यिनका अतिरिक्त समय-समयमा जगन्नाथजीको दामोदरभेष, वामनभेष, बुद्धभेष, गणेशभेष आदि बनाउँछन् । जगन्नाथजी आदिको पोशाक पहिराई श्रृंगार गरिसकेपछि मन्दिरको फाटक खुल्दछ, यात्रीहरू दर्शन गर्न जान्छन् । मन्दिरमा अँध्यारो हुँदा दिनमा पनि दीया बालेका हुन्छन् । मंगला आरतीका समय प्रहर दिन चढ़ेपछि प्रधान

भोग लाएपछि गोधूलीका बाद् बडा शृंगारका समयमा नित्य ३ वार यात्रीहरू खास मन्दिरमा गएर रत्नवेदीको परिक्रमा गर्छन् अनि मूर्तिहरूका चरणमा दण्डवत् गरी जगमोहनबाट दर्शन हुन्छ। मन्दिरका अगाडिको जगमोहन १२० फीट अग्लो ९० फीट लामू यत्तिकै चाक्लो छ। यसका माझमा ४ खुट्टा बगलमा २ बाजु छन्। जगमोहनमा ३ तरफ ठूला ढोका छन्। उत्तरका बाजुमा जगन्नाथजीका असबाबहरू रहन्छन्। यात्रीहरू जगमोहनमा इकट्ठा भएर जगन्नाथ आदि देवताहरूको दर्शन गर्दछन्। बखतमा सब यात्री मन्दिरका भित्र जान्छन्। जगमोहनका पूर्व नृत्यमदिरका भित्र ६९ फीट लामू, ६७ फीट चाक्लो छ। यस नृत्य-मन्दिरमा समय-समयमा स्त्रीहरू गाना बजाना नाचना गर्दछन्। यसका पश्चिमका द्वारमा जो जगमोहनका नगीचै जय र विजयका मूर्ति छन्। पूर्वको हिस्सामा १ स्तंभमा गरुडजीको मूर्त्ति छ। नृत्यमन्दिरका पूर्व १२० फीट अग्लो ६० फीट लामू यत्तिकै फराक भोगमन्दिर छ। यसमा तलदेखि माथिसम्म पत्थर कुनेर असंख्य मूर्तिहरू बनाएका छन् भनी मानिसहरू भन्दछन् कि पछिल्ला शतकमा महाराष्ट्रहरूले कोणार्कका काला मन्दिरका हिस्साका पत्थर ल्याएर ४० लाख रुपियाँ खर्च गरी यसलाई बनाएको हो। पाकशालादेखि भोगमन्दिरतक एक राम्रो बाटो छ। भोगको सामग्री पाकशालाबाट तयार गरेर यहाँ ल्याउँदछन्। भित्रपट्टिका हातामा जगन्नाथजीका मन्दिरदेखि दक्षिणमा १ पीपलको रूख छ। यहीं ३८ फीट लामू यत्तिकै चाक्लो मुक्तिमण्डप

छ । यहाँ पण्डितहरूको शास्त्रार्थ हुन्छ । उहींनेर अक्षयवट छ । यहाँ अक्षयवटलाई यात्रीहरू अङ्कमाल गर्दछन् । उहींनेर प्रलयकालका विष्णुको बालमूर्ति छ, जसलाई बालमुकुन्द भन्दछन् । यहीं रोहिणी-कुण्ड छ, यहाँ पत्थरको चतुर्भुजी काग (कौवा) का मूर्ति छन् । विमलादेवी, नृसिंहजी, लक्ष्मीजी, एकादशी आदि देवता देवीहरूका मूर्ति छन् । बडामन्दिरदेखि पश्चिम सरस्वती कर्मावाई विधाता काली आदि देवमूर्तिहरू छन् । उत्तरका दरबाजामा शीतलाजीको मूर्ति छ, यिनदेखि भिन्न परखालभित्र शिव, सूर्य, हनुमान, गणेश, मङ्गला आदि देवता देवीहरूका मन्दिरहरू यस परखालभित्रै करीब पचास स्थान मन्दिरहरू बनेका छन् । बाहिरका हातामा सिंह-दरवाजानेर परखालभित्र २१ सींढीहरूका माथि मन्दिरको फर्स छ, दरवाजाबाट पस्ने यात्रीका दाहिने महाप्रसाद बेच्नेहरूका दोकानहरू छन् । फाटकनेर जगन्नाथजीको सानू मूर्ति छ । यिनलाई पतित पावन भन्दछन् । चमार आदि साना जाति जो मन्दिरका हाताभित्र पस्न पाउँदैनन् , तिनीहरू यिनैको दर्शन गर्दछन् । २२ भुजावाला ठाकुर पनि छन् । सिंहदरवाजादेखि उत्तर स्नानवेदी छ । जेठमा स्नानका निम्ति जगन्नाथजीलाई ल्याई यहीं स्नान गराउँछन् । दरवाजानेर १ इमारत छ, यहाँ स्नान हेर्नाका निम्ति लक्ष्मीजी बस्तछिन् । दरवाजाका दक्षिणतरफ १ दोस्रो इमारत छ । भगवान् फिर्दाखेरि लक्ष्मीजी स्वागतका निम्ति जान्छिन् , बाहिरका हाता-देखि पूर्व दक्षिणका कुनाका पासमा जगन्नाथजीको पाकशाला छ ।

यहाँ सयकडौं चून्हाहरू छन् । एक-एक चून्हामा कैयौं-कैयौं भाँडा चढ्दछन् । उत्तरका हात्ती—फाटकदेखि पश्चिम-दक्षिण वैकुण्ठ नाम भएको सानू घर छ। यहाँ आफ्-आफ्ना यात्री यजमानहरूलाई संकल्प गराउँदै के के दिन्छौ भनी अड्याई पंडाहरू कबूल गराउनाका निंति जूँघा मुसारी मुसारी बस्दछन् । पुरीमा बानर बहुतै छन् । जगन्नाथ पुरीमा ५ महादेव प्रख्यात छन् । लोकनाथ १, मार्कण्डेश्वर २, कपालमोचन ३, यमेश्वर ४, नीलकण्ठ ५ । १ चन्दनतलाउ, २ श्वेतगङ्गातलाउ, ३ पार्वती सागर, ४ इन्द्रद्युम्नतलाउ, ५ मार्कण्डेय तलाउ । यिनलाई पंचतीर्थ भन्दछन् । जनकपुर :— जगन्नाथजीका मन्दिरदेखि १॥ (डेढ) मील दक्षिण-पूर्व जनकपुरमा जगन्नाथजीको जन्मस्थान भन्दछन् । यहाँ पनि जगमोहन नृत्यमन्दिर, भोगमन्दिर खास मन्दिरमा ४ फीट अग्लो १९ फीट लामो पत्थरको रत्नवेदी (सिंहासन) छ, रथयात्राका समयमा पुरीका जगन्नाथ बलभद्र सुभद्राहरूलाई यस रत्नवेदीमा विराजमान गराउँदछन् । यस मन्दिरका फाटकमा पनि २ सिंह छन् । जगन्नाथ पुरीको केही नकल छ । यो मन्दिर बहुत पुरानू छ । मार्कण्डेय तलाउ जगन्नाथजीको मन्दिरभन्दा आधा मील उत्तर पर्दछ । तलाउका चारैतरफ पक्का सिंढीहरू छापेका छन् । परखाल पनि छ । यहाँ कैयौं मन्दिर छन् । यसै तलाउमा नुहाई मार्कण्डेयेश्वरको दर्शन गरी तमाम यात्रीहरू जगन्नाथजीको दर्शन गर्न जान्छन् । चन्दनतलाउ मार्कण्डेय तलाउभन्दा पूर्व २२५ गज चाक्लो केही लामो (पोखरी)

छ । वरिपरि पक्का सिंढीहरू छन् । पानीका माझमा चौतरा-माथि एक मन्दिर छ । डुङ्गा तरी जानुपर्दछ । वैशाख सुदी अक्षयतृतीयाका दिनदेखि २१ दिनतक स्नानयात्रा हुन्छ, यस स्नानयात्रामा भगवानको उही प्रतिनिधि चलमूर्त्ति रोज चन्दनतलाउमा लगेर नाउमा लोकनाथ महादेवको चलमूर्त्तिलाई समेत राखी घुमी चन्दनतलाउका माझमा जो मन्दिर छ त्यसमा राखी चन्दन आदि लगाएर जलक्रीडा गराई नाचगान गर्दछन् । सब जना चन्दन तलाउमा स्नान गरी चन्दन लेपन गरी सुगन्धि वस्तुको व्यवहार गर्दछन्, यसै दिनदेखि जगन्नाथजीको रथ बनाउनलाई साईत गरी प्रारम्भ गर्दछन् । स्नानयात्राको महिमा भारी छ ।

जगन्नाथजीको स्नानयात्रा

यो स्नानयात्रा ज्येष्ठ सुदि पूर्णिमाका दिन हुन्छ । यस दिन भगवान्का चारै मूर्ति (बलभद्र, सुभद्रा, जगन्नाथ, सुदर्शन) हरूलाई रत्नवेदीदेखि ल्याएर स्नानवेदीमा राखी १०८ सुवर्णघट–जलले स्नान गराई गणेशरूप धारण पारी रत्नसिंहासनमा विराजमान गराउँदछन् , यस दिनदेखि १५ दिनतक जगन्नाथजी बिरामी हुनुभयो भनी पट बन्द गरिदिन्छन् ।

जगन्नाथजीको दोलयात्रा ।

यो दोलयात्रा फागुन सुदि १५ का दिन हुन्छ अर्थात् उस दिन जगन्नाथजीको प्रतिनिधि मदनमोह मूर्ति मन्दिरका बाहिर दोलवेदीमा

बैठाएर झुलाउँदछन् । सब यात्री मनुष्जहरूमाथि लाल गुलाल अबीर अभ्रख (बुक्का) आदि चढाउँदछन् । भोगहरू पनि लाउँदछन् । इन्द्रद्युम्न तलाउ जनकपुरदेखि पूर्व मार्कण्डेय तलाउभन्दा केही छोटो इन्द्रद्युम्न तलाउ छ । ओरिपरि सिंढी छन् । तलाउमा कछुवा (ठोटरी) हरू विघ्न छन् । तलाउका पास १ मन्दिरमा नीलकण्ठ महादेव र इन्द्रद्युम्न; दोस्रा मन्दिरमा पद्मनाभ छन् । जगन्नाथजीका मन्दिरको प्रबंध मन्दिरको वार्षिक आमदानी ५ लाख, यात्रीहरूले पूजालाई भनी दिएको १ लाख जम्मा सालको ६ लाख पैदा भै जगन्नाथजीको पूजा भोग चल्दछ । मन्दिरका पुजारी, पंडा, मठधारी, नोकर, यात्रीहरूलाई लैजानेहरूका गुमास्ताहरू सब मिलाएर ६ हजार भन्दा अधिक छन् । २० हजारभन्दा बढ्ता स्त्री पुरुष लडकाहरूको परवस्तो हुन्छ । मन्दिरमा काम गर्ने नोकरहरू ६५० छन् । जगन्नाथजीका महाप्रसादो पकाउने भान्से ४०० छन् । १२० नित्य भात प्रसादहरू पकाउने केटी (लडकी) हरू छन् । कैयौं हजार मानिस पुजारी पंडाहरू छन् । यिनमा कोही-कोही बडा धनी छन् । मन्दिरका प्रधान प्रबन्धकर्त्ता पुरीका राजा छन् । जगन्नाथजीको नित्य सेवा बिहान घंटी बजाएर जगन्नाथ, बलभद्र आदि देवताहरूलाई जगाउँदछन् अनि कपडा खोलिदिन्छन् फेरि धाम देखाइदिन्छन् । ११ बजे आरामका निंति प्रार्थना गर्दछन् अनि भोजनको सम्पूर्ण सामग्री सिंहासनका अगाडि राखिदिन्छन् । समय-समयका भोगहरूमा सकालभोग, द्विप्रहरभोग, सन्ध्याभोग अनि उसका पछिबाट शृङ्गार-

भोग प्रधान छ। बहुत सामग्रीहरू तयार गरेर भोग-मन्दिरमा राख्दछन् अनि फाटक खोलेर भोग लगाउँदछन्। साधुका सामग्री भोगमन्दिरमा राख्दछन्। राजाको सामग्री खास मन्दिरमा भोग लगाउँछन्। राजाका गोपाल, बलभद्र नामक एक खास सामग्री-महलमा बनाएका मिठाईहरू नित्य भोग लाग्दछ अनि पछिबाट बेचिदिन्छन्। त्यसको दाम राजाका खानकी हिसाबमा राख्दछन्। ४ भोगका समयमा एक-एक घंटातक पट बन्द रहन्छ।

कर्माबाईका खिचडीको भोग पहिले लगाएको अर्थ कर्माबाई उठ्नेवित्तिकै खिचडी पकाई जगन्नाथजीलाई भोग लगाई स्नानादि कर्म गर्दिरहिछन्। एक दिन १ साधुले स्नान गरीवरी खिचडी भोग लाउनू तब पो धर्म हुन्छ भनी साधु गएछन्, होतानि भनी भोलिपल्ट नुहाई आई खिचडी पकाई भोग लाउँदा जगन्नाथजीलाई भोग लागेनछ। सधैं सबेरै खान दिन्थिन् हिजोआज नुहाई पकाउन लागिन् भनी जगन्नाथजीले पंडाहरूलाई स्वप्नामा कर्मावाई भक्तलाई अघिबाटैका झैं ननुहाई खिचडी पकाई भोग लाउने गर अरे भनिदेऊ भन्ने स्वप्ना देख्नासाथ पंडाहरूले त्यही साधुलाई डाकी भन्दा साधु तुरुन्त गै कर्मावाइलाई अघि जसोरी पकाउँथ्यौ उसै गरी पकाऊ, नुहाउनुपर्दैन। त्यहींदेखि अझतक सबेरैको कर्मावाईका नामको भोग नलगाईकन अरूको भोग लाग्दैन। महाप्रसाद भोजनका सामग्रीमा भोग लगाउँदा पहिले स्पर्शभेद मान्दछन् अर्थात् जगन्नाथजीलाई भोग लाउन लाँदा पात्रका

भोगलाई छुँदाखेरि विचार छ, सम्पूर्ण सामान पाकशालादेखि भोग लगाउने स्थानमा बडा नियमले ल्याउँदछन् । भोग लागिसकेपछि कुल्लीहरू मन्दिरदेखि महाप्रसाद निकाल्दछन् । भोग लाइसकेपछि महाप्रसाद बडो पवित्र हुन्छ । हिन्दूस्थानका सब मानिसहरू सुकेको भात (महाप्रसाद) आफ्ना-आफ्ना घर लैजान्छन् । सब जाति सबैको भात उच्छिष्ट (जूठो) प्रसाद भोजन गर्नलाई दोष मान्दैनन् । जूठो खान्छन् । जूठा पत्तलमा भात पस्कन्छन् , आफूले खाँदै उसै हातले अर्कालाई दिँदै वा अर्कालाई खुवाइदिँदै उसै हातले आफू खान्छन् । कमारा संगै गएका छन् भने पनि एकै ठाउँमा बस्तछन् । कमाराका भागमा भात उब्र्यो भने उही भात झिकी मालिकलाई पण्डाले हालिदिन्छ, तर यवन (मुसलमान) आदि नीच जातिहरूले छोएको दोष मान्दछन् अर्थात् खाँदैनन् । बाहिरबाट पकाई ल्याएको भातको पनि भोग लाग्दैन । १८ नालाभित्र मात्रै छूआछूत जूठोको विचार राख्तैनन् , १८ नाला बाहिर कोही पनि खाँदैनन् , यसअर्थले पुरीमा मात्र खानू अन्त नखानू भन्नाले सुकेको भात पोको पारी रेलमा अँग्रेज, मुसलमान, चमारहरूलाई छुआउँदै ल्याएको दोष हुन्छ भनो अर्थोकै प्रसाद ल्याउने हिसाब हुँदैन । पुरीमै पनि भट्ट नागरहरू १।२ सिता मात्र मुखमा हाली अर्थोकै खाएर आउने पनि धेरै छन् । प्रसाद एक गाँस एक सिता खाए पनि पेटभरि खाए पनि उत्तिकै हो खानुपर्दछ सही ।

रथयात्रा आषाढ सुदि २ का दिन हुन्छ । यस दिन जगन्नाथ

रोगमुक्त स्नान गरी रथमा चढेर आफ्नो जन्मपुर (जनकपुर) मा ७ दिन बसी फेरि आफ्नू रत्नसिंहासनमा विराजमान भइबक्सनुहुन्छ । यो रथयात्रा सब यात्राभन्दा श्रेष्ठ छ, रथ चढ्दा ४५ फीट अग्लो ३५ फीट लामो यत्तिकै चाक्लो १६ पाङ्ग्रा लागेका रथमा जगन्नाथजी, फेरि ४४ फीट अग्लो १४ पाङ्ग्रा लागेको रथमा बलभद्रजी, फेरि ४३ फीट अग्लो १२ पाङ्ग्रा लागेको रथमा सुभद्राजी सुनौला हात-पाउ गराएका छँदा विधिपूर्वकसित सिंहदरवाजाबाट निस्की तीनै मूर्ति चढ्दछन् अनि पुरीका राजा हात्ती, घोडा, पालकीका साथ सवारी भै अलिक परै उत्री पैदल आई रथका अगाडिमा रत्न लागेका अमूल्य कुचोले कसिङ्गर बढारी मूर्तिहरूको पूजा गरी सबभन्दा पहिले रथको डोरी समाती छोडिदिन्छन् , उहाँपछि रथ घिच्याउनका निम्ति बिना लगानका खेत कमाएका ४२०० कुल्लीहरू घिस्याउँदछन् । बहुत यात्रीहरू पनि प्रेमले घिस्याउँदछन् । बालुवामा पाङ्ग्राहरू गाडिंदा कहिले त जनकपुर पुग्न धेरै दिन लाग्दछ । जनकपुर पुगेपछि ३ दिन कच्चा भोग तयारी रहन्छ, चौथो रातमा लक्ष्मीजी आफना स्वामीको दर्शनका निम्ति आउँदछिन् । उस तिथिलाई लोकहरू हरिपंचमी भन्दछन् । जगन्नाथ आदि देवता ४।५ दिनतक जनकपुरमा बसेर दशमी तिथिमा फर्कन्छन् । विजयद्वार भएर बाटिन्छन् । फिर्दाखेरि यात्रीहरू कम हुँदा मार्गमा ढीलो हुन्छ । सिंहदरवाजामा रथहरू पुग्नेवित्तिकै फर्केको उत्सव गरी सिंहासनमा आउनेसाथ स्पर्शदोष निवारण गर्नका निंति मूर्तिहरूको संस्कार गर्दछन् । पहिला उत्सव

रथयात्रा दोस्रो उत्सव स्नानयात्रा अरू जन्माष्टमी रामनवमी हरिशयनी एकादशी आदि १५।१६ अरू छन्, मूल कुरा यत्तिकै हुन्। पद्मपुराणका पातालखंडका १७ अध्यायदेखि मास्तिर पुरीको विस्तार छ, अग्निपुराणका ८० अध्यायमा, ब्रह्मपुराणका ४१ अध्यायमा, भविष्यपुराणका उत्तरार्द्ध १२१ अ० मा, १२२ अ० मा रथयात्राको विधान पनि छ, लेखी साध्य छैन, यो पहिला धाम समाप्त भयो।

तीर्थभोजमा होम गरिने जगन्नाथका मुख्य देवता

गङ्गासागरसङ्गमेश्वराय नमः। भुवनेश्वराय नमः। साक्षीगोपालाय नमः। सुदर्शनचक्राय नमः। जगन्नाथाय नमः। सुभद्रायै नमः। बलभद्राय नमः। लक्ष्म्यै नमः। सत्यभामायै नमः। बालमुकुन्दाय नमः। पतितपावनाय नमः। लोकनाथाय नमः। मार्कण्डेश्वराय नमः। कपालमोचनाय नमः। यमेश्वराय नमः। नीलकण्ठाय नमः। जगन्नाथ-समीपस्थ-सर्वतीर्थदेवेभ्यो नमः।

दक्षिण रामेश्वर-यात्रा

हाता मद्रास मदूरा जिला रामेश्वर बस्तीका पूर्व समुद्रका किनारा रामदास जिमीदारीमा टापू र नगर छ। यो ११ मील लामो ६ मील चाक्लो पवित्र भूमिमा ९०० फीट लामो ६०० फीट चाक्लो अर्थात् २० बीघा भूमिमा १२० फीट अग्लो रामेश्वरजीको पत्थरको मंदिर छ, मन्दिरका वरिपरिको पर्खाल २२ फीट अग्लो छ। यस किल्लारूपी

पर्खालमा मन्दिरभित्र जाने ५ गोपुर माने फाटक (ढोका) छन्। ५ ढोकामध्यमा पश्चिमचाहिं बाजा बजाउने नौमतखाना भएको गोपुर असंख्य ठूलो छ। यो सात मंजिला गोपुर जो करीब १०० फीट अग्लो छ, बडो तयारी छ। उत्तर–दक्षिणवाला दुइ गोपुर साधारणै परखालभन्दा केही अग्ला छन्। पूर्वपट्टि २ गोपुर छन् गोपुर-भित्रका परखाल तरफमा नकाशीको विचित्र काम छ। मूर्त्तिहरू बहुतै बनेका छन्। पश्चिम या रामेश्वरको मन्दिर चारपाटे छ तापनि पूर्व र पश्चिम लामू पाटे पर्न गएको छ। पहिला मूलवाला गोपुर (ढोका) भित्र रामेश्वरजीको चित्र (पट) रुद्राक्षका मालाहरू बिक्छन्। मन्दिरका भित्रको राम्रो बाटो ४०० फीट लामू २० फीटदेखि ३० फीटसम्म चाक्लो छ, रात्रीमा सड़कमाथि छतमा सयकड़ौं लालटेन बल्दछन्। बाटामा र छतमा ४ फीटतक लासा पत्थर छापेका छन्।

नम्बर १ रामेश्वर आदि मन्दिरहरूलाई र आर्को भित्री सडकलाई ओरिपरिबाट घेरिएको यो मूल भारी सड़कलाई पश्चिम उत्तर दक्षिणका गोपुर (फाटकहरूका ३ बाटा (सड़क) हरूले काटी भित्र गएका छन्। यो ओरिपरि घुमेका मूल सड़कका २ तरफ ४ फीटका ऊचाइमा बडा-बडा खंभाहरू लागेका दोहरा दलान छन्। खंभा आदिमा मानिसहरू र सिंह आदि जानवरहरूका बडा-बडा मूर्त्तिहरू सुन्दर-सुन्दर बनेका छन्। द्वारदेखि भित्र १ जगाका दाहिने खंभामा परिवार-सहित सेतुपतिका मूर्तिहरू खोपेर बनाएका छन्। उत्सवका समयमा रामेश्वरजीको प्रतिनिधि मूर्त्ति मन्दिरको परिक्रमा

गर्दा यहाँ ठहर्दछन्। उस समयमा राजाका तरफबाट आरती हुन्छ, उत्तरका सड़कमा पश्चिम ब्रह्महत्या, बिमोचन नाम कूप (इनार) छ, माझमा गंगातीर्थ २ कूप छन् अनि यहाँदेखि पूर्व गया तीर्थ १ कूप छ। सड़कका पूर्व-दक्षिणमुखवाला मन्दिरमा स्कन्द आदिका धातुमय मूर्ति छन् , यसै सड़कमा ओरतिर अनेक देवताका द्वार छन्। यस सडकबाट रामेश्वर र पार्वतीको मन्दिरको तेस्रो परिक्रमा हुन्छ।

नम्बर २ भित्र दोस्रो सड़क रामेश्वर र पार्वतीका मन्दिरलाई दोस्रो परिक्रमा गर्ने यो पनि ओरिपरिको छ। यस बाटाका २ तरफ खंभादार छतवाला कतार छन्। पश्चिम गोपुरका सड़कबाट प्रवेश गर्ने स्थानका सामुन्नेका छोटा मन्दिरमा गणेशजीको विशाल मूर्त्तिको दर्शन हुन्छ, ईशान कुनापट्टि साना मन्दिरमा शिव पार्वतीका धातुमय मूर्ति छन्। यसका पूर्वतिर शंख तीर्थ १ कूप छ, पूर्व फाटकका सड़कनेर १ चक्रतीर्थ छ।

नम्बर-३—यो रामेश्वरका र पार्वतीका मन्दिरको पहिला परिक्रमा हो। पूर्वतरफ रामेश्वरजोका निज मन्दिरका सामुन्ने सुनको पानी लगाएको बड़ो भारी स्तंभ छ, यसै स्तंभनेर १३ फीट अग्लो, १८ फीट लामो ९ फीट चाक्लो नन्दी माने बसा (साँढे) छ, सब भारतवर्षका नन्दी (साँढे) भन्दा ठूलो मूर्त्ति छ, नन्दीका सामुन्ने रत्नाकर र महोदधि दुवै समुद्रका र हरबोलाका खाडीको प्रतिमा छ। नन्दीका वामपार्श्वका मण्डपमा बालहनुमानको मूर्ति छ। नन्दीदेखि

उत्तर कोटितीर्थ नाम कूप र दक्षिण शिवतीर्थ नामक छोटो तलाउ छ, यसैका दक्षिण अमृत तीर्थ नामक कूप छ।

नम्बर ४–तीन डेवढी भित्र १२० फीट अग्ला मन्दिरमा १२ ज्योतिलिंग-मध्यमा उत्तम, शेषनागराजका फणारूपी छत्रधारी भएका सेतु आरम्भका समयमा श्रीरामचन्द्रजीले मनुष्यहरूका ब्रह्महत्यादि पाप छुटाउनाका निंतिमा स्थापना गरेका रामेश्वर नाम शिवलिंग विराजमान छन्, साधारण यात्रीहरू सबै भित्र जान पाउँदैनन् किन्तु जगमोहनबाट जलहरो (अर्घ) समेत टट्कारै दर्शन गर्दछन्। रात्रीमा पचासन दीया बालेका हुन्छन्। रुपियाँका तङ्गी असर्फीका लक्कू पुजारीलाई थमाउन सके छुन पनि पाइन्छ, पशुपतिनाथका जस्तो नियम छैन। यात्रीहरूको फूल-माला, बिल्वपत्रादि पुजारी तरफबाट चढ्दछ। १।६२ पैसा दिनाले गंगाजल चढाउने टिकट मिल्दछ। ४० पैसा उपर लाग्दछ। गंगाजल पनि पुजारीद्वारा चढ्दछ, जोसित गंगाजल छैन आफ्ना पंडासित खरीद्छन्।

नम्बर ५— रामेश्वरका समीपमा बडो भारी अनेक देवमूर्तिहरू भएको जगमोहन छ। यहीं यात्रूहरू उभिएर रामेश्वरजीको दर्शन गर्दछन्। जगमोहनदेखि हनुमानले कैलासदेखि ल्याई स्थापना गरेको काशी विश्वेश्वरको मन्दिरसहित शिवलिङ्ग छ। अन्नपूर्णाजीको पनि मूर्ति छ। भोग-रागको पनि असल प्रबंध छ। स्कन्दपुराणका सेतुबन्धन खण्डका ४४।४५।४६ अध्यायहरूमा हेर्नुहोस्—हनुमानले कैलासबाट शिवलिंग ल्याई रामेश्वरदेखि उत्तर स्थापना गरिदिए।

रामचन्द्रजीले भन्नुभो कि यो लिंग हनुमानका नामले प्रसिद्ध हुनेछ, यो हनुमानजीले ल्याएको लिंग काशी विश्वेश्वरको दर्शन गरें भनी रामेश्वरको दर्शन गर्नू भनी लेखेको छ, उसै गर्दछन् ।

नम्बर ६–जगमोहनदेखि पूर्व तल जमीनमा आनुपन छ, यसका नैर्ऋत्य कुनाका पास सर्वतीर्थ नामक कूप छ ।

नम्बर ७—तीन डेवढीका भित्र बहुमूल्य वस्त्र र भूषणहरूले सुशोभित पार्वतीजीको सुन्दर मूर्ति भएको मन्दिर छ । रात्रीमा पचासन, दिनमा पनि धेरै दीप बल्छन्, मन्दिरका भित्र सर्वसाधारण जात्रु जान पाउँदैनन्, दक्षिणा दिए दोस्रो डेवढीबाट दर्शन गराउँछन् ।

नम्बर ८–पार्वतीका मंदिरको ठूलो जगमोहन छ । यसैमा खडा भएर पार्वतीजीको दर्शन गर्दछन्, जगमोहनका उत्तर भागमा १ घेराका भित्र सुनौला झुलनामा पार्वतीजीको सानू मूर्त्ति छ । जगमोहनका दोस्रा हिस्सामा धेरै देवताका मूर्त्ति छन् ।

नम्बर ९ मा जगमोहनदेखि पूर्वका आङनमा १ मण्डप र १ ऊँचो सुनौलादार स्तंभ छ ।

नम्बर १० मा माधवतीर्थ सरोवर र सेतुमाधवजीको मूर्त्ति छ ।

नम्बर ११ मा गवयतीर्थ, गवाक्षतीर्थ, नलतीर्थ, नीलतीर्थ, गंधमादनतीर्थ नामक कूप क्रमैले मिल्दछन्, ५।६ देवमन्दिर छन् ।

नम्बर १२ मा उत्तरका भागमा सानू दरवाजाका पास सूर्यतीर्थ र चन्द्रतीर्थ २ कूप छन् ।

नम्बर १३ मा कोही प्रसिद्ध वस्तु छैनन् ।

नम्बर १४ मा नरिवल आदिका बहुत वृक्ष छन्, यसका पश्चिम भागमा १ शिखरदार मन्दिर छ ।

नम्बर १५ मा नरिवल आदिका बहुत रूख छन् । यसका पश्चिम हिस्सामा सडकका पास शिखरदार शिवमन्दिर छ ।

नम्बर १६ मा घरहरू र अनेक वृक्षहरू छन् ।

नम्बर १७ मा उत्तर हिस्सामा सरस्वतीतीर्थ, सावित्री तीर्थ, गायत्री तीर्थ नामका ३ कूप र दोस्रा जग्गामा कैयौं मण्डप छन् । दुइ गोपुरका माझमा लक्ष्मीतीर्थ बावली छ ।

नम्बर १८ मा अर्थात् पूर्व २ गोपुरका सामुन्ने २ दरवाजा छन्, उसको दक्षिणभाग उजाड छ ।

रामेश्वरजीको मन्दिरमा माथि नलेखेको देवताको स्थानमा श्रीरामचन्द्र, लक्ष्मण, भरत, शत्रुघ्न, सीता, साक्षीगोपाल, जनार्दन, वेंकटेश, कोटिदेवता, कोटेश्वर, गणेश, कार्तवीर्य, महावीर, नवग्रह आदि देवताहरूका मूर्तिहरू र यहाँका कारिन्दा-मालिक बस्ने घरहरू पनि धेरै छन् । अग्नितीर्थ रामेश्वरजीको मन्दिरदेखि पूर्व समुद्रका १ घाटलाई भन्दछन् । त्यहाँ यात्रीहरू स्नान गर्दछन् ।

अगस्त्यतीर्थ—मन्दिरका ईशान दिशामा ५ सय गज पर अगस्त्यतीर्थ नामक १ बावली छ ।

२४ तीर्थ स्कन्दपुराणका सेतुबन्ध खंडमा रामेश्वरदेखि देवीपत्तन

तक २४ तीर्थको माहात्म्य लेखेको छ। माथि मन्दिरका २४ तीर्थमा कति तीर्थ बदला गरिदिएका छन्। तल लेखेका २४ तीर्थ प्रसिद्ध छन्।

नम्बर १० मा १ माधवतीर्थ, नम्बर ११ मा २ गवयतीर्थ, ३ गवाक्षतीर्थ; ४ नलतीर्थ, ५ नीलतीर्थ; ६ गन्धमादनतीर्थ; नम्बर १२ मा ७ ब्रह्महत्यादिमोचन तीर्थ, ८ गंगातीर्थ, ९ यमुनातीर्थ; नम्बर १३ मा ११ सूर्यतीर्थ, १२ चन्द्रतीर्थ; नम्बर १४ मा १३ शंखतीर्थ, १४ चक्रतीर्थ; नम्बर १५ मा १५ अमृततीर्थ, १६ शिवतीर्थ; नम्बर १६ मा सर्वतीर्थ; नम्बर १७ मा १८ सरावतीतीर्थ, १९ सावित्रीतीर्थ, २० गायत्रीतीर्थ, २१ लक्ष्मीतीर्थ, समुद्रमा २२ अग्नितीर्थ, मन्दिरदेखि ईशानमा २३ अगस्त्यतीर्थ; नम्बर १८ मा २४ कोटितीर्थ। यिनमा माधवतीर्थ तलाउ छन्, लक्ष्मीतीर्थ, अगस्त्यतीर्थ, बावली अग्नितीर्थ, समुद्र बाकी १९ तीर्थ १९ कूप छन्। २२ तीर्थ मन्दिरको भित्र छन्, २ तीर्थ बाहिर छन्। जाने वेलामा यात्रीहरू कोटितीर्थमा नुहाउनाले सबै तीर्थमा नुहाएजस्तो हुन्छ भनी नुहाई जान्छन्। मन्दिरको उत्सव मूर्तिहरू शिवरात्रीका दिन ६ विमानहरूमा सिंहासनारूढ गाना-बजाना गरी निकाली प्रत्येक विमानमा ४।४ कःहार लागी शिव, पार्वती, गणेश, कार्तवीर्य हनुमान्, छैटौंमा अन्य देवहरू रहन्छन्। श्रावण महीनामा शिवपार्वतीका विवाहको उत्सव हुन्छ, उस बखतमा आस-पासका मानिसहरू धेरै अरू बखत-बखतमा पनि उत्सवहरू हुन्छन्। सैकडौं यात्रीहरू रोज-रोज पुग्दछन्, त्रेतायुगमा

सीताका खोजीमा लङ्का जाँदा यहोंबाट समुद्रमा पुल बाँधी राम जानुभएको हो, रामेश्वरमा यात्रीहरू बस्नाका निंति ६ (चत्तरम्) रहने स्थान छन्, बीच मद्रास जङ्कशनबाट ४४८ मील छ। रामेश्वरमा रामनाथका राजाले ५७ गाउँ गूठी राखेका छन् ४५००० रुपियाँ मालगुजारी आउँछ यी दक्षिणतरफका ४ धाममध्यमाका ठूला १ धाम रामेश्वरजी हुन्, रामेश्वरजीका मन्दिरको बाहिरी परिक्रमा २॥ कोश पर्दछ।

रामझरोखा :–रामेश्वरका मन्दिरदेखि आधाकोश उत्तर स्थान छ, रस्ता बालुवाको छ, यात्रीहरू पैदल जान्छन्, यहाँ २ मंजिला चलान मध्यमा १ बडा अग्ला ठाउँमा छ, यहीं रामचन्द्रजीका चरण पाइला छन्। यिनै चरणको पूजा हुन्छ, यहाँबाट धनुषतीर्थ र ३ तरफ समुद्र देखिन्छ।

लक्ष्मणतीर्थ :–रामेश्वरका मन्दिरदेखि कच्ची आधा कोश पश्चिम लक्ष्मणकुण्ड नामक १ उत्तम सरोवर र लक्ष्मणेश्वर महादेव छन्, रामेश्वरका यात्री लक्ष्मणतीर्थमा स्नान गरी लक्ष्मणेश्वरको दर्शन गर्दछन्, पिता नहुनेहरू मुंडन गरी स्नान गर्दछन्।

रामतीर्थ :–लक्ष्मणकुंडबाट पूर्व उही सटकदेखि दक्षिण रामकुण्ड नामक पक्का सरोवर तीर्थ छ, यहाँ स्नान वा मार्जन गर्दछन्।

सुग्रीवतीर्थ :–रामेश्वरका मन्दिरका र रामझरोखाका माझमा सुग्रीवकुण्ड नामक सरोवर छ। यसैका किनारामा १ छोटो मन्दिर छ,

सुग्रीवको सानू मूर्त्ति छ, सरोवरमा थोरै पानी छ, मन्दिरमा कोही रहँदैनन् ।

ब्रह्मकुण्ड :—रामेश्वरको परिक्रमा २॥ (अढाइ) कोशको छ, त्यसै परिक्रमामा हनुमानकुण्ड र यसका पछाडि समुद्रका रेतीमा ब्रह्मकुण्ड भेटिन्छ, यहाँ स्वाभाविक (आफै भएको) विभूति (भस्म) रहन्छ । यात्रीहरू आफ्ना घर लान्छन्, यहाँ महिषमर्दिनी देवीको मन्दिर छ । विजया दशमीका दिन गणेश रामेश्वर स्कन्दहरूको धातुमयी उत्सव मूर्त्तिहरू रामेश्वरका मन्दिरबाट विमानमा चढ़ाएर ब्रह्मकुण्डमा लान्छन् । त्यहाँ समी वृक्षको पूजा गर्दछन् ।

सीताकोटी :—रामेश्वरपुरीबाट ४।५ मील पर समुद्रका किनारामा सीताकोटी नामक तीर्थ छ, यहाँका कूपको जल बहुतै मीठो छ।

धनुष्कोटीतीर्थ :—रामेश्वरका पुरीभन्दा ६ कोश दक्षिण धनुष तीर्थ नामक प्रसिद्ध तीर्थ छ, ३।४ रुपियाँमा आतीजाती किराया बयल गाडीको मिल्दछ, अनेक यात्री रामेश्वरपुरीदेखि समुद्रद्वारा नावबाट धनुषतीर्थ जान्छन्, पैदल बाटो ७ मील दक्षिण गएपछि बनियाँहरूका दुकानसहित सदावर्तवाला १ सानू धर्मशाला मिल्दछ, यहाँबाट १॥ कोश अगाडि धनुषतीर्थ छ, यहाँ जमीनको नाका समुद्रभित्र केही पसेको छ, यसका एक तरफलाई महोदधि भन्दछन् । एक तरफलाई रत्नाकर भनी लोकहरू भन्दछन्, माझमा बालुवाको मैदान छ, यहाँ समुद्रमा स्नान गरी आफ्ना पंडाले लगेको सुनौला

धनुषको पूजा गरी सेतु (पूल) को प्रार्थना गर्दछन् , ग्रहणका बखतमा मेला हुन्छ ।

वाल्मीकिरामायण लंकाकाण्ड १२४ देखि १२५ सर्गतकमा रावण मारी फर्कंदा पुष्पक नाम विमानैबाट रामले सीताजीलाई हाम्रा सेना बसी नल आदिले पुल हालेको यो सेतुबंध घाट भनी तीनै लोकमा प्रसिद्ध भै पूजनीय भएको पापको नाश गर्ने पवित्र जग्गा यै हो भनी देखाएको छ ।

पराशरस्मृतिका १२ अ० मा रामका आज्ञाले नल नाम वानरले १०० योजन अर्थात् ४०० कोश लामू ; १० योजन अर्थात् ४० कोश फराक यो पुल बनाएको हो, जो यो पुलको दर्शन गर्दछ ब्रह्महत्या पापदेखि उत्निखेरै छुट्तछ भनी लेखेको छ ।

ब्रह्माण्डपुराणमा र अध्यात्मरामायण लंका-काण्ड ४ सर्गमा सेतुबन्धको दर्शन गरी रामेश्वर शिवको दर्शन गरे ब्रह्महत्यादि पापहरूबाट छुट्तछ, सेतुबंध घाटमा स्नान गरी काशीबाट लगेको गंगाजल रामेश्वरमा चढायो भने ब्रह्मलोक मिल्दछ भनी लेखेको छ। ब्रह्मवैवर्त्त पुराण कृष्णजन्म खंडका ७६ अ० मा असारका पूर्णिमाका दिन सेतुबंध रामेश्वरको दर्शन पूजा गर्नाले फेरि जन्म हुँदैन, मुक्त हुन्छ भनी लेखेको छ ।

शिवपुराण ज्ञानसंहिता ३८ अ० मा गरुडपुराण पूर्वार्द्ध ८? अ० मत्स्यपुराणका २२ अ० मा र स्कन्दपुराणमा ता चौपट्टै छ,

अध्याय-अध्यायमा एक-एक तीर्थको बयान छ, यो रामेश्वर ४ धाममाको १ उत्तम धाम हो भनी लेखेको छ।

मद्रासतिर तमिल भाषा तुम्चामा कौडीहरू हाली बजाएको शब्द जस्तो गरी बोल्दा तमिल भाषा बुझ्न गाहारो हुन्छ। झाडा फेर्ने चरपी (पाइखाना) कहाँ छ भनी चिच्याई चिच्याई हिंडी सोधनी गर्दा पनि नबुझी पत्ता नलागी धोतीमा वा सुरुवालमा झाडा वा आची गर्दछन् भन्नाका निंति नेपाली हिन्दी तैलंगी तमिल ४ भाषामा आफूलाई काम लाग्दो द्रव्यादिका नाम लेखेको छ, मद्रास रामेश्वरतिर यही तमिल बोली प्रसिद्ध छ। ... ...।

तीर्थभोजमा होम गरिने रामेश्वरका मुख्य देवता

काशीविश्वेश्वराय नमः। रामेश्वराय नमः। अन्नपूर्णायै नमः। सेतुमाधवाय नमः। माधवतीर्थादिचतुर्विंशतितीर्थेभ्यो नमः। रामचरणाभ्यां नमः। सुग्रीवतीर्थाय नमः। ब्रह्मकुण्डाय नमः। सीताकोटीतीर्थाय नमः। धनुष्कोटीतीर्थाय नमः। रामेश्वरसमीपस्थसर्वतीर्थदेवेभ्यो नमः।

* * *

मूलद्वारिका

काठियावाड़मा मूलद्वारिका, गोमतीद्वारिका, बेटद्वारिका जम्मा ३ द्वारिका छन् । द्वारिकापुरीलाई बेटद्वारिका भन्दछन् । मूलद्वारिका पोरबंदरदेखि १२ मील पश्चिमोत्तर द्वारिका जाने सटकका पासैमा मूलद्वारिका नामक १ गाउँ छ, उहाँ बहुत मन्दिर पुराना छन् । लोकहरू भन्दछन् कि श्रीकृष्णजी मथुराबाट पहिले यहीं आउनुभएथ्यो, मूलद्वारिकाबाट ३ कोश, पोरबंदरबाट ९ कोश पश्चिमोत्तर उखमण्डल सबडीबीजनमा मियानी पुरानू बंदर छ, यसै मियानीबाट अन्दाजी ११ कोश पोरबंदरबाट २० कोश पश्चिमोत्तर गोलगढ नामक गाउँका पासमा पिण्डारक तीर्थ र दुर्वासा ऋषिको आश्रम छ ।

द्वारिकाधाम

बम्बईशहरबाट १७० कोश पोरबंदर (सुदामापुरी), सुदामापुरीबाट २८ कोश बिरावलबन्दर, बिरावलबंदरदेखि ७९ कोश पश्चिमोत्तर गाइकबाड़ (बडौदा) राज्यका अमरेली विभागका उखमंडल सबडिबीजनमा द्वारिकापुरी प्रसिद्ध तीर्थ स्थान छ। जसलाई गोमतीद्वारिका पनि भन्दछन् । बम्बईबाट द्वारिका जान जहाजको टिकट सेकेण्डक्लासको लागि ४) थर्डक्लासको लागि २) रुपियाँ लिन्छ। बंबई प्रिन्सडौकबाट अग्निबोट वा (जहाज) मा चढ़ी भोलिपल्ट बिराबलबंदर (प्रभासक्षेत्र) मा पुऱ्याई त्यताबाट मैंगलोर भै पोरबन्दर (सुदामापुरी)

बाट ७ घंटामा द्वारिका पुगिन्छ। जहाजमा चढ्दा वा जहाजबाट ओर्ह्लदा नाउभाडा अलग ।) चार आना दिनुपर्दछ। जहाजमा हावा चल्दा समुद्रका जलादिका रागले कोही मानिस बैरा जस्ता, कोही अन्धा जस्ता हुन्छन् , कोही वाक वाक गरी छाड्छन् ,कोही लंपसार परी सुत्तछन् , कोही रुन थाल्दछन तमासै हुन्छ कोही द्वारिकानाथका यात्रीहरू बम्बई बिरावलबंदर पोरबन्दर (सुदामापुरी) मा रेलबाट उत्री अग्निबोट (स्टीमर) मा सेकेण्डक्लासको २), थर्डक्लासको १) रुपियाँ दी ४ धामहरूमाको १ धाम सप्तपुरीमाको १ पुरी द्वारिकामा पुग्दछन् । कोही समुद्रको खार लाग्दछ भनी सुदामापुरीबाट बयलगाडाको सवारी गरी तेस्रा दिन द्वारिका पुग्दछन् । बयलगाडाको बाटो खराब छ, जहाज वा अग्निबोटबाट ओर्ह्लेर पूरा आधा कोश पैदल गएपछि धर्मशाला मिल्दछ, पूरी आदि मिल्दैन, पकाएर खाने चीजहरू मिल्दछन् । द्वारिकामा ८।१० धर्मशाला छन् । त्यहाँका धर्मशालामा पायखाना (चरपी) छैनन् । सब जात्रू समुद्र-किनाराका मैदानमा जान्छन् ।

द्वारिकाका मंदिरको जमीन २५० गज लामो, २०० गज चाक्लो अर्थात् करीब १७ बिघाको वरिपरि चारै बगलमा एक एक फाटक भएको पक्की परखाल (गाहारो) छ। दक्षिणपट्टि परखालमा रणछोडजीका घेराको खास फाटक (ढोका) छ। घेराभित्र बस्ती, धर्मशाला र बहुत मंदिर छन् । घेराबाहिर पनि बस्तो मंदिरहरू छन् ।

गोमती-द्वारिकाका पश्चिम समुद्र दक्षिण गोमती नदी छन्। समुद्रका ज्वारका पानीले भरिभराउ रहन्छिन्। गोमती हुनाले उस नगरलाई गोमती द्वारिका भन्दछन्। गोमतीका उत्तर किनारामा द्वारिकादेखि पश्चिम पूर्वतक पक्का ९ घाट छन्। १ सङ्गमघाट, २ नारायणघाट, ३ वासुदेवघाट, ४गौघाट, ५पार्वतीघाट, ६पाण्डवघाट, ७ ब्रह्मघाट, ८ सुरधनघाट, ९ सरकारीघाट। पहिले मुण्डन गरी पञ्चगव्य लिई २ रुपियाँ कर दिई गोमती समुद्रका सङ्गम आदि९घाटमा जहाँ नुहाए पनि नुहाई पिण्ड-दानादि गरी यात्रा गर्दछन्। सङ्गम घाटमा सङ्गम नारायणको मंदिर छ। वासुदेव घाटनेर हनुमानजीको मंदिर, उसको पश्चिम नृसिंहजीको स्थान छ। सरकारी घाटदेखि पूर्व निष्पाप कुण्ड छ। यहाँ भेटी दिई स्नान र श्राद्ध पनि गर्छन्। यसै कुण्डका समीपमा अर्को एक सानो कुण्ड सम्रलियाजीका मंदिर र गोवर्धननाथका मन्दिरमा प्रभुको बैठक छ।

बडोदाका महाराजका ठेकेदारलाई गोमतीका जुन घाटमा नुहाए पनि २ रुपियाँ दिनुपर्छ। एकफेर दिएपछि नित्य दिनुपर्दैन। अत्यन्त गरीब देख्यो भने माफी पनि दिन्छन्।

गोमतीका दक्षिण किनारामा पंचकुआ नामैले प्रसिद्ध ५ कूपमा मार्जन गर्छन्।

मन्दिरका जात्रूहरू निष्पापकुण्डमा स्नान गरेर रणछोड आदि देवता मन्दिरहरूमा गै दर्शन गर्दछन् २४० फीट लामु २०० फीट

चाक्लो घेरा (परखाल) भित्र रणछोड आदि देवताहरूका मन्दिर छन् । यहाँका नक्शामा हेर्नुहोस् घेराका दक्षिण बगलमा स्वर्गद्वार नामक फाटक छ, उत्तर बगलमा मोक्षद्वार नामक फाटक छ, स्नान गरी मन्दिरमा जाँदा फाटकमा कृष्णजी, गोमती, महालक्ष्मी, सिढीमा हनुमान, नृसिंह र साक्षीगोपालको दर्शन हुन्छ, मन्दिर-भित्रका देवताहरूको पूजा गर्न कर लाग्दछ, रणछोड़जीको सरकारी कर रु० २), पंडाहरूको कर रु० १) वा ८ आना त्रिविक्रमजीको ४ आना, प्रद्युम्नजीको ४ आना अरू देवमन्दिरहरूको २ आना काहीं कम्ती छ, पुजारीलाई यति दिनाले देवताको मन्दिर-भित्र गै पाउ पूजन गर्न पाउंदछन् , कर दिन नसक्नेहरू बाहिरैबाट दर्शन गर्दछन् ।

कृष्णजी कालयवनका डरले रण (संग्राम) छोडेर द्वारिकामा भागेका हुनाले रणछोडजी नाम रह्याको हो, सब द्वारिकाको मन्दिर-भन्दा यो रणछोडजीको मन्दिर ठूलो छ, बडो रांरो सुन्दर छ, यो मन्दिर ७ मंजिला शिखरदार भएको छ, ४० फीट लामू यत्तिकै चाक्लो, १४० फीट अग्लो छ, माथिका मंजिलामा जाने भित्रैबाट सिंढी बनेको छ, दोहोरा परखालका बीचबाट परिक्रमा गर्नुपर्दछ, मन्दिरको भित्र अनेक बुटा भएको चाँचिका सिंहासनमा रणछोडजी अर्थात् (द्वारिकाधाम) को मूर्ति छ, रणछोडजीलाई द्वारकाधीश पनि भन्दछन् , ३ फीट अग्लो श्यामल वर्ण चतुर्भुज मूर्तिमा बहुमूल्य कपडा पनि पहिराएको छ, सुनका अनेक भाँतिका ११ मालाहरू र

शिरमा सुन्दर सुनको मुकुट छ, मन्दिरका फर्समा श्वेत, नाम, मार्बुलको टुकडा जडेका छन् , द्वारमा चाँदीका पाता लागेको छ, यात्रीहरू द्वारिकाधीशको पाउमा पूजा गरी सिंहासनको परिक्रमा गर्दछन् , मन्दिरका माथि १ मंजिलामा अम्बादेवीको मूर्ति छ ।

यसै मंदिर-अगाडि पूर्व मंदिरभन्दा पनि लामू चाक्लो १०० फीट अग्लो पंचमंजिला जगमोहन छ, उसका भित्र पत्थरका ६० चारपाटे स्तंभहरू लागेका छन् , फर्समा श्वेत, नील, मार्बुलका टुकडा जडेका छन् , माथि सुदर गुम्बज छ, यसै जगमोहनदेखि पश्चिम कोठरीमा शेषरूप बलदेवजी छन् , दुर्वासाजीको सानू मंदिर छ ।

रणछोडजीको मंदिरदेखि दक्षिण त्रिविक्रमजीको शिखरदार मंदिर छ, ढोका र सिंहासममा चाँदीका पाता जडेको छ, फर्समा नील मार्बुलका टुकडा जडेको छ । सिंहासनमा मनोहर त्रिविक्रमजीको मूर्ति छ, रणछोडजीका वस्त्र गहना जत्तिका यहाँ पनि छन् , यहीं राजा बलि र ब्रह्माजीका ४ पुत्र सनक, सनंदन, सनातन, सनत्कुमारका साना साना मूर्तिहरू र मंदिरका नैर्ऋत्य गरुडजीको मूर्ति छ, त्रिविक्रमजीलाई धेरै मानिस टीकंजी भन्दछन् ।

रणछोडजीका मन्दिरदेखि उत्तर प्रद्युम्नजीको शिखरदार मूर्ति छ, मंदिरमा मार्बुलका टुकडाको फर्स बनेको छ, चाँदीका सिंहासनमा श्यामरूप प्रद्युम्नजीको मूर्ति छ, यिनको श्रृङ्गार पनि प्रायः रणछोडजीको बराबर छ । यहाँ अनिरुद्धजीको सानू प्रतिमा छ ।

घेराको उत्तरवाला फाटकका पश्चिममा कुशेश्वरको मन्दिर छ, मन्दिरका तल कुशेश्वर शिवलिङ्ग र पार्वतीजीको मूर्ति छ, यहाँ धेरै यात्रीहरू लड्डू घ्यू चढाउँछन्। पंडाहरू भन्दछन् कि कुश दैत्यलाई त्रिविक्रमजीले गाड़ी शिवलिङ्ग स्थापना गर्दा कुश दैत्यले द्वारिकाका यात्रीहरूले मेरो पूजा नगरी गए भने तिनीहरूको आधा धर्म मलाई मिलोस् भन्दा भगवानले हुन्छ भनेको हुँदा आधा धर्म जाला भनी कुशेश्वरको पूजा गर्छन्।

घेराको भित्र परखालनेर उत्तरदेखि दक्षिण-तरफमा कुशेश्वर, अम्बाजी, पुरुषोत्तमजी, गुरु दत्तात्रेयजी, देवकी माता, लक्ष्मीनारायण, माधवजीका मन्दिर उत्तरका परखालनेर मोक्षद्वार फाटकदेखि पूर्व कोलाभक्तको मन्दिर, पूर्वका परखालनेर एक घेराका पूर्व क्रमसित दक्षिणबाट उत्तर खाली मन्दिर, सत्यभामाको र रुक्मिणीको मंदिर, शङ्कराचार्यको गद्दी पश्चिम छेउमा क्रमसित दक्षिणबाट उत्तर एक खाली मन्दिर जाम्बवती, राधा, लक्ष्मीनारायण यी तीनै मन्दिर-सहित छन्।

भित्रको घेराबाट दक्षिण शारदा मठका समीप रणछोडजीको भण्डार-घर छ। भण्डारदेखि दक्षिण प्रसिद्ध शारदामठ छ। भारतवर्षको चारै दिशाका सीमानेर प्रसिद्ध शंकराचार्यजीका ४ मठ प्रधान छन्। दक्षिणको सीमानेर मैसूर राज्यका शृंगेरी गाउँमा शृंगेरीमठ, पश्चिमका सीमानेर द्वारिकामा शारदा मठ, उत्तरका सीमानेर गढ-

वाल जिलामा जोसीमठ, पूर्वका सीमानेर उडीसाका जगन्नाथपुरीमा गोवर्द्धन मठहरू छन् ।

मन्दिरका ठूला घेराबाट बाहिर उसका पश्चिम लक्ष्मीनारायणको एक मन्दिर छ । चतुर्भुज, श्यामवर्णवाला दुइ हात अग्लो मूर्ति छ । यिनका वाम अङ्गपट्टि लक्ष्मीजाको सानू मूर्ति छ । नारायणका अङ्गमा बहुमूल्य वस्त्र, शिरमा सुनको मुकुट, गलामा सुनका १० हार छन् । लक्ष्मीनारायणको मन्दिरदेखि नैऋत्य वासुदेवको मन्दिर छ । चाँदीको सिंहासनमा चतुर्भुज श्यामवर्णवाला मूर्तिमा सुन्दर वस्त्र, शिरमा सुनको मुकुट, हातमा सुनका शङ्ख, चक्र, गदा पद्म र गलामा सुनका ८।१० सिक्री छन् ।

शहरको प्रदक्षिणा—रणछोडजीको मंदिरबाट नगर परिक्रमाको यात्रा आरम्भ हुन्छ । मन्दिरदेखि पश्चिम गोमतीका घाटहरूबाट देवताहरूको दर्शन गर्द समुद्रका निकट सङ्गम घाटमा जानुपर्छ । सङ्गमबाट उत्तरका समुद्रको घाटलाई लोकहरू चक्रतीर्थ भन्दछन् । यसका उत्तर रत्नेश्वरको मन्दिर छ । यसका उत्तर द्वारिका नगरको बाहिर सिद्धनाथको मन्दिर मिल्दछ, जसको फर्स श्वेत, नील मार्बलहरूले बनेको छ । अगाडि ज्ञानकुण्ड बावली अगि जुनिरामबाडी नामक मन्दिरमा राम लक्ष्मण जानकी छन् । अगाडि नयाँ रामबाडी नामक मन्दिर र सौमित्री नामक कूप छ । अगाडि अक्षयवट वृक्ष, अघोरकुण्ड, भद्रकाली, आशापुरी माताको मूर्ति छ । अगाडि कैलास-

कुण्ड नामक सानू सिंढीदार पोखरी मिल्दछ, उसमा गुलाबी रङ्गको पानी छ। त्यहाँका पण्डाहरू भन्छन् कि राजा नृग छेपारो भई यसै कुण्डमा रहेका थिए र यसै स्थानमा उनको उद्धार पनि भएथ्यो। कैलासकुण्डको अगाडि सूर्यनारायण अगि शहर पनाहका पूर्व दरवाजाका पास जय–विजयको दर्शन हुन्छ, अनि निष्पापकुण्ड र रणछोड़जीको मन्दिरका माझबाट देवताहरूको दर्शन गर्दै दक्षिण दरवाजाबाट रणछोडजीका मन्दिरमा गएर परिक्रमा समाप्त गर्नुपर्छ। संक्षिप्त प्राचीन कथा महाभारत सभापर्व १४ अध्यायमा, अनुशासनपर्व ७० अ० मा, वनपर्व ८२ अ० मा, श्रीमद्भागवतको दशमस्कन्धका ५० अ० मा, ५१ अ० मा, ५२ अ० मा, ६४ अ० मा, १५९ अ० मा, १६० अ० मा, मौसलपर्व ७ अ० मा, ८ अ० मा, आदि ब्रह्मपुराण ७ अ० मा, ८ अ० मा द्वारिकाको विस्तार गरेको छ।

विष्णुपुराण पाँचौं अंशमा २३ अ०मा, ५४ अ०मा, ५८अ०मा कृष्णजीका आठ पटरानी थिए। विदर्भ देशमा कुण्डनपुरका राजा भीष्मकी पुत्री रुक्मिणी १, जाम्बवान्की पुत्री जाम्बवती २, द्वारकाका सत्राजित राजाकी पुत्री सत्यभामा ३, सूर्यकी पुत्री कालिन्दी ४, ब्रजमा रहने वसुदेवकी बहिनी राजा धीरदेवकी पुत्री मित्रविन्दा ५, अयोध्याका राजा नग्नजितको कन्या सत्या जसलाई नाग्नजिती भन्दछन् ६, कैकय देशमा रहने वसुदेवकी बहिनी श्रुतिकीर्तिकाकी

पुत्री भद्रा ७, मद्रदेशका राजाकी पुत्री लक्ष्मणा ८ पटरानीहरू यिनै हुन् भनी लेखेको छ ।

देवीभागवतको चतुर्थस्कन्धका २४ अ० मा पनि यिनै ८ पटरानीको विस्तार छ । मौसलपर्व ७ अ० र ८ अ० मा द्वारिकापुरीलाई समुद्रले डुबाएको कुरा छ । देवीभागवत सप्तमस्कन्ध ७–८ अ० मा शर्यातीका छोरा आनर्त, आनर्तका छोरा रेवत यिनै रेवतकी छोरी रेवती कन्या बलदेवजीलाई दिएको कुरा छ ।

विष्णुपुराण ५ अंश ३८ अ० मा कृष्णजी परमधाम गएपछि समुद्रले रुक्मिणीको महल मात्र छोडेर सारा द्वारिका डुबाइदिए । त्यस महललाई आजसम्म समुद्रले छुन सकेको छैन । नित्य विहार गर्न कृष्णजी त्यहाँ आउनुहुन्छ भनी श्रीमद्भागवत एकादशस्कन्धका ३१ अ० मा, ब्रह्मवैवर्त पुराण कृष्णजन्म खण्डका १२९, आदि ब्रह्मपुराणका ९९ अ० मा लेखेको छ, पद्मपुराण (पाताल खण्ड)का सत्रौं अ० मा द्वारावतीका गोमतीको जल साक्षात् ब्रह्मरूप हो । यहाँका पत्थर (पाषाण) ढुङ्गाहरू र सब मनुष्यहरू पनि चक्राङ्कित हुन् । यहाँ त्रिविक्रम भगवान् नित्य वास गर्नुहुन्छ । ७९ अ० मा जो मनुष्य द्वारावतीका गोमतीचक्रले संयुक्त १२ शालिग्राम शिलाको पूजा गर्छ, त्यो वैकुण्ठमा गएर पूजित हुन्छ । जुन स्थानमा द्वारावतीको शिला रहन्छ त्यो स्थान वैकुण्ठ भवन बराबर हुन्छ, त्यस ठाउँमा मर्ने मानिसहरू विष्णुलोकमा जान्छन् । ९५ अ० मा जुन

मनुष्य ३ रात द्वारिकामा बसी गोमतीमा स्नान गर्छ त्यो मानिस धन्य-धन्य हो भनी लेखेको छ।

वि० उत्तरखण्डका २९ अ० मा जो मनुष्य गोपीचन्दन आफ्ना अङ्गमा लाउँदछ सो ब्रह्महत्यादि पापबाट पनि छुटिजान्छ। गोपीचंदन गङ्गाजलको बराबर पवित्र छ, गोपीचंदनको तिलक लाउनाले चाण्डाल छ तापनि शुद्ध हुन्छ। ६ अ० मा जसका घरमा गोपीचंदन रहन्छ त्यो घर विष्णुको मंदिर हो। ब्राह्मणलाई र गाई मार्नेवाला पनि गोपीचंदन शरीरमा लगाउनाले उतिखेरै सब पापबाट छुटिजान्छ भनी लेखेको छ।

गरुडपुराण—पूर्वार्द्ध ६६ अ० मा जुन स्थानमा द्वारिका चक्र र शालग्राम शिला दुवै रहन्छ, त्यो स्थान मुक्तिदायक हुन्छ। द्वारिका तीर्थ-सम्पूर्ण पापको नाश गर्ने भुक्ति-मुक्ति दिने हो भनी लेखेको छ।

प्रेतकल्पका २ अध्यायमा जुन स्थानमा शलिग्राम शिला र द्वारिकाका शिला अर्थात् गोमतीचक्र रहन्छन्। त्यस ठाउँमा निःसंदेह मुक्ति दिनेवाला हुन्छ। अयोध्या, मथुरा, माया, काशी, कांची, अवंतिका, द्वारिका यी पुरी मोक्ष दिनेवाला हुन् भनी लेखेको छ।

स्कन्दपुराण—काशीखंड १०४ अ० मा द्वारिकामा चारै वर्णलाई प्रवेश गराउनाका निंति द्वार बनेका छन्, यसैकारण तत्त्ववेत्ताहरूले द्वारावती कहेको भनी लेखेको छ।

वाराहपुराणका—१४३ अ० मा द्वारिकामा समुद्रनेर पंचसर नामक तीर्थ छ, त्यहाँ स्नान गर्नाले सब पापदेखि छुट्तछ भनी लेखेको छ।

द्वारिकापुरी वा बेटद्वारिका

गोमती द्वारिकादेखि १० कोश पूर्वोत्तर अर्थात् ईशानपट्टि कच्छका खाडीमा बडोदाका महाराजका आधीन बेटद्वारिका वा द्वारिकापुरी छन्। गामती द्वारिकाबाट १ सड़क वडवाला गाउँ र रामड़ा भएर दोस्रो १ बाटो नागेश्वर गाउँ र गोपीतलाउ भएर बेटद्वारिकाका खाडोका पास गएको छ। धेरै यात्रीहरू रामडा भएर बेटद्वारिका जान्छन्, गोपी तलाउ भएर गोमती द्वारिकामा फर्केर आउंछन्, धेरै जात्रूहरू गोपीतलाउको बाटो भएर रामड़ाको सडकबाट गोमतीद्वारिका फिरेर आउँदछन्।

गोमतीद्वारिकाबाट १ मील पर रुक्मिणीजीको १ सानू मंदिर छ। त्यहाँबाट साढे तीन मील पर टुटेका शहर पनाहाका बडवाला नाम १ ठुला गाउँ छ, जसमा १ धर्मशाला, १ सदावर्त र धनी-धनी मानिसहरू छन्। यताबाट केही गएपछि नागेश्वर गाउँ आउँदछ, गोमतीद्वारिकाबाट यो नागेश्वर गाउँ १ कोश पछ। १३ मील पर गोमतीतलाउ र करीब १५ मील पर बेटद्वारिकाको खाडी छ।

रामडामा शहर पनाहका बाहिर सड़कका पास १ धर्मशाला, १ सदावर्त छ। अनेक यात्री विशेष गरेर फर्कंदा साधूहरू रामडामा

गएर शंख-चक्र आदिको छापले तप्तमुद्रांकित हुन्छन् अर्थात् (डामल) हुन्छन्। यही द्वारिकाको छाप भनी भन्दछन्। यात्रीहरूको छाप लाउने विधि नियम हैन। यस्तो काम गरी आउनेको नेपालमा जात-बाहिर होला कि जस्तो हुन्छ, डामलमा गनिन्छ। रामडादेखि ६ मील पूर्वोत्तर समुद्रका १ सानू टापूका भित्र बेटद्वारिका नामक गाउँ छ। खाडीमा ६ मील नाउबाट जानुपर्छ। नाउको महसूल प्रति आदमी ब्राह्मण साधुहरूलाई २ (३ नयाँ) पैसा, अन्य जातिलाई २ आना (१२ नयाँ) दिनुपर्छ।

बेटद्वारिकाको टापू दक्षिण–पश्चिमदेखि पूर्व-उत्तरतक लगभग ७ मील लामो सोझो गरी नापे पाँचै मील छ। यसका पूर्वोत्तर नाकामा हनुमान्जीको मूर्ति हुँदा हनुमान अन्तरीप भन्दछन्। यहाँ मन्दिरका संबन्धी ब्राह्मणहरू मात्र बस्तछन्। यस टापूमा कोही चीज पैदा हुँदैन, ठाउँ-ठाउँमा नागफेनी बहुतै छन्। यो बेटद्वारिका (द्‌वारिकापुरी) श्रीकृष्णजीको विहार-स्थल हो। यसै टापूका उत्तर किनारामा बेटद्‌वारिका नामक १ गाउँ छ। यहाँ यात्रीहरूको नभै नहुने चीजबीज मिल्दछ। यहाँ धेरै धर्मशाला र सदावर्त छन्।

यहाँ रणछोड सागर, रत्नतलाउ, कचौरीतलाउ, शंखतलाउ, इत्यादि जलाशयहरू र धेरै देव-मन्दिर बनेका छन्। कृष्ण भगवान्का महलका मन्दिरबाहेक नक्शामा हेरे थाहा हुन्छ। यस टापूमा मुरलीमनोहर, हनुमान टेकरी, देवी, नवग्रह, नीलकंठ, धिंगणेश्वर,

पञ्चेश्वर आदि देवताहरूका मन्दिर छन् । कचौरीतलाउनेर रामचन्द्रजीको मन्दिर छ । शङ्खतलाउका किनारामा शंखनारायणको मन्दिर र जलाशयमा रणछोडसागरको जो महल छ सो महलका मन्दिर र शंखोद्धारका बीचमा प्रधान छ । यसका चारैतरफ परखाल छ । जगा-जगामा घाटहरू बनेका छन् , बेटद्वारिकामा दाजीपीरको एक रोजा छ ।

बेटद्वारिकाको छोटो परिक्रमा ६ मीलको छ । कोही-कोही जात्रूहरू जलमार्गले नाउद्वारा टापूका चारैतिर घुम्दछन् ।

कृष्णको महल बेटद्वारिकामा एक बडो घेराका भित्र २ मंजिला ३ मंजिलाका ५ महल बनेका छन् , जसको नक्शा यहाँ बनाएको छ । उत्तरको ठूलो फाटक भएर भित्रको पश्चिमवाला छोटा फाटकका पास जानुपर्दछ । उहाँ बडौदाका महाराजका ठेकेदारहरूले एक-एक आदमीसित २।२ रुपियाँ लिन्छन् । कर नदीकन उस फाटकका भित्र जान दिदैनन् । भित्र राजाका जस्ता भिन्न-भिन्न ५ महल बनेका छन् । यहाँ पनि गोमतीद्वारिकासमान मंदिरहरूका देवताहरूको चरण छुँदा पुजारीहरूको कर दिनुपर्छ । जो यात्री देवताहरूको पूजा गराउँदछन् पहिले राजालाई ७ रुपियाँ कर दिनुपर्छ । महापूजा-कर अलग लाग्दछ, हिजो-आज कर घट्यो भन्ने सुनिन्छ । भित्रका फाटकबाट सोझै पूर्व जानाले दाहिनेतिर कृष्ण भगवानको खास द्वार मिल्दछ, यसको घेरा पूर्व-

देखि पश्चिम लगभग ९० फीट लामू ; उत्तर-दक्षिण लगभग ६० फीट चाक्लो छ। घेराको पूर्व बगलमा उत्तर प्रद्युम्नजीको मन्दिर र उसका दक्षिण रणछोड़जीको मन्दिर, यसका दक्षिण टीकम अर्थात् त्रिविक्रमजीको मन्दिर छ। यी मन्दिरहरूका अगाडि दोहरा दलान छ। घेराका पश्चिममा उत्तर पुरुषोत्तमजीको मन्दिर, दक्षिण देवकी माता, उसका दक्षिण माधवजीको मन्दिर छ, तीनै मन्दिरका अगाडि दलान छ, घेराका दक्षिण बगलमा पश्चिम अम्बाजीको मूर्ति छ, यसदेखि पूर्व गरुडको मंदिर छ, माझमा छोटो आङन छ। प्रद्युम्नजी, रणछोडजी, टीकमजी, देवकी माताहरूका मंदिरमा द्वारमा सिंहासनमा चाँदीका पत्ता जडेका छन्। गोमती द्वारिका रणछोडजी, टीकमजी, प्रद्युम्नजी, देवकी माता, माधवजी, पुरुषोत्तमजीका मूर्तिहरूको समान यहाँका मूर्तिहरूको झाँकी पनि बडो असल हुन्छ। अम्बादेवीको झाँकी पनि बडो असल हुन्छ। अम्बादेवीको मार्बलको प्रतिमा छ। मंदिर दलानमा श्वेत, नील मार्बलको फर्स लागेको छ। त्यहाँ भगवान्‌को सेज-महल झुला लागेको छ। थर्की पासा खेल्ने ठाउँ छ। चारैतरफ भित्तामा बडा-बडा ऐनाहरू लागेका छन्। यहाँका कोठाको र दलानको सजावट हेर्ने-लायक छ।

रणछोडजीको महल दक्षिण सत्यभामा, जाम्बवतीका महल; पूर्व लक्ष्मीनारायणको मंदिर, रुक्मिणीको मंदिरदेखि पूर्व गोवर्द्धननाथको मंदिर छ। सब मंदिरको द्वारमा चाँदीका पाता जडेका छन्। मंदिर-

हरूका अगाडि सुन्दर मार्बलका फर्सवाला जगमोहन बनेका छन् । सत्यभामा, जाम्बवती, रुक्मिणी, राधा यी ४ का भंडार-कारखानाका भंडारका मालिक अलग-अलग छन् । यतैबाट रणछोडजीका मंदिरमा बखत-बखतमा अनेक भाँतिका भोगहरू पठाउँदछन् । यहाँ रात-दिनमा १३ पल्ट भोग लाग्दछ । बेटद्वारिकामा गोमतीद्वारिकाभन्दा अधिक भोग-रागको प्रबन्ध रहन्छ । धेरै जात्रू आफ्ना खर्चबाट भोग लगाउनाका निंतिमा भंडारमा रुपियाँ दिन्छन् । यहाँ नौपल्ट आरती हुन्छ । नित्य मन्दिरका पट १२ बज्दा दिनमा बन्द रहन्छ, फेरी ४ बजे खुलेर रातको ९ बजे उपशान्त बन्द हुन्छ ।

शंखोद्धार—कृष्णका महलदेखि लगभग एक डेढ मील टाढा बेटद्वारिका टापूका भित्र शंखोद्धार नामक तीर्थमा शंखतलाउ नामक पोखरी र सत्यनारायणको सुन्दर मंदिर छ । बाटामा रणछोड सागर मिन्दछ । मंदिरमा र जगमोहनमा श्वेत, नील मार्बलका फर्स र सिंहासनमा र मन्दिरका द्वारमा चाँदीका पाता लगाएका छन् । पंडाहरू भन्दछन् कि कृष्ण भगवान्ले यसै स्थानमा शंखासुरको उद्धार गरेको हुनाले यसको नाम शंखोद्धार तीर्थ भएको हो । यात्रीहरू शंखनारायणको दर्शन गर्दछन् ।

गोपीतलाउ—जो यात्री रामडाका सड़कबाट बेटद्वारिका जान्छन्, बेटद्वारिकाबाट नाउमा चढी गोपीतलाउका खाडीका किनारामा उत्रनुपर्दछ, खाडीदेखि लगभग २ मील पश्चिम-दक्षिण

गोमती-द्वारिकादेखि १३ मील पूर्वोत्तर गोपीतलाउ नामक कच्चा सरोवर छ। बाटामा पहेंला रङ्गको जमीन देखिन्छ। गोपीतलाउका भित्रको पहेंलो माटो पवित्र गोपीचन्दन हो, किन्न पनि पाइन्छ, सबै जात्रू गोपीचन्दन लैजान्छन्। यहाँ स्नान गर्दा १ आना ('६ न.पै.) कर दिनुपर्दछ। गोपीतलाउका पास १ सानू बस्ती र २ धर्मशाला छन्। धर्मशालानेर गोपीनाथको मन्दिर वल्लभ संप्रदायवालाहरूको १ मठ र २ सदावर्त छन्। यहाँ मुजूर पन्छी बहुत रहन्छन्। यहाँका पंडाहरू यो श्लोक पढ्दछन् :—

गोमती गोमयस्नानं गोदानं गोपीचन्दनम्।
दर्शनं गोपीनाथस्य गकाराः पञ्च दुर्लभाः ॥१॥

नागेश्वर गोपीतलाउबाट ३ मील, बेटद्वारिकाका खाडीबाट ५ मील दक्षिण–पश्चिम गोमतीद्वारिकाबाट १० मील पूर्वोत्तर नागेश्वर नामक बस्तीका पास नागेश्वर शिवको सानू मन्दिर छ। मन्दिरभित्र शिवलिङ्गनेर पार्वतीको मूर्ति र बाहिर नन्दीको मूर्ति छ। यहाँ पुजारी रहँदैनन्। मुजूर बिघ्न हुन्छन्। कोही-कोही द्वादश ज्योतिर्लिङ्ग-मध्येका एक यिनै हुन् भन्दछन्। नागेश्वरबाट दक्षिण-पश्चिम ४ मील पर एक बस्ती, ९ मील पर एक बावली, १० मील खाडीबाट १५ मील पर गोमतीद्वारिका छन्। अघिबाटका डेरामा बसी भोलिपल्ट सबेरै गोमती समुद्रका सङ्गममा नुहाई मुख्य-मुख्य देवताहरूको दर्शन गरी भात खाई हिंड्ने वेलामा पण्डाहरूले सुफल दिंदा बहुतै

तञ्ज गर्छन् । पण्डा बिदाइ गरी फर्की जहाज चढी सुदामापुरीमा वा बम्बईमा उत्री अन्यत्र जान्छन्। पश्चिम द्वारिका यात्रा समाप्त भयो ।

तीर्थभोजमा होम गरिने द्वारिकानाथका मुख्य देवता

द्वारिकायै नमः। नर्मदायै नमः। निष्पापकुण्डाय नमः। संगमनारायणाय नमः। द्वारिकानाथाय नमः। बलदेवाय नमः। त्रिविक्रमाय नमः। प्रद्युम्नाय नमः। लक्ष्मीनारायणाभ्यां नमः। वासुदेवाय नमः। सत्यनारायणाय नमः। नागेश्वराय नमः। कुशेश्वराय नमः। रत्नेश्वराय नमः। सिद्धनाथाय नमः। कैलासकुण्डाय नमः। सौमित्रीकूपाय नमः। द्वारावतीस्थसर्वतीर्थ देवेभ्यो नमः।

अब उत्तर बदरीधामको यात्रा कहिन्छः—

उत्तरधाम बदरीयात्रा

हनुमानढोकाबाट ६५ मील रक्सौल २०५ मील छपरा ३६५ मील काशी ४०४ मील जौनपुर ४७९ मील अयोध्या ४८३ मील फैजाबाद ५६२ मील लखनऊ ७०६ मील बरेली जङ्क्शन ७२४ मील चन्दौसी जङ्क्शन ७६६ मील मुरादाबाद ८५३ मील लक्सर जङ्क्शन ८६९ मीलमा हरिद्वार स्टेशन मिल्दछ। अब रक्सौलबाट

एकदम हरिद्वार भै बद्री जाने हो कि, रक्सौलबाट काशी, काशीबाट हरिद्वारको बाटो गरी बद्री जाने हो यसको निर्णय सबका गुरु माधोदास; काशीपुरी (शहर) भन्दा ठूलो शहर आर्को छैन, काशीका विश्वेश्वरभन्दा ठूला देवता तीन त्रिलोकमा छैनन् , काशीकी मणिकर्णिकाभन्दा ठूलो तीर्थ १४ भुवनमा छैनन् , काशीकी गङ्गा उत्तरवाहिनीभन्दा ठूली गङ्गा ब्रह्माजीले सृष्टि गरेको छैन, तसर्थ रामेश्वर जाँदा पनि काशी विश्वेश्वरको दर्शन गरी काशीको गंगाजल लगी रामेश्वर शिवलाई चढाउनू भनी पुराणहरूमा लेखेको छ, रामेश्वरयात्रामा हेर्नुहोस् । ४ धाम आदिमा यात्रा गर्न जाँदा पहिले काशी गै काशीबाट अन्यत्र जानू भनी शास्त्रकारहरूले लेखेका छन् । लोकहरू कति पहिले अन्यत्र गै फर्कने वेलामा काशी आई फर्कन्छन् । तसर्थ रक्सौलबाट टिकट काशीको काशीबाट हरिद्वारको लिनू ।

हरिद्वार पश्चिमोत्तर देशका सहारनपुर जिलामा गंगाका दाहिने किनारामा हरिद्वार तीर्थ छ । गंगाजीको द्वार पर्न गएको छ, यहाँ गंगा-कुण्डमा स्नान गरी पिंडदानादि गर्दछन् , उहाँपछि नीलधारामा नुहाई कुशावर्त बिन्वकेदारको दर्शन गरी कनलख तीर्थमा नुहाई दक्षप्रजापतिको दर्शन गरी हरिद्वारमा आई १ रात, कोही ३ रात पनि बस्तछन् , काहीं हरिद्वारका रेलवे स्टेशनदेखि आधा मील पर सूर्यमलका धर्मशालामा गै बस्तछन् ।

वृत्तान्त—हरिद्वारतक रेल छ, हरिद्वारदेखि केदारनाथ बदरी-

नाथको यात्रा आरम्भ हुन्छ। कोही मानिस नजीनाबादबाट पनि जान्छन्। कोही मानिस हरिद्‌वारबाट रेलको बाटो ली देहरादून भई गङ्गोत्तरी जानलाई एउटा बाटो छ तापनि देवप्रयाग भएर गएमा कोही देवता, तीर्थहरू छुट्तैनन्, सजिलो हुन्छ। यात्रीहरूले गंजी, फरास, काम्लो, लोइया (दोलाइँ), छाता-जुत्ता, सुरुवाल लहुरो, मेवा, चनाको दाल, औषधीका पोका कुइनाइन आदि दबा र पाचक आदि औषधी आफना साथ लिनुपर्छ। यो सब सामान हरिद्वारमा किन्न पाइन्छ। खानाका निम्ति केही जिनीस साथमा लैजानुपर्दैन। चट्टीका बास-बासमा पाइन्छ। भाँड़ा-कुँड़ा सब दुकानदारहरूले दिन्छन्। [१९५० ई० देखि हरिद्वारबाट बद्री-केदारसम्म बस-सर्विस पनि चालू छ अथवा स्वतंत्रकार लगे पनि हुन्छ।]

हरिद्वारबाट केदारनाथ र बदरीनाथ भएर रेलवे स्टेशन काठगोदाम ४१७ मीलमा हिमालय पहाडको उकालो र ओरालो हिंडी पुगिन्छ अथवा रामनगरमा जानुपर्छ। काठगोदामको बाटो बन्द भयो भन्छन्। यस देशमा ब्राह्मण छेत्री अधिक छन्। धेरै कुल्लीको काम गरी खान्छन्। यस देशमा लोहार (कामी), बढई (सिकर्मी), कुम्हार (कुमाले), तेली (साल्मी), दर्जी (सुजीकार), नट (कुलू) हरूलाई बहुत नीच जाति सम्झन्छन्। लोहारहरू बदरीनाथ केदारनाथका तामाका बाला, औंठी, बदरीनाथका पटहरू बनाई बेच्छन्। नटहरू नाचेर पैसा माग्दछन्। पहाड़ीहरूको विवाह आदि उत्सवमा यिनीहरू जान्छन्। चमार ढोलक बजाई, कपड़ा सिई, जुत्ता बनाई

चौकीदारको काम गर्छन् । डोमदेखि अरू जात जूठो खाँदैनन्, पहाडमा मुसलमान कम छन् । अहिर, गँडेरी कुर्मीहरू पनि अलि-अलि छन् । मजखला चट्टीदेखि यता व्यापारी मुसलमान देखिन्छन् । झंपान, कंडी बोक्नेहरूमा क्षत्री नै धेरै हुन्छन्, किन्तु ब्राह्मणहरूले झंपान बोकेको देखिदैन, परन्तु कुमाउँका बाहुन कण्डी (डोको) ता बोक्तछन् । मोदीको काम माने दुकानदारी ब्राह्मण क्षत्री तथा पंडाहरू अधिक गर्छन् । राजपूतहरू खेती गर्छन् । पहाडीहरू जोतेका खेतमा झाडा फेर्न दिदैनन् । स्त्रीहरू दुकानमा बस्तैनन् । श्रीनगर आदि ठूला-ठूला चट्टीमा ता देखिन्छन् । पहाडीहरू (चूलो) भानुसा छुन कसैलाई दिंदैनन्, यिनमा शौच आचार बहुतै कम छ । ठंडा मुलुक हुनाले नित्य स्नान गर्ने रीति यहाँ छैन । पहाडीहरू बडा सच्चा हुन्छन् । कोही जिनीसमा नकली चीज हुँदैन । एक बोली एक भाउमा जिनीस आदि सामान बेच्तछन् । यहाँ चोरी हुँदैन, कसैको असबाब काहीं पडिरहे पनि कोही पनि उठाउँदैनन् । अन्तका जस्ता गँवार कुरूप हुँदैनन् । यिनीहरूको स्वभाव बहुतै असल हुन्छ । बडा साहसी हुन्छन् । झगडामा कोहीदेखि हट्तैनन्, परन्तु सियो २।३ हात लामू धागो टोपीका निंतिमा दूकानदार भिक्षुक हली सबै जना हात पसार्छन् । धेरै मानिस हरिद्वारबाट टोपी सिया धागाहरू धेरै नै खरीद गरी बदरीनाथतिर बाँड़िदिन्छन् विघ्न खुशी भै लिन्छन् । पहाडीहरू काम्लाका कोट, गोलटोपी, सुरुवाल आदि लगाई काम्ला ओढी हिंड्दछन् । देवप्रयाग श्रीनगर आदि प्रसिद्धठाउँमा शिरमा

पगड़ी बाँद्धछन् , टोपी बंडो तर्कीपसित लाउँदछन् , कसै-कसैले हातमा चाँदीका बाला लाएका हुन्छन् । पहाडमा संक्रांति-मास, हिन्दी अक्षरको प्रचलित छ, सरकारी काम देवनागरीमा हुन्छ, पहाड़ी आदमीसित हिन्दीहरू बोल-चाल गर्न सक्तछन् । पहाड़ी मान्छे नदीलाई गाड, गाउँलाई सेड, पुललाई साँगा भन्दछन् । यहांका मानिस केवल २००० दुई हजार गजको १ कोश मान्दछन् । पहाड़ी स्त्रीहरू काम्लाको फरिया, काम्लाको कोट बा चोलो लाई कपालमा कपडा बाँद्धछन् । गलामा रङ्ग-रङ्गका चाँदीका सिक्रो, नाकमा सानो नत्थ आदि लाएका हुन्छन् । १ भेंडा बाख्राका पीठमा १० सेर, १२ सेर, १५ सेर, २० सेरसम्म पनि लदाएको हुन्छ । मीलचौरीदेखि दक्षिण-का पर्वती मानिसहरूको चाल-चलन केही फरक छ । यतातिर काम्लाका कपडा पहिरने कोही देखिदैनन् । समयमा काफल, ऐसेलु, चुत्रो आदि खाने फलहरू धेरै मिल्दछन् ।

सूचना—केदारनाथ र बदरीनाथको बाटो अघिका भन्दा बहुतै साफ बढिया भएको छ । ६ महीनाका बालख आफ्ना आमाका काखमा बसी झम्पानैबाट जान सक्तछन् । २।४ वर्षका केटा-केटी कण्डीमा र कुल्लीका काँधमा बराबर जान्छन् । झम्पान, कण्डीको भाडा हरिद्वार र ऋषीकेशमा बन्दोबस्त हुन्छ । अगाडि बाटामा पनि फेरफार गर्न थाकेकालाई लान झम्पान कण्डी मिल्दछ । मोटा-ताजा मानिसलाई बीचमा झम्पान मिल्दैन । पर्दामा रहने स्त्रीलाई झम्पानमा पर्दा लाउन लाए हुन्छ । मिलचौरीदेखि उत्तर

सवारीका निंति टट्टूहरू पाइन्छन्, जुन दुकानमा जिनीस खानेपिनेको सरजाम किनेको छ उहीं भाँडा-बर्तन-सहित बास बस्न पाइन्छ। केदारनाथ जाने यात्री नालाचट्टीदेखि अगाडि केही चट्टी पर कोही दुकानदारलाई बढ्ता असबाब राख्न दी फर्कदाखेरि ली जान्छन्। पान पाइन्न, तमाखू जाती हुँदैन, सब चट्टीमा तरकारी तेल पाइन्न, पाइएका ठाउँमा बहुतै महङ्गो हुन्छ।

यात्रीहरू दाउराका उज्यालाले र घ्यूका बत्तीले काम चलाउ गर्छन्। श्रीनगर आदि बडा-बडा चट्टीमा नोट बिक्तछन्। बाटामा बाघ, भालू आदिको भय हुँदैन। रुद्रप्रयाग अगाडि केदारनाथको रस्तामा उखीमठ अगाड़ि बदरीनाथतिर एक प्रकारको अरिङ्गाल जस्ता मक्खीले चिल्दछ। चिलेका बखतमा थाहा शुद्धी पाइँदैन पछि घाउ भएर धेरै दिनतक बढ्दै जान्छ, चिलाउँदै जान्छ। कर्णप्रयाग र मीलचौरीका बीचको हावा खराब छ। हरिद्वारबाट काठगोदाम वा रामनगरसम्म भारत सरकारले जग्गा-जग्गामा डाँकखाना, शफाखाना, पुलिसको चौको राखेको छ। यात्रीहरू बाटामा सबेरै ४।५ बजे उठी हिड्दछन्, एघार बाह बजे चट्टीमा बस्तछन्। कोही कोही खाई पिईकन साँझमा पनि हिंड्दछन्। हरिद्वारबाट हिंडेर ४१७ मील काठगोदाम वा रामनगर स्टेशन पर ४०।४५ दिनमा आरामसित पुग्दछन्। जहाँतक केदारनाथ, बदरीनाथको पट खुलिरहन्छ उहाँ तक यात्रीहरूको भीडभाड साउनतक रहन्छ। हरिद्वारबाट

ऋषीकेशतक १२ मील बग्गी हिंड्ने बाटो छ। बग्गीको किराया ३ रुपियाँ लाग्दछ।

भीमगोडा-हरिद्वारबाट एक मील उत्तर छ। यहाँ भीमकुण्डमा स्नान गरी भीमेश्वरको दर्शन गर्छन्। पहाडी गुफामा एउटा सानू मन्दिर छ। यहाँबाट ऋषीकेशलाई सोझो बाटो छ। बाटैमा सदानन्दी नदी बग्दछिन्। यहाँ रायवाला गाउँ र वीरभद्रको स्थान छ।

ऋषीकेश भीमगोडाबाट ५ कोश पर छ। गङ्गाका दाहिने किनारमा सीतारामको मंदिरदेखि अगाडि कुब्जाम्रक नामक एक पक्का कुण्ड छ। छहराको पानी कुण्डमा झरी गङ्गाजीमा जान्छ। मंदिरबाट अलि पर वाराहजीको मंदिर छ। दोस्रो १ शिखरदार मंदिर छ। भरतजीको पनि शिखरदार मंदिर छ। मूर्ति ऋषीकेशमा अघि शङ्कराचार्यले स्थापना गरेको प्राचीन पहिला छ जङ्गद्रीवालाको, नजीवाबादवालाको, कलकत्तावालाको, कालीकम्बलीवालाको धर्मशाला सदाव्रतहरू छन्। कलकत्तावालाको धर्मशालामा रोटी दाल नित्य साधुहरूलाई दिन्छन्। गङ्गाजीका किनारमा सन्यासी, वैरागी आदि साधु कुटी बनाएर बसेका छन्। बडा आदमीलाई र बिरामी बालख आदिलाई लानाका निम्ति झम्पान, बरैलीदण्डी, दरीदण्डी, कण्डी आदि पहाडी सवारी हरिद्वारमै गर्नुपर्छ। झम्पान ४ कुल्लीहरूले बोक्छन्। पलेंटी मारेर मजासित बस्न हुन्छ। हरिद्वार वा ऋषीकेशबाट मीलचौरीसम्म झम्पानको किराया साधारण मानिसको ७०)

रुपियाँदेखि ८०) रुपियाँसम्ममा तय हुन्छ। मोटो मानिसलाई यहाँ भन्दा १०।२० थपिदिनुपर्छ। ठाउँ-ठाउँमा झम्पानका कुल्लीहरुलाई १०) रुपियाँ इनाम दिनुपर्छ। १००) सय रुपियाँको अन्दाजी झम्पान खर्च लाग्दछ। कण्डी माने डोकामा गरीबहरू चढ्दछन् कि त धनीहरूका माल बोकेर जान्छन्। कण्डीको किराया १ मन सामान लैजानेले २५) रुपियाँ लिन्छ। सवारीको निम्ति ३६) रु० लाग्छ, मीलचौरीसम्मको किराया तय हुन्छ, त्यहाँबाट उता जान्नन्।

बरेली दण्डी झम्पानका छाँटको हुन्छ। यो बडो आरामको सवारी हो। यहाँ मेचका झैं खुट्टा खसाली हल्लाई बस्न पाइन्छ। चाक्ला बाटामा हिंड्ने हुनाले मीलचौरी यता चल्दैन। दरीदण्डी डोली जस्तो हुन्छ। कोही-कोही चढ्दछन्। २ कुल्लीले बोक्तछन्।

स्कन्दपुराण (केदारखंड दोस्रो भाग १६ अ०) मा ऋषीकेशमा रैभ्य मुनि धेरै कालतक तपस्या गर्दा कुवरा माने कुब्जा भएका थिए, भगवानले आम्र माने आँपका रूखबाट रैभ्य मुनिलाई दर्शन दिएको हुँदा रैभ्य मुनिले दंडवत् गरी स्तुति गर्दा भगवान्‌ले वर माग भन्दा रैभ्य मुनिले यस स्थानमा नित्य बास गरिबक्सियोस् सदा सर्वदा हजूरका नाउँले र मेरा नाउँले प्रसिद्ध रहोस् भन्दा भगवान्‌ले त्यस्तै होला, कुब्जरूप तिमीले आम्रवृक्षमा प्राप्त मलाई देख्यौ तसर्थ यस स्थानको नाम कुब्जाम्रक नाम होला। यस तीर्थमा स्नान दान जप आदि गर्नें मनुष्यको कोटि-कोटि फल लाभ हुन्छ। जो यहाँ निवास

गर्छ उसलाई परमधाम मिल्छ, यहाँ १ थोपा मात्र जल दियो भने पितृको उद्धार गर्छ। म लक्ष्मीले सहित यस तीर्थमा सधैं बसुँला। ऋषीक अर्थात् इंद्रियहरूलाई जितेर तिमीले मेरो दर्शनका निम्ति तपस्या गर्‍यौ अथवा म जो ऋषीकेश हुँ—यहाँ प्राप्त हुँदा यसै कारण यस तीर्थको नाम ऋषीकेश होला। त्रेतायुगमा राजा दशरथ-पुत्र भरत जो मेरो चतुर्थांश भाग हुन्, मलाई यहाँ स्थापना गर्नेछन्। उही मूर्ति कलियुगमा भरत नामले प्रसिद्ध हुनेछ। जो प्राणी सत्ययुगमा वाराहरूपले, त्रेतामा कार्त्तवीर्य रूपले, द्वापरमा वामन रूपले, कलियुगमा भरतरूपले रहने मलाई यहाँ जो नमस्कार गर्नन् उसलाई अवश्य मुक्ति मिल्नेछ भनी भगवान् अन्तधान हुनुभयो भन्ने कुरा लेखेको छ। १७ अ० मा सुन्दरीदेखि लिएर हेमवती नदीतक कुब्जाम्रक क्षेत्र कहलाउँछ भनी लेखेको छ।

यो कथा वाराहपुराणका १२२ अ० मा छ, किन्तु उसमा लेखेको छ कि विष्णुले रैभ्य मुनिका निकट आम्रवृक्षमा बसेर रैभ्यलाई दर्शन दिए। विष्णुभगवान्‌को भारले त्यो वृक्ष नम्र भै कुप्रो हुँदा यस तीर्थको नाम कुब्जाम्रक प्रख्यात भयो। वामनपुराण (७९ अ० मा), कूर्मपुराण माथिल्लो खंड (३४ अ० मा, नरसिंहपुराण ६५ अ० मा पनि कुब्जाम्रक तीर्थ) ऋषीकेशको माहात्म्य वर्णन गरिएको छ।

तपोवन ऋषीकेशबाट आधा कोश उत्तर गंगाका दाहिने किनारा

पहाडीका पास मौनीका तीरमा शत्रुघ्नजीको सानू मन्दिर छ, मन्दिरका बायाँ बदरीनारायणको चतुर्भुजी मूर्ति छ, यहाँ टीहरीका राजाका कारिन्दाहरू झम्पान कण्डी बोक्ने कुल्लीसित १ झम्पानको ४ आनाका दरले कण्डीको दुइ आना समेत लिन्छन् र कुल्लीहरूको नाम लेख्छन्, शत्रुघ्नजीका मन्दिरबाट लक्ष्मणजीका मन्दिरतक आधा कोश उकालो ओरालो गरी गङ्गाका किनारै-किनारा जानुपर्छ, उहीं शिखरदार मन्दिरमा सेतो २ हात अग्लो लक्ष्मणजीको मूर्ति छ, सानू धर्मशाला र ४।५ दुकान छन्, अगाडि ध्रुवजीको दर्शन पनि हुन्छ, मन्दिरबाट १॥ मील अगाडि गंगाजीमाथि लक्ष्मणझूला नामक फलामको झुन्डिएको २२५ फीट लामू ३२००० खर्चीं सूर्यमलले बनाएको पुल छ।

लक्ष्मण-झूला

तपोवनको माहात्म्य स्कन्दपुराण केदारखण्ड दोस्रो भाग २२ अ० कुब्जाम्रक तीर्थदेखि उत्तर ऋषिपर्वत-मनि गंगादेखि पश्चिम किनारामा तपोवन छ। यहाँ त्रेतायुगमा रामचन्द्रजीले रावण मारी अयोध्या फर्केपछि लक्ष्मणजीलाई राजयक्ष्मा (क्षय) रोग हुँदा रामजीसित वसिष्ठले भने कि रावणको छोरो इन्द्रजीत जो ब्राह्मण थियो

सो युद्धबाट भागी तप गर्न गएकालाई लक्ष्मणजीले मार्दा उसै ब्रह्महत्याका दोषले यो रोग भएको हो, यो कुब्जाम्रक तीर्थमा गएर तप गरून्-तब यो रोग छुट्ला। तिमी पनि रावण-वधको पाप नाश गर्नाका निम्ति उहीं गै तप गर भनी लेखेको छ। २३ अ० मा लक्ष्मणजीले, कुब्जाम्रकदेखि डेढ कोश उत्तर गङ्गाका तटमा शेषजी अभ्रतक छन्, यहाँ बडो भारी तपस्या गर्दा महादेव प्रकट भै हे लक्ष्मण! तिम्रा तपस्यादेखि म खुशी भएँ तिम्रो पाप छुट्यो, यसै तीर्थमा १ फेर स्नान गर्नाले तीन करोड ब्रह्महत्यादेखि पनि छुट्तछ भने मुनिहन्ता पापी राक्षसलाई मारेको पाप किन रहन्थ्यो, तिम्रो रोग अब छुट्यो। अब उप्रान्त यो स्थान तिम्रा नामले प्रसिद्ध हुनेछ, यहाँ लक्ष्मणेश्वर नामले रहन्छु, मेरा दर्शनले पापीहरूको पनि मोक्ष हुनेछ भनी शिवजी अन्तरधान हुनुभयो, लक्ष्मणजी आफ्ना पूर्ण अंशले उहाँ रहे, लक्ष्मणका वाम भागमा लक्ष्मणेश्वर शिव विराजमान हुनुहुन्छ। जसको दर्शन गर्नाले सम्पूर्ण पाप छुटिजान्छ, गङ्गाका पश्चिम तीरमा लक्ष्मणकुण्ड छ, उहाँ स्नान जप गर्नाले अनन्त फल हुन्छ, शिवपुराण आठौं खण्ड– १५ अ. मा कुब्जाम्रक तीर्थ र पूर्ण तीर्थनेर गङ्गाका बीचमा सोमेश्वर छन्, गङ्गाका पश्चिम तटमा तपोवन छ, लक्ष्मणजीले त्यहीं भारी तपस्या गरी शिवका कृपाले पवित्र भए भन्ने कथा छ।

फूलवारीचट्टी झूलाबाट ४ मील पर गङ्गापार भएर बायाँ-किनाराबाट हिंड्नुपर्दछ, गङ्गाका दाहिने टिहरीका राजाको बायाँ

अंगरेजी राज्य छ, बाटामा हिउँली नदी र घट्टहरू भेटिन्छन्, मद्दिसे घट्टलाई पनचक्की भन्दछन् ।

सोमलचट्टी फूलबारीबाट २ आधा मील पर छ, यहाँ दुकान धेरै छन् । गुल्लरचट्टी, सोमलचट्टीबाट ३॥ मील पर्दछ. यहाँ डुंरीका रूख धेरै हुँदा गुल्लरचट्टी नाम रहेको हो, मदिसे डुंरीलाई गुल्लर भन्दछन्, चट्टीका धेरै दुकान छन् यहाँ हिउँली नदी बहन्छिन् ।

वैरागड़ागाउँ :–फूलबारीबाट ५ मील, गुल्लरचट्टीबाट २ मीलमा केही कंती पर छ । ६।७ छप्पर र पसल छन्, फूलबारीबाट सवा पाँच मील पर छप्परहरूका दुकान भएको मोहनचट्टी छ ।

बिजनीचट्टी फूलबारीबाट आठ मील वैगगडाबाट तीन मील पर छ, पसलेका ४।५ घर पक्की ठूला छन्, सरकारी सानू धर्मशाला पनि छ, पौने तीन मील पर कुण्डचट्टी पौने पाँच मील पर समिन्न नन्दग्राम भेटिन्छ ।

बन्दरचट्टी बिजनीदेखि ६ मीलमा २५-३० छप्पर र धर्मशाला छ । महादेवचट्टी बन्दरबाट ८ मील पर छ ६।७ छप्पर ३।४ पसल छन् । ८० सींढीमाथि कच्चा सानू महादेवको मंदिर छ ।

रामचट्टी महादेवचट्टीबाट ४ मील पर छ । ५।७ छप्पर छन् । कण्डीचट्टी महादेवचट्टीबाट ६॥ साढे छ मील, रामचट्टीबाट २॥ अढाई मील पर १४ सम्म छप्पर पसलहरू र अस्पताल आदि केरा-घारी र आँपका रूख सत्यनारायण समेत हुंदा बडो रमाइलो छ।

४ मील अगाडि व्यास गंगामा लक्ष्मणझुलाका ढाँचाको १८० फीट लामू पुल छ, गंगा र व्यास-गंगाको संगम छ, पुलका दक्षिणको उकालो बाटो कोटद्वार जाने हो, सामुन्नेको बाटो व्यासचट्टी जाने हो।

छप्पर व्यासचट्टी कण्डीदेखि ४॥ मील पर छ, सरकारी धर्मशाला र पसलहरू १८ तक छन्। अलिकति पर छहरो छ। आधा मील पर व्यास मंदिरमा व्यासको र शुकदेवको सानू मूर्ति छ, ५ मील उमरामू वा अमरकोट चट्टी, ६ मील १ नदी पर १६ फीट लामू काठको पुल छ, ७ मील अनन्तराम पंडाको घर धर्मशाला १ छहरा र पन्तनामक बस्ती छ, व्यास चट्टीबाट ९ मील ऋषीकेशदेखि ४२।४४ मील हरिद्वारबाट पौने ५५ मील देवप्रयाग छ।

देवप्रयाग यहाँ गंगोत्तरीबाट आएकी भागीरथीको र बदरीनाथबाट आएकी अलकनन्दाको संगम (दोभान) छ, अलकनन्दाका दाहिने टिहरीका राजाको राज्य थियो अब भारतमा मिल्यो, अलकनन्दामा २५० फीट लामू भित्र २४। फीट चाक्लो फलामको पूल छ, अलकनन्दाका बायाँ किनारामा सरकारी धर्मशाला कमलीबाबाको खैराती औषधालय पसल आदि छन्। पुलका पश्चिम कलश छाता लागेको रघुनाथजीको ठूलो मन्दिर छ, रघुनाथजीको श्याम रङ्गको विशाल मूर्त्ति खडा छ, हातमा धनु काँड करमा ढाल तरवार भिरेको छ, बाहिर पीतलको बडो गरुडजीको मूर्ति छ मंदिरका दाहिने बदरीनाथ, महादेव, कालभैरव, हनुमान छन्। रघुनाथजीको मूर्ति

शङ्कराचार्यले स्थापना गरेको हो, पुजारी महाराष्ट्र ब्राह्मण छन् सबेरै १ पैसा लिएर यात्रीलाई भित्र जान दिन्छन्, यहाँ मुण्डन पिण्डदान हुन्छ, पण्डाहरूका २०० तक घर बनेका छन्, १ सानू धर्मशाला छ, मंदिरबाट २०० सिंढीका माथि पर्वतमा क्षेत्रपालको मंदिर छ, देवप्रयाग इन्दौरका महाराजको र रायबहादुर सूर्यमलको सदावर्त लागेको छ, बदरीनाथका पण्डाहरू देवप्रयागमा रहन्छन्। देवप्रयाग ५ प्रयागमाको १ प्रयाग हो, गंगोत्तरी जाने जात्रूहरू देवप्रयागबाट गंगाजीका किनारा टिहरी भएर गंगोत्तरी जान्छन्, देवप्रयागबाट टिहरी २४ मील, टिहरीबाट गंगोत्तरी ९६ मील पर्छ, यात्रीहरू फर्कदाखेरि श्रीनगरवाट त्रियुगीनारायण भएर केदारनाथ जान्छन्। बदरीनाथका बायाँ केदारनाथ यात्रीहरूको देवप्रयागबाट गंगा छुट्तछिन्, अलकनन्दाका किनाराबाट हिंड्नुपर्छ।

स्कन्दपुराणको केदारखण्डको तेस्रो भागका पहिला अध्यायमा गंगाद्वारका पूर्वभागमा गंगा र अलकनन्दाका संगमका निकटमा देवप्रयाग उत्तम तीर्थ छ, जसको दर्शन स्मरण मात्रले ब्रह्महत्या बराबरका पापहरू नष्ट होइजान्छन्। त्यस तीर्थमा गरेका कर्महरूको फल अक्षय हुन्छ, जो मनुष्यहरू देवप्रयागगा पिण्डदान गर्छन्। उनीहरूको फेरि पितृकार्य गर्नको जरूरत छैन, जुन स्थानमा गंगा अलकनन्दाको संगम छ, फेरि साक्षात श्रीरामचन्द्र सीता लक्ष्मणसहित निवास गरेका छन्। उस तीर्थको वर्णन को गर्न सक्छ ? देवप्रयागमा जुन स्थानमा ब्रह्माजीले तप गरेको ठाउँ ब्रह्मकुण्ड

प्रसिद्ध छ, गंगाका उत्तर-तटमा शिवतीर्थ छ, त्यहाँ स्नान गर्नाले कीरा फटेङ्राहरू पनि शिवरूप होइजान्छन्, गंगाका निकटमा वेताल कुण्ड छ, ५ दिन स्नान गर्नाले मानिस शुद्ध हुन्छ, यताबाट थोरै पर सूर्यकुण्ड छ त्यहाँ स्नान गर्नाले मनुष्य सब पापदेखि छुट्तछ, यी सब तीर्थ गंगाका उत्तर तटमा छन् । गंगाका दक्षिण भागमा ब्रह्मकुण्ड माथि ४ हात प्रमाणको वसिष्ठ कुण्ड छ, जसका सेवाले मोक्ष मिल्दछ, यस कुण्डमाथि ८० हातका प्रमाणको वाराह तीर्थ छ यहाँ स्नान गर्नाले सायुज्य मुक्ति मिल्दछ, हजार वर्षसम्म श्राद्ध गर्नाले पितृहरू जो तृप्ति हुन्छन् सो यस वाराह तीर्थमा तर्पण गर्नाले मात्र तृप्ति हुन्छन्, गंगाका मध्यमा वाराही शिला छ जसलाई छुँदैमा मोक्ष मिल्दछ, दर्शन गर्नाले पितृहरू अक्षयलोकमा प्राप्त हुन्छन्, अलिकति पर सूर्यकुण्ड छ, यहाँ स्नान गर्नाले महापातकी मनुष्य पनि मुक्ति पाउँछ, यसभन्दा अलिकति पर पौष्यमाल तीर्थ छ, यहाँदेखि ६ दंड अगाडि इन्द्रद्युम्नको तपस्थान इन्द्रद्युम्नतीर्थ छ, यहाँबाट आधा कोश पर बिल्व तीर्थ छ जहाँ महादेव हरवखत रहन्छन्, उस स्थानमा गंगामा स्नान गरी १० दिन निवास गर्नाले सिद्धि प्राप्त हुन्छ, यी तीर्थ गंगाका माथिल्ला भागमा छन् । १ अध्यायदेखि ११ अध्यायतक देवप्रयागको वर्णन छ, धेरै हुन्छ भनी सूचन मात्र दिएको हुँ, पछिबाट लेखेको छ । श्रीरामचन्द्रले देवप्रयागमा गएर विश्वेश्वर स्थापना गर्नुभयो, माथि क्षेत्रपाल भैरव छन्, जो मनुष्य विश्वेश्वरको दर्शन नगरी जो यात्रा गर्दछन्, उसको सम्पूर्ण

निष्फला हुन्छ फल पाउँदैनन् भनी लेखेको छ। क्षेत्रपालको दर्शन पूजा गरी रामको दर्शन गर्नुपर्छ भनी लेखेको छ। गंगा अलकनन्दाका संगमदेखि बाणजा नदीतक देवप्रयाग क्षेत्र कहलाउँछ।

गोविन्दकोटी देवप्रयागबाट २॥ मील पर छ, यहाँ २।३ छप्पर छन्, गोविन्दजीको मूर्ति मन्दिर १०० कदम तल छ।

सीताकोटी गोविन्दकोटीबाट पौने तीन मील पर छ २।४ छप्पर छन्। रानीबागचट्टी सीताकोटीबाट २ मील पर छ। ५।६ छप्पर छन्। रामपुरीचट्टी रानीबागबाट पौने तीन मील पर छ, ५।६ छप्पर पसल छन्। भगवानचट्टी रामपुरचट्टीबाट ३ मील पर छ। पसलेका घर धेरै छन्।

बिल्वकेदार वा भीलेश्वर रामपुरबाट ४॥ मील, भगवानचट्टीबाट डेढ मील पर छ। यहाँ भीलेश्वर महादेवको मंदिर छ। धर्मशाला र ४।५ छप्पर छन्। उत्तरबाट आएका ढुण्ड नदीको र अलकनन्दाका संगम (दोभान) ढुण्डप्रयाग तीर्थ कहलाउँछ, यसै पर्वतलाई इन्द्रकील पर्वत भन्दछन्।

महाभारत (वनपर्व ३७ अ०) मा; शिवपुराण ज्ञान संहिता ६४ अ० देखि ६७ अ० तक, यस संगममा भक्तिपूर्वक स्नान गर्नाले ब्रह्मसायुज्य मुक्ति मिल्दछ। शिवको आराधना गर्नाले मनुष्य तीनै लोकमा श्रेष्ठ हुन्छ, त्यही ठाउँमा महादेवले इन्द्रपुत्र अर्जुनलाई दर्शन दिएको हो भनी लेखेको छ। यहाँबाट १ मील अगाडि अलकनन्दा-

मा फलामको झुण्डाएको पुल छ। पुल पारि टिहरीका महाराज कीर्तिशाहले बसाएको नयाँ बस्ती बजार छ। पुलनेरबाट १ बाटो टिहरी जाने, दोस्रो पूर्व दक्षिण पौडी वा गढवालका जिलाभित्रको श्रीनगरमा जाने, तेस्रो बाटो पश्चिम दक्षिण अलकनन्दाका दाहिने किनारा भएर देवप्रयाग गएको छ। भीलेश्वरबाट डेढ मील अगाडि अलकनन्दा र पर्वतका माझमा १ मील लामू बालुवाको मैदान छ, अगाडि कमलेश्वरको मन्दिर मिल्दछ, कार्त्तिकशुक्ल १४ मा यहाँ मेला लाग्दछ, कमलेश्वरको खण्डित लिङ्ग छ, कमलेश्वरको मन्दिरबाट आधा मील बढ्ता पूर्वोत्तर देवप्रयागबाट १८ मील, ऋषिकेशदेखि ६०।।। मील, हरिद्वारदेखि ७२।।। मील टाढा अलकनन्दाका किनाराका अग्ला जमीनमा नयाँ श्रीनगर बसेको छ, पुरानू श्रीनगर ता सन् १८९४ मा बाढीले बगायो।

श्रीनगर :—यहाँ किलकेश्वर, नागेश्वर अष्टावक्रमहादेव, राजराजेश्वरी भगवतीको मन्दिर छ, यो श्रीनगरको र राजराजेश्वरी र कमलेश्वरको स्कन्दपुराणमा चौपट्ट बयान गरेको छ। यहाँ ठूलो बजार छ। काम्ला, कस्तूरीदेखि लो सबै थोक चाहिने चीजबीजहरू पाइन्छन्। अस्पताल, अंग्रेजी हिन्दी पाठशाला, तारघर, डाकघर, थाना आदि छन्। अति रमणीय छ, कमलीवाले आदिका धर्मशालाहरू पनि छन्, श्रीनगरबाट दाहिने पछाडिको बाटो पौडी तहसीलतिर जाने सामुन्नेको सोझो बाटो श्रीबदरीनाथ जाने हो।

श्रीकोट बस्ती श्रीनगरबाट २ मील पर छ, ८।९ छप्पर छन् ।

सुकृताचट्टी श्रीकोटबाट ३ मील पर छ, ४।५ छप्पर पसल छन् ।

भट्टी सेराचट्टीबाट ३॥ मील पर छ । यहाँ १२।१५ छप्पर र पक्का दुकान पनि छन् । यहाँबाट जङ्गल र उकालो मिल्दछ ।

छातीखालचट्टी भट्टीसेराचट्टीबाट सवा मील पर छ । ३ छप्पर छन् । खाकराचट्टी छा० च०बाट सवा दुइ मील पर छ । १०।८ छप्पर पसल छन् । नरकोटाचट्टी खाकरा च० बाट उकालो ओरालो चढी उत्रिसकेपछि ३ मीलमा आउँछ । यहाँ २।३ छप्पर र पसलहरू पनि छन् । रूखका छहारीबाट कालीका मूर्त्तिको दर्शन पाइन्छ ।

गुलाबरायचट्टी न० च० बाट सवा दुइ मील पर छ । २।४ छप्पर र पक्की दुकान पनि छन् ।

रुद्रप्रयाग

गुलाबरायचट्टीदेखि १॥। मील, श्रीनगरदेखि १९ मील, देवप्रयागदेखि ३७ मील, हरिद्वारदेखि ९१॥। मील पर अलकनन्दाका बायाँ किनारामा अलकनन्दाका र केदारनाथबाट आएकी मन्दाकिनीको संगम (दोभान) छ । यहाँ सानू बजार पनि छ । २५।३० दुकान छन्, पंचप्रयाग-मध्य देवप्रयाग भयो, यो रुद्रप्रयाग, नन्दप्रयाग पछि आउँछन्, यहाँ बजारनेर २०० फीट लामू ६ फीट चाक्लो अलकनन्दामा फलामको पुल (झूला) छ, केदारनाथलाई छोड़ी बदरीनाथ

जाने यात्री विशेष गरेर आचारीहरू यहाँदेखि सोझो अगाडि अलकनन्दाका बायाँ किनारै-किनारा कर्णप्रयाग, नन्दप्रयाग, चमोली भएर अलकनन्दाका किनारै-किनारा बदरीनाथ जान्छन् । केदारनाथका यात्री यहाँबाट पुल पार भएर रुद्रनाथका मन्दिरदेखि अगाडि मन्दाकिनी नदीका किनारै-किनारा केदारनाथ पुग्दछन् । केदारनाथदेखि नालागाउँचट्टीबाट फर्की उखीमठ गोपेश्वर, चमोली भएर बदरीनाथ जान्छन् । रुद्रप्रयागबाट २१ मील कर्णप्रयाग, ३३।। मील नन्दप्रयाग, ४०।। मील चमोली, जोशीमठ छोडेर ६८।।। मील विष्णु प्रयाग, ८४।। मील बदरीनाथ छ । फेरि रुद्रप्रयागबाट मन्दाकिनीका किनारा २४ मील गुप्तकाशी, ४०।।। मीलमा त्रियुगीनारायण, ४३ मील सोनाप्रयाग, ४६ मील गौरीकुण्ड, ५५ मील केदारनाथ छन् ।

पुल पार भएर केदारनाथ जान्छन् , पुलबाट २।। मील पर सङ्गमनेर रुद्रनाथ शिवको मंदिर छ । १ कोठामा नारदेश्वर छन् । अर्कोमा कामेश्वरको लिङ्ग छ, नारदलाई महादेवले गानविद्या सिकाएको यही स्थानमा हो, ठाडा सींढी ओर्लेर सङ्गममा स्नान गर्नुपर्दछ । जलको वेग यहाँ ज्यादा छ। डाकखाना पनि छ। गोपालेश्वर, सोमेश्वर, अन्नपूर्णा पनि छन् ।

स्कन्दपुराण (केदारखण्ड प्रथम भाग ६३ अ०):—पूर्वकालमा महामुनि नारदजीले रुद्रप्रयागका मन्दाकिनीका तटमा घोरको तपस्या महादेवको गर्दा महादेव खुशी भै हे नारदजी ! तिम्रो

तपस्या पूर्ण भो भनी महादेवजीले ६ राग, एक-एक रागको पाँच-पाँच रागिनीहरू (स्त्रीहरू), आठ-आठ छोरा आठ-आठ बुहारीहरू प्रकट गर्नुभयो र वर माँग भन्दा नारदजीले संगीतविद्या प्रदान गरिबक्सनुहोस् भन्दा महादेव प्रसन्न भै सम्पूर्ण तालसहित रागका भेद कहिदिनुभयो। ६५ अ० देखि ७७ अ० तक विस्तार गरी वीणा (बेन) महादेवले दिएको ग्रहण गरी ब्रह्मलोकमा गए भन्ने कथा छ। नारदजीले रुद्रप्रयागमा स्नान गर्नाले परम सिद्धि प्राप्त भयो तसर्थ पृथ्वीमा यो तीर्थ श्रेष्ठ हो भनी गणना भएको छ।

तिलवाडाचट्टी रुद्रप्रयागबाट चार मील पर छ। यहाँ एक सरकारी धर्मशाला, ८।९ छप्पर र त्रिपुरेश्वरको मन्दिर छ।

रामपुरचट्टी तिलवाडाचट्टीबाट २॥ मील पर छ। ९।१० छप्पर र पसल छन्।

अगस्त्यचट्टी रामपुरबाट २॥। मील पर छ। पसलेका १५।१६ घर छप्पर, एक धर्मशाला र अगस्त्यजीको मन्दिर, २ शिष्यको र नवग्रह, गणेश आदिका मूर्तिहरू छन्। महाभारत आदिपर्व ४ अध्यायमा अगस्त्यका यज्ञको विस्तार छ।

महादेवचट्टी त्यहाँबाट २॥ मील पर छ ५।६ छप्पर, दुकान, धर्मशाला, ८।१० पक्की घर र काँचोपातको खेती छ।

चन्द्रापुरी म० च० बाट १॥ मील पर छ, मोदीका बडा बडा

घर ८ छन्, यात्रीहरू बस्तछन्, १२।१५ छप्पर पसल छन्, चन्द्रेश्वर र चन्द्रापुरी देवीको मन्दिर छ, ४ घट्ट छन् ।

भीरीचट्टी वा भीमझुला च० पू०बाट ३ मील पर छ । यहाँ मन्दाकिनीका दुवै किनारामा ५।७ मकान सरकारी धर्मशाला र हातमा गदा लिएको भीमको मूर्ति र सत्यनारायणको मूर्ति छ, मन्दाकिनीका माथि ७० फीट लामू, ५ फीट चाक्लो फलाम र काठको झुण्डाएको पुल छ, यताबाट १॥ मील पर, उजाडचट्टी वा पोखरीचट्टी आउँछ, ७।८ छप्पर दुकान छन्, ३॥ मील पर कुण्डचट्टी छ । ४॥ मील पर भीक्षुकका कोठामा गरुडजीको मूर्ति छ ।

गुप्तकाशी

भिक्षुकका कोठाबाट १॥ मील पर गुप्तकाशी छ, पहाड़मनि पूर्व मुख भएका मन्दिरमा विश्वनाथजीको अनगढ मूर्ति छ, छानामा सुनका कलश छन्; शिवका छत्र, अर्घ जलहरीको घडा माथिको परदा चाँदीको छ, चाँदीको १॥ हात अग्लो अन्नपूर्णाको चतुर्भुजी मूर्ति छ, पुजारी यात्रीहरूसित द्वारमा १।१ पैसा ली भित्र जान दिन्छ, १ थालीमा आफैंले रुपियाँ अठन्नी चवन्नी हाली राखेका हुन्छन्, यहाँ पैसा चढ्दो रहेनछ, चाँदी चढाउँ भनी चढाउनन् भन्नाका निति होला। अगाड़ि १४ हात लामू ४ पाटे मणिकर्णिका कुण्ड छ। औरङ्गजेब बादशाहका बखतमा विश्वेश्वर काशीदेखि भागी यहाँ आएका

हुँदा गुप्तकाशी भनेको हो भनी पण्डाहरू भन्छन्, तापनि यो ठीक होइन, गुप्तकाशीका अधिकारी उखीमठमा रहने केदारनाथका रावल पुजारी छन्, गुप्तकाशीदेखि हिउँका सर्दीको आरम्भ हुन्छ, यहाँबाट ३॥ मील पर पहाडमाथि शोणितपुर-सामुन्ने मन्दाकिनीका पारिपट्टि उखीमठ छ, शोणितपुर अघि वलीका १०० पुत्रमाका ज्येष्ठपुत्र वाणासुरले रचना गरेको हो भनी वामनपुराणका ९२ अ० मा; दशमस्कन्ध ६२ अ० मा वर्णन गरेको छ, वाणासुरको केही चिह्न पनि छ, केदारनाथका पण्डा यही शोणितपुरमा रहन्छन् ।

स्कन्दपुराण–(केदारखण्ड उत्तरभाग २४ अ०) मा केदारेश्वरदेखि ६ योजन दक्षिण काशीको बराबर भुक्ति-मुक्ति दिने गुह्य वाराणसी क्षेत्र छ, उस क्षेत्रको विस्तार २ योजनको छ, त्यो गुह्य स्थान छ, तसर्थ गुप्तकाशी कहन्छन्, यिनको स्मरणले मात्र सब आपत्ति नाश हुन्छन्, गंगा यमुना यहाँ गुप्त हिसाबले रहेकी छन्, माघमा मकर राशिमा सूर्य गएपछि नुहाउनाले असंख्य फल लाभ हुन्छ भनी लेखेको छ ।

नालाभेतग्राम :–गुप्तकाशीबाट पौन मील पर ४।५ छप्पर र पसल छन्, गरुडको र ललितादेवीको पुरानू मन्दिर छ, यात्रीहरू कोही आफ्ना असबाब यहीं राखी केदारनाथको दर्शन गरी असबाब ली उखीमठ चमोटी भएर बदरीनाथ जान्छन्, अगाडि सडकका किनारामा बाणग्राम र मस्तग्राम भेटिन्छ, नालाभेतदेखि १॥। मील पर

भेतगाउँमा नारायणको र लक्ष्मीनारायणको मूर्ति सुन्दर छ, अरू देवमन्दिरहरू पनि छन्, ३०।३२ छप्पर र दुकान छन्, यहाँदेखि दाहिनेपट्टि जंगली गोरेटो कालीमठतिर गएको छ, यही बाटो गए सोही ब्युङ्कलचट्टीमा पुगिन्छ।

ब्युङ्कलचट्टी नारायणचट्टीबाट १॥ मील पर छ, १२।१५ तक छप्पर दुकान छन्, काठका भाँडा असल पाइन्छन्, ब्युङ्कलचट्टीबाट २ मील पर धामाकोटी छ, यहाँ धातुको महिषमर्दिनी देवीको अष्टभुजी मूर्ति छ।

फाटाचट्टी ब्युङ्कलचट्टीबाट २ मील, धामाकोटीबाट १। मील पर छ, २०।२५ छप्पर र दुकान धर्मशाला छन्, यहाँदेखि पर ब्रह्मकोटि स्थान, कालुदण्डो चट्टो भटपोंगाचट्टो छ। यी सब चट्टीमा छप्पर दुकान छन्।

रामपुराचट्टी फाटाचट्टीबाट ४॥ मील पर छ, २०।२५ छप्पर छन्, सोझो रास्ता केदारनाथ जाने, देब्रेतर्फ उकालो चढेर त्रियुगी नारायणमा जान्छ, रामपुरदेखि ३॥ मील पर शाकम्भरी देवीको मूर्ति छ।

स्कन्दपुराण–(केदारखण्ड प्रथम भाग ४६ अ०) मा यो परमपीठ शाकम्भरीक्षेत्र सम्पूर्ण पाप नाश गर्ने मुनिहरूको रक्षाका निंति प्रगट भएकी हुन्, यिनको दर्शन गर्नाले १० अश्वमेध यज्ञको

फल मिल्दछ, शाकम्भरी पीठको प्रमाण ३ योजन लामू २ योजन चाक्लो छ, जो मनुष्य नियमपूर्वक ५ रात्री निवास गर्दछ, उसलाई विपुल सिद्धि मिल्दछ भनी लेखेको छ ।

त्रियुगो नारायण ।

शाकंभरीबाट १। मील पर छ, पण्डाहरूका २५।३० पक्का घर, ५।७ दुकान र धर्मशालाहरू छन्, ब्रह्मकुण्ड, रुद्रकुण्डमा स्नान गर्दछन्, कुण्डमा बहुत रङ्गबिरङ्गका सर्प हुन्छन्, स्नान गर्दा टोक्तैनन्, विष्णुकुण्डको जल सब जना पिउँदछन्, उहींनेर छहराको जल थोरै रहन्छ सरस्वतीकुण्ड भन्दछन्, पण्डाहरू यहाँ यात्रीहरूलाई तर्पण गराउन लाउँदछन्, छहराको पानी भित्रबाट चारै कुण्डमा आएर ब्रह्मकुण्डबाट बाहिर जान्छ, कुण्डनेर साधारण नारायणको शिखरदार मंदिर छ, नारायणको धातुको मूर्ति स्थापित छ, लक्ष्मी, अन्नपूर्णा, सरस्वती आदिका मूर्तिहरू छन्। मंदिरका अगाडि जगमोहनका स्थाननेर चारकुने घर छ, ५ चौतराका कुण्डमा सदासर्वदा अग्नि (आगो) रहन्छन्, भन्छन् कि शिवजी पार्वतीका विवाहका समयको अग्निकुण्ड हो, तीन युगको धुनी अझतक बलिरहेकै छ, धेरै यात्रीहरू दाउरा किनी हालो कुण्डको बिभूति ली जान्छन्, मंदिरमा अँध्यारो हुँदा दिनमा पनि बत्ती बालेकै हुन्छन्, त्रियुगी नारायणको उकालो घोरको डरलाग्दो छ, तसर्थ धेरै यात्री

पाटी गाड नदीदेखि त्रियुगी नारायणको बाटो छोडी सोझो बाटो केदारनाथ जान्छन् । झम्पानवालाहरू उकालाको इनाम लिन्छन् , गगोत्तरीका यात्रीहरू जो ऋषीकेश, देवप्रयाग, श्रीनगरको बाटो गंगात्तरी जान्छ, पगदण्डी बाटो यहाँ आएर केदारनाथतिर जान्छ ।

महाभारत—(अनुशासनपर्व ८४) अ० मा हिमालयपर्वतमा रुद्राणी देवीसित रुद्रको विवाह भएथ्यो भनी लेखेको छ, फेरि स्कन्दपुराण केदार खंड प्रथम भाग ४३ अ० मा केदार मण्डलमा त्रिविक्रमा नदीका तटको डेढ कोशमाथि यज्ञपर्वतमा नारायणक्षेत्र छ, तहाँ ब्रह्मादि देवताहरूले हरिको यज्ञ गरेथे, त्यहाँ सदासर्वदा अग्नि रहन्छन् , त्यसै ठाउँमा गौरीसित महादेवको विवाह भएथ्यो, अनेक कोटी पाप भएको मनुष्यले १० दिन उपवास गरी प्राण-त्याग गर्नाले वैकुण्ठमा बस्तछ, विष्णुका नाभिदेखि परम पवित्र सरस्वतीकी धारा आएकी छन्, जो प्राणीले मन्त्रले युक्त गरेर उसको जल पिउँछ भने सय कराड कल्पतक उसको दोस्रो जन्म हुँदैन, ११ कुल तकको उद्धार हुन्छ, जा मनुष्य नारायणका मन्त्रले हवन गर्दछ त्यो सम्पूर्णं पापबाट छुट्तछ, यहाँको भस्म धारण गर्नाले सम्पूर्ण देवमय होइजान्छ, यहाँ ब्रह्मकुण्डमा स्नान गर्नाले ब्रह्मलोक मिल्छ, विष्णुतीर्थमा स्नान गरे वैकुण्ठमा बस्दछ, सरस्वतीकुण्डमा स्नान गर्नेको सम्पूर्णं पाप क्षय हुन्छ, नारायणदेवको दर्शन गर्नाले शिवलोक मिल्दछ भनी लेखेको छ, फेरि वाराहपुराण २२ अ० मा

शिवपार्वतीको विवाह तृतीयाका दिन भएको हुनाले तृतीया तिथि महादेवको प्रिय छ भनी लेखेको छ ।

शौनकप्रयाग त्रियुगी नारायणबाट २॥ मील पर छ, माथिबाट जोरसित मन्दाकिनी गिर्दछिन् । गङ्गा पश्चिमोत्तरबाट आएर जोरसित मन्दाकिनीमा मिलेकी छन् । सोनप्रयागबाट १२ मील पर कैयौं मील लामू चाक्लो छ, उहाँबाट वासुकि नदी आएकी हुन् । यात्रीहरू असार साउनमा हिउँ पग्लेपछि जान्छन् । शौनकप्रयागबाट मन्दाकिनीको जल सेतो, वासुकिको जल हरियो देखिन्छ, वासुकि गङ्गामा भारत सरकारको १७० फीट लामू फलामको पुल छ, गरुडजीको मूर्त्ति र पसलेहरूका घर छन्। यसलाई झिलिमिलीचट्टी पनि भन्दछन् ।

मुण्डकटागणेशचट्टी सौ० प्र० बाट २॥ मील पर छ, बिना शिरका गणेशको दाहिने पार्वतीको बायाँ शिवलिंग ६।७ छप्पर छन् । गणेशको शिर महादेवले काटेको हो, यो कथा स्क० का के० खं० ४२ अ० मा छ, शि० पु० ज्ञा० ३२ अ० मा पनि छ ।

गौरीकुण्ड मु० क० ग० बाट २॥ मील पर छ, २० । २५ पंडाहरूका घर दुकान छन् । पुरी मिठाईसमेत किन्न पाइन्छ, तातापानीको १ छहरो छ, केही पानी मन्दाकिनीमा केही जल पीतलको गोमुखो तप्तकुण्डमा गिर्दछ, कुण्डबाट निक्ली मंदाकिनीमा मिल्दछ, तप्तकुंड १७ फीट लामू चारपाटे छ । कुण्डको जल यस्तो तातो छ कि छुन-

लाई मुश्किल हुन्छ । यात्रीहरू मार्जन गर्छन् । शूरो मानिस कुद्दछ । पोलेर बिगार गर्ने होइन । तप्तकुण्डका दक्षिण, खारिलो जल भएको, गौरीकुण्ड छ । यहाँ यात्री पहिले नै स्नान गर्छन् । कुण्डका दक्षिण ५।६ हात लामू उमा-महेश्वर नामक शीला छ । त्यहींनेर गौरीका मन्दिरमा गौरी, महादेव, राधाकृष्ण, ज्वालाभवानीका मूर्तिहरू छन् । मन्दिर-पछाडि अमृतकुण्ड नामक मीठा पानीको सानू कुण्ड छ ।

स्कन्द० के० प्र० ४२ अ०मा केदारेश्वरबाट ६ कोश दक्षिण मन्दाकिनीका तीरमा सब सिद्धि दिने गौरी तीर्थ छ । अघि गौरी पर सर्दा ऋतुस्नान गरेको हो । स्कन्दको उत्पत्ति स्थान यही हो । यहाँ तप्तकुण्ड र सिन्दूर जस्तो माटो छ । यहाँ नुहाई माटो शिरमा घस्यो भने शिवजी बहुत खुशी हुनुहुन्छ । यहाँ गौरीश्वर विराजमान छन् । कुण्डका दक्षिण गोरक्षाश्रम तीर्थमा सिद्ध गोरखनाथ नित्य वास गर्छन् भनी लेखेको छ ।

चीरवासा भैरव—गौरीकुण्डबाट २ मील पर छ । यी भैरवलाई कपड़ा चढाउनुपर्छ, नत्र यात्राको फल हरिलिन्छन् । यहाँबाट जङ्गल आरम्भ हुन्छ ।

स्कन्द० के० प्र० ४२ अ०मा गौरी तीर्थका पूर्व भागमा चीरवासा भैरवक्षेत्रको रक्षा गर्छन् । जो मनुष्य भैरवलाई चीर माने वस्त्र चढाउँदैनन् तिनको यात्राको फल हरिलिन्छन् भनी लेखेको छ, तसर्थ वस्त्र चढाई जान्छन् ।

भीमगोड़ा चीरभैरवबाट २ मील पर छ। यहाँ ढुङ्गामा खोपेर बनाएको भीमसेनको बड़ो भारी मूर्ति छ।

रामबाडाचट्टी भीमगोड़ाबाट आधा कोश पर छ। ९।१० छप्पर छन्। यहाँबाट उकालो लाग्दछ। यहाँबाट केदारपुरीको यात्रा लाग्छ। बोलदे श्रीकेदारनाथजीकी जय! पुरी मिठाईका दुकान समेत छन्। यहाँ जाड़ाका दिनमा कोही रहँदैनन्। अनेक तरहका फलहरू देखिन्छन्। केदारनाथ पुग्नलाई एक मील बाँकीदेखि नै केदारनाथको मन्दिर देखिन्छ। सोनप्रयागबाट केदारनाथसम्म बस्ती छैन। यात्राका समयमा मोदीहरू चट्टीमा आउँछन्।

केदारनाथ

रामबाडादेखि ४॥ मील पर छ। यात्रीहरू हरिद्वारबाट १४६॥ मील हिंडी १७ दिनमा केदारनाथ पुग्छन्। पाउ मील पर अलिकति नपुग्दैमा ५ नदीको संगम भेटिन्छ, सम्पूर्ण यात्रीहरू स्नान गर्छन्। सरस्वती, मन्दाकिनी, दुग्धगङ्गा, स्वर्गद्वारी, महोदधि, यिनै पंचधाराको संगम छ। स्नानको स्थान दुग्धगङ्गा यहाँबाट उत्तर सरस्वती आधा मील दक्षिण महोदधि स्वर्गद्वारी मन्दाकिनीमा मिलेकी छन्। मन्दाकिनीमा छोटो पुल छ। मन्दाकिनी सरस्वतीको संगममा संगमेश्वर शिवलिङ्ग छन्। मन्दाकिनी नदी केदारनाथका पछाडि कैलास नामक पहाडबाट निक्लेर

पचास मील दक्षिण बहँदै रुद्रप्रयागमा अलकनन्दा नदीमा मिलेकी छन्, समुद्रका जलदेखि ११००० फीट अधिक अग्लो ठाउँमा महापंथ नामक हिमालचुली-मनि सरस्वती मन्दाकिनीका माझमा अर्धाकार भूमिमा केदारपुरी छ। २०० गज लामा बाटाका वरपर ६० ठूला पक्का घर छन्, १८ धर्मशाला छन्। केदारपुरीका उत्तर केदारनाथजीको दक्षिण ढोका भएको सुन्दर मंदिर छ। भित्र गाहानेर माझमा ३।४ हात लामू डेढ हात चाक्लो अनगढ माने कसैले नगाढेको ४ पाउ भएको भैंसीको आकारको केदारनाथको स्वरूप छ, माथि जलहरी चाँदीको छत्र छ। यात्रीहरू केदारनाथलाई जल चढाई छोएर बेलपत्रादिले पूजा गरी केदारनाथको स्वरूपको पछाडि भागमा घ्यू घसेर छाती जोरी अंकमाल गर्दछन्। यात्रीहरू तामाका बाला, अउँठीहरू खरीद गरी केदारनाथलाई छुवाई आफ्ना घर लान्छन्। केदारनाथको शृंगार मूर्ति ५ मुख भएको छ, समय-समयमा वस्त्र गहना-सहित राखेको हुन्छ। भित्र अन्धकार हुँदा दिनमा पनि बत्ती बालेका हुन्छन्। केदारनाथको मंदिरबाट सर्वदा जल टप्किरहन्छ। यो जल कहाँबाट आएको हो थाहा हुँदैन। मन्दिरका अगाडि पत्थरको अग्लो जगमोहनका पश्चिम गाहामा युधिष्ठिरको पूर्वोत्तर नकुल सहदेवको पूर्व दक्षिण भीमसेनको दक्षिण पश्चिम द्रौपदी अर्जुनका ठूला मूर्त्ति छन्। मंदिरको र जगमोहनका माझका देवलमा पार्वती, गणेश, लक्ष्मीको मूर्त्ति छ। मंदिरका पछाडि अमृतकुण्ड छ। यहाँ शिवलिंग छन्। पूर्वोत्तर हंसकुण्ड र

रेतसकुण्डमा दाहिने हातले ३ फेर देब्रे हातले ३ फेर आचमन गरी फेरि ३ अँजुली जल घुँडा मारी पिउनुपर्दछ । यहाँ ईशानेश्वर छन् । पश्चिमतिर सानू सुफल कुण्ड छ, मंदिरदेखि केही पर सुनौला गजूर भएको मंदिरमा अन्दाजी २ हात लामू लदककुण्ड छ । यहाँ पनि रेतसकुण्डका झैं आचमनादि गर्नुपर्दछ । यस मंदिरका पछाडि घडा डुबाउने मीठो पानीको १ कुण्ड छ । सबै जना यसै कुण्डको पानी पिउँदछन् । ठूला मंदिरका पछाडि हिउँको जो पर्वत देखिन्छ त्यही भृगुपतन र महापन्थ हो यसै स्थानमा उपवास गरी १ रात बस्तछन् । केदारपुरी जाडाका दिनमा हिउँले ढाकेको हुन्छ, वैशाखका संक्रान्तिका १५।२० दिनमा पट खुल्दछ, मङसीर महीना यतै कात्तिकैमा बन्द हुन्छ, रावल पुजारी उखीमठका पण्डाहरू शोणितपुरमा आफ-आफ्ना घर बस्तछन् । पट बन्द भएपछि केदारनाथको पूजा उखीमठमा हुन्छ, केदारनाथको सबभन्दा अग्लो हिमालको चुली २२८५० फीट अग्लो छ ।

शिवपुराण-(ज्ञानसहिता ३८ अ०) मा शिवजीका १२ ज्योतिलिंग-मध्यमाका केदारेश्वरलिंग हिमालयमा छन् । ४७ अ० मा जो मनुष्य केदारनाथको दर्शन गर्दछ स्वप्नामा पनि त्यसलाई दुःख हुँदैन, केदारेश्वरको कंकण (बालो) जो लाउँदछ त्यो शिवजीको पियारो हुन्छ । त्यसको दर्शन गर्नाले सब पापबाट छुट्दछ । केदारेश्वरको

दर्शन गर्ने मानिस जीवनमुक्त हुन्छ। जसले केदारेश्वरको दर्शन गरेको छैन उसको जन्मनु व्यर्थ हो भनी लेखेको छ।

महाशिवपुराण—(उर्दू अनुवाद आठौं खंडका २७ अ०) मा पंचपाण्डवहरूले गोत्रवधको पाप छुटाउनाका निंतिमा केदार तीर्थ जब पुगेथे शिवजी भैंसीको रूप ली उहाँबाट भाग्नुभो, पांडवहरू धर्मका प्रतापले जानेर पछि-पछि दगुर्दै प्रेमसित बिन्ती गरी हे नाथ! कृपा गरी हामीहरूको पाप नाश गरी यसै स्थानमा रहिबक्सियोस् भनी बिन्ती गरी पछाडि छोएको हुनाले पछिल्लो भाग केदारनाथ मुखपट्टिको भाग पशुपति नामले प्रसिद्ध भयो, जसका दर्शनले पाण्डवरूको पाप नाश भयो भन्ने कथा छ।

स्कन्दपुराण—(केदारखंड प्रथम भाग ४ अ०) मा युधिष्ठिर आदि पांडवगण गोत्रहत्या र द्रोणाचार्य आदि गुरुजनहरुलाई मारेका अपराधले दुःखी सन्तप्त भएर व्यासजीसित हात जोरी भने कि हामीहरूको गोत्रहत्या कसोरी छुट्ला भन्दा व्यासजी भन्नुहुन्छ कि हे पाण्डव हो! शास्त्रमा गोत्रहत्या गर्नेहरूको प्रायश्चित्त छैन, केदारनाथका पुरीमा नगै यो पाप छुट्तैन, तिमीहरू उहीं जाओ। उमा गणहरूले सहित साक्षात्, महादेव बास गर्नुहुन्छ। वहाँ मर्नाले शिवरूप होइजान्छ। उहीं महापन्थ ब्रह्महत्यादि पापहरूलाई नाश गरदछ, व्यासका उपदेशले केदारमा गएर उस तीर्थको सेवन दर्शनादिले शुद्ध भै गए। गङ्गाद्वारदेखि लिएर श्वेतपर्यन्त तमसा नदीका

तिरदेखि पूर्व बौद्धाचलतक ५० योजन लामू ३० योजन चाक्लो स्वर्ग जाने बाटो केदारमण्डल छ, यहाँ पशुहरू मरे पनि शिवलोकमा बास गर्छन्। यहाँ यस महाक्षेत्रमा यी ५ धारा प्रधान छन्—(१) मधुवर्णधारा जसलाई मानिस मधुगङ्गा भन्दछन्। (२) दूध जस्तो बहने क्षीरधारा। (३) श्वेतवर्णकी स्वर्गद्वारधारा। (४) मन्दाकिनी नदी (५) केदारालयमा केदारधारा जो शेषधारादेखि निक्लेकी छन्। केदारपुरीमा जान ईच्छा गर्ने मनुष्य पनि धन्य हुन्। ३०० कुलहरूले सहित शिवलोक जाइजान्छ, केदारक्षेत्र सब क्षेत्रमाको उत्तम छ भनी लेखेको छ (४२) अ० मा शिवजीका दक्षिण दिशामा रेतसकुण्ड छ, जसको जल पिउँदैमा मनुष्यहरू शिवलोक जान्छन्, महातीर्थका तलका भागमा मन्दाकिनीका तटपर शिवकुण्ड छ, स्नान गर्नाले शिवलोक मिल्दछ। कपिल नामक शिवको दर्शन गर्नाले मोक्ष मिल्दछ, मनुष्य उहाँ ७ रात उपवास गरेर प्राण त्याग्यो भने शिवसायुज्य पाउँदछ। जुन स्थानमा धारा निस्केको छ त्यसभन्दा माथि पापीहरूको मुक्ति दिने भृगुतुङ्ग तीर्थ छ। महापातकी मनुष्य पनि भृगुतुङ्गदेखि श्रीशिलामा गिरेर प्राण छोड्यो भने परब्रह्मलाई पाउँदछ उसै तीर्थका माथिल्ला भागमा २ योजन पर हिरण्यगर्भ तीर्थ छ, रक्तवर्ण गुप्तजल निक्लन्छ, यहाँ छुनाले लोहादिक धातु माने फलामले छोए पनि फलामै सुन हुन्छ, यसका उत्तर स्फटिकलिंग छ,

---

(१)—४ कोशको १ योजन हुन्छ, २ मीलको १ कोश हुन्छ, ८ मीलको पाँच किलोमीटर हुन्छ।

यसका ७ कदममा वह्नितीर्थ छ, हिउँका बीचमा अग्निमय जल रहन्छ, यहाँ घ्यूले आहुति दिनुपर्दछ । यहाँदेखि उत्तर आश्चर्य दृश्य छ। पर्वतका अग्र शिखरबाट, भूतलमा जल गिर्दछ, जसका १ छिटा शरीरमा पर्नाले मुक्त होइजान्छन् उसै स्थानमा भीमसेनले महादेवको पूजा गरेका हुन्, पुण्यात्मा पुरुष मात्र यहाँ जान सक्छन् । यहाँदेखि उता महापन्थ छ, यहाँ जानाले मनुष्य आवागमनदेखि रहित हुन्छ, ७ पर्खालरूपी किल्लाले घेरेको सदाशिवजीको धाम छ, महाभैरव हातमा दण्ड लिएर गणहरूको पालना गर्दछन्, जो मनुष्य सदा सर्वदा महापन्थमा गएर प्राण त्याग गर्दछु भन्दछ, त्यसदेखि महादेव बहुतै खुशी हुनुहुन्छ, केदारदेखि १० दंड पर हंसकुण्ड छ, यहाँ ब्रह्माले हंसरूप भएर रेतपान गरेको हुनाले हंसतीर्थ नाम रहेको हो, यहाँ पितृहरूको श्राद्ध गर्नाले परमपदमा जान्छन्, जो मनुष्य केदारनाथको दर्शन गरेर रेतसकुंडको जल पिउँदछ त्यसका हृदयमा शिवजी रहन्छन्, कस्तै पापी भए पनि जुनसुकै स्थानमा मरे पनि शिवलोकमा वास हुन्छ, केदारपुरीदेखि भीमशिलातक महादेवजीको शय्या छ भनी लेखेको छ।

ब्रह्मवैवर्त–(कृष्णजन्मखंड १७ अ० मा, कूर्मपुराण ३६ अ० मा, सौरपुराण ६९ अ० मा, गरुडपुराण पूर्वार्द्ध ८१ अ० मा, पद्मपुराण पातालखंड ९१ अ० मा, वामनपुराण (३६ अ०) मा, लिंगपुराण (९२ अ०) मा, व्यासस्मृति ४ अ० मा, केदारनाथजीको अद्भुत माहात्म्य गरेको छ। अब कति भनूँ यहाँबाट नालाभेतचट्टी-

सम्म पहिलेका बाटाबाट आउनू (फर्कनू) यहाँबाट पूर्वपट्टिको बाटो उखीमठमा गएको छ, केही उकालो ओरालो छ।

उखीमठ

केदारपुरीबाट सोनप्रयाग १२ मील, पाटीगाड नदी (त्रियुगीनारायणको बाटो छोडेर) १३॥ मील, नालाचट्टी २५॥ मील छ, नालाभेतचट्टीबाट १॥ मील पर १३० फीट लामू ३॥ फीट चाक्लो मन्दाकिनीमा फलामको पुल छ, पुलबाट १। माल नालाचट्टीबाट २॥। मील पर उखीमठ छ, यो बडो सुन्दर ठाउँ छ, १०।१५ घर सफाखाना डाकखाना अस्पताल धर्मशाला सानू बजार पुलिसको चौकी आदि छन्, ओंकारनाथ शिवको १ शिखरदार मन्दिर बहुतै राम्रो गुप्तकाशीका विश्वनाथका मंदिर जस्तो छ, पूर्वपट्टि राजा मान्धाताको ठूलो मूर्त्ति छ, अरू धेरै देवताहरूका मन्दिर छन्, जगमोहननेर उत्तरका ३ सिंहासनमा बदरीनाथ, केदारनाथ, तुंगनाथ, पार्वती आदिको सुन्दर शृंगारसहित धातुका मूर्त्तिको दर्शन हुन्छ, दिनमा पनि दिया बालेका हुन्छन्, मंदिरका पूर्व कोठामा उषा अनिरुद्धको र धातुको पत्तामा चित्ररेखाको मूर्ति छ, ठूला मंदिर पश्चिम केदारनाथका पुजारी धनवान रावलको २ मंजिला माने २ तले घर छ, घरमनि १ कोठामा केदारनाथको गद्दी छ, गद्दीनेर विचित्र सुनौला सिंहासनमा पंचमुखी महादेव छन्, १ मुख सुनको, १ मुख चाँदीको छ, सुनौलो १ छत्र-सहित छ, शिवनेर वस्त्र गहनाले सजेको पार्वतीको १ सुन्दर

मूर्ति छ, जाड़ाका दिनमा ६ महिना केदारनाथको पूजा यहाँ हुन्छ, दोस्रा कोठामा कुन्ती र द्रौपदीको मूर्ति छ, धातुका पत्तामा युधिष्ठिर आदि पाँच पाण्डवहरूको मूर्ति छ। माथि १ कोठामा गरुडको मूर्ति छ। केदारनाथ, गुप्तकाशी, उखीमठ, तुंगनाथका अधिकारी रावलै छन्।

मध्यमेश्वर

पंचकेदारमाका १ केदार हुन्। उखीमठबाट करीब १४ मील पर छ। बाटामा अहरिया कोटमा काली नदी अगाड़ि कालीमठ, कालशिला, राशी देवीको मन्दिर मिल्दछ, अनि मध्यमेश्वरको मंदिर आउँछ। धर्मशाला छ तापनि खाने सामान मिल्दैन, साथमा जिनिस लानुपदछ। दर्शन गरी फर्की उखीमठमा आई बदरीनाथ जानुपर्दछ।

स्कन्दपुराण (केदारखण्ड प्रथमभाग ४७ अ०) का पंचकेदार-मध्ये (१) केदारनाथ, (२) मध्यमेश्वर, (३) तुंगनाथ, (४) रुद्रालय र (५) कल्पेश्वरमध्ये केदारनाथको वर्णन भयो, अब केदारपुरीबाट ३ योजन दक्षिण मध्यमेश्वर क्षेत्र छ। दर्शन मात्रले मनुष्यलाई स्वर्ग मिल्छ। पूर्व समयमा गौड़ देशका ब्राह्मण मध्यमेश्वरको दर्शन गर्नाका इच्छाले गङ्गाद्वारबाट गङ्गाजल लिएर मन्दाकिनीका तटमा अगस्त्य आदि मुनिहरूलाई नमस्कार र अनेक तीर्थको दर्शन गर्दै शिवक्षेत्रमा पुगे। उहाँबाट मध्यमेश्वर क्षेत्रमा गएर

मध्यमेश्वरका समीपमा ३ रात जागरण बसी सरस्वतीमा स्नान तर्पण गरी फर्केका थिए । बाटोमा १ राक्षस यिनै ब्राह्मणका दर्शनले शिवरूप भई कैलासमा गए । ब्राह्मण आफ्ना घरमा सुखभोग गरी अन्त्यकालमा ब्रह्मसायुज्य पाए भन्ने कथा छ । ४८ अ० मा जो मनुष्य मध्यमेश्वर क्षेत्रमा सरस्वतीको दर्शन मात्रले सब पापदेखि छुटिजान्छ उसै स्थानमा पितृलाई तर्पण श्राद्ध गर्नाले सब पितृहरू मुक्ति पाउँछन् भनी लेखेको छ । उखीमठबाट १। मील पर १ बस्ती छ । जहाँबाट शोणितपुर देखिन्छ, १।। मील पर मन्दाकिनी र आकाशगङ्गाको संगम जहाँबाट मन्दाकिनी छोडेर आकाशगङ्गाका दाहिने किनारा हिड्नुपर्दछ । २।। मील पर सानू १ मंदिर, २।।। मील पर ४ छप्परको गणेशचट्टी, ४।। मील पर ८।१० छप्परको दुर्गाचट्टी छ । यहाँ १ ठूलो छहरो आकासगङ्गा नदीमा काठको पुल ५। मील पर ३ छप्परको छोटो दुर्गाचट्टी छ । उखीमठबाट ७। मील पर पोथीबासाचट्टी छ ।

पोथीबासाचट्टी—यहाँ मोदीहरूका पक्का ठूला-ठूला दुकान ९।१० छप्पर छन् । तुंगनाथको सर्दी आरम्भ हुन्छ, आकाशगंगा बायाँ छुट्तछिन् । यहाँबाट अलिकति पर गणपतिचट्टीमा ६।७ छप्पर र दुकान, पर बाणकोटीचट्टीमा ६।७ छप्पर र दुकान छन् । पोथीवासा चट्टीबाट २ मील पर पहाडका चुलीमा कुन्दनचट्टी छ, यहाँ ज्यादा वर्षा हुन्छ ।

चौपत्ताचट्टी पोथीवासाबाट ३ मील पर छ। मोदीहरूका १०। ११ पक्का मकान धर्मशाला ७।८ छप्पर दुकानहरू छन्। अगाडि दाहिने चमोलीको बायाँ तुंगनाथको बाटो गएको छ।

तुंगनाथ

पंचमकेदारमाका १ तेस्रा तुंगनाथ हुन्। तुंगनाथको उकालो डरलाग्दो छ। झम्पानवाला इनाम लिन्छन्। धेरै यात्री तुङ्गनाथ छोडी सोझो बाटो चमोली जान्छन्। यो ठीक होइन दर्शन गर्नैपर्छ। चौ० चट्टीबाट २॥ मील पर छ। बीचमा पानी मिल्दैन। तुङ्गनाथको प्राचीन मंदिर पत्थरको पश्चिम मुखभित्र अनगढ पातलो शिवलिङ्ग छ, पूर्वपट्टि अन्दाजी २ हात अग्लो शंकराचार्यको मूर्ति छ। मंदिर-अगाडि भारी जगमोहन छ। अगाडि नन्दी, गणेश, धर्मशिला आदि छन्। भनिन्छ कि यो मंदिर शंकराचार्यजीले बनाएको हो। मंदिरको पास १ गुफा छ। पानीमा धेरै मानिस ओतिन्छन्, यहाँ मोदीहरूका दुकान छैनन्। तुङ्गनाथबाट १ मील पर चन्द्रशेखर शिवको मंदिर छ, पश्चिम चंद्रशेखरबाट तुङ्गनाथ गएर दक्षिणतिरबाट ओलनुपर्दछ, झम्पानबाट ओर्लेर २॥ मील गएपछि तुङ्गनाथ चट्टी ४।५ छप्पर भएको आउंछ। तलदेखि चौपत्ताचट्टीवाला सड़क मिल्दछ। १॥ मील पछाडिको चौपत्ताचट्टी हो।

स्कन्दपुराण—(केदारखण्ड प्रथम भाग ४९ अ० मा)—मान्धाता क्षेत्र अर्थात् उखीमठदेखि दक्षिण २ योजन लामू २ योजन

चाक्लो तुंगनाथ क्षेत्र छ, जसका दर्शनले मात्र सब पापदेखि छुट्तछ, पछि शिवलोक मिल्दछ, पहिले भैरवको नमस्कार गरी क्षेत्रमा प्रवेश गनुपर्दछ, तुंगनाथको पूजा गर्ने मानिसको तीनै लोकमा कोही वस्तु दुर्लभ हुँदैन, उहाँ ब्रह्मादिक देवता सर्वदा महेश्वरको स्तुति गर्दछन्, मनुष्य तुंगनाथमा जति छिटा–जलचढाउंदछन् उति हजार वर्षसम्म शिवलोकमा बस्तछन्, बिल्वपत्रले तुगनाथको पूजा गर्ने मानिस १ कल्पतक शिवलाकमा बस्न पाउँदछ, अगम्यागमन गर्ने मानिस पनि तुंगनाथ क्षेत्रमा जानैले मुक्त हुन्छ। ५० अ० मा तुंगनाथक्षेत्रका आकाशगंगाका शिरमा पितृको तर्पण गर्नाले २१ कुल शिवलोकमा वास गर्दछन्, पिण्डदान गर्नाले पितृगण कृतकृत्य होइजान्छन्, दान गर्नाले असंख्य फल लाभ हुन्छ, जो मनुष्य तुंगेश्वरका अग्ला पर्वतमा ३ उपवास गरी प्राण छोड्यो भने अवश्य शिवरूप हुन्छ, शिवजीका नगीचै पश्चिम स्फटिकको लिंग छ, उसका दक्षिण गरुडतीर्थ, उसदेखि चौथाइ कोश पश्चिम मानसर नामक सरोवर छ, यसका उत्तर भागमा मर्कटेश्वर छन्, जसका दर्शनैले शिवलोक मिल्दछ, यसका दक्षिण भागमा मृकण्डु ऋषिका आश्रममा महेश्वरी देवी विराजमान छन्।

भीमचट्टी तुं० च० बाट आधा मील पर छ, ६।७ छप्पर छन्।

पाँगरबासाचट्टी भी० च० बाट २ मील पर छ, मोदीहरूका घर, धर्मशाला ५।७ छप्पर दुकान छन्, पछाडि १ जंगलचट्टी छुट्तछ,

यहाँबाट २।।। मील पर बालासोती नदीका किनारादेखि अलिक पर २ बाटा छन्, माथिको बाटो छोडी तलका बाटो जानुपर्दछ, यहाँ गौंडीचट्टीमा १२।१५ छप्पर पसल बालासोती नदी पनि छन्।

मण्डलचट्टी पाँगरवासाबाट ३। मील पर छ, सरकारी दुकान धर्मशाला पसलेका घरहरू, कडा, औंठी बेच्नेका दुकानहरू छन्, २ पर्वत-मनि ठूलो मैदानमा बालासोती वहन्छिन्, यात्रीहरू काठको पुल तरी नदीका बायाँ किनाराबाट जान्छन्, मंडलचट्टीबाट ३ मील पर नदीमा पुल छ, यो नदी अनुसूया अमृतकुण्डबाट आएर मंडलगाउँका बालासोतीमा मिलेकी छन्, यस संगमलाई मानिसहरू व्योमप्रयाग भन्दछन्। मंडलगाउँलाई ब्रह्मकोटी पनि भन्दछन्, यहाँ अघि पूर्वकालमा राजा सगरले अश्वमेध यज्ञ गरेका थिए।

रुद्रनाथ

यी पंचकेदारमाका १ केदार हुन्। मण्डलगाउँका पुलबाट १ पर्वतको बाटो उकालो चढेपछि २ मीलमा अनुसूयादेवीको मंदिर छ। १२ मील पर रुद्रनाथको मन्दिर छ। बदरीनाथका यात्रीहरू जान्छन्। यहाँ हिंउँ ज्यादा छ। रुद्रगंगा रुद्रनाथबाट निक्लेर यहाँबाट दक्षिणातिर गएर पीपलकोटीचट्टीबाट २४ मील अगाडि अलकनन्दामा मिलेकी छन्।

स्कन्दपुराण (केदारखण्ड प्र० भा० ५१ अ०) मा रुद्रालय क्षेत्रका महादेवलाई कहिल्यै छोड्नु हुँदैन। यसक्षेत्रको दर्शनमात्रले

मनुष्यको जन्म सफल हुन्छ। रुद्रनाथको दर्शन गर्नाले संसारको सुख भोगी अन्त्यकालमा शिवलोकमा वास हुन्छ। रुद्रक्षेत्रमा पितृहरूलाई तार्ने वैरणी नदी वहेकी छन्। यहाँ पिण्डदान गर्नाले फल मिल्छ। पूर्वकालमा पाण्डवहरू गोत्रहत्या छुटाउनाका निंतिमा केदारनाथ जाँदा शिवले गोत्रहत्याराहरू आए भनी भाग्दा पाण्डवहरूले पवित्र पीठ (पछाडि) छोएको हुँदा पाण्डवहरू पापबाट छुटी गए, उही पृष्ठभाग केदारपुरीमा रह्यो। अगाडि मुखमण्डल भाग महालय अर्थात् रुद्रक्षेत्रमा विराजमान भएको हो भनी लेखेको छ।

गोपेश्वर

मंडलगाउँबाट ३॥ मील पर वीरभद्रचट्टी, ४॥। मील पर वीरा नदीको र बालासोती नदीको संगम, ५ मील पर गोपेश्वर (गोस्थल) छ। धर्मशाला, पसलहरू र गोपेश्वरको पुरानू मन्दिर बहुतै उत्तम ३० फीट लामू उत्तिकै चाक्लो छ। मन्दिरनेर धातुको अन्दाजी ९ हात अग्लो बीचमा वन्चरो-सहित भएको त्रिशूल छ। यसलाई आकाशबाट खसेको शक्ति हो भन्दछन्। मन्तिर सानू गंगाजीको मूर्ति छ। गोपेश्वरका लिंगनेर चाँदीको शृङ्गार मूर्ति र पार्वती आदिका मूर्तिहरू छन्। बाहिर चण्डी, चिन्तामणि गणेश, कन्पलता आदि छन्। यहाँबाट रुद्रनाथ १२ मील पर्छ। बदरीनाथका यात्री गोपेश्वरबाट दक्षिण चमोलीबाट पूर्वोत्तर घुमाउरो बाटोबाट हाटचट्टी पुग्दछन्।

स्कन्दपुराण—(के० प्र० अ० ५५) मा अग्नितीर्थ पश्चिम भागमा गोस्थल स्थान छ। पार्वतीले सहित महादेव सर्वदा बस्तछन् , जहाँ पश्वीश्वर नामले प्रसिद्ध छन् । उस स्थानमा शिवजीको आश्चर्यजनक त्रिशूल छ । खूब बलसित हल्लाउँदा पनि हल्लँदैन । १ पुष्पवृक्ष छ । हरबखत अकालमा पनि फुलेकै छ । त्यस ठाउँमा सावधानतापूर्वक ५ रात्री जप गर्नाले देवदुर्लभ सिद्धि मिल्दछ । प्राण त्याग गर्नाले शिवलोक मिल्दछ । यहाँबाट पूर्व झखकेतु महादेव छन् ।

चमोली (लालसाँगा)

गोपेश्वरबाट २ मील पर छ, चमोलीदेखि पछाडि नन्दप्रयाग ७ मील, कर्णप्रयाग १९॥ मील, रुद्रप्रयाग ४०॥ मील अगाडि बद्रीनाथ ४४। मील पर छन् । यहाँ अलकनन्दामा झूलाको पुलमा झम्पानको आना, आझीको १ पैसा लिन्छ, झूलाबाट आधा मील अगाडि अलकनन्दाका किनारामा मोदीहरूका घर, अस्पताल, डाकखाना, डिप्टी कलक्टरका कचहरी, पुलिस आदि सबै छन् , अपरगढवाला मजिस्ट्रेट साहेबको मुख्य स्थान छ, दुकानमा साधारण वस्तु-बाहेक कस्तूरी, शिलाजित आदि मिल्दछ ।

बाम (मठचट्टी) चमोलीबाट २॥ मील पर छ, ४।५ छप्पर र दुकान पनि छन् , पुल पार १ गाउँ, १ पसल, १ छहरो छ, चमोली बाट १ मील अगाडि २ छप्परको १ सानू चट्टी, १॥। मील अगाडि

बौलानीचट्टी, ४।८ छप्परको छ, अलिक पर विरही, अलकनन्दाको संगम छ, अघि सतीदेवीका विरहले शिवले तप गरेको हुनाले विरही नाम रहेको हो भनी लेखेको छ, अलिकति पर ५।७ छप्परको सियाहारचट्टी, संगमदेखि २। मील अगाड़ि ३ छप्परको हाटचट्टी,त्यहाँ बाट केही पर ठूला वस्तीनेर बाटामा बिल्वेश्वर महादेव र बिना-काँढाको बयरका समान फल हुने १ बेलको रूख छ, आधा मील अगाड़ि ८२ फीट लामू ५ फीट चाक्लो अलकनन्दामा फलामको पुल छ।

पीपलकोटीचट्टी हा० च० बाट २ मील पर छ, उहाँका ठूला वस्तीमाको १ बस्ती हो, यहाँको दुकान बाहै महीना खुला रहन्छ, श्रीनगरको माई हो, जरूरी चीजबीजहरू मिल्दछ, कपड़ा, बर्तन, मेवा, मसाला, कागज, पेंसिल, चँवर, शिलाजित, कस्तूरी, जहरमोहरा, पूरी, मिठाई आदि किन्न पाइन्छन्, नोट पनि बिक्तछ, धर्मशाला, पोष्ट-आफिस आदि छन् तापनि पानी मध्यम छ।

गरुडगंगा पीपलकोटीबाट ३॥ मील पर्छ, पर्वतबाट ठूला जोर सोरले तल गिर्दछिन्। १ कोठामा विष्णुको, १ कोठामा गरुडको मूर्ति छ, धेरै मानिस गरुडजीलाई पेडा चढाउँदछन्, चट्टीमा गरुडको प्रसाद बाँड्दछन्, सर्पको भय नहोस् भन्नाका निंति नदीका पत्थरका टुकडा यात्रीहरू लैजान्छन्, यहाँ सब पहाड चढ्दा गरुडको नाम लिन्छन्।

स्कन्दपुराण—(के० प्र० ८७ अ०) मा अलकनन्दाका दाहिने

किनारामा गरुडगंगा छन् , स्नान पूजा गर्नाले विष्णुलोकमा बास हुन्छ, गरुडगंगाका शिला (पत्थर) जहाँ रहन्छ उहाँ सर्पादिको भय हुँदैन यिनै पत्थर पानीमा घोटी पिए पनि सर्पको विष उत्रन्छ भनी लेखेको छ ।

पातालगंगाचट्टीबाट १॥ मील पर बेलचट्टी छ, जसलाई देवदारुका रूख ज्यादा हुँदा देवदारुचट्टी पनि भन्दछन् , मोदीहरूका ठूला ठूला ६ घर छन् , गरुडचट्टीबाट ३। मील छ, ९।१० दुकान छन् ; पर्वतका आड़मा बहँदा गहिरो पर्न गएको हुँदा पातालगंगा भनेको हो, शास्त्रमा गणेशगंगा नाम छ, गणेशजीको मन्दिर छ ।

कुंभारचट्टीबाट १॥। मील पर धर्मशाला छन् । बर्तन, मसाला, कस्तूरी, शिलाजित, चँवर आदि किन्न पाइन्छन् । यहाँबाट यौटा बाटो बायाँ उत्तर आदिबदरी भई पञ्चम केदार कल्पेश्वरतिर गएको छ, ६ मील पर कल्पेश्वर छन् । ८ मील जान र आउन १६ मील हिंडी यसै कुंभारचट्टीमा फर्कनुपर्दछ ।

आदिबदरी र कल्पेश्वर

कुंभारचट्टीबाट ६ मील पश्चिमोत्तर अलकनन्दा पार ऊर्ज मुनिले तप गरेको उर्जम गाउँ छ । उसै ठाउँमा पंचम बदरीमाका १ आदिबदरी विराजमान छन् । आदि बदरीबाट २ मील अगाडि पंचम केदारमाका १ कल्पेश्वरको मन्दिर छ । स्कन्दपु० के० प्र० ६३ अ० मा दुर्वासाका श्रापले श्रीरहित दुःखी भएका इन्द्रले महा-

देवको तपस्या गर्दा महादेवले कल्पवृक्ष दिएको हुनाले कल्पेश्वर नाम रहेको हो भनी लेखेको छ। ५५ अ० मा कल्पेश्वरदेखि दक्षिण कपिललिंग छ। यिनको दर्शनले मात्र शिवलोकमा पूज्य हुन्छ। तल हिरण्यवती नदी बग्दछिन्, जसका दक्षिण तीरमा भृङ्गीश्वर छन्। यिनको दर्शनले १ कल्पतक शिवलोकमा वास हुन्छ। उस क्षेत्रको विस्तार २ कोशको छ। ५६ अ० मा केदारेश्वर, मध्यमेश्वर, तुंगनाथ, कल्पेश्वर, महालय अर्थात् रुद्रनाथ यी ५ शिवजीमहान् (ठूला) स्थान हुन्। जो मनुष्य भक्तिले वा बलात्कारले, ज्ञानले वा अज्ञानले यी क्षेत्रहरूमा जान्छन्, दर्शनमात्रले पापी मनुष्य पवित्र हुन्छन्। दर्शन गर्ने मनुष्य यस लोकमा सुख भोगी मरेपछि मोक्ष पाउँछ भनी लेखेको छ।

वृद्धबदरी

कुंभारचट्टीबाट अन्दाजी २ मील पर पगदंडीबाट धेरै तल १ बाटो पैनीमठ गएको छ। पैनीमठमा २ घर र वृद्धबदरीको मंदिर छ। पूर्व कालमा यिनैलाई बदरी मानी यात्रीहरू फर्कन्थे अरे! यो बाटो फर्केर पैनीचट्टी वा खनोटी गएको छ। यहाँ मोदीका घर छन्। यहाँबाट जोशीमठ ४। मील पर छ।

जोशीमठ

उस देशमाको यो ठूलो बस्ती हो। १०८ जगद्गुरु शङ्कराचार्य-

जीका ४ गद्दी माने ४ मठ मध्यमाको उत्तर मठ यही हो। यहाँ पत्थरका चेप्टा टुक्डाले छाएका अन्दाजी ५० पक्का घर छन्।

धर्मशालाहरू, औषधालय र सफाखाना, डाकखाना, पुलिसको चौकी घट्ट, मसला, मिठाई, कस्तूरी, शिलाजित, चँवर, भाँडा आदिका दुकानहरू छन्। बदरीनाथका प्रधान शवल पुजारीका पूर्वद्वारमा काठको नकाशीदार ठूलो घर छ। ६ महीना बदरीनाथको पट बन्द हुँदा यहीं पूजा गर्दछन्। ३ ध्वजा भएको २ तले मन्दिरका तल्ला तलामा नृसिंह पश्चिम मुख गरी बसेका सुन्दर छन्। यिनका बायाँ राम, लक्ष्मण; दाहिने बदरीनाथ, उद्धवजी, चण्डी; परतिर शेषशायी भगवान् लक्ष्मणजीको मूर्ति छ। बाहिर पुराना मंदिरमा श्यामल वासुदेवको मनुष्यका बराबर अग्लो मूर्ति छ। उहींनेर सानू बलदेवको मूर्ति दुवै मूर्ति बहुत पुराना छन्। शंकराचार्यले स्थापना गरेको हो भन्दछन्। मंदिरका घेराभित्र कोठामा अष्टबाहु गणेशले आठै हतियार लिएको मूर्ति छ। पूर्व सत्यनारायण ध्यान बदरी, एकै पत्थरमा नवदुर्गाका मूर्ति छन्। पर गौरीशंकर छन्। मानिसहरू ताण्डवशिव भन्दछन्। घेराका बाहिर पीपलका गरुड छन्।

स्कन्दपुराण (के० प्र० ५८ अ०)—विष्णुकुण्डदेखि २ कोश पर ज्योतिर्धाम छ, जहाँ नृसिंह भगवान्, प्रल्हाद रहन्छन्। यस पीठ बराबर सिद्धि दिने सम्पूर्ण कामना पूर्ण गर्ने पीठ आर्को छैन भनी लेखेको छ।

भविष्यबद्री

जोशीमठबाट सामुन्ने गएको बाटो तिब्बत (लासा) मानसरोवरतिर गएको छ। बायाँतिरको बाटो खास बद्रीनाथ जाने हो। यहाँबाट ६ मील पर तपोवन छ। यहाँ हनुमान्‌ले कालनेमि राक्षसलाई मारेको हो। यस तपोवनबाट ५ मील पर अगाडि पंचबद्रीमाका १ भविष्यबद्रीको मंदिर छ। जसलाई तपोबद्री पनि भन्दछन्। बाटो असल छ तापनि खानेकुरा आदिको जिनिस माल साथैमा लानुपर्छ, बाटामा कहीं किन्न पाइँदैन, दर्शन गरेर फर्की जोशीमठैबाट बद्रीनाथ जानुपर्छ।

स्क० पु० के० प्र० ५८ अ०—मा गन्धमाधनका दाहिने भागमा धवली गङ्गाका तटमा भविष्यबद्री छन्। पूर्व कालमा अगस्त्यऋषिले हरिको आराधना गर्दा बद्रीनाथ यहाँ बसेका हुन्। यहाँ २ पवित्र धारा छन्। एक धाराको जल तातो छ। यहाँ स्नान गर्नाले मनुष्य विष्णुलोक जान्छन्। यहाँ अग्निले तपस्या गरेको हो। महादेव मुनीश्वर नामले प्रसिद्ध छन्। दर्शन मात्रले शिवलोक मिल्छ। भविष्यबद्री महापातकलाई नाश गर्ने हुन्। अगस्त्यमुनिको पवित्र स्थल छ। ४ योजन चाक्लो ५ योजन लामो छ। उसै स्थानमा मानसोद्भव पर्वतदेखि आएकी धवली गङ्गा छन्। राजा धवलले यी गङ्गाको सेवा गरेको हुनाले धवली रहेको हो भनी लेखेको छ।

विष्णुप्रयाग

जोसीमठबाट १॥ मील पर छ । यात्रीहरू धवली गङ्गाको १३० फीट लामू पुल तरी चट्टीमा जान्छन् । उत्तरबाट आएकी अलकनन्दाको र पूर्वबाट आएकी धवलीगङ्गा वा विष्णुगङ्गाको सङ्गम छ । जलको तेज बहुतै छ । चट्टीबाट ७० सींढी तल नयाँ मन्दिर छ । यहाँबाट ६० सींढी तल सङ्गम छ । ओर्ह्लनाका निंति २ तिर सिक्री छन् । जलमा तेज हुनाले यात्रीहरू लोटाले जल उघाई सङ्गममा स्नान गर्दछन् । उसै ठाउँलाई विष्णुकुण्ड भन्दछन् । यस संकीर्ण जग्गाका चट्टीमा ४-५ छोटा घर छन् । पूरी, मिठाई, कस्तूरी, शिलाजीत, चँवर आदि पाइन्छन् । विष्णु, बदरीनाथ, शिव आदि देवता कोठामा छन् ।

स्क० पु० ५० मा ज्योतिर्धामबाट २ कोश पर विष्णुप्रयाग छ । स्नान गर्ने प्राणी विष्णुलोक जान्छन् । उनका नजीकमा अनेक तीर्थ छन् तापनि १० तीथ प्रधान छन् । ब्रह्मकुण्ड, विष्णुकुण्ड, शिवकुण्ड, गणेशकुण्ड, भृङ्गीकुण्ड, ऋषिकुण्ड, दुर्गाकुण्ड, धनदकुण्ड, प्रल्हादकुण्ड यी कुण्डहरूमा स्नान गर्नाले मनुष्यहरूको कृतकृत्य हुन्छ । पूर्व कालमा नारदले यस प्रयागमा विष्णुको आराधना गरेको हुनाले विष्णुकुण्ड प्रसिद्ध भयो । त्यस स्थानमा स्नान जप गरी बदरीकाश्रम जान यथोचित ठहर्छ । सम्पूर्ण पापलाई नाश गर्ने धवलीगङ्गाका उत्तर तटमा ब्रह्मकुण्ड, १४ दंड पर शिवकुण्ड, आधा बाण पर गणेश-

कुण्ड छ। अलकनन्दाका किनारामा विष्णुकुण्ड, १ बाण पर भृङ्गीकुण्ड, आधा बाण पर ऋषिकुण्ड अनि सूर्यकुण्ड, ४ दंड पर दुर्गाकुण्ड, धनदा यक्षिणीको तीर्थ र धनदकुण्ड अनि प्रह्लादकुण्डहरू छन्। यहाँबाट एक मील पर मोती (कलदोडा) चट्टी छ, कालीकमली बाबाको धर्मशाला २।३ दुकान छन्। अलकनन्दामा १६० फीट लामू र ५ फीट चाक्लो फलामको पुल छ।

घाटचट्टी विष्णुप्रयागबाट सवा चार मील पर बलदोडाचट्टीबाट सवा दुइ मील पर छ। अलि पर काठको सानू पुल पार भएर लोकपाल, काकभुसुण्डी तीर्थ जाने गोरेटो छ।

पाण्डुकेश्वर र योगबदरी

घाटचट्टीबाट २ मील पर छ, गढवाल जिलाको ठूलो बस्ती हो, साना ठूला गरी ५० घर र सरकारी धर्मशालाहरू पनि छन्, अलकनन्दा र ठूला छहराको पानी पाण्ड्वीश्वर, योगबदरी, वासुदेवको मन्दिर छ, पूर्वकालमा राजा पांडुले मृगरूपी मुनिका श्रापले दुःखी भई तप गरेको ठाँउँ हो।

महाभारत—(आदिपर्व ११८ अ० मा हस्तिनापुरका राजा पांडु, कुन्ती र माद्री २ रानीसंग ली हावा खान हिमालय पर्वतका दाहिने-तरफ गई खेल खेल्न लागेका थिए, त्यस वेलामा मैथुन धर्ममा आसक्त एक मृगलाई देखी ५ बाणले दुवै मृग, मृगिनीलाई मारे, कोही ऋषिकुमार तेजस्वी मृगको स्वरूप धारण गरी मृगिनो-

सित मिलेका थिए, यिनले मर्नें वेलामा पांडुलाई जब तँ कामयुक्त भएर आफ्नी स्त्रीसित जालास् त्यस बखतमा तँ पनि मरिगएस् भनी यस्तो श्राप दिए, तसर्थ अति दुःखी भै गन्धमादन पर्वतबाट शतशृंग पर्वत विष्णुको तप गरेको हुनाले विष्णु प्रकट भै भन्नुभो कि हे पाण्डु ! तिम्रा क्षेत्रमा धर्मादिका अंशले बलवान् पुत्र उत्पन्न हुनेछन् , भनी विष्णु अन्तरधान हुनुभो, उसै स्थानमा पाण्डोश्वर विराजमान छन , १ दिन दिल्लीमा माद्रीलाई देखी कामातुर भै श्राप दिएको बिर्सी पाण्डु मैथुन गर्नाले मरे, माद्री सती गइन् भन्ने कुरा पनि लेखेको छ ।

योगबदरी पंच बदरीमाका १ बदरी हुन् , यिनको मूर्ति अष्टधातुको छ, सुनौला मुकुट छत्र वस्त्रादिले सुशोभित छन् , मन्दिरमा तामा पत्र भारी कोही भाषामा छ, यो जान्न अंग्रेज सरकारले पनि सकेको छैन, पुजारीसित सोद्धा यो लेख पाण्डवका बखतको हो भन्छन् , गजब छ, भन्न ता योगबदरीको मूर्ति ब्रह्माले पूजा गरी इन्द्रलाई दिए, इन्द्रले पुजारी युधिष्ठिरलाई दिए, युधिष्ठिरले यहाँ स्थापना गरेको हो भन्दछन् । २५।३० दुकान र कालीकमली बाबाको धर्मशाला छ ।

शेषधारा पाण्डुकेश्वर चट्टीबाट आधा मील पर छ। छहराको पानी भूमिमा झरेर बग्दछ। यसैलाई शेषधारा भन्दछन्। एउटा कोठामा डेढ हात अग्लो अनगढ लिङ्ग जस्तो शेषजीको मूर्ति छ। रीवाँका महाराजको धर्मशाला र सदावर्त छ।

लामबगड़चट्टी शेषधाराबाट २॥ मील पर छ। २।३ छप्पर,

दुकान र दुइ पक्का घर, झुन्झुनवाले राय सूर्यमलको पक्की धर्मशाला छन् । आकाश छोलान् जस्ता पर्वतका लहर देखिन्छन् । अलि पर मन्दाकिनीमा ७० फीट लामू र सवा ७ फीट चाक्लो काठको पुल छ ।

हनुमानचट्टी लामब० चट्टीबाट ३।। मील पर छ । मोदीका ४।५ घर, पुरी मिठाईका दुकानहरू, धर्मशाला र सदावर्त आदि छन् । एउटा कोठामा हनुमान्‌को मूर्ति र अलकनन्दा छन् । घृतगङ्गाको पानी पिउँछन् । यो वैखानस मुनिले तपस्या गरेको वैखानस स्थान हो । हनुमानचट्टीनेर अलकनन्दाका उस पार क्षीरगङ्गा यस पार घृतगङ्गा अलकनन्दामा मिलेकी छन् ।

स्क. पुराण के. प्र. ५८ अध्यायमा बदरीकाश्रमबाट दुइ कोश पर वैखानस मुनिको आश्रम र यज्ञभूमि छ । हवनका स्थाननेर विन्दुमती नदी बग्दछिन् । अझसम्म डढेका तिल, जौका कोइला (अङ्गार) आदि देखिन्छन् । उसका माथि योगीश्वर भैरव छन् । यिनको पूजा गरेर मात्र बदरीनाथ जानुपर्छ ।

महाभारत द्रोणपर्व ५३ अध्यायमा राजा मरुतको यज्ञमा सबै वस्तु जसको सुवर्ण-भूषित बनेको थियो, बृहस्पतिले सहित सम्पूर्ण देवता हिमालय पर्वतका सुवर्णमय शिखरमा एकत्र भएका थिए । अश्वमेधपर्व ६४ अध्यायमा युधिष्ठिर आदि पाण्डवहरू व्यासजीका आज्ञाले राजा मरुत्‌का यज्ञ स्थानबाट रत्नादि लदाएर हस्तिनापुरमा लगे भन्ने कथा छ ।

कुबेरशिला हनुमानचट्टीबाट पाउ मील पर अलकनन्दामा ३६ फीट लामो काठको पुल छ । सवा मील अघि अलकनन्दा ६८ फीट लामो काठको पुल छ । उस पुलबाट बदरीनाथसम्म कोही वृक्ष हैनन । यहाँ हिउँका थुप्रैथुप्रामा कुल्चेर जानुपर्छ । तीन मील पर काञ्चनगङ्गा छन् । कहिले हिउँले ढाकिएकी र कहिले खुलेकी हुन्छिन् । मार्जन आचमन गरेर जानाले दारिद्र्यको नाश हुन्छ । सवा तीन मील अगाड़ि अलकनन्दामा यस पारदेखि उस पारसम्म ६०० हात लामो हिउँको पुल छ । मानिस बराबर जान सक्छन् । तर त्यतातिर जानुपर्दैन । हनुमानचट्टीबाट ३।। मील पर कुबेरशिला छन् । हनुमानचट्टीबाट कुबेरचट्टीसम्म ठाउँ-ठाउँमा साँघुरो बाटो र उकालो धेरै नै पर्छ । कुबेरशिलाबाट पतितपावन श्रीबदरीपुरीको र श्रीबदरीनाथको मन्दिर देखिन्छ । बोल दे श्रीबदरीनाथकी जय ! यहाँ गणेशको सानू मंदिर छ । धेरै यात्री यहाँ ढोकाका तल जुत्ता राखी बदरीनाथ पुरीमा जान्छन् । कुबेरशिलाबाट एक मील अघि अलकनन्दामा ४२ फीट लामो काठको पुल छ । अलि पर ऋषिगङ्गामा काठको सानू पुल छ । अलकनन्दाका पुलबाट पाउ मील पर कुबेरशिलाबाट आधा मील पर बदरीनाथको बस्तीमा पुगिन्छ । पुरीको उत्तर भागमा श्रीबदरीनाथजीको भव्य मन्दिर सुशोभित छ ।

—:*:—

बदरीनाथ

यात्रीहरू हरिद्वारबाट २४९ मील (१२४॥) कोश हिंडी २७।२८ दिनमा पुग्दछन्। केदारनाथबाट यात्रीहरू ९९। मील हिड़ी दश दिनका दिन आइपुग्छन्। गढवाल जिल्लाको उत्तरबाट आएको अलकनन्दाको दाहिने किनारामा बदरीनाथको बस्ती छ। एकतले र दुइतले घर दशभन्दा बर्ता छन्। पंडाका ठूला ठूला २।४ घर र धर्मशाला धेरै छन्। यो पृथिवीको कैलासमा जड़ी-बूटी, शुद्ध शिलाजीत, बदरीनाथको प्रसाद, बदरीनामी रुमाल, कपड़ा एवं कस्तूरी, चँवर, पूरी मिठाई आदिका दुकान छन्। दाउरा ४ मील दक्षिणतिरबाट यहाँ बिक्न आउँदा महगो भएको हो। जाड़ो केदारनाथको भन्दा केही कम्ती छ। यहाँ सयकड़ौं यात्री आइपुग्छन्। साधारण मानिस ३।५।७ दिन बस्तछन्। गरीबहरू जाड़ो देखेर एक रात बसी जान्छन्। कश्मीरका महाराज, पटियालाका महाराज, इन्दौरका महाराज र झुन्झुनवाला, राय सूर्यमल बहादुरको एक-एक सदावर्त छन्। यहाँ सर्वत्र पर्वतमाथि हिंउ जमिरहेकै हुन्छ। बदरीनाथको ठूला पर्वतका चुली समुद्रबाट २३२०० फीट अग्लो छ। पूर्व र पश्चिमवाला दुवै पर्वतलाई जय र विजय भन्दछन्। पर्वतमनिको जमीन समुद्रको जलबाट १०४०० फीट अग्लो छ। यो भारतवर्षको प्रसिद्ध ४ धामहरूमाको उत्तरीय सीमाको निकट हिमालय पर्वतको माझमा बदरिकाश्रम एक धाम हो।

बदरीनाथको मंदिर बस्तीदेखि उत्तर ढुङ्गाको पूर्व मुख भएको ४५ फोट अग्लो ताम्रपत्रादिले छापेको छ। यसका चारैतिर ३।३ द्वार, चारैतिरका मिलाएर बाह्र छन्। छानातिर पटियालाका महाराजले सुनको जलप लाइदिएका छन्। माथि सुनौला गजूर छ। यस्तो खुपै राम्रो मंदिरभित्र एक हात अग्लो द्विभुज, श्यामल वर्णको बहुमूल्य वस्त्र आभूषण र विचित्र मुकुटले सुशोभित, ध्यानी, शिरमा हीरा लगाएको बदरीनारायणको मूर्ति छ। माथि सुनको छाता छ। बदरीनारायणनेर लक्ष्मीजी, नर-नारायण, नारद, गणेशजी, सुनका कुबेर, गरुड र चाँदीका उद्धवहरू छन्। कुबेरको मुखमण्डल मात्रको स्वरूप छ। बदरीनारायणको मूर्ति शङ्कराचार्यले नदीमा पाएर मंदिर बनाई स्थापना गरेका हुन् भनी धेरै भन्दछन्। शिवपुराण सातौं खण्डको पहिलो अध्यायमा शङ्कराचार्य शिवको अवतार भनी लेखेको छ। बदरीनाथको पट निश्चित समयमा दिन-रातमा तीन-चारपल्ट खुल्दछ। जगमोहनादि उच्च स्थानबाट उभिएर परैबाट बदरीनाथका दर्शन गर्छन्। कड़ा, औंठी, तामाको बदरीनाथको पट मूर्ति पूजाराद्वारा स्पर्श गराएर यात्रीहरू आफ्ना घर लैजान्छन्। साधारण मानिसले मेवा, मिष्टान्न, चनाको दाल हरिद्वारबाट ल्याएका हुन्छन्, सोही दाल चढाई प्रसाद पनि लैजान्छन्। धनीहरू वस्त्र, आभूषण, रुपियाँ, सुवर्ण, भूमि आदि बदरीनाथलाई अर्पण गर्छन्। रावललाई आफ्नू रुचि-अनुसार भोगको सामग्रीको मूल्य दिन्छन्। बदरीनाथको प्रातःकालमा केही जलपान, बेलुका भातको भोग

लाग्दछ । रोजै ३। मन चामलको भोग लाग्दछ । जाति-भेदको विचार नराखी यहाँ पनि जगन्नाथ पुरीका झैं एकैफेर खान्छन् । फेरि आफ्नू डेरामा गएर भातै पकाई अथवा बजारबाट पूरी मिठाई किनेर खान्छन् । पहिले पुरीका रावल पुजारी, पण्डा आदि पनि जूठो र स्पर्शास्पर्शको विचार राख्दछन् । एकदम जगन्नाथपुरीका समान गर्दैनन् । धेरै यात्री खाँदैनन् । प्रसाद पनि चनाको दाल प्रसिद्ध छ । सुकेको भात अंग्रेज, मुसलमान आदिलाई छाउंदै घर लगेर बाँड्नु धर्म हुन्छ कि जाति धर्म भ्रष्ट गरेको पाप लाग्दछ, ईश्वरै थाहा पाउनन् । जगन्नाथपुरीमा पनि १८ नाला बाहिर पुरीको प्रसाद खाँदैनन् । तिमीहरू कुन प्रमाणले खान्छौ ? ए नेपाली भाइ हो ! पहिले तिमीहरूलाई दिइएको महाप्रसाद (भात) तिमीहरूले लिएर रावल पुजारी पण्डाहरूलाई तपाईंहरूले हाम्रा हातको महाप्रसाद (भात) अलिकति खानुहोस् अनि हामी खाउँला भन्नू । तिनले खाए खानू; नखाए नखानू । मंदिरमा महाप्रसाद बुझी खानू । घर लैजाँदा मिठाई चनाको दालै लैजानू । हाहामा हिंड्नु हुँदैन । मंदिरका अगाडि मंदिरकै समान सुनौला गजूरदार गुम्बज भएका जगमोहन आदिबाट उभिएर टाढैबाट बदरीनाथको दर्शन गर्छन् । जगमोहनकै माझको कोठामा बदरीनाथको सन्दूक आदि असबाब रहन्छन् । जगमोहनका कोठाका द्वारमा जय-विजय खड़ा छन् । बदरीनाथको रुपौला ढोका पूर्वतिर छ । दाहिनेतिर लक्ष्मीजीको मंदिर र पाकशाला (भोगमण्डी) तथा बायाँतिर घण्टकर्ण, अघिल्तिर हनुमान र गरुड़जी छन् ।

पंचतीर्थी ऋषिगङ्गा प्रयागमा नुहाई कूर्मधारा, प्रह्लादधारा, तप्तकुण्ड, नारदकुण्डमा स्नान गर्छन् ।

कूर्मधाराको जल अत्यन्त शीतल, प्रह्लादधाराको तातो चिसो केही नभएको, तप्तकुण्डको अत्यन्त तातो छ । ठण्डा पार्नको निंति ढाकिराखेको हुन्छ । एउटा ब्राह्मण नल बन्द गरी बसेका हुन्छन् । पैसा दिए खोलेर छिटा दिन्छन् । ऋषिगङ्गा र अलकनन्दाको सङ्गम (बेनी) लाई प्रयाग भन्दछन् । मंदिरबाट एक मील पर छ । दुइ नलद्वारा तप्तकुण्डमा गिरेका एकलाई गरुड़धारा, अर्कोलाई लक्ष्मीधारा भन्दछन् । तप्तकुण्डका पश्चिम कोठामा अनगढ शिवलिङ्ग जस्तो शङ्कराचार्यजीको मूर्ति छ । बाटोदेखि उत्तरतिर सानू मन्दिरमा आदिकेदार छन् । त्यहीं गौरीकुण्ड, सूर्यकुण्ड, नृसिंहकुण्डहरू पनि छन् ।

पंचशिला, नारदशिला, वाराहशिला, मार्कण्डेयशिला, नृसिंहशिला, गरुडशिला । (१) नारदशिला नारदकुण्डनेर छन् । (२) वाराहशिला नारदशिलादेखि पूर्व अलकनन्दामा छन् । (३) मार्कण्डेयशिला र (४) नृसिंहशिला यो दुवै अलकनन्दामा छन् । (५) गरुडशिला तप्तकुण्डदेखि पश्चिम नारदशिलादेखि दक्षिण रावलका घरदेखि पूर्व १ कोठामा छन् ।

कपालमोचन (ब्रह्मकपाल)

ठूलो मंदिरबाट अन्दाजी ४०० गज उत्तर अलकनन्दाका

दाहिने किनारामा केही मैदान छ । यहाँ बदरीनाथको प्रसाद (भात) का अमला जत्रा १६ पिंड पार्वण श्राद्धमा जति पिण्ड दिनुपर्दथ्यो उति दिन्छन् । दिइसकेपछि पिंडहरू अलकनन्दामा सेलाई तर्पण गर्दछन् । तर्पण अघिबाट गर्ने हो क्यारे भन्दा, खाई पानी पिउँछौ कि पानी पिई भात खान्छौ ? भनी आइलाग्दछन् । श्राद्ध गराउने बदरीनारायणका पण्डा हुँदैनन्, अरू ब्राह्मण हुन्छन् । यहाँ पिण्डदान दिएपछि अन्यत्र पिंड दिनाको जरूरत छैन ।

अलकनन्दा यी नदी उत्तर शतपथ अलकापुर पहाडबाट बदरीकाश्रममा आएर यहाँबाट नैर्ऋत्यतिर १२१॥ मील पर देवप्रयागका गङ्गाजीमा मिलेकी छन् । अलकनन्दाका किनारामा पाण्डुकेश्वर, विष्णुप्रयाग, जोशीमठ, कुंभारचट्टी, पीपलकोटीचट्टी, चमोली, नंदप्रयाग, कर्णप्रयाग, रुद्रप्रयाग, श्रीनगर, देवप्रयाग आदि प्रसिद्ध स्थान छन् ।

वसुधारा बदरीनाथबाट १। मील उत्तर मानागाउँ बस्ती, २। मील पर वसुधारा तीर्थ छ । असार साउनमा हिउँ कम भएपछि कोही कोही वसुधारामा स्नान गर्न जान्छन् । मानागाउँनजीकै गणेशगुफा, व्यासगुफा, मुचुकुंदगुफा, व्यासपुस्तक, आदि तीर्थ छन् । सामुन्ने पर्वतमा श्यामकर्णघोडाको चित्र बनेको छ । अलिकति पर अलकनंदागङ्गा, सरस्वतीको सङ्गम (बेनी) छ। यहाँबाट दाहिनेतिरको बाटो सानो मानसरोवर जाने हो । माडाग्रामबाट किम्पुरुष खण्डको आरंभ हुन्छ, भारतवर्ष यहींसम्म हो । वसुधारामा पाप पुण्यको जाँच

हुन्छ । धर्मात्मा नुहाउन बस्ता टाढाका धारा पनि नजीकै आई भिजाई निर्मल जल बगी जान्छ, पापी भए नगीचैका धारा पनि टाढा जान्छन् । किंचित् मैलो जल बगेजस्तो पनि देखिन्छन् । मानागाउँनजीकै तलतिर अलकनन्दामा जो पुल छ देब्रेतिरको बाटो सत्य पथ स्वर्गारोहणतिर गएको छ। पुलमास्तिर माता मूर्तिको मदिर छ।

कूर्मपुराण ३६ अ० मा हिमालय पर्वत नानाधातुले शोभायमान सिद्ध, चारण, गंधर्वगणहरूले सेवित ८० योजन लामू छ। गंगा-नदी हिमवान्पर्वत सर्वत्र पवित्र छ। हिमालयमा नारायणको अति प्यारो स्थान बदरीकाश्रम छ। उहाँ जानाले प्राणीको सम्पूर्ण पाप नाश हुन्छ। उहाँ श्राद्धादि कर्म गर्नाले अक्षय फल प्राप्त हुन्छ।

गरुडपुराण (पूर्वार्द्ध ८१ अ०) मा—नरनारायणको स्थान बदरीकाश्रम भुक्ति-मुक्ति दिने हुन् भनी लेखेको छ।

पद्मपुराण (सृष्टिखण्ड ११ अ०) मा—बदरीकाश्रममा गंगाजीका तटमा श्राद्ध गर्नाले गयामा पिंडदान गरेको बराबर पितृहरूको मुक्ति हुन्छ। उत्तर खण्ड दोस्रो अ०मा सवा लाख पर्वतका मध्यमा बदरीकाश्रम उत्तम छ। मनुष्य बदरीकाश्रम अलकनन्दा गङ्गास्नान गर्नाले ठूला-ठूला पापबाट पनि मुक्ति हुन्छ भनी लेखेको छ।

स्क० पु० के० प्र० ५७ अ० मा नन्दप्रयागमा स्नान गरी बदरीनारायणको पूजा गर्नाले मनुष्यलाई सम्पूर्ण चीज मिल्दछ। कलियुगमा जो पुरुष बदरीकाश्रममा जान्छन् ती धन्य हुन्। ब्रह्मादि देवताहरू जहाँ वास गर्छन्। बदरीकाश्रममा बस्नेहरू विष्णुको रूप होइजा-

न्छन् । यो क्षेत्र ४ प्रकारको छ—स्थूल, सूक्ष्म, अतिसूक्ष्म, शुद्ध । यो क्षेत्र १२ योजन लामू ३ योजन चाक्लो छ, कुबेर आदि शिलाहरूले र नानातीर्थहरूले सुशोभित नरनारायणको पवित्र आश्रम छ। जो मनुष्य अज्ञानले बदरीनारायणको नैवेद्य त्याग गर्दछ अर्थात् खाँदैन, त्यो चण्डालभन्दा पनि अधम हो, यदि चाण्डालले पनि नैवेद्य छोइदियो भने पनि त्यो खान हुन्छ, दोष छैन । जुन मनुष्यले बदरीकाश्रममा १ छिटो मात्र पितृहरूलाई जल दियो भने पितृहरूको मुक्ति हुने सम्पूर्ण कार्य त्यसले गरिसक्यो भनी लेखेको छ ।

५८ अ० मा गङ्गाका दक्षिण भागनेर पर्वतमा हजारौं तीर्थ सयकडौं लिङ्ग रहेका छन्, कति ता अगम्य छन्, कति गम्य छन्, कहीं तप्त शीतल जलका पवित्र कुंडहरू धेरै छन्, वैखानस मुनिका स्थानका नजीकै पर्वतमा योगीश्वर नामक भैरव छन् । उनलाई नमस्कार गरी सूक्ष्म क्षेत्रमा अनि जानुपर्दछ। कुबेरशिलाको नमस्कार गर्नाले मनुष्य दरिद्र हुँदैन, नरनारायणका आश्रममा शरीर छोड्नाले प्राणी जन्म मरणदेखि रहित हुन्छन् । ऋषिगङ्गामा स्नान गरेर जल पिउँनाले मनुष्यहरू परमधाम जान्छन्। जो मनुष्य कूर्मधाराका पवित्र जलमा आचमन र पंचशिलाहरूको नमस्कार गरी परिक्रमा गरेर पूजा गर्दछ, त्यो यस लोकमा धन्य हुन्छ । जो बदरीकाश्रममा केदारेश्वरजीको पूजा गर्दछ, त्यो शिवलोकमा पूज्य हुन्छ । बदरीनाथको परिक्रमा गर्नाले सम्पूर्ण पृथ्वी दान गरेको फल मिल्दछ। त्यस क्षेत्रमा विष्णुलोक बास गराउने नारद शिला छन्, उहाँ जो कर्म गरिन्छ सो

कोटिगुण फल मिन्दछ। जो मनुष्य नारदकुंडमा स्नान गर्दछ त्यो जन्मनु मर्नुबाट रहित हुन्छ, सब कामनाको पूर्ण गरिदिने दाता वाराही शिला छन्। गङ्गाजीमा बारहकुंड छ। यहाँ स्नान गर्नाले अनन्त फल लाभ हुन्छ, सब पापहरू नाश गर्ने नारसिंही शिला छ, भोग मोक्ष दिने नृसिंह कुंड छ। लोकमा दुर्लभ मार्कण्डेयशिला छन् जसलाई स्पर्श (छुना) ले मात्र सब पापबाट छुट्तछ, जुन स्थानमा गरुडजीले तप गरी विष्णुका वाहन भए उस ठाउँमा गरुडशिला छ, उसको दर्शन पूजन स्पर्श गर्नाले नारायणको रूप होइजान्छ। इ ९ शिलाका माझमा श्रीबदरीनाथजीको आसन र बह्नितीर्थ छ त्यही ठाउँमा अग्निले हरिको तप गरी सम्पूर्णलाई जलाउने शक्ति पाएका हुन्, ब्रह्मकपालमा पिण्ड दिनन् कि भनी पितृहरू आशा गरी बसेका हुन्छन्। जुन मनुष्यले ज्ञानले वा अज्ञानले, भक्तिले वा अभक्तिले ब्रह्मकपालमा पिंडदान तर्पण गरे भने दुर्गतिमा परेका पापी पितृहरू पनि तर्दछन्, ब्रह्मकपालमा पिण्डदान गर्ने पुरुषले गया आदि तीर्थमा पिण्डदान तर्पण गर्नाको के प्रयोजन छ! त्यस ठाउँमा जो जो कर्म गरेको छ कोटिगुण फल बढ़ता मिन्दछ, तसर्थ यहाँ पिण्डदान तर्पण अवश्य गर्नुपर्दछ, यहाँ पिण्डदान गर्नाले मातृवंश, पितृवंश, शाला सम्बन्धी मित्र अरू प्रियजन वृक्ष, पशु, पक्षी आदि कोही योनिमा प्राप्त भएको भए पनि पिंण्डदानका प्रभावले विष्णुको परमपद पाउँदछन्। गङ्गामा शिलारूपले नृसिंहजी बस्नुभएको छ। यहाँ भुक्ति, मुक्ति दिननोरा यज्ञकुण्ड छ, बदरीनाथका धामदेखि

पश्चिम १ मील पर उर्वशीकुंड छ, यहाँ राजा पुरूरवाले ५ वर्ष उर्वशीसित रमण गरी पुत्रहरू जन्माएको हो । बदरीकाश्रममा साढे तीन करोड तीर्थ छन । बदरीनाथबाट दुइ कोश पर स्वर्णधारा तीर्थ छ । यहाँ स्नान गरी ३ रात्रि उपवास गर्नाले कुबेरजीको दर्शन मिल्दछ । वैखानस तीर्थमा एक वर्ष स्नान गरी फलाहार गर्नाले मृत्युलाई जित्तछ । गङ्गाका शेष तीथमा स्नान गर्ने पुरुष सुखभोग भोगी परलोकमा परमगति पाउँछ । बदरीनाथका वाम भागमा इन्द्रधारा तीर्थ छ । यहाँ स्नान गर्नाले मनुष्य इन्द्रका समान हुन्छ । सर्व वेदमय वेदधारा तीर्थ छ । स्नान गर्नाले ब्रह्महत्यादि पाप छुट्तछ । सम्पूर्ण पापको नाश गर्ने वसुधारा तीर्थ छ, जन धाराका छिटा पापीहरूका मस्तक (शिर) मा पर्दैन । स्नान गरेर धर्मशिलामा बसी अष्टाक्षर मन्त्र ८ लाख जप गर्नाले विष्णुरूप पाउँछ। यहाँ सोमतीर्थमा चन्द्रमाले तप गरी सुन्दर रूप पाएका छन् । सत्यपथ तीर्थमा स्नान गर्नाले विष्णु सायुज्य, चक्रतीर्थमा स्नान गर्नाले ब्रह्मलोक, रुद्रतीर्थमा स्नान गर्नाले रुद्रलोक मिल्दछ । ६२ अध्यायमा गङ्गाद्वारबाट ३० योजन पूर्वमा मोक्ष दिने महाक्षेत्र अर्थात् बदरीकाश्रम छ । त्यहाँ पापहरू छुटाउने अनन्त तीर्थ, तीनै लोकलाई पवित्र पार्ने गङ्गाजी छन् । मनुष्यले एकफेर बदरीनाथको दर्शन गर्नाले संसारमा फेरि जन्म लिनुपर्दैन । बदरीनाथको नैवेद्य भोजन गर्नाले भक्ष्य अभक्ष्यको (दोष) छुटिजान्छ । पहिले केदारनाथको पूजा दर्शन नगरी बदरीनाथको दर्शन गरेको फल छैन भनी लेखेको छ । महाभारत

वनपर्वादिमा चौपट्ट लेखेको छ। बदरीनाथको माहात्म्य नभएको कुन पुराण छ ? लेखी साध्य छैन। छोराले एकफेर बदरीनाथको दर्शन गर्नैपर्छ।

सत्यपथ स्वर्गारोहण

यो बदरीनाथको पुरीभन्दा १२ मील पर छ। बाटोमा सहस्रधारा, चक्रतीर्थादि छन्। सत्यपथमा ३ कुना भएको त्रिकोण सरोवर छ। तीनै कुनामा ब्रह्मा, विष्णु, रुद्रका नामले युक्त भै विराजमान भएका छन्। अगाडि रातो, पँहेलो, सेतो भएको हिंउँको अगम्य किल्ला पर्न गएको छ। हिउँको सिंढी आकाशतिर गएको छ। यसैलाई स्वर्गको सिढीं भन्दछन्।

घर फर्कने बाटोः—अघिको बाटो १६॥ मील पर विष्णुप्रयागबाट पाउ मील पर जोशीमठ जाने बाटो बायाँ छोड़ी तल्लो बाटो हिंडी बदरीबाट ४५ मील पर लालसागाँ (चमोली) सम्म सरासर फर्कनुपर्छ।

नन्दप्रयाग

चमोलीबाट २ मील पर कुबेरचट्टी छ। उहाँबाट २ मील पर मटियाणाचट्टी छ। यहाँदेखि तीन मील पर नन्दप्रयाग छ। सानू बजार डाकखाना पनि छ। मन्दाकिनी र अलकनन्दाको सङ्गम छ। चण्डिकादेवी र लक्ष्मीनारायणको दर्शन हुन्छ। सन् १८९४ मा गोहना झील टुट्नाले ११३ फीट अग्लो अलक-

नन्दाको पानी भएथ्यो, सो खोलिनाले सारा गाउँहरू बगिगयो, नन्दा नदीमा ११५ फीट लामू फलामको झुण्डिएको पुल छ। यी पञ्चप्रयागमा एक हुन्।

स्क० पु० के० प्र० ५७ अ० मा, कण्ड्वाश्रमदेखि लिएर नंदगिरि (नन्दप्रयाग) सम्म पुण्यक्षेत्र बदरीकाश्रम छ। जो मनुष्य नन्दप्रयागमा स्नान गरी नारायणको पूजा गर्छ, उसलाई सब पदार्थ मिल्दछ। मुक्ति ता उसका हातैमा रहन्छ, ५८ अ० मा पूर्वकालमा नन्दनामक धर्मात्मा राजाले विधिपूर्वक यज्ञ गरी अन्न, दक्षिणा ब्राह्मणहरूलाई दिए। ब्रह्मा आदि देवताहरूले मूर्तिमान भएर आफूलाई दिएको भाग हात थापी ग्रहण गर्दा देवताहरूले अब उप्रान्त घिनै महाराजका नामले नन्दप्रयाग नाम रह्यो भनी प्रसन्न भै गए। अलकनन्दाको र नन्दा नदीको सङ्गम छ। यहाँ वसिष्ठजीका साथ विष्णु, शिवजी बसेका छन्। यहाँबाट एक योजन पर वसिष्ठेश्वर छन् भनी लेखेको छ।

कर्णप्रयाग

नन्दप्रयागबाट ३ मीलमा सोनालाचट्टी छ। त्यहाँबाट १।। मील अगाडि हडाकोटीचट्टी छ, त्यहाँबाट १।। मील पर हगाम्रूचट्टी छ, त्यहाँबाट १।। मील पर जयकंडीचट्टी छ, अरू १।। मील पर कर्णप्रयाग छ, पक्का मकान धर्मशाला डाँकखाना पूरी मिठाईका दुकानहरू छन्। गढ़वाला जिल्लाको प्रसिद्ध पञ्चप्रयागमाको एक

कर्णप्रयाग हो। पूर्वकालमा कुन्ती-पुत्र राजा कर्णले श्रीसूर्यको तप गरेको यही स्थान हो। अलकनन्दाको र पिंडारक (कर्णगङ्गा) को संगम छ। कर्णगङ्गाका दाहिने किनारामा कर्णको मन्दिर छ। सङ्गममा कर्णशिला छ। कर्णगङ्गामा पुल पनि छ, कर्णप्रयागबाट देश जाने २ बाटा फाटेका छन्–१ बाटो पश्चिम रुद्रप्रयाग ऐ०बाट दक्षिण श्रीनगर, देवप्रयाग, ऋषीकेश भएर हरिद्वारबाट पंजात्री यात्रीहरू जान्छन्। अर्को बाटो दक्षिण आदिबद्री मिलचौरी भएर काठगोदाम वा रामनगर पुगी रेल चढी जान्छन्। कर्णप्रयागबाट हरिद्वार १२॥। मील, काठगोदाम १०४ मील पर्छ।

स्कं० पु० के० प्र० ८१ अ०–कैलास पर्वतका नन्दपर्वतनेर अलकनन्दा र पिंडारकको सङ्गमका समीप शिवक्षेत्रमा राजा कर्णले सूर्यको यज्ञ तप गर्नाले सूर्यले अभेद्य कवच अक्षय तूणीर (बरछी) अजयत्व दिनुभो र यस क्षेत्रको नाम कर्णप्रयाग भनी सूर्य जानुभयो, यहाँ उमेश्वर उमाको मूर्ति छ। यहाँ कणले शिवको आराधना गरेको हुनाले कर्णेश्वर भन्ने नाम चल्ती भयो, जसको पूजा गर्नाले १०० यज्ञ गरेको फल हुन्छ, जहाँ रक्तविनायक शिला स्पर्श र परिक्रमा गर्नाले सब विघ्नको नाश हुन्छ। सूर्यकुण्डमा स्नान गर्नाले चारै-पदार्थ मिल्दछ भनी लेखेको छ।

कर्णप्रयागबाट काठगोदाम जाने बाटो

अलकनन्दा नदी छुट्‌तछिन्, पिंडारक नदीका किनाराबाट जानु-

पर्छ। कर्णप्रयागबाट ३।।। मील अगाडि सेमलचट्टीमा ६।७ पक्का घर, सरकारी धर्मशाला, ७।८ दुकान र चण्डीदेवी छन्। पिण्डारकमा झूला छ। यहाँबाट नदीको किनारातिर बाटो छ। आधा मील अगाडि नदीमा ११५ फीट लामू फलामको पुल छ। २।। मील पर सिंरोली चट्टी छ। ३।।। मील पर भटोली चट्टी छ, ८ मील पर आदिबदरी छन्।

आदिबदरी

थी पंच बदरीमाका होइनन्। कुंभाचरट्टीबाट ६ मील ऊर्जम गाउँका चाहिं हुन्। आदिबदरीचट्टीमा १०।१२ पक्का घर, १ ठूलो घर, सरकारी धर्मशाला, डाकखाना, तल नदीमा १४ देवताका साना-साना मंदिर छन्। आदिबदरी, पार्वती, अन्नपूर्णा, महिषमर्दिनी, गणेश, बूढाकेदार, गरुड, सत्यनारायण, लक्ष्मीनारायण, चक्रपाणि, परशुराम, परब्रह्म, गोकुलस्वामी, हनुमानजी। मंदिरका पास ५।६ बाहुन रहन्छन्।

धुनारघाट वा धोबीघाटचट्टी आदिबदरीबाट ४।।। मील अगाडि जोकापानीचट्टी ४।५ छप्पर दुकान भएको छ, यहाँबाट उकालो चढी ३ मील पर कालामाटीचट्टी छ। यहाँबाट ३ पाउ मील पर सिंहकोटीचट्टी छ, २।। मील पर गोहडचट्टी वा ग्वाडचट्टीमा काठको पुल छ। नदी पार पाउ मीलतक किनाराबाट जानुपर्छ, नदी दाहिने छुटी ठूलो मैदान मिल्दछ। तीन पाउ मील पर दाहिने १ अंग्रेजी बङ्गला

छ । गोहडचट्टीबाट डेढ मील पर धोबीघाटचट्टी छ, रामगङ्गाका किनारामा पक्का घर, डाकखाना, पुलिसको चौकी छ । धुनारघाटबाट ५।। मील पर मीलचौरी छ ।

मीलचौरी

मीलचौरीमा अगाडि पछाडि २ पुल छन् । नदीका बायाँ किनारामा मोदीमा ४।५ घर र झम्पान कुलीका ठीकेदार छन् । पुलिसको चौकी चीठीको बक्स छ । हरिद्वार वा ऋषीकेशबाट आएको भरिया झम्पान कंडीवाले कुली मीलचौरीबाट, बिदा भई आफ्ना घर जान्छन् । ठीकेदारको मार्फत नयाँ भरिया झम्पान कुलीको बन्दोबस्त गर्नुपर्छ । झम्पानको काठगोदामसम्मलाई दिनको २ सेर आँटा (पीठो) र जमा १५ रुपियाँ दिनुपर्छ । मीलचौरीबाट गढ़वाल जिला छुट्दछ, कुमाउँ जिला लाग्दछ । यहाँका हाकिम अल्मोडामा रहन्छन् । मीलचौरीबाट अल्मोडा ४३।। मील माथि छ ।

गनाई वा चौखुटिया मीलचौरीबाट ४ मीलमा सिमालखेतचट्टी, ४।। मीलमा नारायणचट्टी, ६ मीलमा वृषभुचट्टी, ८ मीलमा गनाई आउँछ । यहाँ रामगङ्गामा ११५ फीट लामू फलामको पुल छ । डाकखाना, बजार आदि छ । यहाँबाट एक बाटो रामनगर भएर मुरादाबाद जान्छ, एक बाटो काठगोदामतिर जान्छ । आजकाल पुल भत्कंदा र बाटो बिग्रंदा रामनगर स्टेशनको टिकट ली बनारस वा रक्सोल

जान्छन् । गनाईबाट रामनगर (चिलिकिया) जाने बाटो हेर्नुहोस्, गनाईबाट ४ कोश चौपट्टा, ८ कोशमा बूढाकेदार, ११ कोशमा भिक्रिसैन, १७ कोशमा गर्वानी, २३ कोशमा मोहनचौकी, २७ कोशमा उमादेवीको मन्दिर, २८ कोशमा गिरिजाचट्टी, ३५ कोशमा रामनगर स्टेशन छ । रामनगरबाट १२ कोश काशीपुर, ३० कोश मुरादाबाद छ । रेलकाण्डमा हेरी जान्नुहोस् । चट्टीहरूमा साना-साना दुकान छन्, भिकसेनमा धर्मशाला, अस्पताल छ, गिरिजाचट्टीमा धर्मशाला, डाक आदि छन् । अब काठगोदामको बाटोः—

गनाई वा चौखुटियाबाट ४। मीलमा महाकालचट्टी छ । नदीमा ९५ फीट लामू फलामको पुल र महाकालेश्वर छन् । यहाँबाट ३ पाउ मील पर शाहपुरचट्टी, २। मील पर घराटचट्टी, १ शिवलिङ्ग, २ पक्का धर्मशाला र दुकान छन् । पौने पाँच मील पर अमीरचट्टी र काठको पुल, ६।। मोल पर द्वारहाटमा डाकखाना, सफाखाना, पुलिसको चौकी छ । यो ठाउँ बडो रमणीय छ । १ बाटो १३ कोश पर सोमेश्वर गएको छ । रानीखेत १२।।। मोल पर छ ।

बासुरीसेराचट्टी द्वारघाटबाट पउने मील पर पुलिसको चौकी अलिकति पर दोबाटो छ । दाहिने बाटो रानीखेत छावनी १२ मील, अर्को बाटो अलमोडा २४ मील छ । दुवै बाटाबाट यात्रीहरू खैरनामा सुबिस्तासित पुग्दछन् । पुलीसका चौकीबाट अगाडिको बाटो खैरनालाई ३२ कोश पर्दछ । अर्को रानीखेत भएर २७ मील छ ।

५ मीलको फरक छ। रानीखेतै भई जानु बढिया छ। पुलीसका चौकीबाट २।।। मील पर १ नदीमा ५५ फीट लामू काठको पुल छ। ४। मील पर बगवाला पोखरचट्टीमा मुसलमानको बस्ती छ। हिन्दूका २ दुकान, डाँकखाना, १२ कोठरीवाला १ पक्का धर्मशाला ५। मील पर बासुरीसेराचट्टी रानीखेत जाने (रेल) को सड़क पर्छ, यहाँ गङ्गा-नदीमा ८५ फीट लामू फलामको पुल छ, यहाँका गाउँ बदरीनाथका हुन्। पाउ मील अगाडि २ बाटा मध्यमा बायाँको बाटो १८।।। मील अल्मोडा जान्छ, दाहिनेबाटाका चट्टीदेखि १।। मील अगाडि मलयनदीचट्टी २ घर पसल, १ छहरो, २ नदीका संगम, दुवै नदीमा पुल, ३।। मील पर रेवती गाउँचट्टी छ, रानीखेत जान रेलको सड़क मिल्दछ, ५। मील अगाडि मजखली चट्टीमा दुकानछन्। आधा मील अगाड़ि मजखली चट्टीमा दुकान छन्। आधा मील पर चारैतिर मुख भएको धर्मशाला दुकान छन्। ८। पाउ पर रानीखेत छ।

रानीखेत पश्चिमोत्तर देशका कुमाउँ जिलाको नामी फौजी छावनी हो। गोरा हिन्दुस्थानी फौज रहन्छन्। गर्मीका दिनमा यूरोपिन सिविलियन सरीफहरू बस्तछन्। यहाँको हावा-पानी बहुतै बढिया छ, पुलिस डाकखानाको प्रबन्ध छ। यहाँ सबै चीज किन्न पाइन्छ, मनखलीबाट ९ मील पर सीतलाचट्टी छ, काठगोदामसम्म १ टट्टूको ३। रुपियाँ किराया लिन्छ, यहाँबाट ४। मील पर कोशला नदीमा

फलामको पुल छ, ५।।। मील पर काँकरीघाट चट्टी छ। यहाँ चौबाटो छ, १ बाटो अल्मोडा, दोस्रो रेलतिर, तेस्रो पैदल खैरान जाने चौथो यात्रीको काँकरीचट्टीबाट १। मील पर पहडियाचट्टी ४ मील पर, चमडियाचट्टी ६। मील अगाडि खैरानचट्टी छ।

यहाँबाट तीन पाउ मील पर गरमपानी चट्टी छ, २। मील पर रामगढचट्टीमा १२० फीट लामू कैंचीदार पुल, ३।। मील पर चौबाटो छ, पर दाहिने बाटो १२ मील पर नैंनीताल गएको छ, एक गाडीवाला सडक रामगढ गएको छ। चौबाटाबाट ३।। मीलमा कैचीचट्टी, ६ मीलसम्म निङ्गलाचट्टी छ। ८।। मील अगाडि भीमौलीचट्टी छ। १२ कोठा भएको १ धर्मशाला छ, यहाँबाट १। मीलसम्म सौलीचट्टी छ। ४।। मीलसम्म भीमताल छ।

भीमताल

भीमताल १ मील लामू आधा मील चाक्लो ८७ फीट गहिरो छ। तलावका पूर्व किनारमा भीमेश्वर छन्। बङ्गला सफाखाना डाँकखाना पक्का घर बजार छन्। यहाँबाट ४ मील अगाडि नवचण्डी चट्टी छ, नवदुर्गादेवीको मन्दिर धर्मशाला छ। ५ मील अगाडि रानीबाग छ।

रानीबाग पक्का घर डाकबङ्गला नदीमा फलामको झुण्डाउ पुल ३ नदीको सङ्गम; १ नैनीतालको १ भीमतालको १ गोगङ्गा नाम नदी दाहिनेबाट आई मिलेकी छन्; रानीबागबाट (पर्वत) छुट्त-

छन्, संथर जमीन लाग्दछ, रानीबागबाट २ मील पर काठगोदाम स्टेशन बजार छ।

काठगोदाम

यहाँ टमटन बहुतै छन्, सडकद्वारा अगाडि बरेली ६३ मील पछाडि नैनीताल १२ मील बदरीनाथबाट रानीखेत, अल्मोडा, नैनीताल छोडी काठगोदामको स्टेशन १६८ मील छ। १०।११।१२ दिनमा बदरीनाथबाट (जात्रू) हरू काठगोदाम आइपुग्दछन्, श्रीजगन्नाथजीकी जय, श्री रामेश्वरजीकी जय, श्री द्वारिकानाथजीकी जय, श्रीशिखरनाथभाष्यकर्त्ताकी जय, जसले ४ धाम अनेक धाम आदिको ऐना गराइदिए।

तोर्थभोजमा होम गरिने बदरीका देवताहरू

हरिद्वाराय नमः। कुशावर्ताय नमः। बिल्वकेदाराय नमः। नीलपर्वताय नमः। कनखलतीर्थाय नमः। तपोवनाय नमः। ऋषीकेशाय नमः। कुब्जाम्रकतीर्थाय नमः। लक्ष्मणेश्वराय नमः। देवप्रयागाय नमः। रुद्रप्रयागाय नमः। कर्णप्रयागाय नम। नन्दप्रयागाय नमः। विष्णुप्रयागाय नमः। (पंचकेदार) केदारनाथाय नमः। मध्यमेश्वराय नमः। तुंगनाथाय नमः। रुद्रनाथाय नमः। कल्पेश्वराय नमः। (पंचबदरी) बदरीनाथाय नमः। आदिबदरीनाथाय नमः। भविष्यबदरीनाथाय नमः। योगबदरीनाथाय नमः। वृद्ध-

बदरीनाथाय नमः । (पंचधारा) मधुवर्णधारायै नमः । क्षीरधारायै नमः । स्वर्गद्वारधारायै नमः । मन्दाकिन्यै नमः । केदारधारायै नमः । (पंचतीर्थी) ऋषिगंगायै नमः । कूर्मधारायै नमः । प्रह्लादधारायै नमः । तप्तकुण्डाय नमः । नारदकुण्डाय नमः । (पंचशिला) नारदशिलायै नमः । मार्कण्डेयशिलायै नमः । नृसिंहशिलायै नमः । गरुडशिलायै नमः । राजराजेश्वरी भगवत्यै नमः । शाकम्भरी देव्यै नमः । मार्कण्डेयेश्वराय नमः । पावडीश्वराय नमः । कमलेश्वराय नमः । नारदेश्वराय नमः । योगीश्वरभैरवाय नमः । चीरवासाभैरवाय नमः । आकाशगङ्गायै नमः । गरुडगङ्गायै नमः । त्रियुगीनारायणाय नमः । वसुधारायै नमः । बदरीकाश्रमस्थसर्वतीर्थदेवेभ्यो नमः ।

बदरीनाथजीको स्तुति

पवन मन्द सुगन्ध शीतल हेममंदिर शोभितम् ।
निकट गङ्गा बहत निरमल श्रीबदरीनाथ विश्वम्भरम् ॥
शेष सुमिरन करत निशिदिन धरत ध्यान महेश्वरम् ।
श्री वेद ब्रह्मा करत स्तुति श्रीबदरीनाथ विश्वंभरम् ॥
शक्ति गौरी गणेश शारदा नारदमुनि उच्चारणम् ।
योग ध्यानी अपार लीला श्रीबदरीनाथ विश्वंभरम् ॥
इन्द्र चन्द्र कुबेर धुनि करत धूप दीप प्रकाशितम् ।
सिद्ध मुनि जन करत जय जय श्रीबदरीनाथ विश्वंभरम् ॥
यक्ष किन्नर करत कौतुक ज्ञान गंधर्व प्रकाशितम् ।

श्री लक्ष्मीकमला चवर डोले श्रीबदरीनाथ विश्वंभरम् ।।
कैलासमे एकदेव निरंजन शैल शिखर महेश्वरम् ।
श्री राजा युधिष्ठिर करत स्तुति श्रीबदरीनाथ विश्वंभरम् ।।
मानसरोवर कौन परसे बिना बादल हिम बरसे ।
उडत कंकण जीव तरसे नरनारायण जाय परसे ।।
श्रीबदरीनाथजीके पंचरत्नमें पठत पाप विनाशनम् ।
कोटि तीर्थ पुण्य प्राप्त फलदायकं श्रीबदरीनाथ विश्वंभरम् ।।
आदिबदरी योगबदरी वृद्धबदरी भविष्यबदरी पंचबदरी स्मृतेनित्यं ।
महापातक नाशनं श्री बदरीनाथ-विश्वभरम् ।।

चार धामको प्रातस्तुति

चलो हो साधु चलो हो सन्तो श्रीगङ्गासागर नुहाइये ।
दर्शन द्यौ श्री जगन्नाथ स्वामी आवागमन मिटाइये ।।
कौन दिशा श्री जगन्नाथ स्वामी कौन दिशा श्री रामनाथ हैं ।
कौन दिशा श्री रणछोड टीकम कौन दिशा श्रीबदरीनाथ हैं ।।
पूर्व दिशा श्री जगन्नाथ स्वामी दक्षिण श्री रामनाथ हैं ।
पश्चिम दिशा श्रीरणछोड टीकम उत्तर श्रीबदरीनाथ हैं ।।
कौने कारण श्री जगन्नाथ स्वामी कौने कारण श्री रामनाथ हैं ।
कौने कारण श्री रणछोड टीकम कौने कारण श्रीबदरीनाथ हैं ।।
भोग कारण श्री जगन्नाथ स्वामी योग कारण श्री रामनाथ हैं ।
राज कारण श्री रणछोड टीकम तप कारण श्री बदरीनाथ हैं ।।

का चढ़त श्री जगन्नाथ स्वामी का चढ़त श्रीरामनाथ हैं ।
का चढ़त श्री रणछोड टीकम का चढत श्रीबदरीनाथ हैं ॥
अटका चढत श्री जगन्नाथ स्वामी गङ्गा चढत श्री रामनाथ हैं ।
माखन मिसरी श्री रणछोड टीकम फल चढत श्रीबदरीनाथ हैं ॥
कौने पद श्री जगन्नाथ स्वामी कौने फल श्री रामनाथ हैं ।
कौने गति श्री रणछोड टीकम कौने थल श्रीबदरीनाथ हैं ॥
अपर पद श्री जगन्नाथ स्वामी परमपद श्री रामनाथ हैं ।
अगम पद श्री रणछोड टीकम निगम पद श्रीबदरीनाथ हैं ॥
चलो हो साधू चलो हो सन्तो गोमती कुण्ड नुहाइये ।
दर्शन देवो श्री रणछोड टीकम आवागमन मिटाइये ॥
चार धाम को पंच आरति जो निशि दिन गात हैं ।
ध्यान जप तप पूर्णसिद्धि अपनेमें आप समाते हैं ॥
चलो हो साधू चलो हो सन्त नारद कुण्ड नुहाइये ।
दशन देवो श्रीबदरीनाथ स्वामी आवागमन मिटाइये ॥

मथुरायात्रा

आगराबाट मथुरा रेलगार्ग ४० मील, सोझो पैदल मार्ग ३० मील पर्दछ । मथुरामा बडा-बडा दुकान, छापाखाना, सफाखाना, स्कूल प्रसिद्ध छन् । कुरा गर्न पास भएका यहाँका पण्डा चौबे ब्राह्मण छन् । यिनको काम दण्ड कुस्ती गर्नु, भाङ पिउनु, असल पदार्थ पाए यौटैले ४ सेरसम्म खानु । यजमानसित पैसा धुत्नु,

ढल्की ढल्की हिंड्नु, आर्काको पार लाउनु, खूब मस्तमा रहनु यत्तिकै हो। यहाँका स्त्रीहरू पर्दामा रहँदैनन्।

मथुरा शहरभित्रका देवमन्दिरहरू

विश्रामघाटमा यमुनाजीको मन्दिर छ, बायाँ यमराज छन्। गताश्रमनारायणका मन्दिरमा दुइतिर राधा कुब्जाको मूर्ति छ। द्वारिकाधीशको मन्दिर मथुराका देवमन्दिरभन्दा फैलावट छ। १८० फीट लामू १२० फीट चाक्लो छ, अगाडि जगमोहन बर्गी सुन्दर बनेको छ। जगमोहनबाट अपूर्व दर्शन हुन्छ, वल्लभ सम्प्रदायका रीत्यानुसार समय-समयमा द्वार खुल्दछ। दर्शनका निंति बडो घुइँचो हुन्छ। भोग राग आरतीको बडो धूमधाम हुन्छ। भोग लागिसकेपछि प्रसाद बिक्तछ। यो मन्दिर सन् १८२५ ई० मा मथुराका धनी पारिखजी सेठले बनाएको हो, यस मन्दिरको सालिआना खर्च पचीस हजार राखेको थियो, पारिखजी सेठ खजाञ्ची वल्लभ सम्प्रदायका शिष्य हुनाले गोस्वामी आचार्यजीलाई सुम्पिदिए। गोस्वामीका खानदान मालिक छन्। यहीं मथुराका सेठको दुइतले घर छ। भरतपुर महाराजको पनि घर छ।

वाराहजीको मन्दिरभित्र परिक्रमा हुन्छ, पृथ्वीरूप मुखमा छ।
गोविन्ददेवजीको कामदार सदावर्त लागेको मन्दिर पर छ।
बिहारीजीको मार्बुलको प्रतिमादार उस्तै मन्दिर छ।
गोवर्द्धननाथको मन्दिर द्वारिकाधीशका मनिको यहीं छ।

गोपीनाथको मन्दिर नकाशीदार सुन्दर यै जस्तो बढिया छ। मथुरानाथको मन्दिर नकाशीदार सुन्दर गोविन्ददेवका जस्तो छ। दाउजीको मन्दिर-भित्र बलदेव र रेवतीको सुन्दर मूर्ति छ।

व्रजगोविन्दजीको, गोवर्धननाथको अर्को, राधाकृष्णजीको यी ३ मन्दिर, गोविन्ददेवको बिहारजीका ढाँचाको छ। व्रजगोविन्दजीको सन् १८६७ मा, राधाकृष्णको सन् १८७१ मा बनाएको हो।

मगनीमाताको बहुतै सानू मन्दिर बाटानेर छ।

मथुराको परिक्रमा विश्रामघाटबाट आरम्भ हुन्छ। पाँच कोश हिंडी ६ घंटामा आइपुगिन्छ। निम्नलिखित स्थान क्रमसित मिन्दछन्।

(१) विश्रान्तघाट (विश्रामघाट):—श्रीकृष्णजीले कंसलाई मारी यहाँ विश्राम गरेको हुनाले विश्रामघाट नाम रहेको हो। कार्तिक शुक्ल द्वितीयाका दिन यसै घाटमा यमुनास्नानका निमित्त प्रतिवर्ष भारतका सर्व देशबाट लाखौं यात्री मथुरामा आउंदछन्। यमुनाजीमा स्नानको माहात्म्य सर्व स्थानभन्दा अधिक छ। यस घाटमा माथिदेखि तलसम्म ढुङ्गाका सिंढीमाथि फरस बनेको छ। घाटमा नेपाली घंट आदि ३।४ घंट छन्। यहाँ प्रतिदिन सन्ध्याकालमा बडो भारी यमुनाजीको आरती हुन्छ, घाटका निकट यमुनाजीमा कछुवा (ठोटरी) बहुत हुन्छन्। ती मानिसदेखि डराउँदैनन्।

(२) बलभद्रघाट, यहाँ पीपलेश्वर छन्। प्रयागघाटमा बेनी माधवको मूर्ति छ, रामघाटमा रामेश्वर छन्, श्यामघाटमा कनख-

लक्षेत्र, बिंदुक तीर्थ, दाउजीको मन्दिर, गोकुली गोस्वामी, गोपाललालजीका मकान छन् ।

(३) बङ्गालीघाटमा यमुनाजीमा रेलको पुल, भरतपुरका महाराजको मकान १, राजाको धर्मशाला बगैंचा आदि छन् ।

(४) सूर्यघाटमा सूर्यको मूर्त्ति छ, ध्रुवघाटमा पिण्डदान हुन्छ । सानो मन्दिरभित्र ध्रुवजीको शुक्ल मूर्ति छ । ध्रुवले तप गरेको स्थान हो ।

(५) मोक्षतीर्थ—यहाँ सप्तऋषिहरूको टीला छ । यहाँबाट यमुनाजी छुट्तछिन् । सफेत माटालाई यज्ञको विभूति भन्दछन् । साधुहरूको मठ पनि छ ।

(६) राजा बलिका टिलामा काला ढेला निक्लन्छ । यहाँ राजा बलिले यज्ञ गरेको हो । यहाँ १ कोठामा वामन, शुक्राचार्य, गोपालजी-सहित राधा बलिको मूर्ति छ । दण्ड, कमण्डलु लिएका वामन खडा छन् , स्कूलदेखि अगाडि टाउनहाल छ ।

(७) रावणको टिला, रावणले तप गरेको स्थान हो ।

(८) रेलमार्गमा छोटा टिलामा धातुको कृष्ण, कुब्जाको मूर्ति छ ।

(९) रंगभूमि—यहाँ १ मंदिरमा रङ्गेश्वर, १ टिलामा राजा उग्रसेन कंस कृष्ण बलरामका मूर्ति छन् । अगाडि सप्तसमुद्र कूप छ । अलि पर कचहरी आई शहर छुट्तछ । धेरै पर रेल वृन्दावन जाने शाखा लाइन मिल्दछ ।

(१०) गोपालजीको मन्दिर अगाडि पक्का सरोवर तलाउ राम्रो छ ।

(११) भूतेश्वरको मार्बुलको शिवलिंग र संगमेश्वर बलभद्र-कुण्ड छ ।

(१२) पोतराकुण्ड भूतेश्वरदेखि धेरै पर जन्मभूमिनेर पत्थरको उत्तम पोतराकुण्ड नामक सरोवर छ । यहाँ अघि कृष्णचन्द्रका बिछयाउना धोएको हुनाले पोतराकुण्ड भनेको हो । यो ग्वालियरका महाराजले पत्थरका सिंढी बनाएका गौघाट आदि वसुदेव देवकी कृष्णका मूर्तिहरू छन् ।

(१३) केशवदेवजीको मन्दिर पुरानू बडो भारी मन्दिर छ, कृष्णजी जन्मेको स्थान हो । मथुराभरिको ठूलो स्थान हो, कृष्ण आदिका मूर्तिहरू छन्, यहीं कृष्णकूप छ । अगाडि कुब्जाकूप मिल्दछ ।

(१४) महाविद्या देवीको मन्दिर जन्मभूमिबाट धेरै पर १ टिलामा शिखरदार मन्दिरमा महाविद्या, महामाया, महामेधाका मूर्ति छन् । ५० सिंढी चढेर २५ सिंढी उत्रनुपर्दछ, झण्डी लागेको छ, बानर बहुतै छन् ।

(१५) सरस्वतीकुण्ड महाविद्याका मन्दिरदेखि धेरै नै पर्छ, सरस्वतीको धातुको मूर्ति छ, अगाडि कोटितीर्थ मिल्दछ ।

(१६) चंडीदेवी सरस्वती कुण्डदेखि टाढा १ टिलामा छन् ।

(१७) गोकर्णेश्वर पक्का सड़कनेर १ लामू टिलामा ३ हात

अग्लो बहुतै मोटा गोकर्णेश्वर बसेका छन् , गौतम ऋषिको समाधि पनि छ ।

(१८) अंबऋषिको टिला गोकर्णेश्वरदेखि केही पर जसमा एक महावीरको मन्दिर छ, अगाडि सरस्वती—सङ्गम मिन्दछ ।

(१९) दशाश्वमेध घाट वर्षामा यमुनाजी आउँदछिन् ।

(२०) चक्रतीर्थ यहाँ आएपछि यमुना मिन्दछिन्, पक्का घाट छ ।

(२१) कृष्णगङ्गा घाट पक्का छ, माथि कृष्णेश्वर, कालीन्द्रनाथ, एक मन्दिरमा दाउजी, रेवतीको मूर्ति छ ।

(२२) धारापत घाट पत्थरको छ, सोमघाट सोमतीर्थ, सोमेश्वर छन् ।

(२३) कंसको किला :—यो अकबरका बखतमा फेरि बन्यो, पूर्वको गारो २२५ फीट लामू अग्लो, उत्तर यमुनातिरको गारो ७५ फीट अग्लो छ, पश्चिम दक्षिणतिर गारो छैन, २ तरफ यो किला टिलाका समान छ । पश्चिम साना मन्दिरमा कालेश्वर, कालभैरवको मूर्ति छ, किल्लाका पूव एक स्कूल छ, यमुना नदी यहाँदेखि पूर्वदक्षिण गएकी छन् ।

(२४) वासुदेवघाट किल्लाका पासैमा छ ।

(२५) वैकुंठघाट पक्का छ ।

(२६) गौघाट ।

(२७) असिकुण्ड घाटलाई बाराहक्षेत्र भन्दछन्, यहाँ एक मन्दिरमा वाराह र गणेशजीको मूर्ति, शिवताल कुण्ड छ। यहाँबाट अगाडि सेठजीका घर पछाडि जनाना-घाट मिल्दछ। अगाडि विश्राम घाट भेटिन्छ।

सतीबुर्ज छ, यो आंबेरका राजा भरमलकी स्त्री भगवानदासकी माताले सन् १५७० ई० मा बनाएको हो, दर्शनीय छ।

मथुराको प्रधान (ठूलो) मेला कार्त्तिकशुक्ल द्वितीयामा हुन्छ, कार्त्तिक शुक्ल अष्टमीमा गोचरणको एक छोटा मेला ऐ० दशमीमा कंसवधको लीला, अक्षयनवमीमा फेरि प्रबोधिनी एकादशीका दिन परिक्रमा हुन्छ।

अन्नकूटः—मथुराको प्रसिद्ध पर्व कार्तिक सुदी परेवाका दिन सबेरै मथुराका मन्दिरहरूमा अन्नकूटका दर्शनका निमित्त ठूलो भीडभाड (ठेलंठेला) हुन्छ। मन्दिरहरूमा नानाप्रकारका मिठाई पक्वान्न काँचो भात व्यञ्जन तरकारी चटनी आदि भोजनका सामग्री जगमोहनमा पृथक् पृथक् पात्रहरूमा राखेर भगवान्‌लाई भोग लाउँदछन्। पछिबाट यात्रीहरू झाँकी गरी भेटी चढाउँदछन्, गोपीनाथ, मथुरानाथ, गोविन्ददेवजी, विहारीजी, ब्रजगोविन्द, राधाकृष्णका मंदिरहरूमा १०० पात्रहरू गोवर्द्धननाथका मंदिरमा २०० अन्दाजी पात्रमा द्वारिकाधीशका मंदिरमा ३०० अधिक पात्रहरूमा भोगका सामग्री रहन्छ बुझ्नू, यहाँ मुसलमानहरूको आराधना-स्थल माने मसजिद पनि कटरा देख्नै लायक छ।

ब्रजमण्डल

मथुराका आसपासमा ८४ कोशका घेरालाई ब्रजमण्डल कहलाउँदछ, ब्रजमण्डलको परिक्रमा भाद्रवदी ११ देखि आरम्भ हुन्छ, बज्रमा १२ वन, २४ उपवन, ५ पर्वत, २ ताल, ११ कूप, ४ सरोवर, ४८ कुण्ड, २ राजाजीका स्थान, ९ देवी, १० महादेव, ७ बलदेव छन् , कोही लुप्त भएका छन् । साउन महीनामा ब्रजमन्दिरहरूमा झूलन (पीङ) को बडो तयारी रहन्छ । त्यस बखतमा देवमूर्तिहरूका अपूर्व शृङ्गार उत्सव देख्नाका निमित्त टाढा-टाढाका मानिसहरू आउँछन् । यहाँका स्त्री पुरुष आफाफ्ना घरमा रूखमा झुलन (पीङ) हाली सरिरिरी गरी खेल्दछन् , ब्रजमा फागू (होरी) चौपट्ट-अन्नाधुन्न हुन्छ, लोकहरू बरसेनी होरी घोर गरी खेल्दछन् , काली चण्डीका स्थानमा पनि बलिदान हुँदैन, मिठाई दूध आदि पवित्र वस्तुले पूजा गर्छन् , यहाँ धोबीहरू गोरु (बैल) माथि कपडा लदाई लान्छन् , कुमालेहरू गधामा लदाई माल लान्छन् , यहाँ २ मीलको १॥ कोश मान्दछन् , यो शास्त्रोक्त हो ।

वाराहपुराण १४६ अ० मा सूर्यकी पुत्री यमुना, मुक्ति दिने हुन् मथुरामा विश्रान्ति तीर्थ तीन लोकमा प्रसिद्ध छ, मथुरा परिक्रमाको नम्बरको ख्याल राखी यहाँ हेर्नुहोस् ।

१. सब तीर्थहरूको स्नान गर्नाले जो फल हुन्छ सो फल कृष्णको गताश्रम मूर्तिको दर्शन गर्नाले मात्र मिल्दछ । २. प्रयाग तीर्थमा स्नान

गर्नाले विष्णुलोक मिल्दछ । ३. कनखल तीर्थमा स्नान गर्नाले स्वर्गलोक मिल्दछ ।४. तिंदुक तीर्थका स्नानले विष्णुलोक मिल्दछ । नं० ६. सूर्यतीर्थमा राजा बलिले सूर्यको तप आराधना गर्नाले सूर्यबाट १ मणि पाएथे, यहाँ स्नानको बडो माहात्म्य छ । नं० ८ ध्रुवले तप गरेको हुनाले ध्रुवतीर्थ भन्दछन्, यहाँ स्नान पिण्डदानको बडो माहात्म्य छ । नं० ९ ऋषि तीर्थमा स्नानको माहात्म्य छ । मोक्षतीर्थमा स्नान गर्नाले मोक्ष मिल्दछ । नं० १० कोटितीर्थमा स्नान गर्नाले ब्रह्मलोक मिल्दछ, यहींनेर वायुतीर्थमा ज्येष्ठ महीनामा पिंडदान गर्नाले गयाका बराबर पितृ तृप्त हुन्छन् । यी तीर्थको वर्णन वाराहजीले गरेको हो । अब १२ वनको विस्तार हुन्छ :—

१४७ अ० मा मथुराका १२ वनमाका पहिला १ मधुवन—भाद्र शुक्ल ११ मा स्नानको माहात्म्य छ । २. तालवन—यहाँ धेनुकासुरलाई मारेको हो । ३. कुमुदवन—भाद्रशुक्ल ११ मा दर्शन गर्नाले रुद्रलोक मिल्दछ । ४. बहुलावन—यिनका दर्शनले अग्निलोक मिल्दछ । ५. काम्यवन—विमलकुण्ड तीर्थ छ । ६. भद्रवन—यमुनानेर छ, दर्शन गर्नाले नागलोक मिल्दछ । ७. खदिरवन—दर्शनले विष्णुलोक मिल्दछ । ८. महावन—दर्शनले इन्द्रलोक मिल्छ । ९. लोहजघवन—दर्शनले सब पाप हर्छ । १०. बिल्ववन-दर्शनले ब्रह्मलोक मिल्छ । ११. भांडीरवन—यहाँ वासुदेवको दर्शन गर्नाले गर्भवास गर्नुपर्दैन । १२. वृन्दावन—विष्णुको अत्यन्त पियारो छ ।

१४८ अ० मा—धारापतन तीर्थमा शरीर छोड्नाले स्वर्ग मिल्छ। मथुरा परिक्रमाको नम्बर २७ यमुनेश्वरको दर्शन गर्नाले र शरीर छोड्नाले विष्णुलोक मिल्छ। नाम लिनाले र तीर्थका स्नानले स्वर्गलोक, प्राण त्याग्नाले विष्णुलोक मिल्छ। कण्ठाभरण तीर्थमा स्नान गर्नाले सूर्यलोक, ब्रह्मलोकको स्नानले विष्णुलोक मिल्छ। सोमतीर्थ यमुनाका माझमा छ। नं० २८ सरस्वतीपतन—यस क्षेत्रको जल-स्पर्शले (पानी छुनाले) मात्र मूर्ख पनि योगीराज हुन्छ। नं० २० दशाश्वमेध तीर्थका स्नानले अश्वमेध यज्ञको फल मिल्छ। नं० २४ मथुरापश्चिम मानस तीर्थका स्नानले विष्णुलोक मिल्छ। यहीं विघ्नराज तीर्थमा स्नान गर्नाले विघ्नको नाश हुन्छ। कोटि तीर्थको स्नानले कोटि गोदानको फल हुन्छ। नं० २७ कोटि तीर्थबाट आधै कोशमा शिवक्षेत्र छ। उहाँ बसेर शिवजी मथुराको रक्षा गर्नुहुन्छ। उहाँ स्नान गरी शिवजीको दर्शन गर्नाले मथुराखंडका सब तीर्थको फल मिल्दछ।

१५२ अ० मा मथुरा मंडलको प्रमाण २० योजनको छ। पृथ्वीभरका तीर्थ पुण्यभूमि हरिशयनका समयमामथुरा-मंडलमै आउँदछन्। जो मनुष्य मथुरामा गएर यमुना-स्नान गरी केशवको दर्शन गर्छ ऊ अवश्य विष्णुलोकमा जान्छ। कार्तिक शुक्ल ८ मा यमुनामा स्नान गरी नवमीमा मथुरा प्रदक्षिणा गर्नाले उत्तम गति मिल्दछ।

१५७ अ० मा कमलको स्वरूप कर्णिका स्थानमा केशव बस्नु-भएको छ। मथुरारूपी कमलका पश्चिम दलमा गोवर्द्धन, उत्तर

गोविन्द; पूर्व विश्रान्ति; दक्षिण शूकर अर्थात् वाराहजी रहन्छन् । यी वाराह कपिल ऋषिले तपका प्रभावले निकाले सो इन्द्रले अमरावतीमा लगे । अमरावतीबाट रावणले लङ्कामा राखेको थियो । रामचन्द्रजीले कपिलवराहलाई अयोध्या ल्याउनुभयो । शत्रुघ्नले लवणासुर-वधका निमित्त कपिल वराहलाई मथुराका दक्षिणतिर स्थापना गर्नुभएको हो । १६० अ० मा वाराहजीले भन्नुभो कि म ४ मूर्ति भै मथुरामा बस्तछु—१ वाराह, २ नारायण, ३ वामन, ४ बलभद्र । उनै नम्बर ४।११।३३ को, नम्बर ३३ का असिकुण्डमा स्नान गरी यी ४ देवताको दर्शन गर्नाले ४ समुद्रले सहित पृथ्वी परिक्रमा गरेको फल पाउँदछ ।

१६२ अ० मा मथुरापुरीको प्रमाण चार दिशातिर २० योजन तक छ । सब तीर्थमाको प्रधान विश्रान्ति तीर्थ मथुराका क्षेत्रपाल भूतपति महादेव हुनुहुन्छ । यी क्षेत्रपाल महादेवको दर्शन नगरे तीर्थयात्राको फल कत्ति हुँदैन ।

१७० अ० मा मथुरामा विश्रान्ति तीर्थ, सरस्वती तीर्थ, असिकुण्ड, कालंजर, कृष्णगंगा यी ५ तीर्थमा स्नान गर्नाले जस्तोसुकै पाप भए पनि छुट्तछ । मथुराका सब तीर्थभन्दा यिनको अधिक माहात्म्य छ भनी लेखेको छ ।

ब्रजमण्डल

मथुराका आसपासमा ८४ कोशका घेरालाई ब्रजमण्डल भन्द-

छन् । ब्रजमण्डलको परिक्रमा भाद्रवदी ११ देखि आरम्भ हुन्छ । व्रजमा १२ वन, ४४ उपवन, ५ पर्वत, ४ सरोवर, ११ कूप, ८४ कुण्ड, २ ताल, २ राधाजीका स्थान, ७ बलदेवजी, ९ देवी, १० महादेव छन् ।

वृन्दावन

मथुराबाट ६ मील उत्तर यमुनाका दाहिने किनारामा वृन्दावन छ । म जन्मभर मथुरामा बस्तछु भनी जाने मानिस वृन्दावनैमा बस्तछन् । यहाँ सदावर्त धेरै छन् । पत्थरका धेरै घर बनेका छन् । महारानी अहल्याबाईले बनाएको ५७।५८ सिंढीको तलाउ छ । यहाँ श्रावणशुक्ल पूर्णिमासम्म मन्दिरमा झूलन (पीङ) को बडो उत्सव हुन्छ । कार्तिक, फागुन, चैत्रमा बडो घचारो हुन्छ । चार मन्दिर बडा-बडा छन् । गोविन्ददेवको, गोपीनाथको, युगलकिशोरको, मदनमोहनको । नयाँ मन्दिरमा—रंगजीको लालाबाबूले बनाएको मन्दिर, ग्वालियरका महाराजले बनाएको मन्दिर, विहारीलालको मन्दिर अत्युत्तम दर्शनीय बडो भारी मंदिर छ ।

गोविन्दजीको मन्दिर वृन्दावनमा प्रवेश गर्नेबित्तिकै राता पत्थरको, रमणीय सुन्दर मन्दिर पहिले आउँदछ, जसको शिल्प विद्याको कालिगरी देखेर यूरोपियनहरू अर्थात् अंग्रेज आदि पनि छक्क पर्दछन् । औरङ्गजेबले केही तोडेको थियो, अंग्रेजी सरकारले

३८००० रुपियाँ फेरि जयपुरवाला महाराजले ५००० रुपियाँ दिई मर्मत गरी बनाएको छ ।

रंगजीको मन्दिर ३ परखाल-भित्र छ । यो पनि हेर्नलायकको छ । भित्र रंगजीको बहुतै सुन्दर मूर्ति छ । अगाडि जगमोहन बहुतै बढिया छ । जगमोहनबाट दर्शन हुन्छ । परिक्रमा गर्दा यी देवता मिल्दछन् । पहिले दक्षिण शिखरदार साना मन्दिरमा दाउजी, १ घरमा, नृसिंहजी, सुदर्शनचक्र उत्तर घरमा, वेणुगोपाल, सत्यनारायण साना मन्दिरमा, रामानुज स्वामी र सेठका गुरु रगाचार्यस्वामी । जगमोहन अगाडि ६० फीट अग्लो सुनको पानीदार ध्वजास्तंभ छ । घेराका पूर्व ३ तले गोपुर छ । पश्चिम छेउको मध्य भागमा ९२ फीट अग्लो प्रधान फाटक, पुतलीदार अनेक स्तंभले युक्त भएको नकाशीदार मन्दिरको तारिफ गर्न सकिंदैन । पारिखजीका दत्तक पुत्र सुप्रसिद्ध सेठ लक्ष्मीचन्द थिए, जसका अनुज सेठ राधाकृष्ण र गोविन्ददासले ४५००००० रुपियाँ खर्च गरी सन् १८४५ ईस्वीमा प्रारम्भ सन् १८५१ मा समाप्त पारी बनाएको हो । यहाँ चैतमा ब्रह्मोत्सव हुन्छ र ठूको मेला पनि हुन्छ ।

लालाबाबूको मन्दिर रंगजीका मंदिर उत्तर बङ्गाली कायस्थ लालाबाबूले बनाएको १ उत्तरपट्टि मंदिर छ । सन् १८१० ई० मा बनाएको नीला मार्बुलका फर्स लागेको जगमोहन छ । पगडीदार श्यामल कृष्णजीको मूर्ति बायाँ राधा दाहिने ललिता खडी छन् ।

वस्त्र आभूषण-सहित छन्। मंदिर अगाडि सानु फूलबारी वरिपरि परखाल छ। यहाँ रागभोगको खूब तयारी रहन्छ। धेरै मानिस भोजन पाउँदछन्।

ग्वालियरका महाराजको मंदिर लालाबाबूका मंदिरदेखि केही उत्तरमा २२५ फीट लामू १६० फीट चाक्लो घेरामा बहुँतै उत्तम मंदिर छ। महाराजले ब्रह्मचारी मार्फत बनाएको हुनाले ब्रह्मचारीको मन्दिर पनि भन्दछन्। राधागोपालको मन्दिर पनि भन्दछन्। ३६ खम्भा लागेको असल जगमोहन अगाडि छ। रात्रीमा रासलीला हुन्छ, देख्ना-लायकको छ। ग्वालियरका मृत महाराज जयाजी रावले सन् १८६० ई० मा ४००००० खर्च गरी बनाएको हो। मन्दिर-अगाडि ब्रह्मचारीको शिला-मूर्ति छ, उत्तरतिर सोमेश्वर छन्।

वंशीवट गोपेश्वर अगाडि १ सानू पुरानू बरको रूख छ, १ कोठरीमा कृष्णजीको र रासलीलाको चित्र छ।

रामलक्ष्मणको मन्दिर नीला मार्बुलको फर्स आदि लागेको छ। यो रंगजीका मन्दिरभन्दा अगाड़ि उही मथुराका सेठले बनाएको हो।

गोपीनाथको मन्दिर—यो अलिक पर हेर्नलायकको पुरानू मन्दिर छ। अकबर बादशाहका अफसर कच्छवालाराय शीतलजीले सन् १५८० ई० मा बनाएको हो। गोपीनाथका दाहिने राधा, बायाँ ललिताको मूर्ति छ। यहींनेर नयाँ सन् १८२१ ई० मा नन्दकुमार

बोस बङ्गालीले बनाएको नयाँ गोपीनाथको सुन्दर मन्दिर छ, पूर्व मन्दिरका समान ३ मूर्ति छन् ।

शाह बिहारीलालका मन्दिर चीरहरणघाटदेखि पूर्व ललितनिकुंज नामको अति मनोहर राधारमणको मन्दिर छ । लखनऊका शाह विहारीलालका पौत्र शाह कुन्दनलालले १०००००० खर्च गरी बनाएको हो । दक्षिण उत्तर १०५ फीट लामू पूर्व मुखको छ । वहुमूल्य पत्थरका टुकडाका मूर्तिहरू हिसाबै छैनन् । यो विचित्र चालले बनेको बहुतै उत्तम छ ।

चीरहरणघाट यमुनाका किनारामा अनेक कपडाका टुकडा झुन्डाएको पुरानू कदमको रूख छ । मदनमोहनजीका मन्दिर ६५ फीट अग्लो छ । १ शालिग्राम २ पाउको चिह्न छ । केशीघाटनेर युगलकिशोरको मन्दिर छ । सन् १६२७ ई० मा बनाएको हो ।

सेवाकुञ्ज बडा घेराका भित्र बहुत रकमका लता (लहरा) को जंगल छ । तमाल आदिका पुराना वृक्षहरू छन् । घेराभित्र १ सानू मन्दिरमा कृष्ण आदिका मूर्तिहरू छन् । समय-समयमा पट खुल्दछ । एक पुजारी बसेको हुन्छ । जो यात्रीहरू २।४ आना दिन्छन् उनको नाम लेख्तछ । पर ललिता कुण्ड छ । यस कुण्डमा सैकडौं बानर रहन्छन् । यात्रीहरू चना मिठाई छरिदिन्छन् । उहींनेर १ वनविहारीजीको मूर्ति छ । अलिक पर १ मन्दिरमा दानविहारीजीको मूर्ति छ ।

जयपुरका महाराजको नयाँ मन्दिर घेरको ठूलो दर्शनीय छ, लेखी साध्य छैन। मथुराबाट वृन्दावन जाने पक्की सडकको बायाँ चट्टी छ।

पद्मपुराण ७९ अ० मा भगवान्ले कहनुभएको छ कि वृन्दावनमा रहने पशु पक्षी कीरा आदि पनि देवता हुन्। जो कोही यहाँ बस्तछन् सब मरेपछि मेरा नजीकै आउँछन्। ५ योजन वर्गात्मकमा सम्पूर्ण वृन्दावन मेरो रूप हो।

शिवपुराण आठौं खण्डका १२ अ० मा मथुरामा गोपेश्वर छन्, जसको पूजा गर्नाले गोप (गोठालाहरू) को अत्यन्त सुख भएथ्यो।

वाराह पुराण—(१४७ अ०) मा वृन्दावन विष्णुको सदा प्यारो छ, जो मनुष्य वृन्दावन र गोविन्दको दर्शन गर्छन् उनको उत्तम गति हुन्छ भनो लेखेको छ। मथुराको कुरो नभएको कोही पुराण होला कि ? मथुरा सप्तपुरीमाकी १ पुरी हुन्।

नन्दगाउँ मथुराबाट २४ मील पर छ। १८ कोश छातासम्म पक्को सडक छ। नन्दगाउँ १ छोटा टीलामा बसेको छ। यहाँ मन्दिरमा कृष्ण, बलदेव, नन्द, यशोदाका मूर्ति छन्। टीलामनि पक्का पामरीकुण्ड, १ सरोवर छ।

बरषाना नन्दगाउँबाट कच्ची सड़क ४ मील पर छ। राधाजीको ठूलो मन्दिर छ। भित्र राधाकृष्णजीका मूर्ति छन्, तल १ मन्दिरमा

नन्दजी, तल मन्दिरमा वृषभानुका पिता महाभानु, महाभानुकी पत्नी, यसभन्दा पनि तल १ मन्दिरमा राधाका पिता वृषभानु माता कीर्तिदा अरु अनेक भाइहरूका मूर्ति छन् । बस्ती बाहिर वृषभानुकुण्ड पक्का सरोवर छ । बरषानादेखि गोवर्द्धनसम्म देशीहरू कृष्णजीको नाम छोडी केवल राधाजीको नाम लिन्छन् ।

गोवर्द्धन बरषानादेखि १४ मील, गोवर्द्धनबाट १४ मील मथुरासम्म पक्का सड़क छ । यहाँ आंवेरका राजा भगवानदासले बनाएको हरिदेवको मन्दिर प्रधान छ । मानसी गंगाको बडो लामू ठूलो तलाउ छ । यहाँ चारतिर तलदेखि माथिसम्म आँवेरका राजा मातसिंहले बनाएको पक्का सिंढी छ । मथुराका यात्रीहरू कार्तिक बदी औंसीका रात्रीमा मानसीगंगामा दीपदान गर्छन् । उहाँका जस्तो दीपोत्सव कोही तीर्थादिमा हुँदैन । मानसीगंगाको परिक्रमा पनि गर्छन् । गोवर्द्धनपर्वत अन्दाजी ४ मील लामू होला । मैदानभन्दा १०० फीट अग्लो होला । कार्तिकका औंसीका दिन गोवर्द्धनको परिक्रमा गर्ने यात्रीहरूको बहुत घचारो हुन्छ । मथुराबाट एक्कामा चढी गोवर्द्धन गई तेस्रो दिन मथुरा फर्कन्छन् ।

गोकुल मथुराबाट ६ मील दक्षिण पूर्व यमुनाका किनारामा छ । बाटो असल छ । मन्दिर पुराना छैनन् । यमुनाघाट पत्थरले बनेको छ । ३०० वर्ष पहिलेदेखि वल्लभाचार्य संप्रदाय अर्थात् गोकुली गोस्वामीहरूको प्रधान स्थान भएको छ । यिनीहरूको मत जीवको

मोक्षको निमित्त शरीरलाई दुःख दिने काम अवश्य छैन, नाङ्गै भोकै एकान्तमा रहनाले मात्र ईश्वर मिल्दैनन् । सुखसित ऐश्वर्यमा रहेर पूजन गर्नाले ईश्वर मिल्दछन् भनी प्रतिदिन ८ फेर कृष्णाका बालमूर्तिको पूजा गर्छन् ।

महावनः–गोकुलबाट अन्दाजी एक मील टाढा महावन (पूरानू गोकुल) छ, यहाँ नन्दको महल छ, उहींनेर मुसलमानहरूले औरङ्गजेबका राज्यका बखतमा हिन्दू र बौद्ध मन्दिरहरूका असबाबले एक ठूलो मसजिद बनाएको छ । मथुरापुरीको विस्तार सङ्केतले गरिसकियो ।

प्रयाग (इलाहाबाद)

कलकत्ताबाट पश्चिम ५६४ मील, मुगलसराय जङ्क्शनबाट ९१ मील, विन्ध्याचलबाट ४६ मील, नयनी स्टेशनबाट ४ मील पर्छ; दिल्लीबाट ३९० मील, बम्बईबाट ८४४ मील पूर्व प्रयागतीर्थ छ । इलाहाबाद स्टेशनमा २ तले ठूलो धर्मशाला छ, नयनी उता ईलाहाबाद यता बीचमा ३२३५ फीट लामू १६ दरवाजा भएको तल मानिस बग्गी आदि हिंड्ने माथि रेल हिंड्ने ४४४६३०० रुपियाँ खर्ची बनाएको फलामको पुल छ, तीर्थहरूमा ५ सरकार अधिराज पुष्कर हुन् यावत् तीर्थहरूका राजा ३ सरकार महाराज प्रयागराज हुन् । (नेपालमा १९०८ वि० सं० देखि २००७ सम्म प्रधानमंत्री ३ सरकार भनिन्थे)

त्रिवेणीः-गङ्गा, यमुना, सरस्ती यी तीन नदीका सङ्गम हुनाले त्रिवेणी नाम रह्याको हो, हिमालयका गंगोत्तरी पाहडबाट निक्ली हरिद्वार फर्रुखा-

बाद, कन्नौज, कानपुर आदि शहरहरू पवित्र गर्दै यहाँ आई याताबाट पूर्व दक्षिण गएर १५०० मील बग्दै वा बहँदै अनेक धारा भै समुद्रमा मिली गङ्गासागर तीर्थ भएको छ, हिमालयका यमुनोत्तरी पहाडबाट निस्की ८६० मील बगी यहाँ गंगाजीमा मिलेकी छन् , सरस्वतीकोजल गुप्त छ, सङ्गममा गङ्गाको जल सेतो, यमुनाको जल नीलो अलग छुट्टिइन्छ, सङ्गम कहिले किलाका पासैमा हुन्छ। कहिले एक मील पूर्वतक गएको हुन्छ, प्रयागको मेला माघमा त्रिवेणीमा जम्दछ, विशेष औंसीमा स्नानको प्रधान मेला हुन्छ। मेलामा २५०००० मानिस साल-सालमा पुग्दछन्। १२ वर्षमा जब वृषराशिमा बृहस्पति हुन्छन्, तब यहाँ कुम्भयोगको ठूलो मेला हुन्छ, नाङ्गा साधु सन्त आदि यात्रीहरू १० लाखसम्म पुग्दछन्, धेरै मानिस माघ महीनाभर कल्पवास गर्दछन्, देवासुर संग्रामका स्थानदेखि देवताका गुरु बृहस्पती अमृतकुंड लिएर भाग्दा भागिरथी, त्रिवेणी, गोदावरी सिप्राका तटमा बृहस्पतिसितबाट दैत्यहरूले खोस्ता कुम्भदेखि अमृत छछल्किएर खसेको हुनाले कुम्भका बृहस्पतिमा हरिद्वार, वृषका बृहस्पतिमा प्रयाग, सिंहका बृहस्पतिमा नासिक (गोदावरी), वृश्चिकका बृहस्पतिमा उज्जैन आदिमा कुम्भयाग हुन्छ, यहाँ मुण्डनको बडो माहात्म्य छ, यात्रीहरू त्रिवेणीमा मुण्डन गराउँछन् । जो स्त्री मुण्डन गराउँदैनन् उसका अलिकति केश कैंचीले काटिदिन्छन्। जमा रउँ बिकी हुन्छ, पंडाहरूले १।१ चिह्नदार झण्डा गाडेका हुन्छन्। त्रिवेणीमा स्नान गरी गोदान

आदि गर्दछन् अनि (१) अलोपीदेवी, (२) दारानगरका १ मंदिरमा वेणीमाधव, (३) गंगाकिनारमा वासुकि। यहाँ नागपंचमीमा मेला पनि हुन्छ, (४) शहरनेर लिंगरूप भरद्वाज मुनि, भुवेरामा याज्ञवल्क मुनिको सानू मूर्ति छ, (५) यमुना-पार सोमनाथको मन्दिर छ, (६) दारानगरनेर गंगामा दशाश्वमेध तीर्थ छ, यहीं ब्रह्मेश्वर, शूलटंकेश्वर छन्।

अक्षयबटः—यात्रूहरू किल्लाका पूर्व फाटकबाट प्रवेश गर्दछन्। दक्षिणतिर अक्षयबट छ। पण्डाहरू दीया बाली जात्रू लान्छन्। ६५।६६ फीट पूर्व दक्षिणतरफ भित्र विना-पातको २ हाँगा भएको वर अक्षयबट छ। अक्षयबटको पूजा परिक्रमा अङ्कमाल यात्रीहरू गर्छन्। यहाँबाट दक्षिण २९ फीट अग्लो चिप्लो अशोक-स्तम्भमा राजा अशोकको लेख छ।

महाभारत वनपर्व ८४१ अ० मा जो पुरुष गङ्गा-यमुनाका सङ्गममा स्नान गर्दछन् ती १० अश्वमेध गरेको फल पाई कुलको उद्धार गर्दछन्।

मत्स्यपुराण १०५ अ० मा जो मानिस अक्षयबटका नजीकै प्राण छोड्दछ त्यो शिवलोकमा जान्छ, प्रलयकालमा शिवाज्ञाले १२ सूर्य उदाई जगत् भस्म हुन्छ, अक्षयबटको जरो भस्म हुनेछैन, चन्द्र सूर्य नष्ट भएका बखतमा यिनै बटवृक्षको बार-बार पूजा गरी विष्णु रहन्छन्। जो मनुष्य वासुकि नागदेखि उत्तर भोगवती पुरीका

दशाश्वमेध तीर्थमा अभिषेक मार्जन गर्नाले अश्वमेध यज्ञ गरेको फल मिल्दछ। १०६ अ० मा माघमा गङ्गा-यमुनाका सङ्गम प्रयाग तीर्थमा ६० हजार तीर्थ करोड नदी प्राप्त हुन्छन् भनी लेखेको छ।

पद्मपुराण (सृष्टिखंड अ० ८४) मा गङ्गा यमुनाले सरस्वतीसित भने कि आजदेखि पतिव्रता स्त्री यात्राका निमित्त प्रयागमा आएर पीठतक लामू चुल्ठो कटाई गई भने त्यो सौभाग्य पुत्र, पौत्र, आयु, धन, धान्यहरूले परिपूर्ण भै अन्त्यमा आफ्ना पतिले सहित वैकुंठमा वास गर्दछे भनी कहेको छ, ८६ अ०मा तीनै लोकमा प्रयाग स्नान मुख्य छ, स्नानभन्दा पनि मुण्डनै अधिक छ किनभने प्रयागमा १ फेर मुण्डन गर्नाले जो फल मिल्दछ सहस्र (हजार) फेर स्नान गर्नाले पनि मुण्डन बराबर फल हुन सक्तैन। सब अवस्थाका स्त्री पुरुष आदि सबैले मुण्डन गर्नुपर्दछ। प्राणीहरूका (रउँ) का फेदमा सम्पूर्ण पापहरू रहन्छन् यसकारण मुण्डन गर्नाले सब पाप नष्ट हुन्छन्। सुभगा स्त्रीले सबै केश फाल्न गाहारो माने अलक आदि छुरोले काटिदिनुपर्दछ, केही रउँ नखौरी हुँदैन। यो प्रयाग मण्डल ५ योजनको छ।

प० पु० स्वर्गखंड ५४ अ० मा—साढे तीन करोड तीर्थका राजा प्रयाग हुन्। माघमा सम्पूर्ण तीर्थ यहाँ जंमा हुन्छन् भनी लेखेको छ। प्रयागका भङ्गालामा फाल हाली मर्ने मानिस मुक्ति हुन्छ, जे मनमा चिताएर मरेको छ, उही हुन्छ भन्ने पनि छ।

किल्लाः—गङ्गा यमुनाका बीचमा यमुनाका बायाँ किनारामा पत्थरका पक्का दृढ अकब्बर शाहले सन् १५७५ ई० मा बनाएको हो। यसको गाहारो २० फीटदेखि २५ फीटतक अग्लो छ, यस भारी किल्लाभित्रका लडाइँका खजाना गोली गट्ठा आदि सामग्री र किल्लाको चमत्कार हेर्नें अधिकार पुगेकाले इलाहाबादमा आरडेनेकमीसरीबाट हुकूम ली हेर्न पाइन्छ, देखनलायकको दैवी कारखाना छ।

विन्ध्याचल

मुगलसरायबाट ४५ मील पर मिर्जापुर स्टेशनबाट ५ मील पर, विन्ध्याचल स्टेशनबाट १ मील पर मिर्जापुर जिलामा गङ्गाका दाहिने ठूलो बस्ती छ, यहाँ पंडैका घर ज्यादा छन्। ब्राह्मणहरू ५०० भन्दा अधिक छन्। यहाँ घर बनाउने पत्थरका सरजाम जाँता सिलौटा आदि पत्थरका चीज कटबाँसका लाठी-लहुरा छडी बाँसुरी मुरली ठूला चना चुनरी, नारा (सुत) (रक्षाबन्धन) इलाइचीदाना खैंजडी आदि उत्तम चीज पाइन्छ, काशीनरेशका र अमेटीका राजा ई २ राजाका बगैचा छन्, स्टेशनबाट पश्चिम नरहनका बाबूको धर्मशाला छ, पूर्व १ पक्का धर्मशाला छ। विन्ध्यवासिनी भगवतीको पुराणहरूमा २ नाउँ छन्—कात्यायनी र कौशिका। यी कौशिकाका मन्दिर बस्तीका भित्र पश्चिम मुखवाला छ, दक्षिण हिस्सामा काठका जङ्गला लागेको छ। खटाई खटाई आफ-आफना यजमान यात्री-

हरूलाई भित्र हुल्दछन्, सिंहमा चढेकी काली वर्ण भएकी २॥ (अढाई) हात अग्ली कौशिका देवी छन्, ७।८ घण्ट झुन्डाएका छन्। भगवतीका सामुन्ने जङ्गला-बाहिर भित्तामा अडेसा लागी कर्पूरतिलकादि पाठ गर्छन्। पण्डा नभै भित्र पस्न सकिंदैन। १ पण्डा शिखापर्यन्त लामू कटबाँसको लाठी ली ढोकामा १ गोडाको आडा दिई ४ पैसाको भाङ (बूटी) छानी (पिई) बसेको हुन्छ, पचासन जात्रूहरूले एकैचेटि धक्का दिंदा पनि ढोके पण्डाको १ रउँ हल्लँदैन, बडा बलिया हुन्छन्। मन्दिरमा २ ढोका छन्, प्रवेश गर्ने र बाहिरिने। पश्चिमवाला दलानमा ४।५ घण्ट ठूला-ठूला नेपाल महाराज, चीफ साहेबका नयाँ घंट समेत छन्।

भविष्यपुराण उत्तरार्द्ध ११ अ० मा जो पुरुप देवालयमा चँदुवा, चवर, छाता, घण्ट आदि चढाउँदछ ऊ चक्रवर्ती राजा हुन्छ भनी लेखेको छ, पश्चिम दलान-अगाडि बलिदान हुन्छ यहाँ रगतको हिलो बारै महीना हुन्छ, यहाँदेखि पश्चिम १२ हात भएकी देवी, परखोपडेश्वर छन्। दक्षिण १ मन्दिरमा महाकाली, उत्तर धर्मध्वजा छन्। मूल मन्दिरदेखि दक्षिणमा खुला मण्डप छ, मन्दिरदेखि अलिकति पर विन्ध्येश्वरको मन्दिर छ, समीपमा हनुमाननेर पण्डाहरू जात्रू वा यात्री सुफल गराउँदछन्। चैत्रका र आश्विनका नवरात्रमा जात्रूहरू बेठेकान हुन्छन्। डोरी टाँगी आसन हाली २॥ बजेदेखि चडीपाठ गर्नलाई ठाउं रोकी राखेका हुन्छन्। १ बित्ताभर पनि ठाउँ पाइँदैन, हजारन पाठ गर्ने हुन्छन्। यो बडो भारी पीठ

हो। भगवती, काली, अष्टभुजी ३ चंके भई बसेका हुनाले यी तिनैको दर्शन गर्दा ३ कुना पर्दछ, यसकारणले त्रिकोणयात्रा भन्दछन्, भगवती पार्वतीका शरीरबाट निक्लेकी यिनको नाम कात्यायनी, कौशिका, चण्डिका यी ३ नाम पुराणहरूमा छन्। काली-चण्ड मुण्डको र कौशिकीका युद्धमा कौशिकीका ललाटबाट निक्लेकी चामुण्डा हुन्। अष्टभुजी गोकुलमा नन्दका घर जन्मी कंसले पिटेर मारिदिन्छु भनी उफार्दा उफ्रेर आकाशमा गएकी यिनै हुन्।

त्रिकोणयात्राः—विन्ध्यवासिनी कौशिका देवी १ कोश दक्षिण पर्वत-मनि कालीखोह स्थानमा कालीकाको १ मन्दिर छ, कालिकाको सानू छोटा शरीरमा बहुतै ठूलो मुख छ, यहाँ कोही-कोही कालिकाको निंतिमा कुखुरा छोड्दछन्। यहाँबाट पर्वत चढ्दा १०८।९ सिंढी चढी माथि संथर रुखा पहाडबाट हिड्नुपर्दछ। कालीखोहबाट पश्चिमोत्तर २ कोश पर हरिया जङ्गलले भरिएका पाहाडमा अष्टभुजी देवीको मन्दिर छ, यस मंदिरबाट पूर्व २ कोश कच्ची सड़क हिंडेपछि उही स्थानमा पुगिन्छ, आधा बाटामा रामेश्वर छन्। उत्तर गङ्गाका तीरमा रामगयामा पिंडदान हुन्छ, यताबाट डेरामा गई यात्रा मात्र गराई हिंड्ने बेलामा पंडाजी भाइ छोराहरूले सहित मानिस हेरी चुनरी रक्षाबन्धन इलाइचीदाना रोरी फूल प्रसाद ली बिदाइ हुन आउंछन्। आफ्नू शक्तिले खातिर-अनुसार दक्षिणा दिई फर्कनुपर्दछ, ऐले वर्तमान (वि० १९७१ साल) दिनेश पण्डा लालमोहरिया बहुतै

असल, सन्तोषी बडा बलिया मोटा लायकका छन् । यहाँका सबभन्दा बलिया यिनै छन् । आजकाल केही बुढौतीका समीप हुँदा शान्त छन् । दिनमा ८ पैसाको भाङ (बुटी) छानी खूब मस्तमा रहन्छन् ।

मत्स्यपुराण—(१५४ अ० देखि १५६ तक) मा कोही बखतमा शिवजीले पार्वतीलाई नराम्री भनी काली भनेछन्, पार्वतीले आफू गोरो छु भनी आर्कालाई काली भन्ने भनी रिसाएर आफ्ना बाबा हिमालय पर्वतका विहार गर्ने वनमा गई ब्रह्माजीको कठोर तप गर्दा ब्रह्मा खुशी भई वर माँग भन्दा पार्वतीले मेरो शरीर कञ्चन वर्ण होस् भनी माग्दा ब्रह्माले हुन्छ भनिदिनेबित्तिकै कांचन सुनका जस्तो वर्ण भैगो, अघिबाटको नीलो छाला भएको क्रोधले जो सिंह निक्ल्यो उही तिम्रो वाहन हुनेछ, तिम्रा ध्वजामा पनि उही रहनेछ, तिमी विंध्याचलमा गई देवताहरूको कार्य गन सकौली भन्दा कौशिका विन्ध्याचलमा गइन्, पार्वती अब को राम्रो ? भन्दै शिवका समीपमा गइन् भन्ने कथा छ ।

वामनपुराण (५४ अ० देखि ५६ अध्यायतक) पावतीको नाम पहिले काली थियो, रूप पनि कालो थियो । १ दिन महादेवले हे कालि ! अर्थात् एः कालि ! भनी उग्र वचन गरी बोलाउँदा काली जुरुक्क उठेर सरासर माइत हिमालय पर्वतमा गई ब्रह्माको मन्त्र जपी १००वर्ष पर्यन्त तप गरिन् तब ब्रह्मा खुशी भै के माग्दछयौ भन्दा

कालीले मेरो वर्ण सुवर्ण जस्तो होस् भन्दा 'तथास्तु' भनी ब्रह्माजी गए, पार्वतीले कालो वर्ण त्याग गरी कमलका केशर जस्तो अर्थात् बुको सुनका जस्तो स्वरूप लिइन् , कालो स्वरूप (कृष्णकोश) बाट कात्यायनी नाम गरेकी देवी उत्पन्न भइन् , जसलाई कौशिकी पनि भन्दछन्। गिरिजा (पार्वती) ले कौशिकी इन्द्रलाई दिइन् , इन्द्रले कौशिकी लाई ली विंध्याचलमा राखी हे कौशिकि ! तिमी यहाँ बस तिमीलाई विंध्यवासिनी भन्नेछन् । तिमीलाई सिंह वाहन लेऊ भनी सिंह दी कात्यायनीलाई राखी इन्द्र गए, यिनै कात्यायनी देवीले चण्ड मुण्ड दैत्यलाई मारी देवताहरूसित भनिन् कि म फेरि नन्द यशोदामा उत्पन्न भै कंसको निरादर गर्नेछु. पार्वती ब्रह्मासित वर माँगी मन्दराचल पर्वतमा अब को राम्रो भन्दै महादेवका समीपमा गइन् भन्ने कथा छ। धेरै पुराणहरूमा विन्ध्यवासिनीको माहात्म्य छ ॥

गयाजी

बाँकीपुरबाट ८ मील दक्षिण पुनपुन गाउँको स्टेशनबाट आधा मील उत्तर पुनपुन नदी बग्दछ, यहाँ कपाल खौरी स्नान गरी बालुवाका वेदीमा पिण्डदान गरी रेल चढी जान्छन् ।

हनुमान् ढोकाबाट १२७ कोश, रक्सौलबाट ९५ कोश छ, बाँकीपुर जङ्क्शनबाट २८॥ कोश दक्षिण, पुनपुनबाट २४॥ कोश गयास्टेशन पर्दछ, गयास्टेशनबाट १॥ मील पूर्वोत्तर पुरानू गयाको उत्तर फाटक २ मील फल्गुका बायाँ विष्णुपदको मंदिर छ, स्टेशन-

मा नेपाली लालमोहरिया पण्डा लिन आउँछन्, आफ्ना घरमा वा ठाउँ खोजी राख्दछन्। पुरानू गया माने खास शहरमा गयावाला रहन्छन्। फल्गु नदीका पश्चिम-किनारमा उत्तरदेखि दक्षिण पौने मील लामू पूर्वदेखि पश्चिम आधा मील चाक्लो छ, यसका चारै दिशामा ४ ढोका छन्। घर पुराना ढाँचाका ४।५ तले सम्म छन्, फल्गुका किनारामा ब्रह्मनीघाट, बेबुआघाट, गायत्रीघाट, सोमरघाट, जिह्वालोल गदाधर घाट आदि छन्। भारतवर्षको प्रधान गया श्राद्ध छ, हरबखत जात्रुहरू पुग्दछन्।

श्राद्धको विधि र स्थान:—

(१) पूर्णिमाका दिन १ वेदीमा खीरको पिण्डदान र तर्पण, पण्डाको पाउपूजा हुन्छ, वर्षाकालदेखि भिन्न अरू अरू ऋतुमा फल्गु नदीमा पानी हुँदैन, किन्तु ४ अंगुल खोस्रँदैमा निर्मल पानी निक्लन्छ, बडो अचम्भ छ।

(२) कृष्णपक्षका प्रतिपदाका दिन ५ वेदीमा पिण्डदान गर्नुपर्दछ; रामशिला, रामकुण्ड, प्रेतशिला, ब्रह्मकुण्ड, काकवली, विष्णुपदबाट रामशिला १ कोश साहेब गञ्जनेर पर्दछ २०।२१ सिंढीमाथि टेकारीकी रानीले बनाएको १ बहुतै सुन्दर रामजीको मंदिर छ, मंदिरका दक्षिण १ धर्मशाला छ। काकवलीमा ३ पिण्ड दिन्छन्, काकवली, यमवली श्वानवली, यस दिन प्रतिवेदीको ब्राह्मण १ रुपियाँ लिन्छन्। यस दिन ज्यादा परिश्रम हुन्छ।

(३) कृष्णपक्षका द्वितीयाका दिन उत्तरमानस, उदीची, कन-

खल, दक्षिणमानस, जिह्वालोल, यी ५ वेदीहरूमा पिण्डदान गर्नुपर्दछ। यिनलाई पंचतीर्थ भन्दछन् । विष्णुपदबाट १ मील पर उत्तर मानस छ । यहाँ धर्मशाला र शिखरदार मंदिर उत्तरार्क, शीतला, पितामहेश्वर छन् । मानसमा पिण्डदान गरी नबोलीकन (मौन) भएर सूर्यकुण्डमा जान्छन् । पञ्चतीर्थीमा पिण्ड दिइसकेपछि पञ्चामृतले चतुर्भुजी मूर्तिको स्नान गराउनुपर्छ । अलि पर मंदिरमा दुइ हात अग्ली गायत्री देवीको अष्टभुजी मूर्ति छ ।

(४) कृष्ण तृतीयाका दिन ३ वेदीमा पिण्डदान हुन्छ। मातङ्गवापी, धर्मारण्य, बौद्धगया। गयाबाट बौद्धगया तीन कोश दक्षिण पर्छ। सरस्वती नदीमा स्नान तर्पण गरी सरस्वतीको दर्शन हुन्छ। यसतिर बौद्धमूर्तिहरू धेरै देखिन्छन् , यहाँबाट १ मील दक्षिण मतङ्गवासामा पिण्डदान मतङ्गेश्वरको दर्शन गरी पाउ मील धर्मारण्य स्थानमा पिण्डदान गरी पिण्डहरू कूपमा हालिदिन्छन् । अलिक पर धर्मराज (युधिष्ठिर) को १ मंदिरदेखि दक्षिण रहट कूपमा कोही-कोही पुत्रकामनाका निंति पिण्डदान गर्छन् । नरिवल आदिले कूपको पूजा गर्छन्। धर्मारण्यबाट १ मील बढ्ता पश्चिम बौद्धगयाको प्रसिद्ध मंदिर देख्नलायक छ। मंदिरका उत्तर पीपलका रूखनेर पिण्डदान गर्दछन् । बौद्धगयाका मंदिरको तस्वीर खिंची यूरोप (टापू) तिर लाखौं गएका छन्, जाँदै छन् ।

(५) कृष्णपक्षका चतुर्थीका दिन २ वेदीमा पिण्डदान हुन्छ,

ब्रह्मसरोवर, काकवलि, गयाका दक्षिण फाटकदेखि ३५० गज वैतरणी तलाउदेखि ६५ गज दक्षिण सडकका पश्चिम किनारामा १२५ गज लामू ९० गज चाक्लो ब्रह्मसरोवर तलाउ छ। यहाँ स्नान तर्पण पिण्डदान तलाउको परिक्रमा हुन्छ। अलिकति पर बटवृक्षनेर काकवलि, यमवलि, श्वानवलि ३ पिण्ड दिनुपर्छ। पिण्डहरू लिए वटवृक्षका पूर्वोत्तर कुनानेर ४ पाटे कुण्डमा सेलाउँदछन्। पर-तारक ब्रह्मको दर्शन ब्रह्मसरोवरदेखि १२९ गज पश्चिम केराघारीका बीचका चौतरामा १ गज अग्लो पुरानू आँपका रूखलाई जात्रूहरू पानी छर्केर जान्थे अव गिऱ्यो (ढलेको छ)।

(६) कृष्णपक्षका पंचमीका दिन ३ वेदीमा खिरका पिंड दिनुपर्दछ। रुद्रपद, विष्णुपद, ब्रह्मपद, १६ वेदीवाला मण्डपमा रुद्रपदनेर विष्णुपद छ। विष्णुपादुकाको माने विष्णुपदको मंदिर १६ वेदीवाला मण्डप इन्दौरकी महारानी अहल्याबाईले बनाएको हो, जसको शासन सन् १७६५बाट सन् १७९५ ई०तक थियो। विष्णुपदको मंदिर गया शहरबाट दक्षिण पूर्व फल्गु नदीनेर गयाका सब मंदिरभन्दा उत्तम विशाल काला उत्तम पत्थरको पूर्व मुख भएको दर्शनीय विष्णुपदको दिव्य मंदिर छ। गजूर ध्वजाको स्तंम्भ सुनौला छ। द्वारमा चाँदीका पत्ता लागेको छ। माझमा पत्थरका विष्णुका चरण (पाइला) २ छन्। ओरिपरि चारैतरि हौदामा चाँदीका पाता जडेको छ, मंदिरका अगाडि १८ गज लामू १७ गज चाक्लो ४२ सुंदर स्तम्भ (थाम) लागेको काला पत्थरको गुम्बजदार उत्तम

जगमोहन छ। गुम्बजका माथि सुनौला कलश छ, मन्तिर ठूलो घण्ट छ। १ कोठरीमा कनकेश्वर छन्, शिवका अगाडि मार्बुलको जगमोहन छ, अगाडि ४ थाम मिलाई बनाएको साना मण्डपमा भारी घण्ट छ। यहींनेर १ कोठामा गरुडको मूर्ति छ। सोह वेदीका मण्डपका मोहन पूर्व दक्षिण कुनानेर ३७ चारकुने स्तम्भ लागेका काला पत्थरले बनेको छ। वेदी-वेदीका स्तम्भ-स्तम्भहरूमा वेदीका नाम लेखिएका छन्।

७।८।९। कृष्णपक्ष षष्ठीदेखि अष्टमीतक ३ दिनमा १६ वेदीमा पिण्डदान दिनुपर्छ। नदीका नाम—(१) कार्तिकपद, (२) दक्षिणाग्नि, (३) गार्हपत्याग्नि, (४) आहवनीयाग्नि, (५) सूर्यपद, (६) चन्द्रपद, (७) गणेशपद, (८) सभ्याग्निपद, (९) अवस्थाग्निपद (१०) दधीचपद, (११) कण्वपद, (१२) मातङ्गपद, (१३) क्रौञ्चपद, (१४) इन्द्रपद, (१५) अगस्त्यपद, (१६) काश्यपपद। अष्टमीका दिन यहीं गजकर्णपदमा दूधले तर्पण दिन्छन्। पर्वमा बर्ता घुइँचो हुँदा मण्डपमा वा अन्य स्थानमा वेदी मानी पिण्ड दिन्छन्। विष्णुपदबाट दक्षिण गयाका पण्डा बिहारीलाल मेहरवारले बनाएका जगन्नाथका मंदिरबाट दक्षिण-पश्चिम धर्मशाला छ। मंदिरदेखि उत्तर १ सानू मंदिरमा नारायणका बायाँ लक्ष्मी, दाहिने अहिल्याबाईको तीनै मूर्ति मार्बलका बनेका छन्।

(१०) कृष्णपक्षका नवमी तिथिका दिन दुइ वेदीमा पिण्डदान

दिन्छन् । रामगया र सीताकुण्डमा पछिल्ला स्थानमा माता आदिलाई बालुवाका तीन पिण्ड दिनुपर्छ । यहाँ सौभाग्य दान हुन्छ । सीताकुंड रामगया विष्णुपदका मंदिरका सामुन्ने पूर्व फल्गु नदी पार किनारालाई सीताकुंड भन्दछन् । नागकूट पर्वतनेर ४।५ सीढीमाथि १ सानू मंदिरमा जानकीजीले दशरथजीलाई पिण्ड दिंदा दशरथले हात पसारेको छ । यहाँ १ अर्को मंदिरमा राम, लक्ष्मण, जानकीको मूर्ति उत्तम छ । एक नयाँ शिवमंदिर छ । शूकर भगवान्‌को मूर्ति त्यहींनेर छ । सीताजीको मंदिरदेखि पूर्व एक सानू मंदिरमा देवता छन् । यसका पूर्व मंदिरमा नृसिंह, दाहिने महावीर, बायाँ सूर्य–३ मार्बलका प्रतिमा छन् । यहाँदेखि पूर्व राम, लक्ष्मण, जानकी छन्, यहाँ काष्ठमय जगन्नाथजीका मूर्तिहरू छन् । पर पुराना राम जानकीका मूर्ति-अगाडि भूमिमा शिला निक्लेकी छन्, यही भरताश्रमको वेदी भन्दछन् । उसै स्थानमा रामगयाको पिण्डदान हुन्छ, यहीं मातंग ऋषिका चरण चिह्न बनाएको छ ।

(११) कृष्णपक्षका १०मी का दिन गयाशिरमा र गयाकूपनेर वेदीमा पिण्डदान हुन्छ, विष्णुपददेखि १०० गज अन्दाजी दक्षिण पश्चिम गया शिरदेखि पश्चिम गयाकूप छ । कोही कोही यात्री अकाल मृत्युदेखि मर्ने प्रेतलाई नरिवलमा आवाहन गरी कूपमा छोडिदिन्छन् । छोडेको १ रुपियाँ दिनुपर्दछ, पिण्ड उठाई गयाकूपका पाटनमा हालिदिन्छन् ।

(१२) कृष्णपक्षका ११ तिथिमा ३ वेदीमा पिण्डदान दिनु-

पर्दछ। मुण्डपृष्ठा, आदिगया, धौतपद यहाँ खोवा (कुराउनी), गुड (सखर) तिल, सिंगहाडा आदिका फलाहारी पीठाका पिंड दिन्छन्, मुण्डपृष्ठा गयाका कूपदेखि अन्दाजी ५० गज पश्चिम अग्ला जमीनको १ कोठरीमा १२ भुजावाली मुण्डपृष्ठा देवी छन्। मन्दिरका ओरिपरि पिंडदान हुन्छ, आदिगया मुण्डपृष्ठाबाट दक्षिण पश्चिम पर्दछ, यहाँ शिलामा पिंडदान हुन्छ, अलिक पर १ कोठरी-भित्र ५ धौतपद आदिगयाबाट नैर्ऋत्य ३ हात लामू, १ हात चाक्लो शिला पृथ्वीमा निक्लेको छ, यहाँ पिण्डदान हुन्छ, गयाका आसपास पिण्ड दिन्छन्।

(१३) कृष्णपक्षका १२ शी तिथिमा ३ वेदीमा पिण्डदान दिनुपर्दछ, भीमगया, गोपचार, गदालौल। वैतरणीका वायव्य कुनादेखि ८० पश्चिम भीमगया छ, यहाँ १ घेराभित्र शिलामा पिंडदान हुन्छ, यहाँ ३ हात गहिरो भीमका औंलाको चिन्ह छ। दक्षिण कोठरीमा भीमसेनको मूर्ति छ, पर भस्मकूटमा जनार्दन भगवान्को मंदिर छ, नैर्ऋत्य-तरफ मंगला देवीको मंदिर छ, भित्रै मंगलेश्वर छन्, यहाँ बौद्धमूर्ति धेरै छन्, १ धर्मशाला पनि छ। गदालोल अक्षयवटदेखि दक्षिण गदालोल कच्चा तलाउ छ, पानी सर्वत्र रहँदैन, यसका उत्तर किनारामा साना २ धर्मशाला छन्, नैर्ऋत्य हिस्साका जलमा पतला छोटो खंभाका समान गदा खडा छ, जात्रूहरू धर्मशालामा पिण्डदान गरी गदाको दर्शन गर्दछन्।

(१४) कृष्णपक्षका त्रयोदशीका दिन फल्गु नदीमा स्नान,

दूधको तर्पण गरी सन्ध्याकालमा ४१ वेदीका ४५ दीपदान फल्गुका किनारा आदिमा वा विष्णुपद आदि मंदिरमा गर्दछन् ।

(१५) कृष्णपक्षका १४शी तिथिमा वैतरणी तर्पण गोदानको विधि छ । गयाका दक्षिण फाटकदेखि १३० गज दक्षिण वैतरणी नामक १३० गज लामू यसको आधा चाक्लो पश्चिम भएको तलाउ छ ।

(१६) सोह्रौं अमावस्या (औंसी) का दिन अक्षयवटमा पिण्डदान गर्नुपर्दछ । यहाँ पंडाहरू सुफल दिन्छन् । सक्नेले शय्यादान पनि गर्दछन् । अक्षयवट ब्रह्मसरोवरदेखि २५० गज पश्चिम, मङ्गलादेवीबाट २०० गज नैर्ऋत्य गदालोलदेखि उत्तर अक्षयवट नामक १ वरको रूख छ । १८।१९ सिंढी नाघेपछि ३० गज लामू २८ गज चाक्लो पत्थरको फर्समा अक्षयवट छ । उत्तरतिर वटेश्वरको सानू मंदिर छ । यसका पश्चिमोत्तर कुनानेर दक्षिण मुख भएको दलान खूब राम्रो छ । यहाँ फर्स, दलान, बैठकादिहरू छन् । अक्षयवटदेखि पश्चिम रुक्मिणी तलाउ उत्तर वृद्ध प्रपितामहेश्वरको मंदिर छ ।

गयाको श्राद्ध-विधि

पूर्णिमादेखि अमावास्यातक १६ दिनसम्ममा ४५ वेदीहरूमा पिण्ड दी समाप्त गर्नुपर्दछ । सीताकुण्डको नयाँ वेदी लिएर ४६

वेदी हुन्छन् । यी कहिएका दिनबाहेक पनि कोही कोही गर्छन् । कोही मुख्य मुख्य वेदीमा पिण्डदान गरी जान्छन् । मुख्य पिण्ड दिने समय आश्विन वदी नै हो । दिने रकम–पितृ, पितामह, प्रपितामह; मातृ, पितामही, प्रपितामही; मातामह, प्रमातामह वृद्धप्रमातामह; मातःसही, प्रमातामही, वृद्धप्रमातामही । यी बाह्र जनाहरूलाई दीकन स्वास्नी, छोरा-छोरी, जेठाबा, कान्छाबा, साहिलीआमा आदि अनि मामा, माइजू अनिखेर आफ्ना दाज्यू-भाइ, भाउज्यू, बुहारी वहाँपछि फुपू, आमाकी बहिनी (सानीमा), आफ्ना बहिनीका पति छैनन् भने सापत्नी लोग्ने भएका सधवा इत्यादि वचन पारीकन अनि शाशू , श्वसुरा, गुरु, शिष्य, दुःख पाएका आप्त, गाई आदि पशु-पक्षिहरूलाई दिनुपर्दछ । हे गोरखाली महाशय हो ! सक्नेले पितृका नामको कागज र ४५ वेदीको संकल्पादि भएको गयाश्राद्ध पद्धति, भारी शुद्ध कवि शिखरनाथले छपाएको पुस्तक १, यो शिखरनाथभाष्यको पुस्तक १, तीर्थश्राद्धको पुस्तक १, आफ्ना पुरोहित पंडित १ लीकन जानु बहुते ३ उत्तम हो, किनभने मतलबी व्याकरण नपढेका पण्डाहरूले भाषाले भट्ट्याएर गरेको श्राद्धमा खर्च मात्र हुन्छ श्राद्धको सुफल हुन सक्नैन । फल्गु कुल्चेको र गदाधरजीको दर्शन गरेको फल मात्र हुन्छ, पण्डाहरू भाषा-क्रिया बोल्छन् । पैसातिर दीठ, कर्मतिर पीठ गर्दछन् । शास्त्रमा 'पितरो वाक्यमिच्छन्ति' आदि कठिन कठिन कुरा लेखेको छ । सामग्री परिपरि भरिभराउ पारेको ता छ, कर्म अशुभ भयो भने के काम लाग्यो ? एक पैसाको बतासा मात्र नैवेद्य

राखी वचन कर्म शुद्ध भएको छ भने अनन्त फल हुन जान्छ। तसर्थ हाम्रो रत्नावलीको गयाश्राद्ध पद्धति बहुतै उत्तम छ। सूत्रहरू हेरी हेरी बनाएको छ। जुन तीर्थमा गयो उहींका रकमले श्राद्ध गर्नु भनेको अर्थ गयामा तीर्थश्राद्धादिका पद्धतिहरूले नगरोस्। गया-श्राद्धका पद्धतिले नै संस्कृतबाट शुद्ध गरी गर्नू भनेको हो। 'नानी तिलोदकं तस्मै स्वदा, परनानी तिलोदकं तस्मै स्वदा' भनी गरेका तर्पणको फल कसोरी हुन्छ ?—"अद्येह अमुकगोत्रास्मत् मातामही अमुकी देवी रुद्रस्वरूपा तृप्यतामिदं तिलोदकं तस्यै स्वधा" भन्दाखेरिमा ता अशुद्ध हुन्छ भने मातामही प्रमातामहीका स्थानमा नानी परनानी भनेर पूरा फल कसोरी हुन्छ ? ५९।६० तल्ला १०।१२ जनालाई लहरै राखी यौटाले भट्याउँछ। कसैका पिंड थोरै हुन्छन्। कसैका पिंड धेरै हुन्छन्। 'माँ बाफका नामसे दे देवो' भन्छन्। कस-कसलाई दिने हो अलमल्ल परी गोठालाहरूले मट्याङ्राको हान्ने जोल की बिजोल खेलेजस्तो हुन्छ, सावगास छैन आफ्नू ढंग पनि छैन भने पाप धर्म तिमीलाई राम्ररी गरिदेऊ भनी यो श्लोक संझनू। मूर्खो वदति विष्णाय धीरो वदति विष्णवे। गदाधराय नमः। भन्नू दोष (स) लाग्दैन। श्राद्ध गर्न बड्डो गाहारो छ। त्यतिको खर्च लाएर आएपछि भक्तिसित हत्पत नगरी नरिसाई नझर्की शुद्ध सेतो वा पीताम्बर धोती फेरी; पवित्र, केही नमिसिएको रउँ नपरेको आफ्ना घरको चालेका जौका पीठाले, बिनेका काला तिलले, कपट नभएका महले, गाईको घ्यू दूध दही, कुशेऔंसीमा उखेलेका कुश आदिले कर्मकाण्डी पण्डित-

का वाक्यले पत्नीले पिण्ड बाटी पत्नीका हातदेखि पिण्ड ली बाम घुंडो मारी, घुंडाभित्र हात पारी, अपसव्यले यस्ता रीतले सपत्नी भै गयामा पिण्ड दिने भक्तिमान् छोरो कहलाउँछ, आफू भने घ्यू दूध आदि चीजबीज असल शुद्ध जाँची जाँची रोज रोज खान्छ, गयाश्राद्ध आदिमा बाबू आदि पितृहरूको पिण्ड दिंदा १ पैसाको जौको पीठोले, अघेलाका तिल जौ महले, धूप फोसाले, श्रीखण्ड चन्दनले, २ पैसाको कपूर केसरी २ थोक भए हुन्छन्, १ पैसाका दूध दहीले, २ पैसाको पिण्डलाई वस्त्रले, यतिको किनेका ठाउँमा साना साना २ सुपारी फोसाले, घ्यू भान्साका सराजामबाट झिके हुन्छ। यति थोक तयार गर्नू; म झट्ट तुहाई सट्ट एकछिनमा श्राद्ध गर्दछु। हिजोदेखि खाएको छैन। आज राम्ररी खानु पर्दछ। भान्सालाई असल असल पदार्थ बनाउनू। जे जे चाहिन्छ किन्नू भन्ने छोरो जो हो कुपुत्र भन्नू यही हो। दशैंमा स्वास्नीलाई २० हाते वा ४० हाते या ६० हाते फरिया, ६ रुपियाँको खसी, स्वास्नी सुत्केरी हुँदा ८ पियाँको खसी भकुर्नें; बाबुका श्राद्धमा चाहिं मन दुखाउने, गयाश्राद्ध नगर्नें छोरो मुर्दा (मोरो) हो भनी जान्नू।

(१७) दिनका शुक्लपक्ष परेवाका दिन गायत्रीघाटमा दध्यक्षताको पिण्डदान दिनू अनि पछि गयाश्राद्ध समाप्त हुन्छ, शास्त्रोक्त रीति अनुसार यही हो, विष्णुपदबाट आधा मील उत्तर फल्गु नदीमा गायत्रीघाट तलदेखि माथिसम्म ६८ सिंढी-मध्य ११ सिंढी माथि गायत्रीदेवीको सानू मंदिर छ, उत्तरतिर पर लक्ष्मीनारायणको मंदिर

छ, अनि घाटमा फल्ग्वीश्वर छन्, दक्षिणातिर दोस्रो मंदिरमा चतुर्बाहु सूर्य गयादित्य छन। विष्णुपददेखि दक्षिण ३३१ गज पर लखनपुरामा १ कोठाभित्र भैरव, सिंहसहित संकटादेवी ४ भुजा भएकी छन्, १ कोठामा प्रपितामहेश्वर शिवलिंग छन्। गृध्रकूट पर्वत पश्चिम मूधेश्वर, ऋणमोचनेश्वर, पापमोचनेश्वर, गोदावरी तलाउ, गणेशजी आदि छन्, अक्षयवट पश्चिम सिंढीबाट पर्वत चढी उत्रेपछि गाईमा चढेकी ५ मुख भएकी सावित्री देवी र सावित्रीकुंड छ, पर विष्णुकुंड, ब्रह्म योनि आदि छन्, यहाँ कोही जात्रुहरू आउँदछन्।

पद्मपुराण—(सृष्टिखण्ड ११ अ०) मा गयामा पितृहरूका निमित्त विष्णुपद बराबर अरू छैनन्, यहाँ आश्विन कृष्णमा पिंडदान जलदान गर्नाले प्रेतयोनिमा प्राप्त भएका पिता, पितामह, प्रपितामह आदि पनि तुरुन्त प्रेतयोनिमा प्राप्त भएका पिता, पितामह, प्रपितामह आदि पनि तुरन्त ब्रह्मलोकमा जान्छन्, पुनपुन नदीका तीरमा पनि गयातीर्थ छ, श्राद्धका विषयमा गयाका समान कोही तीर्थ छैनन्, स्वर्गखण्ड २० अ० मा आश्विन कृष्णपक्षमा श्राद्ध-गर्नू, चाहे कन्याका सूर्य हुन्, चाहे नहुन्, कन्याका सूर्य हुँदैमा जो १६ दिन हुन्छ सो यज्ञहरूका बराबर हुन्छ, महापुण्य दिने काम्य श्राद्ध गर्नू, कन्याका सूर्यमा श्राद्ध गर्न सकेन भने तुलाका सूर्यमा कृष्णपक्षका १६ दिनमा गर्नू किनभने सब कन्या तुलाराशिहरूका

सूर्यमा १६ दिनमा श्राद्ध भएन भने वृश्चिकका सूर्य हुँदा पितृहरू निराश भएर जान्छन् ।

देवीभागवत नवमस्कन्ध ४४ अ० मा सृष्टिका आदिमा ब्रह्माजीले ७ पितृगण उत्पन्न गरेर श्राद्ध तर्पण आहार गरिदिए (सौर पुराण ६७ अ०) मा अत्यन्त गुप्त गया तीर्थमा भगवान् महादेवका चरण-चिन्ह मुख्य छन् , त्यहाँ पिंडदान गर्नाले पितृहरूको अक्षय तृप्ति हुन्छ, मनुष्य महानदीमा अर्थात् फल्गु नदीमा नुहाएर रुद्रपदलाई स्पर्श गर्नाले (छुनाले) आफ्ना पितृले सहित शिवलोकमा वास हुन्छ ।

मत्स्यपुराण २२ अ० मा पितृतीर्थहरूमाको उत्तर प्रख्यात गया छ ।

ब्रह्मवैवर्त—(कृष्णजन्मखण्ड ७६ अ०) मा जो मनुष्य गयाका विष्णुपदमा पिण्डदान विष्णुको पूजा गर्दछ त्यो पितृगणको र आफ्नू उद्‌धार गर्दछ भनी लेखेको छ ।

कूर्मपुराण (३४ अ०) मा परम गुप्त गया तीर्थमा श्राद्‌धादि कर्म गर्नाले पितृहरूले फेरि पृथिवीमा पुनरागमन गर्नुपर्दैन, ब्रह्माजीले जगत्का हितका निंति तीर्थ-शिलामा चरणांकित गरेको छ, पितृगणहरू छोरा नाति उत्पन्न भएको देख्दा प्रसन्न भएर भन्छन् कि हामी सवैलाई तार्ने हाम्रा वंशमा पैदा भए कोही वखतमा गया गएर हामीलाई तारी परमपद दिनेछन् । कोही पुत्र गयामा गएर पिण्ड-

दानादि कर्म गरयो भने पितृगणहरूलाई स्वर्गवास हुन्छ भनी लेखेको छ।

शंखस्मृति—(१४ अ०) मा गयामा गएर पितृका निमित्त केही दिएको अक्षय हुन्छ। गयातीरको दान अक्षय हुन्छ भनी लेखेको छ।

लिखितस्मृति (१० देखि १३ तक)—जो पुत्र गयामा गएर अश्वमेधयज्ञ गर्दछ अथवा नीलवृषोत्सर्ग गर्दछ उही सुपुत्र जसका नामले पिण्डदान गरेको छ ऊ यदि नरकमा भए स्वर्गमा पुग्छ भनी लेखेको छ।

याज्ञवल्क्यस्मृतिमा गयाप्रकरणमा गयातीर्थमा भाद्रवदीका त्रयोदशी विशेष गरेर मघायुक्त त्रयोदशीमा पिंडदान दिनाले निस्संदेह अनन्तकालसम्म पितृहरूको तृप्ति हुन्छ। वसु, रुद्र, अदितिसुत यी श्राद्धका देवता हुन्। यी तृप्त भएर पितृहरूलाई मनुष्यहरूलाई तृप्त गरिदिन्छन्। जब पितृहरू तृप्त हुन्छन् तब मनुष्यहरूलाई आयु, धन, स्वर्ग, मोक्ष, सुख र राज्य दिन्छन् भनी लेखेको छ।

महाभारत—(वनपर्व ८४ अ०) मा गयामा जानाले अश्वमेधको फल मिली कुलको उद्धार हुन्छ। तहाँ ३ लोकमा प्रख्यात अक्षयवट छ। (८७ अ०) मा चाहे अश्वमेध गरोस्, चाहे काला रङ्गको साँढे छोडोस्, चाहे गयामा मात्र जाओस् तीनै कर्मको यही फल हो। १० अगाडि १० पछाडि पींढीको उद्धार हुन्छ भन्ने कथाहरू छन्।

अनुशासनपर्व २५ अ० मा गयाका अन्तर्गत आश्रमतीर्थमा स्नान गर्नाले पहिला ब्रह्महत्या, निरबिन्द पर्वतमा दोस्रो ब्रह्महत्या, क्रौंचनदीमा स्नान गर्नाले तेस्रो ब्रह्महत्या छुटिजान्छ। (८८ अ०) मा धेरै छोरा भए कोही न कोही छोराले गयाश्राद्ध गरून् यहाँ परलोक प्रख्यात अक्षयबट छ भनी पितृहरू घोकना गरिरहन्छन्।

वाल्मीकि रामायण (अयोध्याकांड १०७ सर्ग) मा गय नामका एक यशस्वी पुरुषले जो गया प्रदेशमा यज्ञ गर्दथे पितृहरूसित यो वाक्य गरे कि धेरै छोराहरूमा एक छोरा गयामा गयो भने पितृहरूको उद्धार गर्दछ भनी लेखेको छ।

लिंगपुराण—(६५ अ०) मा सूर्यका पुत्र मनुका सुद्युम्न नामका ३ पुत्र थिए जो स्त्री भएका बखतमा इला नाम थियो, सुद्युम्नका ३ पुत्र भए–उत्कल, गय, विनताश्व। यिनमा गयका नामले गया बसाए भन्ने कथा छ।

वामनपुराण - (७६ अ०) मा जहाँ गय राजाले १०० फेर अश्वमेध यज्ञ सैकडौं हजारौं फेर मनुष्यमेध यज्ञ गरे, जहाँ मुरारि भगवान् गदाधर नामले प्रसिद्ध होइबक्सेको छ। उही गया तीर्थ हो। (९० अ०) मा वामनजीले गयामा गोपति देव, ईश्वर, त्रैलोक्यनाथ, वरद गदापाणि यी मेरा रूप हुन्, भन्नुभयो भन्ने कथा छ।

वायुपुराण—(४३ अ०) मा ब्रह्मज्ञान, गयाश्राद्ध, गोगृहको मरण, कुरुक्षेत्रका निवासले मनुष्यको अवश्य मुक्ति हुन्छ । गयामा श्राद्ध गर्नु बहुतै बढिया छ । सिंहराशिमा बृहस्पति हुँदा सम्पूर्ण तीर्थ गौतम क्षेत्रमा बस्तछन् । यस अर्थले सिंहस्थ बृहस्पतिमा तीर्थादि कर्म गर्न निषेध छ (हुँदैन), परन्तु उस समयमा पनि गयामा पिण्डदान गर्न हुन्छ । गयाश्राद्धका पिण्डदानादि तीर्थ गर्ने पुरुषको अकालमृत्यु भए तापनि प्रेत हुनुपर्दैन । गयाक्षेत्रमा मर्ने मानिसको बिनाब्रह्मज्ञानले मुक्ति हुन्छ । २ कोशतक गया, ५ कोशतक गयाक्षेत्र, १ कोश गयाशिर छ । यिनका माझमा सम्पूर्ण तीर्थहरू वास गर्छन् । गयाशिरमा पिण्डदान गर्नाले १०० कुलको उद्धार हुन्छ । गयामा खीरले, सत्तूले, जौका पीठाले चामलले फलमूलादिले पिण्डदान गर्नु बहुतै उत्तम छ । मधु, घृत, तिलहरूले संयुक्त हविष्यान्नादिले पिण्डदान दिनाले पितृगणहरूको अक्षय तृप्ति हुन्छ । वैतरणी नदीमा स्नान गरेर गोदान गर्नाले ७ (सात) पींढीतकको उद्धार हुन्छ । चैत्र, वैशाख, आश्विन, फाल्गुणमा गयापिण्डदान दुर्लभ छ भनी लेखेको छ ।

वा. पु.(४४अ०) मा गयासुरले कैयौं वर्ष कोलाहल गिरिमा उग्र तपस्या गर्नाले देवताहरू हडबडाएर ब्रह्मा, शिवलाई साथमा ली क्षीरशायी विष्णुसमीपमा गए, विष्णु पनि साथ लागी गयासुरका नजीकमा गएर “वरं ब्रूहि (वर माग)” भन्दा असुरले माग्यो कि म

सब देवताहरू ऋषिहरू यज्ञ तीर्थादिहरूदेखि पवित्र होइजाऊँ भन्दा 'तथास्तु' भनी वरदान दी देवताहरू गए। जब सम्पूर्ण तेज गयासुरमा जाँदा त्रैलोक्य यमपुरीमा तेज ० तुल्य भइगयो र इन्द्रादि देवताहरू ब्रह्मलोकमा गएर भने कि—'हे पितामह! गयासुरका पवित्रताले हामीहरूको अधिकार नष्ट भयो' भन्दा ब्रह्माले विष्णुका उपदेशानुसार देवताहरूका साथ लागी गयासुरका समीपमा पुगेर भने कि 'मैले सम्पूर्ण पृथ्वीका चारै दिशा घुमें, परन्तु तिम्रा शरीरभन्दा पवित्र शरीर-स्थान कहीं देखिएन तसर्थ यज्ञ गर्नाका निमित्त तिमीलाई म माँग्दछु देऊ' भन्दा गयासुरले ब्रह्माको वचन स्वीकार गरेर अति प्रसन्न भई कोलाहल गिरिका नैर्ऋत्य कुनामा उत्तर शिर दक्षिण पाउ गरेर भूमिमा लेट्यो (सुत्यो)। ब्रह्माले श्वेतवाराहकल्पमा महर्षिहरूले सहित गयासुरका शरीरमा यज्ञ गरे। अग्निशर्मा ऋषिले आफ्ना मुखदेखि दक्षिणाग्नि, गार्ह्यपत्याग्नि, आहवनीयाग्नि, सभ्याग्नि, आवसथाग्नि पंचाग्निको निर्माण गरी हवनका अन्त्यमा जब ब्रह्मा पूर्णाहुति दिन लागे तब गयासुर आफ्नू देह हल्लाउन लाग्यो र ब्रह्माका आज्ञाले आफ्ना घरमा राखेको पत्थर ल्याई थिचे तैपनि हल्लायो र ब्रह्माका प्रार्थनाले सम्पूर्ण देवता उसका शरीरमा खडा हुँदाखेरिमा पनि हल्लँदा ब्रह्मा व्याकुल भएर विष्णुनेर जाँदा विष्णुले १ मूर्ति निकाली ब्रह्मालाई दिनुभयो। उनले विष्णुका आज्ञानुसार त्यो मूर्ति गयासुरका माथिबाट स्थापना गर्दा पनि हल्लियो र ब्रह्माले विष्णुलाई पुकार्दाखेरि साक्षात् विष्णु आएर गयासुरका माथि जब खडा

हुनुभएथ्यो ब्रह्मा, पितामह, फल्वीश, केदार, कनकेश्वर यी ५ विराजमान भए, फेरि सूर्य गयादित्य, उत्तरार्क, दक्षिणार्क यी ३ खडा भए, फेरि गणेश, लक्ष्मी सीता, गौरी मङ्गला, गायत्री, सावित्री, सरस्वती, इन्द्र, बृहहस्पति, पूषा, अष्टवसु, विश्वेदेवा, अश्विनीकुमार इत्यादि देवता आफ्ना आफ्ना शक्तिहरूका साथ विद्यमान हुँदा गयासुर बोल्यो कि हे आर्यगण ! यो विघ्नको छल बखेडा गर्नाको कामै थिएन केवल विष्णुले तँ स्थिर होइदे भनेको भए म किन हल्लन्थें स्थिर हुन्थें भन्दा गदाधर आदि देवता प्रसन्न हुँदा उसले यो वरदान माग्यो जबतक तपाईंहरू ममाथि निगाह राखिबक्सनुहुन्छ, उहाँतक मेरा नामले यो तीर्थ प्रख्यात होस्, पंचकोश गयाक्षेत्र, १ कोश गयाशिर कहलाइयोस्। यसभित्र सम्पूर्ण तीथहरू रहून्। यहाँ स्नानादि गरी पिंडदान गर्नाले १०० कुलसम्म पितृहरू तरून्। पिण्डदान गर्नेहरूलाई ब्रह्मलोक मिलोस्। यस ठाउँमा वास गर्दा ब्रह्महत्यादि पाप नाश होस्। फेरि नैमिष पुष्कर गङ्गा, प्रयाग, अविमुक्त इत्यादि तीर्थ आई यहाँ बसून् भन्दा विष्णु आदि देवताहरूले 'एवमस्तु (लौ हुन्छ)' भन्दा गयासुर प्रसन्न चित्त भएर स्थिर भयो। ब्रह्माले पूर्णाहुति दी ब्राह्मणहरूलाई बहुतै दान दिए भन्ने कथा छ।

वा.पु. (४५अ०)मा सनत्कुमारजी नारदसित शिलाको उत्पत्तिको कथा कहन लागे। धर्मकी विश्वरूपा भार्याबाट धर्मव्रता नामक कन्या

उत्पन्न भइन्। धर्मराजले आफ्नी पुत्री ब्रह्माका पुत्र मरीचिसित विवाह गरिदिए। मरीचिका १०० पुत्र उत्पन्न भए। कोही बखतमा मेरा पाउ दाब भनी महर्षि सुते, धर्मव्रता पाउ दाब्न लागेको बखतमा ब्रह्माजी आइपुगे। धर्मव्रताले विचार गरिन् कि मेरा पतिका पनि बाबा आएपछि मैले उठी सत्कार गर्नैपर्छ भनी उठी फलादिले श्वसुरा ब्रह्माको सत्कार गर्न लागेकी थिइन्, त्यसै बखत मरीचि उठेर धर्मव्रता पत्नीलाई तँ पत्थर होइजा भनी श्राप दिए। पत्नी पनि रिसाई मैले नबिराईकन श्राप दिनुभो तपाईंलाई पनि शिवजीले श्राप दिनन् भनी धर्मव्रता र मरीचि दुवै जना वनमा गई घोर तपस्या गरे। विष्णुले देवताहरूका साथ धर्मव्रताका नजीक गएर वर माग भन्दा धर्मव्रताले स्वामीको श्राप नलागोस् भन्दा देवताहरूले भने कि 'मरीचिको श्राप व्यर्थ हुन सक्तैन, अरू थोक माग' भन्दा धर्मव्रताले सम्पूर्ण पवित्र वस्तु यहाँ आई बस्नून्—ब्रह्मा, विष्णु, महेश इत्यादि देवताहरूका चरण-चिन्ह रहुन्। जो मनुष्य मेरा उपर तर्पण, श्राद्धादि कर्म गर्छन् उसलाई ब्रह्मलोक मिलोस्। गदाधरको मूर्ति मेरा उपर रहोस्। फल्गु नदीमा वाराणसी, प्रयाग, पुरुषोत्तम, गङ्गासागर इत्यादि नित्य रहून्। चारै प्रकारका जीव मेरा शिलामा प्राण छोड्नेको विष्णुपद प्राप्त होस्। श्राद्धकर्म गर्ने मनुष्य सहस्र (हजार) कल्पले सहित विष्णुलोकमा वास गरून्। देवतागण बोले कि हे धर्मव्रता! जो तिमीले वर माग्यौ सो सब सत्य हुन्छ। जब गयासुरका शिरमा तिम्रो वास होला तब हामीहरू पाउका चिह्न

राखी तिमीमाथि वास गर्नेछौं भनी वरदान दिई देवगण अन्तर्धान भए ।

वा. पु. (४६ अ०) मा जब धर्मव्रता शिलारूपिणी भइन् तब यिनै धर्मशिलालाई छुनाले सम्पूर्ण ब्रह्माण्डभरका निवासीहरूलाई वैकुण्ठ मिल्न लाग्यो । तीन लोक र यमपुरी शून्य भयो, यमराजले ब्रह्मलोकमा गएर ब्रह्मासित भने कि 'महाराज ! मेरो पुरी शून्य भयो, मेरो काम छैन, बही-खाता बुझ्नुहोस्' भन्दा ब्रह्माले 'ती धर्मशिलालाई आफ्ना घरमा राख' भन्दा यमराजले ती शिलालाई आफ्ना घरमा लगी राख्नासाथ सब जनलोक यमपुरी जान लागे । पछिबाट महाराजले ब्रह्माका यज्ञमा त्यो शिला ल्याई गयासुरका शिरमा राखिदिए । यी शिलामा कोही पदचिह्नले कोही मूर्तिचिह्नले देवताहरू बसे । गयामा रामचन्द्रजीले स्नान गरेको हुनाले रामतीर्थ भनेको हो । यहाँ स्नान गर्नाले विष्णुपद प्राप्त हुन्छ । पिण्डदान गर्नाले पितृगणहरूको मुक्ति हुन्छ । रामचन्द्र वनवास गएपछि भरतले गयामा आई यिनै शिलामा पिण्डदान दी राम, लक्ष्मण, सीताको स्थापन गरेको भरतको स्थान बहुतै पवित्र छ । यसै स्थानमा मतङ्गपदको दर्शन हुन्छ । भरताश्रममा चतुर्युगको स्वरूप, सूर्यको मूर्ति, वामनजी, ब्रह्माजी छन् । यिनको दर्शनले मनुष्यलाई पितृगणका साथ विष्णुपदको प्राप्त हुन्छ । शिलाका वामहस्ततिर उद्यंतक गिरि छन् , उसमा पिण्डदान गर्नाले पितृहरूलाई ब्रह्मलोक मिन्दछ ।

उद्यन्तक गिरिमा अगस्त्यले उग्र तपस्या गरेका ठाउँमा मध्याह्नमा सावित्रीको पूजा गर्नाले मनुष्य धनाढ्य, वेदमा पार भएको वेदपारङ्गत द्विज हुन्छ । जो मनुष्य ब्रह्मयोनिमा प्रवेश गरेर वाहिर निक्लन्छ उसलाई मुक्ति मिल्दछ । सोमक कुण्डमा स्नान गर्नाले पितृहरूलाई सोमलोक मिल्दछ । स्वर्गद्वारेश्वरको नमस्कार गर्नाले स्वर्ग मिल्दछ । व्योमगङ्गामा पिण्डदान गर्नाले पितृहरूलाई स्वर्ग मिल्दछ । शिलाका दक्षिण हाततिर भस्मकूट गिरिमा धर्मराज, अगस्त्यजी शोभित छन् । दक्षिण पर्वतमा वटेश्वर प्रपितामह छन् । मातङ्गपदमा पिण्डदान गर्नाले पितृहरूलाई स्वर्ग मिल्दछ । भस्मकूटमा जनार्दनका हातमा पिण्डदान दिनाले मनुष्यलाई विष्णुलोक मिल्दछ । शिलाका दक्षिण पादतिर प्रेतकूट पर्वतमा पिण्डदान गर्नाले पितृहरूको प्रेतत्व छुट्तछ । कीकटदेशमा गया वडो पवित्र भूमि छ । उहाँ राज-ग्रह, च्यवनजीको आश्रम पुनपुन नदी छन् । यी स्थानमा श्राद्ध गर्नाले पितृहरूलाई ब्रह्मलोक मिल्दछ । शिलाका दक्षिण पादनेर धर्मराजले गृद्धकूट पर्वत स्थापित गरे । उहाँ गृद्धेश्वरलाई प्रणाम गरेर नजीकैका गुफानेर पिण्डदान गर्नाले मनुष्यलाई शिवलोक मिल्दछ । गृद्धकूट पर्वतलाई नमस्कार गर्नाले कामना सिद्ध हुन्छ । महेश्वरधारामा पिण्डदान गर्नाले पितृहरूलाई स्वर्ग मिल्दछ । शिलाका उदर (पेट) नेर आदिपाल गिरिमा पिण्डदान गर्नाले पितृहरू ब्रह्मलोक जान्छन् । कपिल नदीमा सौंवारे औंसीका दिन स्नान, श्राद्ध गर्नाले पितृहरू मोक्ष हुन्छन् । क्रौंचपदमा पिण्डदान गर्नाले स्वर्ग मिल्दछ ।

वा० पु० (४७ अ०) मा ब्रह्माले गद दैत्यको शरीर मागी त्यसैका हाडले विश्वकर्माद्वारा गदा बनाई स्वर्गमा राखेको थियो। ब्रह्माका पुत्र हेती नाम असुरलाई विष्णुले त्यही गदाले मारी गयासुरका शिरमा त्यो गदा धोएको हुनाले त्यस कुण्डको नाम गदालोल रहेको हो भनेर ४५ वेदीको नाम गरी यी वेदीमा पिण्डदान गर्नाले पितृहरूको मोक्ष हुन्छ। आदिगदाधरको स्तुति र पूजा गर्नाले मनुष्यलाई पृथ्वीमा कुनै वस्तुको दुर्लभ हुँदैन भनी लेखेको छ।

वा०पु० (४८ अ०) मा मनुष्यले पहिले आफ्ना घरमा श्राद्ध गरी गुप्त भएर ग्राम प्रदक्षिणा गर्नू अनि प्रतिग्रहदेखि निवृत्त भएर यात्रा गर्नू। गयाका समीप महानदीमा स्नान तर्पण गरी पितृहरूको श्राद्ध गर्नू भनी लेखेको छ।

वा०पु०(४९ अ०)मा उत्तर मानसमा स्नान गरी श्राद्धादि कर्म गर्नाले पितृहरूको मुक्ति हुन्छ। सूर्यको नमस्कार गर्नाले पितृगणहरूलाई सूर्यलोक मिल्दछ। दक्षिणमानसका उदीची तीर्थमा स्नान गर्नाले मनुष्यलाई स्वर्ग मिल्दछ। उसै स्थानका कनखल तीर्थमा श्राद्ध गर्नाले सुवर्ण-समान शरीरमा चमक रहन्छ, श्राद्धादि कर्म गर्नाले ब्रह्महत्यादि पाप नाश हुन्छ। फल्गु तीर्थमा स्नान गर्नाले अश्वमेधादिक यज्ञको फलभन्दा बर्ता लाभ हुन्छ। जो मनुष्यले गयामा गएर गदाधर भगवान्‌को दर्शन गरेन भने, गयाश्राद्ध गरेको व्यर्थ हुन्छ। फल छैन, प्रथम दिन फल्गु तीर्थमा स्नान तर्पण श्राद्धादि कर्म गरेर ब्रह्मा

गदाधर शिवको नमस्कार गर्नू बूह्मतीर्थमा श्राद्ध गरी कूपमा पिण्डदानादि कर्म गर्नाले सम्पूर्ण पितृको तृप्ति हुन्छ, पितृहरूलाई तार्ने दानादि कर्म गर्नाले सम्पूर्ण पितृहरू धर्म, धर्मेश्वर, महाबोधी अर्थात् पीपलको वृक्षको नमस्कार, महाबोधोको स्तुति गर्नुपर्छ । तेस्रो दिन ब्रह्मसरमा स्नान, श्राद्धादिक कर्म, ब्रह्माको स्तुति, यूपको प्रदक्षिणा, ब्रह्मसरमा उत्पन्न भएको आम्रवृक्षको सेचन, यमवलिदान, श्वानवलिदान, काकवलिदान दिनुपर्छ । नगकूट जनार्दन बूह्मकूप लिएर उत्तर मानस पर्यन्त फल्गुतीर्थ क्रौंचपददेखि फल्गुतीर्थसम्म गयासुरको मुख छ, यस ठाउँमा पिण्डदान गर्नाले पितृहरूको अक्षय तृप्ति हुन्छ । मुण्डपृष्ठदेखि गिरिका तल फल्गुतीर्थमा आदिगदाधरको स्थान छ । उस स्थानमा पिण्डदान, गदाधरको दर्शन, पूजन गर्नाले सहस्र (हजार) कुल विष्णुपदमा पुग्दछन् । शिवलाई प्रणाम गरी उस स्थानमा श्राद्धगर्नाले १०० कुललाई ब्रह्मलोक मिल्दछ । कश्यपका स्थानमा पिण्ड दान गर्नाले बूह्मपद, दक्षिणाग्निपदमा पिण्डदान गर्नाले वाजपेय यज्ञको फल मिल्दछ । गार्हपत्यपदमा श्राद्ध गर्नाले राजसूय यज्ञको फल, आहवनीयपदमा श्राद्ध गर्नाले अश्वमेध यज्ञको फल मिल्दछ । सत्यपदमा श्राद्ध गर्नाले ज्योतिष्टोम यज्ञको फल मिल्दछ । आवभृथ स्थानमा श्राद्ध गर्नाले पितृगणहरूलाई सोमलोक, इन्द्रपदमा श्राद्ध गर्नाले इन्द्रलोक, अगस्त्यपदमा श्राद्ध गर्नाले पितृगणलाई बूह्मलोक मिल्दछ, क्रौंचपद र मातंगपदमा श्राद्ध गर्नाले बूह्मलोक, सूर्यपदमा श्राद्ध गर्नाले सूर्यलोक, कार्तिकपदमा श्राद्ध

गर्नाले शिवलोक, गणेशपदमा श्राद्ध गर्नाले रुद्रलोक, गजकर्णमा तर्पण गर्नाले पितृगणहरूलाई स्वर्ग मिल्दछ, सम्पूर्ण स्थानहरूमा विष्णुपद, रुद्रपद, ब्रम्हपद; काश्यपपद श्रेष्ठ छन्। कोही बखतमा श्रीरामचन्द्रले गयामा गएर रुद्रपदमा पिण्डदान दिंदा राजा दशरथ स्वर्गबाट आएर ग्रहण गरे। मुण्डपृष्ठ पर्वतमा सर्वत्र देवताका पदका चिन्ह छन्। उहाँ पिण्डदान गर्नाले पितृगणहरूको मोक्ष हुन्छ। गदालोल तीर्थमा स्नान गर्नाले पितृहरूलाई मोक्ष मिल्दछ। अक्षयवट तल अन्नले श्राद्ध गर्नाले पितृहरूको मोक्ष हुन्छ भनी लेखेको छ।

गरुडपुराण—(८२ अ०) मा सम्पूर्ण प्राणीहरूलाई तकलीफ दिने गयासुरले उग्र तपस्या गर्‍यो। देवताहरू थर्कमान भएर विष्णुकहाँ गए, गयासुर महादेवलाई चढाउनाका निंति समुद्रबाट कमलको फूल ल्याई कीकट देशमा सुतेको थियो, विष्णुले त्यसलाई मारेको हुनाले गदाधर नामले उहाँ बस्नुभएको हो। उसका पछिबाट विष्णुले भन्नुभो कि यो स्थान पुण्य-क्षेत्र हुनेछ। यहाँ श्राद्ध पिण्डदान स्नानादि कर्म गर्नाले स्वर्गमा बस्तछ। यहाँ ब्रह्माले उत्तम तीर्थ जानेर यज्ञ गर्नुभयो। गराउने ब्राह्मणहरूलाई बहुतै धन ५ कोशको गयाक्षेत्र दिनुभयो, रसवती महानदी तडागादि रची भन्नुभो कि ब्रह्मज्ञान, गयामा श्राद्ध, गोगृहमा मृत्यु, कुरुक्षेत्रमा निवास यी ४ मनुष्यहरूको मुक्ति-लाभको मूल स्थान हो। गयामा

श्राद्ध गर्नाले ब्रह्महत्या सुरापान, चोरी, गुरुपत्नीगमन पापीहरूको संसर्गको पाप नाश होइजान्छ ।

ग० पु० (८३ अ०) मा कीकटदेशमा गयापुरी राजगृह वन पुण्य स्थान छ। गयाका चारैतर्फ अढाई कोश मुण्डपृष्ठ, ५ कोशमा गयाक्षेत्र, १ कोशमा गयाशिर छ। फल्गुतीर्थमा स्नान गर्नाले पितृगणहरूको उत्तम गति हुन्छ। मनुष्य गयामा जानाले पितृऋणदेखि मुक्त हुन्छ। पितृरूपी जनार्दनको दर्शन गर्नाले पितृऋण, ऋषिऋण, देवऋणदेखि छुट्तछ। गयामा रथमार्ग, कालेश्वर, केदारको दर्शन गर्नाले पितृऋणदेखि उद्धार हुन्छ। उसै स्थानमा ब्रह्माको दर्शन गर्नाले सम्पूर्ण पाप नाश हुन्छ। प्रपितामहको दर्शनले अक्षय फल हुन्छ, गदाधरको भक्तिपूर्वक प्रणाम गर्नाले पूर्वजन्म हुँदैन। मौनादित्य कनकार्कको दर्शन गर्नाले पितृऋणदेखि उद्धार हुन्छ। उहाँ ब्रह्माको पूजन गर्नाले ब्रह्मपद मिल्दछ। जो मनुष्य उस स्थानमा प्रातःकाल गायत्रीको दर्शन गरेर प्रयत्नसित सन्ध्या गर्छ, सम्पूर्ण वेद पढ़ेको फल मिल्दछ। कोटीश्वर र अश्वमेध यज्ञका स्थानको दर्शन गर्नाले तीन ऋणदेखि छुट्तछ, ब्रह्मेश्वरका दर्शनले ब्रह्महत्या छुट्तछ। मुण्डपृष्ठमा महाचण्डीको दर्शन गर्नाले सम्पूर्ण कामना प्राप्त हुन्छ। फल्ग्वीश, फल्गुचण्डी, मङ्गला गौरी, गोमक, गोपति, अङ्गारेश, सिद्धेश, गया मार्कण्डेश्वरहरूको दर्शन गर्नाले तीन ऋणदेखि उद्धार हुन्छ।

फल्गुतीर्थमा स्नान गरी गदाधरको दर्शन गर्नाले तीन ऋणदेखि उद्धार हुन्छ । फल्गुतीर्थमा स्नान गरी गदाधरको दर्शन गर्नाले अनेक प्रकारका पुण्य प्राप्त गरी २१ पुस्ता ब्रह्मलोकमा जान्छन्, पृथ्वीमा गया; गयामा गयाशिर श्रेष्ठ छ, अक्षयवटमा श्राद्ध गर्ने मनुष्यले पितृहरूलाई ब्रह्मलोक पठाइदिन्छ, कोटि तीर्थ, गदालोल, वैतरणी, गोमक यी तीर्थमा श्राद्ध गर्नाले २१ पुस्ता ब्रह्मलोक जान्छन् , गायत्री, सावित्री, सत्यवती यी तीर्थमा स्नान, सन्ध्या, तर्पण गर्नाले १०१ पुस्तालाई ब्रह्मलोक मिल्दछ, मनुष्य पितृहरूलाई स्मरण गर्दै ब्रह्मयोनिमा प्रवेश गरेर उसका बाहिर निक्लन्छन् , ती पितृहरूलाई तृप्ति गरेर पुनर्जन्म संकटमा पर्दैन, धर्मयूप र कूपम श्राद्ध गर्ने मानिस पितृऋणदेखि फुक्तछ, रामतीर्थमा स्नान गरी प्रभासमा श्राद्ध गर्नाले पितृगण प्रेतत्व छोडी मुक्त हुन्छन् । श्वपृष्ठमा श्राद्ध गर्ने मानिस २१ पुस्तालाई तार्दछ, गयाको पंचकोशका कोही स्थानमा पिंड दिनाले अक्षय फलको प्राप्त हुन्छ । पितृलाई ब्रह्मलोक पुऱ्याउँछ, धर्मारण्य, धर्मपृष्ठ, धेनुकारण्य यिनको दर्शन गर्नाले २१ पुस्तालाई तार्दछ, जो मनुष्यले महानदीको जल स्पर्श गरी तर्पण गर्ला उसलाई अक्षय लोक प्राप्त हुन्छ । माघमास, चन्द्र-ग्रहण, सूर्य-ग्रहणमा गयामा पिण्डदान दुर्लभ छ, महेश्वरीधारामा स्नान गर्ने मानिस सम्पूर्ण ऋणदेखि मुक्त हुन्छ । विशाला नदीमा श्राद्ध गर्नाले अग्निष्टोम यज्ञको फल मिल्दछ, सूर्यपदमा पिण्डदान दिनाले पतितहरूको उद्‌धार हुन्छ, वैतरणी नदी पितगणहरूलाई

तार्नका निमित्तमा गयामा आएकी छन्, जहाँ पिण्डदान गरी गोदान गर्नाले २१ पुस्ताको उद्धार हुन्छ। रामतीर्थमा र मतङ्गवापीमा स्नान गर्ने मनुष्य १०० गोदान गरेको फल पाउँदछ, वसिष्ठजीका आश्रमनेर स्नान गर्नाले वाजपेय यज्ञको फल, महाकौशीमा निवास गर्नाले अश्वमेध यज्ञको फल, ब्रह्मसरदेखि निक्लेकी कपिलामा स्नान र श्राद्ध गर्नाले अग्निष्टोम यज्ञको फल, कुमार धारामा श्राद्ध र कुमारको नमस्कार गर्नाले अश्वमेधको फल, सोमकुण्डमा स्नान गर्नाले सोमलोक, संवर्तक सरमा पिण्डदान गर्नाले इच्छानुसार फल मिल्दछ, प्रेतकुण्डमा पिण्ड दिनाले मनुष्यहरू पवित्र हुन्छन् भनी लेखेको छ।

ग०पु०(८४ अ०)मा मुंडन, उपवास सम्पूर्ण तीर्थहरूमा नियम छ, परन्तु कुरुक्षेत्र, विशाला, विरजा, गयामा नियम छैन; गयामा दिन रातमा सर्वत्र श्राद्ध हुन्छ, कनखलतीर्थको स्नानले स्वर्ग; श्राद्धले अक्षय फल हुन्छ, प्रथम दिन फल्गुतीर्थमा स्नान, गदाधरको र पिताहमको दर्शन गर्नाले २१ पुस्ताको उद्‌धार हुन्छ, दोस्रा दिन मातङ्गवापी धर्मारण्यमा श्राद्‌ध गर्नाले वाजपेय यज्ञको फल, वृह्मतीर्थमा पिण्डदान गर्नाले राजसूय यज्ञको र अश्वमेध यज्ञ गरेको फल मिल्दछ, तृतीय दिन ब्रह्मसरमा स्नान तर्पण गरी कूप यूपमा श्राद्‌ध ब्रह्माका कल्पित स्नानहरूको सेवा गर्नाले मनुष्यका पितृहरू मुक्त हुन्छन्, यूपको प्रदक्षिणाग र्नाले वाजपेय यज्ञको

फल मिल्दछ, चतुर्थ दिन फल्गुतीर्थमा स्नान गरी पितामहको दर्शन रुद्रपदको स्पर्श गर्नाले पुनर्जन्म हुँदैन, गयाशिरमा पिण्डदान दिनाले तीनफेर पृथ्वीदान गरेको फल लाभ हुन्छ, मुण्डपृष्ठमा रुद्रपदनेर थोरै काल तपस्या गर्नाले ठूलो फल मिल्दछ। पंचम दिन गदालोलमा स्नान र वटवृक्ष-मनि श्राद्ध गर्नाले सम्पूर्ण कुलको उद्धार हुन्छ। अक्षयबट-मनि पिण्डदान गर्नाले मनुष्यको अक्षय लोक प्राप्त हुन्छ र १०० कुलको उद्धार हुन्छ भनी लेखेको छ।

अग्निपुराण-(११५ अ०)मा वायुपुराणमा जस्तो गयासुरले तपस्या गरेको, ब्रह्माले तिम्रा शरीरमा यज्ञ गर्छु भनी माग्दा हुन्छ गर्नुहोस् भनी सुतेको, ब्रह्माले पूर्णाहुति गर्दा हल्ल्यो र धर्मशी शिलाले थिचेपछि पनि हल्लँदा गदाधर भगवान् आफैं खडा हुँदा अनेक वर मागेर प्रसन्न भै नहल्लीकन सुत्यो भन्ने कथा लेखिएको छ।

गयामा संक्रातिका दिन श्राद्धकर्म गर्नाले महाफल मिल्दछ। प्रतिपदामा श्राद्ध गर्ने पुरुष धनीं हुन्छ। द्वितीयामा श्राद्ध गर्ने रूपवती भार्या पाउँदछ। चतुर्थीमा श्राद्ध गर्नाले धर्म र इच्छा, पंचमीमा श्राद्ध गर्नाले पुत्र प्राप्त हुन्छ। षष्ठीको श्राद्ध श्रेष्ठ छ। सप्तमीमा श्राद्ध गर्नाले गृहस्थलाई लाभ हुन्छ। अष्टमी श्राद्ध गर्नाले अर्थ लाभ हुन्छ। नवमीमा श्राद्ध गर्नाले एक खुरवाला पशुहरूका व्यापारमा लाभ हुन्छ। दशमीमा श्राद्ध गर्नाले गाईहरूको वृद्धि हुन्छ। एकादशीमा श्राद्ध गर्नाले कुटुम्बहरूको कल्याण हुन्छ।

द्वादशीमा श्राद्ध गर्नाले धनधान्यको वृद्धि हुन्छ । त्रयोदशीमा र चतुर्दशीमा श्राद्ध गर्नाले दिदी भाईहरू आनन्द रहन्छन् । औंसीमा श्राद्ध गर्नाले सम्पूर्ण मनोरथ प्राप्त हुन्छ । युगादि तिथिमा अर्थात् माघकी पूर्णिमा, भाद्रकृष्ण त्रयोदशी, वैशाखशुक्ल तृतीया, कार्तिकशुक्ल नवमी, कातिकको द्वादशी, माघ र भाद्रपदकी तृतीया, फाल्गुणकी अमावास्या, पौषकी एकादशी, आषाढकी द्वादशी, माघकी सप्तमी, श्रावणकी अष्टमी, कार्तिक फाल्गुण ज्येष्ठकी पूर्णिमामा श्राद्ध गर्नाले अक्षय फल प्राप्त हुन्छ ।

ब्रह्मसरमा स्नान गरी आँपका रूखमा जलले सेचन गर्ने कुरा यही अ० पु० ११५ अ० का ४० श्लोकमा यो लेखेको छ ।

एको मुनिः कुम्भकुशाग्रहस्त आम्रस्य मूले सलिलं ददाति ।
आम्रस्य सिक्ता पितरस्य तृप्ता एका क्रिया द्व्यर्थकरी प्रसिद्धा ।।

इतिश्री कवि शिखरनाथ शर्मा सुवेदी पण्डितले परिश्रम गरी अनेक पुराणहरूका प्रमाणरूपी माहात्म्य कथाले भरी शास्त्रोक्त गया दुनियाँहरूले गरून्, पिण्ड पाउने पितृहरूको र पिण्ड दिने पुत्रपौत्रादिको उत्तम गति होस्, भक्ति भावना रहोस् भनी गया-दर्पण गराइएको गया-यात्रा सम्पूर्ण सकियो । अब गरीबहरूले गर्ने एकोद्दिष्ट गयाको विधि बदलेका श्लोक-बद्धले फेरि कहन्छु । हे महाशय हो ! शिखरनाथ भाष्य सँगमा लिई गरेको गया अच्छा भयो नत्र ० । गयाश्राद्ध विधि र तीर्थश्राद्ध विधि यसै पुस्तकको कर्मकाण्ड प्रकरणमा पनि छ ।

—–०—–

गया-श्लोक

नब्बे कोश र पाँच कोश छ गया रक्सौलदेखी अनि ।
यौटाको महसूल लिन्छ दुइ रूपीयाँ दुआना पनि ॥
आफ्ना जो कुलका त पितृऋणको उद्धार गर्नू भए ।
साथै शीखरनाथभाष्य सँग लो, जल्दी गयामा गए ।१।

बीसै कम्पनिले गया गरिसका, काशी पुगी फर्कन ।
हाहू पूग नपूग पुग्छ सहजै, आफ्ना घरै फर्कन ॥
आमा बाहरुलाइ तक्लिफ दिई, छोरा भएको किन ।
फल्गू तीर्थ गया वरीपरि सबै, पिण्डादिहेरू दिन ।२।

तस्मात् कारण हे महाशयजि हो ! कर्जा रुपीयाँ लिई ।
आँखा चिम्लि गएर आउनुहवस्, पाऊ गयामा दिई ॥
रक्सौल्मा चढि रेल उत्रि हिडनू, कोशै भरी भन्दछन् ।
पण्डाहेरु बही लिईकन पता, क्या हो भनी सोद्धछन् ।३।

नेपाली हम लोग हैं मत पुछो, श्री लालमोहोरिया ।
पण्डा हैं हमरा सिपाहि उनका, क्या जानि काहाँ गया ॥

भन्नू फाँट लगाइ दिन्छन सबै सोधेर जानू वहीं ।
पण्डाजी घर खोजि राख्छन सबै, हेरेर दर्जा कहीं ॥४॥

थैलीका रुपियाँ दिशा गए पनी, छोपाउनू पेटमा ।
जिम्बा दोनु कि मित्रलाइ भनि यो, ध्यानादि दी येसमा ॥
पैह्ला खप्परु दर्शनी छन इ ए-कोद्दिष्ट आदी लिई ।
न्वाही तर्पण फल्गु आदि नदिमा, तिलाञ्जली जो दिई ।५।

जस्को फुर्सत द्रव्य छैन त भने, एकै दिनैमा हुने ।
एकोद्दिष्ट[1] गरेर जान्छन सब, यस्मा त को हो छुने ॥
शक्ने जो धनिले त सोह्र दिनमा, पैंतालिसै वेदिमा ।
जान्छन् पिण्ड दि जो तयार गरनू सामग्रि पिण्डादिमा।६।

चोखो लोनु रुमाल धोति तिल जौ,सूपारि जौको पिठो ।
माला भो फल फूल चीनि तुलसी, केरा र पेडा मिठो ॥
लोहोटा र दुना नरीयल जटे, पाला कटौरा दिनू ।
भेटी चन्दन नव्यवस्त्र कुश भो दौडी लपेस्नौ लिनू ।७।

---

(१) एकोद्दिष्ट, दर्शनी, खप्परु यी पण्डाहरूले राखेका नाम हुन् , गया बिघ्न राम्रो छ ।

गौको घ्यू दहि दूध पान मह भो, गोदान पैसा पनि ।
बत्ती धूप कपूर केशरि जनै, ल्यौ पञ्चपात्राच्मनी ॥
कर्मैँपात्र र खड्गपात्र अरघौ–तो भो दियो ढाकने ।
चोखा आसनि चामलै दश मुठो, लीनू दियो राखने ॥८॥

पण्डा पण्डित पितृ-कागज लिई, हाँसेर फल्गूमहाँ ।
बोकाई सब थोक कुल्लि सँगमा, लाएर जानू तहाँ ॥
पूगे उत्तम पिण्ड दीनु खिरको, पैह्ला सपत्नी भई ।
छोरो भैकन पिण्ड दीनु पितृको, जल्दी गयामा गई ॥९॥

पैह्ला सोह्रसराद माघ पुस चैत्, फागून वैशाखमा ।
जुन्सूकै दिनमा पनी गरदछन्, श्राद्धै गयाक्षेत्रमा ॥
छोरो भैकन जो गया[1] नगरने, मोरो गयो नर्कमा ।
कुल्चे मात्र गयाजिमा पितृ सबै, जान्छन् ति वैकुण्ठमा१०

नेपाली पइसा चढाउन हुने, मोहोर दींदा लिने ।
पण्डाको र पहाडिको सुन सबै, प्रत्युत्तरादि दिने ॥

---

(१) आमा बाबा मुक्त भएका वर्ष दिनमा गया गर्नुपर्छ, शरीर अनित्य छ ।

प्रायश्चित्त निमित्त पाँच रुपियाँ, गोदान पैल्हे गरी ।
श्राद्धारम्भ हजूर ! गर्छन सबै, जात्रूहरू यो घरि ॥११॥

कम् गर्नूं फल हुन्न भन्दछ उता, भन्नू रुपियाँ नहीं ।
चाराना पनि गर्न सक्तिन म ता, ऐसा न बोलो कहीं ॥
अच्छा दो रुपियाँ करो जि नहि है, एकै रुपीयाँ करो ।
नाहीं है तब आठना नहिं नहीं, अच्छा चउन्नी धरो ॥१२॥

पण्डा भन्छन द्रव्यतीर दिठ दी, वाक्यादिमा पीठ दी ।
तस्मात्कारण तीर्थश्राद्ध गरनू, अन्यत्र फल्गू नदी ॥
हाम्रो पार्वण श्राद्धका त विधिले, हूँदैन गर्नू तहाँ ।
एकोद्दिष्ट विधी पनी नगरनू, तीर्थादिहेरूमहाँ ॥१३॥

यत्ती जो गरनू यती नगरनू, भन्ने कुरा वाक्यको ।
खोलेको सब तीर्थश्राद्ध छ ठूलो, शास्त्रोक्त सूत्रादिको ॥
येहो पुस्तक ली गया गरनुहोस्, प्राचीन रत्नावली- ।
देखी शीखरनाथले सत्र झिकी, छापीदिएको त ली ॥१४॥

पण्डाका भरमा म गर्छु भननू, त्यो मूर्खता हो अति ।
वाक्यैले गरि पितृहेरु तरछन्, वाक्यै छ ठूलो गति ॥

अल्छो पण्डितहेरु भन्छन कती, जाहाँ गयो ऊँहिको ।
वोधीले गरनू म भन्छु यहि हो, कूकर्मको सूइँको ।।१५।।

पण्डा वृद्ध पठीत केहि चतुरा, छानेर लानू तहाँ ।
नाऊँ लिन्छन तीर्थआदिहरुका, संकल्पहेरूमहाँ ।।
पिण्डादीहरु दीसकेपछि तहाँ, बाईस श्लोकै पढो ।
उन्नैस् पिण्ड दि षोडशो[1] गरदछन्, वाक्यादिले जो जडो ।।

पैल्हा श्राद्ध सकेर विष्णुपदमा, की ता नदी फल्गुमा ।
मूल् पण्डा पनि मेचमा बसि दुई, पूजाउँछन् पाउमा ।।
पाऊमा जल दी नरीवल र जौ, गन्धादि द्रव्यादिले ।।
पाऊ पूजन जो प्रणाम गरनू, टाढा बसी नारिले ।।१७।।

पण्डा सूफल दोइ जान्छन तहाँ, गुल्ल्यो प्रसादो दिई ।
फल्गू श्राद्ध समाप्त भो तब तहाँ, सामग्रि दोस्रो लिई ।।

---

(१) ३ श्लोकले तिलोदक दी २२ श्लोकले १६ पिण्ड दिने रीति कवि शिखरनाथ शर्माले संग्रह गरी छपाएको तीर्थश्राद्धका गया-पद्धतिमा आहा ! क्या राम्रो छः, १९ पिण्ड दी फेरि स्त्रीलिङ्गले १६ दिनुपर्छ पनि भन्दछन् । पितृ भन्नाले स्त्री पुरुष दुवै आउँछन्, १६ दिए हुन्छ । गरीबले पण्डाद्वारा श्राद्ध गर्नु धनीले तीर्थश्राद्धका पुस्तकले २ ब्राह्मण, २ कर्मपात्र थापी सव्यले विश्वेदेव, अपसव्यले पितृतिरको काम गर्नू बहुतै बढिया हुन्छ, गर्ने काम यही हो ।

दोस्रो श्राद्ध-निमित्त जानु उहिं वि-ष्णूपादुकाको तहाँ ।
लोहा पत्थरको छ देवल ठुलो, पक्का छ राम्रो जहाँ॥१८॥

चारै धाम पृथक् बनाइ दिय झैं, जस्तो छ आफू यकै ।
बूटा काटियका ति थामहरु छन्, बत्तीस जम्मा डकै ॥
क्या राम्रा छन थामका बिचमहाँ, श्राद्धै तहाँ गर्दछन् ।
सव्ये भैकन देवताभ्यः यहिंतक् मन्त्रादि जो पढ्दछन्॥१९

खड्गैपात्र र कर्मपात्र तुलसी, गन्धाक्षता पुष्प ली ।
जानू मन्दिरभित्र विष्णुपदमा पिण्डादि सर्जाम ली ॥
दी पिण्डादि सकी गदाधरजिको, जो दर्शनादी गरी ।
जानू [1]अक्षयवट् छ एक मिलमा, पूगिन्छ ऊही घरि॥२०॥

न्वाहो तर्पण दीनुपर्छ पहिले, रुक्मीणि तीर्थैमहाँ ।
पिण्डादीहरु बाटि अक्षयवटै, लोएर जान्छन् जहाँ ॥
पैह्लेका सरि तीर्थ-श्राद्ध गरनू, गोदान आदी लिनू ।
गन्तीले गरि पिंड दीसकि अरू, पिण्डादि उन्नैस् दिनू ॥

---

(१) यहाँ गाईको चोखो दूध सरकारी मिल्छ, खीर खानु भंसीको पनि हुन्छ ।

याहाँ राख यती उहाँ अनि उता, सूवर्ण भेटी पनि ।
राखी दीनु हजूर पिण्डहरुमा, वीधी यंही हो भनी ।।
अैले पितृ-विसर्जनादि नगरी, हाम्रो दिने भूयसी ।
पण्डा भोजन गर्दछू यति भनी, संकल्प लीनू बसी ।।२२।।

माल्पूवा बुदिया कचौरि हलुवा, पूरी मिठाई अनि ।
तर्कारी र बजारको हजुरको, खान्छौं अचारै पनि ।।
पण्डा भन्छन भन्नु भोजन सिधा, जो हुन्छ मिल्ला वहाँ ।
भन्दा हुन्छ भनेर श्राद्ध सकि जो, आशीष दिन्छन् तहाँ ।।

विष्णूका पद-चिह्नको टिकट दो, आह्मो छ पैसा लिई ।
छाडीदिन्छन मुन्सिहेरु वटमा, भीकारिलाई दिई ।।
चाँडो गर्नु परे त एक दिनमा, तीन् श्राद्ध गर्छन् यहाँ ।
फुर्सत् पुग्छ भनेत दूइ दिनमा, तीन् श्राद्ध गर्छन् तहाँ ।।

पण्डाका रखुवाहरू भनदछन्, श्राद्धादिहेरू सको ।
भोली [1]अक्षयवट्महाँ हजुरको, शय्या पनी हुन्छ कि ।।

---

[1] गया स्टेशनमा धर्मशाला अद्वितीय राम्रो छ । बिहान ६ बजे डाँकमा काशी आउनू ।

शय्याको सरजाम ठिक्क छ प्रभू, जस्तो गरे तापनि ।
मुद्रामात्र सकेजती दिनुह्वस्, ढीला नगर्नू भनी ।।२५।।

भन्छन् खर्च खतम् भए भनिदिनू, गर्ने भए सो लिनू ।
भोली श्राद्ध सबेर गर्छु वटमा, भन्नू र निम्ता दिनू ।।
अच्छा जो कहिए भनेर घरमा, जान्छन् ति पण्डा सबै ।
रूखा बोलि रिसाउने र ठुसिने, गर्दै नगर्नू कबै ।।२६।।

यो चीज् खान्न भनेर लेखि वटको, पूजा गरी ढोगनू ।
एकोद्दिष्ट खतम् भयो[१] फरकनू खर्चादि जो जोडनू ।।
पण्डालाइ सिधा कि ता दिइ बिदा, भोजन् दछीना दिनू ।
आफूले पनि भात खानु नभए, पूरो मिठाई लिनू ।।२७।।

फल्गूमा गइ बालुवा पनि लिनू, रूमालमा बाँधनू ।
घर्मा श्राद्ध हुँदा अलीअलि झिकी, यो वेदिमा हालनू ।।
पण्डाजीसित भेट गर्न हिंडनू, एकै रुपीयाँ लिनू ।
हामी बिघ्न गरीब हैं हजुरजी, भन्नू रुपीयाँ दिनू ।।२८।।

---

(१) जोडेका पत्थरी विकाउन बत्ती मधूरो गरी बसेका हुन्छन्, राती नकिन्नू ।

हात् जोरी परनाम गर्नु र घुँडा, मारेर बस्नू तहाँ।
एकोद्दिष्ट बिदाइ पाँच रुपियाँ, है जी निकालो यहाँ॥
भन्छन् भन्नु पहाडदेखि करजा, कर्के त आये गया।
टाढा है घरद्वार खर्च नहिं है, रेल्लाइ मुश्किल् भया॥२९॥

अच्छा दो रुपियाँ धरो जि भनदा, राम् राम भन्नू तहाँ।
जाओजी भनि धाप मारि सुफलै, दिन्छन् गुडे हात्महाँ॥
पीतृ-ऋण तिरें भनेर उठनू, डेरामहाँ फर्कनू।
रूपीयाँहरु गन्नु बाकि जति छन्, सारा सबै जोडनू॥३०॥

बाटा-खर्च र रेल-खर्च रुपियाँ, बाँधेर बाँकी भए।
केही जो चिजबीज लीनु छ भने, भन्छू बजार्मा गए॥
दूई तीर घुमीयको मजबुती, लट्टाइ देशी यहाँ।
मालाहरु फटीकका मिलदछन्, भारो गयाजीमहाँ॥३१॥

[1]पत्थर्को पहिचान गर्नु पहिले, कुन् हो बढोथाँ भनी।
कालो तेजि हलौं छ पत्थर अती, चिल्लो बजाया पनि॥

---

(१) पत्थरी आदि किन्दा रहँ जस्तो रेखा परेको भए नकिन्नु : जोरेको हुन्छ।

ट्याङ् ट्याङ् शब्द हुने सुनै पनि लिई, घस्ता घसीने त नाम्।
हेर्नूहोस कसौटि पत्थर ठुलो, पैह्ला छ भारी छ दाम् ।।३२।।

कालो पत्थर नीलवर्ण भयको, नीला छिटावाल् पनि ।
लोहा पत्थर नाम हो मझ्झउल्ला, जान्नू बढ़ोया भनी ।।
पानीले मलदा त रङ्ग गयको, कच्चा भनी जाननू ।
चाराना तकका ति पत्थरिहरू, चुत्था बुझी राखनू ।।३३।।

लोहा पत्थरको कसौटि यिनको, साना हुँदैनन् रती ।
ठूला पत्थरि मात्र मिल्छ जति छन् ,ज्यादा बताऊँ कति ।।
नीला बूँद् भयको छ पत्थरि अवल् , बान्गी र ठाडो लिनू ।
पानी मानु दही भरी हुन गए, पैसा दशाना दिनू ।।३४।।

पक्की मानु अनाज निंठिन गयो, चेप्टो कटौरा लिए ।
बाह्राना पइसा दिएर किननू , सस्तो छ उस्ले दिए ।।
तीन्माने मजबूत सून घसिने, चेप्टो कटौरा भए ।
पौने दो रुपियाँ दिएर लिनु है, सस्तो दिएको जये ।।३५।।

आधा मानु दहो भरी हुन गए, चेप्टो कटौरा मिले ।
छाऽऽना दीकन खूब खूशि भइ यो लान्छन् त गाहाकिले।।

दूइ सेर उता छ जो खल भने, एकै रुपीयाँ दिनू ।
बूटेदार कसौटि पत्थर भए, साढे तिनै दी लिनू ॥३६॥

पाँचै अंगुल लामु पक्कि खलको, अठार पैसा दिई ।
योभन्दा पनि केहि सानु खलको, आना दुई दी लिई ॥
एकमाने बिरके गिलास छ भने, पौने रुपीयाँ दिनू ।
नीला बूद भरीभराउ भयको, कं. रू. यकै दी लिनू ॥३७॥

सुन्को पानि लगायको तिनतरफ्, यस्को बिसाना भयो ।
यस्तै केहि ठुलो भए चउबिसै, आना दिईने छ यो ॥
[1]विष्णूको पद भो रिकाबि चमचा, गोपालजी देवता ।
ढुङ्गाका फरसी नरीवल लिनू, लीनू अरू चित्रता ॥३८॥

रेखा[1] ध्वजा कमल अङ्कुश अष्टकोण ।
स्वस्ती र चक्र यव वज्र नऊ इ जोड ॥
श्री विष्णुको असल दक्षिण पाद लाँदा ।
जाँचेर खूब लिनुहोस गयाजि जाँदा ॥३९॥

---

(१) बन्देम्बुजाङ्कशयवध्वजचक्ररेखा स्वस्त्यष्टकोणकुलिशाङ्कितदक्षिणाङ्घ्रिम् ॥
विन्दुत्रिकोणधनुरम्बरमत्स्यशंखः चन्द्रार्द्ध गोस्पदघटाङ्कितवामपादम् ॥ १॥

गाँजे चोलिम थाल आदि कतुवा, घूमाउने पत्थरी ।
जो जो खीनु छ सो लीनु नभुलनू, चाँडै नफुर्ती गरी ॥
ई जो पत्थरि राखने त खाँचिया, ल्याएर ई रेल्नू ।
हाबी भयास गिलासमा पथरिमा, लत्ता दिले बेरनू ॥४०॥

गुण्टा-भित्र लुगा लपेटि धरनू, को बाकसैमा पनि ।
राखीदीनु नफूटने गरि सबै, जोगाउ होस् है भनी ॥
यो पीताम्बर हो भनो टसर ली, आऊँदछन् ठग्हरू ।
होस्यारी रहनू बहूत, रितले, हेर्दै नहेर्नू बरु ॥४१॥

हेर्नालायकको गया छ रसिलो, सानू भए तापनि ।
बङ्गालाहरु छन् बहूत बढ़िया, पण्डाहरू छन् धनी ॥
खानू पीनु तहाँ र भारि सँग ली, इष्टेशनैमा गई ।
पौने दो रुपियाँ दि काशि कुदनू, मुगलसराई भई॥४२॥

काशी

सोझै जान्छ मुगलसराइ बदलो, राज्घाट काशीमहाँ ।
कैही दूर गएपछी धरहरा, देखिन्छ दोटा तहाँ ॥

गङ्गामा पुल लामु पाउ भरिको, पक्का छ लोहा पनि ।
बुढ्ढो अक्किलको छ खानि बहुतै, गङ्गाजि पानी-मनि ॥४३॥

रेल्गाडी बिचमा र मानिसहरू, हिंड्छन् दुबाटो हुँदा ।
तीन् बाटा छन मेघका झइँ गरी, गर्जन्छ रेल् आउँदा ॥
गङ्गाघाट र राजघाट उहि हो, काशी बनारस् पनि ।
ओल्हीं दीनु तहाँ र झट्ट सबले, काशी यही हो भनी ॥४४

दोनू टीकट बील मालहरु जो, जंमा गराई लिनू ।
पार्सल्बाबु र कुल्लिलाइ जति हो, पैसा दिने जो दिनू ॥
नेपालीहरुको[1] छ बस्ति बहुतै, श्री पंचगंगाजिमा ।
रामैघाट र दूध्विनायक गई, श्री मंगलागौरिमा ॥४५॥

सोधी जानु पुगिन्छ बग्गि चढनू, एक्का चढे तापनि ।
जान् की तिरमा र नाउ चढनू, दो मील बाटो भनी ॥

---

(१) काशीमा नेपाली हजारदेखि छैनन् सोधे पत्ता लाग्दछ । तर अचेल वि० २०२४ तकमा करीब दश हजार नेपाली छन् । यौटा घरहरा १९४८ ई० को कात्तिकमा गङ्गामा उब्गाहा गएको बेला लड्यो, अर्कोचाहिं नराम्रु भएकोले पछि लडाइयो । अचेल पुलमा तला छापिएको छ; तलबाट रेल, माथिबाट मोटर लगायत सवारी गाडी र मानिस हिंड्दछन् । एक्काको साटो रिक्सा चल्छ ।

चून्गीको घर आइपुग्दछ जसै, खोदल्छ पोका तहाँ ।
राम्रो माल नयाँ भए रसिद दी, चुन्गी त लिन्छन् जहाँ४६

गंगापुत्रजिको सिपाहि यउटा, आऊँछ लीनै भनी ।
नाता खोजि बसे पनी कि उसका, घर्मै बसे तापनि ॥
लैजान्छन् पनि ती नजानु रुपियाँ, दीएर नेपालिको ।
सत्सङ्गै लिइ बस्नुपर्छ नबसे, बिग्रन्छ द्रव्यादिको ॥४७॥

गोदानादि र पिण्ड जो दिन सके, छन् लालमोहोरिया ।
पूगी-आउँदईन पो यदि भने, दोचार पैसा दिया ॥
राजा घाट् मणिकर्णिका बुझिलिनू, जानू पहीले वहीं ।
पृथ्वीमा मणिकर्णिका सरि अरू, छैनन् अवश्यै कहीं ॥४८

पैले न्वाहुनु चक्रपुष्करणिमा, सङ्कल्प पैसा दिई ।
गङ्गाजी मणिकर्णिका-मनि झरी, गोता लगाई-लिई ॥
द्रव्यादी मणिकर्णिकाजि रहने, घाटेहरूमा दिनू ।
यात्रा गर्न निमित्त काशि रहने, यौटा अगूवा लिनू ॥४९

७६८०

पैसा साटि रुमालमा भरिलिन्, पाई अधेला सबै ।
दानादी गरि [1]तारकश्वरजिको, दर्शन् किनामा गरि ॥
हेऱ्यो जो जलशायि घाटतिर यो, ढोकेर भन्नू तहाँ ।
हे विश्वेश्वर वृद्ध भैकन मरूँ, पोलून् मलाई यहाँ ॥५०॥

गर्नूँ दर्शन[2] ज्ञानवापि हिंडनू, कूवा छ ठूलो उहाँ ।
पानी दिन्छ अचाइ घूमनु अनी, ज्ञानादि मिल्ला तहाँ ॥
क्या राम्रो छ खुला सबै वरिपरी, जग्गा छ धेरै जहाँ ।
त्याहाँबाट गयो र दक्षिण उता, ढोका छ घूमी तहाँ ॥५१॥

चौसट्ठी जति लिङ्ग छन् वरिपरी, श्री धर्मराजेश्वर ।
त्याहाँबाट दखीन भैरवजि छन्, ढोका यता मन्तिर ॥
लक्ष्मीनारनको त दर्शन गरी, श्रीपार्वतीमा गयो ।
जो चर्णोदकका यता नकलि छन्, ती अन्नपूर्णा भयो ॥५२॥

---

(१) मुक्तिमण्डप यही हो ।

(२) साँचीका तारकेश्वर ता ज्ञानवापीका बसानेर छन् । सन् १९५७ अप्रिल १ देखि दोकडा, अधेला, ठूला पैसा, एकन्नी, दुअन्नी, सोह्र आनाको रुपियाँको चलन मासियो र १०० पैसे रु॰ को सिक्का चल्यो । खुद्रामा १, २, ३, ५, १०, २५, ५० पैसे पैसा बने ।

चर्णोदक् छ दुई सिंढी तल अवी-मुक्तेश्वरै छन् तहाँ ।
बीचमा देवल छन्, दुई अति असल्, पञ्चोमचाहींमहाँ ।।
सानू लिङ्ग छ दण्डपाणिश्वरको, बाहीर बीचमा पनि ।
वैकुण्ठेश्वरको त दर्शन गरो, विश्वेश्वरैको अनि ।।५३।।

कथा विश्वेश्वरको छ मन्दिर ठुलो, चाँदो सुनौला छ कास् ।
जस्ले दर्शन मात्र गर्दछ भने, कैलासमा पुग्छ नाम् ।।
त्याहाँबाट शनिश्चरेश्वर नकू-लेश्वर् हनूमान् पनि ।
ताहाँ द्रौपदि छन् प्रणाम गरि गो, श्रीअन्नपूर्णा[1] अनि ।।

बाफ् रे मन्दिर जो बुटा-सहितको, श्री अन्नपूर्णाजिको ।
जाहाँ जो दिन-रात पाठ गरछन्, वैकुण्ठका माफिको ।।
अर्को सुन्दर स्वर्ण-मूर्ति भयको, मन्दिर् छ पासैमहाँ ।
दर्शन् खुल्दछ भर् तिहार बहुतै, चढ्छन् मिठाई जहाँ।५५।।

मोटा गाई बहुतै वरिपरि नगिचै, बाँद्धछन् ताहिं गाई ।
मुखमा हेरी ति गाई छनमन गरछन्, अन्न ना माग्नलाई ।।

---

[1] (१) यहाँ पर्व-पर्वमा भारी जल्सा हुन्छ, हजारन् बिजुली बत्ती बल्दछन् ।

घुच्चा दी ती मुखै आँ गरि झुकिकन ती, अन्न दीए ति खान्छन्
यस्तो शोभा छ तेहीं अलिअलि सबले, गाइलाई दि जान्छन्

फेरी तेहिं कुबेरको गरि घुमी, यन्त्रेश्वरैको अनि ।
त्याहाँ वर्लनु ढुण्डिराज गुरुमा, गर्नू प्रणामै पनि ॥
जानू साक्षिविनायकै सय कदम्, दक्षीण दीशामहाँ ।
फर्की भैरव दंडपाणि भइ गो, मुद्दा यती हुन् यहाँ ॥५७॥

केदारेश्वर कोशभर् छ हिंडनू, आऊँनु जानू गरी ।
माहात्म्यै छ ठुलो गए असल हो, फर्कैर सिद्धेश्वरी ॥
श्री चन्द्रेश्वर चन्द्रकूप उहिं छन्, देखून छाया पर ।
जो बूधेश्वर मंगलेश्वर अनि, श्री आत्म-वीरेश्वर ॥५८॥

ढोकैनेर बृहस्पतीश्वर उता, छन् पर्वतेश्वर् जहाँ ।
ढोका लायर सिकि बन्द गरछन्, गुण्डा र गुण्डी तहाँ ॥
बाद्साहाकि सुपुत्रिलाइ लिइ पं-डित्राज् जगन्नाथले ।
श्रीगङ्गालहरी बनाइ गयको, भन्छन् यहीं हो अरे॥५९॥

गङ्गा रामनगर्जि दर्शन गरून्, श्री काशिवासेश्वर ।
श्रीकृष्णेश्वर याज्ञवल्क्य र हरि-श्चन्द्रेश्वरै छन् पर ॥

वाम्देवेश्वरजी अरुन्धति वसि-ष्ठेश्वर् अनी बाहिर ।
श्रीचिन्तामणि छन् गणेशतिरमा, छन् ती यमेश्वर् फिर ।।

विन्ध्यैवासिनि सङ्कटा भगवती, नागेश्वरैमा गयो ।
श्रीअग्नीश्वर तेहिं छन् ति उपशान्तेश्वर् र रामघाट् भयो ।।
गर्नू दर्शन रामको अनि तहाँ, आनन्दभैरव्जिमा ।
बालाज्यूतिर गो गभस्तिश्वरमा, श्री मंगलागौरिमा ।।
[1]सत्येनारनबाट जानु नजरै, दी द्वारिकानाथ् तिरै ।
बिन्दूमाधवको त दर्शन गरी, गो पंचगंगेश्वरै ।।
दुर्गाजीतिर जानु दर्शन गरी, दुग्धैविनायक् भयो ।
पापभक्षेश्वर कालभैरवजिमा, ढोकेर भित्रै गयो ।।६२।।

गंडा बाँधि घुमाइ ठोकि कुचिले, हेर्छन् ति पैसातिर ।
दाहीने परि कालभैरवजिका, छन् [2]शीतला बाहिर ।।
श्री मृत्युञ्जय जानुपर्छ बिचमा, ऋण्मोचनेश्वर् भई ।
रत्नेश्वर् पनि त्याहिं छन् बुझ्नुहोस् [3]मृत्युञ्जयैमा गई ।।

---

(१) पांचायन देवता छन् । संकटाको तेजी जाज्वल्य मूर्ति छ, वरिपरि नक्काशीको काम छ । (२) शीतला घाटमा, दशाश्वमेधमा, सिद्धेश्वरीमा पनि छन् । (३) जलहरी छुन्डाएको १।) लिन्छन् ।

चीहूरा दहि सोमवार सबले, द्रव्यादि राखी पुजा ।
रूद्री पाठ जपादिले गरि अकाल्लाई इ पार्छन् धुजा ॥
श्रीनागेश्वर मालतीश्वरजिको, श्री वृद्धकालैमहाँ ।
श्रीकालेश्वर जानुपर्दछ अनी, धन्वन्तरीश्वर् जहाँ॥६४॥

ठूलो कूप छ वृद्धकाल अघिको, रोगादि लागेमहाँ ।
पानी पेटभरो पिए शरिरको रोगादि जाला तहाँ ॥
स्वर्गारोहणको जसै बखत भो, धन्वन्तरीले पनि ।
कूपैमा सब औषधी भरि गए,प्राणी सुखी हुन् भनी॥६५॥

माहारोगि पनी सधैं जल पिई, स्नानादि गर्छन् यहाँ ।
कैयौं रोगिहरू निका भइ गए, यो बात साँचो तहाँ ॥
दीसा हुन्छ खलास पानि पिउँदा, हल्का छ पानी अति ।
आठ् खम्भातिरबाट झिक्नु जल जो,आठ् स्वाद हूने तति॥

साउन्का रविवारमा त पइसा, दीयेर हुल्ला गरो ।
न्वाही अमृतकुण्ड वृद्धकुपमा, न्वाहूँदछन् है भरि ॥
एकै कोश छ लाठभैरव गए, एक्का चढे तापनि ।
ओम्कारेश्वरमा गई फरकनू , यात्रा सकीयो भनी॥६७॥

यो जो हो मइले त एक रितिको, यात्रा गराएँ यहाँ ।
संक्षेपी रितिको छ यो विधि सबै, सम्पूर्ण हुन्थ्यो कहाँ ।।
बन्ला लौ पछि काशि-दक्षिणतिरै, जो विश्वविद्यायल ।
मानस्-मन्दिर यी दुवैकन गई, हेर्नू त होला जय ।।६८।।

अष्टमहाभैरव यात्रा

रूरूभैरव छन् इ बूझ हनुमान्, घाट्मा पहीला भए ।
दोस्रा जो बुझ चण्ड भैरव र दु-र्गाकुण्डमा छन् गए ।।
तेस्रा जो असिताङ्ग भैरव पनी, छन् वृद्धकालेमहाँ ।
चारौंचाहिं कपाल भैरव पनी, छन् लाठभैरव् जहाँ ।।६९।।

कामाक्षान्यर क्रोध भैरवजि छन्, उन्मत्त भैरव् पनि ।
छैटौं ई भिमचंडिका सटकमा, छन् पंचकोशो-मनि ।।
सातौंचाहिं त छन् त्रिलोचनमहाँ, संहार भैरव् तहाँ ।
आठौं भीषण भैरवै बुझ इ जो, छन् भूतभैरव् जहाँ।।७०।।

आइत् मङ्गलमा चतुर्दशि तिथो-मा अष्टमीमा भयो ।
यात्रा भैरवको गरे यदि भने, पापादि जानेछ यो ।।

मेरो बिन्ति यही छ वर्ष दिनमा, एक्फेर सोद्धै गई ।
आठै भैरवको त दर्शन गरी, आउनु शुद्धै भई ।।७१।।

नवदुर्गा यात्रा

नौ दुर्गाहरु काशिमा प्रकट छन्, यात्रादि गर्नू भनी ।
ई याहीं छन है भनी भनद्छू, गल्लो महल्ला पनि ।।
यी पैल्हो हुन शैलपुत्रि मढिया, घाटै नजीकै यि छन् ।
दुर्गाघाटमहाँ द्वितीय बुझ्नू, श्रीब्रह्मचारीणि छन्।।७२।।

चन्दू नाउकि गल्लिमा भगवती, छन् चित्रघण्टा पनि ।
कूष्माण्डा पनि चारऊ बुझ्नु दु-र्गाकुण्डमा छन् भनी ।।
जो वागीश्वरि हून ती बुझ्नु पाँ-चौं स्कन्दमाताजि ता ।
छन् कात्यायनि छैटऊँ नजिकमा, आत्माविरेश्वर् उता ।।

सातौंचाहिं ति कालिकागलिमहाँ, छन् कालरात्री तहाँ ।
आठौंचाहिं र सङ्कटा बुझ महा-गौरी यिनै हुन् यहाँ ।।
नौवौंचाहिं र सिद्धिदा इनि बुला-नालामहाँ छन् इ ता ।
नौ दुर्गा इनि हून दर्शन सबै, गर्नूहवस् येति ता ।।७४।।

भौमैवार कि ता चतुर्दशिमहाँ, की अष्टमीमा त यो ।
दुर्गा पूजन गर्छ जो खुशि भई, सूखी सधैंको भयो ॥
नौ दुर्गा नव-रात्रिका त दिनमा, घर्का जहानै भई ।
जो यात्रा गरला त सिद्धि मिलला, काशीपुरीमा गई ॥

विघ्नादीहरु नाश हुन्छन सबै, आराम भै गाथको ।
दुर्गाकुण्ड नुहाइ दर्शन गरे, पाप् जान्छ नौ जन्मको ॥
दुर्गा दर्शन वर्षदीन तकमा, जो गद्ईनन् यहाँ ।
आपत्तीहरु पाउ-पाउभरिमा, मिल्ला अवश्यै तहाँ ॥७६॥

* * *

वार्षिकी यात्रा

मीती चैत्रवदो प्रतीपदमहाँ, चौसट्ठि[1] योगीनिको ।
जो दर्शन् गरला त वर्ष दिनतक्, सुख् हुन्छ यैं स्वर्गको ॥
मोती चैत्रवदी चतुर्दशिमहाँ, केदार यात्रा गरे ।
जो पापादि छ सात जन्मतकको, त्यो नाश होला भरे ॥

---

(१) मङ्गलागौरी हून् पनि भन्छन् ।

मीती चैत्रसुदी प्रतीपदमहाँ, नौओटि[1] दुर्गाजिको ।
दुर्गाकुण्ड नुहाइ दर्शन गरे, पाप् जान्छ नौ जन्मको ॥
मीती चैत्र सुदी तिथो र तृतिया-मा मङ्गलागौरिको ।
पूजा दर्शन गर्छ प्रीति भइ जो, सौभाग्यका निम्तिको ॥

देवी जो [2]विश्वबाहुका र अरको, आशाविनायक्महाँ ।
यात्रा चैत्सुदि तिर्तिया दिन गरे, मिल्ला मनोरथ् तहाँ ॥
चैत्सूदी तृतियामहाँ बुझ्नुभो, [3]श्रीपार्वतीश्वर्महाँ ।
पूजा दर्शन जो मनुष्य गरला, सौभाग्य मिल्ला तहाँ॥७९॥

चैत्सूदी तिथि अष्टमी दिनमहाँ, [4]श्रीअन्नपूर्णाजिको ।
पूजा ध्यान प्रदक्षिणा गर सुखी, होला यकै सालको ॥
सारा पृथ्वि परिक्रमा गरियको, फल् मिल्छ पक्का भनो ।
[5]काशीखण्डमहाँ छ एकसठि जो, अध्याय हेरे पनि ॥८०॥

---

(१) का० ४५ अ० मा छ, ई राणामहालमा छन् ।
(२) का० ७७ अध्यायमा छ ।
(३) नव दुर्गा यात्रामा हेर्नू ७१ अध्यायमा छ ।
(४) धर्मकूपनेर छन् का० ८० अध्यायमा छ ।
(५) त्रिलोचन आदि महादेवनेर छन् का० ९० अध्यायमा छ ।

जो की चैत्रसुदी कि अष्टमि तिथी-का दीन न्वाही जहाँ ।
मन्दाकीनि र [1]मध्यमेश्वरजिको, पूजा गरेको महाँ ॥
एक्काईस् कुल तारिदिन्छ सहजै, लड्डू दुवै हातमा ।
काशीखण्डमहाँ छ हेरनु सतान्-नब्बे त अध्यायमा ॥८१॥

रामैघाट नुहाइ रामनवमी–का दीनमा रामको ।
पूजा दर्शन पाठ गर्नु फल ता, मिल्ला सबै धर्मको ॥
मीती चैत्र सुदी त्रयोदशिमहाँ, [2]कामेश्वरैमा गए ।
पूजा दर्शन गर्नुहोस नचुकी, सब् काम सिद्धी भए ॥८२॥

मीती चैत्रसुदी चतुर्दशिमहाँ, गन्धाक्षता ली झरे ।
हूँदैनन् पशु-योनि जो, [3]पशुपतीश्वर्को त पूजा गरे ॥
यात्रा चैत्रकि पूर्णिमा दिन गरे, सिद्धेश्वरीमा[4] गई ।
श्रीचन्द्रेश्वर चन्द्रकूप[5] पुजनू, धर्मादि मिल्ला कई ॥८३॥

केदारेश्वरको[6] पनी गर पुजा, चैतैकि पूर्ण्यमहाँ ।
सारा भैरवि यातना रति पनी, लाग्दैन कत्ती तहाँ ॥

---

(१) गोरखटिल्लामा छन् । (२) रुद्रावास क्षेत्रदेखि दक्षिण । (३) परशुरामेश्वर उता पशुपतीश्वर छन् । (४) हाडावागमा छन् असी यता । (५)वृद्धकाल यता छन् । (६) त्रिलोचन घाटमा छन्, का० ७५ अध्याथमा छ ।

पूर्ण्या चैत्रकि हंस-तीर्थ पुजनू, [१]श्रीकृत्तिवासेश्वर ।
काशीवास गरीयको फल सबै, मिल्नेछ दर्शन् गर ।।८४।।

पूजा अक्षय तिर्तिया दिन गरे, त्रीलोचनेश्वर्‌जिको ।
पापै पाप गरीयको मनपरी, नाश् हुन्छ दुःखादिको ।।
वैशाखै सुदि तिर्तिया परशुरा-मेश्वर्‌जि यात्रा गरे ।
आयू जो बढला र रोग हरला, आराम होला भरे ।।८५।।

वैशाखै सुदिकी चतुर्दशिमहाँ, मत्स्योदरी नाघनू ।
ओंकारेश्वरको त दर्शन गरी, आनन्द मुक्ती लिनू ।।
वैशाखै सुदिकी चतुर्दशि दिनै, नृसिंह यात्रा भए ।
सन्सारी भय हुन्न जान दुरगा-घाटै यता छन् गए।।८६।।

यात्रा गर्दछ वीर तीर्थ जसले, बैशाखकी पूर्णिमा ।
श्री सन्तान अवश्य हुन्छ छन ई, श्री सङ्कटा घाटमा ।।
न्वाहू रोज दशाश्वमेध[२] दश दिन्, ज्येष्ठै सुदीको परे ।
वाँदेखी दशमीतकै लिनु सबै,[३] यज्ञादिको फल् भरे।।८७।।

---

(१) काश्मिरी महलनेर (२) दशाश्वमेधमा (३) ज्ञानवापी पूर्व पिप्पल मनि छन्, का. ९१ अ. मा.

न्वाहू रुद्रसरोवरै जि सुदिका, ज्येठ्का दुतीया दिन ।
नाशै हुन्छन दूइ जन्मसमका, पापादि तेसै दिन ॥
भूतै भैरवनेर जेठ सुदिका, जो अष्टमीमा जहाँ ।
ज्येष्ठागौरिजिको त दर्शन गरे, सौभाग्य मिल्ला तहाँ ।८८।

जानूहोस दशाश्वमेध तिरमा, पूजादि याहाँ भयो ।
पापादी दश जन्मको दशहरा-मा न्वाहुनाले गयो ॥
श्रीगङ्गेश्वरको पुजा दशहरा-का दीन गर्नू जहाँ ।
थुप्रो पाप हजार जन्मसमको, सो नाश होला तहाँ ॥८९॥

गङ्गा-पूजन गर्छ जो दशहरा-का दीन भक्ती गरी ।
भारी भोग गरेर मुक्ति मिलला, तस्मात् अगाडी सरी ॥
यात्रा ज्येष्ठ सुदो चतुर्दशिमहाँ, ज्येष्ठेश्वरैको गरे ।
पापादी सय जन्मको छुटिगयो, छन् भूतभैरव् अरे॥९०॥

मीती ज्येष्ठ सुदो चतुर्दशिमहाँ, ज्येष्ठै विनायक्महाँ[१] ।
पूजा गर्दिनु विघ्न जान्छन सबै, छन् [२]भूतभैरव् जहाँ ॥

---

(१) सप्तसागर (२) काशीरहस्यका १३ अ० म० शंखुधारा ।

ज्येठ्सूदि तिथि पूर्णिमादिन असी, सङ्गं नुहाई दिनू ।
गङ्गासागर नाम तीर्थ सबमा, नूहायको फल् लिनू ।।९१।।

आषाढीश्वरको त दर्शन पुजा, आषाढ पूर्ण्या भए ।
पापादीहरु नष्ट हुन्छन सबै, काशीपुरीमा गए ।।
पूर्ण्याका दिन सप्तसागर गयो, आषाढ शुक्लैमहाँ ।
घंटाकर्ण छ तीर्थ मार्जन गरी, गो व्यासकूवा तहाँ ।।९२।।

सातै कूल समेत तारदछ गै, पूजा गरे बातमा ।
काशीखण्डइमा छ हेरनु सता-न्नब्बे त अध्यायमा ।।
पूजा गर्दछ नागपञ्चमिमहाँ, जो नागकूवा गई ।
वासूकीश्वर तीर्थ पूजन गरी, कर्कोट नागै भई ।।९३।।

सर्पादी-भय केहि हुन्न हिंडनू, नाटीइमीली उता ।
काशीखंडइमा छ दृष्टि दि म ता, नब्बे त अध्याय ता ।।
स्नानादी गर साउनै भरि त श-ङ्खोद्धार तीर्थैमहाँ ।
द्वारीका गइ एक धाम भयको, पाइन्छ सो फल् तहाँ।।९४।।

केदारेश्वर जाउ साउन–सुदी, सौंवारका दीनमा ।
आइतवार र वृद्धकाल हिंडनू, स्नान् गर्नु ईनारमा ।।

कामाक्षी पनि जानु मङ्गलमहाँ, साऊन सूदीभरि ।
ईच्छा सिद्धि अवश्य हुन्छ बुझ्नू, यात्रा सबैले गरी ॥ ९५ ॥

सूदी श्रावणकी चतुर्दशि दिनै, आदी[1] महादेवमा ।
पूजा दर्शन दंडवत् गरिसकी, राख्यो पवित्रा जमा ॥
पाताल् स्वर्ग र मर्त्यमा शिवजिका, यावत् जती लिङ्गका ।
पूजा दर्शनले जती फल छ याँ, सो मिल्छ है यीनका ॥ ९६ ॥

मीती भाद्रवदी तिथी र तृतिया-का दीन मीर्घाट्महाँ ।
पैल्हे गर्नु विशाल तीर्थ र विशा-लाक्षीजि पूजा तहाँ ॥
जो गर्ला सुन काशिवास भयको, मिल्ला फलै हातमा ।
काशीखंडइमा छ सत्तरि जउन् हेर्नोस अध्यायमा ॥ ९७ ॥

लाठै भैरव पंचपुष्करिणिमा, कूशे अऊँसीमहाँ ।
न्वाहे भैरवियातना रति पनी, लाग्दैन जानू तहाँ ॥
मीती भाद्रसुदी त षष्ठि तिथिमा,[2] लोलार्क यात्रार्थमा ।
न्वाहो सूर्यपुजा र दान गरनू, कल्पादि योग् हातमा ९८ ॥

---

(१) त्रिलोचन का० ६९ अ० मा छ ।
(२) भदैनी

आश्विन्का नवरात्रमा दिनदिनै, जो धर्मकूपै[1] गयो ।
जो पूजा विश्वबाहुका चरणमा, गर्ला मनोरथ् भयो ।।
आश्विन्का नवरात्रमा दिनदिनै, चौसट्ठि योगीनिको ।
गर्नू दर्शन आउने वरष तक्, नाश् हुन्छ विघ्नादिको ।९९।

जो न्वाहूँछ सबेर कार्त्तिकभरी, श्रीपंचगङ्गामहाँ ।
बिन्दूमाधवको पुजा र सुन दान्, जो गर्छ भन्छू यहाँ ।।
फल् मिल्ला शयवर्ष तप् गरियको, ठूलो छ माहात्म्य ता ।
काशीखण्डमहाँ छ यो उनसठी, अध्याय हेर्नू पता।।१००।।

जो कार्त्तीक सुदीकि अष्टमिमहाँ, जो मीरघाटै गए ।
श्री धर्मेश्वर धर्मकूप उहिं छन्, साष्टाङ्ग पूजा भए ।।
जो जो धर्म गरीयको फल सबै सो मिल्छ जानू भरे ।
काशीखंडमहाँ छ यो अठहतर्, अध्याय हेर्नू भरे।।१०१।।

कार्त्तिक् शुक्लकि जो चतुर्दशिमहाँ, विश्वेश्वरैमा गए ।
भुक्ती मुक्ति अवश्य मिल्छ बुझनू, पूजा र दर्शन् भए ।।

---

(१) दशाश्वमेध राणामहलनेर ।

जो की मार्ग वदीकि अष्टमिमहाँ, श्री कालभैरव्जिको ।
पूजा मार्जन कालकूप दुइको, गर्नूभयाको निको ॥१०२॥

दोषादीहरु लागदैन कलिको, ई काशिका नाथ हुन् ।
काशीखंडमहाँ छ एकतिश जो, अध्याय हेरी भनुन् ॥
जस्ले आइतवार मङ्सिरमहाँ, लोलार्क यात्रा गरे ।
आऊने यहि वर्षदीन समको, पाप् जान्छ भक्तो धरे ॥३॥

षष्ठी सप्तमिमा पनी गर पुजा, ई छन् भदैनीमहाँ ।
काशीखंडमहाँ छयालिस जउन्, अध्याय हेर्नू तहाँ ॥
जो एकादशि मार्गशुक्लकिमहाँ, श्री कालमाधव् गए ।
जो की भैरवदेखि यस्तिर इ छन्, पूजा र यात्रा भए ॥४॥

तेस्लाई कलियूगको भय जती, लाग्दैन कत्तो पनि ।
काशीखंडमहाँ छ एकसठि नै, अध्याय देखे अनि ॥
मङ्सिर् शुक्ल चतुर्दशी तिथिमहाँ, पीशाचमोचन् गए ।
त्वाहो दर्शन पिंडदान गरनू, डूबेर मर्नें भए ॥५॥

यिन्को सत्गति हुन्छ तीर्थहरुमा, जो दान् लिएको पनि ।
दोश् लाग्दैन प्रमाण हेरनुहवोस्, चउन्न अध्ये भनी ॥

भृगूकेशवको त दर्शन गरे, मङ्सीरि पूर्ण्यांमहाँ ।
संसारी जति रोगको भय पनी, हूँदैन कत्ती यहाँ ॥६॥

काशी पूरि प्रदक्षिणा गरियको, फल् मिल्छ तत्कालमा ।
गोलाघाटमहाँ इ छन् बुझनु भो, एकसट्ठि अध्यायमा ॥
पुस्का आइतवार चाहिं [1]नरना–रायेण तिर्थैं गरी ।
नर्नारायणको त दर्शन गरे, फल् मिल्छ वदो सरी ॥७॥

[2]माथाघाट इ उत्तरार्क बुझनू, पुस्का रवी वारमा ।
गर्नूं दर्शन काशिवास भयको, मिल्ला फलै हातमा ॥
पुस्का आइतवार जानु अलई–पूरामहाँ सूर्यं छन् ।
नाऊँ ता सुन उत्तरार्क यिनको, पूजादि जो गर्दछन् ॥८॥

काशीवास गरीयको फल जती, पाइन्छ सो हातमा ।
काशीखंडमहाँ छ जो कि सतचा–लीसै त अध्यायमा ॥
माघै मास प्रयाग तीर्थ र प्रया–गेश्वर्जि दर्शन् गरी ।
दर्शन् गर्नु दशाश्वमेध्मनि प्रयाग्, माधव्जिको त्यस् घरि॥

---

(१) आत्महत्या अकालबाट मर्नेहरूलाई पिशाच मोचन तीर्थमा त्रिपिंडी श्राद्ध गरिदिए सत् गति हुन्छ। (२) माथाघाटनेर का० ६१ अ० मा छ।

माघैमा र प्रयाग् नुहाइ भयको, फल् मिल्छ सब्ले गरुन् ।
काशीखंडमहाँ छ तीन् बिस र एक्, अध्याय खोजी पढुन्।
पूजा गर्नु बड़ागणेश गुरुको, माघै–बदो चौथिमा ।
दूर्वा लड्डु दि वक्रतुण्ड पुजनू विघ्नादिका नाशमा ॥१०॥

मिती माघसुदो चतुर्दशि [1]अबी-मुक्तेश्वरैमा गए ।
काशीवास गरीयको फल सबै, सो मिल्छ पूजा भए ॥
सूदी माघकि चौथिमा त तिलका, लड्डू चढाई जहाँ ।
ढुंडीराज गणेशको गरि पुजा, खानू प्रसादी तहाँ ॥११॥

काशीवास गरीयको फल मिलो, विघ्नादिको नाश् भयो ।
हेर्नूहोस कथा पचास अनि सात्, अध्यायमाहाँ छ यो ।
माघै सूदिकि सप्तमी त तिथिमा, श्री [2]केशवादित्यको ।
पूजा दर्शनले त सात् जनमको, नष्टै भयो पापको ॥१२॥

फागुन्कृष्ण चतुर्दशी दिन–पुजा, रत्नेश्वरैको गरे ।
बाटैमा छन वृद्धकालजि यता, स्त्रीरत्न मिल्ला भरे ॥

---

[1] विश्वेश्वर नेर

[2] आदिकेशव नेर ।

फागुन् सूदि चतुर्दशो दिन पुजा, रत्नेश्वरैका पर।
गर्नू मार्जन हंसतीर्थ पुजनू, श्री कृत्तिवासेश्वर ॥१३॥

यस्को यै फल सर्व धर्म मिलला, जानू सबै हातमा।
काशीखंडमहाँ छ हेरनु झिकी, अठ्सट्ठि अध्यायमा॥
फागुन्सूदिकि पूर्णिमा दिन गई, जो नैमिषारण्यमा।
जो यात्रा गरला उ धन्य बुझनू, छन् ढुण्ढिराजादिमा।१४।

चौधोटा शिवलिङ्ग दर्शन गरुन्, ई जो क्रमैले गरी।
औंसी–पच्च प्रतीपदा तिथि लिई, चतुर्दशी दिन्भरि॥
लौ यात्रा गर कामनाहरु सबै, सिद्धै हुने छन् अरे।
काशीखंडमहाँ बहत्तर यता, अध्याय हेरे भरे ॥१५॥

काशीदेविजिको[१] त द्वादशि दिनै, पूजा गरेकामहाँ।
काशीवास गरीयको फल पनी, सम्पूर्ण मिल्ला तहाँ॥
औंसीका दिन [२]चन्द्रकूप घुमनू, सिद्धेश्वरी सर्कनू।
भुक्ती मुक्ति अवश्य मिल्छ बुझनू, पूजा गरी फर्कनू।१६।

---

(१) ललिताघाटमा छन्
(२) सिद्धेश्वरीमै छन्।

पूजा आइतवार गर्न हिंड़नू, लोलार्क यात्रा जहाँ।
कुष्ठी रोग पनी त नाश गरने, ई छन् भदैनीमहाँ॥
जाऊ आइत वारमा गर पुजा, लोलार्कका पासमा।
त्याहाँ अर्क विनायकै छन पुजे, आराम भो गाथमा।१७।

सौंवार्का दिन जानुहोस करुणे–श्वर्का त यात्रामहाँ।
त्रिसन्धेश्वरनेर छन् फल त का–शीवास होला तहाँ॥
पूजा मङ्गल चौथिका दिन गरे, गै मङ्गलेश्वर्महाँ।
बाधा हुन्न नवग्रहादिहरुको, ई छन् बुधेश्वर् जहाँ॥१८॥

बूधे अष्टमि पर्न गो यदि भने, बूधेश्वरैमा गई।
पूजे ई छन मङ्गलेश्वर यता, सूबुद्धि मिल्ला कई॥
बोहीवारइ पुष्य पर्न गयमा, बृहस्पतीश्वर्महाँ।
माहापातक पाप छूटछ पुजा, ढोगी दियाको तहाँ॥१९॥

जो शुक्रेश्वर शुक्रवार पुजनू, ढोगी दिनू काशिमा।
श्री सन्तान अवश्य हुन्छ बुझनू, श्रीकालिका गल्लिमा॥
शन्शर्वार शनिश्चरेश्वरमहाँ, पूजा प्रणामै भए श्री।
विश्वेश्वरनेर छन् इ शनिको, हूँदैन बाधा गए॥२०॥

बीहीवार् व्यतिपात पौष वदिको,जुन् अष्टमीमा इ तीन् ।
एकै दीन परे ठुलो बुझ्नु ज्ञा–नैवापि यात्रार्थ दिन् ।।
कोटि श्राद्ध गयाजिमा गरियको, फल्‌मिल्छ ज्ञान्वापिमा ।
काशीखंडमहाँ छ यो बुझ्नु है, तेत्तीस अध्यायमा ।।२१।

आरद्रा र चतुर्दशी उहि दिनै, पऱ्यो भने सो पनि ।
रुद्रावासजिको पुजा गरिदिये, छन् हंस तीर्थैमनि ।।
कोटी लिङ्ग पुजा सबै गरियको, मिल्ला फलै हातमा ।
काशीखंडमहाँ छ हेरनु सता-न्नब्बे त अध्यायमा ।।२२।।

औंसी मङ्गलवार पर्नँ गयमा, केदार तीर्थैमहाँ ।
पिण्डादी दिनुहोस एक सय कुल्, उद्धार होला तहाँ ।।
भौमैवार चतुर्दशी भरणि तीन् एकै दिनैमा परी ।
पिण्डादी [1]यमतीर्थमा दि फल ता, होला गयाजी सरी ।।

पूजा तीर्थ र कालभैरवजिको, भौमाष्टमीका दिन ।
जो गर्ला कलियूग भाग्दछ उता, छोला कलीले किन ।।

१—सङ्कटा घाटमा छन् ।

सौंवारे अउँसीमहाँ कपिल धा–रामा सराद्धै गरे ।
फल्मिल्लासयचोट्गयागरियको, संयोग तेस्तै परे ।।२४।।

सौंवारे अउँसीमहाँ गइ शराद् , श्री चन्द्रकूप्मा गरी ।
तीनै रीण तिरी गयाजि गयको, फल् मिल्छ सिद्धेश्वरी ।।
पूजा गर्नु शनि प्रदोष भयमा, कामेश्वरैमा परी ।
कामादी गरदा त पाप भयको, नाश् हुन्छ मत्स्योदरी ।।

यात्रा जो नवमीमहाँ गरनु से–तुबन्ध रामेश्वर ।
मानै मन्दिरनेर छन् फल ठुलो, मिल्लाजि दर्शन् गर ।।
मुक्तीको ढुकुटी नटूटि रहने, काशी अवीनाशिको ।
यात्रा वार्षिकि सिद्धियो गजपको, दोस्ती छ अज्ञानिको ।।

सिंहैमा त बृहस्पतीजि भयमा, गोदावरीमा भयो ।
लाग्दा सूर्यग्रहण् नुहाउन भनो, जो पुण्यक्षेत्रै[1] गयो ।।
चार्धाम् सप्तपुरी र तीर्थजलमा, पीठादिमा थानमा ।
जाँदा जो फल मिल्छ, मिल्छ फल त्यो बस्ता सधैं काशिमा

—०—

१—पुण्यक्षेत्र भनेको कुरुक्षेत्र हो ।

काशीको महिमा—

अकालमृत्युहरणं सर्व - व्याधि - विनाशकम् ।
विष्णोः पादोदकं पीत्वा पुनर्जन्म न विद्यते ॥

समय नपुगी नमरिने, सारा रोग नाश्ने, गङ्गाजीको पानी पिएर काशीवास गर्ने सदाचारी व्यक्ति फेरि जन्मँदैन अर्थात् मुक्त हुन्छ ।

सप्तपुरी-यात्रा

काशी रहस्यका तेह्र अध्यायमा भएको सप्तपुरीयात्रा चित्त लगाई गर्‍यो भने सम्पूर्ण तीर्थयात्रा गरेको फल अवश्य मिलोस् भनी लेखेको छ । यसमा नचुक्नू , यात्रा गरिहाल्नू । गर्ने विधि—मथुरातीर्थाय नमः (नखीघाट) चैत र वैशाखमा । अयोध्यातीर्थाय नमः (रामेश्वर) जेठ-असारमा । द्वारावती तीर्थाय नमः (शङ्खोद्धार) साउन र भदौमा । विष्णुकाञ्चीतीर्थाय नमः (पञ्चगङ्गा) असोज र कार्तिकमा । अवन्तिकातीर्थाय नमः (वृद्धकालमा) मङ्सिर र पौषमा । हरिद्वार तीर्थाय नमः (असीसङ्गम) माघ र फागुनमा । काशीपुर्यै नमः (ललिताघाटमा) छन् जानुहोस् । सप्तपुरी काशीमै छन् , कसैलाई खबरै छैन । अन्यत्र देशमा घुम्नाका के काम ? यावत् देवताहरू काशीमै छन् ।

पञ्चक्रोशी यात्रा प्रारम्भः

अन्यक्षेत्रे कृतं पापं पुण्यक्षेत्रे विनश्यति ।
पुण्यक्षेत्रे कृतं पापं गङ्गातीरे विनश्यति ॥१॥
गङ्गातीरे कृतं पापं वाराणस्यां विनश्यति ।
वाराणस्यां कृतं पापमन्तर्गृहे विनश्यति ॥२॥
अन्तर्गृहे कृतं पापं वज्रलेपो भविष्यति ।
वज्रलेपच्छिदं ह्येतत्पञ्चक्रोशप्रदक्षिणम् ॥३॥

यसको अर्थ—अरू स्थान, देशमा गरेको पाप कुरुक्षेत्रमा नष्ट हुन्छ, कुरुक्षेत्रमा गरेको पाप गङ्गाका तीरमा नष्ट हुन्छ, गङ्गाका तीरमा गरेको पाप काशीमा नष्ट हुन्छ, काशीमा गरेको पाप अन्तर्गृहीमा नष्ट हुन्छ, अन्तर्गृहीमा गरेको पाप वज्रलेप हुन्छ। त्यस वज्रलेपलाई पनि पञ्चक्रोशी गर्नाले नाश गरिदिन्छ। तस्मात् काशीको प्रदक्षिणा गरेजस्तो धर्म केही छैन; तसर्थ शास्त्रोक्त रीतिले लेख्दछु—काशीको प्रदक्षिणा २३॥ कोश (४७ मील) को वरिपरिको फेरो पर्दछ। पञ्चक्रोशी यात्रा मणिकर्णिका घाटबाट आरम्भ हुन्छ। मणिकर्णिकाबाट—कर्दमेश्वर ६ मील, भीमचण्डी १६ मील, रामेश्वर ३० मील, शिवपुर ३८ मील, कपिलधारा ४४ मील, मणिकणिका ४७ मील पर्दछ। यी सब स्थानमा भारी भारी धर्मशाला छन्। एक

मानिस अघिबाट गई डोरी टाँगी रोकी राख्नुपर्छ नत्र ठाउँ पाइन्न । जो परलोक भएको छ उही वर्षमा उसैका निमित्त पञ्चक्रोशी गरिदिनुपर्छ । नेपालमा उसैका नाममा सद्मी छर्नुपर्छ । पञ्चक्रोशी गर्ने महीना एक मत असौज, कार्तिक, मंसिर यी ३ महीनामा गर्नु भन्ने पनि छ । अन्यत्र माघ, फागुन, चैत, वैशाख यी ४ महीना उत्तम भनी लेखेको छ । अघिपछिभन्दा फागुनमा लश्कर हुन्छ । कहाँ कहाँ बस्ने हो, कति दिनमा गर्ने हो सो पनि नजर होस् —

एकरात्रं तु मध्ये यः प्रविशेच्छुचिमानसः ।
वरुणायास्तटे रम्ये स याति परमां गतिम् ॥१॥

(१) एक रात रामेश्वरमा बसी दोस्रा दिन विश्वेश्वरादिको दर्शन गरी आफ्ना घर आउनू । एक रात्रिको पञ्चक्रोशी कहलाउँछ जो गर्दा परमगति प्राप्त हुन्छ ।

द्विरात्रं२ वसतिं मध्ये यः कुर्याद्धर्मतत्परः ।
प्रथमं चण्डिकाक्षेत्रे द्वितीयं वरुणातटे ॥२॥
दिवसं तु वसेद्धीमान् ततो विश्वेश्वरं व्रजेत् ।
यस्तु३ त्रिरात्रमुषितो मध्ये भवति पार्वति ॥३॥
दुर्गास्थले भीमचण्डयां रामेशं वा समृच्छति ।
वसतिं यस्तु कुरुते मध्ये दिनचतुष्टयम् ॥४॥

प्रथमां वसतिं कुर्यात् कर्दमेश्वरसन्निधौ ।
द्वितीयां भीमचण्ड्यां तु रामेशे तु तृतीयिकाम् ॥५॥
चतुर्थीं कपिले क्षेत्रे वसतिं परिकल्पयेत् ।
राजवृद्धकुमाराणां यथेष्टं वास इष्यते ॥ ६ ॥

(२) धर्ममा तत्पर भएका मनुष्य पहिलो रात भीमचण्डीमा; दोस्रो रामेश्वरमा बसी तेस्रा रातमा विश्वेश्वरादिको दर्शन गरी आफ्ना घरमा आइपुग्दछन् ।

(३) त्रिरात्रको पञ्चकोशी गर्ने दुर्गाजीमा १ वास, भीमचण्डीमा १ वास, रामेश्वरमा १ वास बसी विश्वेश्वरादिको दर्शन गरी आफ्ना घर आउँदछन् ।

(४) चार दिनको पञ्चकोशी गर्ने कर्दमेश्वरमा, भीमचण्डीमा, रामेश्वरमा, कपिलधारामा बसी विश्वेश्वरादिको दर्शन गरी आफ्नू घर आउँदछन् । राजा, बूढा, बालकहरूलाई जहाँ बसे पनि हुन्छ ।

काशीरहस्यमा दुर्गाजीमा वास १, कर्दमेश्वरमा वास २, भीमचण्डीमा वास ३, रामेश्वरमा वास ४, कपिलधारामा वास ५ गरी विश्वेश्वरादिको दर्शन गरी आफ्ना घर आइपुग्ने विधान छ सोही लेखिन्छ ।

पञ्चकाशी गर्ने पूर्व दिन माने अघिल्ला दिन ढुंडिराजको पूजाको निमित्त सङ्कल्प गर्नुपर्छ । सङ्कल्प पढ्दै जानू र—'मम करिष्यमाण-

पञ्चक्रोशीयात्राङ्गभूतं यथासंभवनियमाद्युपेतः असति प्रतिबन्धे ढुंढिविनायकपूजनमहङ्करिष्ये'—भनी पूजा गरी हविष्यादि भोजन गरी भोलिपल्ट बिहानै उत्तरवाहिनीका पञ्चगङ्गादि घाटमा नुहाई विश्वेश्वरको पूजा गरी काशीखंडका १०० अध्यायका नित्यनैमितिक यात्रा गर्नुपर्दछ, सो विस्तार—

आदित्याय नमः १, द्रौपद्यै नमः २, विष्णवे नमः३, दण्डपाणये नमः ४, महेश्वराय नमः ५, ढुंढिराजाय नमः ६, ज्ञानवाप्यै नमः ७, नन्दिकेश्वराय नमः ८, तारकेश्वराय नमः ९, महाकालेश्वराय नमः १०, पुनर्दण्डपाणये नमः ११, विश्वेश्वराय नमः १२, अन्नपूर्णायै नमः १३। यति नित्य यात्रा गरी मुक्तिमण्डपमा उत्तरतिर फर्की बसी काशीरहस्यका १८ अध्यायका काशीको ध्यान पढ्नू—

श्यामा षोडशवार्षिकी सुकरुणामूर्तिर्दधाना वरं
हस्ताभ्यामभयं च विश्वजननी विद्येति सा गीयते ।
या दृष्टा स्मरणं गताऽपि सततं या कीर्त्तिता संस्तुता
या स्पृष्टा नृभिरात्मतत्त्वममलं दद्यात् ध्रुवं काशिका ॥१॥

विश्वेश्वरको ध्यान प्राणायाम गरी पंचक्रोशीका देवताहरूका नाम ली संझी पंचोपचारले भइंका सुपारीमा पूजा गर्नू संकल्प पढ्दै जानू र मम भएपछि यो पढ्नू—

काश्यां प्रजातवाक्कायमनोजनितमुक्तये ॥
ज्ञाताज्ञातविमुक्त्यर्थं पातकेभ्यो हिताय च ॥१॥
पञ्चक्रोशात्मकं लिङ्गं ज्योतिरूपं सनातनम् ॥
भवानीशङ्कराभ्यां च लक्ष्मी श्रीशविराजितम् ॥२॥
ढुण्ढिराजादिगणपैः षट्पञ्चाशद्भिरावृतम् ॥
द्वादशादित्यसहिते नृसिंहैः केशवैर्युतम् ॥३॥
कृष्णरामत्रययुतं कूर्ममत्स्यादिभिस्तथा ॥
अवतारैरनेकैश्च युतं विष्णोः शिवस्य च ॥४॥
गौर्यादिशक्तिभिर्जुष्टं यथासम्भवतः क्रमात् ॥

"यथासम्भवनियमाद्युपेतः असति प्रतिबन्धे वाराणसीक्षेत्रप्रदक्षिणामहं करिष्ये" भनेर हात जोरी नबोलीकन यो मन्त्र पढ्नू—

ढुण्ढिराज गणेशान महाविघ्नौघनाशन ॥
पञ्चक्रोशस्य यात्रार्थं देह्याज्ञां कृपया विभो ॥१॥

भनी प्रार्थना गरी विश्वेश्वरको अर्घ प्रदक्षिणा दंडवत् गरी मोदं १, प्रमोदं २, सुमुख ३, दुर्मुख ४, गणनायकं ५। यी गणकन पूजा गरेर दंडपाणि भैरवको प्रार्थना गर्नू यस मन्त्रले—

अन्नदः प्राणदश्चैव ज्ञानदो मोक्षदस्तथा ।।
भक्ताँश्च तपसा रक्ष दण्डपाणे नमोऽस्तु ते ।।१।।

विश्वेश्वरदेखि पश्चिमका कालराजको पूजा गरी नबोलीकन मणिकर्णिकामा विधिपूर्वक स्नान गरिसकेपछि यी सब देवताको पूजा गरी जानू। नसके एकोटा पैसा भेटी राखी जानू। यो पनि नसके एकोटा अधेला राख्दै दर्शन गर्दै पंचकोशी घुम्नू।

(१ अप्रैल १९५७ देखि अधेला, दोकडा खतम भए।)

मणिकर्णिकायै नमः १, [१]मणिकर्णिकेश्वराय नमः २, सिद्धिविनायकाय नमः ३, [२]गंगाकेशवाय नमः ४, [३]ललितादेव्यै नमः ५, जरासंधेश्वराय नमः ६, सोमेश्वराय नमः ७, [४]दालभ्येश्वराय नमः ८, [५]शूलटंकेश्वराय नमः ९, आदिवाराहाय नमः १०, दशाश्वमेधेश्वराय नमः ११, [५]वंदिदेव्यै नमः १२, [६]सर्वेश्वराय नमः १३, [७]केदारेश्वराय नमः १४, [८]हनुमदीश्वराय नमः १५, लोलार्काय नमः १६, [९]अर्कविनायकाय नमः १७, [१०]संगमेश्वराय नमः १८, [११]दुर्गाकुण्डाय नमः १९।

(१) मणिकर्णिका (२) ललिताघाट (३) मीरघाट (४) मानमंदिर (५) दशाश्वमेध (६) पांडेयघाट (७) केदारघाट (८) हनुमानघाट (९) त्यहीं अगाडि (१०) असीसङ्गम (११) दुर्गाजी।

प्रथम निवासस्थानमा

दुर्गविनायकाय नमः २०, दुर्गादेव्यै नमः २१। दुर्गाकुण्डमा स्नान गरी लड्डू आदि नैवेद्य राखी दुर्गाको पूजा गरी तिल-धान्य, वस्त्रहरू दान गरी मह खीर लड्डूले ब्राह्मणहरूलाई भोजन गराई आफूले पनि भोजन गरी पंचकोशीको महात्म्य सुनी जागरण बसी रात काट्नू, भोलिपल्ट स्नान गरी दुर्गाजीको पंचोपचारले पूजा गरी यो मन्त्र पढ्नू—

जय दुर्गे! महादुर्गे! जय काशीनिवासिनि।
चेत्रविघ्नहरे देवि! पुनर्दर्शनमस्तु ते ॥ १ ॥

अब बाटा लाग्नू।

द्वितीय निवासस्थानमा

[1]विष्वक्सेनेश्वराय नमः १, [2]कर्दमेश्वराय नमः २, [2]कर्दमतीर्थाय नमः ३, [2]कर्दमकूपाय नमः ४। कर्दमतीर्थमा स्नान तर्पण तीर्थ श्राद्ध गर्नाले ३ ऋणदेखि मुक्त हुन्छ। केही लोकाग्निमा वैश्वदेव तन्त्रले तिल घृतादिले अष्टोत्तरशत वा सहस्र होम र पञ्च-धान्य तिलादि दान गरी कर्दमेश्वरको पूजाआजा प्रदक्षिणा दण्डवत् गरी सोमनाथादिको दर्शन गर्नू [2]सोमनाथाय नमः ६, [3]विरूपाक्षाय नमः, [3]नीलकण्ठाय नमः ७। यति गरेपछि ब्राह्मण-भोजन गराई आफूले खानू। रात्रिमा पंचकोशीको महात्म्य सुनी जागरण बसी

भोलिपल्ट बिहान स्नान गरी ब्राह्मणको कर्दमेश्वरको पूजा गरी प्रार्थना गर्नू यस मन्त्रले—

कर्दमेश ! महादेव ! काशीवासिजनप्रिय !
त्वत्पूजनान्महादेव ! पुनर्दर्शनमस्तु ते ॥१॥

भनेर जानू—

[३]नागनाथाय नमः १, [४]चामुण्डायै नमः २, [५]मोक्षेश्वराय नमः ३, [६]वरुणेश्वराय नमः ४, [७]वीरभद्रेश्वराय नमः ५, [८]विकटाक्षदुर्गायै नमः ६, [९]उन्मत्तभैरवाय नमः ७, [१०]नीलगणाय नमः ८, [१०]कालकूटगणाय नमः ९, [११]विमलदुर्गायै नमः १०, [११]महादेवाय नमः ११, [११]नन्दिकेशगणाय नमः १२, [१२]भृङ्गिरीटिगणाय नमः १३, [१३]गणप्रियाम नमः १४, [१४]विरूपाक्षाय नमः १५, यक्षेश्वराय नमः १६, विमलेश्वराय नमः १७, मोक्षदाय नमः १८, ज्ञानदेश्वराय नमः १९, अमृतेश्वराय नम. २०, [१५]गंधवसागराय नमः।

(१) बाटामा (२) त्यहीं (३) अगाडि (४) अगाडि बाटामा (५) अगाडि गाउँमा (६) त्यहीं (७) अगाडि गाउँमा (८) त्यहीं (९) अगाडि गाउँमा (१०) त्यहीं (११) अगाडि (१२) अगाडि गाउँमा (१३) त्यहीं (१४) गौरी गाउँमा (१५) भीमचण्डी गाउँमा।

तृतीय निवासस्थानमा

गंधर्वसागर नाम भएको भीमचण्डी तीर्थमा स्नान गरी भीमचण्डीलाई दूधले स्नान गराई पञ्चोपचारले पूजा गर्नू र दण्डवत्

प्रदक्षिणा गरी अरू देवताको दर्शन गर्नू । [१]भीमचण्डीदेव्यै नमः २१, [१]चण्डविनायकाय नमः २२, [१]शविरक्ताक्षगन्धर्वाय नमः २३, [१]नरकार्णवतारकशिवाय नमः २४ । यिनीहरूको पूजा गरी ब्राह्मणभोजन गराई आफूले पनि भोजन गर्नू , माहात्म्य सुन्नू, जागरण बस्नू, भोलिपल्ट सबेरै उठी स्नान गरी भीमचण्डीको पूजा गरी–

भीमचण्डि ! प्रचण्डानि मम विघ्नानि नाशय ।
नमस्तेऽस्तु गमिष्यामि पुनर्दर्शनमस्तु ते ॥१॥

यस मन्त्रले प्रार्थना गरी जानू—

एकपादगणाय नमः १, [२]महाभीमाय नमः २, [३]भैरवाय नमः ३, [३]भैरव्यै नमः ४, [४]भूतनाथाय नमः ५, सोमेश्वराय नमः ६, सिंधुसागराय नमः ७, [५]कालनाथाय नम. ८, [६]कपर्दीश्वराय नमः ९, [६]कामेश्वराय नमः १०, [६]गणेश्वराय नमः ११, [७]वीरभद्राय नमः १२, [७]चारुमुखाय नमः १३, [७]गणनाथाय नमः १४, [८]देहलीविनायकाय नमः १५, [९]षोडशविनायकाय नमः १६, [१०]उद्दंडविनायकाय नमः १७, [१०]उत्कलेश्वराय नमः १८, [११]रुद्राण्यै नमः १९, [११]तपोभूम्यै नमः २०, [१२]वरुणातीर्थाय नमः ।

चतुर्थ निवासस्थानमा

वरुणामा स्नान तर्पणादि गरी रामेश्वरलाई सेता तिल विल्व-

पत्रादिले पूजा गर्नू। [१३]रामेश्वराय नमः २१ अरूको पनि। [१३]सोमेश्वराय नमः २२, [१३]भरतेश्वराय नमः २३, [१३]लक्ष्मणेश्वराय नमः २४, [१३]शत्रुघ्नेश्वराय नमः २५, [१२]द्यावाभूमीश्वराय न० २६, नहुषेश्वराय [१३]न० २७, सीता राम लक्ष्मणहरूको पूजा गरी श्राद्ध गर्नू, ब्राह्मण-भोजन गराई आफूले खानू महात्म्य आदि सुनी जागरण बसी भोलिपल्ट बिहानै उठी स्नान, रामेश्वरको पूजा गरी—

श्रीरामेश्वर ! रामेण पूजितस्त्वं सनातनः ॥
आज्ञां देहि महादेव ! पुनर्दर्शनमस्तु ते ॥१॥

यस मन्त्रले प्रार्थना गर्नू र जानू—

[१४]असंख्याततीर्थेभ्यो न० १, [१४]असंख्यातलिंगेभ्यो न० २, [१५]दवसंघेश्वराय न० ३, [१६]पाशपाणिविनायकाय न० ४, [१७]पृथ्वीश्वराय न० ५, [१८]स्वर्गभूम्यै न० ६, [१९]यूपसरोवराय न० ७, [२०]वृषभध्वजतीर्थाय न० ।

(१) त्यहीं (२) अगाडि तलाउनेर (३) अगाडि गाउँमा (४) अगाडि (५) अगाडि झौसा गाउँमा (६) अगाडि (७) चौखण्डी गाउँमा (८) प्रसिद्ध छ (९) त्यहीं (१०) भुर्दली गाउँमा (११) अगाडि (१२) रामेश्वर गाउँमा (१३) त्यहीं (१४) वरुणामा (१५) कमोरा गाउँ, यहाँ केही दान गरी एक छिन बसी जानुपर्दछ (१६) लैनमा (१७) खजुरी गाउँमा (१८) त्यहीं (१९) दीनदयालपुरमा (२०) कपिलधारा गाउँमा।

पंचम निवासस्थानमा

कपिलधारा तीर्थमा स्नान तर्पण श्राद्ध गरी 'वृषभध्वजाय नमः' भनी पूजा गरी ब्राह्मणभोजन गराई आफूले खानू, माहात्म्य सुन्नू, रात्रिमा जागरण गरी भोलिपल्ट सबेरै नुहाई वृषभध्वजको पूजा गरी प्रार्थना यस मन्त्रले गर्नू—

वृषभध्वज देवेश ! काशीवासिजनप्रिय ।
प्रणतं पाहि मां दीनं दर्शनं देहि मे पुनः ॥१॥

भनी कपिलधारा तलाउको प्रदक्षिणा गरी जानू– [१]ज्वालानृसिंहाय न० १, [२]वरुणासंगमाय न० २, [२]आदिकेशवाय न० ३, संगमेश्वराय न० ४, [३]खर्वविनायकायन० ५, [४]प्रह्लादेश्वराय न० ६, [५]त्रिलोचनेश्वराय न० ७, [६]पंचगङ्गायै न० ८, बिन्दुमाधवाय न० ९, गभस्तीश्वराय न० १०, मंगलागौर्यै न० ११, [७]वसिष्ठवामदेवाभ्यां न० १२, पर्वतेश्वराय न० १३, महेश्वराय न० १४, सप्तावरणविनायकाय न० सिद्धिविनायकाय न० १५, षट्पंचाशद्विनायकेभ्यो न० १६, मणिकर्णिकायै न० १७, विश्वेश्वराय न० १८, मुक्तिमण्डपाय न० १९, विष्णवे न० २०, दण्डपाणये न० २१, ढुंढिराजाय न० २२, भैरवाय न० २३, मोदादिपञ्चविनायकेभ्यो न० २४ ।

इति पंचक्रोशी यात्रा समाप्तम् ।

(१) कद्दुवा गाउँमा (२) वरुणा सङ्गममा स्नान गरी देव ऋषि पितृ तर्पण गर्नुपर्दछ (३) खर्वविनायकको पूजा गरी त्यहाँ पवित्र जौ किनी त्यहींदेखि जौ छर्दै 'विष्णु, विष्णु' भन्दै आउनुपर्दछ (४) प्रह्लादघाटमा (५) त्रिलोचन घाटमाथि (६) पञ्चगङ्गामा स्नान गरी माथि बिन्दुमाधवादिको पूजा दर्शन गर्नुपर्दछ अनि गभस्तीश्वर, मङ्गलागौरीको दर्शन गरी पञ्चगङ्गा उही ठाउँबाट बाटो लाग्नुपर्दछ ।

(७) सङ्कटा घाटबाट माथि गै वसिष्ठ वामदेव पर्वतेश्वरको दर्शन गरी उही सङ्कटा घाटमा पुगी उतैबाट मणिकर्णिका भै महेश्वरको, सप्तावरणविनायकको, सिद्धिविनायकको, षटपञ्चाशद्विनायकको दर्शन पूजा गरी मणिकर्णिका तीर्थमा स्नान गरी विश्वेश्वरादिको दर्शन गर्न जानू अनि ब्राह्मणलाई भोजन गराई आफूले खानू ।

शास्त्रोक्त पञ्चकोशी यात्रा समाप्त भयो ।

* * *

असीदेखि वरुणासम्मका ५१ घाट

असीसंगम घाट १, [१]लल्लामिश्र घाट २, [२]बाजीराव घाट ३, [३]तुलसी घाट ४, [४]जानकी घाट ५, [५]बक्षराज घाट ६, [६]शिवालाघाट ७, [७]दंडीघाट ८, हनुमान घाट ९, [९]श्मशान घाट १०, [१०]लली घाट ११, [११]केदार घाट १२. चौकी घाट १३. क्षमेश्वर घाट १४, [१२]मानसरोवर घाट १५, [१३]नारद घाट १६, [१४]राजा घाट १७, सर्वेश्वर घाट १८, पांडे घाट १९, [१५]चौसट्ठी घाट २० ।

(१) यो घाट गोलाकार परेको एक धनी ब्राह्मण लल्ला मिश्रले बनाएको बढिया छ। (२) पुराना बाजीराव पेशवाले बनाएको घाट माथि घरमा साधुहरू रहन्छन्। (३) पुराना चालले बनेको छ।

(४) यो जानकी घाट र सुनौला गजूरदार मन्दिर दरवार सुरसरकी रानीले बनाएको अति उत्तम छ। (५) वक्षराज नामक कोही पुरुषले बनाएका थिए, पछि जैनहरूले खरीद गरी घाटमाथि ३ जैनमन्दिर बनाएका छन्। (६) यो घाट बडो किल्लादार घर भएको छ। यहाँ सरकारले पिंशिन दिएका मुगल बादशाहका खानदानहरू रहन्छन्। यसैका उत्तर गोसाइँहरूको उत्तम मठ छ। यहाँ साधुहरू रहन्छन्। (७) यहाँ बहुत दण्डीहरू स्नानका निमित्त आउँछन्। दण्डा खडा गर्नाका निम्ति पत्थरमा बहुत छिद्र (प्वाल) पारेका छन्। (८) यो घाटका सींढीहरू बहुत सुन्दर छन्। (९) अघिको पुरानू श्मशान घाट हरिश्चन्द्र राजा बिकेको यहीं हो भन्दछन्। (१०) यो ललीदासले बनाएको हो, यस घाटका सींढी थोरै चाक्ला छन्। (१) केदार घाट—यो काशीका उत्तम घाटहरूमाको एक घाट हो। सींढीमाथि चारपाटे गौरीकुण्ड छ। (१२) यो घाट आवरेका राजा मानसिंहले बनाएको हो। (१३) यहाँ नारदेश्वर हुनाले नारद घाट नाम रहेको हो। (१४) यो घाटमाथिका मन्दिर, घर पेशवाका नायब राजा विनायक रावले बनाएको, यहाँ ब्राह्मणहरू रहन्छन्। घाटको मरम्मत र ब्राह्मण-खर्च-निमित्त राजाले सरकारमा रुपियाँ जम्मा गराई कागज लेखाएको छ। घाटका उत्तर शहरमा बडा बडा मकान देखिन्छन्। (१५) यो घाट बङ्गालका राजा दिगम्पतीले बनाएको हो।

[१]राणामहल घाट २१, [२]मुन्शी घाट २२, [३]अहिल्याबाई घाट २३, [४]दशाश्वमेध घाट २४, [५]मानमन्दिर घाट २५, [६]मीर घाट २६ [७]ललिता घाट २७, राजराजेश्वरी घाट २८, [८]जलशायी घाट वा चिता घाट २६, [९]मणिकर्णिका घाट ३० ।

(१) यो पुरानू घाट उदयपुरका महाराणाले बनाएको। (२) यो घाट बहुतै सुन्दर छ। नागपुरका दीवान श्रीधरनारायणदासले बनाएको यसको कालीगरी यसैसित छ। घाटमाथि बडा बडा मकान छन्। गङ्गाजीका किनारमा यस घरलाई पाईकन अरू घर छैनन्। अंग्रेज साहेब आदि यस घाटको चमत्कार देखी छक्क पर्छन्। (३) यो उत्तम घाट इन्दौरकी महारानी अहिल्या बाईले बनाएको हो। (४) यो दशाश्वमेध घाट शहरका माझमा छ। एकदम घाटतक बग्गी जान्छ। चार घाटमध्यमाको माहिलो हो। जेठो मणिकर्णिका घाट, साँहिलो पञ्चगङ्गा घाट, कान्छो केदार घाट। यस दशाश्वमेध घाटमा स्नान गर्ने मानिसहरूको बडो भीडभाड रहन्छ। माघमा नुहाउनाले प्रयागमा नुहाएको फल मिल्दछ। विदेशी घुमक्कड साहेबहरू यतैबाट नाउ आदिमा चढी असीदेखि वरुणातकको मज्जा ली यतैबाट गच्छ गच्छ हुन्छन्। यहाँ बखतमा स्नान गर्नाले दश अश्वमेध यज्ञ गरेको फल मिल्दछ। यहाँ विन्ध्याचल चुनारका पत्थरहरू बेच्न राखेका छन्। एकैचोटि दश हजारका लिए पनि द्वार जत्रा १ चक्का पटिया किन्न पाइन्छ। गङ्गाजी बढी पुष्कर कुरुक्षेत्र पर्दा यतैबाट गङ्गाजी शहरभित्र पस्तछिन्। यहाँ बङ्गालीहरू बेठेकान छन्। यहीं बडा-बडा हजार पन्ध्र सय जाने कालिकाको माटोको मूर्ति बनाई नवरात्रमा पूजा

गरी विजयादशमी (टीका) का दिन गहनासहित रथमा राखी आफ्नू औंगात-अनुसार बादशाही बाजा बजाई आशागुर्जा ली राजसी ठाटसित यसै घाटमा उतारी नाउ बजरा आदिमा राखी गङ्गाजीको बीचमा सेलाउँदछन् । यसलाई कालीधसान भन्दछन् । सयौं काली गंगाजीमा जान्छन् । ठानेदार साहेब, विदेशी दर्शक यात्री, कुतवाल आदि लाखन दुनियाँ हेर्ने हुन्छन् । (५) यो घाट आंवरेका राजा मानसिंहले बनाएको ३०० वर्ष (१९७० वि० मा) भयो । घाटमाथिका विचित्र घरका अटालीमा तल कोठरीमा यन्त्रहरू छन् । ध्रुव देखिने, यति बज्यो भनी छायाबाट जानिने यस्ता चक्र हजारौं छन् । आजकाल धेरै यन्त्र टुटे तापनि देशी विदेशी यात्री आदि रोज रोज हेर्न आएका हुन्छन् । राजा मानसिंहका कुलका, सवाई जयसिंहले यो बनाएको, जसले जयपुर बसायो । याम्योत्तर भित्तिरेखा आदि भएको हीराको पर्वत हो क्यारे जस्तो देखिन्छ । यो बनाउन कति धन लाग्यो हो गणना छैन । सवाई जयसिंह ज्योतिष विद्यामा बडा प्रसिद्ध थिए । यस्ता घर वाराणसी, दिल्ली, मथुरा, उज्जैन, जयपुरमा, अजमेरमा बनाएका छन् । यसको बयान गर्नलाई धेरै काल लाग्दछ । (६) यो घाटमा पूर्व समयका सतीहरूका स्मारक चिह्न छन् । घाटका उत्तर मीरअली नवाबको चिहान छ । (७) यो घाट साधारण छ । यस घाटदेखि माथि नेपाली शिवालय छ । हावादारी वरिपरि घण्ट झुन्डाएका छन् । आसनहरूका काम काठमा हुँदा र नेपाली झिङ्टीको छानुसमेत भएको विचित्र यस ढाँचाको दोस्रो मन्दिर नहुँदा यो मन्दिर हेर्नका निम्ति विदेशी यात्री, दुनियाँदार बराबर आइरहन्छन् । धर्मशाला पनि छ । केगर्नु र भक्ती बेशोभा भएको छ । नेपाली माई आदि बस्तछन् । यसको

पूजा आदि गर्ने खर्च पं० गुरु प्रोहित प्रयागराज बाबूसाहेबका कोठी मार्फतबाट मिल्छ । यो मन्दिर नेपाल सरकारबाट बनेको हो । यो मर्मत गर्ने वेलामा नेपालकै कालीगरहरू आई बनाउँछन् । (८) यो मुर्दा जलाउने घाट महाश्मशान हो । रोग ज्यादा भएमा र गङ्गाजी बढेको वेलामा मुर्दा जलाउन तकलीफ हुन्थ्यो, अब २३ वर्ष लगाई लाखन रुपियाँ खर्ची काशीका महाजनले बनाएको अद्वितीय श्मशान घाट भएको छ । जति जति गङ्गाजी बढ्दै आउँछिन् उति उति माथि माथि मुर्दा जलाउने तरकीबका चौकी पृथक् पृथक् पक्का बनाएका छन् । नेपाली-बाहेक अरूलाई मुर्दा जलाउन अग्नि डूमैले दिनुपर्दछ तसर्थ धेरै धेरै पनि लिन्छन् । श्री पण्डितराज रङ्गनाथ गुरुज्यूले नेपालीका मुर्दा जलाउन १८ पैसा मात्र दिनू अग्नि पनि आफ्नै ली जलाउनु भनी बन्दोबस्त गराइदिएको हुँदा नेपालीलाई सुबिस्ता छ । यहाँका श्मशानका मालिक डूम असंख्य धनी छन् । हरिश्चन्द्र राजा जस्तालाई पनि किन्न सक्ने कस्ता रहेछन् त विचार गर्नुहोस् । दिनका १५।२० कम मुर्दा कहिल्यै पनि हुँदैनन् । (९) यो ब्रह्माण्डभरको मूल तीर्थ मणिकर्णिका हो । यसै मणिकर्णिकाभन्दा ठूलो तीर्थ काहीं छैन । यहाँ २॥ बजे बिहानदेखि ८।९ बजे रात उप्रान्त पनि गोता मारेकै छन् । यात्रू हरबखत छँदै छन् । ग्रहणका दिन जीउ जोगाउन कठिन पर्छ । इन्दौरकी महारानी अहल्या बाईले सन् १७६५ देखि १७९५ तक राज्य गरिन् । सन् १८ शतकका अन्त्यमा यो घाट बनाइएको हो । गंगा मणिकर्णिकाका माझमा विष्णुपादुकाको (विष्णुको चरण) छ । यहाँ राजाहरूलाई र मान्यवरहरूलाई कलेक्टर साहेब, कोतवाल साहेबबाट परमाङ्गी गरी जलाउँछन् । अहल्या बाईका खण्डित मूर्ति यहाँ एक कोठरी-

मा छ। कुण्डदेखि दक्षिण पश्चिम अहल्यावाईले बनाएका विशाल मन्दिर छन्। यहाँ तारकेश्वर र एक शिवलिंग छन्। गङ्गाका किनारामा कैयौं नकाशीदार मन्दिर छन्। गंगाका देवलबाट चक्रपुष्करणी कुण्ड अर्थात् मणिकर्णिका कुण्ड ठाडो २०।२१ सींढीमाथि पर्दछ। चारैतिर फलामका जगलाको घेरा छ। २०।२१ सींढी तल जल भेटिन्छ। चारपाटे पर्न गएको छ। माथि ६० फीट लामू, तल २० फीट लामू र २ फीट चाक्लो छ। तल गंगाबाट पानी आउने मोहोरी छ। कहिले कहिले २।३ फीटतक जल रहन्छ। यस कुण्डमा स्नान सङ्कल्प गर्दा १ मानिसको ।) (सुका) र कसैले १ रुपियाँ दिनुपर्छ, नत्र स्नान गर्न पाइन्न।

[10]सिन्धिया घाट ३१; [11]सङ्कटा घाट ३२, [12]गङ्गामहल घाट ३३, [13]घोसला घाट ३४, [14]अग्नीश्वर घाट ३५, [15]राम घाट ३६, चोर घाट ३७, [16]लक्ष्मण बालाघाट ३८, माधवराव घाट ३९, [17]पञ्चगङ्गा घाट ४०।

ठेक नभएकाहरूसित फी मानिस १ पैसा तल्लो दिई स्नान गर्नुपर्दछ। त्यही भिजेका धोतीका साथ तल घाटमा उत्री मणिकर्णिका घाटमा नुहाउनुपर्दछ। नुहाई नयाँ यात्रीले गोदान गर्नुपर्दछ। तल्लो ४ आना (सुकी) को, नेपाली लालमोहरिया लिन्छन्। मूल गोदान यात्रा गरिसकेपछि डेरामा आफ्ना मानिसलाई दिनू। घाटेलाई दिएको भरमा नपर्नू। जुन घाटमा स्नान गरेको छ उसै घाटका घाटेलाई भूयसी दक्षिणा दिई अरू घाटेहरूलाई पुगे दिनू।

(१०) यो सिन्धिया घाट बडो सुन्दर बनेको छ। मढीहरू गंगाजीलाई दण्डवत् गर्न लागेका जस्ता छन् तापनि मसलाले कत्ति छोडेको छैन। हेर्दा बडो भारी कालीगरी छ। सारा घाटका मढी गंगाजीतिर ढल्केका छन्। यो घाट सन् १८०० ई० को लगभग ग्वालियरकी महारानी बैजा बाईले बनाएको हो। (११) यस घाटमा यमतीर्थ, यमेश्वर, यमादित्य छन्। कार्तिक शुक्ल द्वितीयाका दिन स्नानका निमित्त बडो भीड हुन्छ। (१२) यो गंगामहल हेर्नलायक छ। (१३) यो घोसला घाटको कारीगरी लक्ष्मीनारायणका मन्दिरको सुन्दरता बलियो अखण्ड मण्डलाकार देख्दा विदेशीहरू छक्क परी औंलो टोक्तछन्। (१४) यो अग्नीश्वर घाट साधारण छ। पूनाका वाजीराव पेशवाले बनाएको हो। (१५) रामघाट ठूलो जयपुरका महाराजले बनाएको २०० वर्ष बढ्ता भयो। यहाँ रामतीर्थ हुनाले रामनवमीका दिन स्नान गर्नेहरूको ठूलो घचारो हुन्छ। (१६) गंगामा घुमाउ परेका ठाउँमा बडो पक्का घाटमाथि अनेक काला झ्याल भएका घाटमा बालाजीको मन्दिर छ। यहाँ नित्य १०८ दक्षिणी ब्राह्मणहरूको भोजन हुन्छ, बाँकी भात-रोटी लुला, लँगडा, अन्धालाई दिन्छन्। चतुर्मासा र एकादशी-एकादशीमा हरिकीर्तन हुन्छ। यस मन्दिरको बन्दोबस्त बडो भारी छ! यो मन्दिर पनि दर्शनीय छ। पूनाका वाजीराव पेशवाले बनाएको हो। [भारत स्वतन्त्र भएपछि यो नियम छुट्यो] (१७) यहाँ गंगा, यमुना, सरस्वती, किरणा र धूतपापा यी ४ नदी गुप्त चालले यहाँ आएकी छन्, यसै कारण यसलाई पञ्चगंगा घाट भनेको हो। यहाँ विष्णुकाञ्ची तीर्थ र बिन्दुतीर्थ छन्! यो घाट आंवरेका राजा मानसिंहले बनाएको हो। ३०० वर्ष (१९७० वि० मा) भयो। यहाँ हजारन बत्ती

बाली हात खडा भएका दीपस्तम्भ २ तळ र माथि खडा छन्। यस्तो अन्यत्र कहीं छैन। उत्सवमा बत्ती बाल्छन्। कार्त्तिक स्नानका निम्ति यहाँ हजारन मानिसको भीड हुन्छ। काशीको मुख्य घाट यही हो। कार्तिकमा नेपालीका आकाशबत्ती बालेका लिंगा १०० उपर हुन्छन्, कार्तिक शुक्लको आखिरी २।४ दिन पञ्चगंगा घाटमा शास्त्रार्थ हुन्छ। वैकुण्ठ चतुर्दशी दीपमालिकामा असीदेखि वरुणासम्मका घाटमा लाखन् बत्ती बल्दा यहाँदेखि वैकुण्ठमा के होला भन्ने जस्तो हुन्छ।

४१ [१]दुर्गा घाट, ४२ [२]ब्रह्मा घाट, ४३ राजमन्दिर घाट, ४४ शीतलाघाट, ४५ [३]लालघाट, ४६ [४]गायघाट, ४७ [५]महताघाट, ४८ [६]त्रिलोचनघाट, ४९ [७]नयाँघाट, ५० [८]प्रह्लादघाट, ५१ बरुणासंगमघाट।

(१) यस घाटमा कार्तिक शुक्लमा मुक्कीवाला लड्दछन, राती हेर्नेंको बडो घचारो हुन्छ, आतसबाजी पनि उड्छन्। (२) यो घाट बहुत पुरानू छ, ६० वर्ष भयो हो वाजीराव पेशवाले जीर्णोद्धार गरिदिएको हो। (३) यो लाल घाटमा गोपी गोविन्द तीर्थ हुँदा लालघाट भनेको हो, मंसीरका पूर्णिमाका दिन स्नान गर्ने बडो मेला हुन्छ। (४) यहाँ गंगाका किनारामा (श्री ५ कान्छा मैयाँसाहेबको) हवेली दर्शनीय छ। यहाँबाट शिवाला सीताराम आदिका मन्दिरहरू पनि स्थापना गरिबक्सँदा वैकुण्ठको झलक देखिन्छ।

(५) यो घाटमा पुसका पूर्णिमामा स्नानको बडो घचारो हुन्छ (६) यो घाटमा वैशाख शुक्ल तृतीयाका दिन स्नानको घचारो हुन्छ (७) यो

घाट शाहाबाद जिलाका चैनपुर भभुआमा रहने नरसिंहदलालले बनाएको (८) यहाँतक पक्का घाट छन्, प्रह्लादघाट बाहेक वरुणा संगम घाट तक कच्चा घाट छन्। (९) यहाँ छोटा बडा १५ खम्बाका माथि ३५८ फीट लामू पुल छ। १४१ फीट गहिरो छ, यो बनाउने खर्च ७५००००० रुपियाँ र केही बढ्ता लागेको छ, यो पुल बनाउन १८८० ई० मा आरम्भ भयो। सन् १८८७ ई० मा भारतवर्षका गवर्नर जनरल लार्ड डफरिनले खोलिदिएको हुंनाले यस रेलवे पुलको नाम डफरिन ब्रिज रहेको हो, पुलबाट जानेसित १ पैसा लिन्थ्यो अब लिंदैन। सन् १९१५मा लोहाका पिपैपिपा हाली बनाएका पुलबाट बग्गी बयलगाडा आदि हिंड्छन् २ पुल भए। (भारत स्वतन्त्र हुनेबित्तिकै पक्की पुलमा तला छापिएकोले पीपाको हिउँदे पुल उखाडियो।) संक्षेपले गरी घाटहरूको वर्णन पनि समाप्त भयो अब महात्म्य सुन्नुहोस्।

कूर्मपुराण—(ब्राह्मी संहिता ३० अध्यायमा—शिवजीले भन्नुभयो—मेरी पुरी वाराणसी सब तीर्थहरूमा उत्तम छ। म कालरूप धारेर यहाँ रही सब जगत्को संहार गर्छुं। चारै वर्णका मनुष्य वर्णशंकर, स्त्री, म्लेच्छ, कीरा, पक्षी, अरू सकल जंतुहरू काशीमा जो जो मर्छन् ती साँढेमा चढी शिवपुरीमा जान्छन्। काशीमा मृत्यु (मरण) हुने कोही पापीहरूलाई पनि नरकमा जानुपर्दैन।

अग्निपुराण ११२ अध्यायमा—महादेवजीले पार्वतीसित भन्नुभयो—वाराणसी महातीर्थ कहलाउँछ। जो यहाँ बस्नेहरूलाई भुक्ति-मुक्ति दान दिन्छन्। यहाँ स्नान, जप, होम, श्राद्ध, दान, निवास, मरण यी सबैदेखि मुक्ति मिल्दछ भनी लेखेको छ।

लिखित स्मृतिका ११ श्लोकमा। कोही मानिस काशीमा प्रवेश गरेर काशी छोडी अन्यत्र गयो भने भूतगणहरू ताली बजाएर उसलाई हेरी हाँस्तछन् भनी लेखेको छ।

शंखस्मृति ५४ अध्यायमा——काशीमा गरेको दान अनन्त छ भनी—लेखेको छ।

मत्स्यपुराण २९३ अध्यायमा——विद्वान्हरू काशीमा भूमिको नाप यसरी बताउँछन्——यो तीर्थ पूर्वदेखि पश्चिम २ योजन लामू छ। उत्तरदेखि दक्षिण आधा योजन चाक्लो छ भनी लेखेको छ। १८४ अध्यायमा व्यासजीले काशीमा भिक्षाका निमित्त क्रोध गर्दा महादेवजीले भन्नुभयो—तिमी क्रोधी छौ तसर्थ तिमीले यस काशीक्षेत्रमा बस्नु हुँदैन भन्दा व्यासजीले महादेव ! तपाईं चतुर्दशी अष्टमी यी दुइ दिन म भएका ठाउँमा पाल्नुहोला कि भन्दा शिवजीले हुन्छ भन्नुहुंदा व्यासजीले काशीक्षेत्र यस्तो छ भनी चिह्नेको हुँदा काशीसमीप पाएर गंगा पार गई बसे भन्ने कुरा काशीखण्डका ९६ अध्यायमा पनि विस्तार गरेको छ। मत्स्यपुराणमा ५७८ अध्यायदेखि ५८५ अध्यायसम्म काशीको कथा छ।

महाभारत वनपर्व ८४ अध्यायमा तीर्थको सेवा गर्ने तीर्थसेवी पुरुषले काशीपुरीमा गएर शिवजीको पूजा गर्नुपर्दछ। कपिलकुण्डमा स्नान गर्नाले राजसूय यज्ञको फल मिल्दछ। अविमुक्तेश्वर (विश्वेश्वर) को दर्शन गर्नाले पुरुष ब्रह्महत्यादेखि छुट्तछ। प्राण छोड्नाले मोक्ष मिल्दछ भनी लेखेको छ।

भीष्मपर्व २४ अध्यायमा--काशीराज कुरुक्षेत्रका लडाइँमा पाण्डवतिर थिए भन्ने कथा छ।

कर्णपर्व ६ अध्यायमा वसुदानका पुत्रले काशीराजलाई मारे भन्ने कथा छ। अनुशासनपर्वका ३० अध्यायमा काशीका राजा हरयश्व रणमा मरे, हरयश्वका पुत्र सुदेव गद्दीमा बसेका थिए। बाबुवैरी वितव्यका वंशवालले रणमा जिते तब सुदेवका पुत्र दिवोदास काशीका राजा भए। यी महातेजस्वी दिवोदासले हैहयवंशीहरूको बल जानेर इन्द्रका आज्ञानुसार गंगाका उत्तर तटनेर गोमतीका दक्षिण तटमा वाराणसी पुरी बसाई राजा दिवोदास काशीमा बस्न लागेका थिए फेरि हैहयगणहरू आई बहुत दिनतक लडाइँ गर्दा अनेक वाहनादि मर्दा दुक्खी भै काशीपुरी छोड़ी बृहस्पतिका जेठा छोरा भरद्वाजका रायले राजा दिवोदासले यज्ञ गरी प्रतर्दन नाम गरेका प्रसिद्ध छोरा पाए भन्ने कथा छ।

आदि ब्रह्मपुराण ११ अध्यायमा--काशीका राजा धन्वन्तरिका पुत्र केतुमान, केतुमानका पुत्र भीमरथ, भीमरथका पुत्र दिवोदासका राज्यका समयमा काशी शून्य भयो किनभने निकुंभले काशीलाई श्राप दिएको थियो कि १००० वर्ष तक काशी शून्य होस् भनी। श्राप वितेपछि राजा दिवोदासले गोमती नदीका तटमा बस्ती बसाई काशी पुरी फेरि बसाए, जुन शहरमा अघि भद्रश्रेण्य राजाको राज्य थियो, दिवोदासले भद्रश्रेण्यका पुत्रहरूलाई मारी उसै काशीमा राज्य गर्न लागे। कोही समयमा शिवजी पार्वतीकी माता मेनकाले भनिन्

कि हे पुत्री ! तेरा पति जुनसुकै कालमा पनि दरिद्री बनिरहन्छन् । यिनमा केही शील छैन भन्ने माताका वचन सुनी शिवसित क्रोधले पार्वती भन्दछिन्–यहाँ म बस्तिनँ, जहाँ तपाईंको स्थान छ उहाँ मलाई ली जानुहोस् भन्दा महादेवले तीन लोकको सिद्धक्षेत्र काशीपुरीमा बस्नु योग्य छ भनी विचार गर्दा उस बखतमा राजा दिवोदास काशीमा राज्य गर्दथे । महादेवले निकुम्भ पार्षदलाई जा काशी शून्य गरिदे मलाई बस्नुपर्‍यो भन्दा निकुम्भले काशीपुरीमा कुण्ड नाम गरेका नापित (नाऊ) लाई स्वप्नामा भने कि तैंले मेरो स्थान बनाइदे, म तेरो कल्याण गरुँला भन्दा तब नापितले दिवोदास राजाका द्वारनेर निकुम्भको मूर्ति स्थापना गरी नित्य पूजा गर्दा निकुंभ पार्षद पूजाका बलले काशीवासीहरूलाई पुत्र, द्रव्य, आयु इत्यादि वर दिन लाग्यो, परन्तु दिवोदास राजाकी रानीलाई १ पुत्र माग्दा पनि दिएनन् र राजा दिवोदासले क्रोधसित निकुंभको स्थान नाश गरिदिए । तब निकुंभले मैले केही नबिराईकन मेरो स्थान नाश गर्‍यौ तसर्थ तिम्रो पुरी पनि स्वतः शून्य हुनेछ भनी श्राप दिए, यस श्रापले काशी शून्य भयो । राजा गोमतीका तीरमा गई बसे भन्ने कथा छ ।

शिवपुराण पहिला खंड ४ अ० मा—सदाशिवले उमासित बिहार गर्नाका निमित्त १ काशी क्षेत्र बनाए । यो काशीलाई कहिल्यै पनि छोड्दैनथे, यसकारण अविमुक्त-क्षेत्र कहलाएको हो । यो स्थान सम्पूर्ण सृष्टिका जीवहरूलाई आनन्द दिने भनी आनन्द-

वन नाम रहेको हो। यो स्थान सिद्धरूप तेजस्वरूप अद्वितीय छ भन्दा यसको नाम काशी रहेको हो भन्ने कथा छ।

द्वितीय खंडको १७ अ० मा—सम्पूर्ण तीर्थहरूमा ७ पुरीहरूको बहुत ठूलो गिन्ती गरेको छ। उसमा पनि काशीको ठूलो महिमा सम्पूर्ण शास्त्रहरूमा छ भनी लेखेको छ।

छैटौं खंड ५ अ० मा—स्वायंभुव मन्वन्तरका मनुका कुलमा राजा रिपुंजय (दिवोदास) भए। यिनले काशीमा तपस्या गरी ब्रह्माजीसित यो वरदान मागे—यहाँबाट देवताहरू आकाशमा जाउन्; नागादिहरू पातालमा जाउन्; पृथिवीमा नआउन् भन्दा 'हुन्छ' भनी वर दिएको कुरा महादेवले थाहा पाई आफ्नू लिङ्ग काशीमा स्थापना गरी आफना गणसहित महादेव मन्दराचलमा गए। उही लिङ्गको नाम अविमुक्त भनी प्रख्यात छ। यही कथा काशीखंडका ३९ अ० मा पनि छ। सबै देवताहरूले पृथ्वी छोडी आकाशादिमा जाँदा दिवोदास काशीको राज्य गर्न लागे।

७ अध्यायमा—केही दिनपछि शिवजीलाई काशी-विना हुँदै नहुने भो र दिवोदासलाई काशी छोडाउनाको निमित्त महादेवले चौसट्ठी योगिनीलाई पठाउनुभयो। चौसट्ठी योगिनी काशी आई दिवोदासलाई काशी छोडाउँनाका निंति भरमौदूर गरिन्। केही सिप लागेन र मणिकर्णिकामा गई बसिन्।

८२ अध्यायमा—फेरि शिवजीले सूर्यलाई काशीमा पठाउनु-

भयो। सूर्यको पनि दिवोदासलाई छुटाउन केही चलेन र १२ सूर्य भई काशीमै बसे। शिवजीले फेरि ब्रह्माजीलाई काशी पठाउनुभयो। ब्रह्माजी काशीमा १० अश्वमेध यज्ञ गरी काशीमै रहे।

११ अध्यायमा—शिवले फेरि गणेशजीलाई पठाउनुभयो।

१२ अध्यायमा—गणेशले पनि बेर गरे भनी शिवजीले विष्णुलाई काशीमा पठाउनुभयो।

१४ अध्यायमा—गणेशले कहेअनुसार १८ दिन विष्णुले ब्राह्मणको रूप धारेर राजा दिवोदासका घरमा गई ज्ञानको उपदेश दिएर राजा दिवोदासलाई राज्यबाट हटाई गरुडलाई शिवका समीपमा पठाइदिनुभयो।

१५ अध्यायमा—राजा दिवोदासले एक बहुत सुन्दर शिवमन्दिर बनाई नरेश्वरका नामले शिवलिङ्ग स्थापित गरी राजा दिवोदास विमानमा चढी शिवपुरीमा गए, जुन स्थानबाट दिवोदास शिवपुरीमा गए, ऊ ठाउँ भूपाल श्रीका नामले बडो तीर्थ भयो। त्यो लिंग दिवोदासेश्वर नामले प्रसिद्ध भयो। यस लिंगको पूजा गर्नाले आवागमनको भय रहँदैन।

२० अ० मा—शिवजी मन्दाराचलबाट काशी आउनुभयो, तब अनेक तीर्थका ब्राह्मणहरू दर्शन गर्न भनी आए।

आठौं खण्डका ३२ अ० मा—प्रलयका उपरान्त शिवजी सब सृष्टि आफूमा लीन गरी एक्लै थिए। उनको केही वर्ण रूप थिएन।

उनी निर्गुण ब्रह्मले सगुण भएर शिव, हर, शंभु, महेश आदि आदि नामले प्रसिद्ध भए। यिनै सगुण ब्रह्मले आफ्ना शरीरबाट शक्ति उब्जाई एक रूपबाट दुई स्वरूप भए। उनै शिव र शक्तिले आफ्ना लीलाका निमित्त ५ कोशको एक क्षेत्र बनाउनुभयो जसलाई आनन्दवन, वाराणसी, काशी, अविमुक्तक्षेत्र, रुद्रक्षेत्र, महाश्मशान आदि बहुत नामले मनुष्यहरू जान्दछन्। शिवशक्तिले यस ठाउँमा धेरै काल बिहार गरे।

३३ अ०मा—आखिरमा शिवले आफ्नू लिंग अविमुक्त अर्थात् विश्वनाथको उसै काशीमा स्थापना गरिदिनुभयो भन्ने कथा छ।

३८ अ० मा—६० मुख्य शिव लिंगको बयान गरेको छ।

नवम खंडको ५ अ० मा - कोही मनुष्य काशीमा मऱ्यो भने शिवजीले पंचाक्षरी मंत्र मर्नेका कानमा सुनाइदिन्छन्, ऊ मुक्त हुन्छ भनी लेखेको छ।

लिङ्गपुराण पूर्वार्द्ध ८१ अ० मा—अविमुक्त अर्थात् काशीमा गएर कोही हिसाबले देह छोड्ने पुरुष निःसंदेह शिवसायुज्य मुक्ति प्राप्त हुन्छ भनी लेखेको छ।

८२ अध्यायमा–पूर्वकालमा शिवजीले विवाह गरी पार्वती नंदी आदि गणहरू लिई हिमालयका शिखरबाट फर्कंदा अविमुक्त क्षेत्रमा पुगेपछि अविमुक्तेश्वरको लिङ्ग देखेर उहाँ बस्नुभयो। शिवजी भन्नुहुन्छ—हे पार्वती! यो मेरो आनन्दवन कस्तो

शोभायमान भएको छ। यो मेरो वाराणसी नाम भएको गुप्त क्षेत्र सब जीवहरूलाई मोक्ष दिनेछ। यस क्षेत्रलाई मैले कहिल्यै पनि छोडिनँ यसैउसले यसको नाम अविमुक्त क्षेत्र रहेको हो। यहाँ कोही समयमा जीवले शरीरलाई छोड्यो भने मोक्ष पाउँदछ। मेरा भक्त जैगीषव्य मुनि यसै काशी क्षेत्रको माहात्म्यले परम सिद्ध भए। जैगीषव्यको गुफा योगीहरूका निम्ति उत्तम स्थान छ। गुफामा बसी मेरो ध्यान गर्नाले योगको अग्नि अत्यन्त दीप्त रहन्छ। काशी चारैतर्फ ४ कोशको क्षेत्र छ। यसभित्र मर्नाले अवश्य मुक्त हुन्छ। अविमुक्तेश्वर अर्थात् विश्वेश्वरका लिङ्गको दर्शन गर्नाले मनुष्य पशुपाशदेखि मुक्त हुन्छ। प्रतिमहीनाका अष्टमी, चतुर्दशी, चन्द्र-सूर्य ग्रहण विषुवत् अयन संक्रान्ति, कार्तिक पूर्णिमा आदि पर्वहरूमा विशेष गरेर यस क्षेत्रको सेवा गर्दछन्। वाराणसी उत्तरावाहिनी गङ्गामा कुरुक्षेत्र, पुष्कर, प्रयाग, नैमिष, पृथूदक आदि अनेक तीर्थ पर्वका दिन आई बस्तछन् भनी लेखेको छ।

पद्मपुराण सृष्टि खंड १४ अ० मा—वरुणा र असी नदीका माझमा अविमुक्त नामक स्थान छ। काशीपुरी तब गङ्गा उत्तर-वाहिनी सरस्वती पश्चिम-वाहिनी छन्। पुरीका निकट दुई योजन उत्तर-बाहिनी गङ्गा छन्। यहाँ सेतो रंगको छोडेर अरू रंगका साँढे-साँढी छोडिदियो भने परमपदमा जान्छ भनी लेखेको छ।

स्वर्ग खंड ५७ अध्यायमा—विराट पुरुषका सात धातु सात पुरी

छन्, जसका असी वरुणाका बीचमा काशी छन्। यहाँ योगदृष्टिवाला ज्ञानीहरू छन् भनी लेखेको छ।

पाताल खंड ९१ अध्यायमा चन्द्रग्रहणमा वाराणसीको स्नान मोक्षदायक छ भनी लेखेको छ।

मार्कण्डेय पुराणको ७ अध्यायमा–त्रेतायुगमा हरिश्चन्द्र नामक राजासित विश्वामित्रले राजाको शरीर रानी छोराबाहेक सम्पूर्ण राज्य सेवक भंडार आदि सर्वस्व दान मागी लिए। विश्वामित्रले भने— राजा! राज्य पृथ्वी मेरो भैसकियो तसर्थ तिमी यहाँबाट निस्क भन्दा राज्य आदि छोडी रानी पुत्रमात्र लिई जब राजा गए तब ऋषिले भने कि महाराज! दान ता दिनुभयो दक्षिणा दिनुभएन, दक्षिणा नदिई गरेको दान दान कहलाउँदैन तसर्थ दक्षिणा देऊ। दक्षिणा नलिई म छोड्दिनँ भन्दा राजाले एक महीनामा दिउँला भने।

८ अध्यायमा–राजा हरिश्चन्द्र काशीपुरी मनुष्य लोक होइन त्यहाँ जान्छू भनी काशी गए र रानी र छोरा लिई यौटा बूढ़ा बाहुनलाई धेरै रुपियाँमा बेची दक्षिणा लेऊ भन्दा विश्वामित्र रिसाएर बोले–– यति धन लिन्नँ थोरै भयो भने। तब धर्मचाण्डालका सेवामा गई श्मशानाधिपति उस डूमसित अर्बुद रुपियाँ ली ऋषिलाई सुम्पेर ऋषिऋणबाट मुक्त भै आफू उसैको कमारो भएर काशीपुरीको दक्षिण श्मशानमा डूमले अह्राएबमोजिम रुपियाँ पैसा ली मुर्दा जलाउन दिन्थे। श्मशान बढ़ारी खाई डूमको चाकरी गरी बसेका

थिए। दैवात् हरिश्चन्द्रराजाका बूढ़ा बाहुनलाई बेचेको छोरो सर्पले डसी मरेकालाई आमाले ल्याई त्यही श्मशानमा राखी रुँदा राजाले मेरो छोरो मरेछ, ई मेरी रानी हुन्, ई मेरा राजा हुन् भनी दुवैले चिह्ने तापनि दाम नदिई जलाउन नदिनू भन्ने आज्ञा छ, दाम भने छैन। अब कसो गर्नें हो भनी राजा-रानीले विलाप गरी परमेश्वरको ध्यान गरे। त्यस बखतमा सम्पूर्ण देवता इन्द्रसहित धर्मलाई अगाडि लगाई राजा भएका ठाउँमा पुगी इन्द्रले हरिश्चन्द्रका पुत्र मुर्दालाई अमृत छरिंदिदा मुर्दा मरेको उठी बस्यो। राजा हरिश्चन्द्र आफ्नो पुत्र रोहिताश्वलाई अयोध्याको राज्य दिई आफ्ना प्रजासहित विमानमा चढी स्वर्ग गए भन्ने कुरो लेखिएको छ। स्कन्द पुराणमा ता सारा काशीकै माहात्म्य छ। राम्ररी सुनौं भने वर्षदिन लाग्दछ। १८ पुराण, १८ उपपुराण, उपनिषद् आदि बाँकी पुराण धर्मशास्त्रादिको भाषा पुस्तकहरूमा कुन पुस्तकमा काशीको तारीफ छैन? सम्पूर्णमा छ। म कलकत्ता, बम्बई, लखनऊ, हरिद्वार, शिमला आदि शहरहरूमा ७।७ दिन १ शहरमा बस्तै घुमें। म यस काशीमा बसेको २६।२७ वर्ष भयो। यस काशीलाई धर्म-कर्म खान पिउन, पढ़्न विद्या जुनसुकै पनि तैयार छ। बगैंचा हेर्न सोख गर्न आखिरमा मरेपछि मुक्त हुनु यस काशीलाई पाईकन कहीं छैन। काशीको तारीफ गर्न यदि लाख वर्ष आयु हुँदो हो तापनि तारीफ गर्नलाई दैया चलदैनथ्यो भने कलियुगको आयु भयाका हामीले कहिले सक्तथ्यौं।

भरतमिलाप

मेला उत्तम काशिमा भरतको, मीलाप पैल्हा छ यो ।
लक्षाझ्झीहरुको त दर्शन हुने, सो भन्दछन् है त यो ॥
जो की आश्विन शुक्लको तिथि पनी, एकादशीमा जहाँ ।
काशी शून्य भएर जान्छन सबै, नाटीइमिलीमहाँ ॥१॥

हात्तीमा चढि काशिराज र अरू, राजा रजौटा धनी !
कण्ठाहार हिरा र मोति पहिरी, आऊँदछन् ई पनि ॥
तेली मूसलमान आदि डुम ली, छोटा मजबूका त झन् ।
बूढो एक् घरकूरुवा बसि अरू, सोनित्त आऊँदछन् ॥२॥

झण्डा लीइ पुलीसहेरु इसरा, गर्छन् उँचा ठाउँमा ।
एक्का टंटम बग्गिमा चढि सबै, जान्छन् कती हाहुमा ॥
दोकान् बन्द रहन्छ चार बजदा, उप्रान्त मेला भरी ।
घेरा पल्टनको वरीपरि बसी, तेस् भित्र छोटो गरी ॥३॥

बाहाँ जोरि मिलाप राम् भरतको, दूवै घडी बाँकिमा ।
वीधीपूर्वक हुन्छ आँसु गिरछन्, हेर्दाख्यरो छातिमा ॥

दर्जामाफिक औंठि टोपि गहना, पोशाक पैरीवरी ।
कौशो रूख यताउती सटक्कमा, बस्छन् बघैचाभरी ॥४॥

जाहाँ [१]मिलाप् हुन्छ सामुन्य वाला ।
बाबू माधोदासजी अग्रवाला ॥
तिन्का पासै सामयाना लगाई ।
बस्छन् मेच्मा मेम् कलेक्टर् इ आई ॥५॥

सीता राम र लक्ष्मणै भरतजी, शत्रुघ्न साथै बसी ।
ऊभीई हनुमान् ठुलो चमर ली, डोलाउँछन् ढाड् कसी ॥
सीतारामजिको जये जय भनी, सारा कुहोलो गरी ।
आऊँछन् ति विमानमा चढि सबै, पुष्पादि वृष्टी गरी ॥

ठानेदार सवारहेरु कुतुवाल्, साहेब आदी जहाँ ।
घोड़ा हात्ति सवारि फौज दुनियाँ फर्कन्छ सारा तहाँ ॥

---

(१) गदीमा रामचन्द्रजी उभिनुहुन्छ, भरत परबाट दगुर्दै आई बाहाँ जोरी मिलाप हुन्छ । (अब भारत स्वतन्त्र भएपछि माधोदास पूँजीपतिका ढाँचाकाँचा हराए; अँग्रेज मेम पनि आफ्ना बाटा लागे ।)

(शिखरनाथले यो लेख्ता रिक्सा, साइकिल, मोटर थिएनन् क्यारे !)

गुरु प्रोहित बाबुसाहब प्रयाग्-राज्का बघैचाभरी ।
नेपाली जनना महाशयहरू, हुन्छन् बहूतै थरी ॥७॥

हात्तीमा चढि गम्कि राम्नगरका, राजा पछी फर्कदा ।
काशीराजजि की जये जय भनी, नेपालि जो बोल्दा ॥
ढल्की-ढल्कि सलामि दी नजर दी, जान्छन् अगाडी बढी ।
ज्यादा ठेलमठेल हुन्छ भनि जन्, बस्छन् ति दुई घडी ॥८॥

राम्लीला पनि काशिमा बहुत छन्, के गर्नु धेरै भई ।
साधू मार्फत चित्रकूटतिरको, प्राचीन लीला यही ॥
सर्कारबाट पत्यार भै भरतको, मीलाप साँचो भनी ।
केही दी रुपियाँ सवार सँग ली, आऊँछ साहेब् पनि ॥९॥

बुढ्वामङ्गल ।

चैते औंसि नजीक हुन्छ बुढ्वा-मङ्गल् बनारस्महाँ ।
गङ्गा उत्तरवाहिनी उपरमा, नाऊ हजारन् जहाँ ॥
मिर्जापूर, प्रयाग, गाजिपुरका, अन्यत्रदेखी पनि ।
जम्मा हुन्छन ती कटर् र बजरा, श्रीसङ्कटाघाट् मनि ॥

बीसै बाइस नाउलाइ लहरै, छाँटेर यौटै गरी ।
माथी चाँदनि झूल टाँगि अनि मा-थी सामयाना धरी ।।
सत्रञ्जी डसना कसेर बिचमा, भारी गलैचा दिई ।
खम्बाहेरुमहाँ पनी सुनउला, बेरेर पट्टा सिई ।।२।।

हण्डा झाड़ दिवालगीरि बिजुली, बत्ती त टाँगीवरि ।
कार्चोपी तकिया र मेच लहरै, बालिष्ट आदी धरी ।।
भारी बैठक पारि अम्मिरहरू, ढाँचा गरी बस्तछन् ।
साठी सत्तरि रूपियाँ दिइ ठुला, [1]रण्डी नचाऊँदछन् ।।३।।

सारङ्गी र सितार हारमुनियाँ, भारी तमोरा लि जन् ।
मुर्चुङ्गा र मृदङ्ग वेन सँङ लो, ओस्ताद आऊँदछन् ।।
सोताबीज् पनि ददिरो दिरिददाण्, दाँउँ र दिर्दिर्गरी ।
हल्लाई शिर जो बडो गमक दी, बस्छन् अगाडी सरी ।।४।।

---

(१) काशी दालकी मण्डी भन्ने रण्डी-टोला आधा कोशसम्मको गजबैको छ । [भारत स्वतन्त्र भएपछि अमीर बिलाउँदै गएकाले पहिलेको जस्तो बुढुवामङ्गल अब हुन्न ।]

ताताधिन् ततधिन् दआ गरि झुकी, ठोक्छन् तबल्चीहरू ।
कम्पाई शिर बाफ-बाफ गरछन्, मूसुक्क हाँसी अरू ॥
इन्का माझमहाँ बहुत् किसिमका, रण्डीहरू नाच्तछन् ।
आँखा दो चमकाइ कोमल कटी, देखाइ आङ् भाँच्तछन् ॥

सारेगं मुलतानि काफि हमिरा, ध्रूपद् तिलाना गजल् ।
केदारा ठुमरी विहाग र इमन्, टप्पा बढोया असल् ॥
गाउँछन् सब रण्डि कत्थकिहरू, ओस्तादहेरू जति ।
नाऊको दस बाह्र बीस रुपियाँ, लिन्छन् मलाहा अति॥६॥

आँखा झिंझिम पारि छम्छम गरी, कोइलि बोले झञि ।
गाऊँदै घुमि नाच्तछे अपसरा जस्ती त रण्डी नञो ॥
पान् सूपारि चुना र सूर्ति सुखमेल्, चूरोट् तमाखू पनि ।
चाँदीका थलिया भरी-भरि तहाँ, राख्छन् ति खाउन् भनी ७

कस्वी फन्न घुमेर हा जब गरो, बाफ् बाफ दिन्छन् सबै ।
यस्तो चित्र विचित्र उत्सव सबै, को देखनन् है कबै ॥
ठानेदार इ आउँछन् पुलिस ली, कुत्वालि साहेब झन् ।
देशादोतिरबाट जो लखपती, हेर्नैं भनी आउँछन् ॥८॥

दोकान् पान् उखुको मिठाइ हलुवा, पुरी कचौरी बरफ् ।
नाऊमा भरि सुन्तला पनि लिई, घुम्छन् ति कस्वी तरफ् ।।
कस्तूरी र कपूर अत्तर लिई, लेविण्डरादी छिटी ।
चश्मा कोट् बुट लाइ सानु छडिली, जान्छन् जहाँ छन् ठिटी

घोशाला अरु घाटका तिर तिरै, हुन्छन् तमासे अरु ।
गङ्गापार दिशा गरी बुडि चुठी, बस्छन् विदेशीहरू ।।
पैह्ला मंगलवार मंगल भयो, जंगल् बुधै वारमा ।
तेस्रो दंगल बीहि वार बुझनू, यस्को यही नाममा ।।१०।।

दूई दीनतलक् रहन्छ पहिले, यो घोसला घाट् बसी ।
रातमा जान्छ दशाश्वमेध दिनमा, यो जान्छ फेरो असी ।।
याहाँबाट घुमेर रामनगरमा, जान्छन् जहाजीहरू ।
फर्की आउँछ बीजुलीबत्ति सहित, [१]बिस्तार् कहाँतक् गरूँ

—:०:—

---

(१) अनिकाल परेमा मेला कम हुन्छ, सहकालमा हुनेसम्म हुन्छ ।

काशीका उत्तम माल

बाफ्ता तास र कोनखाब [1]लचका, औंठीहरू रत्नका ।
दोपट्टा बढिया बनारसि बुटे, साडी [2]कलाबत्तुका ॥
[3]टेढोतार र [4]बादला ककनितार्, रेश्मी किनारा [5]अरू ।
दोसल्ला [6]गुच्छली जरी [6]लयस भो पट्टा [7]र लप्पाहरू ॥१॥

[8]सीतारा [9]सलमा र गोखुर घटी, गोटा खरेडा अनि ।
खोका रेशमिवाल धोति बढिया, खाली किनारा पनि ॥

---

(१) बादला र बत्तूले बनेको बाक्ला वुटेदार पनि पाइन्छ । (२) चोखा बत्तू र चौबीसा बत्तू पनि हुन्छ । (३) ककनि तार मोतिया तार पनि हुन्छ । (४) नसीना साना चोया जत्रो हुन्छ । यो धेरै काममा खर्च हुन्छ । (५) खालि किनारा रेशमी ४ अंगुल का र ८ अंगुलका हुन्छन् । (६) मलमल, अब्रुमा, अद्धी आदिमा कालीगरीसित जोरिदिनाले कत्ति थाहा हुँदैन । टोपी, चोलो आदिमा लाउँछन् । (७) छापा मारेको पट्टा, छापा नमारेको लप्पा । सुनौला रुपौंला पक्का कच्चा पनि हुन्छन् । नकली लिनू छ भने दिल्लीवाल लिनू हत्तपत्त बिग्रँदैन । दुलहीका पछ्यौरामा, झूलमा, शृङ्गारमा काम लाग्छ । (८) चम्की सितारा पातलो हुन्छ । (९) दुइ प्रकारका छन्—कोरा सलमा र चपरा सलमा । यो धागा आदि टोपीमा काम हुन्छ ।

वाणैलिङ्ग र नर्मदेश्वरहरू, श्रीसूर्य फट्टीकका ।
श्रीलम्बोदर शोणभद्र नदिका, श्रीगोमती तीर्थका ॥२॥

चक्रादीहरु देवता मिलदछन्, धातूहरूका पनि ।
पुत्रञ्जोवि र तूलसी फटिकका, रुद्राक्ष माला गनी ॥
मूर्चुङ्गा करताल खैंजडि चना, ढोलक् तवोला अरू ।
सारङ्गी र सितार तार मुजुरा, ताला तमोराहरू ॥३॥

काशीसिल्क र आसती गुलबदन्, डम्बकुंमारी नये ।
धोती टोपि र रामनामि मुरली, भाँडा पुजाका भए ॥
आंखोरा र गिलास थाल करुवा, बट्टा कटौराहरू ।
चंचा अत्तरदान सीलवरका, पाइन्छ धेरै अरू ॥४॥

पासा थर्कि र गोटि बुद्धिबलका, राजाहरू गंजिफा ।
चीठीका पचरङ्गि कागज र निब्, सोस्ता र कापी लिफा ॥
शंखादी नवरत्न ओखतिहरू, साफा लङौटा अनि ।
दम्चूली र कराइ झाँजर चुला, ल्यौ ताइताप्के पनि ॥५॥

बाट्टाहेरु टिका चुरा सिंधुर ची–ऊरा नरीओलका ।
निम्बूको र अनार शर्वत चिया, मूर्बा अनेक् जातका ॥

ओला मिश्रि मिठाइ पान फुरबी, दाना र दालमोट भो ।
बम्बै आँप र लङ्गडा बयर बे–दाना अनार् बेल भो ॥६॥

चक्का धूप र बेलना सुरतिका, गोली तमाखू जमा ।
ई जो जोनिस माल चोज बढिया, पाइन्छ काशीजिमा ॥
काशीको अतिशुद्ध माल् लिनुभए, हे मित्र हो! सुन्नुहोस्
पात्रा पुस्तक गानुको बुटि जनै, मिल्ने पता जान्नुहोस् ॥

पाइने पता—

बाबू माधवप्रसाद शर्मा, दूधविनायक, वाराणसी (यू. पी.)

काशीका मुख्य देवता

ढुण्डिराजाय नमः । काश्यै नमः । कालभैरवाय नमः । दण्डपाणिभैरवाय नमः । विश्वेश्वराय नमः । अन्नपूर्णायै नमः । ओंकारेश्वराय नमः । केदारेश्वराय नमः । मृत्युञ्जयाय नमः । ज्वरहरेश्वराय नमः । तारकेश्वराय नमः । गभस्तीश्वराय नमः । मङ्गलागौर्यै नमः । बिन्दुमाधवाय नमः । आदिकेशवाय नमः । गङ्गायै नमः । मणिकर्णिकायै नमः । चक्रपुष्करण्यै नमः । पञ्चगङ्गाभ्यो नमः । मुखनिर्मालिकादि नवगौरीभ्यो नमः । अर्कविनायकादि षट्पञ्चाशद्विनायकेभ्यो नमः । लोलार्कादि द्वादशादित्येभ्यो नमः । अत्रीश्वरादि सप्तऋषिभ्यो नमः । रुरूभैरवादि अष्टमहाभैरवेभ्यो नमः । शैलपुत्र्यादि

नवदुर्गाभ्यो नमः । मथुरातीर्थादि सप्तपुरीभ्यो नमः । अग्नीध्रेश्वरादि एकादशमहारुद्रेभ्यो नमः । ॐकारेश्वरादि चतुर्दशमहालिंगेभ्यो नमः । अमृतेश्वरादि चतुर्दशमहालिंगेभ्यो नमः । शैलेश्वरादि चतुर्दशमहालिंगेभ्यो नमः । दक्षेश्वरादि अष्टमहालिंगेभ्यो नमः । गजाननादि चतुःषष्ठियोगिनीभ्यो नमः । असीसंगमादि पञ्चतीर्थेभ्यो नमः । काशीस्थसर्वतीर्थदेवेभ्यो नमः । यी जो मुख्य हुन् अरूको नाम लिउँ भने काशीखण्डै हुन्छ । अनन्त छन्, लेखी साध्य छैन । गयाको पिण्डन, प्रयागको मुण्डन, काशीको धुण्डन । हे महाशय हो ! यो बिहान उठेर यी चार धाम र काशीसमेत पाँच धामका देवताको नाम लिनाले कस्तो पुण्य होला ! हेर्नुहोस् ! तीर्थभोजमा होम गर्दा यो शिखरनाथ भाष्यको पुस्तक बायाँपट्टि राखेर 'नमः'का ठाउँमा स्वाहा भनेर होम गर्नू बहुतै पुण्य हुन्छ । अब ४ धामका भजन बिहान ओछ्यानमा भन्ने जो हो सो मजासित मिठा अवाजले भन्नुहोस् ।

संक्षिप्त तीर्थयात्रा वर्णन

अघि पहिले रेल नहुनाले ४ धाम आदि तीर्थयात्रा गर्न बडो गाहो थियो । धेरै काल लाग्दथ्यो । अबता वैज्ञानिक साधनका कृपाले सब यात्रा बहुतै सरल भएको छ । अब तपाईंहरू घर बसी बसी तीर्थयात्राको र मुलुकको सैरको मजा लिनुहोस् भन्ना खातिर संक्षेपले फेरि केही ठाउँहरूको वर्णन गर्दछु ।

दिल्ली

अघिका धेरै मानिस दिलीप महाराजले बसाएको भनी दिल्ली भनेको हो भन्छन् तापनि पांडव महाराज युधिष्ठिरको राजधानी ता अवश्यै हो । पाण्डवहरूको राजसूययज्ञ यहाँ हुँदा समस्त पृथ्वीका राजाहरू एकत्र भएथे, पछि भारतका अन्तिम सम्राट् पृथ्वीराजको राजधानी पनि यही नगरमा हुँदै आएको हो । मुसलमान बादशाहहरूले पनि यही राजधानी बनाए, फेरि शाहजहाँ बादशाहका बखतमा ता यही मुख्य राजधानी बनाएको थियो फेरि गवर्नमेंट अंग्रेजीले मलिका महारानीका शहनशाही पदवी ग्रहणका दरबार यहीं भयो तथा महाराज सप्तम एडवर्डको राज्याभिषेकको बडा दरबार यहीं भयो। यस नगरको संस्कृत नाम 'इन्द्रप्रस्थ' हो या हिन्दू (सनातनी) हरूको मुख्य तीर्थ-स्थान हो। यहाँका मुख्य तीर्थस्थलको नाम 'निगम बोध' हो । यो यमुनाका किनारमा अझतक प्रसिद्धै छ, यसको माहात्म्य प्रायः अब अप्रसिद्ध जस्तो भएको छ तापनि पद्मपुराणमा बडो माहात्म्य छ । यो दिल्ली शहर बडो रमणीय देख्नालायकको छ । यहाँबाट १०।१२ मील दक्षिण महरोली नाम पृथ्वीराजका समयको दिल्ली हो । जहाँ अझतक पृथ्वीराजका किला फुटे-टुटेका छँदै छन् । यहीं तवर महाराज अनंगपालका समयका फलामका लाट, पत्थरका लाट बडा ऊँचा छन् । यहाँ हिन्दूको तीर्थ योगमाया देवीको मन्दिर छ । मुसलमानहरूको वलि ख्वाजा कुतुबुद्दीनको दरगाह

छ। दिल्लीमा कैयौं स्थान हेर्नें योग्य छ। जस्तै बादशाही किला, जामा मसजीद-निकटमा हुमायूँको मकबरा आदि।

मथुरा

मथुरा नगरी यमुनाजीका किनारमा बहुत पुरानू शहर सातौं पुरीमाको १ पुरी पवित्र तीर्थ छ। श्रीकृष्ण महाराजको जन्म यसै नगरीमा भएको हो। यहाँका आसपासका तीर्थ स्थानादि अगाडि नै लेखेको छ। यहाँबाट ७।८ मील वृन्दावन छ। यो कृष्ण महाराजको बिहार गर्नें मुख्य स्थान हो। गोकुल नन्दगाउँ जहाँ नन्दजीकहाँ कृष्णजीको लालन-पालन भएथ्यो। बरखाना कृष्ण महाराजकी परम प्रिया राधाजीको जन्मस्थान हो। गोबर्धन पर्वत पनि भगवानको क्रीडास्थलहरूमाको मुख्य स्थान हो।

मथुरामा धागाका साना ठुला डोरी बहुतै असल पाइन्छन्।

आगरा र कानपुर

मथुरादेखि आगरा भई कानपुर जान्छन्। आगरा यमुनाजी किनारमा बादशाही शहर छ। यहाँ ताजगंगको रोजा हेर्नें योग्य स्थान छ। कानपुर अब व्यापारको बडो भारी मंडी भएको छ। हजारौं कारखाना छन्। छालाका सामान तथा ऊनका, सूतका कपडा आदि मुख्य हुन्छन्। देशी शक्करको पनि कारखाना छ।

लखनौ र अयोध्या

लखनौ शहर गोमती नदीका किनारमा कैयौं खण्डमा बसेको छ। अवधका नबाबहरूको राजधानी रहेको थियो। यहाँका मनुष्य नाजुक मिजाजी आनतानमा हिन्दुस्तानमा प्रसिद्ध छन्। यहाँ अमीनाबाद, इमाम बाडा आदि स्थान हेर्ने लायक छ।

अयोध्या नगरी श्रीरामचन्द्र महाराजको जन्म-भूमि हो। सात पुरीमध्येको एक पुरी हो। यो सरयूका किनारामा छ। जन्म-भूमिको स्थान बादशाही समयमा एक मसजिदका अहाताको अन्दर छ। यहाँ १ सानू मन्दिर प्रसिद्ध छ। यहाँ कनक भवन बहुतै राम्रो बनेको छ। जहाँ महन्त गोविन्ददासजीका मन्दिरमा एक हजार बत्तीको आरती हुन्छ। अयोध्याबाट २ मीलका हनुमानमा गढी छ। यहाँ हनुमानजीको मन्दिर बहुत ऊँचाइमा बडो दिव्य छ।

(१) लखनौदेखि केही पर संडिला स्टेशनका पास नैमिषारण्य क्षेत्र छ।

प्रयागराज

प्रयागमा त्रिवेणी जहाँ गंगा यमुना सरस्वतीको संगम हुँदा यही मुख्य तीर्थ छ। एक अक्षयवट पनि छ। किल्लाका भित्र जमीनका तल अँध्यारामा केही गएर दर्शन हुन्छ। जहाँ भरद्वाज मुनि वाल्मीकिजीको आश्रम छ। यो पवित्र जग्गा छ। यो शहर

इलाहाबाद नामले प्रसिद्ध छ। यूनाइटेड प्रोसिंसेजको राजधानी छ। यहाँ हाईकोर्ट र इलाहाबाद यूनिवर्सिटी (महाविद्यालय) छ।

काशी (बनारस, वाराणसी)

प्रयागराज (इलाहाबाद) बाट बाटामा विन्ध्याचल पर्वत पनि तीर्थस्थान छ। यहाँ विन्ध्यवासिनी देवीको मंदिर छ। दोस्रा स्टेशनमा मिर्जापुर शहर छ। यहाँ पीतल, काँसा, फलाम आदिका वर्तन पाइन्छन्। मुगलसराय स्टेशन बडो भारी जङ्क्शन छ। यहाँ रेल बदली काशी ४ मीलमा पुग्दछ। काशी सातौं पुरीमाका १ पुरी हुन्। यहाँ श्रीविश्वनाथ महादेवजीको मंदिर मुख्य छ। द्वादश ज्योतिर्लिङ्गहरूमाका हुन्। उत्तर-वाहिनी गंगाजीका किनारामा मणिकर्णिका तीर्थ जगत् भरकी ठूली छन्। अन्नपूर्णा, कालभैरव, ढुण्ढिराजादि गणेश छन्। यो स्थान संस्कृत विद्याको मुख्य स्थल छ। यहाँ कीनखाव कलावत्तूको काम बहुत उम्दा बन्दछ।

गया

मुगलसरायबाट गया लाइन जान्छ। पहिले फल्गु नदीमा स्नान गर्नाले र पिंड दिनाले, पाउ राख्नैले पितृहरू मोक्ष हुन्छन्। पिण्डका निमित्त विशेष मुख्य विष्णुपद प्रेतशिला आदि छन्।

यहाँ बुद्ध गयामा चीन, जापान, ब्रह्मा आदि टाढा टाढा मुलुकका हजारौं बौद्ध यात्री हरसाल तीर्थ यात्राका निमित्त आउँछन्। बौद्ध-गयाको मंदिर बडो भारी दर्शनीय छ। यहाँका प्रसिद्ध पण्डा बलदेव सहाय गुप्त पीतलका द्वारवाला अग्रवाला वैश्य ठूला छन्। यहाँ काला पत्थरका अव्वल नम्बरका मालहरू पाइन्छन्।

वैद्यनाथ

गयाबाट लक्खीसराय भएर जाँदा स्टेशन देवघरका नजीक वैद्यनाथ महादेवको मंदिर छ। द्वादश ज्योतिर्लिङ्गमाका एक हुन्। वैद्यनाथजीका समीपमा शिवगंगा नदी छन्। पिण्डी चार अंगुल अनुमान ठूलो मंदिर बहुत पुरानू छ।

कलकत्ता

गयाजीबाट हवड़ा स्टेशन (कलकत्ता छ), हवडा स्टेशनबाट सवारी पुलदेखि गंगापार भएर कलकत्ता शहर आउँछ। यो कलकत्ता शहर भारतवर्षभरको ठूलो शहर हो। यो शहर बहुत आलीशान छ। भारतवर्षका बडा लाठसाहेब वाइसराय अर्थात् गवर्नर जनरल यहाँ रहन्थे, अब दिल्लीमा रहने भए। कलकत्तामा युनीवर्सिटी (महाविद्यालय), हाईकोर्ट छ। यहाँको भाषा—बंगाली छ। प्रायः मनुष्यहरू मुडुलै हिंड्छन्। यहाँ काली देवी परम

पूज्य छन् । विशेष गरेर बंगाली धेरै मान्दछन् । यहाँको प्रधान भोजन भातै छ । कलकत्तामा अजायबघर र चिडियाखाना हेर्नलायक छ । (लाठसाहेबवाला उक्ति अंग्रेजी शासनभरिको हो ।)

जगन्नाथपुरी

कलकत्ताबाट खङ्गपुर भएर जाँदा बाटामा कटक-शहर आउँछ । यसका चारैतर्फ खोलो छ । कटकमा चाँदीका वस्तु उम्दा बन्दछन् । कटकदेखि अगाडि जगन्नाथपुरीका तर्फ भुवनेश्वरको मंदिर छ । बडो भारी दर्शनीय छ । जगन्नाथजीका मंदिरभन्दा अगाडि बनेको हो भन्छन् । यहाँबाट अगाडि साक्षीगोपाल भगवान्को मंदिर छ । जगन्नाथजीको यात्रापछि यहाँको यात्रा हुन्छ, तब साक्षी संझन्छन् । जगन्नाथपुरीमा मार्कण्डेय सरोवर छ । यहाँ मार्कण्डेय ऋषिले तप गरेको ठाउँ हो । स्नानको माहात्म्य छ । जगन्नाथजीको मंदिर पनि वडो भारी छ । मूर्ति जगदीश भगवानको विशाल छ । मस्तक (शिर) मा हीरा खूब चम्कन्छ । मूर्तिका दाहिने तरफ बलभद्रजी माझमा सुभद्रा छन् , तथा सुदर्शन चक्र विराजमान छ । पुरीकै निकटमा महोदधि नाम समुद्र छ, जहाँ समुद्रका स्नानको बडो माहात्म्य छ । यहाँ बालुवा रेतको पिंडदान गर्छन् । समुद्रका किनारा-

---

(१) जीले हजारी बागमा गिरिडीहका पास शिखरसुमेद जैनीहरूको प्रसिद्ध तीर्थ छ ।

मा कबीरजी, नानकजी, मलूकजी, करमाबाई यी महात्माहरूका मूर्तिहरू छन् । पुरीमा यात्रीहरूले भात पकाउने आज्ञा छैन । महाराजको प्रसादै खानु आवश्यक छ, जहाँ कच्चा पक्का भातको भेद छैन । यहाँ १८ नालाभित्र जातभातको विचार केही छैन । सर्वजातका मान्छे एकै पंक्तिमा बसी बडो प्रेमसित दाल, भात, खिचडी आदि खान्छन् । एकै चुल्हामा पाँच-सात हाँडीहरू खप्टी-खप्टी पकाउँछन् । यसलाई अड्का भन्दछन् । मंदिरदेखि २ मील जन्मपुर छ, जहाँ जगन्नाथको जन्म भएको हो । यहाँ असारमा रथयात्राको सवारी निस्कँदा श्वेतगंगामा स्नान गर्ने रीति छ । यहाँ भाषा उडिया बोल्दछन् । दाही-जुँघा राख्तैनन् । नाङ्गा रहन्छन् । सिर्फ १ धोती मात्र हुन्छ । यहाँ विशेष गर्मी हुन्छ । फर्कने वेलामा साक्षीगोपाल र भुवनेश्वरको यात्रा गर्छन् । पुरीबाट ः—

मदरास

खुरदारोडबाट मदरासतक समुद्रका किनारैकिनारा रेल जान्छ । बाटामा अनेक शहर, अनेक नदी आउँदछन्, जहाँ बेजवाडा बडो प्रसिद्ध जंकशन छ । यहाँबाट हैदराबाद दक्षिण नजीक पर्छ ।

शहर हैदराबाद बहुतै भारी छ । यहाँका नबाब निजाम हैदराबाद हिन्दुस्तानभरमा सबभन्दा ठूला रईस छन् । बेजवाडाका आसपासमा सर्दी बिलकुल हुँदैन । मदरास पनि बडो भारी छ । मदरास शहरमा कैयौं स्टेशन छन् । "बीच" सबभन्दा प्रसिद्ध छ । शहर

मदरास पनि बडो भारी छ। मदरास उप्रान्त (दक्षिण) को राजधानी छ। यहाँ साहेब गवर्नर (राज्यपाल) रहन्छन्। यहाँ मदरास युनीवर्सिटी (महाविद्यालय), हाइकोर्ट छ। यताका मानिस प्रायः काला हुन्छन्। भाषा मदरासी (तमिल) बोल्दछन्। प्रायः सबै धोती पहिरन्छन्, तिलक लगाउँदछन्। मारवाडी बजारदेखि ३ मीलका फसेलामा पाथसारथी भगवानको प्रसिद्ध मंदिर दर्शनीय छ। यहाँ रेशमी किनाराका धोती जोडा बडा-बडा कीमती उम्दा हुन्छन्। तथा पान केरा बहुत हुन्छ।

चिदंबर

मदरासबाट चंगलपट भएर चिदंवर जान्छन्। यहाँ शिवगंगा नदी छन्। महादेवजीको मंदिर बहुत प्राचीन मनुमहाराजको स्थापित हो भन्छन्। मंदिर बहुतै ठूलो छ, जसका चारैका तर्फ दशदश मंजिल अग्लो छ। बाहिर परिक्रमा बागबाट हुन्छ, भित्र तलाउ छ, राजसभाको स्थान यति ठूलो छ कि के भन्नु ? ११०० थाम लागेको छ। कटहडा सुन चाँदीका छन्। मन्दिरको लागत करोडौं रुपियाँको छ। अघि कोही नाटकोटका साहूकारले २५ लाख रुपियाँ लगाएर मरम्मत गराइदिएको छ। यहाँ १ मूर्ति सुनको छ। जसलाई नटराज भन्दछन्। १ मूर्ति बिल्लोरको छ, एक मूर्ति माणिक्यको छ। एकत्रालिश्त उँचो छ। दोस्रोतर्फ सुनका सिंहासनमा बडो मूर्ति

गोविन्दराज शेषावतारको छ। एकतर्फ चाँदीका सिंहासनमा शिवकाम सुन्दरी देवी छन्। यतिको समृद्धि कुनै देवस्थानमा पनि छैन।

त्रिचनापली (श्रीरंगपत्तन)

चिदम्बरबाट त्रिचनापल्ली फोर्ट स्टेशनबाट एक मीलका अनुमानमा कावेरी गङ्गा छन्। यहाँबाट अन्दाजी २ मील श्रीरङ्गनाथ भगवानको मन्दिर छ। यो मन्दिर साह्रै ठूलो र बहुतै राम्रो छ। यस मन्दिरको सात परिक्रमा छ। बाहिरका तीन परिक्रमाले शहर आबादी भेटिन्छ। भित्रका चार परिक्रमाले मन्दिरको कारखाना भेटिन्छ। यस मन्दिरको हद सब मन्दिरभन्दा ज्यादा छ। श्रीरङ्गजीका २ मूर्ति छन्। यौटा सानू र अर्को ठूलो। ८।१० हात लामू शेष-शय्यामा विराजमान हुनुहुन्छ। दोस्रोतर्फ एक मन्दिरमा लक्ष्मीजीको मूर्ति छ। मन्दिरमा सुन-चाँदीका वाहन र पात्र बहुतै छन्। वृन्दावनमा श्रीरङ्गजीको मन्दिर यसका नक्शामा बनाएको हो। यसभन्दा वृन्दावनको मन्दिर बहुत छोटो छ। श्रीरङ्गजीमा सहस्र नामले तुलसीदल चढ़ाउँदछन्। मन्दिरका सामने १०।१२ हात अग्लो गरुड़जीको मूर्ति बहुतै सुन्दर छ। छोटी कावेरीदेखि एक मील पर जम्बुकेश्वर महादेवको ठूलो मन्दिर छ। यहाँ पिण्डी जलतत्त्व छ। यहाँ पनि नाटकोटका साहूकारले पाँच लाख रुपियाँ लगाई मरम्मर गराएको छ। त्रिचनापल्लीबाट सेतुबन्ध रामेश्वर मण्डपम् स्टेशन-

बाट मडूरा स्टेशनको टीक देली यहाँ मीनाक्षी देवीको मन्दिर बड़ो भारी दर्शनीय छ। करोड़ौंको लागत सम्झनुहोस् । मन्दिरको बाहिरी परिक्रमामा लोहाका जङ्गला लागेका छन्। बाग (बगैंचा) पनि लाएको छ । भित्र १ कोठामा तलाउ छ । यहाँबाट तोताद्रि पद्मनाभ जनार्दन कन्या कुमारी तीर्थ नगीचैमा छन् । उहाँ पनि बडा भारी भारी मन्दिर छन् ।

काञ्ची

मडूराबाट काञ्ची—मडूराबाट फर्की त्रिचनापल्ली भएर तंजीर मायावरं चंगनमा भएर शिवकाञ्ची पुग्दछन् । शिवकाञ्ची नगर खासा छ । चौपट्टको चाक्लो बजार छ । यहाँ शिवजीका पिण्डो चौरस १ हात अग्लो मृत्तिका (माटो) को छ । यसमा जलका सट्टामा तेल चढाउँछन् । यो पिण्डी पृथ्वी तत्त्व छ । यहां पनि शिवसहस्र नामले बिल्वपत्र चढाउँछन् । यहाँको मन्दिर पनि बडो भारी छ । यसको मरम्मर पनि उही नाटकोटका साहूकारले १५ लाख रुपियाँ लगाएर गराएको छ । यहाँबाट तीन मील पर विष्णुकाञ्ची छन् । बस्ती मिलेको छ । यहाँका मन्दिर दुइतले छन् । भगवानको मूर्ति यौटा ठूलो र अर्को सानू अत्यन्त राम्रा छन् । तल नृसिंहजी र लक्ष्मीजीको मन्दिर छ । यहाँ पनि वाहनादि सुन-चाँदोका बहुतै छन् । मन्दिरको भित्ताका पत्थरमा वेद लेखेको छ । भाषा यहाँ द्राविड़ी बोल्दछन् ।

काञ्ची पनि सातौं पुरीमाको एक पुरी हुन्। यहाँबाट दक्षिण त्रिविल्लूर स्टेशनबाट वीर राघवजीको दर्शन हुन्छ।

त्रिपती बालाजी

काञ्चीबाट त्रिपती काञ्चोदेखि आरकोन भएर रेनुगुंटा स्टेशनबाट ६ मील स्टेशन त्रिपती छ, त्रिपती-शहर पनि बहुतै असल छ। यहाँ बाबा मनीरामको धर्मशाला बडो नाकामा छ। त्रिपतीमा गोविन्दराजको मंदिर दर्शनीय छ। त्रिपतीबाट डेढ मीलका अनुमानमा बालाजी पर्वत छ। वेंकटाचल पनि कहन्छन्, पाहाडका चढाइमा ठाउँ-ठाउँमा सोँढ़ो बनेका छन्। यहाँ वृक्षहरूको सुशोभित वन छ। यहाँ बालाजीदेखि २ मील पर पापनाशिनी गंगा छन्, यहाँ स्नान गर्नाले मनुष्यको प्रत्यक्ष पाप काटेको थाहा हुन्छ। अर्थात् स्नानको जल माथि पर्दैमा सफेद (सेता) पानी भातको माड जस्तो टाढासम्म गंगामा धार देखिन्छ। यिनका पासैमा दोस्रो ब्रह्मधार छ, यहाँ पाण्डवहरूको गुफा र पाण्डव तीर्थ छ। मूर्ति श्रीबालाजी विष्णु भगवानको सुन्दर वर्ण छ। यहाँ तल गर्मी पाहाडमाथि सर्दी रहन्छ। यहाँ बाबा हाथिरामको मठ छ, जसको इमारत पनि बडा भारी छ, यहाँबाट थोरै दूरमा कपिलतीर्थ छ।

—: o :—

[1]हौसपेट (पम्पापुर)

त्रिपतीबाट हौसपेट बाटामा गुंटकल स्टेशनबाट छोटी गाडीमा सवार भएर हौसपेट पुग्दछन् । हौसपेट स्टेशनदेखि पंपापुर ७ मील छ, पंपापुर सानू बस्ती छ । यहाँ तुंगभद्रा नदी छन् । यहाँ पहिले सुग्रीव रहन्थे । यहाँदेखि पाउभरमा चक्रतीर्थ छ । यहाँ सुग्रीवले बनाएको रामचन्द्रजीको मंदिर छ । नदीपारि ऋष्यमूक पर्वत छ । यहाँ श्रीरामजीको हनुमान सुग्रीवसित भेट भएथ्यो । यहाँबाट ३ मील पर फटिकशिला मन्दिर छ, यहाँ रामजीले बहुत दिन बिताएको थियो। यहाँबाट लङ्कामा जान तयारी गरेथे, उस समय यहाँ पानी थिएन र वाण हानेर पर्वतबाट नदी निकालिएकी छन् । पंपापुरबाट ३ मील किस्किन्धा सुग्रीवको राजधानी छ, यहाँबाट डेढ मील पंपासरोवर छ । यहाँको भाषा अर्कै प्रकारको छ । सो भाषा हत्तपत्त हामी बुझन सक्तैनौं । यहाँ पर्वतहरूमा उत्तम तपोभूमि छ ।

नासिक

हौसपेटबाट नासिक बाटामा होटगी स्टेशनबाट बडी गाडी पाइन्छ, यो बम्बईको हाता हो। यहाँ भाषा मराठी बोल्दछन् । यहाँबाट शोलापुर भएर धोंड स्टेशन आउँछ । यहाँबाट पूनातिर पनि रेल जान्छ । पूना मरहटाहरूका समयमा बडो प्रसिद्ध नगर हो, धोंडबाट

---

(१) यहाँका पासैमा जैनबद्री मूलबद्री जैनहरूको तीर्थ छ ।

मनमांड भएर नासिक पुग्दछन् । मनमांडदेखि हैदराबादका रेलको दौलतबाद स्टेशनदेखि १० मील घृश्नेश्वर महादेव द्वादश ज्योतिर्लिंगमाका हुन् । नासिक स्टेशनबाट नासिक शहर ६ मील छ, यहाँदेखि घोडाको ट्रामगाडी जान्छ । शहरमा जाने हिन्दुस्थानी यात्रीहरूसितबाट फि आदमी सुका लिन्छ, नासिक शहरका पासैमा गोदावरी गंगा छन् । गोदावरीबाट आधा मील पर पंचवटी छ । यहाँ १ गुफा सीता गुफा नामले पृथ्वीका तल छ । मोटा मानिसलाई जान दुःख हुन्छ । गुफाभित्र श्रीरामचन्द्रजीको मंदिर छ, यहाँ उस समयका ५ बरका रूख हुँदा पंचवटी नाम रहेको हो । यो स्थान बडो रमणीय छ, यहाँबाट डेढ मील पर तपोवन छ, उहीं दंडकारण्य वन छ । यहाँ रामचन्द्रजीले सूर्पणखाको नाक काटेको हो । पंचवटीको गुफा बाहिरबाट रावणले सीतालाई लगेको हो । पंचवटी नासिक शहर पनि बडो राम्रो छ । नासिक शहरबाट अन्दाजी २० मील (१० कोश) पर त्र्यंबकेश्वर महादेवजीको मंदिर छ, द्वादश ज्योतिर्लिंगमाका एक हुन् । यहींबाट गोदावरी निक्लन्छन् । नासिकदेखि त्र्यंबकेश्वरतक जान्छ । भाषा यहाँ मरहठी बोल्दछन् ।

—:०:—

(ट्राम पहिले घोडाले तानिन्थ्यो, पछि बिजुलीद्वारा चलाइने गरेको हो ।)

बम्बई

नासिकबाट बम्बई शहर हिन्दुस्थानमा सबभन्दा बडो भारी ठूलो छ। बम्बईका बराबर दोस्रो शहर हिन्दुस्थानमा छैन। विशेष वेलायतहरूका माल बम्बईमा नै आउँछ। यहींबाट अन्यत्र जान्छ। शहरमा मुंबादेवी, भोलेश्वर, लक्ष्मीनारायण, बालकेश्वर, महालक्ष्मीको मंदिर उत्तम छ। यहाँ बम्बई यूनिवर्सिटी (महाविद्यालय) र हाइकोर्ट छ। बम्बई हाताका गवर्नर (राज्यपाल) यहीं रहन्छन्। यहाँ निर्णयसागर नाम भएका छापाखानामा जस्तो सफा शुद्ध काम गर्ने हिन्दुस्थानभरमा छैनन्, हद्द छ। कारखाना ठूलो श्रीवेंकटेश्वर छापाखानाको छ। छाप्ताखेरिमा बम्बईका हावा लाग्दा मसी राम्रो बस्तछ। अन्यत्र यिनै सामग्री यिनै कारीगर लगी छपाए पनि यस्तै साफ हुन सक्तैन किन हावागुनाले। यहाँ (साग्निचित्सर्वपृष्ठाप्तोर्यामसोमयाजि पण्डित शिरोमणि दीक्षिताचार्य) कनिष्ठपुत्र पण्डित हरिहर दीक्षिताचार्य (कान्छा पण्डितजी) नेपालीहरू कोही अलपत्र पर्नन् (द्वारिकानाथ) लाई खर्च पुगेन कसो गरौं भनी शोक गर्नन् भन्नाका निमित्त 'गोरखाग्रन्थप्रचारक मण्डली, गीरगामरोड, बम्बई'मा आफ्ना स्वाधीनमा आफ्नू बुद्धो खर्च गरी अनेक तरहका पुस्तक छपाई मज्जासित रहनूभएको थियो। यिनमा (१) पहिला गुण यो छ १८ पर्व महाभारत, वाल्मीकि रामायण अरू १८ पुराण, १८ उपपुराण, मनुस्मृति, मिताक्षरा, परासरादि धर्मशास्त्रादिका कथा प्रश्न गर्‍यो भने

एक सेकेण्डका समाधिले पुस्तक निकाली २ फेर पल्टाउँदैमा चोर-औंलो अघि सारी देखाइदी सुनाइदिनु । (२) दोस्रो १८ सयका जिल्द मात्र बाँधी आलमारीमा आफूले तह मिलाई राखेका हजारन किताबहरूमा आँखा चिम्ली यो फलानू किताब हो भनी यावत् पुस्तक जमीनमा फरक नपारी राख्न सक्नु । (३) तेस्रो दान-प्रतिग्रहादि छुँदै नछुनु । (४) चौथो दाज्यूभाइ आदि कसैको पनि कचकच नसुन्नु । (५) पाँचौं आफ्नू जो भएको द्रव्यादि धनमा सन्तुष्ट रहनु । (६) छैटौं धनी गरीब सबलाई एकैदेखि मानपूर्वक वार्ताव गर्नु (७) सातौं क्रोध लोभ मोह त्याग गरी किंचित् हाँसी आनन्दमा रहनु । (८) आठौं निद्रालाई जित्नु । (९) नवौं एक पत्नीमा रहनु । (१०) दशौं आर्काको उपकार गर्नु । यी दश गुणले युक्त भएका थिए । निजकी ब्राह्मणी दीक्षित्यानीज्यू नेपाल छेत्रपाटी निवासी रूपमा, जीउमा, पोशाक पहिरनामा, बोलचालमा, विद्याहरूमा कुशल रत्न भएका कुलीन पण्डित पुरोहित सोमनाथ अर्ज्यालकी कन्या दिव्य रूप भएकी काञ्छी पण्डितनी विदुषीको वर्णन गर्न म सक्तिनँ । संस्कृत बोल्नु, वाल्मीकि रामायण, भारत सार, मनुस्मृति आदि पुस्तक जहाँ गए पनि १ मिनट छुट्तैनन् । देव-तुल्य पति-पादोदकमा र यो पुस्तकादिका रसमा डुब्नुभएको छ । पद्मिनी स्त्रीका लक्षणमा आउनुहुन्थ्यो कि जस्तो लाग्दछ । वाचक चौपट्ट छ । यो पतिव्रताका कन्या जन्मीकन पुत्र जन्मेका वार्षिक भएका यिनलाई अष्टचिरञ्जीवीले रक्षा गरुन् । बिसासय आयु होस् ॥

अहमदाबाद

जूनागढबाट अहमदाबाद शहर बढिया छ । बडा बडा कारखाना छन् । यो शहर गुजरातमा प्रसिद्ध छ । भाषा गुजराती छ ।

डाकोरजी

अहमदाबादबाट डाकोरजीमा कोही समयमा भक्त रामदासका भक्तिका प्रतापले श्री द्वारकानाथजी यहाँ विराजमान हुनुभयो । यो कथा भक्त-मालामा छ । मूर्ति यहाँ रणछोड़ द्वारकानाथजीको सवा हात अग्लो अति मनोहर छ । मन्दिरका पास गोमती तलाउको जल बहुत मधुर निर्मल छ । दोस्रो मन्दिरमा लक्ष्मीजी, बलदेवजी, रामदास भक्तका मूर्ति छन् ।

उज्जैन

डाकोरबाट उज्जैन बाटामा गोधरा देवद भएर रतलाम आउँछ। रतलाम शहर पनि राम्रो छ । सात पुरीमाकी एक पुरी उज्जैन हुन् । यहाँ शहरका निकटमा सिप्रा नदी छन् । शहरमा महाकालेश्वर चतुर्दश ज्योतिर्लिङ्गमध्येका एक महादेव हुन् । अझसम्म विक्रमादित्य राजाका किलाको दरवाजा मजबूत छ । शहर पनि पुरानू छ । शहरका केही पर गोपीचन्द भर्तृको गुफा छ । यहाँबाट केही पर सिद्धवर्त छ

तथा केही दूर सान्दीपन ऋषिको स्थान छ। यहाँ द्वारका जाँदाखेरि श्रीकृष्णले विद्याध्ययन गर्नुभएथ्यो।

ओंकारनाथ

उज्जैनबाट इन्दौर भएर स्टेशन खेडीघाटबाट ॐकार जान्छ। शहर इन्दौर पनि बहुतै राम्रो र ठूलो छ। स्टेशन खेडीघाटदेखि ५ कोशमा ओंकारजी छन्। सवारी बैलगाड़ी मिन्दछ। पहिले विष्णुपुरी आउँछ अनि नाउमा बसेर नर्मदा पार गई शिवपुरीमा ओंकारनाथको मन्दिर छ। यी द्वादश ज्योतिर्लिङ्गमाका एक हुन्। केही पहाड चढेपछि पुगिन्छ। एक बालिश्त अग्ला छन्। यहाँ भिल्ल राजा केही साना छन्। यहाँ पनि गङ्गोत्तरीको जल चढ्दछ।

अजमेर पुष्करजी

उज्जैनबाट अजमेर, यहाँबाट रतलाम, मन्दसौर, चित्तौर गढ भएर अजमेर आउँछ। चित्तौड़ स्टेशनबाट उदयपुर रेल गएको छ। श्रीद्वारकानाथ जान्छन्। यहाँ गिरधरलालजीको सवा हात अग्लो बड़ो रमणीय मूर्ति छ। नित्य ११०० (एघार सय) रुपियाँको उदयपुरको भोग लाग्दछ, केशर कस्तूरी पिधी भोगका सयकडौं पदार्थ पक्वान्न आदि बहुतै उत्तम हुन्छन्, यस्ता मिठाई काहीं पनि देखिंदैन। भोग लगाएपछि बजारमा बिक्तछ। नाथद्वारदेखि केही पर

काकरोलीमा बालकृष्णजीको बडो भारी मंदिर छ, उहीं १ सरोवर कैयौं मील लामू सुन्दर छ, यहाँ उदयपुरका राज्यमा महादेवको स्थान पूज्य छ, जैनीहरूको तीर्थ केसरया नाथको मंदिर पनि छ।

अजमेर शहर पनि राम्रो छ

अजमेरबाट ८ मील पर पुष्कर्राज तीर्थ छ, प्रयाग पुष्कर्राज १ ठूलो तलाव कैयौं मीलका घेरामा छ। पुष्करमा ग्राहा (शोष) धेरै हुँदा कोही पनि पर गएर नुहाउन सक्तैनन्। ब्रह्माजीको मंदिर यहाँ बडो राम्रो अद्वितीय परममान्य छ, यहाँदेखि डेढ मील पर अग्ला पहाडी टीलामा सावित्रीजीको मंदिर छ, अजमेरमा ख्वाजा साहेबको दरगाह बडो भारी मकान छ।

जयपुर

जयपुर शहर पनि दर्शनीय छ। सब बाजार यहाँको जस्तो फराक सफा यस्तो कायदा अन्यत्र छैन, जयपुरमा गोविन्ददेवजीको मंदिर राजमहलहरूमाको परम दिव्य छ, देशी कारीगरीमा जयपुर हिन्दुस्थानमा प्रसिद्ध छ। जयपुरबाट दिल्ली जाँदा बाटामा अलवर शहर बढिया राजधानी पर्दछ, रेवाडी पनि बडो राम्रो शहर छ। रेवाडी दिल्लीका दरम्यान फरूख नगर यानी केही सानू शहर छ, यहाँ पहिले नून बहुतै बन्थ्यो, फरूख नगर दिल्लीका बीचमा गुर-

गावमा शीतलादेवीको प्रसिद्ध मंदिर छ। चैतदेखि असारतक हर सोमवारमा बडो भारी मेला हुन्छ! यहाँ पाण्डवहरूका गुरु द्रोणाचार्यजीको स्थान मंदिर छ। जयपुरबाट दिल्लीको टीकट लिनुपर्छ।

कुरुक्षेत्र

दिल्लीबाट थानेर स्टेशन छ। यहाँबाट केही पर कुरुक्षेत्र नामक ठूलो सरोवर छ, सूर्यग्रहणमा बडो भारी मेला हुन्छ, यस भूमिमा कौरव पाण्डवहरूको महाभारत नाम युद्ध भएथ्यो, एघार अक्षौहिणी सेना सहित बड़े बड़े बली कौरवहरूको युद्ध भएथ्यो। सात अक्षौहिणी सेनावाला पाण्डवहरूको जित भएथ्यो। पाण्डव वीर अर्जुनका सारथि कृष्ण महारज हुनुभएथ्यो।

हरिद्वार

दिल्लीबाट हरिद्वार-मेरठ सहारनपुर भएर जाने बाटो पनि छ। फेरि मुरादाबाद भई जानाले बाटामा गढमुक्तेश्वर नामक गंगाजीको १ घाट छ, जहाँ चैत्र र कार्त्तिकमा बडो भारी मेला हुन्छ, लाखौं रुपियाँको माल बिक्तछ। यस्तो मेला हिन्दुस्थानभरमा प्रायः हुँदैन। हरिद्वार (कनखल) मा दक्षेश्वर महादेवजीको दर्शन हुन्छ, ई द्वादश ज्योतिर्लिंग मध्यमाका १ हुन्। कनखलदेखि ३ मील पर मायापुरी खास हरिद्वार हो। यी सात पुरीमाकी १ पुरी हुन्, यहाँ हरिको पैडी

नामक श्रीगंगाजीको मुख्य घाट छ। कनखलमा पहिले दक्षप्रजापतिले यज्ञ गरेथे, जो शिवजीको अवज्ञाको कारण वीरभद्रले विध्वंस गरेथे।

अमरनाथ

रावलपिंडीदेखि केशभरि भएर अमरनाथजीमा जान्छन्। यी द्वादश ज्योतिर्लिंगमाका १ लिंग हुन्। यहाँ शीत बहुतै पर्दछ, पिंडी शिवजीको अपारलिंग हिउँ (बरफ) को छ, जो कृष्णपक्षको दिन क्रमसित घट्तछ। तथा शुक्लपक्षमा बढ्दै जान्छन्। यहाँ १ परेवा (कबूतर) का जोडा पूर्णिमाका दिन अवश्य आउँदछन्। यिनको पनि दर्शनको माहात्म्य छ। कोहभरीबाट अगाडि यही बाटाबाट काश्मिर जान्छन्।

ज्वालाजी

पठानकोटका स्टेशनदेखि काँगडा जान्छन्। काँगडामा देविको मंदिर प्रसिद्ध पूजनीय छ। काँगडाबाट केही टाढा ज्वालाजी छन्। यहाँ देवीको मूर्ति अग्नितत्त्वमय छ, अर्थात् मंदिरका बीचमा तथा अन्य स्थानमा अग्निको ज्योति निक्लन्छ। दुवैको नवरात्रमा बडो भारी मेला लाग्दछ।

पशुपतिनाथ

नेपाल शीतप्रधान गो-ब्राह्मण रक्षक पर्वतीय बडो भारी उत्तरखण्ड नामी स्वच्छन्द राज्यमा द्वादश ज्योतिर्लिङ्गमाका लिंगरूपी पशुपतिनाथ हुनुहुन्छ, यो कैलास राज्य हो। यहाँ शिवरात्रि मेलामा देशी शास्त्री पण्डित महाशय दण्डी, योगीजन, फकिरो साधु सन्त महन्त आदि कति जाँदा रहेछन् त भनी अघि चीसापानी गढीमा मकैका गेडाले गिन्तो गर्दा पछिबाट गनेका मकै भर्दा दस पाथीभन्दा पनि बढ्ता हुन्थे अरे, यी फौजलाई खाने पिने हेरीकन बिदाइको बन्दोबस्त (गोरखा सरकार) बाट हुन्छ ।

यात्राकाण्ड समाप्त

स्वप्नाकाण्ड प्रारम्भ

स्वप्नाध्याय पुराण, शास्त्रहरुको, सारांश झीकी यहाँ ।
स्वप्नाध्याय ऋ हन्छु अमृत सरी, नेपालि भाषामहाँ ॥
स्वप्नाध्याय पढीलिनू फल पनी, गङ्गाजि न्वाहीयको ।
स्वप्नाध्याय सुती शुभाशुभ सबै, जानिन्छ मूखाग्रको १

स्वप्नामा जति देखियो उति सबै, पैह्ला प्रहर्मा भए ।
सालभर्मा फल मिल्छ आठ महिना, दोस्रा प्रहर्मा भए ॥
तिस्रो तीन् महिना छ एक महिना, चौथा प्रहर्मा भए ।
रात्को चार्घड़ि बाँकिमा छ दश दिन् त्यैबख्त बीहान् भए ।

स्वप्ना देखियको असल् भय पनी, फल् पाउँदैनन् यति ॥
चुल्ठो टुप्पि जुरो फुकाइ सुतने, डर् मानि सुत्ने अति ॥
झाडाले र पिसाबले घडियका, बेहोशि नाङ्गा अरू ॥
दिन्मा जो भयको कुरा उहि सबै, स्वप्ना त देख्नेहरू॥३॥

चिन्तावाल र दीर्घ रोगिहरुले, स्वप्ना त देखीयको ।
सारा निष्फल हुन्छ यो बुझिलिनू, यै हो मतै शास्त्रको ॥

स्वप्ना देखियको असल् भय पनी, फल् छैन निद्रा गरे ।
स्वप्ना रातमहाँ कहे विफल भो, द्रव्यादि चोर्ला भरे ॥४।

गतौंला अधिकारि बोकटि बराल्, पाँडे घिमीरे अरू ।
जो जो काश्यप गोत्र छन् बुझिलिनू, बिस्तार् कहाँतक् गरूँ
स्वप्ना देखियको कुरो यिनिहरू–लाई नभन्नू रतो ।
भन्दा निष्फल हुन्छ आपद् परी, दुःखादि हुन्छन् अति।५।

ठूला पण्डित गोत्र काश्यप भए, शास्त्री भए तापनि ।
स्वप्ना देखियको कुरो नकहनू, भुस् हुन्छ पक्का भनी ॥
बुद्धो बिग्रन जान्छ नास्तिकहरू–लाई कहेकामहाँ ।
स्वप्नाको विधि नीचलाइ कहने, त्यो हुन्छ रोगी तहाँ ॥६॥

शत्रूलाइ कहे पछी डर हुने, पट्मूर्खलाई कहे ।
फाटो पर्दछ नाश हुन्छ धनको, स्त्रीजातिलाई कहे ॥
स्वप्ना पण्डितहेरुलाइ कहनू, फल् मिल्छ पूरा अति ।
बूझीबक्सनुहोस भन्छु बढिया, स्वप्नाहरू छन् जति ॥७।

—:०:—

शुभ स्वपना

तर्नूं भारि समुद्र, तर्नुं नदिमा, आकाशमा ऊडनू ।
बल्दो अग्नि समेतमा नजर भो, नक्षत्र जो देखनू ॥
सूर्यादि ग्रह देखिए अति ठुला, घर्मा चढेको भयो ।
तारालाइ र चन्द्रमण्डल पनी, देखे बढीया छ यो ॥ १ ॥

कार्येसिद्ध शिवालयैतिर चढे, यी सब् यकै हुन् यति ।
स्वप्नामा यिनि देखिए उहि बखत्, निद्रा नगर्नूं रती ॥
आफ्ना आँगमहाँ किरा चढिएको, झाडा घसेको जहाँ ।
बासो मासु किरा र भात दहि भो, खाए त स्वप्नामहाँ।२।

पीउनू मदिरा रगत् शरिरमा, लागे असल् लेखियो ।
सेतो चन्दन वस्त्र लाइ गहना, पैह्रीयको देखियो ॥
यो स्वप्ना पनि धन्य हो अति असल् क्यै मिल्छ पक्का तहाँ ।
रण्डी पान सपेत धान नचने, धन् मिल्छ देख्यौ जहाँ ॥ ३ ॥

द्यौता ब्राह्मण चन्द्रमा कमल भो, छाता र राजा अनि ।
सेतो वस्त्र भुमी सपेत कलशौ, देख्यो त गोरू पनि ॥

दूधादी फलले सहीत रुखमा, पाहाड् चढेको भनू ।
फूल् माला अइना र मासु मिलनू, धेर् पानिमा पौडनू।।४

राम्री स्त्री कपडा सहीत गहना, रङ् रङ् बिरङ्गा धरी ।
चुल्ठो बाटि सिंदूर गाजल टिका, लाएर छं छं गरी ।।
आएकी यति थोक देखिन गए, द्रव्यादि मिल्ला अनि ।
आफू रोगि छ पो भने बुझिलिनू, रोगादि जाला भनी।५

घोडा हात्ति सुवर्ण गोरु उँट भो, राजा त देखेमहाँ ।
यस्को यो फल हो कुटुम्ब बहुतै, फैलाउँदै गो तहाँ ।।
गाई गोरु रुखै शिवालय पहाड्; हात्ती चढी जो गए ।
आफ्ना आँगइमा गुहू घसिन गो; रोयो मरेको भए ।।६।।

जो स्त्री मातृ सरी थिइन् त निदमा; संभोग भैगो जहाँ ।
स्वप्ना देखिएको बहूत बढिया; यो धन्य हो है यहाँ ।।
दुग्धादी फल पूर्ण वृक्ष बरमा; एक्लै चढ़ेको गति ।
निद्राबाट उठेर जाग्रिम गरे; द्रव्यादि मिल्ला अति ।।७।।

सेतो निक्खुर सर्पले डसिदियो; जो दाहिने हातमा ।
मिल्ला यो दश दीनभित्र रुपियाँ; हज्जार एक् बातमा ।।

पानीभित्र डस्यो त साँप बिछिले; पुत्रादि मिल्ला त यो ।
खायो घ्यू खिर पातमा कमलका; त्यो बादशाहा भयो ॥
उक्ली पर्वतमा गयो घर चढ़ो; नाघी समुद्रै अनि ।
राजा हुन्छ कमारिका कुलमहाँ; पैदा भए तापनि ॥
आफैं हात्कड़ि नेत्रबद्ध भयको, देख्यो त स्वप्नामहाँ ।
पैदा हुन्छ सुपुत्र की धनहरू, मिल्ला अवश्यै तहाँ ॥९॥

म्याना आसन बग्गि देह भरमा, आफ्नू बिछौना त झन् ।
आगो लागियको त देखिन गए, लक्ष्मीजि आऊँदछिन् ॥
सूर्यै मण्डल चन्द्र मण्डल पनी, स्वप्ना त देखीयको ।
लक्ष्मी-प्राप्ति शरीर रोग भय ता, आरोग्य भो गाथको १०

स्वप्नामा बकुला करेङ्कुलङ भो, कूखूरि देख्यो जहाँ ।
ठूला कूलिनकी मिठा वचनकी, पाइन्छ पत्नी तहाँ ॥
स्वप्नामा द्विजले रगत् र मदिरा, पीए त विद्या भयो ।
देखे यो अरु जातले पनि भने, द्रव्यादि मिल्ला त यो ॥११

सेतो चन्दन वस्त्र लाइ दिनमा, स्त्रीले नुहाईदिई ।
लक्ष्मी आउँदछिन् प्रसन्न मनले, तोड़ा असर्फी लिई ॥

मिल्ला अन्न खराउ छत्र र जुता, तर्वार देखे पनि ।
गोरूका रथमा बसे त बुझनू, मिल्ला धनादी भनी ॥१२।

स्वप्नामा घिउ पायको, दहि पिए, स्याबासि मिल्ला यशै ।
घ्यू खाए अति दुःख भो, दहि मिले, ऐश्वर्य मिल्ला तसै ॥
आफ्नै गाउ वरीपरी जलिगए, सो हुन्छ राजा त यो ।
स्वप्नामा घरका वरोपरि जले, त्यो जोमिदारी भयो॥१३॥

ताजा फींज सहोत दूध पियको, ऐश्वर्य होला जय ।
गोडाको नरमांस भक्षण गरे, मिल्ला रुपीयाँ सय ॥
राज्यादी धनलाभ हुन्छ शिरको, मासू त खाए पनि ।
खाएको नरहस्त मांस रुपियाँ, मिल्ला हजारौं भनी ॥१४॥

सेतो जती देखियको बढ़ीया,
रुवो खरानी महि भात् घटीया ।
कालो खराबी इन पाँच छोडी,
गौ देवता ब्राह्मण हात्ति घाडी ॥५१॥

स्वप्नामा दहि देखिए प्रिति, गहूँ देखे धनै मिल्छ यो ।
सेतो सस्युँ त लाभ हुन्छ जउ दे–खे यज्ञ प्राप्ती भयो ॥

सेतो चन्दन पान फूल र सिसौ, कर्पूर स्वप्नामहाँ ।
पाए लक्ष्मिजि आउँछीन घरमा, चारै दिशाकी तहाँ ॥१६॥

स्वप्नामा त समुद्रमा शहरमा, आफू पुगेको अनि ।
स्वप्नामा रगतादि मद्य पियको, जान्नू बढीया भनी ॥
माछा मासु र मोति शंख र हिरा, श्रीखण्ड स्वप्नामहाँ ।
देख्यो वृक्ष फलादिले सहितको, द्रव्यादि मिल्ला तहाँ ॥१७॥

कन्या बाहुन बाहुनी इ तिनले, श्री देवताले त यो ।
स्वप्नामा फल दीयको अति शुभो, छोरो अवश्यै भयो ॥
बाहुन् बाहुनि स्वप्नमा सँगसँगै, आए घरैमा पनि ।
लक्ष्मीनारन गौरिशंकरजोमा, जान्नू इ एकै भनी ॥१८॥

बाहुन् बाहुनले त अमृत, दही, दीए त राजा सरी ।
जो स्त्रीले घरमा पसो हगिगए, ऐश्वर्य होला भरि ॥
स्वप्नामा दहि चीउरा कमलका, पात्मा मुछी खायको ।
राजा हुन्छ मिठाइ दूध मह भो, घ्यू खीर चाटीयको ॥१९

सूनौला अथवा शफेत कपडा, लाएर आठ् वर्षकी ।
कन्याले खुशिसीत पुस्तक दिए, पंडित् कवी हुन्छ कि ॥

सेतो सर्प तलाउ पर्वत नदी, देखे धनादी भयो ।
पुत्रादी धन मिल्छ सर्प र जुको, बिच्छी त देखे त यो।।२०।

हात्तीले पनि आफुलाइ सुँडले, पक्रेर शिर्मा धरे ।
राजा हुन्छ अवश्य वेदहरुमा, यो लेखियाको छ रे ।।
बाहुन् बाहुनिले खुशी भइ शपेत्, छाता र माला पनि ।
स्वप्नामा दियको अड्डा पृथिविमा, बस्ला त राजा बनी।२१

स्वप्नाँ सुन्दरिले मलाइ तिमिले, पत्नी गराऊ भनी ।
मेरा स्वामि भयौ तिमी भनि भने, त्यो हुन्छ राजा पनि ।।
स्वप्नामा त अहिर्निका नकलकी, कन्या त देखे पनि ।
राधीका भनि जान्नु बालख भए, ई बालगोपाल् भनी ।।२२

अशुभ स्वप्ना

स्वप्ना दुष्ट खराबहेरु जति छन्, केही म भन्छू यहाँ ।
जान्नाले गरि दोष जान्छन सबै, यो कण्ठ गर्दामहाँ ।।
देख्यो सूर्य र चन्द्र तेज रहितै, नक्षत्र गिर्दै गयो ।
तारा खस्न गए भने मरण भो, की शोक पैदा भयो ।।१।।

रातो चन्दन वस्त्र लाइ जसले, न्वाही त स्त्रीले तहाँ ।
न्वाहीदी अथवा भने मरिगयो, बाँच्तैन देख्यो जहाँ ॥
फूलेको करवीर् पलाँश र अशोक्, शोक् हुन्छ देखे त यो।
स्वप्नामा रउँ दाँत झर्न गयको, धन् छैन छोरो गयो ॥२॥

रोगी हुन्छ घिऊ र तैल दहि दुध्, स्वप्नामहाँ घस्छ जो ।
कुष्टी हुन्छ कि मर्छ भैंसि गदहा, ऊँट् गाडिमा जान्छ जो ॥
मुर्कट्टा त नजर् परी भइँसिमा, ऊँट्मा चढेको त जन् ।
स्वप्नाँ तेल् घसि ऊँटमा चढि दखिन्, दीशा गए मर्दछन् ३

स्वप्नामा दुइ हात नाक दुइ कान्, काटीयको भो अनि ।
मासू खानु पकायको फुल र मा-ला देख्नु कालो पनि ॥
होलैमा पनि गाडिनू नङ रउँ, दाँते गिरेको भयो ।
स्वप्नामा यति चीज देखिन गए, मर्ला भनेको छ यो॥४॥

खाल्डामा नुन पानि गोल र धुला, फेरी खरानीमहाँ ।
ऊँचा टाकुरमा गएर यतिमा, फाल् हालला जो जहाँ ॥
स्वप्नामा यमदूतले मुशलमान्–ले हात्-हतीयार ली !
डोरीले यदि बाँधि लीइ गयको, मर्ला अवश्यै गली ॥५॥

कालो वस्त्र लगाइ नारि सपना, हाँसी कि गाई जहाँ ।
काली स्त्री विधुवा त देखिन गई, त्यो मर्छ पक्का तहाँ ॥
नाचेको अनि गायको नजर भो, बाजा बजाईयको !
[१]स्वप्नामा इ नजर् परे दुख भयो, रातो लुगा लायको ॥६॥

हल्ल्यो दाँतहरू, दुखे शरिरमा, पीडा धनै नाश् भयो !
गूराँस्को र पलाँशको फुल कपास्, देखे घटीया छ यो ॥
नांगो स्त्री विधुवास्त्रि शूद्रिणि लिई, नाक् काटिएको अनि।
स्वप्ना ताल फलादि खप्पर यती, शोक् हुन्छ देखे पनि ॥७

घोडा हात्ति र रूख पर्वत रथै, ई जो अगाडिमहाँ !
भैंमा गिर्न गये भने त सपनाँ, आपत्ति पर्ला तहाँ ॥
खौराऊनु कपाल आदि मृगको, पाठो मरेको अनि !
स्वप्नामा यति देखिए विपद भो, हाड्को त माला पनि ॥८

लक्ष्मी लान्छिन बाहुनी कि अथवा, बाहून रीसायको ।
दुःखी हुन्छ–मशान तोरण फलां, घास् काठ देखीयको ॥

---

(१) बाला स्त्री देख्ता स्वप्नदोष हुनु, स्वप्नामा द्रव्यादि लिंदा न मिल्नु उदेकै छ ।

स्वप्नामा त मशान् खरानि भयको, देखे अँगार् मर्दछन् ।
स्वप्नामा कठपाउ मास मुसुरो, देखे मुगी–पिर्दछन् ।।९।।

भाँडा फूटियका र घाउ भयको, सूङ्गूर मत्वालि भो ।
डर्लाग्दो मुरदा र लाल कपडा, ओढ्ने जटावाल भो ।।
भैंसी कुष्टि र योनि लिंग गदहा, देखे विपद्मा गयो ।
माला फूल् दुइ लाल देखिन गए, घाऊ अवश्यै भयो ।।१०

भालू काग कुकूर आइ नजिकै, रीसाइ जाग्यो जहाँ ।
स्वप्नामा यदि टोकि दी गय पनी, त्यो मर्छ पक्का तहाँ ।।
काटेको रुख देखियो कि अथवा, भैंमा ढलेको त भो ।
कैला भूस खरानि पत्थर छुरा, बर्सें रगत् दुःख भो ।।११।।
भैंसो भालु सुङ्गूर ऊँट गदहा, रीसाइ आयो जहाँ ।
स्वप्नामा अथवा रिसाइ दगुरे, त्यो हुन्छ रोगी तहाँ ।।
खम्बा यज्ञ वरीपरी जति थिए, तिन्मा चढेको भयो ।
नीम्को रूख पलाँशको र धमिरा–को मट्टिमा जो गयो १२

खेलेको र फलाम तेल र कपास्, पायो त स्वप्नाँ अनि ।
रातो वस्त्र लगायको अनि नदी, फकाई दीनू पनि ।।

ई सम्पूर्ण खराब आपत दिने, स्वप्ना कहीयो यहाँ ।
पण्डित् सज्जनले क्षमा गरिदिनू; गल्ती भयेकामहाँ ॥१३॥

राधा लक्ष्मि सरस्वती तुलसिजी; दुर्गा गणेशै भयो ।
स्वामीकार्तिक धर्म विष्णुशिवको; लीनू दशै नाम यो ॥
न्वाही यो दश नाम पाठ गरनू; स्वप्ना घटीया पनि ।
देखेको छ भने तुरन्त बढिया; पार्दिन्छ यस्ले भनी ॥१४॥

मृत्यूको सपना त देखिन गए; शान्ती गरी हालनू ।
शान्तीसंग्रहमा विधी छ यसको; दोषादि जो फालनू ॥
स्वप्ना देखियको शुभाशुभ सबै; जानून भन्दामहाँ ।
ऊनै शीखरनाथले रचिदिए; शीलोक पारी यहाँ ॥१५॥

स्वप्नाकाण्ड समाप्त भयो ।

नेपाली र पक्को बोलीमा औषधीका नाम

गोरखाभाषा	पक्कीभाषा	गोरखाभाषा	पक्कीभाषा	गोरखाभाषा	पक्कीभाषा
हर्रो	हरड-हर्र	वायुविडंग	बायविडंग	स्वाग्	सोहागा
बर्रो	बहेडा	वंशलोचन	बंशलोचन	चरिअमिलो	चूका
अमला	आमला	समुद्रको फिंद्	समुद्रफेंन	सालधूप	राल
सुठो	सोंठ	जेठीमधु	मुलहटी	जाइफल	जायफल
अदुवा	अदरख	राजवृक्ष	अमलतास	जाइपत्री	जावित्री

पीप्ला	पीपल	चिरायता	चिरायता	ल्वाङ	लौंग
मरिच	कालीमिरच	भृंगिराज	भारङ्गी	जटामसी	जटामासी
चव्य	चव्य	काफल	कायफल	मोथे	मोथा
चित्रक	चित्रक	धञाराकोफूल	धायफूल	कागुनू	कक़नी
अजमोदा	अजमोद	काँचोलाहा	कच्चा लाख	गुर्जो	गिलोय
जीरा	जीरा	हलेदो	हलदी	बिहीं	भटकटैया
धनिञा	धनियाँ	चुत्रो	दारुहलदी	जरिङ्गो	डोडी
सूंफ	सोआ	रसांजन	रसोत	अरिड	अरंड
देशीसुफ	सोफ	लसुन	ल्हसन	सिहुडी	थूहर
मेथी	मेथी	भलायो	भिलाया	करवीर	कनेर
हिङ्	हींग	उशीर	खस	असुरो	अडुसा
बोझो	बच	बिरेनुन	बिडनुन	काउछो	कौछ

४ मासाको १ टंक हुन्छ, अढाई टंकको १ तोला हुन्छ, औषधा काण्डमा यही रीतले जान्नू, यो चक्रमा हेरी मदिसेसित ओखती किन्नू।

[१ मई १९५७ देखि "१० ग्रामको १ डेका; १० डेकाको १ हेक्टो; १० हेक्टोको १ कीलो"को तौल चलेको छ। उहिले भारतमा अँग्रेजी शासन छँदा चाँदीको रुपियाँ हुन्थ्यो। जो कम्पनी रुपियाँ कहलाउँथ्यो। ती पाँच रुपियाँ-बराबरको तौललाई एक छटाँक भन्थे, १६ छटाँकको १ सेर हुन्थ्यो। अचेल चलेको १ कीलो तौलमा ती रुपिमाँ ८६ ओटा चढ्छन्। एक कीलो= ८६ कं. रु.। १ कं. रु.=१ भरी। १⅛ कं. रु.=१ तोला। नेपालको चाँदीको रुपियाँलाई डबल भन्थे। त्यसको तौल १ तोलाको हुन्थ्यो।]

औषधीकाण्ड

पिप्पल्यादिचूर्ण

पीप्ला, बीरेनून, सूठो, धनीञा ।
मोथे, हर्रो किन्तु देला बनीञा ।।
सम्भाग् पारी, कूटि यो छान्नुहोला ।
खानू तातो पानिमा आधि तोला ।।१।।

झाडा सफ्फा, हुन्छ शूला र गोला ।
पेट्का फूला, ज्वर्समेत् छुट्टि होला ।।
नाऊँ पीप्पल्ल्यादि पाचक् बनाऊ ।
यस्को निम्ती, वैद्यकाहाँ नजाऊ ।।२।

[१]त्रिफलादिचूर्ण

दाल् भात् रोटी खानु तर्कारि पर्वर् ।
हर्रो, बर्रो, आमला गर्नु सर्बर् ।।

---

[१] हर्रो यौटा, बर्रो दोटा, अमला चारोटा जम्मालाई त्रिफला भन्दछन् । त्रिफलाका चूर्णमा मह कम्ती घ्यू बढ्ती गरी मिलाई आँखामा वरिपरि लाए सम्पूर्ण नेत्ररोग नाश हुन्छ । यो सब ठाउँमा लेखेको छ । शान्ति संग्रह—मगाउनुहवस् ।

कुट्नू तातो पानिमा आठना भर् ।
खानू रोग् ता पुग्छ मानस्सरोवर् ॥३॥

सीतोपलादिचूर्ण

तीमो एः चतुरी ! नयाँ बिनि बिनी, ई पाँच लेऊ किनी ।
चाखी लीनु पिरो बिना अरखको, तोलाभरी दाल्चिनी ।
दो तोला सुखमेलको बिज र तो—ला चार पीप्ला अनि ।
तोला आठ लि वंशलोचन र मी-श्री सोह्र तोला पनि ॥४॥

धारो गाडियका पसल् असनका, त्याहाँ गई यी लिनू ।
नाङ्लामा न मिसेर राखि फिंजिदो, घाम्मा सुकाईदिनू ॥
कूटी छान्नु लुगा र राख शिशिमा, कागै लगाईवरी ।
[१] घ्यू भन्दा मह कंति गर्नु मिसनू, यस्को अनूपां गरी॥५॥

तोव्रमासा जति चूर्ण खानु दिन रात्, गर्मी भई जो रुने ।
शिर्मा रक्त विकार पित्त पनि भै, जिब्रो त लाटो हुने ॥

---

(१) घ्यू र मह बराबर गर्‍यो भने विष हुन्छ, घटि-बढ़ी गर्नु, बराबर कहिले पनि नगर्नू ।

मन्दाग्नी ज्वर श्वास [१]शूल अरुची, रूघा[२] दहामा पनि ।
दीनू चट्ट शितोपलादि शिशिको नीको भयो यो भनी ।।६।।

अश्वगन्धादि चूर्ण

मोती भस्म बराबरी हित हुने, यो [३]अश्वगन्धादि हो ।
थोरै खर्च गरेर मोज मिलने, भन्छू म हे भाइ हो ! ।।
लीनूहोस जि अश्वगन्ध पहिले, चालीस तोला भरी ।
ताजा शुद्ध विधायरा पनि लिनू चालीस तोला भरी ।।७।।

मैदा पारि पिसी घिऊ नभयका, [४]भाँडामहाँ हाल्दिनू ।
गाईका दुधसीत ओखति दुई, तोला भरीको लिनू ।।
धातू पुष्ट हुनेछ बाजिकरणै, हो येहि हे सज्जन !
येती औषधि खाइ हेरि अइना, आई मलाई भन ।।८।।

---

(१) अदुवाका रसमा मह मिलाई खाने गरेको छ भने त्यसलाई खोकी दमको बेथा कहिल्यै पनि हुँदैन । (२) असुराको काँढामा मह मिलाई खायो भने खोकीको दोहोलो पार्छ । यो वैद्यजीवनमा छ । (३) अश्वगन्ध तोला ४०, विधायरा तोला ४० मिस्नु, कुट्नु, लुगामा छान्नु र घ्यू हालेका भाँडामा अर्थात् घ्यू रित्तिएको भाँडामा हाल्नू । दुई तोलाको एक मात्रा गरी दूधसित खानू, पुष्टाइ हुन्छ । (४) घिउ नभएको रित्तो भाँडामा हाल्नू ।

धेरै स्त्रीसित भोग भैकन पनी, इच्छा हुने हुन्छ यो ।
स्त्रीको संगम छाडि औषधि लिए, बूढो जमानी भयो ।।
चाऊरी पनि पर्दईन रउँ ता, फुल्दैन कत्ती त यो ।
जीउ पुष्ट हुने बहूत बढ़िया, श्रीसार्ङ्गधर्मा छ यो ।।१।।

आमलक्यादि चूर्ण[1]

ली आऊ अमला सिंधेनुन यि ता, बोक्रो र पिप्ला यहाँ ।
हर्रों जंगि लिनू र भाग सम जो, पारेर कूटो तहाँ ।।
दूई टङ्क धुलो गरम् जलमहाँ, मीसी रगेटी लिनू ।
फर्की पूर्व घुटुक्क पारि बटुको, घोप्ट्याइ तीन् ट्वाक् दिनू ।।

ख्वात्-ख्वात् शब्द गरेर दस्त भइ जो, पेट् साफ पारी अनि ।
रूची अग्नि बढेर यावत जरो, नाश् गर्छ कफ्को पनि ।।
शीशीमा भरि राखनू पछि झिकी, गोटा परेमा लियो ।
यो के औषधि हो भने भनिदिनू नाम् आमलक्यादि यो।।

---

(१) आमलक्यादि चूर्ण शार्ङ्गधर संहितामा छ ।

दुर्गन्ध-नाशक

आधा मूठि जुवानुमा मरिच चार्, दाना बिरेनुन् लिनू ।
फाँको मारि चपाउनू र मनता-तो पानि पीईदिनू ।।
नीको हुन्छ गह्नाउने जति डकार्, वायू पसेको पनि ।
बूझो बक्सनु [1]चार दाम खरची, आराम हूने भनी ।।१२।।

ज्येष्ठलवङ्गादिचूर्ण

ल्वाङ् दाल्चीनि जटामसी तगर भो, श्रीखण्ड नीलो कमल्
भीम्सेनी [2]कपुरै र ऊशिर, सुठो, कालीजिरा, जाइफल् ।।
पिप्ला कालि अगर् अलैचि र अनी, कंकोल बाला जती ।
वंशैलोचन नागकेशर भयो, सम्भाग पारी यति ।।१३।।

कुट्नू छान्नु अठार ओखति मिसी, अट्ठार तोलामहाँ ।
नौ तोला भरि मिश्रि मिस्नु मसिनू, पारेर राखो तहाँ ।।
राजा लायकको छ यो बुझुनु मा—त्रा आठमासा भरी ।
तातो पानिमहाँ कि दूधसित यो, खानू दूई साँझ् गरो ।।१४

---

(१) एक पैसा । (२) भीमसेनी कपूर महगो हुन्छ, यसको साटो मोथे हाल्नू भनी लेखेको छ । यो लवङ्गादि शार्ङ्गधर संहितामा लेखेको छ ।

खानू यो अतिसार खोकि क्षयमा, दम् घाँटिका रोगमा ।
बिग्रेको कफ बात पित्त रिङटा, लागी दुखे शीरमा ॥
बाइूली ग्रहणी प्रमेह अरुची, गोला र पीनासको ।
सारा हृदयरोग नाश गरला आफ्ना सबै गाथको ॥१५॥

कामाग्नी बढि अग्नि बढ्दछ रुची, भै खान्छ धेरै तहाँ ।
मोटो हुन्छ शरीर टम्म हुन गै, यो नित्य खाँदामहाँ ॥
चारै श्लोक मुखाग्र पारनु ठुलो, ज्येष्ठै लवङ्गादिको ।
यो खाँदा जिउ पुष्ट हुन्छ बहुतै, नाश् हुन्छ रोग् पाजिको

महाखाण्डवचूर्ण

माहाखाण्डव चूर्ण भारि भनु है, शार्ङ्गधर्मा छ यो ।
हैजालाइ समेत रोक्तछ भने, राज्औषधो यै भयो ॥
तालीस्पत्र र नागकेशर मरिच्, नून्चाहिं पाँचै थरी ।
जोखी लीनु इ आठ ओखतिहरू, एक्-एक तोला भरी १७

पीप्ला चित्रक पीपरामुल, जिरा, फेर् दालचीनी दिनू ।
बोक्रो लीनु अमीलिको दुइ-दुई, तोला छ थोक् ई लिनू ॥

अज्मोदा धनिञा बयर् अमलबेत्, मोथे त नागर् अनि ।
सूठोफेरि अलैचिको बिज इ सात्, तीन्तीन तोला पनि ॥

दश् तोलाभरि हाल्नुपर्दछ अनार्–दाना बढीया लिनू ।
कूटी छानि सफेत मिश्रि त पचीस्, तोला मिसाईदिनू ॥
तातो पानिमहाँ रगेटी पिउनू, दो टंक धूलो जति ।
बेलूका र बिहान खाइ रहनू, ज्यादा बताऊँ कति ॥१९॥

हैजा हृदयरोगमा वमनमा, घूर्ना जुका पेटमा ।
यो खानू अलकाइमा र [1]दममा, खोकी अतीसारमा ॥
घाँटीका मुखका र पेटतिरका, ऊपाधि हूँदा तहाँ ।
महाखाण्डव चूर्ण लीनु अरुची, मन्दाग्नि हूँदामहाँ ॥२०॥

जस्तै अर्जुनले त खाण्डव वनै, सारा डढाईकन ।
सत्यानाश गरायथे अघि जती, जीवात जन्तू छन ॥
उस्तै खाण्डवचूर्णले शरिरका, रोगादिहेरू सबै ।
सारा भस्म गराइदिन्छ यसले, शंका नगर्नू कबै ॥२१॥

---

(१) असुरो, हलेदो, धनियाँ, गुर्जो, भृङ्गिराज, पिपला, सूठो, हिवीं । यसको काँढामा मरीचको धूलो छरी सन्न पिइदियो भने दमको शेष बाँकी

त्रिफलापिप्पलीचूर्ण

पिप्ला औ त्रिफला बराबर गरी, कूटेर छान्नू अनि ।
यो धूलो महसीत चाटनु सबै, प्रत्यक्ष साँचो भनी ।।
ख्वाङ्ख्वाङ् खोकि रुघा जरो र दमको, नाश्गर्छखायोजहाँ
अग्नी जागि दिशा खलास गरने, पाइन्छ यस्तो कहाँ २२।।

पित्तघ्न

मूडीलो र चिराइतो र कुटकी, बाँसक् जवाक्षार् कति ।
गेडा जो बिहिका र पात असुरा, दुइ दूइ तोला यति ।।
एक् तोला भरि हालनू मरिच ता, सब् पन्ध्र तोला भयो ।
गोलो पार्नु अलीकती मह मिसी, केराउ जत्रा त यो २३।।

औलाले धडदा र पित्त भयमा, [१]रूघा जरामा पनि ।
सात् नौ गोलि दिनू गरं जलमहाँ, पित्तघ्न नाम् यो भनी ।।

रहन्न। दमको वेथालाई यसभन्दा ठूलो अर्को औषधी छैन। यो वैद्यजीवनमा लेखेको छ।

(१) वर्रो मुखमा हाली राख्यो भने दमको र खोकीको दोहोलो गर्छ। गानु गएमा टिमुरको अरख अथवा टिमुरको धूलो तातो पानीसित खाए

कोरा दाँतमहाँ परे सुनतुहोस्, फूरायको हिङ् लिनू ।
तेही दाँत्मनि हिङ् अचेटि रहनू, मर्छन् किरा बूझनू २४

सर्वशूलको औषधी

रायो औ त्रिफला बराबर गरी, कूटेर छानीदिनू ।
घ्यूभन्दा मह कम्ति गर्नु मिसनू यस्को अनूपाम् लिनू ।।
मात्रा लीनु अढाइ टंक भरिको, सब् शूल जान्छन् तहाँ ।
यस्तो औषधि ढेउवा त नदिई, ती वैद्य दिन्छन् कहाँ।।२५

सूठो सैंधव बेलको अरिडको, लीनू जरो भित्रको ।
फूलाईकन हींङ लीनु समभाग्, कूटेर छानीयको ।।
मात्रा लीनु अढाइ टंक भरिको, तातो जलैमा मिसी ।
खानू शूल उडाइदिन्छ यसले, राखे दवाको शिशी ।।२६।।

अलकै पाण्डुको ओखती

सींधेनून मरीच चित्रक सुठो, अज्मोद पींधी दिनू ।
यो बीहान र बेलुका महसितै, दो टंक धूलो लिनू ।।

निको हुन्छ । गैंडाको नाभि आइतबार मङ्गलवारमा हरियो वा कालो नयाँ कपडामा हाली बाँधी धूप दिई नाभिमा अर्थात् नाइटामा वाँधिदिए उत्निखेरै निको हुन्छ, कि गानु सारे पनि कम हुन्छ, गानु मन्त्रे पनि निको हुन्छ ।

पन्ध्रै दिन्‌सम खानुपर्छ अलकै, मन्दाग्नि पाण्डूहरू ।
नाशै गर्दछ भोक जार्ग यसले, खानेछ थुप्रै अरू ।।२७।।

हिङ्गाष्टक चूर्ण

अज्मोदा पिपला मरीच र जिरा, कालो जिरा ली दिनू ।
सींधेनून फुलायको हिङ[1] सुठो, एकेक तोला लिनू ।।
एकै टंक धुलो लि भोजन हुँदा, पैह्ला त गाँस्मा छरी ।
खानूहोस अजीर्ण वायु भयमा, नाश् गर्छ ऊही घरी २८।।

लोलिम्बराज चूर्ण

एक्भाग्सैन्धवनुन्जुवानुदुइभाग्, अज्मोद तीन्भाग्अनि
पिप्ला चारइ भाग् सुठो बइत्तरा, पाँच् भाग हाले पनि ।।
हर्रो अस्सल पन्ध्र भाग लिनु यो, सम्पूर्ण एकै गरी ।
यस्को चूर्ण गरेर छानि कपड़ाँ, हाली शिशीमा भरी।।२९।।

तातो पानिमहाँ रगेटि पिउनू, दो टंक धूलो लिनू ।
फर्की पूर्व घुटुक्क पारि बटुको, घोप्ट्याइ तीन् ट्वाक् दिनू ।।

---

(१) हिङ्गाष्टकमा हिङ हाल्दा कोही २ मासा हाल्दछन्। शास्त्रमा हिङ पनि तोलाभरि हाल्नू भनेको छ तसर्थ सम भाग गरी कुटनू ।

झाड़ा बन्द हुँदा अजीर्ण भयमा, फीयो बढेमा भयो ।
खानू पेट कराउँदा शुल हुँदा, आऊँ परेमा त यो ॥३०॥

पर्वत्लाइ त भस्म गर्दछ सहज्, भोजन्हरू के कुरा ।
डेढ् माना जति भात खान्छ सहजै, राख्तैन कत्ती पुरा ॥
यो जो औषधि हो महाशयजि हो, लोलिम्बराज् वैद्यले ।
लोक्का निंति बनायको अति असल्, सेवा गरुन् सैन्यले॥

साना बालकलाई दिने चौथी

दीनू बालकलाइ खोकि दममा, बान्ता जरो दस्तमा ।
मोथे कर्कट शृंगि अत्तिस भयो, पिप्ला लिनू हस्तमा ॥
यो कूटी सम भाग दीनु महमा, चारै रतीको धुलो ।
[1]चौथी नाम छ चार औषधि हुँदा, यो ओखती हो ठुलो ॥

स्वास्नीमानिसका व्यथाको इलाज

मैह्ना स्त्रीहरुको नपूगि नछुने, हूँदा रगत् धेर् बहे ।
कालो ऊनिउको जरो लिनु अनो, काँघो त लाहा रहे ॥

---

(१) यसको नाम कृष्णादि चूर्ण हो। चौथी नाम ता चार औषधी हुंनाले रहेको हो।

पाषाण्भेद इ तीन् कुटी मह्ह मिसी, उल्टा गरी खान्दिनू ।
पेट् दुख्ने पनि नाशहुन्छ तहकित्, दश्पन्ध्रदिन्नतक्लिनू ।।

जीरकादि

जीरा हीङ फुलायको र पिपला, हर्रा त बोक्रो अनि ।
अज्मोदा र सुठो सिंधेनुन भयो, फेरी बिरेनुन् पनि ।।
एक् तोलाभरि ई सबै लिनु निसोथ् ल्यौ चार तोलाभरि ।
यो जो औषधि चूर्ण पारि शिशिमा, छानेर राखीवरी ३४

तातो पानिमहाँ रयालि पिउनू, यो [1]जीरकादी धुलो ।
छुट्टो पाछ अजीर्णलाइ यसले, औ भोक लाग्ला ठुलो ।।
हर्रो भो पिपला बिरेनुन पिंधी, ताता जलैमा मिसी ।
खानू सर्व अजीर्ण जान्छ तहकित्, बिग्रन्न कत्तो हिसो ।।

अमलपित्तको ओखती

ल्यौ बोक्रो निमको लिन् परबरै, गुर्जो समै भाग् लिनू ।
अज्कल्टो गरि कूटनू र यसको, काँढा पकाई दिनू ।।

---

(१) योगतरङ्गिणीमा छ ।

पानी हालनु दूइ मानु चउथा–ईं बाँकिमा झीकनू ।
छानी यो मह मीसि पीउनु सबै, [१]कुल्ला नगर्नू भनू ॥३६॥

बिग्रेको डरलागदो अति ठुलो, जो की अमल्पित्तको ।
ऊछित्तो गरिदिन्छ एक छिनमा, हूनू यकै चित्तको ॥
सातू चामलको कि जौ कि गहुँको, मिश्री मिसी यो दिनू
खानू नष्ट भएर जान्छन अमल्-पित्तादि बूझी लिनू ३७॥

अर्श अतीसारको औषधि

भृंगीराज कुटी झिकी रस दही, मोसेर खानू यति ।
सारा जो अतिसारहेरु जतिको, नाश् गर्छ यो ओखती ॥

आउँको ओखती

तोला पाँच लि मिश्रि सालधुप एक्, तोला भरी पींधनू ।
ताता पानिमहाँ त चूर्ण दश दिन् , को पन्ध्र दीनै लिनू ॥
यो वर्षैं दिनको भए पनि सबै, नाश् हुन्छ आमातिसार् ।
या बेल्को मुरबा निले तिनपटक्, नाश् हुन्छ आऊँविकार्

---

(१) काँढा पिएपछि कुल्ला गर्नु हुँदैन ।

आधा सूँप ठुलो भुटेर नभुटी, आधा मिसी पींधनू ।
यस्मा सक्खर हालि [१]उष्ण जलमा, तोलाभरी यो लिनू ॥
काहीं छैन जरो भने सखर ली, केरा चिहूरा दही ।
मूछी खानु र आउँ जान्छ यसले, वीचार गर्नू सही ॥३९॥

रगत परेमा खाने

[२]बेलको चक्कि सुकाइ कूटि कपडाँ छानेर तोलाभरी ।
बाख्राका दुधसीत खानु रगतै, नाश् हुन्छ ऊही घरी ॥
बाख्राको दुध मिश्रि नौनि मह यी, मीसेर पीए पनि ।
नीको हुन्छ अवश्य नै रगत ता, पर्दैन फेरी अनि ॥४०॥

को श्रोखण्ड कुटेर छान्नु कपडा–मा चार मासा दिनू ।
आठ्मासा मह हालि मिश्रि पनि आठ् मासाभरीनै लिनू ॥
मीलाई तिनलाइ चाटुन सबै, नाश् हुन्छ रक्तातिसार् ।
सातासम्म लगालगी दुइ बखत् चाटे रगत् जान्छ पार् ॥

---

(१) तातो पानीमा ।
(२) वैद्यविनोद्मा छ ।

पखालाको ओखती

ठूलो–औषधि कूटनू दहि मिसी, खानू पखालामहाँ ।
फूल् कूटी धजरा दही मिसि पिए, थामिन्छ झाड़ा तहाँ ॥
तोला तीन लि कैथको रस झिकी, हाली कटौरीमहाँ ।
यस्माथी मह मीसि सन्न पिउनू थामिन्छ खोलो तहाँ ४२
ख्वाल्ख्वाल् दस्त हुँदा कुटेर मसिनू , पाठानिलोधै दिनू।
तोला एक हि चूर्ण हालि दहिमा, पोएर आराम् लिनू ॥
घाना लोनु र बेलको मरिच औ, पाठानिलोध् कूटनू ।
तोला एक लिनू र हालि मह चार् मासामहाँ मूछनू ॥४३
फर्की पूर्व लिएर चाटि तिन दिन्, ठूला पखालामहाँ ।
पानीको छहरा झइँ भय पनी, थामिन्छ झाडा तहाँ ॥
कोयाको गुदि आँपको दहि मिसी, खाए पखाला जति ।
नीको हुन्छ यि वृद्धवाक्य बुझनू , ज्यादा बताऊँ कति॥४४

हैजाको ओखती

मासा एक अफीम जाइफल जो, मासा दसै ली अनि ।
मासा चार अलैंचिको बिज लिई, ल्वाङ् चार मासा पनि ॥

मासा चार धुलो कुटेर लिनु है, ताता जलैले गरी ।
हैजामा पिइ दीनु झट्टइ निको, होलाजि ऊही घरी ।।४५

हैजाको डाक्टरी औषधि

राख्नू अर्ककपूर कीनि सबले, हो प्राणदाता भनी ।
हैजा लागि गए तिनै बुँद बता–सामा चुहाई अनि ।।
ख्वाऊन् छिन-छीनमा क्रम बुझी, थामिन्छ हैजा अरि ।
साना बालकलाइ एक-दुइ बुँद् दीनू विचारै गरी ।।४६।।

पेटको अग्नि बढ्ने ओखती

ए प्यारि ! के भनुँ म लौ, भन हे प्रभू ! जो ।
पेट्को त अग्नि बढने कुन औषधी हो ?
सुन् काक्तिका रसमहाँ, अदुवा मिलाई ।
फेरी सिधेनुन मिसो, लिइ चट्ट खाई ।।४७।।

क्षयरोगको ओखती

घिउ औ मह नौनि भो लिनू;
अनि मिश्री मिसि चाटि जो दिनू ।।

क्षय रोग हि जान्छ येसले;
खुशि हुन्थे यदि चन्द्रले लिए ॥४८॥

बालक जन्मने ओखती

[1]जेठोमधूको बिमिरा जराको,
कूटी मसीनू चटनी सरीको ।
घीऊ र फेरी मह मीसि खाऊ ।
पैदा भए बालक हेर जाऊ ॥४९॥

---

(१) अरू के कहूँ यदि चन्द्रमाले यो खाएका भए चन्द्रमाको क्षयरोग पनि निको हुन्थ्यो भन्ने अर्थ हो। यो र अग्नि बढ्ने वैद्यजीवनमा लेखेको छ।

१६	६	८
२	१०	१८
१२	१४	४

८	१	६
३	५	७
४	९	२

(२) यी दुवै यन्त्रमा एक यन्त्र हेर्नुहोस् भनी गर्भिणीलाई देखाइदिनू, उतिखेरै बालक पैदा हुन्छ। अपामार्गको जरो कटीमा बाँधे पनि बालक पैदा हुन्छ। अरिडको तेल नाभिमा घसिदिए पनि बालक पैदा

गर्भिणीको बान्ता रोक्ने ओखती

चौलानोसित मिश्रि मीसि धनियाँ, कूटेर चट्नी पिए ।
गर्भीणीहरुको सबै वमन नै, [1]रोकिन्छ जानीलिए ॥

सर्वप्रमेह निको हुने स्वरस

बीसै मेह निको हुनेछ अमला, ताजा हलेदो कुटी ।
दूवोका रसमा मिलाइ महमा, पीऊनु भारी बुटी ॥
गुर्जोका रसमा कि ता मह मिसी, खानूजि पच्चैभरी ।
बीसै [2]मेह कठीन नै पनि निको, हूनेछ ऊही घरी ॥५१॥

हुन्छ । यो सबै भावप्रकाशमा छ । बिमिराको जरो र महुवा सम भाग गरी पिंधी घिउमा हाली पिए पनि बालक पैदा हुन्छ । खुरसानी, वच र पिपला पानीमा पिंधी योनिमा लेप लगाइदिए पनि बालक पैदा हुन्छ ।

मन्त्र :—मुक्ताः पाशा विमुक्ताश्च मुक्ताः सूर्येण रश्मयः ।
मुक्ताः सर्वभयाद् गर्भ एहि मा चिर मा चिर ॥ स्वाहा ॥

यस मन्त्रले पानी ७ फेर मन्त्री खान दिए पनि बालक पैदा हुन्छ । यो मन्त्र उग्र छ ।

(१) यो वैद्यजीवनमा छ ।

(२) यो शार्ङ्गधरमा र वैद्यजीवनमा पनि छ ।

अष्टमण्ड

तेल्मा हीङ भुटेर हाल धनियाँ, सूठो मरिच् पीपला ।
तोला चार मुगी र चामल र आठ् तोलाभरी नै भला ।।
सींधेनून पिंधेर हालि भुटनू, रातो नहूने गरी ।
यस्भन्दा लिइ चौध खंड जल ठीक् हाली पकाईवरी ५२।।

पाक्नासाथ झिकेर छानि रस त्यै, पीयाउनू यो अनि ।
तेजी प्राण भएर अग्नि बढने, वायू जराको पनि ।।
नाशै गर्दछ पेट शोधि रुधिरै, वृद्धी गराईदिने ।
भारी औषधि अष्टमण्ड कहियो, बारामिले नै लिने ५३

पञ्चकोल चूर्ण

पीप्लामूल सुठो र चव्य पिपला, चीता जरो कूटनू ।
छानी रामरि पञ्चकोल जल ता–तैमा मिसी पीदिनू ।।
गोला शूल अरूचि मारि रुचिको, शक्ती बढाईलिने ।
फीयाको कसरै कफोदर सबै, नाशै गराईदिने ।।५४।।

केश लामा हुने ओखती

तोला एक लि गोखरू र तिलको, फुल् एक तोला लिनू ।
यो दूई कुटि गाइको घिउ दुई, तोला भरी मीसनू ॥
दो तोला मह फेरि मीसि घसनू, केशादिका फेदमा ।
लामो केश अवश्य हुन्छ यसले, मीचो दिंदा केशमा ५५

पिसाब खुल्ने ओखती

पीसाब् बन्द हुँदा पिसाब खुलने, बेलाइती साबुन ।
घोटी पानिमहाँ र नाभि भरिमा, यो लेप जो दीउन ॥
पीसाब् बन्द भयो भने त पशुको, बाख्रा खसीको लिई ।
राजैवृक्ष लि पानिमा पिंधिलिनू मुख् च्याति ख्वाई दिई ॥

पिसाब खुल्ने हकीमी दवा (१)

नाभीका मुखमा भरी कलमि सो-रा ल्याइ राखीदिनू ।
तेस्मा पानि चुहाउनू घरि-घरी, फेरी स्वहारा लिनू ॥

---

(१) केटा-केटीहरूको पेशाब बन्द भयो भने त्रिफला, मरीच, सुकमेल, सींधेनून, यति मसीनु गरेर पिंधी मिश्री र मह मिलाई चटाइदिए पेशाब खुल्दछ । बालक हेरी मात्रा दिनू ।

थप्नू फेरि चुहाउनू थपि-थपी, हैजा भयामा पनि ।
येही औषधि गर्नु खुल्दछ पिशाब् यस्ले अवश्यै पनि ।५७

कोरा झार्ने र झींगा नबस्ने लेप

कोरा झारिदिने झिंगा नबसने, खासा छ यो लेप् दिनू ।
मासू भो भट्टवास् गहत् र तिलको, पीना इ सम्भाग् लिनू॥
कूटो बेसरि एक पारि दहिका, मूछीदिनू पानिमा ।
झीकें सुश्रुतबाट लोकहरुका, रक्षार्थका निम्तिमा ।।५८॥

दण्डीफोर निको हुने ओखती

दण्डीफोर निको हुनेछ म भनूँ, बोझो र सस्यूँ सरी ।
सोंधेनून र लोध यो सब कुटी, पानीमहाँ लेप् गरी ।।
बोझो लोध् धनियाँ र यष्टिमधु भो, जान्नूस दोस्रो अनि ।
लाऊ यौवनपीटिका मुखभरी, हूँदा निको भो भनी ५९

भिरुङ्गीको ओखती

भृङ्गीराज कुटी रसै झिकि धुनू, नाशिन्छ भीरुङ्गि ता ।
की काढा त्रिफला लिएर धुनु है, जानेछ भीरुङ्गि ता ।।

जूलाब् मात्र लिए पनी बुझ्नुहोस् , कम् हुन्छ भीरुङ्गि ता ।
लेपै लाउ कमल् कुटेर रसले, नाश् हुन्छ धोए कि ता ६०
भीरुङ्गी भयमा सुपारि जलमा, घोटी लगाई लिनू ।
नीको हुन्छ सुपारिले तहकितै, के काम पैसा दिनू ॥
भीरुङ्गी सब नाश हुन्छ त्रिफला, पोली कराहीमहाँ ।
खागै हुन्छ खरानिमा मह मिसी, लाऊनु घाऊ जहाँ ६१
भीरुङ्गी खटिरो धुने असल यो, काढा बनाईदिनू ।
डुम्री, पिप्पल, बेलको र वरको, बोक्रा बराबर् लिनू ॥
भीरुङ्गी रहँदैन जान्छ यसले, कालो भए तापनि ।
मैले औषधि ई कहें थरिथरी, आराम होला भनी ॥६२॥

खटिराको कालो मलहम

सुन्नूभो खटिरा सयन्न् भय पनी, होला अवश्यै निको ।
सालैधूप र सिन्कको चरिअमी–लाको तितेपातिको ॥
इन्नको भस्म बराबरी गरि सबै, घ्यूमा मिलाईदिनू ।
गाईको घिउ छैन तेल तिलको, हाली मलम् यै लिनू ६३

खटिराको सेतो मलहम

आधा तोला मूरदाशङ्ख हाल ।
आधा तोला सालधुप् चूर्ण पार ॥
फेरी सेतो मैन ली एक तोला ।
गौको घीऊ हालनू तीन तोला ॥६४॥

घ्यू मैन् मीसी कट्‌कटाई पगाल ।
यस्मा सारा चूर्ण पारेर हाल ॥
पानी हाली काँशका थालमाहाँ ।
घोप्ट्याऊनू जम्छ पानी छ जाहाँ ॥६५॥

मल्दै धूनू यो सयेबाजि फेर ।
पूरा पारी यो मलम् नानि ! हेर ॥
घाऊ नीको हुन्छ सेतो मलम्ले ।
मासू आई टम्म पार्दिन्छ यस्ले ॥६६॥

खटिरा फोन लेपहरू

कूटी चित्रक लेप लाउनु भला–योको त ठेला कि ता ।
पक्की इंट्‌ चुन पानिमा पिंधि घसे, फुट्ला गरे एति ता ॥

चीर्ना लायकको ठुलो छ खटिरा, उस्लाइ फोर्नैं गरे ।
हात्तीदाँत् जलमा त घोटि खटिरा, लेप् लाउँदा फुट्छ रे !
विष्ठी लाउनु गिद्धको रगत पीप् , निस्कन्छ आफैं फुटी ।
यो लाए खटिरा त फुट्तछ परे–वा-विष्टि जल्मा कुटी ॥
घीऊ लायर पान-पत्ति भुङ्ग्राँ, सेकाइ धूलो नुन ।
मूखैमा परने गरेर छरकी, फोडामहाँ लाउन ॥ ६८ ॥
तातो पुल्टिस.बाँधनू त तिसिको, त्यस्माथि टम्मै गरी ।
डल्लीग्दा खटिरा उही बखतमा, फुट्नेछ सोहो घरी ॥
कौडी घोटि लगाउनू त खटिरा, पाक्का डढो पीपले ।
को ता पाक्छ को र बस्तछ कि ता, फोर्दिन्छ पुल्टीसले ६९

आँखाको लेप

हर्रो, गेरु अनी रसाञ्जन, सिंधे–नूनै बराबर् गरी ।
पानीमा पिंधि लाउनू वरिपरी, आँखा[1] दुवैमा भरी ॥

---

(१) गाईका गोबरको रसमा पीपलाको धूलो मिलाई आँखामा अञ्जन अर्थात् लेप लगाए सफासित देखिन्छ । रात्रिमा पनि धन्दा छैन । यो वैद्य-

आँखाका जत्ति छन् व्यथाहरु सबै,नाश् हुन्छ दुख्ने अनि।
की ता निर्मलि घोटि लाउनुहवस् कम् हुन्छ यस्ले पनि।।७०

अग्नि-दग्धको लेप

आगाले यदि पोलिए रस घिऊ–कूमारिको लाउनू ।
कच्चा आलु कुटेर लाउनु कि ता, को मट्टितेल् लाउनू ।।
की ता झट्ट बयर् खरानि गरनू तिल्का त तेल्मा मिसी ।
पोलेका[1] अनि घाउमा घसिदिनू उम्रन्छ मासू लिसी ७१

काटिएमा लगाउने औषधि

काटेको छ जहाँ पिशाब गरनू, कम् हुन्छ यस्ले पनि ।
की ता पत्थरकोइला पिंधि धुलो,हाली निको भो भनी ।।

जीवनमा छ । सोनासक्खीको धूलो महमा मिलाई आँखामा अञ्जन गरे आँखामा फुलो परेको पनि उत्निखेरै आराम हुन्छ । यो बहुत बढिया छ । यो पनि वैद्यजीवनमा छ ।

(१) चूनपानीमा तिलको तेल मिसेर लगाए छाला पोलेको, फोको उठेको निको हुन्छ । ज्यादा पोले चून पानीमा नरिवलको तेल फेटी लगाई कपासले ढाकी बाँध्नू ।

गाग्री एक जलै भरी फिटकिरी, हाली करूवा लिनू ।
धारा जल्दि दिनू र साफ खुन जो, थामिन्छ बूझीदिनू ॥
काटेमा खसिको कि पित्त जलमा, घोटेर लाईदिनू ।
जालो लीनु कि माकुराँ र भितरै, कोचेर बाँधीलिनू ॥

कान पाकेमा

पहेंलो सुन पात ली सिहुडिको, आगाँ तताईलिनू ।
पाकी कान पिपै बहे बुझनुभो, नीचोरि पानी दिनू ॥
पाकी कान दुखै दिए सुन मुला–पत्ता पहेंलो लिई ।
आगामा त तताइ हाल रस जो, आराम होला जिई ॥

पाके कान समुद्रको फिंज सुपा–रीको खरानी खयर् ।
धूलो पारि बराबरी छरकनू, जाला रह्याको कसर् ॥
माउको रस हालनू कि र चमे–ली तेल हालीलिनू ।
पस्स्याको कनसूतलो छ कडुवा, तैलादि हालीदिनू ॥

सर्पको विष जाने औषधि

सींधे नून र पीपला मरिच ली, पींधी अदूवा यति ।
घ्यू नौनी मह मोसि खानु सुतनू, चिन्ता नगर्नू रती ॥

काला सर्पइले त गोहुनमले, टोके पनि जान्छ[१] विष् ।
चौलानीसित साठिको[२] जड पिए, कूहुन्छ सर्पादि विष् ।।

बिच्छीले टोकेको ठाउँमा लगाउने औषधि

बिच्छीले जसलाइ टोकिदियमा, जमालगोटा लिनू ।
घोटी पानिमहाँ वरीपरि त्यहाँ, सारा लगाई दिनू ।।
बाख्राका दुदमा बियाँ शिरिसको, घोटेर लाये पनि ।
की ता घोटि चिलाउन्याँ फल तहाँ, लाऊ विषै गो भनी ।।
बिच्छीले यदि दाहिनेतिरपटो, डङ्का त मारीदिए ।
बायाँ कान्भरि नूनपानि दिनुजी, बायाँतिरैको भए ।।
दाहीनेतिर कानमा भरिदिनू, पानी तुनैको तहाँ ।
बिच्छीको विष[३] जान्छ एकछिनमै, चिन्ता नगर्नू जहाँ ७८

---

(१) सर्पले टोकेका घाउदेखि २ अंगुल माथिबाट धागाले कसेर बाँधे विष फैलिन पाउँदैन । ओखती गर्नू फुटेर निको हुन्छ ।

(२) ६० दिनमा पाक्ने धानको जरो ।

(३) यो काशी आदिका शास्त्रीहरूले प्रत्यक्ष अनुभव गरेको टुना जस्तो उत्निखेरै निको हुने इलाज छ ।

बिच्छीको विष झार्ने मन्त्र

[1]ॐ आदित्य रथवेगेन विष्णुबाहुबलेन च ।
सुवर्णपक्षपातेन भूम्यां गच्छ महाविष ॥
भो पञ्चयोगपदाज्ञया श्री शिवोत्तम ।
प्रभु पदाज्ञया भूम्यां गच्छ महाविष ॥७९॥

बौलाहा कुकुरले टोकेको औषधि

डल्लाँग्दो बहुला कुकूरहरुले, टोकीदियाकोमहाँ ।
धतूरा रस आँकको दुध घिऊ, चार् चार मासा जहाँ ॥
लोनु मीसनु लेप लाउनु सबै, नाश् हुन्छ कूकुर-विष् ।
आँकैको दुध तेल सक्खर मिसी, लेपादिले जान्छ विष् ॥

सुन्नूभो बहुलायका कुकुरले, टोक्यो दिनै रात्रिमा ।
झार्नै टोकिइने दुवै थरि गई, न्वाहूनु तीर्थादिमा ॥
पैह्ले एकसय आठ आहुति दिनू, दीनू यही मन्त्रले ।
सातोटा कुश वा शिरू लिइ तहाँ, झार्नू यही तन्त्रले ॥

---

(१) यस मन्त्रले, कुशका टुप्पाले वा शिरूका टुप्पाले २१ फेर बिच्छीले डङ्क मारेका ठाउँमा मन्त्रिदिए निको हुन्छ ।

बौलाहा कुकुरको विष झार्ने मन्त्र

अलर्काधिपले यक्ष सारमेयगणाधिप ।
अलर्काजूष्टमे तन्मे निर्विषं कुरु मा चिरात् स्वाहा।।८२।।
जस्ले आहुत्ति दीइ फाक्फुक गरी, झारीदिएकोमहाँ ।
नीको हुन्छ कुकूरको विष सबै, चिन्ता नगर्नू तहाँ ।।८३।।

हात-गोडाहरूका हाड भाँचिएको जोर्ने

हर्रो भो अमला सुठो बयरको, बोक्रो र बर्रो सरी ।
तोलाको सम भाग पारि कुटनू , गुग्गूल पाँचै भरी ।।
दूई टंक ततायको दुधमहाँ, यो खानु पन्ध्रै दिन ।
फुक्लेका कुहुना घुँडाहरु पनी, जोरिन्छ रुन्छौ किन ।।८४

बोक्रो कूटि बयेरको मह मिसी, खानू महीनाभरि ।
नीको हुन्छ लडेर मक्मकियको, ज्यू हुन्छ वज्रै सरी ।।
की ता प्याज कुटेर लाउनु सध, नीको भयो लौ भनी ।
लेप् दीनु मजिटो मिसेर महुवा, नाश् हुन्छ यस्ले पनि ।।

भैंचम्पा हरचूर मासलहरी, चीप्ल्या जरो कूटनू ।
रातोमाटि मिसी पकाइ दिनु लेप्, जोरिन्छ हाड् बूझ्नू ।।

गाईका दुधसीत पीउनु मिमे, मागेर रायो जति ।
नीको हुन्छ थरी थरी गरि कहें, १ज्यादा बताऊँ कति ॥

चुरना र जुका परेमा खाने

पींधी वायुबिडंग खानु महमा, दो टंक यो ओखती ।
जूका झर्छन् चूरनाहरु पनी, गिर्छन् भएको जति ॥
हर्रो वायुबिडंग सैन्धव जवा—खारै बराबर् गरी ।
धूलो सात दिनै महोसित पिए, झर्छन् जुका बर्बरी ॥

तोला पाँच् निमको त पात कुटि रस् , झिक्नू कटौरीमहाँ।
बीरेनून पनी त हालनु जहाँ, आधा त तोला तहाँ ॥
खानू सन्न पिएर सात दिनतक्, झर्छन्न् ति जूकासुका ।
बूडेत्रा गुदि पानिमा पिंधि पिए, झर्छन् ति पेट्का जुका ॥

सूठो भो पिपला मरीच अमला, हर्रो र बर्रो अनि ।
बोझो इन्द्रजऊ निशोध निमको, बोक्रो खयरै पनि ॥

---

(१) शिलाजीत, खयर, पद्मचालनु, पाबसा गुनेरगानाको चानू गउँतमा घोटी तताई लाए पनि मर्केँको, बाउँडिएको, ठक्कर लागेको निको हुन्छ ।

संभागै गरि थिल्थिलो गरि कुटी, काँढा पकाऊँदछन् ।
काँढामा त गऊत् मिसी पिइदिए, कोटी किरा झर्दछन् ।।

एलादि चूर्ण

सुक्मेल्को बिज कागनू बयरको,हाड् पीपला ल्वाङ् अनि ।
मोथेनागर नागकेशर भयो, श्रीखण्ड लाजा पनि ।।
छान्नू यो समभाग पारि कुटनू , एलादि हो नाम ता ।
बान्ता रोक्तछ खानु मिश्रि महमा, आराम होला यता ।।

सरस्वती चूर्ण

अज्मोदा असगन्ध जेठिमधु भो, कालो जिरा भो अनि ।
सेतो फेरि जिरा मरीच पीपला, खासा हलेदो पनि ।।
यो कूटी समभाग पारि महमा, खायो त बुद्धी भयो ।
विद्या हुन्छ सरस्वती-चुरणले, सेवा गरीयोस् त यो ।।

एकुन्द्रो जरोको औषधि

मूनक्का अनि राजवृक्ष, अमला, हर्रो र बर्रो अनि ।
छैटौं जो असुरा त पात परवर्, बोक्रा निमैको पनि ।।

अध्कल्चो गरि कूटन् लि समभाग्, काढा पकाई यहाँ।
एकुन्द्रो त जरामहाँ मह मिसी, खान् निको भो तहाँ ९२

गङ्गा-उत्तरपट्टिका तिरमहाँ, यौटा तपस्वी गयो।
पुत्रादी नहुँदा त तक्लिफ भई, पुलुंक्क मर्दो भयो॥
तेस्लाई दिनुहोस तर्पण कुशै, तीलोदकैले यहाँ।
एकाहीक जरो निको भइ गयो, आवैन फेरी तहाँ॥९३॥

तृतीय ज्वराको औषधि

मोथे ऊशिर रक्तचन्दन सुठो, पिप्ला धनीयाँ यति।
काँढा पारनु आठ खण्ड जलमा, एक् खण्ड बाँकी जति॥
मन्तात्तो झिकि छानि तन्न पिउनू तीन् दीन बीरायर।
आऊने ज्वर नाश हुन्छ यसले, खाई अनूभव् गर॥९४॥

चातुर्थिक ज्वराको औषधि

चारै दीन बिराइ आउँछ जरो, जस्लाइ सुन्नूभयो।
पूराना घिउमा त हिङ् मिसि सुँघे, जानेछ पक्का त यो॥

कूटी पात अगस्तिको रस झिकी, नाक्बाट हालीदिए ।
[1]चातुर्थिक् ज्वर नाश गर्छ यसले, पत्यार मानीलिए ।।९५।।

दाँत माझ्ने चूर्ण

बोक्रा मौल्सरिको लिएर कुटनू , यो चूर्ण छानीवरी ।
बीहानै सब दाँत माझ्नु भए, दाँत् हुन्छ वज्रै सरी ।।
दुख्ने दाँत र हल्लने र सुनिने, नाश् हुन्छ यस्ले घसी ।
योभन्दा बढिया छईन अरको, ल्यौ दन्तमञ्जन् मिसी ।।९६

जहरवात मास्तिर जाने र बढ्नेको ओखती

गेड़ा मास्तिर आयको अति खराब् घ्यू भेडिको लीवरि ।
काँस्का थालमहाँ लिएर मलनू , साल्धूप मीहिन् गरी ।।
तेस्मा हालनु मल्नु सिंगिमुहरा, हालेर मिस्नू तहाँ ।
घस्नू सेक्नु बराबरी बुझनुहोस् , आऊँछ ठेगान्नमहाँ ।।९७
हर्रो लीनु चिराइता र धनियाँ, एक् कम्पनीभर् लिनू ।
ल्वाङ् पौने रुपियाँ भरी तउलनू, सोना त मक्खी दिनू ।।

---

(१) देवदारु, असला, हर्रो, सालपर्णी, असुराको पात, सुठो यति सम भाग गरी अजकल्टो गरी कुटी काँढा पकाई विहान बेलुका खाए चातुर्थिक ज्वर अर्थात् चार दिन विराई आउने जरो नष्ट हुन्छ ।

चार् मासा भरि चूर्ण बिल्कुल जती, मिश्री उती हालनू ।
मिश्रीभर् मह हालि खानु त सवा, तोलाभरी क्या भनूँ १८

नीको हुन्छ सबै निकै सुनियको, भारी भए तापनि ।
लेव्-पांग्रा गुदिको त लेप दिनुहोस् बढ्दैन अण्डा भनी ।।
पोका नूनइको लि सेकनु कि ता, कम् हुन्छ पक्का तहाँ ।
ज्याप्नू लीकन सेकनू घिउ घसी, नाश् हुन्छ फुल्ने यहाँ १९

अन्त्रवृद्धिको केही लक्षण र औषधि

तूरीदेखि त चार अङ्गुल उँभो, माथी जहर्वातका ।
एक् गाँठो परि फुल्छ पेटतिरमा, शूला दिई वातका ।।
कूकू शब्द गरेर बोल्छ थिचदा, आराम् पनी गर्दछ ।
छोड्दा हिंड्न हुँदैन तक्लिफ भई, बित्यास् परे मर्दछ १००
यो रोग्लाइ असाध्य भन्छन सबै, यो अन्त्र-वृद्धीमहाँ ।
दो तूने सियको लँगोटि कसनू, यो रातदीनै तहाँ ।।
तेल् लाईकन घस्तछन् अरिडको, पात्ले पनी सेक्तछन् ।
यस्को मुख्य दबा,कमानि खरिदी, त्यस्माथि खूब् कस्तछन्

।। श्री कवि शिखरनाथ शर्मा कृत औषधिकाण्ड समाप्त ।।

शिखरनाथको जन्मभूमि

जो [1]कान्तीपुरबाट कीर्तिपुर[2] भै, श्री मछ्यगाऊँ[3] महाँ।
जानूपर्दछ जन्मभूमि घर हो, पाखो छ बिर्ता तहाँ॥
[4]तारानाथ सुवेदि पण्डितजिमा, चार् पुत्र पैदा भए।
साहींला यदुनाथ पण्डित र गोपीनाथ जेठा गए॥

दाज्यै मध्यम बुद्धिमान इलमी, पं० श्री प्रसादै घर।
तीसै वर्ष भयो म काशि गयको, छू पञ्चगङ्गेश्वर॥
मेरो पिप्पल पत्रमा जनकले, सूनायको नाउँ ता।
हो शीरोमणि दूसरो शिखरनाथ्, बोलाउने मात्र ता॥

कान्छा पण्डित भन्दथे अघि सबै, जो मछ्यगाऊँमहाँ।
कोही कोहि सुवेदि पण्डित भनी, बोलाउँथे है तहाँ॥
हीजोआज जताततै मुलुकमा, जो गोरखा पल्टन।
नेपालादि तराइ देशतिरका, हाकीम जो सज्जन॥

धेरै जो कविराज पं० शिखरनाथ्, भन्छन् निशानी गरी।
कोही पण्डितजी कवी शिखरनाथ्, पं० भाष्यकर्ता सरी॥

---

(१) काठमाण्डू शहर। (२) कीर्तिपुर बागभैरव सोह्रखुट्टे पाटी नैकाब काभ्राको रूख भई तीन बाटाबाट जान्छन्। (३) मत्स्यनारन तीर्थ माथि घर छ। स्नान गर्न यहीं आउनुपर्दछ। (४) आर्यातीर्थमा पुराण भन्दाभन्दै मुक्त हुनुभयो, कसैले घाट लैजानुपरेन।

❀ अथ काम्यवृषोत्सर्गपद्धतिः प्रारम्भः ❀

श्रीगणेशाय नमः ॥ अथ नीलोद्वाहः । तत्र कालो मात्स्ये ॥ कार्तिक्यादिषु वैशाख्यां फाल्गुन्यामष्टकासु च ॥ आश्वयुज्यामथाषाढ्यां माघ्यां चैत्र्यामथापि वा ॥१॥ अयने विषुवे चैव ग्रहणे चन्द्रसूर्ययोः ॥ वैधृतौ च व्यतीपाते मन्वादिषु युगादिषु ॥२॥ दिनच्छिद्रे च संक्रान्तौ तिथिसाम्ये तथैव च ॥ मातापित्रोः क्षयाहे च विशेषेण प्रशस्यते ॥३॥ शुक्रे गुरौ चास्तमिते च वक्रे सुप्ते मुकुन्दे धनमीनसूर्ये ॥ सिंहस्थिते देवगुरौ प्रकुर्यादुद्वाहनीलं प्रथमाब्दिके च ॥ ४ ॥ दिनक्षये व्यतीपाते क्षयमासेऽधिकेऽपि वा ॥ नीलोद्वाहं प्रकुर्वीत मातापित्रोः क्षयेऽहनि ॥५॥ यतिश्च ब्रह्मचारी च गृहस्थोऽयं विशेषतः ॥ पुत्रो वाप्यथ शिष्यो वा कुर्याद् वै रुद्रतुष्टये ॥ ६ ॥ अयने ग्रहणे चैव पाते मन्वादिके तथा ॥ वैशाखोर्जमधुश्चैव फाल्गुन्यामाश्विने तथा ॥ ७ ॥ यदा चित्तं च वित्तं च तीर्थं पात्रं तथैव च ॥ तदेव दानकालः स्यान्नान्यत्किञ्चिद्विचारणम् ॥८॥ स च गोष्ठे गवां मध्ये, नदीतीरे, शोभनवने, शिवालये, स्वगृहे वा कार्यः ॥ लोहितो यस्तु वर्णेन मुखे पुच्छे च पाण्डुरः । श्वेतः खुरविषाणाभ्यां स नीलो वृष उच्यते ॥१॥ तथा—चरणानि मुखं पुच्छं यस्य श्वेतानि गोपतेः ॥ लाक्षारससवर्णो यः स नीलो वृष उच्यते ॥ २ ॥ कालिकापुराणे—न गृहे मोचयेन्नीलं कामयेत्पुष्कलं फलम् ॥ देवीपुराणे—वृषोत्सृष्टः पुनात्येव दशपूर्वान्दशापरान् ॥ छायामण्डपं कृत्वा षोडशस्तम्भादितान् ॥ षोडशहस्तं द्वादशहस्तं अष्टहस्तं वा ॥ अथ प्रयोगः ॥ नित्यकर्म

षोडशहस्तं द्वादशहस्तं अष्टहस्तं वा ॥ अथ प्रयोगः ॥ नित्यकर्म समाप्य शुभाऽऽसने प्राङ्मुख उपविश्य आचम्य प्राणानायम्य पवित्रधारणम् । ॐ पवित्रेस्थो वैष्णव्यौ सवितुर्वः प्रसवऽउत्पुनाम्यच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभिः ॥ तस्य ते पवित्रपते पवित्रपूतस्य यत्कामः पुने तच्छकेयम् ॥ सङ्कल्पः ॥ ओं विष्णुर्विष्णुर्विष्णुः० शुभपुण्यतिथौ गोत्रः शर्मा सपत्निकोऽहं करिष्यमाण-नीलोद्वाहाख्ये कर्मण्यधिकार सिद्ध्यर्थं कृच्छ्रत्रयात्मकं प्रायश्चित्तं रजतप्रत्याम्नायद्वारा अहमाचरिष्यामि, तेन पापहा महाविष्णुः प्रीयताम् ॥ पुनः सङ्कल्पः—अद्ये० तिथौ आत्मनः देहशुद्ध्यर्थं करिष्यमाण नीलोद्वाहाख्ये कर्मण्यधिकारसिद्ध्यर्थं महाविष्णोः षोडशोपचारैः पूजनमहं करिष्ये । ततः स्थण्डिलतः पश्चिमे शुभासने उपविश्य ॥ आचम्य प्राणानायम्य पवित्रधारणम्, शान्तिपाठं कुर्यात् ॥ ॐ आनोभद्राः क्रतवोयन्तुव्विश्वतोदब्धासोऽअपरीतासऽउद्भिदः ॥ देवानो यथा सदमिद्वृधेऽअसन्नप्रायुवोरक्षितारो दिवे दिवे ॥१॥ देवानां भद्रा सुमतिर्ऋजूयतान्देवाना ꣳ रातिरभिनो निवर्तताम् ॥ देवाना ꣳ सख्यमुपसेदिमाव्वयन्देवानऽआयुः प्रतिरन्तु जीवसे ॥ २ ॥ तान्पूर्व्वयानिविदा हूमहेव्वयं भगं मित्रमदितिन्दक्षमस्रिधम् । अर्यमणं व्वरुण ꣳ सोममश्विना सरस्वती नः सुभगामयस्करत् ॥३॥ तन्नोव्वातोमयोभुव्वातुभेषजन्तन्मातापृथिवीतत्पिताद्यौः ॥ तद्ग्रावाणः सोमसुतोमयोभुवस्तदश्विनाशृणुतन्धिष्ण्यायुवम् ॥४॥ तमीशानञ्जगतस्तस्थुषस्पतिन्धियञ्जिन्वमवसेहूमहेव्वयम् । पूषानोयथावेदसामसद्वृधेरक्षितापायुरदब्धःस्वस्तये ॥५॥ स्वस्तिनऽइन्द्रो

वृद्धश्रवाः स्वस्तिनः पूषाव्विश्ववेदाः ॥ स्वस्तिनस्ताक्ष्योऽअरिष्टनेमिः स्वस्तिनोबृहस्पतिर्द्दधातु ॥ ६ ॥ पृषदश्वामरुतः पृश्निमातरः शुभं यावानोव्विदथेषुजग्मयः ॥ अग्निजिह्वामनवः सूरचक्षसोव्विश्वेनोदेवाऽअवसागमन्निह ॥ ७ ॥ भद्रङ्कर्णेभिः श्रृणुयामदेवा भद्रंपश्येमाक्षभिर्यजत्राः ॥ स्थिरैरङ्गैस्तुष्टुवा ꣳ सस्तनूभिर्व्यसेमहिदेवहितं यदायुः ॥८॥ शतमिन्नुशरदोऽअन्तिदेवायत्रानश्चक्राजरसन्तनूनाम् ॥ पुत्रासो यत्रपितरोभवन्तिमानोमध्यारीरिषतायुर्गन्तोः ॥९॥ अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्म्मातासपितासपुत्रः ॥ विश्वेदेवाऽअदितिः पञ्चजनाऽअदितिर्ज्जातमदितिर्ज्जनित्वम् ॥ १० ॥ द्यौः शान्तिरन्तरिक्ष ँ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः ॥ व्वनस्पतयः शान्तिर्व्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्व्व ँ शान्तिः शान्तिरेव शान्तिः सामाशान्तिरेधि ॥११॥ यतोयतः समीहसे ततो नोऽअभयङ्कुरु ॥ शन्नः कुरुप्रजाभ्योभयन्नः पशुभ्यः ॥१२॥ सुशान्तिर्भवतु ॥ ॐ श्री लक्ष्मीनारायणाभ्यां नमः । ॐ उमामहेश्वराभ्यां नमः । ॐ वाणीहिरण्यगर्भाभ्यां नमः । ॐ शचीपुरन्दराभ्यां नमः । ॐ इष्टदेवताभ्यो नमः । ॐ कुलदेवता० ॐ ग्रामदेवता० । ॐ स्थानदेवता० । ॐ वास्तुदेवता० । ॐ मातापितृभ्यो० । ॐ सर्वेभ्यो देवेभ्यो० । ॐ सर्वेभ्यो ब्राह्मणेभ्यो० । ॐ एतत्कर्मप्रधानदेवता० । सुमुखश्चेत्यादि पठनम् । सङ्कल्पः । ॐ तत्सत् ३ विष्णुः ३ शुभपुण्यतिथौ गोत्रः शर्मा सपत्निकोऽहं मम पित्रादि समस्त पितृणामुद्धरणार्थं शाश्वत ब्रह्मलोकावाप्तये गयाश्राद्धादि समस्त फल प्राप्त्यर्थं पुत्रपौत्राद्यनवच्छिन्न सन्तति स्थिरलक्ष्मीकीर्तिलाभ शत्रुपराजयद्वारा सदभीष्ट सिद्ध्यर्थं (मम पितुरूनाऽब्दिकतिथौ, क्षयाहेऽन्यपर्वणि,

वा अमुक कामनया) श्रीमहारुद्र प्रीत्यर्थं वा सोपकरणैकवत्सतरीसहितं सग्रहमखं नीलोद्वाहाख्यं कर्माहङ्करिष्ये । तदङ्गभूतं स्वस्तिपुण्याहवाचनं मातृकापूजनं वसोर्धारापूजनं आयुष्यमन्त्र जपं नान्दीश्राद्धं आचार्यादि ऋत्विग्वरणं दिग्रक्षणं पञ्चगव्यकरणं प्रोक्षणं भूमिपूजनं मण्डपदेवता पूजनं अग्निस्थापनं ग्रहस्थापनं देवतास्थापनादीनि च करिष्ये, तत्रादौ निर्विघ्नता सिद्ध्यर्थं गणेशाम्बिकयोः पूजनञ्च करिष्ये। (गणपति पूजनादि वृद्धिश्राद्धान्तं कृत्वा आचार्यादि वरणं कृत्वा— केचिन्मते—कर्मदर्पणे दिग्रक्षणादि अग्नि विसर्जनादि ग्रहयज्ञं समाप्य) नीलोत्सर्गारम्भः । द्वितीयस्थण्डिलतः पश्चिमे उपविश्य । सङ्कल्पः । अद्येत्यादि तिथौ मम समस्तपितृणामुद्धरणार्थं गयाश्राद्धादि फलप्राप्त्यर्थं नीलोद्वाहमहङ्करिष्ये । (उपक्रान्त वृषोत्सर्गमहं करिष्ये) । स्थण्डिले नीलोद्वाहाङ्गीभूतं पञ्चभूसंस्कारपूर्वकं अग्निस्थापनं करिष्ये । ॐ दर्भैः परिसमुह्य । गोमयोदकाभ्यामुपलिप्य । स्रुवेणोल्लिख्य । अनामिकाङ्गुष्ठाभ्यामुद्धृत्य । उदकेनाभ्युक्ष्य । अग्निमुपसमाधाय ।



ततो वृषवत्सतर्यौ यथा लाभं माङ्गलिकं स्नानादिकञ्च कारयित्वा । वस्त्र भूषितं कृत्वा । [नन्दा सुमनसा चैव सुभद्रा च सुशीलका । सुरभी पञ्चमी प्रोक्ता एताश्च वृषमातरः] ॥ १ ॥ ईशान्यां पीठे,

अग्नेरीशान्यां । (रक्तवस्त्रोपरिस्थाप्य मातरो विविधार्हणैः । वृषस्य जनीयास्तु नीलोत्सर्गस्य कर्मणि ॥२॥) ॐ भूर्भुवः स्वः नन्दायै नमः नन्दां आवाहयामि ॥१॥ ॐ भूर्भुवः स्वः सुमनसायै नमः सुमनसामावाहयामि॥ २ ॥ ॐ भूर्भुवः स्वः सुभद्रायै नमः सुभद्रां आवाहयामि ॥ ३ ॥ ॐ भूर्भुवः स्वः सुशीलायै नमः सुशीलां आवाहयामि ॥ ४ ॥ ॐ भूर्भुवः स्वः सुरभ्यै नमः सुरभीमावाहयामि ॥ ५ ॥ ॐ मनोजूतिरितिमन्त्रेण प्रतिष्ठां कुर्यात् ॥ ॐ नन्दाद्यावाहित मातृभ्यो नमः, आवाहनादि मन्त्रपुष्पाञ्जलिपर्यन्तं पूजनं कृत्वा । ततः प्रार्थना । गोयज्ञोयं वेदोक्त मन्त्रेण—ॐ नदीभ्यः पौञ्जिष्ठमृक्षीकाꣳ योनैषादम्पुरुष०्याघ्रायदुर्मदङ्गन्धर्वाप्सरोभ्योव्रात्यंप्रयुगꣳ यऽउन्मत्त ँ सर्पदेवजनेभ्यो प्रतिपदमयेभ्यः कितवमीर्यतायाऽअकितवं पिशाचेभ्यो विदलकारीं यातुधानेभ्यः कण्टकीकारीम् ॥१॥ ॐ भूर्भुवः स्वः नन्दायै नमः । प्रसादाद्वाभवताद्वत्समातरः । पितॄणां निरयस्थानाद्भूयान्मे मुक्तिदायकः॥२॥ इति प्रार्थना । अनया पूजया नन्दाद्यावाहितमातरः प्रीयन्तां न मम ।

अथ चतुर्दिक्षु कलश स्थापनम् । ईशान्यां रुद्रकलशस्थापनम् । ॐ महीद्यौरिति भूमिं० । ॐ ओषधय इति धान्यम्० । ॐ आजिघ्रेति कलशम्० । ॐ वरुणस्योत्तम्भनमिति जलम्० । ॐ त्वाङ्गन्धर्वा इति गन्धम्० । ॐ याऽओषधीरिति सर्वौषधी० । ॐ काण्डात्काण्डादिति दूर्वां० । ॐ अश्वत्थेव इति पञ्चपल्लव० । ॐ स्योनापृथिवीति सप्तमृदः । ॐ याः फलिनीरिति फ० । ॐ परिवाजपतिरिति पञ्चरत्नानि० । ॐ हिरण्यगर्भेति हिरण्यम्० । ॐ युवासुवासा इति सूत्रवेष्टनम् । ॐ पूर्णा-

दर्वीति पूर्णपात्रं न्यसेत् । ॐ तत्त्वायामीति वरुणमावाह्य । अथ पञ्चकलशोपरि 'वरुणाय नमः' इति मन्त्रेण प्रतिष्ठादि पूजनं कृत्वा । अनया पूजया वरुणः साङ्गः सपरिवारः प्रीयताम् । तेषां पञ्चकलशोपरि पञ्च प्रतिमा अग्न्युत्तारणं प्राणप्रतिष्ठाः सुवर्ण निर्मिता ब्रह्म १ विष्णु २ रुद्र ३ तत्पुरुष ४ महारुद्र ५ प्रतिमाः संस्थाप्य । ॐ अद्येत्यादि० शुभपुण्यतिथौ प्रारब्धस्य कर्मणः साङ्गता सिद्ध्यर्थं ब्रह्माद्यावाहित देवतानां स्थापन प्रतिष्ठा पूजनमहं० । ॐ ब्रह्मयज्ञानमिति पूर्वकलशे—ॐ ब्रह्मणे नमः, ब्रह्माणं आवाहयामि ॥ १ ॥ ॐ इदं विष्णुरिति दक्षिणकलशे——ॐ विष्णवे न०, विष्णुं आवा० ॥ २ ॥ ॐ नमस्ते रुद्रेति पश्चिमकलशे——ॐ रुद्राय न०, रुद्रं आवा० ॥ ३ ॥ ॐ तत्पुरुषायेति उत्तरकलशे—ॐ तत्पुरु०, तत्पुरुषं आवा० ॥४॥ ॐ त्र्यम्बकं यजामहे० इति मन्त्रेण ऐशान्यां—ॐ महारुद्राय न०, महारुद्रं आवा० ॥ ५ ॥ ॐ मनोजूतिरिति मन्त्रेण ब्रह्माद्यावाहितदेवताः सुप्रतिष्ठिता वरदा भवत । अथ पूजनम्—ॐ सहस्रशीर्षा० । ब्रह्माद्यावाहित देवताभ्यो ध्यानार्थे अक्षतां सम० । ॐ पुरुषऽएवेत्यासनम् । ॐ एतावानस्येति पाद्यम् । ॐ त्रिपादूर्ध्वेत्यर्घ्यम् । ॐ ततो विराडित्याचमनीयम् । ॐ तस्माद्यज्ञेति स्नानम् । ॐ पञ्चनद्येति पञ्चामृतम् । ॐ आपोहिष्ठेति शुद्धोदकस्नानम् । ॐ तस्माद्यज्ञात्सर्वहुतऽऋ० इति वस्त्रम् । ॐ यज्ञोदेवानामिति यज्ञोपवीतम् । ॐ सुजातोज्योतिषेति उपवस्त्रम् । ॐ तंयज्ञमिति गन्धम् । ॐ यत्पुरुषमिति पुष्पम् । ॐ अहिरिवेति सौभाग्यद्रव्यम् । ॐ ब्राह्मणोस्येति धूपम् । ॐ चन्द्रमामनसेति दीपम् । ॐ नाभ्याऽआ-

सीदिति नैवेद्यम् । ॐ यत्पुरुषेति पूगीफल ताम्बूलौ । ॐ सप्तास्यासन्निति दक्षिणा । ॐ इदꣳ हविरिति नीराजनम् ! ॐ यज्ञेनय० इति पुष्पाञ्जलिं० । यानिकानीति प्रदक्षिणा ॥ प्रार्थना—इत्येवमुक्तास्तु पितामहेन जग्मुः सुरारुद्र सदः प्रतीते । शक्रश्च देवी च वसुन्धरा च गुरुः पुराणः प्रशमैकशीलः ॥१॥ गदां कौमोदकीं धृत्वा पद्मनाभामितद्युते । याम्यां रक्ष च मां विष्णो त्वामहं शरणं गतः ॥२॥ इत्येवमुक्तस्त्रिदशेश्वरोऽपि रुद्रेण साक्षात्त्रिपुरान्तकेन । जगाम शीघ्रं स्वपुरं प्रहृष्टो महीं समादाय गुरुं च राजन् ॥३॥ प्रेतभावाच्च दौर्गत्यान्निर्मुक्ताः परमां गतिम् । मया विहीनाः किंत्वेते वनेऽस्मिन्भृश दारुणे ॥ ४ ॥ सवभूत वरेण्यस्त्वं सर्वभूत विभावन । सर्वामर गुरोदेव सर्वभूतेश्वरेश्वर ॥५॥ इति प्रार्थनां कृत्वा अनया पूजया ब्रह्माद्यावाहितदेवताः प्रीय० । ब्रह्मकलशे ब्रह्मसूक्त जपः । ॐ तेजोसीत्यध्यायः (सं०अ० २२) । विष्णुकलशे पुरुषसूक्त जपः । ॐ सहस्रशीर्षाध्यायः (सं० अ० ३१) । रुद्रकलशे रुद्रसू० । ॐ नमस्तेरुद्राध्यायः (सं०अ० १६) । तत्पुरुषकलशे तत्पुरुषसू० । ॐ तदेवाग्निरध्यायः (सं०अ० ३२) । अनेन ब्राह्मणद्वारा सूक्त जपाख्येन कर्मणा ब्रह्माद्यावाहित पञ्चदेवताः प्रीयन्ताम् ॥

[अथ वृषभलक्षणम्—पृथुकर्णो महास्कन्धः सूक्ष्मरोमा च यो भवेत् । श्वेतोदरः कृष्णपृष्ठो ब्राह्मणस्य प्रशंस्यते ॥१॥ लोहितो यस्य गात्रेषु खुर पुच्छेषु पाण्डुरः । ललाटे तिलकं यस्य क्षत्रस्य वृष उच्यते ॥ २ ॥ काञ्चनाभस्तु वैश्यस्य शूद्रस्य कृष्ण उच्यते । शृंगेणोल्लिख्यते भूमिं वृषेण यत्र कुत्रचित् ॥३॥ पितृणामन्नपानन्तु प्रभूतमुपतिष्ठति ।

विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टिकारिणो ब्रह्मणो द्वितीये परार्द्धे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे कलियुगे कलिप्रथमचरणे भारतवर्षे भरतखण्डे जम्बूद्वीपे आर्यावर्तान्तरगते अविमुक्तवाराणसीक्षेत्रे महाश्मशाने आनन्दकानने गौरीमुखे त्रिकण्टकविराजिते विक्रमशके बौद्धावतारे भागीरथ्याः पश्चिमे तीरे षष्टि संवत्सराणां मध्ये वृषनाम्नि सम्वत्सरे श्रीसूर्ये उत्तरायणे शिशिरर्तौ फाल्गुने मासे कृष्णपक्षे बुधे वासरे सप्तम्यां तिथौ कुम्भराशिस्थिते श्रीसूर्ये वृश्चिकराशिस्थिते चन्द्रमसि वृषराशिस्थिते देवगुरौ स्वातीनक्षत्रे वृद्धौ योगे वणिजि करणे शेषेषु ग्रहेषु यथा यथा स्थानस्थितेषु सत्सु एवं ग्रहगुण-विशेषेण विशिष्टायां पुण्यतिथौ भारद्वाजगोत्रः भारद्वाज, अङ्गिरसो बाहस्पत्यश्चेति त्रिप्रवरः माध्यन्दिनीयशाखान्तर्गतशुक्लयजुर्वेदाध्यायी शिखरनाथशर्माहं मम आत्मनः श्रुतिस्मृतिपुराणोक्तफलप्राप्त्यर्थं मम इह जन्मनि कायिकवाचिकमानसिकसांसर्गिकज्ञाताज्ञातस्पर्शास्पर्शासन–भोजन–शयनगमनादिकृतकर्मदोषनिरासद्वारा त्रिविधतापोपशमनार्थं श्रीपरमेश्वरीप्रीत्यर्थं पञ्चगंगातीर्थे प्रातःस्नानमहं करिष्ये ।

भागीरथी समाख्याता यमुना च सरस्वती ।
किरणा धूतपापा च पञ्च नद्यः पुनन्तु माम् ॥
विष्णुपादाब्जसंभूते गंगे ! त्रिपथगामिनी ! ।
धर्म (ब्रह्म) द्रवेति विख्याता पापं मे हर जाह्नवि ! ॥

जाह्नवी सर्वदा पुण्या ब्रह्महत्यापहारिणी ।
वाराणस्यां विशेषेण गंगा उत्तरवाहिनी ॥

कार्तिक नुहाउने सङ्कल्प

मम आत्मनः कायजाशेषपापक्षयद्वारा श्रीराधादामोदरप्रीत्यर्थम् अमुकतीर्थे कार्तिकस्नानमहं करिष्ये भनी यो पढ्नू—

कार्तिकेऽहं करिष्यामि प्रातःस्नानं जनार्दन ।
प्रीत्यर्थं तव देवेश दामोदर मया सह ॥ १ ॥
मज्जनं कार्तिके मासि स्नानं च विधिपूर्वकम् ।
तेन पुण्यप्रभावेण राधया सहितो हरे ॥ २ ॥
ध्यात्वाऽहं त्वां च देवेश जलेऽस्मिन् स्नातुमुद्यतः ।
तव प्रसादात् पापं मे दामोदर विनश्यतु ॥ ३ ॥

अर्घ्य दिने दुइटा मन्त्र

नमः कमलनाभाय नमस्ते जलशायिने ।
नमस्तेऽस्तु हृषीकेश गृहाणार्घ्यं नमोस्तु ते ॥१॥
नित्ये नैमित्तिके कृष्ण ! कार्तिके पापनाशिने ।
गृहाणार्घ्यं मया दत्तं राधयासहितो हरे ॥२॥

आकाशबत्ती बाल्ने मन्त्र

दामोदराय नभसि तुलायां दोलया सह ।
प्रदीपं ते प्रयच्छामि नमोऽनन्ताय वेधसे ॥१॥

लुतों फाल्ने सङ्कल्प

कर्कट-संक्रान्तौ सायंकाले लूताविस्फोटकादिसकलरोगनिवृत्तये दीपकलशगणपतिपूजनपूर्वकं कण्डारकदेवपूजनमहं करिष्ये। ततो ज्वलदुल्मुककण्टकादिप्रक्षेपणं चाहं करिष्ये। तत्र मन्त्रपूजनं कृत्वा ज्वलत् सल्लकदारूणि कण्टकानि च स्वाचारमन्त्रं पठित्वा प्रक्षिपेत्, शूर्पवादनं कृत्वा गृहं प्रविशेत्।

मंत्र

कांडारक सुराधीश गृहाण दीपमुत्तमम् ॥
सरलेन्धनसम्भूतं, ममारिष्टं विनाशय ॥१॥
कांडारक रात्रिचर लूतादिभयनाशन ॥
उल्कामिमां प्रक्षिपामि मास्तु लूताभयं मम ॥२॥

सर्वपूजाको संकल्प।

मम सकुटुम्बस्य सपरिवारस्य द्विपदचतुष्पदसहितस्य क्षेमस्थैर्यायुरारोग्यैश्वर्याभिवृद्ध्यर्थं समस्तमंगलावाप्त्यर्थं श्रुतिस्मृतिपुराणोक्तफलप्राप्त्यर्थं च श्रीअमुकदेवताप्रीत्यर्थं यथाज्ञानं यथामिलितपोचारैः ध्यानावाहनादिषोडशोपचारैः अमुकदेवतांपूजां करिष्ये (तथा मम इह जन्मनि जन्मान्तरेषु च अखण्डसौभाग्यमनोवांछितकामनासिद्ध्यथम् अमुकदेवतापूजनमहं करिष्ये) तदंगत्वेन आसनादिकलशाद्यर्चनञ्च करिष्ये।

गाईदानको पद्धति ।

कुशतिलजलमादाय अद्येहेत्यादि श्रुतिस्मृतिपुराणोक्तफलप्राप्तिकामो गोदानकर्माऽहं करिष्ये । गोदाननिमित्तकब्राह्मणवरणार्थं चन्दनादिकमादाय ब्राह्मणमभ्यर्च्य अद्य कर्तव्यगोदाने एभिश्चन्दनाक्षतपूगीफलताम्बूलद्रव्यवस्त्रालङ्कारैरभ्यर्च्य अमुकशर्माणं ब्राह्मणम् एभिर्द्रव्याक्षतपूगीफलैर्गोदानग्रहीतृत्वेन त्वामहं वृणे 'वृतोऽस्मीति' प्रतिवचनं, व्रतेन दीक्षामाप्नोति दीक्षयाऽऽप्नोति दक्षिणाम् ॥ दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते । ततो गोदान-सामग्रीं सम्प्रोक्ष्य गां सवत्सां पूजयेत् । गवामंगेषु तिष्ठन्ति भुवनानि चतुर्दश ॥ यस्मात्तस्माच्छिवं मे स्यादिहलोके परत्र च । गोभ्य आसनम्, पाद्यम्, अर्घ्यम्, आचमनं, स्नानम् । आच्छादनं मया सम्यक् शुद्धं चैव सुनिर्मलम् ॥ सुरभी वस्त्रदानेन प्रीयतां परमेश्वरी ॥ इति वस्त्रेण गामाच्छाद्य ॥ गावो मे चाग्रतः सन्तु गावा मे सन्तु पृष्ठतः ॥ गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ॥ इति मंत्रेण अक्षतपूजा । प्रार्थना ॥ पञ्चगावः समुत्पन्ना मथ्यमाने महोदधौ ॥ तासां मध्ये तथा श्रेष्ठा तस्यै धेन्वै ममोनमः ॥ इति मंत्रेण गंधादिभिः पूजयेत् ॥ पूजितासि वसिष्ठेन विश्वामित्रेण धीमता ॥ सुरभि हर मे पापं यन्मया दुष्कृतं कृतम् ॥ पुष्पमाला ॥ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ॥ नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमोनमः ॥ सुरभि त्वं जगन्माता नित्यं विष्णुपदे स्थिता । मातर्गृहाण मे दत्तं गोमातस्त्रातुमर्हसि । इति मंत्रेण गोभ्यो नैवेद्यम् ॥

धूपदीपादिकं दत्तं फलानि विविधानि च गृहाणार्घ्यं मया दत्त देहि मे वांछितं फलम् ।। रूपं देहि जयं देहि भाग्यं भवति देहि मे । पुत्रान् देहि धनं देहि सर्वान् कामाँश्च देहि मे ।। इति मंत्रेण अर्घ्यं दत्त्वा । ततोऽङ्गपूजा ।। पृष्ठे ब्रह्मणे नमः, गले विष्णवे नमः, मुखे रुद्राय नमः, रोमकूपेषु सर्वेभ्यो महर्षिभ्यो नमोनमः, पुच्छे सर्वनागेभ्यो नमः, स्तनेषु चतुस्समुद्रेभ्यो नमः, खुराग्रेऽष्टकुलपर्वतेभ्यो नमः, नेत्रयोः शशिभास्कराभ्यां नमः, शृङ्गयोर्मध्ये सर्वतीर्थेभ्यो नमः, मूत्रे गङ्गादिसर्वनदीभ्यो नमः, गोमये लक्ष्म्यै नमः, कर्णयोरश्विनीकुमाराभ्यां नमः, जिह्वायां सरस्वत्यै नमः, नासापुटयोः सुमुखाय नमः, उदरे पृथिव्यै नमः, दक्षिणपार्श्वे कुबेराय नमः, वामपार्श्वे वरुणाय नमः, हुँकारे सर्ववेदेभ्यो नमः इति अङ्गपूजा ।। यानि कानि च पापानि ब्रह्महत्यासमानि च ।। तानि तानि विनश्यन्तु प्रदक्षिण-पदे पदे ।। इति प्रदक्षिणा ।। अथ प्रार्थना ।। "पृष्ठे ब्रह्मा गले विष्णुर्मुखे रुद्रः प्रतिष्ठितः ।। मध्ये देवगणाः सर्वे रोमकूपे महर्षयः ।। नागाः पुच्छे खुराग्रेषु ये चाष्टौ कुलपर्वताः ।। मूत्रे गङ्गादयो नद्यो नेत्रयोः शशिभास्करौ ।। एते यस्याः स्तनौ देवाः सा धेनुर्वरदास्तु मे ।। या लक्ष्मीः सर्वभूतानां या च देवे व्यवस्थिता ।। धेनुरूपेण सा देवी मम पापं व्यपोहतु । विष्णोर्वक्षसि या लक्ष्मीः स्वाहा या च विभावसोः ।। चन्द्रार्कशक्रशक्तिर्या सा धेनुर्वरदास्तु मे ।। चतुर्मुखस्य या लक्ष्मीर्लक्ष्मीर्या धनदस्य च ।। या लक्ष्मीर्लोकपालानां सा धेनुर्वरदास्तु मे ।। या स्वधा पितृमुख्यानां स्वाहा यज्ञभुजस्तथा ।। सर्वपापहरा धेनुः सा मे शान्तिं प्रयच्छतु" इति मन्त्र

र गाईका पुच्छरले 'मनो मे' भन्ने ऋचाले तर्पण गरिदिनू र संकल्प पढ्नू।

गाई दान गर्ने सङ्कल्प

मम इह जन्मनि जन्मान्तरे वा अज्ञानवशतः प्रकृतिवियोगाच्च गुणत्रयकारण-मनोवाक्कायकल्पितत्रिविधसमस्तपापसंघट्टनपरदाराभिमर्षणब्राह्मणहनन-मद्यपानगुरुतल्पगमनेन्धनार्थद्रुमच्छेदनस्त्रीहिंसावैद्यजीवनसावित्रीविधवादासीवेश्याभिगमनरहस्यपातकोपपातकागम्यागमनाभक्ष्यभक्षणाऽलेह्यलेहनाऽचोष्यचोषणाऽभोज्यभोजनास्पृश्यस्पर्शनानिच्छाभोजन–पंक्तिभेदवेदविक्रयहयविक्रयशूद्रसंसर्गदेवताहरणफलादिहरणजनितसकलपातकापनोदनपूर्वकमायुरारोग्यधनधान्यसंप्राप्त्यर्थम् इमां गां रुद्रदैवत्यां वस्त्रद्वयाच्छन्नां स्वर्णशृङ्गीं रौप्यखुरां रत्नपुच्छीं ताम्रपृष्ठां घंटाचामरसंयुतां कांस्यदोहनीं श्रीविष्णोः प्रीत्यर्थम् अमुकगोत्राय अमुकशर्मणे ब्राह्मणाय सुपूजिताय तुभ्यमहं सम्प्रददे न मम" भन्नू, लिने ब्राह्मणले 'प्रतिगृह्णामि' भनेर 'स्वस्ति' भनी 'कोदात्' ऋचा भन्नू। 'कपिले सर्वदेवानां' भन्ने पनि पढ्नू अनि दानप्रतिष्ठा लिनू, यजमानले अद्यकृतैतत् श्रीपरमेश्वरप्रीतये कृतस्य यत् किञ्चित् सालंकारादिगोदानप्रतिष्ठार्थं रौप्यं चन्द्रदैवतं हिरण्यम् अग्निदैवतं अमुकगोत्राय अमुकशर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे ॐ तत्सत् न मम इति प्रदक्षिणां कृत्वा, गां नत्वा, ब्राह्मणं नत्वा, भूयसीं दत्वा स्तुवीत–गाश्च पश्याम्यहं नित्यं गावः पश्यन्तु मां सदा ॥ गावोऽस्माकं वयं तासां यतो

गावस्ततो वयम् ॥ गावः पवित्रं परमं गावो मंगलमुत्तमम् ॥ गावः स्वर्गस्य सोपानं गावो धन्याः सनातनाः ॥ घृतक्षीरप्रदा गावो घृतयोन्यो घृतोद्भवाः । घृतनद्यो घृतावर्तास्ता मे सन्तु सदा गृहे ॥ अनेन गोदानेन श्रीगोविन्दः प्रीयताम् । 'द्यौः शान्ति' भन्ने ऋचाले अभिषेक दिनू ।

पुण्याहवाचनको संकल्प ।

अद्येह अमुकगोत्रस्य अमुकप्रवरस्य माध्यन्दिनीयशाखान्तर्गतशुक्लयजुर्वेदाध्यायिनः अमुकशर्मणो मम बालकस्य नामकर्माङ्गहवनकर्मणि भो ब्राह्मणाः मम गृहे, छोरीको भए मम बालिकायाः नामकर्माङ्गहवनकर्मणि भो ब्राह्मणाः इत्यादि, व्रतबन्धमा अमुकशर्मणो मम माणवकस्य ग्रहशान्तिपूर्वक करिष्यमाणचूडोपनयनवेदारम्भसमावर्तनाङ्गहवनकर्मणि भो ब्राह्मणाः भन्नू । बिहामा मम अमुक कुमारस्य ग्रह शान्तिपूर्वककरिष्यमाणविवाहाङ्गहवनकर्मणि भो ब्राह्मणाः, भन्नू । छोरीका विवाहमा मम कन्यायाः करिष्यमाणविवाहाङ्गहवनकर्मणि भो ब्राह्मणाः भन्नू । तुलसीको होममा मम यथा संभवकृतचातुर्मास्यविहितकर्मणः, कार्तिके आकाशदीपदानतुलसीपूजनादिकर्मणश्च उद्यापनाङ्गहवनकर्मणि भो ब्राह्मणाः भन्नू । व्रतप्रतिष्ठामा कृतानां व्रतानां उद्यापनाङ्गहोमकर्मणि भो ब्राह्मणाः भन्नू । शुद्धशान्तिमा भाइको भए भ्रातुः, आमाको मातुः, बाबाको भए मम पितुः शुद्धशान्तिहोमकर्मणि भो ब्राह्मणाः मम गृहे पुण्याहं भवन्तो ब्रुवन्तु आफूले भनी अरू ब्राह्मणहरूले मन्द, मध्यम, उच्च स्वरले ३ फेर पुण्याहं भन्नुपर्दछ ।

जन्मोत्सवको संकल्पः ।

मम वर्षवृद्धिदिने सूर्यादिनवग्रहाणां मध्ये अनिष्टग्रहाणां दशान्तर्दशाविदशाप्राणदशाजन्य–पीडानिवृत्तिपूर्वकं शुभग्रहदशाजन्यफलप्राप्त्यर्थं मंगलाद्यष्टयोगिनीनां मध्ये अनिष्टयोगिनीदशान्तर्दशाविदशाजन्यपीड़ानिवृत्तिपूर्वकं शुभयोगिनीदशाजन्यफलप्राप्त्यर्थं तथा गोचरादिवर्षप्रवेशादिलग्नराशिष्टस्थितैः अरिष्टैः सूर्यादिनवग्रहैः सूचितसूच्यमानसूचयिष्यमाणसर्वोपद्रवपीडानिवृत्तिपूर्वकपाञ्चभौतिकशरीरोत्पन्नरोगादेः झटिति निवारणार्थं आयुरारोग्यैश्वर्यप्राप्त्यर्थं दीपकलशगणेशपूजनपूर्वकं मार्कण्डेयाद्यष्टचिरञ्जीविनां स्वतिथिस्वनक्षत्रस्वयोगस्वकरणस्वलग्नस्वराशिषष्ठिकादेवागणेशभास्कराणां च यथामिलितोपचारेण षोडशोपचारेण पञ्चोपचारेण वा पूजनमहं करिष्ये भन्नू ।

ब्राह्मणवरणको संकल्प ।

अमुकगोत्रः अनुकप्रवरः अमुकशर्मा अहम् मम वर्षवृद्धौ जन्मोत्सवकर्मणि दीर्घायुरारोग्यैश्वर्यप्राप्त्यर्थं निर्विघ्नपारसमाप्त्यर्थं दीपकलशगणेशपूजनपूर्वकं मार्कण्डेयाद्यष्टचिरंजीविनां स्वतिथिस्वनक्षत्रस्वयोगस्वकरणस्वलग्नस्वराशिषष्ठिकादेवानां च पूजनकर्मणि तथा मङ्गलाद्यष्टयोगिनीनां मध्ये अनिष्टयोगिनीदशान्तर्दशाविदशाजन्यपीडानिवृत्तिपूर्वकशुभयोगिनीदशाजन्यफलप्राप्त्यर्थं श्रीमहाकालीमहालक्ष्मी महासरस्वतादेवताप्रीत्यर्थं सर्वापन्निवारणार्थं आदावन्तेऽष्टोत्तरशतनवार्णमन्त्रजपपूर्वकवाराहपुराणोक्त-दुर्गाकवचस्तवकीलकसहित मार्कण्डेयपुरा-

णोक्त 'मार्कण्डेय उवाच' इति पूर्वक 'सावर्णिस्सूर्यतनयः' इत्यारभ्य 'सावर्णिर्भविता मनुः' इत्यन्तं 'शरणागतदीनार्तपरित्राणपरायणे। सर्वस्यार्त्तिहरे देवि! नारायणि! नमोऽस्तु ते', अनेन मन्त्रेण सम्पुटितचण्डापाठकर्मकर्तुं तथा बालग्रहदशान्तर्दशादुष्टग्रहगोचरदोषोपशान्त्यर्थम् बाह्याभ्यन्तरज्वरापस्मारातिपीडोपशमनार्थं नानाविधविस्फोटकादिरोगोपशान्त्यर्थम् अकालमृत्युनिवारणाथम् मनोभीप्सितशुभफलप्राप्त्यर्थम् शत्रुपराजयपरमदुर्गयुद्धविजयसमस्तरिपुक्षयश्रुतिस्मृतिपुराणोक्तसमस्तफलप्राप्त्यर्थं नानाविधकल्याणोत्पत्तिसमस्तरोगशान्त्यर्थं श्रीसाम्बसदाशिवप्रीत्यर्थं शिवोपरि पञ्चामृतस्नानपूर्वकं अविच्छिन्नजलधारया शतरुद्रीयमन्त्रैरभिषेकाय नानानामगोत्रान् नानानामशर्मणो ब्राह्मणान् एभिश्चन्दनपुष्पाक्षतपुगीफलवासोभिर्युष्मानहं वृणे, 'ॐवृताःस्मः' अरू ब्राह्मणहरूले भन्नू, यिनै सङ्कल्पबाट वचनहरू छानी चतुर्थ्यन्त पारी दक्षिणा-सङ्कल्प गर्नू।

कसैले आज मेरा फलानाको एकोद्दिष्ट गर्ने तिथि हो, उहाँ दाज्यूहरू गदछन् तापनि अवकाशले नभेट्टाउँदा एउटा सिधा सङ्कल्प गरिदिनुहोस् पण्डितजी! भने यसरी गराउनू। तीनपल्ट आचमन गरी अपसव्य भएर [अपसव्य भएर गरिने दान कुशको बाहुन (महापात्र) लाई मात्र दिइन्छ]। दक्षिणतिर फर्की सिधामा कुश, तिल छर्की सिधामाथि बायाँ घोप्टो हात, त्यस घोप्टो हातमाथि दाहिने घोप्टो हातको नारीमाथि चोके जस्तो पारेर खप्टनू र यो पढ्नू—ॐ पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखे अमृते अमृतं जुहोमि

स्वाहा । 'इदं विष्णुः' भन्ने ऋचा 'सुरे'सम्म पढी बाहुनका हातको बूढी-औंला समातो इदमन्नं (यो अन्न[1]), इदमापः (यो सिधामनिको पानी), इदमाज्यं (यो घिउ), इति पुनरन्ने (फेरि अन्नतिर) क्रमैले बूढी-औंलामा समाती देखाई प्रणव उच्चारण गरी 'अपहता असुरा रक्षा ँ सि वेदिषदः' भनी फेरि सिधा र बाहुनका माझमा तिल छरी सिधामा देब्रे हातको बूढी-औंलाले मनिका दुनाको नलमा कान्छी औंलाले छोई दाहिने हातले कुश, तिल, जल लिई सिधैमा छोई यो सङ्कल्प पढ्नू—'पूर्वसङ्कल्पसिद्धिरस्तु अद्येह अमुकगोत्राय अस्मत्पित्रे अमुकशर्मणे इदमन्नं सजलं सोपस्करं परिविष्टं परिवेष्यमाणं अक्षय्यतृप्तिहेतोस्ते स्वधा' भनी बाहुनका हातमा मोटक राखिदिनू र 'अन्नसङ्कल्पसिद्धिरस्तु' भनी बाहुनका हातमा जल हालिदिनू। 'यथासुखं प्राशयतु' भनी सव्य भई गायत्री जपेर 'मधुव्वाता' भन्ने ३ ऋचा पढी 'अन्नहीनं क्रियाहीनं विधिहीनं च यद्भवेत् ॥ तत्सर्वमच्छिद्रमस्तु भास्करस्य प्रसादतः ॥ नमस्तुभ्यं विरूपाक्ष नमस्तेऽनेकचक्षुषे। नमः पिनाकहस्ताय वज्रहस्ताय वै नमः' भनी दक्षिणा-सङ्कल्प पनि गरी पाती पढी यजमानलाई टीका लगाइदिनू। पार्वणमा त 'अमुकगोत्रेभ्यः अस्मत् पितृपितामहप्रपितामहेभ्यः अमुकामुकामुकशर्मभ्यः वसुरुद्रादित्यस्वरूपेभ्यः तथा अमुकगोत्रेभ्यः अस्मत् मातामहप्रमातामहवृद्धप्रमातामहेभ्यः अमुकामुकामुकशर्मभ्यः वसुरुद्रादित्यस्वरूपेभ्यः' भनी अरू उही रीतले काम गर्नू।

---

(१) यो घेराभित्रको भाषा मनमा लिनेमात्र हो भन्नुपर्दैन ।

मण्डप वास्तु चक्र


६६
६२
५४
५०
५८
४६
७४
५९
६७
४७
७३
१४ से
से ४५
१५ वि
से ४४
१६ सैं
१७ प
१८ रा
१९ रा
२० से
२१ रा
२२ ऐ
२३ रा
४३ से
नी १३
से १२
२ से
६ से
७ रा
२४ का
४२ से
५ नी
रा १
३ रा
२५ रा
२६ का
५३
५७
६५
७२
४१ का
५९
५५
६३
६८
४० का
११ सैं
१० नी
का ४ नी
८ प
९ प
२७ से
से ३९
३८ रा
३७ कु
३५ का
३४ से
३३ का
३२ रा
२८ नी
३१ से
२९ का
३० नी
४९
६१
७१
६९
४८
६०
५२
५६
६४
७०
७५

ॐ शान्तायै नमः १, ॐ यशोवत्यै नमः २, ॐ कान्तायै नमः ३, ॐ विमलायै नमः ४, ॐ प्राणवाहिन्यै नमः ५, ॐ सत्यै नमः ६, ॐ सुमनायै नमः ७, ॐ सुभद्रायै नमः ८, इति पश्चादारभ्य प्रागन्ता उदक्संस्था नव रेखाः कृत्वा पुनः ॐ हिरण्यायै नमः १, ॐ सुव्रतायै नमः २, ॐ लक्ष्म्यै नमः ३, ॐ विभूत्यै नमः ४, ॐ विमलायै नमः ५, ॐ प्रियायै नमः ६, ॐ जयायै नमः ७, ॐ कालायै नमः ८, ॐ विशोकायै नमः ९, इति दक्षिणारम्भा उदगन्ताः प्राक्संस्था नव रेखाः कुर्यात्। ब्रह्मा १, अर्यमा २, विवस्वान् ३, मित्रः ४, पृथ्वीधरः ५, सावित्रः ६, सविता ७, विवुधाधिपः ८, जयः ९, राजयक्ष्मा १०, रुद्रः ११, आपः १२, आपवत्सः १३, शिखी १४, पर्जन्यः १५, जयन्तः १६, कुलिशायुधः १७, सूर्यः १८, सत्यः १९, भृशः २०, आकाशः २१, वायुः २२, पूषाः २३, वितथः २४, गृहक्षतः २५, यमः २६, गन्धर्वः २७, भृङ्गराजः २८, मृगः २९, पितरः ३०, दौवारिकः ३१, सुग्रीवः ३२, पुष्पदन्तः ३३, वरुणः ३४, असुरः ३५, शोषः ३६, पापः ३७, रोगः ३८, अहिः ३९, मुख्यः ४०, भल्लाटः ४१, सोमः ४२, सर्पाः ४३, अदितिः ४४, दितिः ४५, उत्तरे सुवर्णप्रतिमायां वास्तोष्पतिम्। ईशानादिविदिक्षु चरकी १, विदारकी २, पूतना ३, पापराक्षसी ४, पूर्वादिदिक्षु स्कन्दः १, अर्यमा २, जृम्भकः ३, पिलिपिच्छः ४, इति प्रासादवास्तु पूर्वादिषु दिक्पालान्। यहाँ नम्बर मिलाई पूजा गर्नुहोस्। यो वास्तुचक्र असल, शुद्ध र उपकारी छ।

—:०:—

सर्वतोभद्र चक्र



श्रीः ॥ प्रागुदीच्यगता रेखाः कुर्यादेकोनत्रिंशतिम् ॥ खंडेन्दुस्त्रीपदः
कोणे शृंखला पंचभिः पदैः ॥ १ ॥ एकादशपदा वल्ली भद्रं तु
नवभिः पदैः ॥ चतुर्विंशत्पदा वापी विंशत्या परिधिः पदैः ॥ २ ॥
मध्ये षोडशभिः कोष्ठैः पद्ममष्टदलं स्मृतम् ॥ श्वेतेन्दुः शृंखला कृष्णा
वल्लीर्नीलेन पूरयेत् ॥३॥ भद्राऽरुणा सिता वापी परिधिः पीतवर्णकः।
बाह्यान्तरदलश्वेता कर्णिका पीतवर्णका ॥ ४ ॥ परिध्या वेष्टितं पद्मं
बाह्ये सत्त्वं रजस्तमः । तन्मध्ये स्थापयेद्देवान्ब्राह्माद्यांश्च सुरेश्वरान्॥५॥

पूजाविधिः—

ब्रह्मयज्ञानम्० मण्डलमध्ये ब्रह्मणे नमः १, आप्यायस्व० उत्तरवाप्यां सोमाय नमः २, तमीशानम्० ईशान्यां खण्डेन्दौ ईशानाय नमः ३, त्रातारमिन्द्रम्० पूर्ववाप्याम् इन्द्राय नमः ४, त्वन्नोऽअग्ने० आग्नेय्यां खण्डेन्दौ अग्नये नमः ५, यमायत्वा० दक्षिणावाप्यां यमाय नमः ६, असुन्वन्त० नैर्ऋत्यां खण्डेन्दौ निर्ऋतये नमः ७, तत्त्वायामि० पश्चिमवाप्यां वरुणाय नमः ८, वायोयेते० वायव्ये खण्डेन्दौ वायवे नमः ९, निवेशनः० वायूत्तरयोर्मध्ये भद्रे ध्रुवाद्यष्टवसुभ्यो नमः १०, नमस्तेरुद्र० उत्तरेशानयोर्मध्ये भद्रे वीरभद्राद्येकादशरुद्रेभ्यो नमः ११, आकृष्णेन० ईशानपूर्वयोर्मध्ये भद्रे धात्रादिद्वाशादित्येभ्यो नमः १२, अश्विनातेजसा० पूर्वाग्न्योर्मध्ये भद्रे अश्विनीकुमाराभ्यां नमः १३, ॐ मासश्चपणी० अग्नियमयोर्मध्ये भद्रे विश्वेदेवेभ्यो नमः१४, अमित्यन्देवम्० यमनिर्ऋत्योर्मध्ये भद्रे सप्तयक्षेभ्यो नमः १५, आयङ्गौ० निर्ऋतिपश्चिमयोर्मध्ये

भद्रे सर्पेभ्यो नमः १६, नदीभ्यःपौञ्जिष्ठं० पश्चिमवाप्योर्मध्ये भद्रे गंधर्वाप्सरोभ्यो नमः १७, यदक्रन्दः० ब्रह्मोत्तरयोर्मध्ये वाप्यां स्कन्दाय नमः १८, नमः शंभवायच० ब्रह्मेशानमध्ये वल्लीषु नन्दीश्वराय नमः १९, तत्रैव भद्रंकर्णेभिरिति शूलम् २०, विश्वकर्माह्यजेति महाकालम् २१, ब्रह्मेशानयोर्मध्ये दक्षम् २२, ब्रह्मेन्द्रमध्ये दुर्गाम् २३, ब्रह्मेन्द्रमध्ये विष्णुम् २४, ब्रह्माग्न्योर्मध्ये स्वधाम् २५, ब्रह्मयममध्ये मृत्युरोगान् २६, ब्रह्मनिर्ऋतिमध्ये गणपतिम् २७, ब्रह्मवरुणमध्ये अपः २८, ब्रह्मवायुमध्ये मरुतः२९, ब्रह्मणः पादमूले कर्णिकाधः पृथिवाम् ३०, तत्रैव गङ्गादिनदीः ३१, सप्तसागरान् ३२, ब्रह्मणः पादमूले कर्णिकायां मेरुम् ३३, मंडलाद्बहिः सोमादि सन्निधौ आयुधानि सोमसमीपे गदाम् ३४, ईशानसमीपे त्रिशूलम् ३५, इन्द्रसमीपे वज्रम् ३६, अग्निसमीपे शक्तिम् ३७, यमसमीपे दण्डम् ३८, निर्ऋतिसमीपे खड्गम् ३९, वरुणसमीपे पाशम् ४०, वायुसमीपे अंकुशम् ४१, तद्बाह्ये उत्तरे गौतमम् ४२, ईशान्यां भारद्वाजम् ४३, पूर्वे विश्वामित्रम् ४४, आग्नेये कश्यपम् ४५, दक्षिणे जमदग्निम् ४६, नैर्ऋत्यां वसिष्ठम् ४७, पश्चिमे अत्रिम् ४८, वायव्ये अरुन्धतीम् ४९, तद्बाह्ये पूर्वादिक्रमेण पू० ऐन्द्रीम् ५०, आ० कौमारीम् ५१, द० ब्राह्मीम् ५२, नै० वाराहीम् ५३, प० चामुंडाम् ५४, वा० वैष्णवीम् ५५, उ० माहेश्वरीम् ५६, ई० वैनायकीम् इति सर्वतोभद्रमंडलदेवतापूजा समाप्ता ।

* * *

जुन कोठामा 'से' लेखेको छ उहाँ सेतो भनेर बुझ्नू। जुन कोठामा 'का' लेखेको छ उहाँ कालो भनेर बुझ्नू। जुन कोठामा 'रा' लेखेको छ उहाँ रातो भनेर बुझ्नू । जुन कोठामा 'ह' लेखेको छ, उहाँ हरियो भनी जान्नू। जुन कोठामा 'प' लेखेको छ उहाँ पहेँलो भनी जान्नू । यो काइदा बुझी रोगन भर्नू। यो सर्वतोभद्र पूजासमेत बडो शुद्ध छ र परिश्रमले बनेको छ ।

व्रतबन्धको लगन लेख्ने शुद्ध रीति ।

श्रीगणेशाय नमः। आदित्यादिग्रहाः सर्वे ज्योतिश्चक्रनिवासिनः ॥ कुर्वन्तु दीर्घमायुष्यं यस्येयं व्रतपत्रिका ॥ श्रीसंवत्···श्रीशाके···माघ-कृष्णचतुर्थ्यां भौमवासरे श्रीसूर्योदयाद्गतघटी ४ पलेषु ४४ अस्मिन् समये ··· लग्ने ··· नवमांशके दधिमत्स्येक्षुदण्डादीनि शुभ कुनानि सम्पाद्य श्रीगणेशपूजनपुरस्सरं गणेशलड्डूकरणं भारबन्धनं मङ्गलमृत्तिकानयनं धान्यविकिरणं वस्त्रच्छेदनं वेदीनिर्माणं चैतत्सर्वं पूर्वमुखः कुर्यात्, मातृकापूजनं नान्दीश्राद्धं ग्रहमखं च कुर्यात्। पुनर्माघकृष्ण-पञ्चम्यां तिथौ बुधवासरे हस्तनक्षत्रे धृतियोगे गरकरणे सौरेण माघ-गतदिनेषु २० श्रीसूर्योदयाद्गतघटी० पलेषु ३ अस्मिन्समये शुभलग्नांशके चूडा शुभा ॥ तस्मिन्नेवाहनि श्रीसूर्योदयात्गतघटी ४ पलेषु ३६ घण्टा ८ मिनट् २४ अस्मिन् समये अमुकलग्ने अमुक नवमांशके स्वगृह्योक्तविधिना गायत्रीदानम् शुभम् ।

—:०:—

लग्नकुण्डली ।



ल. १२ गो. ९ रविः पूज्यः, लग्नात् १२ चन्द्रप्रीतये दधितण्डुलरौप्यदानं जपश्च, लग्नात् १२ बुधः पूज्यः, गोचरात् ६ गुरुर्विशेषतः पूज्यः, लग्नात् १० गोचरात् ७ शनिः पूज्यः, गोचरात् ८ राहुः पूज्यः, लग्नात् ५ गोचरात् २ केतुः पूज्यः। सर्वारिष्टशान्तये मृत्युंजयजपः । श्रीरस्तु शुभमस्तु ॥

मैले एउटा डोरो लगाउन (उपाय सिकाउन) लाई माघकृष्ण पञ्चम्यां लेखेको छ। सो बदला गरी जुन घडी पलामा लग्न निस्कन्छ, सोही-बमोजिम लेख्नुहुनेछ। व्याकरण नपढेका जोतिषीहरू मोटो 'श' लेख्नुपर्नेमा पातलो 'स' लेख्दछन् , पातलो 'स' लेख्नुपर्नेमा मोटो 'श' लेख्दछन्। विसर्गको त विचारै राख्दैनन्। ह्रस्व दीर्घ मात्रा सुपारीखाएझैं गरिदिन्छन्। लेख्ने काइदा पनि जे जे मनमा आयो उही गर्छन् भनी सकल रास्ता (मार्ग = बाटो = उपाय) देखाएको हुँ। सो लगन लेख्दा यहाँ हेरी बुझीकन लेख्नुहोला। कदापि अशुद्ध नहोस् भनी बिन्ती गर्दछु।

जूटिका निमन्त्रणको सरजाम

पहेंलो लुगा ३ खगाम (समचतुष्कोण), गौरसर्षप १ मुठी, दही, अक्षता, दुभो, गोरोचन, कुंकुम (केशर), चन्दन, हलेदो, जौ, वितस्ति (बित्ता) प्रमाण फेद टुप्पा भएका २७ कुश, बाछाको गोबर, पूजाको सरजाम, १ भाग कुमार भोजन, दक्षिणा ।

चूडाको सरजाम

बटुकका १२ अंगुल लामो, ४ अंगुल चेप्टो, ४ अंगुल गहिरो सिप्लीकानको प्रणीता १ र उत्ति नापको कमल–मुकुलाकृति प्रोक्षणी पात्र १, वैकंकत वृक्षको वा खयरको बटुकका हातको १ हात लामो बूढी-औंलाका पर्वतक गहिरो बाटुलो गुफा परेको स्रुवो १, हातभरको खड्ग १, सुनको छुरा १, चाँदीको छुरा १, नाउ ऐको दस्तूर सगुन, तामाको आज्यस्थाली, ३ ठाउँमा सेतो भएको दुंशीको काँढो १ काशाको थाल १, कटौरी ३, नौनीको ड़ल्लो १, गाईको घीउ, दही, चिउरा, आमा, दिदी, बहिनी, पहेंलो रुमाल, चिसो पानी, तातो पानी, पलाशका समिधा, कमलको पात, पञ्चगव्य, गोदान १, पूर्णपात्र १ छोटा कुरेतभरिका फेद टुप्पा भएका कुशहरू ।

---

(१) काँसाका थालमा चार बटुकी राख्नू, यौटामा चिसो पानी अर्कोमा तातो पानी, झन् अर्कोमा तातो र चिसो मिलाएको, यौटामा नौनी हाली तयार पार्नू !

उपनयनको सरजाम

[१]सनपाटको लङौटी, मूजको कन्धनी, मेखला, चामल भरी भएका काँसका कटौरा, जनै पैसा सुपारीले सहित ८ पहेँलो लुगाको मेखला, बटुकलाई जनै जोर १, कृष्णसार मृगछाला १, पलाशको सुनथैलो झुण्ड्याउने छडी १, पाउदेखि शिखासम्म लामो दण्ड १, जम्मा झोली २, सुनथैलो, रुमाल, पलाशका समिधा, भिक्षा-पात्र, गोदान एक ।

वेदारम्भको सरजाम

पूजाको सरजाम, नैवेद्य, भेटी, गोदान र पूर्णपात्र, वेदपुस्तक ।

समावर्तनको सरजाम

पलाशका समिधा १३, बासी जल, हरियो कुश, गोन्पु ८, चामलका बोहोता ८, डुम्रीको १२ अंगुलको दतिवन १, दही, तामाको शत-छिद्र थाली, बटुकलाई स्नान गराउने जल १ गाग्री, बुकुवा, धोती, रुमाल, पोशाकहरू, पगरी, सुगन्धवाल खासा फूलको माला, झप्पा, चन्दन लाउने सिनका, कानका गहना, औंठी, जन्तर, बालाहरू, गाजल, सिन्दूर, छाप, ऐना, झल्लरवाल छाता, राम्रा जुत्ता, झिलिमिली परेको टोपी, बाँसको लट्ठी, मामा, देशान्तर सुनाउने पण्डित, गोदान, पूर्णपात्र, बाजाहरू, देवताहरूलाई चढाउने भेटी,

---

(१) सनपाटको लङौटी मूजको कन्धनी क्षत्रियहरूलाई हुँदैन ।

फर्केर माता-पिताको दर्शन भेटी, बटुकको नाभिसम्मको लामो र एक्ले जनै।' व्रतबन्धको सरजाम यत्तिकै हो ।

धनीका व्रतबन्धको सरजाम

मूल कलशको निम्ति तामाको गाग्री१, अरू ४ कलशके तामाका हतर (तामाको घल्चा) ४, अष्टकलशके तामाका कलश ८, अग्निप्रज्वलनके काँशको थाली १, तामाको कर्मपात्र १, रेखीको पीठो माना ५, तामाको आज्यस्थाली १; चरुस्थाली तामाको १; तामाको प्रणीतापात्र १, ऐ.को प्रोक्षणीपात्र १; सिप्लीकानको प्रणीता-प्रोक्षणी २; ऐ.को खड्गं १; स्रुक् = स्रुवा २; काँशाको कटौरामा नौनी; चीर-फार वस्त्र थान; गणेशके रातो रुमाल १; मेखला र सुनथैला बनाउनाके पहेंलो कपडा थान; पलाशको लट्ठी जम्मा ४, कृष्णासार मृगचर्म १; मूजको कन्धनी १; सन = पाटको लँगोटी १; चाँदीको भिक्षापात्र; चाँदीको आचमनी-पञ्चपात्र; मन्त्र सुन्दा बस्ने आसनी २; मन्त्र सुन्दा ओढ्ने दोसल्ला २; गुरुलाई दिनुपर्ने माल सबै; ऐजनके धोती उपर्नाहरू; धान-टपरी १७; चामल टपरी ९; चरु पाथी २; पूर्णपात्र जम्मा ६; जनै जोर १२, जनै, रक्षा-बन्धनको धागो २; एक बित्ता लामू पलाशका समिधा ५०, सर्वौषधी, कपूर, केशरी, सिंदूर, अबीर माना १, धूपबत्ती, सुपारी ५०।६०, पंचपल्लव फल-फूल-नैवेद्य भएको पूजाको भाग, नरिवोल जोर १, दीयो ठूलो १, ऐजन साना २, गणेशके भेटी, मूलकलशके भेटी, अरू ४ कलशके ऐ०, ८ कलशके भेटी,

यज्ञके ऐ. आज्यस्थालीमा चरुस्थालीमा, प्रणीता र प्रोक्षणीमा भेटी, पुण्याहवाचन ४ के भेटी, जनैदान ८ के भेटी, मन्त्र सुन्दाके भेटी, गोदान मेधाको ब्रह्मा विष्णुको दीपके घृतछाया देशान्तर जाँदा पिता-माता गुरुको भेटी, यज्ञान्तगोदान, ब्राह्मणहरूको दक्षिणा, गर्भाधानादिको कालातिक्रमको गोदान, कामाचार कामवाद कामभक्षादिको निमित्तको गोदान, गायत्री श्रवणाधिकारी सिद्धिका निमित्तक गोदान, ग्रहलेख्नाको कपडा हात ४, ग्रहके सुनको प्रतिमा ९, ग्रहपुर्तीके रङ्ग सेतो रातो पहेंलो कालो ध्वासेरंग मुठी मुठी, ५।६ नरिवोल, पगरीजोर १, जनैजोर ९, सुपारी ९, ऐ.के वस्त्र टुक्रा सेतो हाते ९, रातो; हरियो पहेंलो गउन, ऐजन कालो, नीलो ध्वाँसे; ऐजन समिधा आँक १, पलाश २, खयर ३, पीपल ४, समी ५, डुम्री ६, अपामार्ग ७, दूर्वा ८, कुश ९, ग्रहके छाता जुत्ता लट्ठी चढुवा; ऐजन; भेटी ऐजनके नैवेद्य भाग ९, पंचामृत समेतको पूजाको भाग, जौ माना २, बलिके दही अक्षता माना १, ग्रहके पूजाको भाँडा जोर १ ।

इति गणेश पूजा ।

मातृका—नान्दिश्राद्धलाई नयाँ पिहा १, तामाको कलश १, सर्वौषधी पोका ३, सिधा भाग १०, बयेर; अमला, दाख; जौ तिल मुठी५, कलशको सेतो वस्त्र ५ हात, गणेशको रुमाल, जनै जोर ८, सुपारी १५।२०, मातृकाके छीट थान १, मह मुठी २, षोडश मातृ कलश गणेशके भेटी गोबर आँप पीपलको पात, दूर्वा मुठी १, पंचामृतसमेत-

को ठूलो पूजाको भाग २, नरिवल, ब्राह्मणके भेटी, दक्षिणा, घडी; बाँस ८, चढुँवा, स्याउलीदार पय्यूँ ८ र केराको थाम, खिपाडोरी अन्दाजी ३०० हात, वस्त्रच्छेदनके बस्नौटो थान १. वस्त्रच्छेदनके सरजाम नाङ्लो १, धान पाथी १, चामलमाना १, दीयो १, सगुन भाग २, दध्यक्षत, सलाई; लगनको भोटाको वस्त्र; यज्ञका ईंट हेरीकन कर्मीके दस्तूर, आभ्युदयिकको गोदान, गणेश बटार्नाके पहेंलो रुमाल खगाम २ ,जनैजोर ४; पञ्चरत्न पोको ४; भारके ऊखु र माछा; कागजमा लेखेको दहीको ठेकी २; पालुङ्गाको साग; केरा, पेरुङ्गो; खिपाडोरी ८ हात; सगुन साग १०; आँप पीपल चाँपाको पात; दुबो मुठी १; कलश-धर समेत नाङ्लो २; खूदो; सुनको प्रतिमा । शुभम् ।

—: ० :—

व्रतबन्धको सरजाम

सामग्री व्रतबन्धको बुझिलिनू मानीस डाक्नू भला ।
मेवाहेरु मरीच आदि मसला माला मधू मेखला ॥
[1]मुञ्ज्को कन्धनि मिर्ग-चर्मँ[2] मसिनी माछा मिठाई अनि ।
मामा मन्त्र सुनाउँदा त ढकने मैदा र मानू पनि ॥१॥

---

(१) मूजको कन्धनी ब्राह्मणलाई, क्षत्रीहरूलाई धनुका ताँदाको, वैश्यलाई मौर्वीनाम घाँसको । (२) ब्राह्मणलाई पाएसम्म काला मृगको छाला, क्षत्रीहरूलाई रुरुनाम मिर्गको छाला ।

छूरा चाँदि र सूनका दुइ र छाप् [1]छाता दुईटा [2]घडी ।
पोशाकादि र प्रोक्षणी[3] र प्रणिता दोटा पलाँशे[4] छडी ॥
पीढा पान र पात पाथि टपरी पैयूँ प्रतीमा[5] अनि ।
दूईटा गुरु शिष्यलाइ त कुशासन् पञ्चपात्राच्मनी ॥२॥

काँशाका[6] बटुकी अठार कपड़ा सात् हात लामू धरी ।
काँशा [7]थाल कपूर [8]कन्धनि कसार् ठूलो कलश् केशरी ॥
तामाका छवटा [9]कलश् र कुमकुम् केराउ केरा त यो ।
धागो धूप र [10]धान चौध टपरी धोती [11]उपर्ना भयो ॥३॥

---

(१) सानू छाता ग्रहलाई, ठूलो झल्लरे जो छ बटुकलाई। (२) पानीघडी १, जेब-घडी १। (३) सिपलीकानको। (४) झोली सुनथैलो झुण्ड्याउने १ भयो, बटुकका पाउदेखि टुपीका टुप्पासम्म लामू १ जम्मा २। ब्राह्मणलाई पलाशको लहुरी, क्षत्रीहरूलाई बेलको, वैश्यलाई डुम्रीको छड़ी चाहिन्छ। (५) घृतछायालाई १ नभै हुँदैन अरू ग्रहहरू मातृकादिहरूलाई पनि पुगे। (६) चूडालाई बटुको ४, दान गर्ने ८, अग्नि ल्याउनलाई ५, घृतच्छायालाई १ जमा १८। (७) काँशाको थाल किन ? बहिनीले केश थाप्न। (८) रेशमी वा ऊनको, सूतको–अशुद्ध हुन्छ। (९) चार सुरका कलश ४, ईशान कलश १, मातृका कलश १ जमा ६। गरीबहरूले ईशान कलश मात्र तामाको गर्नू अरू माटाको गरे पनि हुन्छ। (१०) मातृका-पूजालाई कलश थाप्न १, यज्ञमा चार सुरका कलश थाप्न ४, ईशान-कलशलाई १, मूल आठ कलश थाप्न ८ जम्मा १४। (११) मन्त्रदान दिन।

न्यौ वैकंकतको[१] सुरो बयर[२] बाँस् बेसार बाजा अनि ।
बाला बाजु बटूकलाइ पिठमा बोक्ने र बाजा पनि ॥
ऐना अत्तर भो अचार अनिरै आमा अमीलो त यो ।
अभ्रक् भो अमला र आलु [३]नरिवल् नौनी र नाऊ भयो ॥४॥

सुन्थैला दुइ, सीनका सखर साग् श्रीखण्ड सोली अरू ।
सीधा पाँच् टपरी र सस्युँ समिधा सिन्दूर दुई थरी ॥
दोसन्ला र दुना र दाल [४]दतिवन् दाम् दाउरा दाख् दुभो ।
तामाको [५]शतछिद्र थालि तिल ता सेतो र कालो शुभो ॥५॥

चामल्का [६]टपरी अठार चिउरा चीनी चरू चूक् रुई ।
वेदीको [७]ग्रहको गरेर चँदुवा ठूलो र सानू दुई ॥

---

(१) वैकंकतः स्रुवावृक्षो ग्रन्थिलो व्याघ्रपादपि । वैकंकृतः पनि बन्दछ तसर्थं खयरको सुरो ता अभावमा मात्र हो, वैकंक्तको चाहिन्छ । (२) भीक दिन। (३) जटादार पानीदार नरिवल ५ चाहिन्छ, मातृकालाई १, ग्रह-शान्तिलाई १, पूर्णपात्रलाई १, भीक दिनलाई १, गुरुलाई १ जम्मा ५।६ चाहिन्छ। (४) डुम्रीको। (५) चलनी जस्तो तामाको हुन्छ, बटुकलाई स्नान गराउँदा पहिले शिरमाथि यसैमा जल हाली धारा दिनुपर्दछ, अभावमा चलनी छँदै छ। (६) मातृकामा दीयो बाल्न १, गणेश थाप्न १, यज्ञपट्टि ब्रह्मालाई १, प्रजापतिलाई १, प्रणितालाई १, प्रोक्षणीलाई १, गणेश थाप्न १, कुशका बाहुन थाप्नलाई ५, पूर्णपात्रलाई ६ जम्मा १८ तैयार गर्नू, गरीबहरूले ७ टपरीमा चामल, ११ ठूला बोहोतामा भरी-भरी चामल हाल्नु हुन्छ, नपुगे के लाग्छ। (७) ग्रहलाई छाता जुत्ता पनि चाहिन्छ ।

भिक्षापात्र र भीख [१]खड्ग र खुँदो ईजार टोपी फल ।
गोरोचन् गहना र गाजल गुरु [२]गोदान गङ्गाजल ॥६॥

लङ्गौटी सनपाटको र लहुरो बाँस्को र थम्मा अनि ।
सेतो तीन्तिर द्खिने दुमशिको काँढा र डोरी पनि ॥
खोजीलोनु नवग्रहादि समिधा पैह्ले त कूशै दुभो ।
डुम्री आँप पलाँश पिप्पल शमी आँकै अपामार्ग भो ॥७॥

कालो लाल गुलाफि छीट हरियो नीलो पहेंलो रुमाल् ।
तेईस् जोर जनै र जन्तर जुता जामा जिमी सुरुवाल् ॥
भान्साका सरजामहेरु बाढया खाने चमेना लिनू ।
छोरी बेटि जहानलाइ कपड़ा राम्रो सियाई दिनू ॥८॥

यौटा चीज नछोडि लेखिदियको कीर्त्ती शिखरनाथको ।
छोराका व्रतबन्धमा खरिद्ने पुर्जा छ यो हातको ॥

लगन लेख्ने सरजाम

भनछु लगन लेख्ता राखने जो छनौटो ।
कलम कपुर केरा कैंचि कागज् धुलौटो ॥
अतर अबिर अभ्रक् अक्षता अन्नसादि ।
दहि दल दरि दूभो दक्षिणा बाति आदि ॥१॥

---

(१) यज्ञको काठको हुन्छ । (२) गर्भाधानको १, चूडाको १, उपयनको १, वेदारम्भको १, समावर्तनको १ जमा ५ ।

फल फुल फिनि चन्दन् चार्कुने चूह्लि चामल् ।
उपर जनइ माला राखि मोरू पुंगीफल् ॥
तिल जउ मसि माछा पालुंगा-साग चक्कू ।
सिंदुर धुप खरी पान् ताम्रखण्डादि लक्कू ॥

डबल[1] गरि इ राख्नू [2]पंचमेल् [3]पंचमेवा ।
वर-घर बसि लेख्ने यो सबैको छ खेवा ॥
दुइ थरि भइ लेख्नू दूलहीकाँ गएर ।
नविन अमिरि चाल् हो बूझनू यो भनेर ॥३॥

यज्ञ बनाउने सरजाम

भन्छू यज्ञ बनाउने म सरजां ली बाँस पाँचै अनि ।
केराका पनि थाम पाँच पइँयाँका स्याउलीदार् पनि ॥
डुंरी चंपक आँप आँक खयरै कूशै शमी पीपल ।
यिन्को पात दुभो पलाश यति जो उन्नू त डोरी तल ॥१॥

---

(१) दुलाहाकहाँ लेखाउन जाँदा डबल माने दोहोरा गराउनुपर्दछ, दुइतिर ज्योतिषी भए आधा-आधा लगाई लान्छन्, १ ज्योतिषी नभए पुरोहितको १ भाग लाग्दछ। (२) पेडा १, बरफी २, लड्डू ३, गुजिया ४, जलेबी ५। (३) बदाम १, छोहोरा २, नरिवल ३, किस्मिस ४, पेस्ता ५, लवङ्ग, दालचिनी, मिश्री, अलैंची, सुपारी आदि उपमेल बनी आफ्ना घरमा, लेखे एकोहोरा सरजाम भए हुन्छ।

यिन्को पल्लवचाहिं तोरन भयो काठै समीधार्थको ।
काँचो सूत र मट्टि इंट चढुँवा सामग्रि हो यज्ञको ॥

मातृकाको सरजाम

सामग्री लिनु मातृका तिलकुशै जो कर्मपात्रो जल ।
पान् पंचामृत पंचपल्लव गणेशै थापने चामल ॥
पीढा गोबर धान ताम्रकलशै फूलादि माला अनि ।
दीयो चामल एक मानु टपरी घ्यू तेल बत्ती पनि ॥ १ ॥

सेतो लाल र छोट वस्त्र पगरी गोदान दूभो चिनी ।
केरा पूरि फलादि सेल मसला ऊखू मिठाई फिनी ॥
तातो घ्यू दहि अक्षता सिंधुर धूप् सुपारि भा चन्दन ।
पैसा साटि र पञ्चरत्न प्रतिमा रोरी सुपारी गन ॥ २ ॥

आभ्युदयिक श्राद्धको सरजाम

भन्छू आभ्युदयीक श्राद्ध गरने सामग्रि गोदान भो ।
चारै ब्राह्मण थाप्न चार टपरी दी चाँवलै दाख भो ॥
सीधा पाँच मुला र पान तुलसी मेटी मसाला दिनू ।
बत्ती धूप सुपारि सात, कपड़ा चारै टुक्रा लिनू ॥ १ ॥

मीठाई कुश खालि पान तिल जौ कर्पूर गन्धाक्षता ।
पूरी सेल फिनी चिनी अनरसा चारै जनै फूल ता ॥

माला भो अमला र तेह बयरै केश त चारै जति ।
छोरीबेटि पुरेतलाइ दछिना ज्यादा बताऊँ कति ॥ २ ॥

पूर्वाङ्गको सरजाम

सामग्री [1]यति थोक ठीक गरनू पूर्वाङ्ग गर्दामहाँ ।
खट्टेको मसिनू पिठो मिसि खुँदो सौभाग्य स्त्री हुन् तहाँ ॥
चार् सूपारि गणेश बाटन ठुलो रूमाल् पहेंलो अनि ।
धान् गुन्द्री घडि चोखिमाटि र कुटो चारोटि कन्या पनि ॥१॥

पञ्चै पल्लव पञ्चरत्न र पुरेत् बाहून पैसा सगुन् ।
दूई जोर जनै ठुलो कलश भो येती तयारी गरुन् ॥
भारै बन्धन भन्दछू उखु दुई साग् ठेकि माछा त यो ।
पेरुङ्गो अनि बाँधने धर लिई केश जमा सात् भयो ॥२॥

---

(१) पहेंला ३ बित्ता लामू कपडाका दुईतिर सौभाग्य स्त्रीहरूले पूरा १ (एक) मानाका पीठामा खुँदो हाली त्यसै साहितमा दुवैतिर गणेश बटार्नू र पञ्चरत्न भेटी जनै सुपारी हाली माझमा पञ्चपल्लव देखिने गरी दुवैतिर बाँधी अलग अलग टपरीमा राखी १ मा ९ कसार वरिपरि राखिदिनू दुरुस्ती भएका ठूला कलशमा नान्दिश्राद्ध गर्ने सामग्री तयार भएका मातृकाका कलशमा जल चढाई चन्दन अक्षता फूल साहितमा चढाइदिनू। कन्याले चोखी माटी खनी यज्ञ वेदीका माझमा राखी चन्दन अक्षता फूल चढ़ाइदिनू। भार बाँध्नू। बिस्कुन हाली सुकाउनू इत्यर्थ।

होमको सरजाम

सामग्री लिनु होमको कुश तिलै जौ पुष्प माला दुभो ।
घेरै चन्दन अक्षता फलफुलै धूपादि बाती शुभो ॥
तामाका कलशादि पाँच तुलसी सिन्दूर रोरी अनि ।
रक्षाबन्धन कांस्यपात्र दुइटा पूरी मिठाई पनि ॥१॥

रेखीलाइ पिठो अबीर कि चरू मानामहाँ घ्यू पुरो ।
धानै पाँच र चामलै छ टपरी ताम्बूल दीयो सुरो ॥
न्यौ बेसार सुपारि बीश कपडा तन्नो दुई हातको ।
तामा प्रोक्षणि कर्मपात्र प्रणिता माटो समीधार्थको ॥२॥

बोक्राले सहितै नरीवल जटे सात्[1] मृत्तिका जो शक ।
चारै जोर जनै र पल्लव भयो सर्वौषधी[2] अभ्रक ॥
रातो बाति र दाल चामल मिसी बेसार भेटी बली ।
पूरा ब्राह्मण चार पञ्चरतनै पंचामृतै सार ली ॥३॥
होमादी गरदा पुरेतहरुले गर्ने हत्यौडी पनि ।
भन्छू यो विधिका पछी यहि विधी आऊँछ गर्नू भनी ॥

---

(१) गजाश्व रथ वाल्मीक सङ्गमात् ह्रद गोकुलात् ॥ हात्तिका पाउको, घोड़ाका टापको, रथका पाङ्ग्राको, राजाका ढोकाको, तलाउको, धमिराले उठाएको र गोठको माटालाई सप्तमृत्तिका भन्दछन् । (२) कुष्टं मांसीहरिद्रे द्वे सुराशैलेयचन्दनम् ॥ बचाचंपकमुस्तं च सर्वौषध्यो दश स्मृताः ।

भूसंस्कार र स्वस्तिवाचन गरी कामादि जो रेखिको ।
पंचत्रीणि गरेर राखि समिधा संस्कार जो अग्निको ॥४॥

बाहूनै प्रणिता र प्रोक्षणि र आसन् वहिं थापीलिनू ।
चोख्याऊनु सुरो र 'धृष्टिरसि' तृण् तीन्टा लिई गर्दिनू ॥
ब्रह्मा विष्णु प्रजापती यि तिनको पूजादि गर्नू तहाँ ।
भेटी चौध झिकेर हालनु सबै जाहाँ म भन्छू उहाँ ॥५॥

ब्रह्मामा चरुमा प्रजापति दियो घीऊ गणेशैमहाँ ।
रक्षामा प्रणिता र पाँच कलशैमा प्रोक्षणीमा तहाँ ॥
ऋग्वेदादि पुजा गरून पहिले तीन्टा समोधा दिई ।
डाकी ती यजमानलाइ पहिले आचमन् गराईलिई ॥ ६ ॥

अग्नि प्रारथना र ब्राह्मणवरण् पुण्याहवाचन् गरी ।
वोधीसीत पुजा गरी कलशको संकल्प होम्को धरी ॥
होमै गर्नु र पञ्चवारुणि चतुःस्वस्त्यादितक्को अनि ।
पूजा भाकल जो विशेष भयमा थामेर गर्नू पनि ॥ ७ ॥

फेरी थालनु विन्ध्यवासिनि तलक् स्थापीत देवैहरू-
लाई पाण्डव पितृ अग्नि जति छन् तिन्लाइ दीनू चरु ॥
पूर्णाहूति र पूर्णपात्र चरु ली तीन् ठाम् सुरामा छरी ।
वहीं होम पछी महाबलि लिनू यज्ञान्त गोदान् गरी ॥८॥

दक्षीणा अनि वस्त्र होम चरु होम् तीलक् बनाई अनि ।
छाया हेर्नु घिऊ ततायर अनो सो दान दीनू पनि ।।
यानीकानि र यान्तुदेव अभिषेक् पाती पढी ढोग्दिनू ।
सिद्धोयो अब होमकर्म भनि फेर् कायेनवाचा लिनू ।।९।।

दुलहातिर विवाहको सरजाम

दूलाहातिरको विवाह गरदा किन्ने त सामग्रि यो ।
रूपीयाँ गहना र पात सिनका अन्नादि लूगा भयो ।।
सामग्री ग्रहशान्तिको लगनको लेख्ने र पूर्वाङ्गको ।
मातृका लिनुहोस नान्दिमुखिका होम्को लिनू भारको ।।१।।

आँचल्लाइ सफेत् रुमाल छिटको; रूमाल् दुहीता मसी ।
फुस्रो सिन्दुर चाँदिको मजबुती पट्टा सिंधूरे; खसी ।।
बीछ्यौना गहना लुगा दुलहिको लूगा दुलाहा लिनू ।
रत्तेलीतिरको भतेरतिरको सम्पूर्ण सर्जाम् दिनू ।।२।।

आतसूबाजि मताब तेल चिउरा चीराँख चीनी घिउ ।
छाता झन्लरदार सुनगजुरे सन्दूक जुत्ता जिउ ।।
थाक्रो गाजल काडियो सिंघुर छाप् कन्तूर कैंची अनि ।
डोले इयापन डोलि सेल सगुनै म्याना र बाजा पनि ।।३।।
कन्स्यौली र मडेउली चमर पान् भाँडा भरीयाहरू ।
निम्ता दीन सुपारि कागत कलम् माहूर मालाहरू ।।

मासुको मसला अचार मसला खाने मिठाई दही ।
धागो भो अइना टिका र पगरी हीसाब लेख्ने बही ॥४॥

बाँधेको सुनले बहूत खुलने रुद्राक्ष जो जन्तर ।
बाला औंठि जडाउका र फुलका माला झुपा अत्तर ॥
बाजूबन्द घडी र गोकुल अनी चौंडा त सिक्री भयो ।
बारुद् बन्दुक केप् खुकूरि र छुरी चक्कू सलाई त यो ॥५॥

चार्पाटे शिशिफूल कर्णफुल सुन ढुङ्री र कल्की अनि ।
चौगेडी अनि मुद्रि अष्टदल भो फेर् बालपत्ता पनि ॥
यारीङ् ई गहनाहरू जति कहें ई हुन् सबै कानका ।
फूली नत्थ बुलाकि तीन गहना जान्नू सबै नाकका ॥६॥

चन्द्रैसिक्रि र बन्दिपत्ति फुल भो जान्नू यती शीरका ।
बाजूबन्द र औंठि पौंठि र चुरा बाला इ जो हातका ॥
कण्ठश्री हँसुली टिकै तिलहरी जन्तर् अटैंसा अरू ।
मालामोति असर्फिको मुहनमाला चन्द्रहार् गोप्हरू ॥७॥

सिक्री चम्पकली तवोत बिज गोप बीज् बन्द ई घाँटिका ।
गोडाका गहनाहरू इ घुँगरा अनौंठ् बिछीया झिका ॥
पैरा कल्लि र पाउजेब अउँठा छल्ला त कीनीदिनू ।
बोहामा गहना क्रमाउनुभए आनेर याहाँ लिनू ॥८॥

दुलहीको पहिला जोर लुगा

सकली ढाकाको भोटो, लयस लागेको तासको चोलो, तास वा किनखाबको लहँगा, रेशमको बत्तुवाल दोपट्टा, रेशमको लचका लागेको रुमाल; चिनियाँफूल; आसमानी रङ्गको लचका लागेको पछ्यौरा; गलेबन्द; विबियाना दरेशको फरिया; तासको थैलो; असल धोती, लगनको भोटो; मोतीको फुँदा; ऊनी मोजा; पञ्जा; मखमलको बत्तुवाला जुत्ता; रेशमको फरिया बाँध्ने फुर्के डोरी ॥ ६९७ ॥

दुलहीको दोस्रो जोर लुगा

लयस लागेको मखमलको चोली; मखमलको थैली; बनारसी फरिया, फरिया बाँध्ने डोरी; गलेबन्द; पट्टा लागेको पचरंगी चुंदरीको पटुका, खासा धोती पट्टा लागेको बुट्टे रेशमको पछ्यौरा. हातेरुमाल, भोटो, मोजा, जुत्ता, मलमलको रुमाल ॥६९८॥

दुलहीको तेस्रो जोर लुगा

जरी साटनको चोलो, लयस लागेको यसैको थैली, रातो चुँदरीको फरिया, फरिया बाँध्ने फुन्के डोरी, खासा रङ्गिनको पट्टा लागेको पटुका, हाते रुमाल, बुटे गाछको पट्टा लागेको पछ्यौरा, पञ्जा, मोजा, जुत्ता, घाँटीमा बेर्ने मलमलको रुमाल, पह्निवाला धागो, नइनसुत रँगाएको भोटो, असल धोती ।

दुलहीका चौथो जोर लुगा

साटन गउनको फरिया, फरिया बाँध्ने फुर्के डोरी, नइनसूतको भोटो, अम्मुवा रङ्गको रुइदार चोलो, धोती, कुचीनको थैली, सकली ढाकाको पटुका, हाते रुमाल, सकली ढाकाको खास्टो, मलमलको घाँटी बाँध्ने रुमाल, पञ्जा, मोजा, जुत्ता, कट्टुवा चुरा, बम्बईचुरा, बम्बईडबलचुरा, रङ्गरङ्गका बट्टा रातो वा सिंधुरे, गाजल, पक्का जड़ाउका टीका, चंकी, सितारा, छाप, झुलनादार ऐना, थाक्रो बाँध्ने समी, अम्मुवा रङ्गको १ जोर, बसन्ती रङ्गको १ जोर, आस्मानी रङ्गको १ जोर, सुरुमाइ रङ्गको १ जोर, अबिरी रङ्गको १ जोर, कलेजीरङ्गको १ जोर, सुगा रङ्गको १ जोर, धानी रङ्गको १ जोर, अनार रङ्गको १ जोर, बदामी रङ्गको १ जोर, मासरङ्गको १ जोर, सिङ्रिप रङ्गको १ जोर, गन्धकी रङ्गको १ जोर, भण्टा रङ्गको १ जोर, जम्मा १८ जोर लुगा बडा आदमीहरूका विवाहमा दुलहीलाई दिन्छन् । गरीबहरूका विवाहमा साधारणैको चाल हुन्छ । जस्तै *गुलबदनको चोलो, गुलबदनको झोली, तुलको पछ्यौरा, जरीसाटनको लहँगा, गउनको फरिया, अथवा चुंदरीको फरिया अथवा दरेसको फरिया, नइनसूतको रुमाल, काशीवाल धोती, बत्तुले बाँधेको फुर्के धागो, हरिया धागाको फरिया बाँध्ने फुर्केदार डोरो ।

---

* गुलबदनलाई पाट पनि भन्छन् नाउँ गुलबदनै हो ।

कन्यातिर विवाहको सरजाम

कान्यातोर विवाहमा खरिदने सामग्रि चाहीयको ।
जो आभ्यूदयिकै अनी वरणिको पूर्वाङ्गको होमको ॥
ब्याहूलीतिरको भतेरतिरको श्री मातृकाको अनि ।
सामग्री बट्टुली ठुलो कलश भो नाङ्लो सिलौटो पनि ॥१॥

लोहोरो र कसार ली मह दही घ्यू गोलफू सीनका ।
रोरी चन्दन माहुरे शुभ कटौरा थाल जो काँशका ॥
गुन्द्री सत्रनजो पलङ् र डसना बालिष्ट तन्ना अरू ।
गाग्री झारि र खँड्कुलो जल भयो फेर् गोडधूवाहरू ॥२॥

दूलाहातिरका लुगा दुलहिको औंठी दुईटा अनि ।
आँचल्लाइ रुमाल नैनसुतको लीनू दुईटा पनि ॥
सींधूरे दुइटा रुमाल छिटको ऐना त्रिपासा त यो ।
दोसल्ला गहना दिने शक भए छाता र जुत्ता भयो ॥३॥

कन्यादान दिंदा दिने असरफी दानेप्रतिष्ठा लिनू ।
गाईदान जुवाइँलाइ दुहुनी गाई बढीया दिनू ॥
चाँदीको खुर सूनको सिङ भयो काँशे कचौरा गरी ।
तामाको करुडादि बाँधि कपड़ा राख्नू त तेही घरी ॥ ४ ॥

गाई छैन भने त गर्नु यउटा गोदान पक्का दिनू ।
दाईजो पनि दासि आदि दक्षिना इयापान् र डोली लिनू ॥

भान्सेको फरिया पनी लिइदिनू कन्स्यौलि डोलेहरू ।
मोलीपन्ट दिनू पुगे खसि पनी बिस्तार धेर् के गरूँ ॥ ५ ॥

वरणिको सरजाम

सामग्री सब भन्दछू वरणिको, ली बत्तिको आरती ।
पीढा ता लिनु चाँपको उपर जो टालो पहेंलो धरी ॥
ठूलो पूतलिदार भारि टपरी तेस्माथि राख्नू यति ।
माला मालति-पुष्प विष्टर[1] दुभो लाजा मसाला जति ॥ १ ॥

रोरी चन्दन अक्षता नरिवलै सिन्दूर ताम्बूल भो ।
चाँपो पिप्पल पंचपल्लव जनै पूर्वांगको भार भो ॥
जाई अभ्रक पंचरत्न तिल जौ केरा चखेत्रो फल ।
नैबेद् होस् दुइ भाग, होस् कपुर औ जात् जातका फूल् जल ॥
कर्मैंपात्र र पंचपात्र चमचा सस्यूं सुपारी कुश ।
जन्ती पर्सन अक्षता अबिर धूप् धोती र भेटी खुश ॥
घ्यू गंगाजल फूल् दुभो मह दही चीनी मिसी शंखमा ।
कन्स्यौली कलशै र चामर ठुलो छाता दछीना जमा ॥ ३ ॥

---

(१) २७ कुश १ हात लामा धागाले बेरेको (विष्टर) वरणिलाई, १, कन्यादानलाई १ जम्मा २ चाहिन्छ ।

दानादि गर्दा छुने

घर दान गर्दा सँगार-ठेलामा बसी गर्नू, भित्र पसेर गर्नू भन्ने पनि लेखेको छ। कन्या दास दासी दान गर्दा हातमा समाती हृदयनेर राखी दान गर्नू। हात्ती दान गर्दा दाह्रामा छोएर गर्नुपर्दछ, हात्तीमा चढेर संकल्प गर्नू भन्ने पनि लेखेको छ। घोड़ा दान गर्दा र एक खुर हुने पशु दान गर्दा पनि दाहिने कानमा समाती दान गर्नू, गाई गोरू मृगचर्म दान गर्दा पुच्छरमा समाती संकल्प गर्नू। ऊँट दान गर्दा चढ़ेर गर्नू, छाता दान गर्दा बीडमा छोएर संकल्प गर्नू, तरवार खुकुरी हतियार हातमा लिएर संकल्प गर्नू। संग्रामका चीज बीज ध्वजा पताका कवचहरू दान गर्दा छोएर संकल्प गर्नू, भूमिदान गर्दा प्रदक्षिणा गरी भूमिमा छोएर दान गर्नू। माटो हातमा लिएर संकल्प गरी उही ठाउँमा छोरिदिए पनि हुन्छ, वनमा रहने जीवात जन्तु दान गर्दा पुच्छरैमा समाती दान गर्नू, बग्गी दान गर्दा हरिसमा छोएर दान गर्नू, धन द्रव्य हातमा लिएर दान गर्नू।

दानका देवता

गर्दा दान अमूक दैवत भनी, पर्दैन भन्नू यता।
यो विस्तार पनी म गर्दछु सबै, दानादिका देवता॥

कन्दादान र दासि दास मछली, दानादि माछ्र मतं ।
पक्वान्नादि र दाल अन्न जति छन् प्राजापती दैवतं ॥१॥
कस्तूरी र कपूर अत्तर र पान् सुगन्धिहेरू पनि ।
जो जो छन् बुझिलीनु पंडितजि हो! गन्धर्व दैवत् भनी ॥
अग्नी दैवत भन्नु सून रुसिको बाख्रो र बोका तथ ।
राहूदैवत तेलको बुझिलिनू घ्यूको त मृत्युञ्जय ॥२॥
केतू दैवत हो कपासहरुको पीठो शची दैवतं ।
पैसाको अनि तेजवान् चिजहरूको सूर्य हो दैवतम् ॥
तामाको पनि सूर्य दैवत पितल-को कूज दैवत् अनि ।
लोहा भैरव दैवतं बुझ सिसाको वायु दैवत् भनी ॥३॥
चाँदी भो दहि चन्द्र दैवत र राङ् नाशत्य हो दैवतम् ।
मित्रै दैवत चोनिका सखरको कूबेर हो दैवतम् ॥
मिश्री तील रसादि सोम कछुवा-को साध्य दैवत् भयो ।
गौरी दैवत बाघ सिंह बुझ गैंडा ब्रह्म दैवत् भयो ॥४॥
घोरल् थार जराय चित्तल भए जो मृर्गका जातिमा ।
वायू दैवत भन्नपर्दछ चराचूरुङ्गि दानादिमा ॥
गौ गोरू दुइ रुद्र दैवत उँटै-को निर्ऋतै दैवतं ।
लक्ष्मी दैवत फूलको सिंदुरको श्री पार्वती दैवतं ॥५॥
एक्खूरे यम दैवतं बुझनुभो घोडादि भैंसी भयो ।
तारा दैवत दूधको अभय दान्-कोशीव दैवत् त यो ॥

ग्राहा गोहि कमण्डलू र जलका पात्रादि गाग्री खतं ।
मेडो पानि र शंख सीपिहरु ई भन्नू वरुण् दैवतं ॥६॥

शय्या आसन मिर्गचर्म र जुता छाता र गाडा अनि ।
उत्तानांगिर दैवतं र महको साध्यक्ष दैवत् भनी ॥
तीनै थोक सरस्वती दइवतं पुस्तक् मस्यानी कलं ।
भाँडा दान हुँदा र विश्वकरमा भन्नू हवस् दैवतम् ॥७॥

सामग्री रणका जती छन उती ती शक्र दैवत् गर ।
हीरा भूमि खराउ कांश्य मणि भो म्याना रथादी घर ॥
शालग्राम उखू मही चमर भो पंखा चँदूवा जहाँ ।
कांगीयो समिधा बँदेल दतिवन् नैवेद्य मालामहाँ ॥८॥

भन्नूपर्दछ विष्णुदैवत अनी सर्वस्व दान्मा पनि ।
याहाँ नाम नलीयका छन जती ती विष्णु दैवत् भनी ॥
भन्नूपर्दछ हे पुरोहितजि हो ! बोन्दैन कोही अरू ।
सिद्धीयो अब दैवतं अलिकती बिस्तार फेरी गरूँ ॥९॥

गौको दूध गऊंत गोबर दही घ्यू पञ्चगव्यै दिनू ।
पञ्चामृत् भनियो चिनी मह दही घ्यू दूध मीसीलिनू ॥
मूगी कागुनु मास धान गहुँ जौ तिल् सप्तधान्यै त यो ।
आँक् डुम्री बर पाखरी पिपलका पात् पञ्चपल्लव् भयो ॥१०॥

हीरा माणिक पुष्पराज लसुने गोमेद मोती अनि ।
पन्ना नील मुगा ई रत्न नव हुन् ई लाउनाले पनि ॥
खुशी हुन्छन ती नवग्रहहरू रीसाउँदैनन् रती ।
बाजू जन्तर औंठि फूलहरुको शोभा छ भारी अति ॥११॥

गो भूमी तिल सून घीउ कपड़ा धानै र गूँडै भयो ।
चाँदी नून् दशदान गर्नु जनले आखीरि हूँदा त यो ॥
देवी सूर्य र विष्णु औ गणपती विश्वेश पञ्चायतन् ।
नैवेद् चन्दन धूप दीप फुलले यिन्को त गर्नू पुजन् ॥१२॥

विश्वामित्र वसिष्ठ अत्रि र भरद्वाजै अनी गौतम ।
सातोटा जमदग्नि कश्यप लिई सप्तर्षि ई उत्तम ॥
मार्कण्डेय विभीषणै बलि अश्वत्थामा कृपाचार्यजी ।
वेदव्यास र पर्शुराम हनुमान् ई आठ चीरञ्जिवी ॥१३॥

जन्मोत्सवको सरजाम

जो जन्मोत्सवको पुजा गरिलिंदा सामग्रि लीनू पनि ।
अर्घै शंख र कर्मपात्र दुइटा ल्यौ पञ्चपात्राचमनी ॥
दीयो घण्ट र थालि जौ कलश भो, दूभो प्रतीमा धर ।
तीनै अञ्जलि गाइको दुध लिनू काँचो अनी सक्खर ॥१॥

दीयो बालनलाइ चाँमल पुरी फेरी बुहोताभरि ।
चार्कूनेभरि धान पन्लव पनी गोदान वस्त्रै धरी ॥

ली गोलोचन निम्बपत्र र दुभो गुग्गूल ❀सस्यूं यति ।
लाम् रेशम पट्टवस्त्र कुश मो चौधै सुपारी जति ।।२।।

रोरी चन्दन अक्षता सिंदुर मो नैवेद्य मेवा अरू ।
चीऊरा फल फूल भूयसि अनी, मेटी र घाटीहरू ।।
राजाले दुइ चार झीकि कयदी छूटाइदिन्छन् अति ।
छोडीदिनु चराचुरुङ्गि चिडिया बन्धन् परेका जति ।।

ढिकुराको र कोराको सरजाम

सामग्री किरिया हुँदा यति लिनू सस्यूं पहेंलो अनि ।
तोला चार मरी फलाम दश नै कुड्का र डालो पनि ।।
घ्यू चीनी मह दूध एक खुकुरो धागो र श्रीखण्ड ली ।
सप्तधान्य र भृङ्गराज उशिरै दीयासलाई त ली ।। १ ।।

पाला बाह्रवटा ठुला त यउटा पित्ले घडा चाँवल ।
साना गोल् कुरुवा र हाँडि यउटा प्याले ढकाना फुल ।।
ऊर्णासूत्र सुपार चौध तिल जौ, ठाऊँ अछेता झिजा ।
खोचीहेरु लपेस तेल तिलको धूपादि बाती भिजा ।।

(❀) गोलोचन गुग्गुल निम्बपत्र सर्षप दूर्वा पट्टवस्त्रमा सानू पोको पुटलिका बनाई रेशमले बाँधी यो पूजा मरी दक्षिण बाहुमा मन्त्र पढी बाँध्दछन् । मुख्य माछालाई पूजा मरी छोड्नू ।

ग्रीकाठीहरु पाँच, दत्तिवन दश् काम्रो पलाँशै रहुन् ।
पैसा, चार दिनै र सात दिनमा श्राद्धे ढिकुरा गरुन् ॥
कोदाली लिनु चाँदिको र सुनको चाहिन्छ दश् दीनमा ।
सीधा एकहि भाग वस्त्र ढिकुरो भत्काउने काममा ॥

एकादशाहको सरजाम

फेर् एकादशको पनी सुननुभो सामग्रि येती लिनू ।
एकाईस सिधा र चन्दन तिलै जौ पञ्चगव्यै दिनू ॥
उन्नैस् जोर जनै अनी तिन सये साठी घडामा पनि ।
काम्राका कि पलाँशका दतिवनै हाल्नू सबैमा गनी ॥ १ ॥
ली औंठी सुनको सुपारि र पचास् छाता जुता हालनू ।
शय्याको सरजाम वर्ष दिनतक् पुग्ने गरी राखनू ॥
तीनोटा प्रतिमा र काञ्चनपुरुष् गोदान दूई त यो ।
पाँचै हात लि वस्त्र फूल फल भो माला कमेरो भयो ॥ २ ॥
लीनूहोस दशै सुवर्ण टुकुरा दानै प्रतिष्ठा भनी ।
दीयो ली तुलसी मिठाइ मसला सस्युं पहेंलो पनि ॥
पैसा दो रुपियाँ र तेल तिलको कपूर बत्ती धुप ।
गाईको दहि दूध घीउ मह भो चाँवल् अक्षेता खुप ॥ ३ ॥

औंठी तीन खराउ दण्ड जल चोखो एक गाग्री शुभो ।
पञ्चैपात्र र कर्मपात्र चमचा गोमूत्र लीनू दुभो ॥
पिण्डै सत्र पवित्र सत्र कुशका बाहून अष्टादश ।
काम्लो बेन कुशासनी र दछिना यौटा खडा मानिस ॥ ४ ॥

वृषोत्सर्ग गरे दही मह दुधै घ्यू खीर पीठो भनौं ।
माटाको खिर राखने फुल समी सूरो र डाम्ने पनौं ॥
बाछो बाछि र पूर्णपात्र तिल जौ घ्यूको त थाली तहाँ ।
सानू घण्ट पलाँश धूप समिधा काँशे कटौरा तहाँ ॥ ५ ॥

फूल् माला दुइ अक्षता कुश र घाँस् सिन्दूर पैसा पुरी ।
बाती चार सुपारि चन्दन यती राखे तयारी गरी ॥
यो एकादश गर्नलाइ नजिकै श्री पण्डितै राखनू ।
वीधीसीत नचूकि पत्र लिइ जो हावा सरी हाँकनु ॥ ६ ॥

द्वादशाह सपिण्डीको सरजाम

जो हो द्वादशको सपिण्डि गरदा सामग्रि लीनु यति ।
माला चन्दन पांच भाग तिल जौ फूलै अछेता अति ॥
गौको घ्यू दहि दूध चीनी मसला सस्यूं पहैंलो अनि ।
केरा धूप कपूर बाति तुलसी मीठाइ मेवा पनि ॥ १ ॥

चारै ब्राह्मण जो पवित्र छवटा औंठी तिनोटा लिनू ।
तीसै मोटक कूडका कुश तिसै सोह्रोर लामा दिनू ॥
चारोटा लिनु कर्मपात्र र जनै एघार कूशासनी ।
सीधा आठ सुपारि सोह्र विकरै दोटा त गोदान् पनि ॥ २ ॥

चाँदीको सुनको त तार दुइटा, वस्त्रै तिनै हातको ।
खाली पान र खड्गपात्र सिंधुरै सामग्रि ज्यूनारको ॥
खोचा बाह्र दुना पचीस टपरी दोटा लपेसै दुवा ।
चार्कूने पनि चार शुद्ध जल फेर् गाग्री भरी बालुवा ॥ ३ ॥

रातो वस्त्र र पञ्चगव्य मह भो श्रीखण्ड दूभो त यो ।
झींजा पिण्ड पकाउने पनिउँ भो, दोटा तपेसै भयो ॥
जो पाथेय गणेशका पुजनको सामग्रि जो राख्दछन् ।
बीना-पण्डितको सपिण्ड गरनू झारातिरा भन्दछन् ॥ ४ ॥

एकोद्दिष्ट श्राद्धको सामग्री

एकोद्दिष्टमहाँ अचार तिलको केराउको आलुको ।
लाऊनू अदुवा अचार तिल जौ औंठी दुई कूशको ॥
गौको घ्यू दहि दूध पान तुलसी पुष्पादि माला चिनी ।
कर्मैपात्र र खड्गपात्र दुइटा ली पञ्चपात्राचमनी ॥

सिन्का पात पुरी र सेल तिहुँने खाने मसाला सब ।
खाली पान र विष्णुको पद जनै तीन्टा पचीस् मोटक ॥
अघौंतो मह बालुवा फलगुको गोदान सीधा दुई ।
श्रीगङ्गाजल औ पवित्र यउटा बाहून यौटा भई ॥
केरा चन्दन तीन भाग कुशका कुड्का र माला छ भो ।
बत्ती धूप कपूर केसरि धुवा धोती र रूमाल भो ॥
सुपारी फल-फूल शुद्ध जल भो भान्से सधूवा लिनू ।
यौटा पिण्ड र अक्षता पनि यती सामग्रि राखीदिनू ॥

पार्वणश्राद्धको सामग्री

जो जो पार्वण श्राद्धमा खरिदने सामग्रि भन्छू म ता ।
चारै ब्राह्मण थाप्न चार टपरी ली चामलै अक्षता ॥
दीयो थापनलाइ चामल लिनू धोती रुमालै धुवा ।
चोखो पानि त एक गाग्रि लिनु है तीर्थादिको बालुवा ॥१॥

गौको घ्यू दहि दूध पान मसला भान्सा मसाला अनि ।
मोठाई पुरि सेल दारिमहरू नासपाति अम्बा पनि ॥
केरा केसरि भो सुपारि तिल जौ भेटी र बाती दियो ।
श्रीगङ्गाजल धूप पाँच टपरी सोधन र खोसर्तिनि यो ॥२॥

घेरै मोटक पारनु कुश नऊ लामा रकम्का मह ।
बाहुन् चार पवित्र आठ कुशका औंठी तिनोटा कह ॥
तामाका दुइ कर्मपात्र खिर भो पचीस दूना जति ।
खड्गैपात्र र पाँच वस्त्र तिल जौ काला किनेका अति ॥३॥

फल्गूको लिनु बालु विष्णुपद भो दो पञ्चपात्राचमनी ।
अघौंतो नुन तेल हीङ अदुवा बेसार चूकै पनि ॥
काँक्राको तिलको अचार अदुवा केराउ आलू लिनू ।
ज्वाइँ भानिज वेदपाठि बढियालाई त निम्ता दिनू ॥४॥

मातृनवमी र एकापार्वणको सरजाम

मातृका नवमीमहाँ त छवटा बाहून थाप्नू अनि ।
बाहोटा कुशका पवित्र गरनू औंठी तिनोटा पनि ॥
पच्चास् मोटक लाम्रु आठ कुशका कुट्का गरी पारनू ।
सीधा सात र पिण्ड नौ अरु उही तैयारिले राखनू ॥

एकापार्वणमा पनी उहि सबै सामग्रि सारा लिनू ।
तीनै पिण्ड पवित्र चार दुइटा बाहून थापीदिनू ॥
बत्तीस् मोटक तीन औंठि गरनू सीधा त पाँचै अनि ।
एकापार्वणको त पुस्तक लिई फेर् गर्नु श्राद्धै पनि ॥

मासिकको सरजाम

पैह्ला मासिक ता जुराइ गरनू सामग्रि यस्को पनि ।
लीनु चामल थाप्न बाहुन भनी गैऔटना दान यी ॥
यौटा बाहुन जो पवित्र यउटै नौ मोटकै ली दिनू ।
यौटा औंठि सिधा दुई मह दही घ्यू गाइको दूध् लिनू ॥

दीने पिण्ड सुपुत्र हून बुझनू ताम्बूल दूई जनै ।
माला चन्दन अक्षता फल फुलै पक्वान्न तिल् जौ धनै ॥
माथी अन्न र वस्त्र पानि फलले शोभा भयाको घडा ।
सेतो वस्त्र सुपारि भेटि दक्षिना पूरेतहेरू खडा ॥

आफ्ना प्रारब्धका भोग गरी मानिस बिरामी भै जब ओछ्यान पर्छ, बाँचुंला भन्ने आशा मर्छ तब आखिरी वेला ठानी उसका वारिसले पहिले दश दान गराइदिनु उचित छ । ती दशदान कुन कुन हुन् भने :—

(१) गोदान, (२) भूमिदान, (३) तिलदान, (४) हिरण्यदान, (५) आज्यदान, (६) वस्त्रदान, (७) धान्यदान, (८) गुड़दान, (९) रजतदान, (१०) लवणदान ।

कर्मपात्रको विधिले पहिले कर्मपात्र तयार पार्नुपर्छ । सो कर्मपात्र तामाको बाटा अथवा कोही एक तामाकै पात्र हुनुपर्छ । कर्मपात्र स्थापन गर्ने विधि तल लेखिन्छः—

कर्ता शुचि भै पूर्वतिर फर्की कुशासनमा बसी सव्य भै

आचमन गरी विष्णुलाई सम्झी हातमा चन्दन फूल अक्षता लिई आफ्ना अगाड़ि पृथ्वीमा राखी त्यसमाथि तामाको पात्र (कर्मपात्र) स्थापना गरून् । स्थापना गर्दा ई मन्त्र उच्चारण गरून्:—

यद्देवादेवहेडनन्देवासश्चकृमाव्वयम् ।
अग्निर्म्मा तस्मादेनसोविश्वान्न्मुञ्चत्व ꣳ हसः ॥१॥

यदि दिवा यदिनक्तमेना ꣳ सिचकृमाव्वयम् ।
व्वायुर्म्मा तस्मादेनसो व्विश्वान्मुञ्चत्व ꣳ हसः ॥२॥

यदि जाग्रद् यदि स्वप्नऽएना ꣳ सिचकृमाव्वयम् ।
सूर्योमा तस्मादेनसो व्विश्वान्मुञ्चत्व ꣳ हसः ॥ ३ ॥

अब कर्मपात्रमा कुशको पवित्र र कुशको टुक्रा हाल्नुपर्छ, मन्त्र यो हो :—

पवित्रेस्थोव्वैष्णव्यौसवितुर्व्वः प्रसवऽउत्पुनाम्म्यच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभिः ।

अब जल हाल्नुपर्छ, जल हाल्ने मन्त्र तल लेखिएको छः—

ॐ शन्नोदेवीरभिष्टयऽआपो भवन्तु पीतये शंय्योरभिस्रवन्तुनः॥१॥

अब तिल हाल्नुपछ, तिल हाल्ने मन्त्र यही हो :—

ॐ तिलोसि सोम दैवत्यो गोसवो देवनिर्मितः । प्रत्नमद्भिः पृक्तः स्वधया पितृँल्लोकान्पृणाहि नः स्वाहा ॥१॥

अब फूल हाल्नुपर्छ, फूल हाल्ने मन्त्र यही हो :—

ॐ श्रीश्चतेलक्ष्मीश्चपत्न्क्यावहोरात्रेपार्श्वेनक्षत्राणि रूपमश्विनौ व्व्यात्तम् ।। इष्णन्निषाणामुम्मऽइषाण सर्व्वं लोकम्मऽइषाण ।।१।।

अब चन्दन चढ़ाउनुपर्छ, चन्दन चढ़ाउने मन्त्र तल लेखिएको छः—

ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्टां करीषिणीम् ।
ईश्वरीं सर्व्वभूतानां तामिहोपह्वये श्रियम् ।। १ ।।

अब अक्षता हाल्नुपर्छ, अक्षता हाल्ने मन्त्र :—

ॐ अक्षन्नमीमदन्तह्यवप्रिया ऽअधूषत । अस्तोषतस्वभानवोव्विप्रानविष्ठया मतीयोजान्विन्द्रतेहरी ।। १ ।।

अब कर्मपात्रबाट कुशका तीन टुक्रा लिई कर्मपात्रैका जलले दान गर्ने वस्तु र आफूलाई सेचन गर्नू, मन्त्र तल लेखिएको छः—

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा ।
यः स्मरेत्पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।।१।।

कर्मपात्रबाट कुश जल हातमा लिई गोदानादि दशदान गर्छु भन्ने प्रतिज्ञा संकल्प गर्नू ।

गोदानादि दशदानको प्रतिज्ञा-संकल्प—हरिः ॐतत्सत् तत्सत् तत्सत् विष्णुः विष्णुः विष्णुः अद्य श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकल जगत् सृष्टिकारिणो ब्रह्मणो द्वितीय-परार्द्धे

श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे युगे प्रह्लादाधिपत्ये मनौ सप्तमे सत्यत्रेताद्वापरान्ते बौद्धावतारे कलियुगस्य प्रथमचरणे भारतवर्षे भरतखण्डे जम्बूद्वीपे आर्यावर्तान्तर्गत अमुकदेशे (यहाँ देशको नाम लिनू) भागीरथ्या अमुक दिग्भागे (यहाँ भागीरथीको जुन दिशा पर्छ सो दिशाको नाम लिनू) इह पुण्य भूमौ षष्टि सम्वत्सराणांमध्ये अमुकनाम सम्वत्सरे (सम्वत्सरको नाम लिनू) श्रीसूर्ये अमुकायनगते (सूर्य उत्तरायण भए उत्तरायणगते भन्नू, दक्षिणायन भए दक्षिणायनगते भन्नू) अमुक ऋतौ (ऋतुको नाम लिनू) मासोत्तमे मासे अमुकमासे (जुन मैह्ना छ उही मैह्नाको नाम लिनू) अमुकपक्षे (शुक्ल र कृष्णपक्षमा जुन पक्ष छ उहीपक्षको नाम लिनू) अमुक वासरे (जुन वार परेको छ उही वारको नाम लिनू) अमुक तिथौ (तिथिको नाम लिनू) अमुक राशिस्थिते सवितरि (सूर्य जुन राशमा छन् उही राशको नाम लिनू) अमुक राशिस्थिते देवगुरौ (बृहस्पति जुन राशमा छन् उही राशको नाम लिनू) अमुक राशिस्थिते चन्द्रमसि (चन्द्रमा जुन राशमा छन् उही रासको नाम लिनू) अन्येषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु एवं ग्रहगुणविशेषेण विशिष्टायाम् अद्य यथानक्षत्रयोगकरणलग्नमुहूर्त्तान्वितायां शुभपुण्यतिथौ अमुकगोत्रः (गोत्रको नाम लिनू) अमुकप्रवरः (प्रवरको नाम लिनू) अमुकनामशर्माऽहं मम (आफ्नू नाम उच्चारण गरी ब्राह्मण भए शर्माऽहं, क्षत्रिय भए वर्माऽहं मम भन्नू) श्रुतिस्मृतिपुराणोक्तफलप्राप्त्यर्थं श्रीपरमेश्वरप्रीतये गो-भू-तिल-हिरण्य-आज्य-वस्त्र-धान्य-गुड-रौप्य-

लवणादानादि दशदानकर्माहं करिष्ये" भनी भूमिमा पानी छोडी प्रतिज्ञा संकल्प गर्नू ।

आइमाईले गर्दा यथानामगोत्रा यथानामप्रवरा यथानाम्नी देवी मम भन्नुपर्छ तर "यथानामगोत्रा" भनेका ठाउँमा आफ्नू जुन गोत्र हो उही गोत्रको नाम लिनू, "यथानामप्रवरा" भनेका ठाउँमा आफ्नू प्रवरको नाम लिनू, अनि "यथानाम्नी देवी" भनेको ठाउँमा आइमाईले आफ्नो नामोच्चारण गर्नु उचित छ। अब गाई दान गर्नुपर्छ। सकेदेखि बाच्छो सहितको दूध दिने गाई दान गर्नू, नसके गाई मात्र दान गरे पनि हुन्छ।

गोदान-विधि—पैह्ले गाईदान लिने ब्राह्मणलाई आचमन गराई टीका लगाउनू, अनि तल लेखिएको मन्त्रले गाई, जल, चन्दन, अक्षता र फूल चढ़ाई पूजा गर्नू :—

नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयिभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमोनमः ॥ १ ॥
गवामङ्गेषु तिष्ठन्ति भुवनानि चतुर्दश ।
यस्मात्तस्माच्छिवं मे स्यादिह लोके परत्र च ॥२॥

गाईको पीठमा नयाँ वस्त्र ओढ़ाइदिनू, मंत्र यही हो :—

आच्छादनं मया सम्यक् शुद्धं चैव सुनिर्मलम् ।
सुरभी-वस्त्र-दानेन प्रीयतां परमेश्वरी ॥ १ ॥

अब तल लेखिएको मन्त्र पढ़ी गाईलाई अक्षताले पूजा गर्नू :-

गावो मे चाग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।
गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ॥१॥

फेरि यो तल लेखिएको मन्त्र पढ़ी हात जोड़ी प्रार्थना गर्नू :-

पञ्चगावः समुत्पन्ना मथ्यमाने महोदधौ ।
तासां मध्ये तथा श्रेष्ठा तस्यै धेन्वै नमोनमः ॥१॥

अब तलको मन्त्र पढ़ी गाईलाई फूलको माला लगाई पूजा गर्नू :-

पूजिताऽसि वशिष्ठेन विश्वामित्रेण धीमता ।
सुरभि हर मे पापं यन्मया दुष्कृतं कृतम् ॥ १ ॥

यो मन्त्र पढ़ी गाईलाई नैवेद्यहरू खुवाउनू :-

सुरभि त्वं जगन्माता नित्यं विष्णुपदे स्थिता ।
मातः गृहाण मे दत्तं गोमातस्त्रातुमर्हसि ॥ १ ॥

अब धूप बालिदिनू, धूप बाल्ने मन्त्र :-

वनस्पतिरसोद्भूतो गन्धाढ्यो गन्धमुत्तमः ।
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥ १ ॥

अब बत्ती बालिदिनू, बत्ती बाल्ने मन्त्र :-

त्वं ज्योतिः सर्वदेवानां तेजसां तेजमुत्तमः ।
आत्मज्योतिः परंधाम दीपोऽयं प्रतिगृह्यताम् ॥१॥

अब चन्दन, अक्षता, फूल चढ़ाई अंग-पूजा गर्नू :–

